# अख्तियार दुरुपयोग अनुसन्धान आयोगको
# एकतिसौँ वार्षिक प्रतिवेदन

## आर्थिक वर्ष २०७७/७८




अख्तियार दुरुपयोग अनुसन्धान आयोग
काठमाडौं, नेपाल
२०७८

# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

टंगाल, काठमाडौं

फोन नं. : ५-२६२१८०
५-२६२२४७
फ्याक्स : ५-२६२१२८
५-२६२१०४
ई-मेल :- ujuri@ciaa.gov.np
info@ciaa.gov.np
वेबसाइट :- www.ciaa.gov.np

पत्र संख्याः-

मिति :- २०७८/७/२९

**विषय :- एकतिसौँ वार्षिक प्रतिवेदन ।**

सम्माननीय राष्ट्रपतिज्यू,
राष्ट्रपतिको कार्यालय,
महाराजगञ्ज, काठमाडौं ।

नेपालको संविधानको धारा २९४ बमोजिम अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आर्थिक वर्ष २०७७।७८ (२०७७ श्रावण १ गतेदेखि २०७८ आषाढ मसान्तसम्म) मा सम्पादन गरेका कामकारबाहीको वार्षिक प्रतिवेदन प्रस्तुत गरेका छौं ।

भवदीय,

| डा. सुमित्रा श्रेष्ठ अमात्य | डा. हरि पौडेल | जयबहादुर चन्द | किशोर कुमार सिलवाल | प्रेम कुमार राई |
|---|---|---|---|---|
| आयुक्त | आयुक्त | आयुक्त | आयुक्त | प्रमुख आयुक्त |

# अख्तियार दुरुपयोग अनुसन्धान आयोगका पदाधिकारीहरू



**प्रेम कुमार राई**
प्रमुख आयुक्त



**किशोर कुमार सिलवाल**
**आयुक्त**



**जयबहादुर चन्द**
**आयुक्त**



**डा. हरि पौडेल**
**आयुक्त**



**डा. सुमित्रा श्रेष्ठ अमात्य**
**आयुक्त**

# अनुक्रमणिका


| परिच्छेद | शीर्षक | पृष्ठ |
| --- | --- | --- |
| | **प्रतिवेदनको सारांश** | **क-घ** |
| **परिच्छेद - १** | **अख्तियार दुरुपयोग अनुसन्धान आयोगको परिचय** | **१-१५** |
| | १.१ पृष्ठभूमि | १ |
| | १.२ आयोगको गठन, काम, कर्तव्य र अधिकारसम्बन्धी संवैधानिक व्यवस्था | १ |
| | १.३. आयोगको कामसँग सम्बन्धित मुख्य कानुनहरू एवं आयोगलाई कानुनद्वारा प्रदत्त अधिकारहरू | ३ |
| | १.४ छानबिन तथा अनुसन्धान प्रक्रिया | ५ |
| | १.५ आयोगको आन्तरिक कार्यविभाजन, बैठक र निर्णय | ९ |
| | १.६ संस्थागत संरचना | १० |
| | १.७ अधिकार प्रत्यायोजन | १२ |
| | १.८ आयोग र अन्य निकायबीचको कार्यसम्बन्ध | १३ |
| | १.९ बजेट व्यवस्था | १५ |
| **परिच्छेद -२** | **आयोगबाट भएका निर्णय, अनुसन्धान र अभियोजनसम्बन्धी कार्यको विश्लेषण** | **१६—१८४** |
| | २.१ पृष्ठभूमि | १६ |
| | २.२ उजुरी/सूचनाहरू | १६ |
| | २.३ प्रारम्भिक छानबिनबाट भएको कारबाही | २२ |
| | २.४ विस्तृत अनुसन्धान | २४ |
| | २.५ आयोगको बैठक र निर्णय | २५ |
| | २.६ मुद्दा दायर/अभियोजन | २६ |
| | २.७ फैसला प्राप्ति र पुनरावेदन | ६६ |
| | २.८ कारबाहीका लागि सम्बन्धित निकायमा लेखी पठाइएको | १२७ |
| | २.९ तामेली | १५९ |
| | २.१० मुल्तबी | १८४ |
| **परिच्छेद- ३** | **भ्रष्टाचार नियन्त्रणका निरोधात्मक र प्रवर्द्धनात्मक कार्यहरू** | **१८५-१९०** |
| | ३.१ पृष्ठभूमि | १८५ |
| | ३.२ निरोधात्मक कार्य | १८६ |
| | ३.३ प्रवर्द्धनात्मक कार्य | १८८ |
| **परिच्छेद- ४** | **संस्थागत सुदृढीकरणमा आयोगको क्रियाशीलता** | **१९१-१९२** |
| | ४.१ पृष्ठभूमि | १९१ |
| | ४.२ आयोगको भौतिक पूर्वाधार विकास | १९१ |
| | ४.३ आयोगमा कार्यरत कर्मचारीहरूको क्षमता विकास | १९२ |

**परिच्छेद - ५ भ्रष्टाचारजन्य कार्यको प्रवृत्ति विश्लेषण----------------------------------------------१९३-२१३**
५.१ पृष्ठभूमि ------------------------------------------------------------------------------- १९३
५.२ भ्रष्टाचारजन्य कार्यहरू ---------------------------------------------------------------- १९३
५.३ भ्रष्टाचारका कार्यगत प्रवृत्तिहरूको विश्लेषण ------------------------------------------------ १९४
५.४ भ्रष्टाचारको पदीय/पेसागत प्रवृत्तिको विश्लेषण ------------------------------------------------ २०१
५.५ भ्रष्टाचारका क्षेत्रगत प्रवृत्तिहरूको विश्लेषण------------------------------------------------------ २०३
५.६आयोगको स्थापनाकालदेखि हालसम्म अदालतमा दायर गरिएका मुद्दाहरूको प्रवृत्ति विश्लेषण २०७
**परिच्छेद - ६ सुझावहरू-----------------------------------------------------------------२१४-२३५**
६.१ पृष्ठभूमि ------------------------------------------------------------------------------- २१४
६.२ विगतका सुझावहरूको कार्यान्वयनको अवस्था------------------------------------------------- २१४
६.३ मुलुकमा भ्रष्टाचार नियन्त्रण गरी सुशासन प्रवर्द्धन गर्नका लागि आयोगद्वारा प्रस्तावित सुझावहरू ---- २२२
**परिच्छेद - ७ आयोगको रणनीति र आगामी कार्यदिशा --------------------------------------२३६-२४२**
७.१ पृष्ठभूमि ------------------------------------------------------------------------------- २३६
७.२ आयोगको संस्थागत रणनीतिक योजना (२०७६।७७-२०८०।८१)----------------------- २३६
७.३ संस्थागत रणनीतिक योजना (२०७६।७७-२०८०।८१) को कार्यान्वयनको अवस्था--- २३८
७.४ आयोगको आगामी कार्यदिशा-------------------------------------------------------------२४०
**परिच्छेद - ८ उपसंहार ------------------------------------------------------------------२४३-२४४**
**अनुसूचीहरू ---------------------------------------------------------------------------- २४५-२८७**

## प्रतिवेदनको सारांश

१. नेपालको संविधानको धारा २३८ र २३९ मा अख्तियार दुरुपयोग अनुसन्धान आयोगसम्बन्धी व्यवस्था रहेको छ । उक्त व्यवस्थाअनुसार सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा कानुनबमोजिम अनुसन्धान गर्ने र भ्रष्टाचार मानिने कुनै काम गरेको देखिएमा त्यस्तो व्यक्ति र सो अपराधमा संलग्न अन्य व्यक्तिउपर अधिकार प्राप्त अदालतमा मुद्दा दायर गर्न वा गराउन सक्ने अधिकार आयोगमा रहेको छ ।

२. संविधानले तोकेको जिम्मेवारी निष्पक्ष, सक्षम तथा निर्भिकताकासाथ सम्पादन गर्न आयोगले कानुन, कार्यविधि र मापदण्डको आधारमा कामकारबाही सम्पादन गर्ने गर्दछ । यस सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८, भ्रष्टाचार निवारण ऐन, २०५९, विशेष अदालत ऐन, २०५९, अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९, अख्तियार दुरुपयोग अनुसन्धान आयोग कार्यविधि, २०७८ लगायतका प्रचलित कानुनलाई आधार लिने गरेको छ। आयोगलाई तोकिएको जिम्मेवारी सम्पादन गर्न आयोगको कार्यालय टंगाल र मातहतका आठवटा कार्यालयमा जम्मा ९९० दरबन्दीमा विभिन्न सेवा समूहका कर्मचारी कार्यरत रहेका छन्। यसका अतिरिक्त ३३ वटा पहाडी तथा हिमाली जिल्लाका प्रमुख जिल्ला अधिकारीलाई उजुरी प्राप्ति र छानबिनको अधिकार प्रत्यायोजन भएको छ भने आवश्यकताको आधारमा अन्य सार्वजनिक निकायमार्फत समेत कानुनबमोजिम छानबिनसम्बन्धी कार्यमा आयोगलाई सहयोग प्राप्त भएको छ । मुलुकमा भ्रष्टाचार नियन्त्रण गरी सुशासन प्रवर्द्धन गर्न आयोगले आवधिक संस्थागत रणनीतिक योजनाहरू तयार गरी उपचारात्मक, निरोधात्मक, प्रवर्द्धनात्मक र संस्थागत क्षमता विकासका कार्यहरू समेत गर्दै आइरहेको छ।

३. संवैधानिक निकायहरूले आफूले गरेको कामकारबाहीको वार्षिक प्रतिवेदन सम्माननीय राष्ट्रपतिसमक्ष पेस गर्नुपर्ने संविधानको धारा २९४ को व्यवस्थाबमोजिम यस आयोगबाट आर्थिक वर्ष २०७७/०७८ मा सम्पादित कामकारबाहीको विवरण समावेश गरी एकतिसौं वार्षिक प्रतिवेदन प्रस्तुत गरिएको छ ।

४. प्रतिवेदन अवधिमा आयोगबाट भ्रष्टाचार र अनियमितता सम्बन्धमा उजुरी तथा सूचना प्राप्त गर्ने, प्रारम्भिक छानबिन एवं विस्तृत अनुसन्धान गर्ने, भ्रष्टाचार भएको देखिएमा विशेष अदालतमा मुद्दा दायर गर्ने, सम्बन्धित निकायमा सुझाव लेखी पठाउने, तथ्य प्रमाण नपुगेका उजुरी तामेलीमा राख्ने, मुल्तबीमा राख्ने, मुद्दा पुनरावेदन गर्ने कार्यका साथै भ्रष्टाचारविरुद्ध प्रवर्द्धनात्मक, निरोधात्मक र संस्थागत क्षमता विकाससम्बन्धी कामकारबाहीहरू सम्पादन गरिएको छ।

५. आर्थिक वर्ष २०७७/०७८ मा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगालमा ८,२९८ र आयोग मातहतका कार्यालयहरूमा ६,१२७ गरी कुल १४,४२५ उजुरीहरू विभिन्न माध्यमबाट प्राप्त भएका थिए। यसका साथै आर्थिक वर्ष २०७६/०७७ बाट जिम्मेवारी सरेर आएका ८,२०० उजुरीहरू समेत गरेर कारबाही गर्नुपर्ने जम्मा उजुरीको संख्या २२,६२५ रहेको थियो ।

६. यस अवधिमा कुल २२,६२५ उजुरीमध्ये १४,५३२ उजुरी (६४.२३%) प्रारम्भिक छानबिनबाट फछ्र्यौट भएका छन्। जसअन्तर्गत अघिल्लो आर्थिक वर्षबाट जिम्मेवारी सरेर आएका उजुरीमध्ये ३,५९२ (४३.८०%) र आर्थिक वर्ष २०७७/०७८ मा परेका उजुरीमध्ये १०,९४० उजुरी (७५.८४%) फछ्र्यौट भएका छन् । प्रारम्भिक छानबिन भएका उजुरीमध्ये ५१० वटा उजुरीउपर विस्तृत अनुसन्धान गर्ने निर्णय गरिएको छ। ८,२६७ उजुरी तामेली गरिएको, ८५० उजुरीउपर सुझाव दिई तामेली गरिएको र ४,९०५ उजुरीउपर कानुनबमोजिम अन्य आवश्यक कारबाही गरिएका छन्। प्रारम्भिक छानबिनको क्रममा रहेका ८,०९३ उजुरी आर्थिक वर्ष २०७८/०७९ मा जिम्मेवारी सरेर आएका छन् ।

७. आर्थिक वर्ष २०७७/०७८ मा विभिन्न विषयगत/क्षेत्रगत उजुरीहरूको संख्या हेर्दा संङ्घीय मामिला (स्थानीय तह समेत) सँग सम्बन्धित ३२.७२ प्रतिशत, शिक्षा (स्थानीय तहसमेत) क्षेत्रसँग सम्बन्धित १५.६१ प्रतिशत, भूमि प्रशासनसँग सम्बन्धित ९.०९ प्रतिशत, वन तथा वातावरणसँग सम्बन्धित ५.०१ प्रतिशत, स्वास्थ्य तथा जनसंख्यासँग सम्बन्धित ३.९३ प्रतिशत, भौतिक पूर्वाधार तथा यातायातसँग सम्बन्धित ३.७६ प्रतिशत, गृह प्रशासनसँग सम्बन्धित ३.४७ प्रतिशत, ऊर्जा, जलस्रोत तथा सिंचाइसँग सम्बन्धित ३.०९ प्रतिशत, अर्थ मन्त्रालयसँग सम्बन्धित २.०९ प्रतिशत, नक्कली शैक्षिक प्रमाण-पत्रसँग सम्बन्धित ५.६१ प्रतिशत, गैरकानुनी सम्पत्ति आर्जनसँग सम्बन्धित ३.३८ प्रतिशत र अन्य निकाय/क्षेत्रसँग सम्बन्धित १२.२५ प्रतिशत उजुरीहरू रहेका छन् ।

८. आर्थिक वर्ष २०७७/०७८ मा ११४ वटा आरोपपत्र विशेष अदालतमा दर्ता गर्ने निर्णय भएका छन् । जसमध्ये घुस/रिसवतसँग सम्बन्धित ७० वटा, सार्वजनिक सम्पत्तिको हानि नोक्सानीसँग सम्बन्धित २० वटा, गैरकानुनी लाभहानिसँग सम्बन्धित १२ वटा तथा गैरकानुनी सम्पत्ति आर्जन/नक्कली शैक्षिक प्रमाण-पत्र/राजस्व हिनामिना/विविध विषयसँग सम्बन्धित ३/३ वटा मुद्दा रहेका छन्। उल्लिखित आरोपपत्रहरूबाट कुल ४४३ जनालाई प्रतिवादी बनाई रु.१,८९,४७,३५,४३४।०७ बिगो मागदाबी लिइएको छ ।

९. प्रतिवेदन अवधिमा विस्तृत अनुसन्धान भएका उजुरीहरूमध्ये आयोगको निर्णयानुसार सम्बद्ध निकायहरूलाई सुझाव दिइएको संख्या ८८, तामेली गरिएको उजुरीको संख्या २६४ र मुल्तबीमा राखिएका उजुरीको संख्या ५ रहेको छ।

१०. आयोगबाट विगत वर्षहरूमा विशेष अदालतमा दायर भएका आरोपपत्रहरूमध्ये आर्थिक वर्ष २०७७/०७८ मा ११३ वटा मुद्दाहरूको फैसला प्राप्त भएको छ । जसमध्ये ८१ (७१.६८%) वटा फैसलाहरूमा भ्रष्टाचारजन्य कसुर कायम भएको छ । विशेष अदालतबाट भएका फैसलाहरूमध्ये आर्थिक वर्ष २०७७/०७८ मा ५८ वटा फैसलाउपर आयोगबाट सर्वोच्च अदालतमा पुनरावेदन गर्ने निर्णय गरिएको छ।

११. आर्थिक वर्ष २०७७/०७८ मा आयोगमा परेका उजुरीहरू र आयोगले दायर गरेका आरोपपत्रहरूमा घुस/रिसवत लिने दिने, सार्वजनिक सम्पत्तिको हिनामिना, हानि नोक्सानी वा दुरुपयोग गर्ने, गैरकानुनीरूपमा सरकारी/सार्वजनिक जग्गा व्यक्ति विशेषको नाममा दर्ता गर्ने, सार्वजनिक खरिद तथा निर्माणका काम बदनियतपूर्वक गरी व्यक्तिगत लाभ लिने तथा नेपाल सरकारलाई हानि पुऱ्याउने, झुठा विवरण पेस गरी सरकारी नियुक्ति, बढुवा तथा लाभ लिने, गलत लिखत वा प्रतिवेदन बनाउने, कागजात सच्याउने, परीक्षाको गोपनीयता भंग गर्ने, परिणाम फेरबदल गर्ने, गैरकानुनीरूपमा सम्पत्ति आर्जन गर्ने, राजस्व चुहावट/हिनामिना गर्नेजस्ता भ्रष्टाचारका प्रवृत्तिहरू रहेको देखिन्छ ।

१२. प्रतिवेदन अवधिमा आयोगबाट सञ्चालन भएका प्रवर्द्धनात्मक कार्यक्रमहरूमध्ये विद्यालयहरूमा सञ्चालन गरिएका २५ वटा सामुदायिक शिक्षा कार्यक्रमहरूमा २,१७० जना विद्यार्थी तथा शिक्षकहरू र ४३ वटा अन्तरक्रिया कार्यक्रमहरूमा निर्वाचित/मनोनीत पदाधिकारी, राष्ट्रसेवक कर्मचारी, सरोकारवालालगायत २,९३४ जनाको सहभागिता रहेको थियो ।

१३. प्रवर्द्धनात्मक कार्य अन्तर्गत नै आयोग र नेपाल टेलिभिजनको सहकार्यमा सुशासन सवाल विषयक टेलिभिजन कार्यक्रमको ५२ भाग साप्ताहिकरूपमा नेपाल टेलिभिजनबाट प्रसारण भई भ्रष्टाचार नियन्त्रण र सुशासनका सम्बन्धमा नागरिकको भूमिका र कर्तव्यका साथै आयोगबाट भएगरेका कामकारबाहीका सम्बन्धमा सूचना, जानकारी तथा सन्देश प्रवाह गरिएको थियो ।

१४. कोभिड-१९ महामारीका कारण आर्थिक वर्ष २०७७/०७८ मा आयोगमा कार्यरत कर्मचारीहरूको अनुसन्धान तथा अभियोजन क्षमता अभिवृद्धिका लागि स्वदेश तथा विदेशमा प्रदान गरिने तालिम लक्ष्यबमोजिम सञ्चालन हुन नसके तापनि विद्युतीय माध्यमबाट सहभागिता जनाउन सम्भव भएका ७ वटा अन्तर्राष्ट्रिय कार्यशाला/गोष्ठी/सम्मेलनहरूमा भर्चुअल माध्यमबाट आयोगका १२ जना कर्मचारीहरूको सहभागिता रहेको थियो। जनस्वास्थ्यसम्बन्धी मापदण्ड पालना गर्दै भौतिक उपस्थिति र भर्चुअल माध्यमबाट आयोगमा संचालन गरिएका ५ वटा तालिम कार्यक्रममा जम्मा १६१ जना कर्मचारीहरूको सहभागिता रहेको थियो ।

१५. अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २८ तथा भ्रष्टाचार न्यूनीकरणको निरोधात्मक रणनीतिबमोजिम आयोगले आफ्नो कामकारबाहीको सिलसिलामा जानकारीमा आएका तथ्यहरूको आधारमा सम्बन्धित कार्यालय, पदाधिकारी वा सार्वजनिक संस्थालाई सुधारका लागि सुझाव दिंदै आएको छ । आर्थिक वर्ष २०७७/०७८ मा आयोगले ढुंगा, गिट्टी, बालुवा उत्खनन, प्रशोधन, प्रवर्द्धन, बिक्री वितरण, अनावश्यक दोहन नियन्त्रण र कुशल व्यवस्थापनका लागि नेपाल सरकारलाई ८ बुँदे सुझाव दिइएको छ । त्यसैगरी, समान प्रकृतिको काममा विभिन्न निकायबाट फरक साधनस्रोत र परिमाण लाग्ने गरी नर्म्स तयार भएको कारण भ्रष्टाचारजन्य कार्य हुन सक्ने अवस्था देखिएकाले समान प्रकृतिको कार्यमा एकरूपता ल्याउने गरी नर्म्स तयार गर्न तथा खरिद नियमावलीबमोजिम उक्त नर्म्स स्वीकृत गराई सोहीबमोजिम दररेट विश्लेषण गरी निर्माण कार्य गर्न गराउन सुझाव दिइएको छ । यसका साथै, विभिन्न निकायले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा नीतिगत लक्ष्य निर्धारण गर्नुपर्नेमा सो समेत नगरी बहुवर्षीय ठेक्का लगाउने र आयोजना सञ्चालनको पूर्वतयारी नगरी आयोजनामा गैरबजेटरी भार पार्ने प्रवृत्ति निरुत्साहित गर्न अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगको सहमति बेगर बहुवर्षीय ठेक्का नलगाउने गरी बहुवर्षीय ठेक्कासम्बन्धी स्वीकृत मापदण्डबमोजिम खरिद कार्य गर्ने गराउने व्यवस्था मिलाउन सुझाव दिइएको छ । त्यस्तै, निर्माणाधीन ठेक्का योजनाहरू तोकिएकै म्यादभित्र सम्पन्न गर्न गराउन, भइरहेको कार्यको प्राविधिक अनुगमन सघन र प्रभावकारी बनाउन, ठेक्का व्यवस्थापनका विषयमा सजगता अपनाउन तथा सम्झौताबमोजिम ठेक्का व्यवस्थापनमा जोड दिन ठेक्का लगाउनुपूर्व गर्नुपर्ने पूर्वतयारीका कार्यहरू भएपश्चात् मात्र ठेक्का प्रक्रिया अगाडि बढाउने लगायतका सुझावहरू दिइएको छ ।

१६. आयोगले पूर्णता पाएसँगै उच्च मनोबलका साथ थप परिष्कृत, सुदृढ र सक्षम ढंगले कार्यसम्पादन गर्न तत्काल तथा क्रमश: गर्नुपर्ने सुधारका कार्यहरू समावेश भएको अख्तियार दुरुपयोग अनुसन्धान आयोग सुधार कार्ययोजना, २०७७ स्वीकृत गरी सो अनुरूप सुधारका कार्यहरूलाई प्राथमिकताका साथ अगाडि बढाइएको छ।

१७. विगतमा आयोगबाट प्रदान गरिएका सुझावहरू कार्यान्वयनको अवस्थाको समीक्षा गरी आयोगले आफ्नो वर्षभरिको कामकारबाही, भ्रष्टाचारको प्रवृत्ति विश्लेषण, भ्रष्टाचार नियन्त्रण सम्बन्धमा भएका अध्ययन अनुसन्धान, विज्ञहरूको राय सल्लाह, सञ्चार जगतले उजागर गरेका विषयहरू र नागरिक पृष्ठपोषणसमेतको आधारमा भ्रष्टाचार नियन्त्रणलाई थप प्रभावकारी बनाउनको लागि यस प्रतिवेदनमार्फत नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहलाई विभिन्न सुझावहरू दिइएको छ। तीनै तहका सरकार र सम्बन्धित सार्वजनिक निकायहरूले आयोगले दिएका सुझावहरू गम्भीरतापूर्वक कार्यान्वयन गरी भ्रष्टाचार नियन्त्रणमा सघाउ पुर्‍याउने विश्वास आयोगले लिएको छ ।

१८. आयोगलाई थप सुदृढ, उत्तरदायी र जिम्मेवारपूर्ण ढंगले क्रियाशील बनाउन र संविधान र कानुनले तोकेको जिम्मेवारीलाई पूर्ण सक्षमताका साथ पूरा गर्न आयोगको संस्थागत रणनीतिक योजना २०७६/७७-२०८०/८१ को प्रभावकारी कार्यान्वयन गर्ने र सो बमोजिमका चारवटै रणनीतिमा केन्द्रित रही नवीनतम

विधि र प्रविधिहरू अवलम्बन गरी कामकारबाहीहरू अघि बढाउने गरी आगामी कार्यदिशा तय गरिएको छ।

१९. भ्रष्टाचार नियन्त्रणको कार्य बहुआयामिक, जटिल र संवेदनशील हुने हुँदा मुलुकमा भ्रष्टाचार नियन्त्रण गरी सुशासन कायम गर्ने आयोगका कदमहरूमा शासन प्रणालीका सबै पक्षहरूको दरिलो साथ, सहयोग र ऐक्यबद्धता आवश्यक पर्दछ। नागरिक तहबाट महसुस हुने गरी राज्यबाट प्रवाह हुने सेवा र विकास व्यवस्थापनमा प्रभावकारिता कायम हुन सके मात्र राज्य र शासन प्रणालीप्रति नागरिकको अपनत्व र भरोसा अभिवृद्धि हुन सक्दछ। तसर्थ, भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धन गर्ने कार्यमा सार्वजनिक, गैरसरकारी, निजी तथा सहकारी क्षेत्र, संचार जगत, नागरिक समाज, आम-जनसमुदाय तथा सम्पूर्ण सरोकारवालाहरूसँग हातेमालो गर्दै अघि बढ्ने कार्यमा साथ र सहयोगका लागि आयोग सबैमा हार्दिक अनुरोध गर्दछ।

# परिच्छेद- १
# अख्तियार दुरुपयोग अनुसन्धान आयोगको परिचय

## १.१ पृष्ठभूमि

सार्वजनिक पद धारण गरेका व्यक्तिले भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा अनुसन्धान गरी भ्रष्टाचार नियन्त्रणमा प्रभावकारी भूमिका निर्वाह गर्ने संवैधानिक निकायको रूपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आफ्नो कार्यसम्पादन गर्दै आएको छ । तत्कालीन नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९७ र ९८ को व्यवस्थाबाट स्वतन्त्र एवं स्वायत्त संवैधानिक आयोगको रूपमा २०४७ साल माघ २८ गते अख्तियार दुरुपयोग अनुसन्धान आयोगको स्थापना भएको थियो । नेपालको अन्तरिम संविधान, २०६३ ले आयोगको भूमिकालाई निरन्तरता दिएको थियो । वर्तमान नेपालको संविधानले आयोगलाई भ्रष्टाचार नियन्त्रणमा केन्द्रित भई कार्य गर्ने गरी काम, कर्तव्य र अधिकार प्रदान गरेको छ। संविधानले प्रदान गरेका जिम्मेवारी सम्पादन र भ्रष्टाचार नियन्त्रणमा राखेका लक्ष्यहरू प्राप्तिका लागि आयोगले उपचारात्मक, निरोधात्मक, प्रवर्द्धनात्मक र संस्थागत क्षमता विकासका रणनीतिहरूलाई अंगीकार गरी कार्यसम्पादन गर्दै आएको छ।

आयोगको केन्द्रीय कार्यालय काठमाडौंको टंगालमा रहेको छ । आयोग मातहत स्थापना गरिएका ८ वटा कार्यालयहरू क्रमशः इटहरी-सुनसरी, बर्दिवास-महोत्तरी, हेटौंडा-मकवानपुर, पोखरा-कास्की, बुटवल-रुपन्देही, वीरेन्द्रनगर-सुर्खेत, महेन्द्रनगर-कन्चनपुर र बुटवल कार्यालयको सम्पर्क कार्यालयको रूपमा नेपालगञ्ज-बाँकेमा रहेका छन्। अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २१क. को व्यवस्था अनुसार आयोगको कार्यसंचालनका लागि नेपाल सरकारले स्वीकृत दरबन्दीअनुसारका कर्मचारीको व्यवस्था गरेको छ। सो बमोजिम आयोगमा नेपाल सरकारका विशिष्ट श्रेणीका सचिवको नेतृत्वमा निजामती, प्रहरी लगायत अन्य राष्ट्रसेवक कर्मचारी कार्यरत रहेका छन्। भ्रष्टाचार नियन्त्रण गरी सुशासनमा योगदान दिन आयोगले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८, भ्रष्टाचार निवारण ऐन, २०५९, अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ एवं अन्य प्रचलित कानुनी व्यवस्था र आयोगको कामकारबाहीसम्बन्धी कार्यविधि, निर्देशिका एवं मापदण्डमा आधारित भई सदाचार, निष्पक्षता र निर्भीकताको सिद्धान्त अवलम्बन गरी कार्यसम्पादन गर्दै आएको छ। नेपालको संविधानको धारा २९४ को व्यवस्था अनुरूप आयोगले वर्षभरि सम्पादन गरिएका कामकारबाहीहरूको वार्षिक प्रतिवेदन तयार गरी सम्माननीय राष्ट्रपतिसमक्ष पेस गर्दै आएको छ ।

## १.२ आयोगको गठन, काम, कर्तव्य र अधिकारसम्बन्धी संवैधानिक व्यवस्था

नेपालको संविधानको भाग २१ धारा २३८ मा संवैधानिक निकायका रूपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको गठनसम्बन्धी व्यवस्था र धारा २३९ मा आयोगको काम, कर्तव्य र अधिकार उल्लेख गरिएको छ । जसअनुसार सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा आयोगले कानुनबमोजिम अनुसन्धान गरी अधिकार प्राप्त अदालतमा मुद्दा दायर गर्न सक्ने व्यवस्था रहेको छ । त्यसैगरी संविधानको धारा २९३ मा संवैधानिक निकायको कामकारबाहीको अनुगमन संसदीय समितिबाट हुने व्यवस्था रहेको छ भने धारा २९४ मा आयोगको वार्षिक प्रतिवेदन राष्ट्रपतिसमक्ष बुझाउने व्यवस्था रहेको छ ।

### १.२.१ आयोगको गठन

नेपालको संविधानको भाग २१, धारा २३८ मा आयोगको गठन सम्बन्धमा देहायबमोजिम व्यवस्था रहेको छः-

(१) नेपालमा एक अख्तियार दुरुपयोग अनुसन्धान आयोग रहनेछ जसमा प्रमुख आयुक्त र अन्य चार जना आयुक्तहरू रहनेछन् । प्रमुख आयुक्तले अख्तियार दुरुपयोग अनुसन्धान आयोगको अध्यक्ष भई काम गर्नेछ ।

(२) राष्ट्रपतिले संवैधानिक परिषदको सिफारिसमा प्रमुख आयुक्त र आयुक्तको नियुक्ति गर्नेछ ।

(३) प्रमुख आयुक्त र आयुक्तको पदावधि नियुक्तिको मितिले छ वर्षको हुनेछ ।

(४) उपधारा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको कुनै अवस्थामा प्रमुख आयुक्त वा आयुक्तको पद रिक्त हुनेछ :-

(क) निजले राष्ट्रपतिसमक्ष लिखित राजीनामा दिएमा,

(ख) निजको उमेर पैसठ्ठी वर्ष पूरा भएमा,

(ग) निजका विरुद्ध धारा १०१ बमोजिम महाभियोगको प्रस्ताव पारित भएमा,

(घ) शारीरिक वा मानसिक अस्वस्थताको कारण सेवामा रही कार्य सम्पादन गर्न असमर्थ रहेको भनी संवैधानिक परिषदको सिफारिसमा राष्ट्रपतिले पदमुक्त गरेमा,

(ङ) निजको मृत्यु भएमा ।

(५) उपधारा (२) बमोजिम नियुक्त प्रमुख आयुक्त तथा आयुक्तको पुनः नियुक्ति हुन सक्ने छैन ।

तर आयुक्तलाई प्रमुख आयुक्तको पदमा नियुक्ति गर्न सकिनेछ र त्यस्तो आयुक्त प्रमुख आयुक्तको पदमा नियुक्त भएमा निजको पदावधि गणना गर्दा आयुक्त भएको अवधिलाई समेत जोडी गणना गरिनेछ ।

(६) देहायको योग्यता भएको व्यक्ति अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प्रमुख आयुक्त वा आयुक्तको पदमा नियुक्तिका लागि योग्य हुनेछ :-

(क) मान्यताप्राप्त विश्वविद्यालयबाट स्नातक उपाधि प्राप्त गरेको,

(ख) नियुक्ति हुँदाका बखत कुनै राजनीतिक दलको सदस्य नरहेको,

(ग) लेखा, राजस्व, इन्जिनियरिङ, कानुन, विकास वा अनुसन्धानको क्षेत्रमा कम्तीमा बीस वर्ष काम गरी अनुभव र ख्याति प्राप्त गरेको,

(घ) पैतालीस वर्ष उमेर पूरा भएको, र

(ङ) उच्च नैतिक चरित्र भएको ।

(७) प्रमुख आयुक्त र आयुक्तको पारिश्रमिक र सेवाका सर्त संघीय कानुनबमोजिम हुनेछ । प्रमुख आयुक्त र आयुक्त आफ्नो पदमा बहाल रहेसम्म निजलाई मर्का पर्ने गरी पारिश्रमिक र सेवाका सर्त परिवर्तन गरिने छैन ।

तर चरम आर्थिक विश्रृंखलताका कारण संकटकाल घोषणा भएको अवस्थामा यो व्यवस्था लागू हुने छैन ।

(८) प्रमुख आयुक्त वा आयुक्त भइसकेको व्यक्ति अन्य सरकारी सेवामा नियुक्तिका लागि ग्राह्य हुने छैन ।

तर कुनै राजनीतिक पदमा वा कुनै विषयको अनुसन्धान, जाँचबुझ वा छानबिन गर्ने वा कुनै विषयको अध्ययन वा अन्वेषण गरी राय, मन्तव्य वा सिफारिस पेस गर्ने कुनै पदमा नियुक्त भई काम गर्न यस उपधारामा लेखिएको कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन ।

### १.२.२ आयोगको काम, कर्तव्य र अधिकार

नेपालको संविधानको भाग २१ को धारा २३९ मा आयोगको काम, कर्तव्य र अधिकारका सम्बन्धमा देहायबमोजिम व्यवस्था गरिएको छ :-

(१) कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले कानुनबमोजिम अनुसन्धान गर्न वा गराउन सक्नेछ ।

तर यस संविधानमा छुट्टै व्यवस्था भएको पदाधिकारी र अन्य कानुनले छुट्टै विशेष व्यवस्था गरेको पदाधिकारीको हकमा यो उपधारा लागू हुने छैन ।

(२) धारा १०१ बमोजिम महाभियोग प्रस्ताव पारित भई पदमुक्त हुने व्यक्ति, न्याय परिषदबाट पदमुक्त हुने न्यायाधीश र सैनिक ऐनबमोजिम कारबाही हुने व्यक्तिका हकमा निज पदमुक्त भइसकेपछि संघीय कानुनबमोजिम अनुसन्धान गर्न वा गराउन सकिनेछ ।

(३) उपधारा (१) वा (२) बमोजिम भएको अनुसन्धानबाट सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले कानुनबमोजिम भ्रष्टाचार मानिने कुनै काम गरेको देखिएमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले त्यस्तो

व्यक्ति र सो अपराधमा संलग्न अन्य व्यक्ति उपर कानुनबमोजिम अधिकार प्राप्त अदालतमा मुद्दा दायर गर्न वा गराउन सक्नेछ ।

(४) उपधारा (१) वा (२) बमोजिम भएको अनुसन्धानबाट सार्वजनिक पद धारण गरेको व्यक्तिको काम कारबाही अन्य अधिकारी वा निकायको अधिकारक्षेत्र अन्तर्गत पर्ने प्रकृतिको देखिएमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आवश्यक कारबाहीका लागि सम्बन्धित अधिकारी वा निकायसमक्ष लेखी पठाउन सक्नेछ ।

(५) अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अनुसन्धान गर्ने वा मुद्दा चलाउने आफ्नो काम, कर्तव्य र अधिकारमध्ये कुनै काम, कर्तव्य र अधिकार प्रमुख आयुक्त, कुनै आयुक्त वा नेपाल सरकारको अधिकृत कर्मचारीलाई तोकिएको सर्तको अधीनमा रही प्रयोग तथा पालन गर्ने गरी प्रत्यायोजन गर्न सक्नेछ ।

(६) अख्तियार दुरुपयोग अनुसन्धान आयोगको अन्य काम, कर्तव्य र अधिकार तथा कार्यविधि संघीय कानुनबमोजिम हुनेछ ।

### १.२.३ संवैधानिक निकायको काम कारबाहीको अनुगमन

नेपालको संविधानको धारा २९३ मा संवैधानिक निकायको काम कारबाहीको अनुगमन सम्बन्धमा देहायबमोजिम व्यवस्था गरिएको छ :-

संवैधानिक निकायका प्रमुख र पदाधिकारी संघीय संसदप्रति उत्तरदायी र जवाफदेही रहनुपर्नेछ । प्रतिनिधिसभाका समितिले राष्ट्रिय मानव अधिकार आयोग बाहेक अन्य संवैधानिक निकायको प्रतिवेदन लगायतका कामकारबाहीको अनुगमन र मूल्यांकन गरी आवश्यक निर्देशन वा राय सल्लाह दिन सक्नेछ ।

### १.२.४ संवैधानिक निकायको वार्षिक प्रतिवेदन

संविधानको धारा २९४ मा संवैधानिक निकायको वार्षिक प्रतिवेदन सम्बन्धमा देहायबमोजिम व्यवस्था गरिएको छ :-

(१) यस संविधानबमोजिमका संवैधानिक निकायले आफूले गरेको कामकारबाहीको वार्षिक प्रतिवेदन राष्ट्रपतिसमक्ष पेस गर्नेछ र राष्ट्रपतिले प्रधानमन्त्रीमार्फत त्यस्तो प्रतिवेदन संघीय संसदसमक्ष पेस गर्न लगाउनेछ ।

(२) उपधारा (१) बमोजिमको वार्षिक प्रतिवेदनमा खुलाउनुपर्ने कुराहरू संघीय कानुनबमोजिम हुनेछ ।

(३) उपधारा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि संवैधानिक निकायले प्रत्येक प्रदेशको कामकारबाहीको सम्बन्धमा अलग अलग प्रतिवेदन तयार गरी प्रदेश प्रमुखसमक्ष पेस गर्न सक्नेछ ।

## १.३ आयोगको कामसँग सम्बन्धित मुख्य कानुनहरू एवं आयोगलाई कानुनद्वारा प्रदत्त अधिकारहरू :-

### १.३.१ आयोगको कामसँग सम्बन्धित मुख्य कानुनहरू :-

आयोगका काम, कर्तव्य र अधिकार देहायबमोजिमका कानुनद्वारा व्यवस्थित गरिएका छन् :

- नेपालको संविधान,
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८,
- भ्रष्टाचार निवारण ऐन, २०५९,
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९,
- विशेष अदालत ऐन, २०५९,
- मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४,
- प्रमाण ऐन, २०३१ लगायत अनुसन्धानसँग सम्बन्धित अन्य कानुनहरू,
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग कार्यविधि, २०७८,
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग, पदाधिकारी एवं कर्मचारीहरूको आचारसंहिता २०७६,
- अनुसन्धानसम्बन्धी अन्य नीति, निर्देशिका एवं कार्यविधिहरू ।

### १.३.२ आयोगलाई कानुनद्वारा प्रदत्त अधिकारहरू :-

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ अनुसार सार्वजनिक पदधारण गरेको कुनै व्यक्तिले अख्तियारको दुरुपयोग गरेमा कानुनबमोजिम अनुसन्धान, तहकिकात र अभियोजन गर्ने व्यवस्था रहेको छ । आयोगले आफ्नो कर्तव्य निर्वाहको क्रममा देहायका अधिकार प्रयोग गर्न पाउने कानुनी प्रावधान छ :

- भ्रष्टाचारको आरोपमा कारबाही चलाइएको कुनै व्यक्तिले कुनै प्रमाण लोप वा नष्ट गर्न सक्ने वा आयोगको कामकारबाहीमा बाधा व्यवधान वा प्रतिकूल प्रभाव पार्न सक्ने पर्याप्त कारण भएमा आयोगले निजलाई प्रचलित कानुनबमोजिम थुनुवा पुर्जी दिई थुनामा राख्ने ।
- कुनै कार्यालय वा कुनै व्यक्तिको साथमा रहेको सम्बद्ध मिसिल वा प्रमाणको लिखत पेस गर्न आदेश दिने ।
- अख्तियार दुरुपयोगको आरोपित वा सम्बद्ध तथ्यहरूको जानकारी भएको व्यक्तिलाई उपस्थित गराई सोधपुछ गर्ने, बयान लिने वा आवश्यकताअनुसार बन्द सवाल जारी गर्ने ।
- बयान लिइसकेपछि खोजेको बखत हाजिर हुने कागज गराई छाड्ने वा तारिखमा राख्ने ।
- भ्रष्टाचारको आरोपमा कारबाही चलाइएको व्यक्ति पदमा बहाल रहिरहँदा आफ्नो विरुद्धको प्रमाण लोप गर्न वा नास गर्न सक्ने वा अनुसन्धान र तहकिकातमा बाधा व्यवधान पुऱ्याउन सक्ने मनासिब कारण भएमा त्यस्तो व्यक्तिलाई पदबाट निलम्बन गर्न नेपाल सरकार वा सम्बन्धित संस्थालाई लेखी पठाउने ।
- भ्रष्टाचारको आरोपमा कारबाही चलाइएको व्यक्ति बेपत्ता हुनसक्ने मनासिव कारण भएमा वा बिगो हानि नोक्सानी भएको देखिएमा आयोगले निजसँग धरौटी वा जेथा जमानत माग्ने र नदिएमा थुनामा राख्ने ।
- आयोगले अनुसन्धानको सिलसिलामा कुनै लिखत वा अन्य कुनै वस्तु पेस गर्न वा कुनै कुराको जानकारी दिन कुनै कार्यालय वा कुनै व्यक्तिलाई लेखी पठाएकोमा वा कुनै व्यक्तिलाई उपस्थित हुन आदेश दिएकोमा सो बमोजिम नगर्ने पदाधिकारी उपर विभागीय कारबाही चलाउन निर्देशन दिने तथा जरिवाना गर्ने वा थुनामा राख्ने ।
- प्रचलित कानुनबमोजिम कुनै ठाउँको तलासी लिने वा लिन लगाउने र आवश्यक देखिएका कुनै वस्तु वा कागज वा मिसिल आफ्नो कब्जामा लिने वा त्यस्तो कागज वा मिसिलको प्रतिलिपि उतार्ने ।
- भ्रष्टाचारको कसुरमा अनुसन्धानको सिलसिलामा कुनै व्यक्तिको स्वदेश वा विदेशमा कुनै बैंक वा वित्तीय संस्थामा भएको कारोबार वा खाता संचालन रोक्का राख्न आदेश दिने ।
- अभियुक्तलाई राहदानी जारी नगर्न वा जारी भइसकेको भए सो राहदानी रोक्का राख्न सम्बन्धित निकायलाई आदेश दिने ।
- अभियुक्तलाई आयोगको स्वीकृति बिना कुनै स्थान छोड्न नपाउने गरी वा कुनै स्थानमा जान नपाउने गरी आदेश दिने ।
- आयोगको अनुसन्धान र तहकिकातसम्बन्धी काम कारबाहीमा बाधा विरोध गर्नेलाई विशेष अदालतले आयोगको प्रतिवेदनको आधारमा जरिवाना वा कैद वा दुवै सजाय गर्न सक्ने ।

सोही ऐनले आयोगलाई सार्वजनिक पदधारण गरेको कुनै व्यक्तिले अख्तियार दुरुपयोग गरेमा कानुनबमोजिम अनुसन्धान र तहकिकात गर्ने, मुद्दा चलाउने तथा तत्सम्बन्धी अन्य कार्यको अतिरिक्त कानुनी राज्यको अवधारणाअनुरूप सुशासन कायम गर्न र सार्वजनिक सेवामा प्रभावकारिता ल्याउनका लागि आवश्यक हुने सुधारात्मक कार्यहरू गर्ने थप दायित्वसमेत सुम्पेको छ। यस अनुरूप आयोगबाट निम्न कार्यहरू सम्पादित हुँदै आएका छन् :

- विद्यमान ऐन, नियम, निर्णय, आदेश, कारबाही वा प्रचलनमा त्रुटि भए सुधार गर्न सुझाव दिने वा आवश्यक कारबाहीका लागि सम्बन्धित निकायमा लेखी पठाउने ।
- भ्रष्टाचारलाई नियन्त्रण गर्ने उद्देश्यले प्रवर्द्धनात्मक एवं निरोधात्मक कार्यहरू गर्ने,
- भ्रष्टाचार नियन्त्रण गर्ने उद्देश्यले स्थापित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरूसँग समन्वय, आपसी सहयोग र सम्बन्ध सुदृढ गर्ने ।
- आवश्यकतानुसार सम्बन्धित विषयको विशेषज्ञ वा विशिष्टीकृत सेवा प्राप्त गर्ने ।

## १.४ छानबिन तथा अनुसन्धान प्रक्रिया

भ्रष्टाचारको सम्बन्धमा कसैको उजुरी, सूचना वा अन्य कुनै स्रोतबाट प्राप्त जानकारीको आधारमा आयोगले छानबिन, अनुसन्धान तहकिकात गर्न/गराउन वा अन्य कारबाही चलाउन सक्छ । आयोगले आफ्नो अधिकार क्षेत्रभित्र पर्ने भ्रष्टाचारसम्बन्धी कुनै पनि विषयमा अनुसन्धान तहकिकात गरी भ्रष्टाचार भएको देखिएमा सम्बन्धित अदालतमा भ्रष्टाचारसम्बन्धी मुद्दा दायर गर्न सक्छ । सामान्यतया आयोगले उजुरी दर्तापश्चात् प्रारम्भिक छानबिन गर्दछ । प्रारम्भिक छानबिन गर्दा भ्रष्टाचार भएको हुनसक्ने तथ्यगत आधार देखिएमा विस्तृत अनुसन्धान गरी आवश्यक निर्णय गर्ने गरिन्छ । उजुरीको गाम्भीर्यता विचार गरी आवश्यकतानुसार सिधै विस्तृत अनुसन्धानको प्रक्रियासमेत सुरु गर्न सकिन्छ । प्राप्त हुन आएका उजुरीउपरको छानबिन गर्दा देहायको प्रक्रिया अपनाउने गरिएको छ :

क) विभिन्न माध्यमबाट प्राप्त हुन आएका उजुरीहरू सर्वप्रथम प्रमुख आयुक्तसमक्ष पेस भई तोक आदेश हुने व्यवस्था छ ।

ख) आयोगका सचिवको संयोजकत्वमा रहेको उजुरी छानबिन तथा फछ्र्यौट सिफारिस समिति (Screening Committee) ले प्राप्त उजुरीहरू छानबिन गरी रायसहित आयोगसमक्ष पेस गर्दछ ।

ग) आयोगबाट निर्णय भएबमोजिम उजुरी/निवेदनहरू उपर थप आवश्यक कारबाही अगाडि बढाइन्छ ।

आयोग तथा आयोग मातहतका कार्यालयहरूको उजुरी छानबिन तथा अनुसन्धान प्रक्रियालाई आयोगको कार्य सम्पादन प्रणाली चित्र नं. १.१ मा देखाइएको छ ।

## चित्र नं. १.१

## छानबिन तथा अनुसन्धान प्रक्रिया

(क) आयोगको कार्य सम्पादन प्रणाली (फ्लो-चार्ट)



(ख) कार्यालयको कार्यसम्पादन प्रणाली (फ्लो-चार्ट)



### १.४.१ उजुरी परीक्षण (स्क्रिनिङ) समितिको काम/कर्तव्य :

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यविधि, २०७८ अनुसार आयोग वा अन्तर्गतका कार्यालयमा प्राप्त हुने उजुरीहरूको छानबिन, व्यवस्थापन तथा फछ्र्यौट प्रक्रियालाई प्रभावकारी र व्यवस्थित बनाउने कार्यका लागि आयोगका सचिवको संयोजकत्वमा उजुरी परीक्षण (स्क्रिनिङ) समिति गठन गरिएको छ ।

**आयोगमा प्राप्त हुने उजुरीहरूलाई समितिले देहायबमोजिम वर्गीकरण गर्ने गरेको छ :-**

(क) सार्वजनिक हित वा सरोकारसँग सम्बन्धित विषयवस्तु बाहेकका सनाखत हुन नसकेका वा सनाखत गराउन नसकिने अवस्थाका उजुरी,

(ख) सार्वजनिक हित वा सरोकारसँग सम्बन्धित विषयमा मर्का पर्ने व्यक्ति बाहेक अन्य व्यक्तिले दिएको उजुरी,

(ग) हदम्याद नाघेका उजुरी,

(घ) आयोगको क्षेत्राधिकार र कार्यक्षेत्रमा नपरेका उजुरी,

(ङ) प्रथमः दृष्टिमै तथ्ययुक्त नदेखिएका वा गोलमटोलरूपमा लेखिएका उजुरी,

(च) अत्यन्त सामान्य विषयमा लेखिएका उजुरी,

(छ) कुनै कारणले कारबाही गर्न सम्भव नभएका उजुरी,

(ज) एकपटक तामेलीमा रहिसकेको उजुरीमा नयाँ प्रमाण पेस नगरी पुनः दिएको उही विषयको उजुरी,

(झ) सम्बन्धित मन्त्रालय/निकायबाट नै कारबाही गर्न उपयुक्त देखिएका उजुरी,

(ञ) आयोगबाटै कारबाहीको प्रक्रिया अघि बढाउन उपयुक्त देखिएका उजुरी,

(ट) आयोगका कार्यालयहरूबाट आयोगमा सिफारिस भई आएका उजुरीहरूको पुनः छानबिन/यकिन गरी आयोगमा निर्णयको लागि पेस गरेका उजुरी ।

**समितिले वर्गीकरण गरेका उजुरीहरूको परीक्षण देहायबमोजिम गर्ने गरिएको छः-**

(क) आयोगमा दर्ता भएका उजुरीहरूलाई महाशाखागतरूपमा विभाजन गरी पूर्व छानबिन (स्क्रिनिङ) का लागि सो को प्रति सम्बन्धित महाशाखामा पठाउने र महाशाखा प्रमुखले पहिले कायम रहेका उजुरीहरू एवं सो विषयमा भएको कारबाही र विवरण समेत अध्ययन गरी तत्काल छानबिन गर्नुपर्ने वा समितिमा पेस गर्न उपयुक्त हुने देखिएका उजुरीलाई आफ्नो रायसहित पेस गर्ने,

(ख) उजुरीहरूको पूर्व छानबिन गर्दा तामेलीमा राख्नुपर्ने देखिएका उजुरीहरूको निकायगतरूपमा विवरण तयार गरी तामेलीमा राख्न एकमुष्ठ उजुरीहरू सम्बन्धित आयुक्त वा प्रमुख आयुक्तसमक्ष सिफारिस गर्ने,

(ग) सम्बन्धित विषय हेर्ने आयुक्त वा प्रमुख आयुक्तबाट तामेलीमा राख्ने भनी निर्णय भएमा त्यस्ता उजुरी सम्बन्धित महाशाखामार्फत मुद्दा पुनरावेदन तथा बहस पैरवी महाशाखामा पठाउने,

(घ) कुनै उजुरी आयोगको कार्यालयमा छानबिनका लागि लेखी पठाउने निर्णय भएमा सम्बन्धित महाशाखाको अभिलेखबाट उक्त उजुरीको लगत कट्टा गर्ने,

(ङ) तामेलीमा जाने उजुरीबाहेक अन्य उजुरीहरू आवश्यक कारबाहीका लागि सम्बन्धित महाशाखामा पठाउने,

(च) आयोगका कार्यालयबाट सिफारिस भई आएका उजुरीहरू अध्ययन गरी सिफारिससहित निर्णयका लागि पेस गर्ने र सो बमोजिम निर्णय कार्यान्वयनका लागि आयोगको सम्बन्धित महाशाखा वा आयोगको कार्यालयमा पठाउने,

(छ) एउटै उजुरी आयोग र आयोगका कार्यालयहरूमा परेमा आयोगबाट भएको निर्णयअनुसार गर्न/गराउन आयोगको कार्यालयमा पठाउने र यस्तो निर्णय कार्यालयमा प्राप्त भएपछि सोही निर्णयबमोजिम कार्यालयले कार्यान्वयन गर्ने,

(ज) कुनै उजुरीमा आवश्यक कारबाहीका लागि कुनै निकायमा लेखी पठाएकोमा निर्णयबमोजिम आयोगको अभिलेखबाट लगत कट्टा गर्ने।

### १.४.२ प्रारम्भिक छानबिनको प्रक्रिया :

आयोगसमक्ष परेका कुनै पनि उजुरी निवेदन वा आयोग स्वयंले प्राप्त गरेको जानकारीउपर प्रारम्भिक छानबिनको क्रममा कारबाही गर्नुपर्ने वा नपर्ने निक्यौंल गर्दा देहायका आधार लिने गरिएको छ :-

क)अख्तियारको दुरुपयोग गरी भ्रष्टाचार भएको छ भन्ने विश्वास गर्नुपर्ने मनासिब कारण भए नभएको,

ख) आयोगको क्षेत्राधिकारभित्र परे नपरेको,

ख) तथ्ययुक्त आधार भए नभएको,

ग) उजुरीको औचित्य स्पष्ट भए नभएको,

घ) सम्बन्धित पदाधिकारीबाट प्रतिकृया माग गर्दा वा सम्बन्धित निकायलाई लेखी पठाउँदा अख्तियारको दुरुपयोग रोकिने सम्भावना भए नभएको,

आयोगमा पर्न आएका उजुरीउपर प्रारम्भिक छानबिन गर्नुपर्ने देखिएमा आयोग आफैंले वा अन्य सरकारी निकाय वा संस्था वा अधिकारीमार्फत प्रारम्भिक छानबिन गर्न/गराउन सक्दछ। आयोगमा पर्न आएका उजुरीमा प्रारम्भिक छानबिन गर्ने क्रममा उजुरी पुष्टि हुने पर्याप्त तथ्य प्रमाण नभेटिएमा पछि थप प्रमाण प्राप्त भएमा सोही बमोजिम हुने गरी आयोगले त्यस्तो उजुरी कुनै कारबाही नगरी तामेलीमा राख्न सक्दछ।

प्रारम्भिक छानबिनको क्रममा भ्रष्टाचार भई अख्तियारको दुरुपयोग भएको देखिन आएमा त्यस्ता उजुरीउपर आयोगले विस्तृत अनुसन्धान तथा तहकिकात गर्न/गराउन सक्दछ ।उजुरीमा उल्लिखित विषयवस्तुको गाम्भीर्यता उजुरीको प्रकृति र प्राप्त सूचनाहरूको आधारमा प्रारम्भिक छानबिन नगरी आयोगले एकैपटक विस्तृत अनुसन्धान पनि गर्न सक्दछ।

### १.४.३ विस्तृत अनुसन्धानको प्रक्रिया

प्रारम्भिक छानबिनबाट विस्तृत अनुसन्धान गर्नुपर्ने वा सिधै विस्तृत अनुसन्धान गर्नुपर्ने देखिएमा अनुसन्धान अधिकृत नियुक्त गरिन्छ। अनुसन्धान अधिकृतले प्रमुख आयुक्त र सम्बन्धित आयुक्तको प्रत्यक्ष रेखदेख र निर्देशनमा अनुसन्धान र तहकिकात गर्दछ । उजुरीमा आरोपित विषयहरूका बारेमा सम्बन्धित व्यक्तिहरूको बयान वा लिखित जवाफ लिने, निजविरुद्धका प्रमाणहरू संकलन गर्ने, अनुसन्धानका क्रममा आरोपित व्यक्तिलाई नियन्त्रणमा लिनुपर्ने भए नियन्त्रणमा लिने, आवश्यकताअनुसार निजबाट धरौटी वा जेथाजमानी वा हाजिर जमानी लिने कार्य गर्न सक्दछ । अनुसन्धानको कार्य पूरा भएपछि अनुसन्धान अधिकृतले प्रतिवेदन तयार गरी आयोगको बैठकमा पेस गर्नका लागि सम्बन्धित आयुक्तसमक्ष पेस गर्ने व्यवस्था रहेको छ । यसरी पेस भएको प्रतिवेदन आयोगमा पेस हुनुपूर्व सम्बन्धित आयुक्तबाट थप प्रमाण संकलन वा अनुसन्धान गर्नुपर्ने भए सो समेत गर्न लगाई आयोगमा पेस गर्न आदेश हुन सक्दछ । यसरी पेस भएको प्रतिवेदन आयोगमा छलफल गरी कसुरको मात्रा, विषयको गाम्भीर्यता, प्रकृति एवं संकलित प्रमाणको प्रामाणिकतासमेतलाई दृष्टिगत गरी मुद्दा दायर गर्ने वा सम्बन्धित निकायलाई सुझाव दिने वा तत्कालका लागि मुल्तबीमा राख्ने वा तत्काल संकलन भएका प्रमाणको आधारमा उजुरीको विषय पुष्टि हुन नसकेमा पछि थप प्रमाण प्राप्त भएमा सोहीअनुसार हुने गरी उजुरी तामेलीमा राख्ने निर्णय गरिन्छ ।

## १.५ आयोगको आन्तरिक कार्यविभाजन, बैठक र निर्णय

आयोगमा प्रमुख आयुक्त र चार जना आयुक्तहरू कार्यरत रहेको अवस्था छ । आयोगमा हाल कार्यरत पदाधिकारीहरूको नामावली देहायबमोजिम रहेको छ ।

**तालिका १.१**

**पदाधिकारीहरूको नामावली**

| क्र.सं. | पद | नाम | नियुक्ति मिति |
|---|---|---|---|
| १. | प्रमुख आयुक्त | प्रेम कुमार राई | २०७७।१०।२१ |
| २. | आयुक्त | किशोर कुमार सिलवाल | २०७७।१०।२१ |
| ३. | आयुक्त | जयबहादुर चन्द | २०७७।१०।२१ |
| ४. | आयुक्त | डा. हरि पौडेल | २०७८।०३।१० |
| ५. | आयुक्त | डा. सुमित्रा श्रेष्ठ अमात्य | २०७८।०३।१० |

आयोगमा कार्यरत प्रमुख आयुक्त र आयुक्तहरूबीचको कार्यविभाजन अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २२ बमोजिम प्रमुख आयुक्तले तोक्ने र निर्णय प्रक्रियाको हकमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ र अख्तियार दुरुपयोग अनुसन्धान आयोग कार्यविधि, २०७८ बाट निर्धारण गरिएको छ । आयोगका आन्तरिक कार्यविधिहरू आयोगको बैठकबाट निर्णय गरी व्यवस्थित गरिएका छन् । आयोगमा पेस हुन आएका भ्रष्टाचारसम्बन्धी उजुरीका सम्बन्धमा आवश्यक छानबिन, अनुसन्धान र तहकिकातका लागि आयुक्तहरूबाट एकल वा संयुक्तरूपमा निर्णय हुने व्यवस्था छ । आयोगको महाशाखा वा अनुसन्धान अधिकृतले अनुसन्धान कार्य सम्पन्न गरी सचिवमार्फत सम्बन्धित आयुक्तसमक्ष पेस गरेको कुनै विषयमा सम्बन्धित आयुक्तबाट आयोगमा पेस गर्ने आदेश भएका विषयहरू वा अन्य नीतिगत निर्णय हुनुपर्ने विषयहरूको कार्यसूची प्रमुख आयुक्तको निर्देशनमा सचिवबाट तय गरिन्छ । यसरी कार्यसूची तयार भएपछि विषयको गाम्भीर्यता, जटिलता र शीघ्र निर्णयको आवश्यकतालाई दृष्टिगत गरी प्रमुख आयुक्तको निर्देशनअनुसार कुनै पनि समयमा आयोगको बैठक बसी निर्णय हुने व्यवस्था रहेको छ । मातहत कार्यालयहरूको कामकारबाहीको अनुगमन प्रयोजनका लागि समेत प्रमुख आयुक्तबाट आयुक्तहरूबीच कार्यविभाजन गरी व्यवस्थित गरिएको छ ।

## १.६ संस्थागत संरचना

नेपालको संविधानबमोजिमको भूमिका निर्वाह गर्नका लागि आयोगको संगठन संरचना, दरबन्दी तथा कर्मचारीको व्यवस्थापनसहितको संस्थागत संरचनाको व्यवस्था गरिएको छ । आयोगको सचिवालयको प्रमुखमा नेपाल सरकारको राजपत्रांकित विशिष्ट श्रेणीको सचिव रहने व्यवस्था छ । मुलुकमा संघीय स्वरूप कायम भएसँगै संघीय ढाँचाअनुरूप स्थानीयस्तरमा आयोगको उपस्थिति थप सुदृढ बनाउन तथा बढ्दो उजुरीको अनुपातलाई समेत विचार गरी आयोगको संरचनामा समय समयमा पुनरावलोकन हुँदै आएकोमा पछिल्लो पटक नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७७।१।८ को निर्णयले स्वीकृत नयाँ संगठन संरचना कार्यान्वयनमा रहेको छ । स्वीकृत नयाँ संगठन संरचनाबमोजिम अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगाल, मातहत रहने गरी ७ वटा कार्यालय र एउटा सम्पर्क कार्यालय रहेका छन् । नयाँ संगठन संरचनाबमोजिम आयोग र मातहतका कार्यालयहरूमा निजामती सेवा, प्रहरी सेवा र अन्य सेवाका गरी जम्मा ९९० जना कर्मचारीहरूको दरबन्दी रहेको छ । आयोगको टंगालस्थित कार्यालयमा १२ वटा महाशाखाहरू रहेका र निजामती, प्रहरी र अन्य गरी जम्मा ५१२ जना विभिन्न सेवा, समूह र श्रेणीका कर्मचारीहरूको दरबन्दी रहेको छ भने आयोगका मातहत कार्यालयहरूको जम्मा दरबन्दी ४७८ रहेको छ । आयोगको मिति २०७७।११।२८ को निर्णयानुसार देहायबमोजिम कार्यालयहरूको कार्यक्षेत्र (जिल्लाहरू) हेरफेर गरी सोहीबमोजिम कार्य सम्पादन हुँदै आएको छ।

**तालिका १.२**

**आयोगका कार्यालय, दरबन्दी र कार्यक्षेत्र**

| क.सं. | कार्यालयहरूको नाम | दरबन्दी | कार्यक्षेत्र तोकिएका जिल्लाहरू |
|---|---|---|---|
| १. | अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगाल, काठमाडौं | ५१२ | |
| २. | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, इटहरी | ६५ | १.ताप्लेजुङ,<br>२.पाँचथर<br>३.इलाम<br>४.संखुवासभा<br>५.तेह्रथुम<br>६.धनकुटा<br>७.भोजपुर<br>८.झापा<br>९.मोरङ<br>१०.सुनसरी<br>११.सप्तरी<br>१२.उदयपुर |
| ३. | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बर्दिबास | ६६ | १.सिराहा<br>२.धनुषा<br>३.महोत्तरी |

| | | | |
|---|---|---|---|
| | | | ४.सर्लाही<br>५.खोटाङ<br>६.सोलुखुम्बु<br>७.ओखलढुंगा<br>८.सिन्धुली<br>९.रामेछाप |
| ४. | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, हेटौंडा | ६५ | १.रौतहट<br>२.बारा<br>३.पर्सा<br>४.मकवानपुर<br>५.चितवन<br>६.धादिङ<br>७.रसुवा<br>८.नुवाकोट<br>९.सिन्धुपाल्चोक<br>१०.काभ्रेपलाञ्चोक<br>११.दोलखा |
| ५. | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, पोखरा | ६३ | १.गोरखा<br>२.लमजुङ<br>३.तनहुँ<br>४.कास्की<br>५.मनाङ<br>६.मुस्ताङ<br>७.पर्वत<br>८.स्याङ्जा<br>९.म्याग्दी<br>१०.बाग्लुङ |
| ६. | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बुटवल | ५५ | १.नवलपरासी (बर्दघाट सुस्तापूर्व)<br>२.नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)<br>३.रुपन्देही<br>४.कपिलवस्तु<br>५.पाल्पा<br>६.अर्घाखाँची<br>७.गुल्मी<br>८.प्युठान |
| ७. | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बुटवलको सम्पर्क कार्यालय, नेपालगञ्ज | ४० | १.दाङ<br>२.बाँके<br>३.बर्दिया<br>४.रोल्पा |
| ८. | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, सुर्खेत | ६१ | १.रुकुम (पूर्वी भाग)<br>२.रुकुम (पश्चिम भाग)<br>३.डोल्पा<br>४.जुम्ला<br>५.मुगु<br>६.हुम्ला<br>७.कालिकोट<br>८.जाजरकोट<br>९.दैलेख<br>१०.सुर्खेत<br>११.सल्यान |
| ९. | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, महेन्द्रनगर | ६३ | १.बाजुरा<br>२.बझाङ<br>३.डोटी |

| | | | |
|---|---|---|---|
| | | | ४.अछाम<br>५.दार्चुला<br>६.बैतडी<br>७.डडेल्धुरा<br>८.कञ्चनपुर<br>९.कैलाली |
| | जम्मा | ९९० | |

आयोगको हाल विद्यमान संगठनात्मक संरचना अनुसूची-१ मा तथा कर्मचारीहरूको स्वीकृत दरबन्दी विवरण अनुसूची- २ मा उल्लेख गरिएको छ ।

**द्रष्टव्य** : काठमाडौं उपत्यकाभित्रका तीन जिल्लाहरू अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगालबाटै हेर्ने व्यवस्था मिलाइएको छ ।

## १.७ अधिकार प्रत्यायोजन

नेपालको संविधानको धारा २३९ को उपधारा (५) मा नेपाल सरकारको अधिकृत कर्मचारीलाई तोकिएको सर्तको अधीनमा रही प्रयोग र पालना गर्ने गरी आयोगबाट अधिकार प्रत्यायोजन हुनसक्ने व्यवस्था भएबमोजिम आयोगबाट देहायबमोजिमका ३३ जिल्लाका प्रमुख जिल्ला अधिकारीलाई प्रारम्भिक छानबिन गर्ने सम्बन्धी अधिकार प्रत्यायोजन गरिएको छः-

**तालिका १.३**

**अधिकार प्रत्यायोजन गरिएका जिल्लाहरू**

| प्रदेश | जिल्ला | संख्या |
|---|---|---|
| प्रदेश नं. १ | ताप्लेजुङ, पाँचथर, संखुवासभा, भोजपुर, सोलुखुम्बु, ओखलढुंगा, खोटाङ | ७ |
| बागमती | रसुवा, दोलखा, रामेछाप | ३ |
| गण्डकी | गोरखा, लमजुङ, मनाङ, मुस्ताङ | ४ |
| लुम्बिनी | रुकुम (पूर्वी भाग), रोल्पा, गुल्मी, अर्घाखाँची, प्यूठान | ५ |
| कर्णाली | जाजरकोट, कालिकोट, हुम्ला, जुम्ला, मुगु, डोल्पा, सल्यान, रुकुम (पश्चिम भाग) | ८ |
| सुदूरपश्चिम | दार्चुला, बैतडी, बझाङ, बाजुरा, अछाम, डोटी | ६ |
| | **जम्मा** | **३३** |

**प्रत्यायोजित अधिकार प्रयोग गर्दा प्रमुख जिल्ला अधिकारीहरूले पालना गर्नुपर्ने शर्तहरू :**

१. नेपालको संविधान, अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन,२०४८, भ्रष्टाचार निवारण ऐन,२०५९, अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियामावली, २०५९ र अन्य प्रचलित कानुन तथा आयोगबाट निर्धारित कार्यविधिहरू पालना गर्नुपर्ने,

२. अनियमितता र भ्रष्टाचारका विषयमा परेका उजुरीहरूका सम्बन्धमा प्रारम्भिक छानबिन गरी विस्तृत अनुसन्धान गर्न वा तामेलीमा राख्न सम्बन्धित कागजात संलग्न गरी आधार र कारणसमेत खुलाई निर्णयका लागि आयोगको सम्बन्धित कार्यालयमार्फत आयोगसमक्ष तीन महिनाभित्रमा पठाउनुपर्ने,

३. आफ्नो कार्यक्षेत्र वा क्षेत्राधिकारभित्र नपर्ने उजुरीहरू आयोगको सम्बन्धित कार्यालयमा आवश्यक कारबाहीका लागि पठाउनुपर्ने,

४. आफ्नो कार्यक्षेत्रभित्र पर्ने सार्वजनिक पद धारण गरेका व्यक्ति वा निजसँग संलग्न अन्य व्यक्तिहरूलाई रङ्गेहात प्रक्राउ गर्नुपर्ने भएमा आयोग वा आयोगका सम्बन्धित कार्यालय प्रमुखलाई गोप्य रूपमा तुरुन्त खबर गरी निकासा भएअनुसार गर्नुपर्ने,

५. प्रारम्भिक छानबिनको सिलसिलामा उजुरीसँग सम्बन्धित आवश्यक कागजपत्र माग गर्न वा झिकाउन सक्ने र उजुरीसँग सम्बन्धित भौतिक चिजवस्तुहरू नियन्त्रणमा लिनुपर्ने भएमा वा आरोपित व्यक्तिसँग सोधपुछ गर्नुपर्ने भएमा आयोग वा आयोगको कार्यालय प्रमुखसँग समन्वय गरी गर्नुपर्ने,

६. आयोगले प्रारम्भिक छानबिनको क्रममा स्थलगत प्रतिवेदन वा रायप्रतिक्रिया माग गरेमा सो उपलब्ध गराउनुपर्ने,

७. प्रत्यायोजित अधिकारबमोजिम गरेका काम कारबाहीको विषयमा आयोगको सम्बन्धित कार्यालयमार्फत मासिक विवरण आयोगमा पठाउने,

(**द्रष्टव्य**: प्रत्यायोजित अधिकारअन्तर्गतको कुनै काम कारबाही आयोगबाटै गर्न वा अन्य कुनै पदाधिकारी वा कर्मचारीलाई तोक्न तथा आयोगमा परेको कुनै पनि उजुरी आयोगबाटै अनुसन्धान गर्न बाधा पुगेको मानिने छैन।

## १.८ आयोग र अन्य निकायबीचको कार्यसम्बन्ध

मुलुकमा भ्रष्टाचार नियन्त्रण गरी सुशासन कायम गर्नका लागि संवैधानिक तथा कानुनी व्यवस्थाबमोजिम विभिन्न निकायहरूले प्रत्यक्ष वा अप्रत्यक्षरूपमा अन्तरसम्बन्धित भई कार्यसम्पादन गर्दै आएका छन् । भ्रष्टाचार नियन्त्रणका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगसँग निकटतम कार्यसम्बन्ध रहेका प्रमुख निकायहरूमा विशेष अदालत, विशेष सरकारी वकिलको कार्यालय, सर्वोच्च अदालत, प्रतिनिधिसभाका समितिहरू, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र राष्ट्रिय सतर्कता केन्द्र रहेका छन् । साथै, सङ्घीय सरकार र प्रदेश सरकारका मन्त्रालयहरू, राष्ट्रिय किताबखाना, राजस्व अनुसन्धान विभाग, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, नेपाल राष्ट्र बैंक, नेपाल प्रहरीलगायतका निकायहरूसँग समेत आयोगबाट कार्यसम्पादनका सिलसिलामा पत्राचार र विवरण आदानप्रदान हुने गरेको छ ।

नेपालको संविधानमा आयोगबाट भएको अनुसन्धानबाट कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले भ्रष्टाचार गरेको देखिएमा यस्तो व्यक्ति वा सो कार्यमा संलग्न अन्य व्यक्तिउपर अधिकारप्राप्त अदालतमा मुद्दा दायर गर्नसक्ने व्यवस्था रहेको छ । सो व्यवस्थाबमोजिम आयोगले उजुरीउपर अनुसन्धान गरी भ्रष्टाचारजन्य कसुर भएको देखिएमा विशेष अदालतमा मुद्दा दर्ता गर्ने गर्दछ । यस सम्बन्धमा विशेष सरकारी वकिलको कार्यालयबाट बहसपैरवी हुने र आवश्यकतानुसार आयोगले सर्वोच्च अदालतमा पुनरावेदन वा पुनरावलोकनको निवेदन दर्ता गर्ने व्यवस्था रहेको छ ।

प्रतिनिधिसभाका समितिले संवैधानिक निकायको अनुगमन गर्ने संवैधानिक व्यवस्था भएअनुरूप संघीय संसद, प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिबाट आयोगका कामकारबाहीहरूको अनुगमन हुने गरेको छ । आयोगको वार्षिक प्रतिवेदनमार्फत दिइएका सुझावहरूको कार्यान्वयनका विषयमा समितिमा छलफल हुने गर्दछ । यसैगरी भ्रष्टाचार नियन्त्रणका प्रयासहरूलाई गतिशील र प्रभावकारी बनाउन तथा सुशासन र सदाचार प्रवर्द्धनमा देखिएका समस्या समाधान गर्नका लागि समितिबाट सम्बद्ध निकायहरूसँग छलफल तथा अन्तर्क्रिया हुनुका साथै आवश्यक निर्णय/निर्देशनसमेत हुने गरेको छ ।

भ्रष्टाचार निवारण ऐन, २०५९ मा भएको व्यवस्थाअनुसार राष्ट्रिय सतर्कता केन्द्रले सार्वजनिक पद धारण गरेको व्यक्तिले हरेक आर्थिक वर्ष समाप्त भएको साठी दिनभित्र आफ्नो सम्पत्ति विवरण भरी सम्बन्धित निकायमा बुझाए/नबुझाएको विषयमा अनुगमन गरी प्रतिवेदन आयोगमा पठाउने गरेको छ । प्राप्त प्रतिवेदनमा उल्लेख भएका सम्पत्ति विवरण नबुझाउने सार्वजनिक पद धारण गरेका व्यक्तिहरूलाई कानुनबमोजिम जरिवाना हुँदै आएको छ ।

आयोगबाट सार्वजनिक पद धारण गरेको व्यक्तिले गरेको भ्रष्टाचारजन्य कार्यको अनुसन्धानका सिलसिलामा नेपाल सरकारका विभिन्न निकायहरूबाट आवश्यक जानकारी तथा विवरण प्राप्त हुने गरेको छ । आयोगको मागअनुसार नेपाल सरकारका मन्त्रालयहरू, राष्ट्रिय किताबखाना, राजस्व अनुसन्धान विभाग, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, नेपाल राष्ट्र बैंकलगायतका अभिलेख र विवरण रहने निकायहरूबाट आवश्यक विवरण आयोगलाई प्राप्त हुन्छ । त्यसैगरी आयोगमा परेको कुनै उजुरी अन्य निकायको अधिकारक्षेत्र अन्तर्गत पर्ने प्रकृतिको देखिएमा आयोगबाट आवश्यक कारबाहीका लागि सम्बन्धित निकायसमक्ष लेखी पठाउने गरिएको छ । यस्ता निकायहरूमा सम्बन्धित मन्त्रालय/विभाग/कार्यालय, विश्वविद्यालय, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, राजस्व अनुसन्धान विभाग, नेपाल प्रहरीलगायत अन्य निकायहरू रहेका छन् ।

भ्रष्टाचार नियन्त्रणसँग सम्बन्धित प्रमुख सरोकारवाला निकाय, कार्यक्षेत्र तथा आयोगसँगको कार्यसम्बन्ध देहायबमोजिम रहेको छः-

## तालिका १.४

## भ्रष्टाचार नियन्त्रणका लागि आयोग र अन्य निकायको भूमिका तथा कार्यसम्बन्ध

| संस्थाको नाम | भ्रष्टाचार नियन्त्रणमा भूमिका | कार्यसम्बन्ध |
|---|---|---|
| अख्तियार दुरुपयोग अनुसन्धान आयोग | सार्वजनिक पदधारण गरेका व्यक्तिले गरेको भ्रष्टाचारजन्य कार्यउपर अनुसन्धान/अभियोजन र निरोधात्मक/प्रवर्द्धनात्मक कार्य संचालन । | भ्रष्टाचार नियन्त्रणका प्रयासमा विभिन्न निकायहरूसँग समन्वय र सहकार्यका साथै सूचना, सुझाव र पृष्ठपोषण आदानप्रदान । |
| अदालत | भ्रष्टाचारजन्य मुद्दाको न्यायिक निरुपण । | आयोगबाट दायर भएका भ्रष्टाचारका मुद्दाहरूको सुनुवाइ गरी फैसला । |
| संघीय संसद र संसदीय समिति | भ्रष्टाचार नियन्त्रणका लागि आवश्यक कानुन निर्माण तथा परिमार्जन।<br>आयोगको काम कारबाहीको अनुगमन, सुझाव प्रदान | भ्रष्टाचारसम्बन्धी अनुसन्धान गर्न आयोगमा सिफारिस, राज्य व्यवस्था तथा सुशासन समिति मार्फत अनुगमन । |
| प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | मुलुकमा भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धन कार्यको प्रमुख जिम्मेवारी बहन, यस क्षेत्रमा क्रियाशील निकायहरूबीच समन्वय । | आयोगको कार्य वातावरणलाई अनुकूल बनाउन सहयोग र समन्वय । |
| महालेखा परीक्षकको कार्यालय | सरकारी कार्यालय र सरकारी स्वामित्व भएका संस्थाहरूको लेखापरीक्षण । | लेखापरीक्षणबाट उजागर भएका भ्रष्टाचारजन्य कार्यउपर आयोगबाट अनुसन्धान । |
| महान्यायाधिवक्ताको कार्यालय | नेपाल सरकारको हक, हित र सरोकार भएका मुद्दामा नेपाल सरकारको प्रतिनिधित्व । | आयोगले विशेष अदालतमा दायर गरेको मुद्दामा आयोगको तर्फबाट मुद्दाको प्रतिरक्षा । |
| गृह मन्त्रालय/ मातहत निकाय | मुलुकमा शान्ति सुरक्षा र सदाचार प्रवर्द्धन, नेपाल प्रहरीमार्फत किर्ते, ठगीलगायत अन्य अपराध अनुसन्धान । | आयोगबाट ३३ जिल्लाका प्रमुख जिल्ला अधिकारीलाई उजुरीको प्रारम्भिक छानबिनसम्बन्धी अधिकार प्रत्यायोजन । |
| राष्ट्रिय सतर्कता केन्द्र | भ्रष्टाचार नियन्त्रणका लागि सूचना संकलन, अनुगमन, प्राविधिक परीक्षण । | सम्पत्ति विवरण अनुगमन प्रतिवेदन आयोगमा प्रेषण र आयोगबाट सम्पत्ति विवरण भरी नबुझाउने उपर कानुनबमोजिम जरिवाना । |
| राजस्व अनुसन्धान विभाग | राजस्व चुहावट, विदेशी विनिमय अपचलनको अनुसन्धान, राजस्व प्रशासन सुधार । | राजस्व चुहावटसम्बन्धी सूचना तथा विवरण आदानप्रदान। |
| राष्ट्रिय अनुसन्धान विभाग | आर्थिक एवं वित्तीय अपराधलगायतका अपराधसँग सम्बन्धित सूचना । | आर्थिक एवं वित्तीय अपराधलगायतका अपराधसँग सम्बन्धित सूचना आदानप्रदान। |
| सार्वजनिक खरिद अनुगमन कार्यालय | सार्वजनिक खरिद कार्यको अनुगमन र नियमन । | सार्वजनिक खरिदमा स्वच्छता, पारदर्शिता र जवाफदेहिता कायम गर्न सहयोग र सहकार्य । |
| सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग | सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी नियन्त्रण सम्बन्धमा अनुसन्धान र समन्वय । | गैरकानुनी सम्पत्ति आर्जनसम्बन्धी सूचना तथा विवरण आदानप्रदान । |
| नेपाल राष्ट्र बैंक | वित्तीय कारोबारको नियमन र वित्तीय सुशासन कायम, वित्तीय अपराध नियन्त्रण । शंकास्पद वित्तीय कारोबारको विवरण संकलन, विश्लेषण र अनुसन्धान निकायमा प्रेषण । | शंकास्पद वित्तीय कारोबारको विवरण आयोगमा प्रेषण तथा अनुसन्धानमा समन्वय, भ्रष्टाचार नियन्त्रणमा सहयोग । |
| नेपाल उद्योग वाणिज्य महासंघ, च्याम्बर अफ कमर्स | निजी क्षेत्रबाट हुनसक्ने भ्रष्टाचार नियन्त्रण, सूचना प्रवाह, समन्वय र प्रवर्द्धन गर्ने । | आयोगको कार्यक्षेत्र बाहिर रहेको निजी क्षेत्रमा स्वच्छ अभ्यास प्रवर्द्धन र पालना । |
| ट्रान्सपरेन्सी इन्टरनेसनल | भ्रष्टाचार नियन्त्रण/सदाचार प्रवर्द्धनसम्बन्धी गतिविधि संचालन, जनचेतना अभिवृद्धि । | भ्रष्टाचार नियन्त्रणका लागि आपसी सहकार्य तथा सूचना आदानप्रदान । |
| संयुक्त राष्ट्रसंघीय निकाय | भ्रष्टाचारविरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धि (UNCAC) लगायत अन्तर्राष्ट्रिय असल अभ्यासहरू कार्यान्वयनमा सहयोग/समन्वय । | भ्रष्टाचार नियन्त्रणका लागि सहयोग तथा क्षमता अभिवृद्धि । |
| गैरसरकारी तथा समुदायमा आधारित संस्था | सुशासन, भ्रष्टाचार नियन्त्रण र विधिको शासनका लागि जनचेतना तथा नागरिक परिचालन । | भ्रष्टाचारका विरुद्ध जनचेतनामूलक कार्यक्रम, गोष्ठी, जनस्तरमा सक्रियता अभिवृद्धि गर्न आयोगसँग सहकार्य र समन्वय । |

## १.९ बजेट व्यवस्था

विशिष्टीकृत संस्थाको रूपमा रहेको अख्तियार दुरुपयोग अनुसन्धान आयोग भ्रष्टाचारजन्य कार्यको अनुसन्धान र अभियोजनसम्बन्धी कार्यमा संलग्न रहँदै आएको छ । भ्रष्टाचार नियन्त्रण गरी सुशासन कायम गर्ने कार्यका लागि यसले प्रवर्द्धनात्मक एवं निरोधात्मक कार्यसमेत गर्दै आएको छ । यसका लागि आवश्यक पर्ने बजेटको व्यवस्था नेपाल सरकारबाट हुने गर्दछ । आर्थिक वर्ष ०७७/७८ मा आयोगका लागि छुट्याइएको कुल बजेट रु. १ अर्ब ३३ करोड ४ लाख रुपैयाँमा रु. ८३ करोड ४ लाख ९५ हजार ३२ रुपैयाँ २६ पैसा निकासा भई त्यत्ति नै रकम खर्च भएको छ । आयोगलाई प्राप्त बजेटमध्ये चालु खर्चतर्फ रु. ९५ करोड ५ लाख रुपैयाँ र पुँजीगत खर्चतर्फ रु. ३७ करोड ९९ लाख विनियोजन भएकोमा चालुतर्फ रु. ५६ करोड ६ लाख ७ हजार ४ सय ९६ रुपैयाँ ७ पैसा र पुँजीगततर्फ रु.२६ करोड ९८ लाख ८७ हजार ५ सय ३६ रुपैयाँ १९ पैसा खर्च भएको छ । पुँजीगत बजेटबाट भौतिक पूर्वाधार विकासतर्फ आयोगका कार्यालय भवन निर्माण, आवासीय भवन निर्माण, इन्जिनियरिङ ल्याब निर्माण, उपकरणहरू खरिद, फर्निचर फिक्सचर्स तथा सवारी साधन खरिदलगायत कार्य गरिएको छ । त्यसैगरी चालुतर्फको बजेटबाट तलब भत्ता, कार्यालय संचालन खर्च, जनशक्ति क्षमता अभिवृद्धि, अध्ययन अनुसन्धान जस्ता कार्यहरू गरिएका छन् । प्रतिवेदन अवधिसम्म आयोगमा कुनै पनि किसिमको बेरुजु रहेको छैन । आयोगको बजेट विनियोजन, निकासा, खर्च, राजस्व आम्दानी तथा धरौटीको विवरण अनुसूची-३ मा प्रस्तुत गरिएको छ ।

# परिच्छेद-२
# आयोगबाट भएका निर्णय, अनुसन्धान र अभियोजनसम्बन्धी कार्यको विश्लेषण

## २.१ पृष्ठभूमि

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सार्वजनिक निकायको भ्रष्टाचारजन्य गतिविधिसम्बन्धी सूचना तथा जानकारीलाई दर्ता गरी छानबिन तथा अनुसन्धान कार्य अगाडि बढाउने गर्दछ । उजुरीकर्ताको सहजताका लागि आयोगमा विभिन्न माध्यमहरूबाट उजुरी गर्न सकिने प्रबन्ध मिलाइएको छ । आयोगमा आयोगको हटलाइन नं. १०७ मा फोन गरेर, टोल फ्रि नं १६६०-०१-२२२३३ मा फोन गरेर, भाइबर नं. ९८६३३३३१९१ मा फोन वा सूचना पठाएर, फ्याक्स नं. ९७७-१-५२६२१२८ र ५२६२१०४ मा फ्याक्स गरेर, ई-मेल ujuri@ciaa.gov.np, Twitter मा @ciaa_nepal र आयोगको फेसबुक पेजमार्फत उजुरीको सूचना पठाएर, आयोगको वेबसाइट www.ciaa.gov.np मार्फत अनलाइन माध्यमबाट उजुरी गरेर, हुलाकबाट उजुरीको चिठी पठाएर वा आयोगको केन्द्रीय कार्यालय र मातहतका कार्यालयहरूमा आफैं उपस्थित भएर आयोगमा गुनासो/उजुरी दर्ता गर्न सकिन्छ। यसका अतिरिक्त पत्रपत्रिका तथा अन्य विद्युतीय सञ्चार माध्यममा प्रकाशन तथा प्रसारण भएका भ्रष्टाचार र आर्थिक अनियमिततासम्बन्धी सार्वजनिक चासोका विषयहरूलाई समेत आयोगले उजुरीका रूपमा ग्रहण गर्ने गरेको छ । आयोगको अनुसन्धान र अभियोजनसम्बन्धी कार्यलाई प्रभावकारी बनाउन कानुन, कार्यविधि तथा आचारसंहितामा आधारित भई कार्यसम्पादन गर्ने गरिन्छ। आयोगको निर्णय अनुसार आर्थिक वर्ष २०७७।७८ का उजुरीउपर आयोगबाट भएका छानबिन, अनुसन्धान, अभियोजन, मुद्दा दायर तथा पुनरावलोकनसम्बन्धी तथ्यहरूको परिमाणात्मक विवरण यस खण्डमा प्रस्तुत गरिएको छ।

## २.२ उजुरी तथा फछ्र्यौट :

आर्थिक वर्ष ०७७।७८ मा आयोगमा दर्ता हुन आएका तथा अघिल्लो आर्थिक वर्षबाट जिम्मेवारी सरेर आएका उजुरीहरू र फछ्र्यौटको विवरण देहायको तालिका तथा रेखाचित्रमा प्रस्तुत गरिएको छ । सो अनुसार सबैभन्दा बढी उजुरीहरू अर्थात् ४८.९६% उजुरी आयोगको टंगालस्थित कार्यालयमा छन् । मातहत कार्यालयहरूमध्ये सबैभन्दा बढी उजुरीहरू आयोगको कार्यालय, बर्दिबासमा (११.४८%) रहेका छन् । सबैभन्दा कम उजुरीहरू भने आयोगको सम्पर्क कार्यालय, नेपालगञ्जमा (३.४३%) तथा आयोगको कार्यालय, हेटौंडामा (४.११%) रहेका छन्।

**तालिका २.१**

**आयोगको टंगाल र मातहत कार्यालयमा रहेका उजुरी र फछ्र्यौटको विवरण**

| कार्यालय | उजुरीको संख्या | | कुल उजुरी संख्या | फछ्र्यौट संख्या | | कुल फछ्र्यौट भएको संख्या | कार्यालयमा उजुरी प्रतिशत | कार्यालयको फछ्र्यौट प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| २. | सवारीचालक अनुमतिपत्र बिक्री गरी करिब १५ करोड रुपैयाँ गैरकानुनीरूपमा आर्जन गरेको, लिखित परीक्षामा उत्तीर्ण भएका परीक्षार्थीहरूको उत्तरपुस्तिका रित्तै भन्नेसमेत व्यहोराको प्रकाशित समाचार र उजुरीसमेत । | यातायात व्यवस्था कार्यालय, भेरी अञ्चल, नेपालगञ्जले आ.व. ०७३/७४ मा सवारी चालक अनुमतिपत्रको लिखित परीक्षाको उत्तरपुस्तिका परीक्षणमा खटिएका प्रतिवादी राष्ट्रसेवक कर्मचारीहरूले प्रचलित ऐन, नियम तथा निर्देशिकाको बर्खिलाप गरी उत्तरपुस्तिका परीक्षणमा अनुत्तीर्ण भएका ४,७१७ जना परीक्षार्थीहरूलाई उत्तीर्ण गराई नतिजा फेरबदल गरी भ्रष्टाचार गरेको । | २०७७।१२।१९<br>२०७७।१२।२६ | पवन सुवेदी, कार्यालय प्रमुख<br>सीताराम खनाल र डेकराज पोखरेल, ध्रुवराज देवकोटा, शाखा अधिकृत,<br>ललितबहादुर वली, केशवराज डाँगी, हुतराज पौडेल, सतानन्द उपाध्याय (न्यौपाने), अरुणकुमार गौतम, धर्मदत्त चौलागाईं, डिलाराम खरेल, ओमबहादुर बस्नेत, गणेशमान आचार्य, सावित्री पौडेल, नायब सुब्बा,<br>चन्द्रमणी नेपाली,<br>केशरकुमार चपाईं, खरिदार,<br>ध्रुवराज अर्याल, हलुका सवारी चालक,<br>प्रकाश पुन, प्रहरी सहायक निरीक्षक,<br>ओमप्रसाद देवकोटा, प्रहरी जवान,<br>यातायात व्यवस्था कार्यालय, भेरी अञ्चल, नेपालगञ्ज । | १९ | दफा १३ | दफा १३ | |
| ३. | मिमबहादुर शाहीसमेतले नेपाल वायु सेवा निगमतर्फको सहायक चौंथो पदका लागि भएको परीक्षामा आफन्त सहभागी गराई परीक्षार्थीको उत्तरपुस्तिका सच्याई अनियमितता गरेको हुँदा दोषीलाई कारबाही गरियोस् भन्नेसमेत । | लोक सेवा आयोगका प्रतिवादी कर्मचारीले आफन्तलाई परीक्षामा सफल गराउने नियत राखी नेपाल वायु सेवा निगमतर्फको वि.नं. १९-२०/०७५-७६ (खुल्ला, समावेशी) सहायक चौंथो तहको परीक्षाका सहभागीको उत्तरपुस्तिका सच्याई भ्रष्टाचार गरेको । | २०७७।१२।३०<br>२०७८।१।८ | मिमबहादुर शाही, शाखा अधिकृत | १ | दफा ११ | दफा ११ | |

## २.७ फैसला प्राप्ति र पुनरावेदन

विगत वर्षहरूमा आयोगबाट विशेष अदालतमा दायर भएका मुद्दाहरूमध्ये आर्थिक वर्ष २०७७।७८ मा ११३ वटा मुद्दाहरूको फैसला प्राप्त भएको छ । विशेष अदालतमा दायर भएका मुद्दाहरूमध्ये कुल ७१.६८% मुद्दाहरूमा कसुर स्थापित भएको छ ।

विशेष अदालतबाट फैसला भएका भ्रष्टाचारसम्बन्धी मुद्दाहरूमा आर्थिक वर्ष २०६६।६७ देखि आर्थिक वर्ष ०७७।७८ सम्म आयोगका पक्षमा भएका फैसलाहरूको प्रतिशत चित्र २.१२ मा प्रस्तुत गरिएको छ ।

**चित्र २.१२**

**विशेष अदालतबाट फैसला भएका भ्रष्टाचारसम्बन्धी मुद्दामा सफलताको प्रतिशत**




**आयोगबाट आर्थिक वर्ष ०७७।७८ मा विशेष अदालतबाट भएका फैसलाउपर चित्त नबुझी तपसिलका ५८ वटा मुद्दाहरू सर्वोच्च अदालतमा पुनरावेदन गरिएका छन् :-**

**१. जिल्ला पर्सा, साबिक हरिहरपुर-६ हाल धोवनी गाउँपालिका वडा नं. ३ हरिहरपुर बस्ने नेपाल राष्ट्रिय प्राथमिक विद्यालयमा प्रा.शि. द्वितीय पदमा कार्यरत वर्ष ४८ का प्रधानाध्यापक प्रभु गिरीसमेत................................ २ जना**

**मुद्दा :- घुस/रिसवत लिई भ्रष्टाचार गरेको ।(०७५-CR-०१८९)**

**फैसला भएको मितिः २०७६।८।२६**

**आयोगको निर्णय मितिः २०७७।४।१** **पुनरावेदन दर्ता मितिः २०७७।४।४**

**आरोपपत्र मागदाबी**

| |
|---|
| प्रतिवादीहरू अब्बास मिया र प्रभु गिरीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुरमा अब्बास मियाको हकमा बिगो रु.५२,०००।- र प्रभु गिरीको हकमा रु.१२०००।- कायम गरी अब्बास मियालाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (ग) बमोजिम सजाय हुन र प्रभु गिरीलाई भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (क) बमोजिम सजाय हुन । |

**विशेष अदालतको फैसला**

| |
|---|
| प्रतिवादीहरूसँग बैंकका कर्मचारीहरूको लेनदेन वा कुराकानी भएको जानकारीमा नरहेको, प्रतिवादीहरू प्रधानाध्यापकको रूपमा राष्ट्रसेवक रहेको देखिए तापनि निवेदकले ऋण माग गरेको र कारबाही भएको नेपाल बैंक लिमिटेड श्रीपुर वीरगन्ज शाखासँग राष्ट्रसेवकको हैसियतमा कानुनबमोजिम सम्बन्ध रहेको नदेखिएको साथै प्रतिवादी प्रभु गिरीबाट निवेदकले दिएको रकम बरामद भएको र रङ्गेहात परीक्षणबाट निजले उक्त रकम लिएको देखिएकै आधारमा मात्र प्रस्तुत आरोप दाबीअनुसारको घुस/रिसवत लिएको मान्न पर्याप्त नदेखिने, प्रतिवादीहरू प्रभु गिरी र अब्बास मियाँले आरोपदाबीबाट सफाइ पाउने । |

**पुनरावेदन गर्ने आधार**

| |
|---|
| निवेदक वीरेन्द्रप्रसाद चौरसिया र प्रतिवादी प्रभु गिरीबीच भएको फोन वार्तालापबाट प्रतिवादी प्रभु गिरीले *पैसा लिएर घर आउनु* भन्ने समेतको व्यहोरा देखिन्छ । साथै निवेदकले यी प्रतिवादीहरूउपर गलत उजुरी दिनुपर्नेसम्मको कुनै रिसइबी वा अन्य कुनै कारणसमेत देखिएको छैन । त्यस्तैगरी वादी पक्षका साक्षी प्रतिवेदकहरू, सोभन विक्रम राणा, राजेन्द्रमणि पौडेलसमेतले अदालतसमक्ष उपस्थित भई मौकाको प्रतिवेदन, कागज, बरामदी मुचुल्का तथा रंगेहात परीक्षण मुचुल्कासमेतलाई समर्थन हुने गरी बकपत्र गरेको देखिएकाले प्रमाण ऐन, २०३१ को दफा १८ बमोजिम उक्त बकपत्र प्रमाणको रूपमा ग्रहण योग्य मान्नुपर्ने हुन्छ । यस अवस्थामा प्रतिवादीहरूसँग बैंकका कर्मचारीहरूको लेनदेन वा कुराकानी भएको जानकारीमा नरहेको भन्दै स्थापित गैरकानुनी कारोबारलाई कसुर नमानी प्रतिवादीहरूलाई सफाइ दिने गरी भएको फैसला त्रुटिपूर्ण छ । जिल्ला पर्सा छिपहरमाई गाउँपालिका वडा नं. ४ स्थित नेपाल राष्ट्रिय प्राथमिक विद्यालयको बरण्डामा बसेका प्रभु गिरीले सेवाग्राहीबाट लिएको घुस/रिसवतबापतको रकम हातमा लिइराखेको अवस्थामा रु.१२,०००।- बरामद हुनुका साथै उक्त रकम निवेदकबाटै लिएको हो भनी प्रतिवादीले आफ्नो बयानको क्रममा समेत स्वीकार गरेको समेत देखिएकाले उक्त रकम घुस/रिसवतबापतको नै भएको भन्ने स्थापित भइरहेको अवस्थामा प्रतिवादी प्रभु गिरीबाट निवेदकले दिएको रकम बरामद भएको र रङ्गेहात परीक्षणबाट निजले उक्त रकम लिएको देखिएकै आधारमा मात्र प्रस्तुत आरोप दाबीअनुसारको घुस/रिसवत लिएको मान्न पर्याप्त नदेखिने भन्दै प्रतिवादीहरूलाई सफाइ दिने गरी भएको फैसला त्रुटिपूर्ण हुँदा बदरभागी छ । |

२. **जिल्ला बारा, साबिक गा.वि.स. विसुनपुर वडा नं. १ हाल पचरौता नगरपालिका वडा नं. २ घर भई धोविनी गाउँपालिकाको कार्यालयमा योजना शाखा प्रमुखको रूपमा कार्यरत ना.सु. वर्ष २७ का एनामुल हक अन्सारीसमेत................................................................................................................ २ जना ।**

**मुद्दाः- भ्रष्टाचार (घुस/रिसवत) गरेको । (०७५-CR-००३०)**

**फैसला भएको मितिः २०७६।८।२६**

**आयोगको निर्णय मितिः २०७७।४।१** **पुनरावेदन दर्ता मितिः २०७६।८।२६**

**आरोपपत्र मागदाबी**

| |
|---|
| प्रतिवादीहरू धोविनी गाउँपालिका, पर्साका लेखापाल कृष्णनन्दन राय यादव र ना.सु. एनामुल हक अन्सारीले सेवाग्राहीहरू सोनालाल राउत कुर्मी र भोज राउत कुर्मीसमेतले छुट्टाछुट्टै सम्झौताअनुसारको निर्माणको कार्य सम्पन्न गरी आवश्यक बिल भरपाईसहित रकम भुक्तानीका लागि पेस गरिएकोमा चेक भुक्तानी दिन भुक्तानी अंकको दस प्रतिशत रकम माग गरी २०७५।३।२३ गते काटिएका चेकहरू निज प्रतिवादीहरू दुवै जनाको मिलेमतोमा रोकेर राखी सेवाग्राहीहरूबाट जम्मा रु.१,१०,०००।- घुस लिइसकेपछि मात्र मिति २०७५।४।११ गते चेक भुक्तानी दिएको तथ्य पुष्टि हुन आएको देखिंदा निज प्रतिवादीहरू लेखापाल कृष्णनन्दन राय यादव र नायब सुब्बा एनामुल हक अन्सारीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुरमा बिगो रु.१,१०,०००।-कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम जरिवाना र कैद सजाय हुन। |

**विशेष अदालतको फैसला**

| |
|---|
| योजना अधिकृत एनामुल हक अन्सारी र लेखापाल कृष्णनन्दन राय यादवले एकआपसी मिलेमतोमा अघि नै काटिएका चेकको दस प्रतिशत रकम लिनेखाने दुराशयपूर्ण नियतले राखेको भन्ने कुरा पुष्टि भई प्रतिवादीहरूले आरोपित कसुर गरेको देखिन आयो । प्रतिवादीहरूलाई सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम जनही ६ (छ) महिना कैद र सोही दफा ३(१) बमोजिम बिगोअनुसार हुने जरिवाना रु.१,१०,०००।- को दामासाहीले हुने रु.५५,०००।- रुपैयाँका दरले जरिवाना हुने । |

**पुनरावेदन गर्ने आधार**

| |
|---|
| प्रतिवादीहरूलाई आरोप दाबीबमोजिम कसुर गरेको ठहरी जरिवानाको हकमा दामासाहीले गर्ने गरी भएको फैसलाउपर सो हदसम्म पुनरावेदन गर्नुपर्ने अवस्था देखियो । प्रस्तुत मुद्दामा प्रतिवादीहरू लेखापाल कृष्णनन्दन राय यादव र नायब सुब्बा एनामुल हक अन्सारीउपर प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुरमा बिगो रु.१,१०,०००।- कायम गरी सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम जरिवाना र कैद सजाय हुनसमेतको मागदाबी लिइएको देखिन्छ । उक्त ऐनको दफा ३ को उपदफा (१) मा हेर्दा, ........*देहायबमोजिमको रिसवत लिनेलाई वा लिन मञ्जुर गर्नेलाई कसुरको मात्राअनुसार देहायबमोजिम कैद र बिगोबमोजिम जरिवाना हुनेछ... ।* भन्नेसमेत उल्लेख भएको पाइन्छ । दाबीबमोजिमको कसुर कायम भई सजाय तोक्दा जरिवानाको हकमा स्पष्ट रूपमा बिगोबमोजिम भनी उल्लेख भएको देखिंदा जरिवानालाई दामासाहीले र घटबढ गर्न मिल्ने स्वविवेकीय अधिकार रहेको भन्ने ऐनको मनसाय देखिँदैन । तसर्थ भ्रष्टाचार निवारण ऐन एक विशेष प्रकारको ऐन भएकोले विशेष ऐनमा भएको प्रावधान विशेष ऐनबमोजिम नै लागू हुने भन्ने कानुनी सिद्धान्त र मान्यता हुँदा जरिवाना कायम गर्दा पनि सोही ऐनबमोजिम कायम गरिनुपर्छ । विशेष ऐनमा स्पष्ट व्यवस्था हुँदाहुँदै जरिवानाको हकमा सामान्य कानुनसरह व्याख्या गरी दामासाहीले जरिवाना कायम गर्दा फौजदारी कानुनको मान्य सिद्धान्तविपरीत हुन जान्छ । कानुनमा स्पष्टरूपले उल्लिखित प्रावधानको गलत व्याख्या गरी भ्रष्टाचार जस्तो संवेदनशील विषयवस्तुलाई नजरअन्दाज गरी गरिएको फैसला सो हदसम्म भ्रष्टाचार निवारण ऐनको मनसायविपरीत व्याख्या र अवलम्बनमा नै त्रुटिपूर्ण भएकाले बदरभागी छ । साथै उक्त अदालतबाट प्रतिवादीहरूलाई आरोप दाबीबमोजिम भ्रष्टाचार गरेको तथ्य स्थापित भई कसुर कायम भइसकेको अवस्थामा सजाय तोक्दा जरिवानाको हकमा बिगोअनुसार नगरी दामासाहीले हुने ठहरी फैसला भएको देखिन्छ । जरिवानासमेत सजाय हो । सजाय कायम गर्दा भ्रष्टाचार निवारण ऐनबमोजिम दामासाहीले गर्न कानुनतः मिल्ने देखिँदैन । यस प्रकार ऐनको मनसायविपरीत जरिवानामा नै छुट दिँदै जाँदा कसुरको गाम्भीर्यतामा समेत प्रश्न खडा भई भ्रष्टाचारजन्य कसुर गर्ने प्रत्येक व्यक्तिले सहजरूपमा ग्रहण गर्ने र भ्रष्टाचार गर्नेतर्फ हौसला प्राप्त भई दण्डहीनताले प्रश्रय पाई भ्रष्टाचारजन्य क्रियाकलापहरू मौलाउँदै जाने खतरा भइरहन्छ । यसका साथै कसुरदारलाई कसुरको गाम्भीर्यताका आधारमा ऐनको मनसायअनुरूप नै सजाय गर्नु फौजदारी न्याय तथा दण्ड प्रणालीको महत्वपूर्ण सिद्धान्त पनि हो । |

३. **जिल्ला धनकुटा, धनकुटा नगरपालिका वडा नं.-७ स्थायी ठेगाना भई हाल विराटनगर महानगरपालिका वडा नं.-२, पोखरिया बस्ने मालपोत कार्यालय, विराटनगरका तत्कालीन मालपोत अधिकृत वर्ष-५० को गौतमराज अमात्यसमेत............................................................................................................३ जना ।**

**मुद्दाः- राजस्व चुहावट गरी भ्रष्टाचार गरेको । (२०७५-CR-००४८)**

**फैसला भएको मितिः** २०७६।१०।२०

**आयोगको निर्णय मितिः** २०७७।४।१ **पुनरावेदन दर्ता मितिः** २०७७।४।४

**आरोपपत्र मागदाबी**

| |
|---|
| प्रस्तुत मुद्दामा मालपोत कार्यालय, मोरङका तत्कालीन मालपोत अधिकृत गौतमराज अमात्य, ना.सु. वासुदेव पोखरेल र ना.सु. राजकुमार थापाले घर-जग्गा मूल्यांकन तथा कर निर्धारण विवरणअनुसार घरतर्फको रु.१३,४७,९८४।- समेत गरी जम्मा रु.१,४१,५०,७८४।— थैली अंक कायम गरी रजिष्ट्रेसन शुल्क रु.२,१२,२६१।७६ निर्धारण गरी राजस्व असुल गर्नुपर्नेमा घर जग्गाको रु.१६,०४,०००।— मात्र थैली अंक |

कायम गरी रु.२४,०६०।- मात्र राजस्व दस्तुर असुल गरी राजस्व निर्धारण गर्दा स्थानीय निकायको घर/बाटो चारकिल्ला प्रमाणितको सिफारिसलगायतका आवश्यक प्रमाण कागजात नलिई रु.१,८८,२०१।७६ राजस्व असुल नगरी बदनियतपूर्वक नेपाल सरकारलाई हानि नोक्सानी पुऱ्याएको हुँदा प्रतिवादीहरूको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ तथा सोही दफा ७ को देहाय (ख) द्वारा परिभाषित कसुर अपराध भएकोले प्रतिवादीहरूलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ बमोजिम बिगो रु.१,८८,२०१।७६ कायम गरी सोही ऐनको दफा ७ र दफा ३ को उपदफा (१) तथा दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम सजाय हुन ।

**विशेष अदालतको फैसला**

प्रतिवादीहरूले आरोप दाबीबमोजिमको राजस्व रकम पूरै दाखिला गरिसकेको देखिएको, बदनियतपूर्वक कार्य गरी गैरकानुनी लाभ प्राप्त गरेको प्रत्यक्ष प्रमाणसमेत नरहेकाले घरबाटो सिफारिस बेगर लिखत पारित गरिदिएको आधारमा भ्रष्टाचार ठहर गर्न मनासिब देखिएन साथै प्रतिवादीहरूलाई विभागीय कारबाही भएको देखिएकोले आरोपदाबीको कसुरबाट सफाइ पाउने ।

**पुनरावेदन गर्ने आधार**

लक्ष्मीदेवी मल्लको नाममा दर्ता कायम भएको मोरङ जिल्ला साबिक विराटनगर उप-महानगरपालिका वडा नं.७ कित्ता नं. २३७ क्षेत्रफल ६४०.१४ व.मि. मूल्य रु.१,२८,०२,८००।- र घरजग्गा मूल्यांकनन तथा कर निर्धारण विवरणअनुसार घरतर्फको रु.१३,४७,९८४।- समेत गरी जम्मा रु.१,४१,५०,७८४।- पर्ने घरजग्गा रूपरेखा अमात्य र रिता मल्लको नाममा मिति २०७२।१०।१३ गते हालैको बकसपत्र पारित गर्दा उक्त थैली अंक कायम गरी रजिष्ट्रेसन शुल्क रु.२,१२,२६१।७६ निर्धारण गरी राजस्व असुल गर्नुपर्नेमा घर जग्गाको रु.१६,०४,०००।- मात्र थैली अंक कायम गरी रु.२४,०६०।- मात्र राजस्व दस्तुर असुल गरी राजस्व निर्धारण गर्दा हेर्नुपर्ने वा परीक्षण गर्नुपर्ने कागजात नहेरी स्थानीय निकायको घर/बाटो चारकिल्ला प्रमाणितको सिफारिस लगायतका आवश्यक प्रमाण कागजात सम्बन्धित पक्षलाई पेस गर्न नलगाई जम्मा रु.१,८८,२०१।७६ राजस्व असुल नगरी नेपाल सरकारलाई हानि नोक्सानी पुऱ्याएको देखिंदा निज प्रतिवादीहरूले आफूहरूलाई तोकिएको नियमानुसार दैनिक गर्ने कार्यमा सम्पूर्ण प्रक्रियाको जानकारी हुँदाहुँदै बिना कुनै लाभ वा बदनियत दाबीबमोजिमको त्यति ठूलो रकम जग्गा लिनेदिने पक्षलाई छुट दिने र नेपाल सरकारलाई हानि नोक्सानी पुऱ्याउने कार्य गरे होलान् भनी अनुमान र विश्वास गर्न सकिने अवस्थासमेत विद्यमान देखिँदैन । तसर्थ निज प्रतिवादीहरूले जानीजानी दाबीबमोजिम कानुनबमोजिमको प्रक्रिया पूरा नगरी बकसपत्र लिखत पारित गरिदिएको देखिंदा निजहरूको उक्त कार्यको प्रकृतिबाट फौजदारी कसुर स्थापित हुनका लागि अनिवार्य तत्व Actus Reus / Mens Reaदुवैको विद्यमानता भई भ्रष्टाचारजन्य कसुर स्थापित भइसकेको देखिंदा *प्रतिवादीहरूले बदनियतपूर्वक कार्य गरी गैरकानुनी लाभ प्राप्त गरेको प्रत्यक्ष प्रमाणसमेत नरहेकाले घरबाटो सिफारिस बेगर लिखत पारित गरिदिएको आधारमा भ्रष्टाचार ठहर गर्न मनासिब देखिएन* भन्नेसमेतका निराधार आधार लिई कानुनको गलत व्याख्या गरी भएको सो फैसला त्रुटिपूर्ण छ। प्रस्तुत मुद्दामा प्रतिवादीहरूले कानुनसम्मत कार्य नगरी बदनियतपूर्वक नियमानुसार लिनुपर्ने कागजात बेगर नेपाल सरकारको नाममा दाखिला गर्नुपर्ने राजस्व रकम पूरै दाखिला नगरी हानि नोक्सानी पुऱ्याई भ्रष्टाचारजन्य कार्यको सिर्जना भइसकेपछि निजहरूलाई सम्बन्धित निकायबाट विभागीय कारबाही गर्ने गरी निर्णय भएको कारणबाट मात्र निज प्रतिवादीहरूले दाबी बमोजिमको कसुरबाट उन्मुक्ति पाउन सक्ने अवस्था हुँदैन ।

४. **जिल्ला नुवाकोट हालको शिवपुरी गाउपालिका वडा नं.५ (साबिक महाकाली गा.वि.स. वडा नं.२) स्थायी ठेगाना भई हाल जिल्ला काठमाडौं टोखा नगरपालिका वडा नं. ११ गोगंबुमा अस्थायी बसोबास गर्ने, वर्ष ३७ का वासुदेव पोखरेलसमेत........................................................................................................ २ जना ।**
**मुद्दाः- भ्रष्टाचार (झुठा एवं नक्कली प्रमाणपत्र) गरेको। (०७६-CR-०१४६)**
**फैसला भएको मितिः २०७६।११।३०**

**आयोगको निर्णय मितिः २०७७।४।१ पुनरावेदन दर्ता मितिः २०७७।४।४**

**आरोपपत्र मागदाबी**

प्रतिवादी वासुदेव पोखरेलले **B.A.** को नक्कली शैक्षिक योग्यताको प्रमाणपत्रको आधारमा गोरखापत्र संस्थानको तह-६ बाट मिति २०६५।३।१६ मा सेवा प्रवेश गरी सोही शैक्षिक योग्यतालाई प्रयोग गरी स्तरवृद्धिसमेत भएको देखिएकाले निज प्रतिवादी वासुदेव पोखरेलले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिमको कसुरमा ऐ. को दफा १६ को उपदफा (१) बमोजिम सजाय हुन, प्रतिवादी बैकुण्ठप्रसाद थपलियाले भ्रष्टाचार विवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुर गरेको देखिन आएकाले निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिम सजाय हुन ।

**विशेष अदालतको फैसला**

प्रतिवादी बैकुण्ठप्रसाद थपलियाको हकमा आरोपित कसुरको पुष्टि हुने ठोस तथा वस्तुनिष्ठ प्रमाण वादी पक्षले पेस गर्न सकेको देखिएन । प्रतिवादी बैकुण्ठप्रसाद थपलियाको मानवीय त्रुटि भएको, भुलबस कार्य गरेको साथै असावधानी पुष्टि भएको देखिएको भन्नेसमेतका आधारहरू लिई प्रतिवादीहरूमध्ये वासुदेव पोखरेलले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिम कसुर गरेको देखिएकाले निजलाई ६(छ) महिना कैद र रु.१५,०००।- जरिवाना हुने र अर्का प्रतिवादी बैकुण्ठप्रसाद थपलियाले आरोपदाबीबाट सफाइ पाउने ।

**पुनरावेदन गर्ने आधार**

त्रिभुवन विश्वविद्यालयको च.नं. १२३ मिति २०७६।४।२० को पत्रानुसार उक्त ट्रान्सकिप्ट यस कार्यालयबाट जारी नभएको भनी सो B.A. को academic transcript को हकमा remarks मा fake document भनी उल्लेख भई आएको देखिएको । निज प्रतिवादी बैकुण्ठ थपलियाले नै वासुदेव पोखरेलको उक्त B.A. को academic transcript लाई पहिले जारी भएको भनी प्रमाणीकरण गरी गलत झुठा विवरण दिई आयोगलाई समेत भ्रममा पारेको देखिंदा मिसिल संलग्न प्रमाणहरूको मूल्यांकन र विश्लेषण नै नगरी आरोपित कसुरको पुष्टि हुने ठोस तथा वस्तुनिष्ठ प्रमाण वादी पक्षले पेस गर्न सकेको देखिएन भन्नेसमेत आधार लिई भएको फैसला त्रुटिपूर्ण छ ।यी प्रतिवादी बैकुण्ठप्रसाद थपलियाले आफूले जारी भएको भनी प्रमाणित गरी दिएको अर्का प्रतिवादी वासुदेव पोखरेलको B.A. को academic transcript को सम्बन्धमा आयोगमा दोस्रोपटक उजुरी परी अनुसन्धान भइरहेका देखी कसुरबाट बच्नका लागि अनुसन्धानका क्रममा तथा अदालतमा समेत बयान गर्दा मानवीय त्रुटिका कारणले प्रमाणपत्रको पछाडिपट्टि Fake Document भनी सम्बन्धित शाखाबाट लेखी आएको समेत हेक्का नराखी आफूले जारी भएको भनी उल्लेख गरेको भन्ने कुरालाई स्वीकार गरी बयान गरे तापनि त्रिभुवन विश्वविद्यालय जस्तो गरिमामय संस्थाको परीक्षा प्रशासन महाशाखा प्रमुख जस्तो महत्वपूर्ण पदमा रहेको सक्षम व्यक्तिले गरेको उक्त कार्य मानवीय त्रुटि हुनसक्ने भन्ने विश्वसनीय देखिँदैन । निजले आफ्नो पदीय दायित्वको दुरुपयोग गरी सम्बन्धित शाखाबाट सोही प्रमाणपत्रको पछाडि पट्टी B.A. Transcript शाखाका उपप्रशासक सुरेन्द्र श्रेष्ठले Fake Document भनी उल्लेख गरेको अवस्थामा समेत जानीजानी बदनियतपूर्वक नै जारी भएको भनी प्रमाणीकरण गरेको भन्ने मिसिल संलग्न सुरेन्द्र श्रेष्ठलगायतका कागज र B.A. Transcript मा रहेका व्यहोरा तथा निजको बयानसमेतका प्रमाणहरूबाट पुष्टि भइरहेको देखिंदा अदालतबाट फैसला गर्दा निजले उक्त ट्रान्सक्रिप्ट प्रमाणित गरेको कार्य मानवीय त्रुटि भएको, भुलबस कार्य गरेको र असावधानी देखिएको भन्ने जस्ता कमजोर आधारमा कानुनको गलत व्याख्या गरी निजलाई सफाइ दिने गरी भएको सो फैसला त्रुटिपूर्ण देखिन्छ साथै अदालतबाट फैसला गर्दा प्रतिवादीमध्ये वासुदेव पोखरेलको शैक्षिक योग्यताको प्रमाणपत्र नै झुठा नक्कली ठहरी सजाय भइसकेको अवस्थामा सोही नक्कली प्रमाणपत्रलाई सक्कली भनी प्रमाणित गर्ने प्रतिवादी बैकुण्ठप्रसाद थपलियाको हकमा समेत दाबीबमोजिमको कसुर स्वतः स्थापित भइरहेको हुँदा यी प्रतिवादी बैकुण्ठप्रसाद थपलियासमेतलाई आरोपपत्र मागदाबीबाट सफाइ दिने गरी भएको फैसला त्रुटिपूर्ण छ ।

५. **जिल्ला बर्दिया साबिक दौलतपुर गा.वि.स. वडा नं.-९ (हालको परिवर्तित राजापुर नगरपालिका वडा नं.-१) स्थायी ठेगाना भएका महानगरीय प्रहरी वृत्त, ठिमी भक्तपुर दरबन्दी भई महानगरीय प्रहरी प्रभाग, सानोठिमी भक्तपुरमा कार्यरत (तत्कालीन) प्रहरी नायब निरीक्षक वर्ष-३७ को ज्योति विष्टसमेत ....................................३ जना ।**

**मुद्दाः- भ्रष्टाचार (घुस/रिसवत) ।** (०७५-CR-००७२)

**फैसला भएको मितिः** २०७६।१०।५

**आयोगको निर्णय मितिः** २०७७।४।१ **पुनरावेदन दर्ता मितिः २०७७।४।४**

**आरोपपत्र मागदाबी**

| |
|---|
| प्रतिवादीमध्येका ज्योति विष्टको प्रत्यक्ष निर्देशन र संलग्नतामा सोही प्रहरी प्रभागमा कार्यरत प्रहरी सहायक निरीक्षक सुवास ढुंगाना र प्रहरी हवल्दार दीपक भारतीसमेतले आफ्नो वडा एरियाबाट बालुवा बेचबिखन गर्दा धरपकड नगर्ने सर्तमा निवेदक रामबहादुर गुरुङसँग सुवास ढुंगानाले रु.४५,०००।- घुस/रिसवतको रकम बुझी लिई बाँडफाँट गरी दीपक भारतीलाई रु.५,०००।- दिइसकेको र ज्योति विष्टको लागि रु.२५,०००।- छुट्याई राखेको अवस्थामा उक्त रकम बरामद भई आएकाले प्रतिवादीहरू ज्योति विष्ट, सुवास ढुंगाना र दीपक भारतीको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुर अपराध भएको हुँदा निज प्रतिवादीहरूमध्ये ज्योति विष्ट र सुवास ढुंगानालाई बिगो रु.४०,०००।- कायम गरी भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (ख) बमोजिम र दीपक भारतीलाई बिगो रु.५,०००।- कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (क) बमोजिम सजाय हुन । |

**विशेष अदालतको फैसला**

| |
|---|
| प्रतिवादीहरूले घुसबापत रकम लिएको हो भन्ने पुष्टि हुन नसकेकोले सफाइ पाउने । |

**पुनरावेदन गर्ने आधार**

| |
|---|
| प्रतिवादीमध्येका सुवास ढुंगानाको जाकेटको खल्तीबाट २५ हजार, हाफप्यान्टको खल्तीबाट १५ हजार र अर्का प्रतिवादी दीपक भारतीको भेष्टको गोजीबाट ५ हजार बरामद भएको भन्ने बरामदित मुचुल्काबाट समेत देखिएको छ। निवेदकको कागज व्यहोरामा समेत निजको व्यवसायमा दुख दिइरहेका कारण आयोगमा निवेदन दिई रकम लगी उदयपुर सेकुवा एण्ड कर्नरभित्र सुवास ढुंगानालाई ४५ हजार दिएकोमा सोमध्ये २५ हजार ज्योति विष्टको लागि, १५ हजार सुवास ढुंगानाका लागि र ५ हजार दीपक भारतीका लागि भनी दिएको हो भनी उल्लेख गरी उक्त निवेदन र कागजलाई सनाखत गरी बकपत्रसमेत गरेको पाइन्छ । त्यस्तै प्रतिवादीमध्येका सुवास ढुंगानाले अनुसन्धानको क्रममा बयान गर्दा निवेदकले आफूलाई ४५ हजार दिएकोमा स.ई.लाई २५ हजार, मलाई १५ हजार र दीपकलाई ५ हजार दिएको हुँ र सोही समयमा मोबाइलबाट निवेदकले प्रतिवादीमध्येका ज्योति विष्टलाई फोन गरी निजको हकमा २५ हजार छोडी दिएको जानकारी गराएको हो । स.ई.को आदेशले नै निवेदकलाई भेट्न गएको हो भनी उल्लेख गरेको देखिन्छ । यसरी उल्लिखित तथ्यहरू हेर्दा निवेदक र प्रतिवादीहरूबीच पटकपटक फोन वार्ता भएको नै देखिएको छ भने उल्लिखित वार्ता रकम लेनदेनसमेतमा केन्द्रित रहेको देखिन्छ । रकम माग गर्नुपर्ने कारण नदेखिएको भनी प्रतिवादीहरूलाई सफाइ दिने गरी भएको फैसलामा मिसिल संलग्न प्रमाणहरूको यथोचित विश्लेषणको अभाव रहेको छ ।उजुरीकर्ता बालुवा बेचबिखनको काम गर्ने व्यक्ति भएको भन्नेमा विवाद छैन । सोही कार्यको सम्बन्धमा यी प्रतिवादीहरूसमेतले घुस/रिसवत माग गरेको भन्ने निजको निवेदनसमेतबाट देखिएको छ । यस सन्दर्भमा उजुरकर्ता कानुनबमोजिमको सेवाग्राही नरहेको भन्ने आधारमा स्थापित तथ्यलाई अन्यथा मानी प्रतिवादीहरूलाई सफाइ दिने गरी भएको फैसला त्रुटिपूर्ण छ । |

६. **जिल्ला सल्यान ढोरचौर गाउँपालिका वडा नं. ४ शिंहकुमाख स्थायी वतन भएका वर्ष २६ को महानगरीय प्रहरी कार्यालय रानीपोखरी दरबन्दी भई महानगरीय प्रहरी प्रभाग काँडाघारी, काठमाडौंमा प्रहरी जवान पदमा कार्यरत (तत्कालीन) मान सिं रोकासमेत.................................................................................... २ जना ।**

**मुद्दाः- भ्रष्टाचार (घुस/रिसवत) ।** (०७५-CR-००७८)

**फैसला भएको मितिः** २०७६।१०।५

**आयोगको निर्णय मितिः** २०७७।४।१ **पुनरावेदन दर्ता मितिः** २०७७।४।४

**आरोपपत्र मागदाबी**

| |
|---|
| प्रस्तुत मुद्दामा प्रतिवादीमध्येका महानगरीय प्रहरी प्रभाग काँडाघारीमा कार्यरत प्रहरी जवान मान सिं रोकाले निवेदकसँग रु.५,०००।- घुस/रिसवत लिएको देखिएकाले निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुरमा बिगो रु.५,०००।- कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (क) बमोजिम र अर्का प्रतिवादी रत्नप्रसाद रिजालले निवेदकसँग रु.२०००।- माग गरी घुस/रिसवत लिने कार्यको उद्योग गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २१ को कसुर गरेको तथ्य पुष्टि हुन आएकाले निजले निवेदकसँग माग गरेको रकम रु २,०००।- बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ (१) र दफा ३ (१) (क) बमोजिम हुने सजायमा सोही ऐनको दफा २१ बमोजिम जरिवाना र कैद सजाय हुन । |

**विशेष अदालतको फैसला**

| |
|---|
| निवेदक सेवाग्राही भएको पुष्टि हुन नसकेकोले प्रतिवादीले सफाइ पाउने । |

**पुनरावेदन गर्ने आधार**

| |
|---|
| प्रतिवादीहरू र निवेदकबीच भएको फोन वार्तालापमा समेत प्रतिवादीहरूले रकमको सम्बन्धमा कुरा गरेको भन्नेसमेत देखिरहेको छ । यसरी प्रतिवादीहरूले रकम माग गरी निवेदकबाट प्रतिवादीमध्येका मान सिं. रोक्काले रकमसमेत लिएको देखिएको अवस्थामा प्रतिवादीहरूलाई सफाइ दिने गरी भएको फैसला न्यायसंगत छैन । प्रतिवादीमध्येका मान सिं. रोक्काले अनुसन्धानमा बयान गर्दा निवेदकले फोन गरी बोलाएपछि गई निवेदकले दिएको रकम लिएको तथ्यलाई स्वीकार गरेको देखिन्छ भने अर्का प्रतिवादी रत्नप्रसाद रिजालले बयान गर्दा अर्का प्रतिवादी मान सिं. रोक्काबाट रकम बरामद हुँदा आफू पनि सँगै रहेको र आफूले निवेदकसँग फोनमा रकम माग गरेको तथ्यलाई स्वीकार नै गरेको देखिएको छ । यसरी प्रतिवादीहरूले रकम माग गर्ने गरेको र प्रतिवादीमध्येका मान सिं. रोक्काले रकमसमेत लिइसकेको देखिएको र रकम माग गर्ने र दिने कार्यमा स्वतः रकम माग गर्नुपर्ने कारण अन्तरनिहीत रहेको मान्नुपर्ने यस अवस्थामा प्रतिवादीहरूलाई सफाइ दिने गरी भएको फैसलामा मिसिल संलग्न प्रमाणहरूको न्यायोचित विश्लेषणको अभाव छ । सेवाग्राही नभएका व्यक्तिसँग प्रतिवादीहरूले रकम माग्नुपर्ने र निवेदकले रकम दिनुपर्ने कुनै कारणसमेत देखिन्न । यस अवस्थामा उल्लिखित स्थापित कारोबारबाट नै निवेदक सेवाग्राही रहेको भन्ने स्वतः पुष्टि भइरहेको अवस्थामा समेत निवेदक सेवाग्राही नरहेको भन्ने आधारमा प्रतिवादीहरूलाई सफाइ दिने गरी भएको फैसला त्रुटिपूर्ण हुँदा बदरभागी छ । |

७. **जिल्ला सुनसरी साबिक मधेली गा.वि.स. वडा नं. ५ र हाल ऐ. गढी गाउँपालिका वडा नं. १ बस्ने महानगरीय प्रहरी प्रभाग काँडाघारी, काठमाडौंमा प्रहरी हवल्दार पदमा कार्यरत (तत्कालीन) वर्ष ३७ को अमन चौधरी.............................................................................. १जना।**

**मुद्दाः- भ्रष्टाचार (घुस/रिसवत) ।** (०७५-CR-००७१)

**फैसला भएको मितिः २०७६।१०।५**

**आयोगको निर्णय मितिः** २०७७।४।१ **पुनरावेदन दर्ता मितिः** २०७७।४।४

**आरोपपत्र मागदाबी**

| |
|---|
| प्रस्तुत मुद्दामा प्रतिवादी अमन चौधरीले निवेदक रामबहादुर गुरुङसँग रु.५,०००।- घुस/रिसवत लिएको पुष्टि हुन आएकाले निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुरमा बिगो रु.५,०००।- कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (क) बमोजिम जरिवाना र कैद सजाय हुन । |

**विशेष अदालतको फैसला**

| |
|---|
| उजुरीकर्ता सेवाग्राही रहेको नदेखिएको समेत हुँदा प्रतिवादीले सफाइ पाउने । |

**पुनरावेदन गर्ने आधार**

| |
|---|
| निवेदकले यी प्रतिवादीउपर बिनाकारण यस किसिमको उजुरी दिनुपर्ने अवस्थासमेत केही देखिन्न । प्रतिवादीको साथबाट रु. ५,०००।- बरामद भएको देखिएकाले प्रतिवादीले निवेदकसँग घुस/रिसवत लिएको भन्ने नै स्थापित भइरहेको देखिन्छ । यसरी निवेदकको आफ्नो व्यवसायको सम्बन्धमा प्रतिवादीले घुस रकम माग गरी लिएको भन्ने पुष्टि भएको अवस्थामा समेत घुस/रिसवत माग्नुपर्ने कारण नदेखिएको भनी प्रतिवादीलाई सफाइ दिने गरी भएको फैसला न्यायसंगत छैन ।स्वयं प्रतिवादीले अनुसन्धानको क्रममा बयान गर्दा निवेदकले फोन गरी बोलाएकाले गई निजबाट रु.५,०००।- घुसबापत लिएको (स.ज.१० र ११) र उक्त रकम बालुवा निकाली बेच्नका लागि सहजीकरण गरी दिएबापतको हो (स.ज. १३) भनी निवेदकसँग लिएको रकमको प्रयोजनसमेत खुलाई दिएको अवस्था छ । उजुरीकर्ता बालुवा व्यवसायी रहेको भन्ने निजको निवेदनसमेतबाट देखिएको छ, निज सो व्यवसायी रहेको र सोही कामको सहजीकरणका लागि रकम लिएको भनी स्वयं प्रतिवादीले पनि आफ्नो अनुसन्धानको बयान (स.ज.१३) मा स्वीकार गरेको देखिएको छ । यसरी स्वयं प्रतिवादीले निवेदक एक सेवाग्राहीको रूपमा रहेको विषय स्वीकार गरेको तथ्यलाई अन्यथा मानी उजुरवाला सेवाग्राही नरहेको भन्ने आधारमा प्रतिवादीलाई सफाइ दिने गरी भएको फैसला त्रुटिपूर्ण हुँदा बदरभागी छ । |

८. **जिल्ला पर्वत, साबिक देवीस्थान गा.वि.स. वडा नं.४, हाल फलेबास नगरपालिका वडा नं.७ घर भई महानगरीय प्रहरी कार्यालय, परिचालन कक्ष, रानीपोखरी दरबन्दी रही महानगरीय प्रहरी प्रभाग, काँडाघारी, काठमाडौंमा कार्यरत वर्ष ४५ को प्र.स.नि. गोपाल प्रसाद श्रेष्ठसमेत.......................................................................... २ जना ।**

**मुद्दाः- भ्रष्टाचार (घुस/रिसवत) मुद्दा ।**(०७५-CR-००८४)

**फैसला भएको मितिः २०७६।१०।५**

**आयोगको निर्णय मितिः २०७७।४।१ पुनरावेदन दर्ता मितिः २०७७।४।४**

**आरोपपत्र मागदाबी**

| |
|---|
| प्रस्तुत मुद्दामा प्रतिवादीमध्येका प्र.स.नि.गोपालप्रसाद श्रेष्ठले निवेदकसँग रु.३०,०००।- र प्रतिवादीमध्येका मुकेशप्रसाद पटेलले रु. ५,०००।- घुस/रिसवत लिएको तथ्य पुष्टि हुन आएकाले गोपालप्रसाद श्रेष्ठलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुरमा बिगो रु.३०,०००।- कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (ख) बमोजिम र मुकेशप्रसाद पटेललाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुरमा बिगो रु. ५,०००।- कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (क) बमोजिम जरिवाना र कैद सजाय हुन । |

**विशेष अदालतको फैसला**

| |
|---|
| रकम बरामद भएकै आधारमा मात्र कसुरदार ठहऱ्याउन मिल्ने नदेखिंदा प्रतिवादीहरूले सफाइ पाउने । |

**पुनरावेदन गर्ने आधार**

| |
|---|
| निवेदक र प्रतिवादीबीच पटकपटक रकमको सम्बन्धमा वार्तालाप भएको भन्ने नै देखिन्छ । मूलतः घुस/रिसवतको कारोबार नै कानुनी रूपमा स्वच्छ काम कारबाहीको सन्दर्भमा भन्दा पनि सो बाहेकको काम कारबाहीको सम्बन्धमा गरिने यथार्थता पनि हो । प्रस्तुत मुद्दाको सन्दर्भमा निवेदक बालुवा गिटी व्यवसाय गर्ने व्यक्ति भएको र सोही सन्दर्भमा प्रतिवादीहरूले रकम माग गरी निवेदकले रकम दिएको भन्ने स्थापित भइरहेको अवस्थामा समेत स्थापित कारोबारलाई अन्यथा मानि निवेदकलाई बालुवा व्यवसायी भन्न नमिलेको भनी प्रतिवादीलाई सफाइ दिने गरी भएको फेसला कानुनसंगत छैन ।घुस/ रिसवत मुद्दामा जबसम्म बरामदित रकम |

अन्यथा पुष्टि हुँदैन तबसम्म बरामदित रकमलाई नै उक्त मुद्दाको मूल प्रमाणको रूपमा ग्रहण गरिनुपर्दछ । प्रस्तुत मुद्दामा प्रतिवादीहरूबाट रकम बरामद भएको र सो रकम निवेदकले दिएको तथ्यमा विवाद छैन भने प्रतिवादीहरूले उक्त समयमा निवेदकसँग भेट गर्नुपरेको र निजसँग उक्त बरामदित रकम आफूहरूले लिनुपरेको कुनै कानुनी आधार र कारणसमेत उल्लेख गर्न सकेको अवस्थासमेत देखिन्न । यस अवस्थामा भएको उल्लिखित कारोबार आफैंमा घुस/रिसवतको परिधिभित्र पर्ने स्पष्ट छ । साथै अन्यथा प्रमाणित नभएको बरामद व्यहोरालाई नै घुस/रिसवत कसुरको मुख्य प्रमाण नमानिने हो भने सेवाग्राहीसँग गैरकानुनी रूपमा असुल हुने हरेक रकमले स्वतः बैधता पाउने अवस्थाको सिर्जना भई यस्ता काम गर्ने व्यक्तिहरू कानुनको दायरा बाहिर पर्ने अवस्थाको सिर्जना हुन जान्छ । तसर्थ रकम बरामद भएकै आधारमा कसुर भएको भन्न नमिल्ने भनी प्रतिवादीहरूलाई सफाइ दिने गरी भएको फैसला बदर भागी छ ।

९. **जिल्ला सुनसरी साबिक राजगन्ज सिरुवारी गा.वि.स वडा नं-२ हाल देवानगञ्ज गाउँपालिका वडा नं. ७ यादवटोल स्थायी ठेगाना भएका महानगरीय प्रहरी प्रभाग, बुढानीलकण्ठ काठमाडौं दरबन्दी भई महानगरीय प्रहरी प्रभाग, काँडाघारी काठमाडौंमा कार्यरत (तत्कालीन) प्रहरी हवल्दार वर्ष ३५ को उमेशकुमार यादवसमेत........................................................................................ २ जना ।**

**मुद्दाः- भ्रष्टाचार (घुस/रिसवत) । (०७५-CR-००७५)**

**फैसला भएको मितिः २०७६।१०।५**

**आयोगको निर्णय मितिः २०७७।४।१ पुनरावेदन दर्ता मितिः २०७७।४।४**

**आरोपपत्र मागदाबी**

प्रतिवादीहरूले निवेदकसँग रु.पाँच/पाँच हजार घुस/रिसवत लिएकाले निजहरूलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुरमा बिगो रु.५,०००।- कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (क) बमोजिम जरिवाना र कैद सजाय हुन।

**विशेष अदालतको फैसला**

निवेदक सेवाग्राही हो भन्ने पुष्टि हुन नसकेको देखिंदा प्रतिवादीहरूले सफाइ पाउने ।

**पुनरावेदन गर्ने आधार**

प्रतिवादीहरूले रकम माग गरी निवेदकसँग रकमसमेत लिएको अवस्थामा प्रतिवादीहरूलाई सफाइ दिने गरी भएको फैसला न्यायसँगत छैन । स्वयं प्रतिवादीहरूले अनुसन्धानको क्रममा बयान गर्दा निवेदकले फोन गरी बोलाएकाले गई रकम लिएको तथ्यलाई स्वीकार गरेको नै पाइन्छ । यसरी प्रतिवादीहरूले निवेदकसँग रकमसमेत लिइसकेको देखिएको र रकम माग गरी लिने/दिने कार्यमा स्वतः रकम माग गर्नुपर्ने कारण अन्तर्निहित रहेको मान्नुपर्ने अवस्थामा प्रतिवादीहरूले रकम माग गर्नुपर्ने कारण नदेखिएको भनी प्रतिवादीहरूलाई सफाइ दिने गरी भएको फैसलामा मिसिल संलग्न प्रमाणहरूको न्यायोचित विश्लेषणको अभाव छ । सेवाग्राही नभएका व्यवसायीसँग प्रतिवादीहरूले रकम माग्नुपर्ने र निवेदकले रकम दिनुपर्ने कुनै कारणसमेत रहँदैन । यस अवस्थामा उल्लिखित स्थापित कारोबारबाट नै निवेदक सेवाग्राही रहेको भन्ने स्वतः पुष्टि भइरहेको अवस्थामा समेत निवेदक सेवाग्राही नरहेको भन्ने आधारमा प्रतिवादीहरूलाई सफाइ दिने गरी भएको फैसला त्रुटिपूर्ण छ ।

१०. **जिल्ला सुर्खेत, साबिक गुटु गा.वि.स. वडा नं ८ हाल वीरेन्द्र नगर नगरपालिका वडा नं. १० स्थायी घर भई बस्ने तत्काल वैदेशिक रोजगार विभाग काठमाडौं कार्यालयका शाखा अधिकृत हाल मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय प्रदेश नं. ६, वीरेन्द्रनगरमा कार्यरत उपसचिव वर्ष ३५ का हरिप्रसाद देवकोटासमेत............ २७ जना ।**

**मुद्दाः- गलत लिखत एवं गलत कागजातको आधारमा श्रम स्वीकृति प्रदान गरी भ्रष्टाचार गरेको ।** (०७५-CR-००८९)

**फैसला भएको मितिः २०७६।७।२१**

**आयोगको निर्णय मितिः २०७७।४।१ पुनरावेदन दर्ता मितिः २०७७।४।४**

**आरोपपत्र मागदाबी**

गलत तथा भिसा नभएका अर्थात भिसा बहाल अवधि समाप्त भएका एवं रद्द भइसकेका भिसाहरूको आधारमा बदनियतसाथ वैदेशिक रोजगार ऐन, २०६४ विपरीत भिसामा उल्लिखित पेसासमेत फरक पारी, गलत लगत खडा गरी श्रम स्वीकृति प्रदान गरी गराई प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ द्वारा परिभाषित कसुर गरेको हुँदा शाखा अधिकृत हरिप्रसाद देवकोटासमेत उपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ बमोजिमको कसुरमा सोही ऐनको दफा ९ बमोजिम सजाय हुन र राजिवकुमार पञ्जियारले प्रतिवादी नायब सुब्बा मदन गिरीको सल्लाहमा मतियारमध्येका विकास थापालाई भगाउनेसम्मको कार्य गरे-गराएकोले राजिवकुमार पञ्जियार र विकास थापाले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ बमोजिमको कसुर गरेको देखिँदा प्रतिवादीहरू राजिवकुमार पञ्जियार र विकास थापालाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ ले हुने सजायमा सोही ऐनको दफा २२ को प्रतिबन्धात्मक वाक्यांशबमोजिम सजाय हुन ।

**विशेष अदालतको फैसला**

प्रतिवादीहरूबाट श्रम स्वीकृति प्रदान गर्ने क्रममा भएको त्रुटिजन्य कार्यलाई भ्रष्टाचारजन्य कार्य भएको मान्न मिल्ने देखिएन। फौजदारी मुद्दामा अपराध कायम हुनका लागि मनसायसहितको कार्य हुन अनिवार्य हुन्छ, लापरबाहीको अवस्थामा मनसायको विद्यमानता रहेको हुन्न लापरबाहीबाट पनि भ्रष्टाचारको कसुर हुन सक्छ भन्ने अर्थ गर्न नमिल्ने भनी सर्वोच्च अदालतबाट प्रतिपादन भएको (ने.का.प. २०४६ नि.नं. ३९८६) सिद्धान्तको आधारमा कसुर कायम गर्न नमिल्ने ।प्रतिवादीहरूले नेपाल सरकार वा सरकारी निकाय वा सार्वजनिक संस्था वा कुनै व्यक्तिलाई हानि पुऱ्याउने बदनियतले लिखित तयार गरी गैरकानुनी लाभ लिई दिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ को कसुर गरेको पुष्टि हुन नआएको ।

**पुनरावेदन गर्ने आधार**

गलत कागजातको आधारमा श्रम स्वीकृति दिन कानुनतः मिल्ने देखिंदैन भने प्रतिवादीहरूले बयानको क्रममा गलत कागजातको आधारमा श्रम स्वीकृति दिन मिल्दैन भनेर नै उल्लेख गरेको देखिन्छ । कुनै एक जना व्यक्तिलाई झुक्किएर श्रम स्वीकृति दिएको भन्ने अवस्था पनि छैन । गलत कागजातको आधारमा श्रम स्वीकृति दिएको संख्या १८४ देखिएको छ भने सबै व्यक्तिहरू महिला रहेको देखिन्छ । यसरी बदनियतपूर्ण तरिकाले संगठितरूपमा गलत कागजातको आधारमा प्रतिवादीहरूले श्रम स्वीकृति दिएको देखिन्छ । यस स्थितिमा प्रतिवादीहरूले दिएको श्रम स्वीकृतिलाई गलत लिखत नै मान्नुपर्ने हुन्छ । श्रम स्वीकृति प्राप्त गर्ने महिलाहरू र पेस भएका गलत कागजात हेर्दा मानव तस्करी नै भएको र प्रतिवादीहरूको कार्यले मानव तस्करहरूलाई सहजता प्रदान गरिदिएको देखिएको छ । उल्लिखित अवस्था र परिस्थिति हेर्दा प्रतिवादीहरूले श्रम स्वीकृति प्रदान गर्दा त्रुटिजन्य कार्यमात्र गरेको बदनियत नभएको भनी मान्न मिल्ने देखिँदैन । प्रतिवादीहरूलाई आरोप दाबीबाट सफाइ दिने क्रममा सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादन भएको ने.क.पा. २०४६ अंक ११ नि.नं. ३९८६ को नजिरसमेत उल्लेख भएको देखिएको छ । उक्त नजिरमा सम्मानित सर्वोच्च अदालतले लापरबाहीपूर्ण कार्यबाट भ्रष्टाचारको कसुर हुन सक्दैन भनी व्याख्या गरेको देखिन्छ । प्रस्तुत मुद्दाको वारदात हेर्दा प्रतिवादीहरूको लापरबाहीपूर्ण कार्यमा भ्रष्टाचारको कसुरमा दाबी गरिएको अवस्था देखिँदैन । प्रतिवादीहरूले १८४ जना महिलाहरूलाई गलत कागजातको आधारमा श्रम स्वीकृति प्रदान गरेको अवस्था हुँदा प्रतिवादीहरूको कार्य सामान्य लापरबाही मात्र हो भनी मान्न मिल्दैन । नाङ्गो आँखाले देख्न सकिने भिसाको Expired date सच्याइएको विवरणको आधारमा श्रम स्वीकृति प्रदान गर्दा लापरबाहीमात्र मान्ने हो भने न्याय परेको भन्न मिल्दैन । महिलाहरूले पेस गरेको विवरणमा मात्र यस प्रकारको त्रुटि देखिएकाले बदनियतपूर्ण कार्य पुष्टि भइरहेको छ ।

**११. जिल्ला बारा महागढीमाई नगरपालिका वडा नं. १० स्थायी ठेगाना भएका वर्ष २६ को भूमिसुधार तथा मालपोत कार्यालय बाराका खरिदार रामजीप्रसाद साह समेत................................................ २ जना ।**

**मुद्दाः- घुस/रिसवत लिई भ्रष्टाचार गरेको ।** (०७५-CR-०२६६)

**फैसला भएको मितिः २०७६।९।२३**

**आयोगको निर्णय मितिः २०७७।४।५ पुनरावेदन दर्ता मितिः २०७७।४।७**

**आरोपपत्र मागदाबी**

प्रतिवादी रामजी प्रसाद साहले सेवाग्राही (निवेदक) मदनप्रसाद रिमालसँग घुस/रिसवत रकम विचौलिया खड्ग भक्त शर्मा खरेललाई लिन लगाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुर गरेको स-प्रमाण पुष्टि भएकाले प्रतिवादी रामजी प्रसाद साहलाई बिगो रु.२३,०००।- कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (क) बमोजिम जरिवाना र कैद सजाय हुन र प्रतिवादी खड्गभक्त शर्मा खरेलले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (२) बमोजिमको कसुर गरेको सप्रमाण पुष्टि भएकाले प्रतिवादी खड्गभक्त शर्मा खरेललाई बिगो रु.२३,०००।- कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (क) बमोजिम जरिवाना र कैद सजाय हुन ।

**विशेष अदालतको फैसला**

प्रतिवादी रामजी प्रसाद यादवले गर्नुपर्ने कार्य नगरी उजुरकर्तालाई दुःख हैरानीमा पारी घुस रिसवत दिन बाध्य पारेको भन्ने नदेखिएको, प्रतिवादीहरूउपरको आरोप दाबी प्रमाण ऐन, २०३१ को दफा २५ अनुसार प्रत्यक्ष र स्वतन्त्र प्रमाणद्वारा वादी नेपाल सरकारले पुष्टि गर्न नसकेको, प्रतिवादीहरू मौकामा तथा अदालतमा समेत इन्कार रही निजहरूको साथबाट रकम बरामद हुन नसकेको र घुस/रिसवत लेनदेन सम्बन्धमा उजुरकर्ता र प्रतिवादीहरूका बीच स्पष्ट फोन संवाद भएको नदेखिएकोले सफाइ पाउने ।

**पुनरावेदन गर्ने आधार**

Bugging Device रेकर्डमा भएको उजुरीकर्ता र प्रतिवादी रामजी प्रसाद साहबीच भएको वार्तालाप हेर्दा उजुरीकर्ताले *सर अलिकति डिस्काउन्ट भइदिए हुन्थ्यो?*...भनी प्रतिवादी रामजी प्रसाद साहलाई भन्दा प्रतिवादीले *ल ! ल ! ........हुन्छ, पन्द्र..दुई..हुन्छ* भनी भनेको र उक्त अडियोको आवाज मेरो र उजुरीकर्ताको हो भनी प्रतिवादीले अनुसन्धानको बयानको क्रममा सनाखतसमेत गरेको देखिएकाले यी प्रतिवादीले रकम माग गरेको तथ्यमा विवाद देखिन्न । साथै निवेदकको निवेदन व्यहोरा र कागजबाट समेत प्रतिवादीहरूले निवेदकलाई घुस/रिसवत रकम माग गरी दुःख दिएको पुष्टि भइरहेको अवस्थामा प्रतिवादी रामजी प्रसाद यादवले गर्नुपर्ने कार्य नगरी उजुरकर्तालाई दुःख हैरानीमा पारी घुस रिसवत दिन बाध्य पारेको भन्ने पनि नदेखिएको भन्ने आधार लिई अदालतबाट प्रतिवादीहरूलाई सफाइ दिने ठहरी भएको फैसला त्रुटिपूर्ण छ ।त्यस्तैगरी अर्का प्रतिवादी खड्गभक्त शर्मा खरेलले अनुसन्धानको क्रममा बयान गर्दा निवेदक मदनप्रसाद रिमालको जग्गाको मोहीसम्बन्धी मुद्दा रहेकाले सोको तारेख दिलाउन र सो सम्बन्धमा अन्य कुराहरू राख्न म भूमिसुधार तथा मालपोत कार्यालयमा गएको समयमा प्रतिवादी रामजी प्रसाद साहसँग मेरो भेट हुँदा निजले अर्को तारेखमा आउनु भनी निवेदक मदनप्रसाद रिमाललाई तारेख दिई पठाएको हो र वडा अध्यक्षको रोहबरमा सादा पानीमा मेरो हात धुँदा पानी फिक्का रातो रंगमा परिवर्तन भएको हो भनी खुलाउनुका साथै निजले हात धोएको पानीको नमुनामा फेनोल्फथालिन पाइएको भन्ने परीक्षण प्रतिवेदनबाट समेत देखिँदा प्रतिवादी खड्गभक्त शर्माले आयोगबाट उपलब्ध गराइएको रकम लिएको र आयोगका कर्मचारीहरू आएपश्चात् अपराधबाट बच्ने मनसायले उक्त रकम लुकाएकाले बरामद हुन नसकेको देखिन्छ । यसका अतिरिक्त प्रतिवादी रामजी प्रसाद साहले सेवाग्राहीको जग्गाको मोही कट्टा गरिदिने प्रयोजनका लागि घुस/रिसवतबापत बुझ्न लगाएको तथा अर्का प्रतिवादी खड्गभक्त शर्मा खरेल भूमिसुधार तथा मालपोत कार्यालयमा विचौलियाको रूपमा काम गर्ने गरेको भन्ने थाहा पाएको हुँ भन्नेसमेत व्यहोराको रंगेहात परीक्षण मुचुल्का र खानतलासी/बरामदी मुचुल्कामा सहीछाप गर्ने जटाशंकर सहनी, नरेश ठाकुर लोहार, रामेश्वर गिरी र शशिकान्त झाले छुट्टाछुट्टै गरी दिएको प्रायः एकै मिलान व्यहोराको छुट्टाछुट्टै सोधपुछ कागज व्यहोराबाट समेत देखिई प्रतिवादीहरूको आपसी योजना र संलग्नतामा निजहरूले निवेदकसँग घुस/रिसवत लिएको भन्ने पुष्टि भइरहेको अवस्थामा वादी पक्षका प्रमाणहरूको मूल्यांकन नै नगरी प्रतिवादीहरूको साथबाट रकम बरामद हुन नसकेको, घुस/रिसवत लेनदेन सम्बन्धमा उजुरकर्ता र प्रतिवादीहरूका बीच स्पष्ट फोन संवाद भएको नदेखिएको, प्रतिवादीहरूउपरको आरोप दाबी प्रत्यक्ष र स्वतन्त्र प्रमाणद्वारा प्रमाण ऐन, २०३१ को दफा २५ अनुसार वादी

नेपाल सरकारले पुष्टि गर्न नसकेको भन्ने मनोगत आधार लिई प्रतिवादीहरूलाई सफाइ दिने ठहरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी छ ।

**१२. सप्तरी जिल्ला राजविराज नगरपालिका वडा नं. २ घर भई हाल काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ३५ कोटेश्वर बस्ने शिक्षा तथा मानवस्रोत विकास केन्द्र सानोठिमी भक्तपुरमा करारमा कार्यरत रहेका सिभिल इन्जिनियर वर्ष ३९ को दीपेन्द्रकुमार देवसमेत...................................................................३ जना ।**

**मुद्दाः-** भ्रष्टाचार (घुस/रिसवत) ।(०७६-CR-०००४)

**फैसला भएको मितिः** २०७६।१०।१

**आयोगको निर्णय मितिः** २०७७।४।५ **पुनरावेदन दर्ता मितिः** २०७७।४।७

**आरोपपत्र मागदाबी**

चन्द्रसूर्य आधारभूत विद्यालयको मर्मतसम्बन्धी कार्य फरफारक गर्ने/गराउने सिलसिलामा उजुरी निवेदिका कान्छीमाया आलेबाट घुस रकम लिई बैंक खातामा जम्मा गर्न भनी निरजकुमार चौधरीलाई अह्राएकोमा निजले रु.१,५०,०००।- घुस रकम माग गरी जम्मा गर्न लगाएको देखिंदा प्रतिवादीहरूमध्ये इन्जिनियर दीपेन्द्रकुमार देवले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुर गरेको पुष्टि हुन आएकाले निजलाई बिगो रु.१,५०,०००।- कायम गरी सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम जरिवाना र कैद सजाय हुन र प्रतिवादीहरू धनवीर भगत र निरजकुमार चौधरीले सोही ऐनको दफा ३ को उपदफा (२) बमोजिम कसुर गरेको पुष्टि भएकाले निजहरूलाई बिगो रु.१,५०,०००।- कायम गरी सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम सजाय हुन तथा प्रतिवादीमध्येका धनवीर भगतको हकमा निजले आफू सरकारी/सार्वजनिक पदमा नरहेको अवस्थामा समेत विद्यालयको कार्य सम्पन्न प्रतिवेदनमा तथा जनसन्देश प्राथमिक विद्यालयको रोक्का रकम फुकुवासम्बन्धी पत्रमा सार्वजनिक पद धारण गरेको राष्ट्रसेवक कर्मचारीसरह दस्तखत/प्रमाणित गरी आफूले नपाएको अधिकार प्रयोग गरेको देखिंदा निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १५ बमोजिमको कसुरसमेत गरेको पुष्टि भएकाले निजउपर सोही ऐनको दफा १५ बमोजिमसमेत सजाय हुन ।

**विशेष अदालतको फैसला**

प्रतिवादीहरूमध्ये दीपेन्द्रकुमार देवले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) बमोजिमको कसुर गरेको र प्रतिवादीहरू धनवीर भगत र निरजकुमार चौधरीले सोही ऐनको दफा ३(२) बमोजिम कसुर गरेको पुष्टि भएकाले निज प्रतिवादीहरूलाई सोही ऐनको दफा ३(१)(घ) बमोजिम जनही ७(सात) महिना कैद र बिगोबमोजिम रु.१,५०,०००।- को दामासाहीले जरिवाना हुने गरी र प्रतिवादी धनवीर भगतले सोही ऐनको दफा १५ बमोजिम कसुर गरेको पुष्टि हुन आएकाले निजलाई सोही दफा १५ बमोजिम १(एक) वर्ष कैद र रु.५०,०००।- जरिवानासमेत हुने ।

**पुनरावेदनको आधार**

दाबीबमोजिमको कसुर कायम भई सजाय तोक्दा जरिवानाको हकमा स्पष्ट रूपमा बिगोबमोजिम भनी उल्लेख भएको देखिंदा जरिवानालाई दामासाहीले र घटबढ गर्ने मिल्ने स्वविवेकीय अधिकार रहेको भन्ने ऐनको मनसाय देखिँदैन । तसर्थ भ्रष्टाचार निवारण ऐन एक विशेष प्रकारको ऐन हो विशेष ऐनमा भएको प्रावधान विशेष ऐनबमोजिम नै लागू हुने भन्ने कानुनी सिद्धान्त र मान्यता हुँदा जरिवाना कायम गर्दा पनि सोही ऐनबमोजिम कायम गरिनुपर्छ । विशेष ऐनमा स्पष्ट व्यवस्था हुँदाहुँदै जरिवानाको हकमा सामान्य कानुनसरह व्याख्या गरी दामासाहीले जरिवाना कायम गर्दा फौजदारी कानुनको मान्य सिद्धान्तविपरीत हुन जान्छ । कानुनमा स्पष्टरूपले उल्लिखित प्रावधानको गलत व्याख्या गरी भ्रष्टाचार जस्तो संवेदनशील विषयवस्तुलाई नजर अन्दाज गरी गरिएको फैसला सो हदसम्म भ्रष्टाचार निवारण ऐनको मनसायविपरीत व्याख्या र अवलम्बनमा नै त्रुटिपूर्ण भएकाले बदरभागी छ । उक्त अदालतबाट प्रतिवादीहरूलाई आरोपदाबीबमोजिम भ्रष्टाचार गरेको तथ्य स्थापित भई कसुर कायम भइसकेको अवस्थामा सजाय तोक्दा जरिवानाको हकमा बिगोअनुसार नगरी दामासाहीले हुने ठहरी फैसला भएको देखिन्छ ।

जरिवानासमेत सजाय हो । सजाय कायम गर्दा भ्रष्टाचार निवारण ऐनबमोजिम दामासाहीले गर्न कानुनतः मिल्ने देखिँदैन । सजाय दामासाहीले गर्दा दण्ड प्रणालीको सिद्धान्तविपरीत हुनजाने भएकोले सबै प्रतिवादीहरूलाई उक्त कानुनको मनसायअनुरूप बिगोबमोजिम नै जरिवाना हुनुपर्नेमा नगरी जरिवानाको हकमा दामासाहीले गर्ने गरी भएको उक्त फैसला सो हदसम्म त्रुटिपूर्ण भएकाले बदरभागी छ ।

**१३. जिल्ला रौतहट राजदेवी नगरपालिका वडा नं. २ (साबिक हजमिनिया गा.वि.स. वडा नं. ६) स्थायी घर भई हाल जिल्ला बारा कलैया उपमहानगरपालिका वडा नं. १ मोतीबाग बस्ने नेपाल विद्युत प्राधिकरण, कलैया वितरण केन्द्र कलैया, बारामा इलेक्ट्रिसियन (तह तीन) पदमा कार्यरत वर्ष ४० का श्यामकिशोर भगत...................... १ जना ।**

**मुद्दाः- घुस/रिसवत लिई भ्रष्टाचार गरेको ।** (०७५-CR-०१३०)

**फैसला भएको मितिः  २०७६।१०।२३**

**आयोगको निर्णय मितिः  २०७७।४।५  पुनरावेदन दर्ता मितिः २०७७।४।७**

**आरोपपत्र मागदाबी**

प्रतिवादी इलेक्ट्रिसियन पदमा कार्यरत श्यामकिशोर भगतले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुर गरेको देखिएको हुँदा निजलाई बिगो रु.३०,०००।– कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (ख) बमोजिम जरिवाना र कैद सजाय हुन ।

**विशेष अदालतको फैसला**

राइस मिलको लागि नयाँ मिटर जडान गर्न तत्कालीन समयमा निवेदन दर्ता भएको नदेखिएको, तत्सम्बन्धी जिम्मेवारी पनि प्रतिवादीको रहेको नदेखिएको, प्रतिशोधको पृष्ठभूमि देखिएको, रिसइबीले उजुरी दिएको, कुनै व्यक्तिबाट रकम बरामद हुँदैमा मात्र घुसबापतको रकम हो भनी यकिन गर्न पर्याप्त हुँदैन, उजुरकर्ताबाट उजुरीलाई खण्डित गरी अदालतमा बकपत्र गरेको आधारमा मात्र प्रस्तुत आरोप दाबीअनुसारको घुस/रिसवत लिएको मान्न पर्याप्त नदेखिने । प्रतिवादीले आरोप दाबीबाट सफाइ पाउने ।

**पुनरावेदन गर्ने आधार**

प्रतिवादी श्यामकिशोर भगतले उक्त मिटर जडान गरिदिनका लागि घुस/रिसवतबापत रकम रु.३०,०००।- माग गरेको भनी दिएको उजुरी निवेदनको सत्यता सि.डी. रेकर्डमा भएको निवेदक र प्रतिवादीबीचको कुराकानीबाट पुष्टि भएको छ । निवेदक र प्रतिवादीबीच भएको संवाद रेकर्डमा निवेदकले प्रतिवादीलाई कति रुपैयाँ तपाईंलाई कामका लागि दिनुपर्छ सर २५ हजार भनी भनेकोमा प्रतिवादीले २५ हजार होइन ३० हजार भनी रकम बार्गेनिङ गरेको देखिएकाले प्रतिवादीले अदालतमा बकपत्र गर्दा निवेदकलाई चिन्दिन भनी गरेको बयानमा सत्यता देखिँदैन । मिटर जडान कार्य प्रतिवादीको जिम्मेवारीभित्र नपर्ने भए तापनि कार्यालयले गर्ने कार्यसम्बन्धी विषयभित्र नै मिटर जडान गर्ने कार्य पर्ने देखिन्छ । प्रतिवादीले उजुरकर्तासँग घुस/रिसवत माग गरेको पुष्टि भएको अवस्थामा तत्सम्बन्धी जिम्मेवारी पनि प्रतिवादीको रहेको नदेखिएको, रिसइबीले उजुरी दिएको देखिएको भनी यी प्रतिवादीलाई सफाइ दिने गरी भएको सो फैसला प्रमाणको मूल्यांकनको रोहमा त्रुटिपूर्ण हुँदा बदरभागी छ । चन्दनकिशोर भगत संचालक भएको स्टोर्सभित्र रहेको टेबुलको बीचको घर्राबाट नै निवेदकले आयोगबाट भरपाई गरी बुझिलिएको रु.३०,०००।- रकम बरामदी/खानतलासी मुचुल्काबाट बरामद भएको समेतको कुरालाई अनदेखा गरी उजुरीकर्ताको भनाइ यकिन गर्न पर्याप्त हुँदैन भन्नेसमेतको आधार लिई भएको उक्त फैसला प्रमाणको ग्रहण तथा विश्लेषणमा त्रुटिपूर्ण रहेको छ । प्रतिकूल बकपत्र नै प्रतिवादीको निर्दोषिताको मूल प्रमाण हुनसमेत सक्दैन। निवेदनको मिति र बकपत्रको मितिमा रहने अन्तरालमा निवेदकप्रति प्रतिवादीको दबाब र प्रभाव पर्न सक्ने सम्भावनालाई पनि न्यायको रोहमा विश्लेषण गरिनुपर्ने हुन्छ । सबै अवस्थामा प्रतिकूल बकपत्रलाई प्रमाणको रूपमा ग्रहण गरिँदा निवेदकमाथि प्रतिवादीको दबाब र प्रभाव पर्न जाने भई फौजदारी न्याय प्रशासन नै निष्प्रभावी हुन जाने निश्चित छ । यस अवस्थामा अन्य प्रमाणहरूको न्यायोचित विश्लेषण गरी न्याय निरोपण गर्नुपर्नेमा निवेदकको प्रतिकूल बकपत्रलाई आधार मानी प्रतिवादीलाई सफाइ दिने गरी भएको फैसला त्रुटिपूर्ण हुँदा

बदरभागी छ ।

१४. **जिल्ला रुकुम, साबिक साँख गा.वि.स. वडा नं. ९ हाल मुसिकोट नगरपालिका, वडा नं. ६ स्थायी घर भई जिल्ला काठमाडौं, कीर्तिपुर नगरपालिका वडा नं. १, कीर्तिपुर बस्ने नापी कार्यालय, कलंकीका तत्कालीन नापी सर्भेक्षक वर्ष ३२ का हरिबहादुर ओलीसमेत.................................................................................. २ जना ।**

**मुद्दाः- भ्रष्टाचार(घुस/रिसवत)। (०७५-CR-००३७)**

**फैसला भएको मितिः** २०७६।११।७

**आयोगको निर्णय मितिः** २०७७।४।५ **पुनरावेदन दर्ता मितिः** २०७७।४।७

**आरोपपत्र मागदाबी**

प्रतिवादीमध्येका कार्यालय सहयोगी अम्मरलाल श्रेष्ठले अर्का प्रतिवादी हरिबहादुर ओलीको निर्देशनमा उजुरी निवेदकसँग भेट गरी घुस/रिसवत बापतको रकम रु.१५,०००।- बुझी लिई नापी सर्भेक्षक हरिबहादुर ओली र कार्यालय सहयोगी अम्मरलाल श्रेष्ठले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुर गरेको देखिएकाले निजहरू हरिबहादुर ओली र अम्मरलाल श्रेष्ठउपर जनही बिगो रु.१५,०००।- कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (क) बमोजिम जरिवाना र कैद सजाय हुन ।

**विशेष अदालतको फैसला**

प्रतिवादीहरूलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुरमा सोही दफा ३ को उपदफा (१) तथा ऐ. को देहाय (क) बमोजिम बिगोको दामासाहीले हुने रु.७,५००।का दरले जरिवाना र जनही १३ दिनका दरले कैद हुने ।

**पुनरावेदन गर्ने आधार**

प्रतिवादीहरूले सेवाग्राहीको रूपमा रहेका निवेदकसँग घुस/रिसवतबापत रु.१५,०००।- लिएको तथ्यमा विवाद छैन । प्रतिवादीहरूलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुर गरेको देखिएकाले निजहरूलाई जनही बिगो रु.१५,०००।– कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (क) बमोजिम जरिवाना र कैद सजाय हुन मागदाबी लिइएको अवस्था छ । ऐनको उल्लिखित व्यवस्था हेर्दा, कसुर कायम भएका प्रतिवादीहरूलाई बिगोबमोजिम नै जरिवाना हुने गरी स्पष्ट उल्लेख गरेको पनि देखिन्छ । यसरी ऐनले नै बिगोबमोजिम जरिवाना हुने गरी व्यवस्था गरेको अवस्थामा जरिवाना दामासाही गर्ने गरी भएको फैसला न्यायसंगत छैन ।कुनै पनि कसुर यदि सामूहिक योजना र संलग्नतामा गरिन्छ भने स्वाभाविक रूपमा उक्त कसुरको गम्भीरता बढ्ने निश्चित छ । यस अवस्थामा कानुनबमोजिम हुने जरिवानालाई दामासाही हुने गरी फैसला गर्दा बढी संख्यामा कसुर गर्ने व्यक्तिहरूले कम दायित्व व्यहोर्न पर्ने अवस्थाको सिर्जना हुन गई दण्डका मान्य सिद्धान्तसमेत प्रभावित हुन जाने निश्चित छ, तसर्थ जरिवाना दामासाही गर्ने गरी भएको फैसला सो हदसम्म त्रुटिपूर्ण छ ।

१५. **सिराहा जिल्ला सिराहा न.पा. वडा नं. ४ महिस्वथा घर भई हाल का.जि.का.म.न.पा. वडा नं. ८ पशुपति बस्ने वर्ष ५४ को नेपाल टेलिकम काठमाडौंका वरिष्ठ प्राविधिक अधिकृत अनिलकुमार......................................३ जना ।**

**मुद्दाः- झुठा हवाई टिकट पेस गरी भुक्तानी लिई भ्रष्टाचार गरेको मुद्दा । (०७५-CR-१६७)**

**फैसला भएको मिति** २०७६।८।८

**आयोगको निर्णय मितिः** २०७७।४।५ **पुनरावेदन दर्ता मितिः** २०७७।४।७

**आरोपपत्र मागदाबी**

प्रतिवादीले हवाईजहाजबाट यात्रा गरेको भनी यात्रा नै नगरी झुठा टिकट बनाई कार्यालयमा पेस गरी भुक्तानी लिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) र दफा ८ को उपदफा (१) को देहाय (ङ) बमोजिमको कसुर गरेको स-प्रमाण पुष्टि हुन आएकाले निज प्रतिवादी अनिलकुमार आचार्य र विकल कुमार श्रेष्ठलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम जरिवाना र कैद सजाय हुन र

राजबहादुर सिंहले सरुवा भ्रमण खर्चबापत श्रीमती रश्मी खड्का, छोरीहरू सनी खड्का र सरिता खड्काले काठमाडौंदेखि नेपालगञ्ज यात्रा गरेको भनी झुठा टिकट पेस गरी भुक्तानी लिएको हुँदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) र दफा ८ को उपदफा (१) को देहाय (ङ) बमोजिमको कसुर गरेको स-प्रमाण पुष्टि हुन आएकाले निज प्रतिवादी राजबहादुर सिंहलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम जरिवाना र कैद सजाय हुन ।

**विशेष अदालतको फैसला**

प्रतिवादीहरूले झुठा विवरण पेस गरेर हवाई भाडाबापत भुक्तानी लिएको रकम भ्रमण खर्च नियमावली २०६४ को नियम २३ बमोजिम असुलउपर हुन सक्ने अवस्था रहेको ।निज प्रतिवादीहरूले भुक्तानी लिएको भ्रमण भत्ता बेरुजु कायम भई सरकारी बाँकी सरह रहेको अवस्थामा उक्त भ्रष्टाचारको विषय बन्न नसक्ने ।भ्रष्टाचारको कसुर स्थापित हुन सरकारी सम्पत्ति दूषित मनसायबाट खर्च गरी हानि नोक्सानी पुऱ्याउने नियत प्रस्ट रूपमा देखिनुपर्ने भन्ने सर्वोच्च अदालतको ने.का.पा. २०६९ अंक ३ नि.नं. १०३०८ को मुद्दामा प्रतिपादित सिद्धान्तबाट समेत भ्रष्टाचारको कसुर पुष्टि हुन नसक्ने ।

**पुनरावेदन गर्ने आधार**

प्रतिवादीहरूले यात्रा नै नगरी हवाईजहाजको टिकट पेस गरी भुक्तानी लिएको देखिँदा सार्वजनिक निकायलाई हानि पुऱ्याउने र आफूलाई फाइदा पुऱ्याउने बदनियतले कार्य गरेको देखिन्छ । भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा १ र ऐ दफा ८ को उपदफा १ को देहाय खण्ड (ङ) मा झुठा बिल भरपाई बनाई भुक्तानी लिने दिने कार्यलाई भ्रष्टाचारको कसुर मानी सजायको व्यवस्था गरेको पाइन्छ । प्रतिवादीहरूले गरेको कार्य प्रस्तुत कानुनी व्यवस्थाअनुसारको कसुर भएको तथ्यमा विवाद देखिँदैन । भ्रमण खर्च नियमावली २०६४ को नियम २३ मा झुठा विवरण पेस गरी भुक्तानी लिएको रकमको दोब्बर रकम असुलउपर गरिने छ भन्ने व्यवस्था भएको देखिए तापनि उक्त नियमावलीको व्यवस्थाले ऐनको कानुनी व्यवस्थालाई सीमित गर्न सक्ने देखिँदैन । उक्त नियमावलीमा त्यस्तो झुठा विवरण पेस गर्ने व्यक्तिलाई कारबाहीसमेत गरिने छ भनी उल्लेख गरेकाले रकम असुल गरी कारबाही गर्न बाधा नपर्ने भन्ने नै नियमावलीको व्यवस्था देखिएको छ । भ्रष्टाचार नियन्त्रण गर्न बनेको विशेष कानुनले कसुर मानेको कार्यलाई अन्यथा तर्क गरी विभागीय कारबाही हुने भन्न मिल्ने अवस्था पनि रहँदैन । भ्रमण खर्च नियमावलीबमोजिम असुलउपर हुन सक्ने अवस्था रहँदैमा भ्रष्टाचारजन्य कार्यबाट उन्मुक्ति मिल्ने अवस्था पनि रहँदैन । खाई मासेको गैरकानुनी रकम असुलीलाई बढी प्रभावकारी बनाउन मात्र भ्रमण खर्च नियमावलीमा असुलीको व्यवस्था गरिएको अवस्था देखिन्छ । भ्रमण खर्च नियमावलीको यो व्यवस्थाले कानुनबमोजिमको कारबाहीलाई निस्तेज गर्न नसक्नेमा भ्रमण खर्च नियमावलीबमोजिम असुलउपर हुन सक्ने अवस्था रहेको भनी प्रतिवादीहरूलाई भ्रष्टाचारजन्य कार्यबाट हुने सजायबाट उन्मुक्ति दिने गरी भएको फैसला त्रुटिपूर्ण रहेको देखियो ।भ्रमण भत्ता बेरुजु कायम भई सरकारी बाँकी सरह रहेको अवस्थामा उक्त विषय भ्रष्टाचारको विषय बन्न नसक्ने भन्ने फैसलामा उल्लेख भएको देखिन्छ । लेखा परीक्षणको क्रममा सबै खाताको अनियमितता बेरुजुकै रूपमा रहन्छ । लेखा परीक्षकले भ्रष्टाचारमा कारबाही गर्न सक्ने अवस्था पनि रहँदैन । लेखा परीक्षणमा बेरुजु उल्लेख भएको रकम भ्रष्टाचारबापतको हो होइन भनी अनुसन्धान र अभियोजन गर्ने कार्य सर्वाधिकार निकाय अख्तियार दुरुपयोग अनुसन्धान आयोगले नै गर्ने हो । बदनियतपूर्वक नेपाल सरकारलाई नोक्सानी गर्ने र आफूलाई फाइदा पुऱ्याउने गरी लिए खाएको रकम बेरुजुको रूपमा लेखापरीक्षकले लेख्दैमा भ्रष्टाचारको विषय नबन्ने होइन । भ्रष्टाचारको कसुर स्थापित हुन सरकारी सम्पत्ति दूषित मनसायबाट खर्च गरी हानि नोक्सानी पुऱ्याउने नियत प्रस्ट देखिनुपर्दछ भनी सर्वोच्च अदालतबाट प्रतिपादित ने.का.प. २०७६ नि.नं. १०२०८ को नजिरसमेत फैसलामा उल्लेख गरेको देखिएको छ ।

**१६. जिल्ला स्याङ्जा, आँधीखोला गाउँपालिका वडा नं.२ (साबिक विचारी चौतारा वडा नं. ६) बस्ने मालपोत कार्यालय, कास्कीमा मालपोत अधिकृत पदमा कार्यरत रहेका वर्ष ४८ को खेम नारायण पौडेल (उपाध्याय) समेत... ३ जना । मुद्दाः- भ्रष्टाचार (घुस/रिसवत) ।(०७५-CR-०१०८)**

**फैसला भएको मितिः** २०७६।११।२३

**आयोगको निर्णय मितिः** २०७७।४।५ **पुनरावेदन दर्ता मितिः** २०७७।४।७

**आरोपपत्र मागदाबी**

मालपोत अधिकृत खेमनारायण पौडेल, नायब सुब्बा रामचन्द्र पौडेल र खरिदार सञ्जय शर्मासमेतले घरजग्गा धितो बन्धक राख्ने प्रयोजनसमेतका लागि भनी उजुरी निवेदक ऋषिराम चपाईसमेतबाट रु.५०,०००।- घुस/रिसवत माग गरी लिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुर गरेको पुष्टि भएकाले निज प्रतिवादीहरूलाई बिगो रु.५०,०००।- कायम गरी सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (ख) बमोजिम जरिवाना र कैद सजाय हुन ।

**विशेष अदालतको फैसला**

भागीरथी कँडेलको नाउँमा आएको घरजग्गा बैंकमा धितोबन्धक लिखत पारित गर्नुपर्ने कामको सम्बन्धमा उजुरकर्ता ऋषिराम चपाईको प्रत्यक्ष र सार्थक सम्बन्ध रहेको पाइएन निजको घटना विवरण व्यहोरा र बकपत्र व्यहोरा फरक परेको देखिन आएको, प्रतिवादी खेमनारायण पौडेलले घुस/रिसवत माग गरेको र त्यसबापतको रकम आफ्नो टेबुल घर्रामा राख्न लगाएको पुष्टि हुन नसकेको साथै प्रतिवादीहरूको साथबाट रकम बरामद नभएको हुँदा आरोपदाबीको कसुरबाट सफाइ पाउने ।

**पुनरावेदन गर्ने आधार**

घरजग्गाको धितोबन्धक पारित गरी रोक्का राख्नेसमेतका कार्य यी प्रतिवादीहरूले नै गरेका र सो कार्यसमेत निजहरूको जिम्मामा नै रहेको देखिन्छ । उजुरकर्ताहरूले आयोगबाट भरपाई गरी बुझिलिएको रकम रु.५०,०००।- नै प्रतिवादीमध्ये खेमनारायण पौडेलको कार्यकक्षमा रहेको टेबुलको घर्राबाट बरामद भएको भन्ने मिति २०७५।६।२३ को बरामदी मुचुल्का तथा प्रतिवादी खेमनारायण पौडेलले प्रतिवादी संजय शर्मालाई आफ्नो टेबुलको घर्रा देखाई संकेत गरी बाहिर गएको, प्रतिवादी संजय शर्माले उजुरकर्तालाई सोही घर्रातर्फ संकेत गरेको र प्रतिवादी खेमनारायण पौडेल बाहिर गई आएपछि घर्रा खोलेर हेरेको दृश्यसमेत सिसिटिभी फुटेजबाट देखिएको र सो कुरा यी प्रतिवादीहरूले अनुसन्धानका क्रममा बयान गर्दासमेत सनाखत गरिदिएको र सो बरामदी मुचुल्कामा यी प्रतिवादीहरूले सहीछापसमेत गरी स्वीकार गरेका छन् । साथै प्रतिवादीहरूमध्ये ना.सु. रामचन्द्र पौडेल मौकामा फरार रहेको देखिंदा कसुरमा संलग्न रहेको भन्ने पनि देखिएको र पक्राउ प्रतिवादीहरूले अनुसन्धानका क्रममा पोलीग्राफ परीक्षण गर्नसमेत इन्कार गरेको देखिन्छ । त्यस्तै मिति २०७५।६।२२ कै दिन उजुरकर्ता ऋषिराम चपाई र प्रतिवादी रामचन्द्र पौडेलबीच तथा प्रतिवादीहरू संजय शर्मा र रामचन्द्र पौडेलबीच समेत कुराकानी भएको मोबाइल फोनको कल डिटेल्सबाट समेत देखिएको समेतका मिसिल संलग्न आधार प्रमाणहरूबाट यी प्रतिवादीहरूले मिलेमतो गरी आरोप दाबीबमोजिम नै कसुर गरेको भन्ने तथ्य स्थापित भइरहेको देखिंदा *प्रतिवादीहरूको साथबाट घुस/रिसवतको रकम बरामद भएको नदेखिएको सम्बन्धित कर्मचारीको उपस्थिति नरहेको अवस्थामा टेबुल घर्राबाट बरामद गरेकै मात्र आधारमा निजहरूले उजुरी दाबीअनुसार घुस रिसवत माग गरेकै हो भनी निश्चयात्मक रूपमा भन्न नहुने* भन्नेसमेतका गलत आधारहरू लिई प्रतिवादीहरूलाई सफाइ दिने गरी भएको उक्त फैसला मिसिल संलग्न प्रमाणहरूको मूल्यांकनमा नै त्रुटिपूर्ण भएकाले बदरभागी छ ।

**१७. मालपोत कार्यालय, रंगेली, मोरङका नायब सुब्बा प्रदीप घिमिरेसमेत......................................७ जना**

**मुद्दाः- पुँजीगत लाभकर तथा रजिष्ट्रेसन दस्तुर हिनामिना गरी भ्रष्टाचार गरेको ।** (०७५-CR-०२१०)

**फैसला भएको मितिः** २०७६।८।२०

**आयोगको निर्णय मितिः** २०७७।४।५ **पुनरावेदन दर्ता मितिः** २०७७।४।७

**आरोपपत्र मागदाबी**

प्रतिवादीहरू प्रदीप घिमिरे र देवीप्रसाद लुइँटेल उपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ को देहाय (ख) बमोजिमको कसुरमा बिगो रु.१७८,५२५।- कायम गरी सोही ऐनको दफा ७, दफा ३(१) र दफा ३(१)(घ) बमोजिम सजाय हुन, प्रतिवादी नन्दलाल राजवंशीलाई बिगो रु.३,१९,९२५।- कायम गरी भ्रष्टाचार निवारण ऐन,

२०५९ को दफा १९(२) बमोजिमको कसुरमा सोही दफा १९(२) बमोजिम सजाय हुन, वडा अध्यक्ष प्रतिवादी दानालाल राजवंशीलाई बिगो रु.१,७८,५२५।- कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९(२) बमोजिमको कसुरमा सोही दफा १९(२) बमोजिम सजाय हुन, जग्गा खरिदकर्ता प्रतिवादी दुर्गाप्रसाद निरौला प्रतिवादी हस्तराज ओखराबु (लिम्बु)लाई रु.२,३८,६७५।-, प्रतिवादी सूर्यबहादुर श्रेष्ठलाई रजिष्ट्रेसन दस्तुर रु.१२,९००।-, नेपाल सरकारलाई हानि नोक्सानी पुऱ्याएको देखिंदा निज प्रतिवादीहरूलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) बमोजिमको कसुरमा सोही ऐनको दफा ८(४) बमोजिम सजाय हुन ।

**विशेष अदालतको फैसला**

दुर्गाप्रसाद निरौला, हस्तराज ओखराबु (लिम्बु) र सूर्यबहादुर श्रेष्ठको हकमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) बमोजिमको कसुरमा सोही ऐनको दफा ८(४) अनुसार आरोपपत्र दाबीको बिगोबमोजिम जरिवाना र जनही ३(तीन) महिना कैद हुने र अन्य प्रतिवादीहरू प्रदीप घिमिरे, देवीप्रसाद लुइँटेल, नन्दलाल राजवंशी र दानालाल राजवंशीले आरोप पत्र मागदाबीबाट सफाइ पाउने ।

**पुनरावेदन गर्ने आधार**

लिखत पारित गर्दा न्यूनतम रूपमा लाग्ने रजिष्ट्रेसन दस्तुर र लाभकरभन्दा घटी दाखिला गरी लिखत पारित गरेको कसुरमा जग्गा खरिद बिक्री गर्ने प्रतिवादीहरू दुर्गाप्रसाद निरौला, हस्तराज ओखराबु (लिम्बु) र सूर्यबहादुर श्रेष्ठलाई आरोपपत्र मागदाबीबमोजिम सजायसमेत भएकाले जग्गा खरिद बिक्री गर्दा पुँजीगत लाभकर तथा रजिष्ट्रेसन दस्तुर हिनामिना गरी भ्रष्टाचार गरेको तथ्य र कसुर ठहर हुने प्रतिवादीहरूको हकमा केही बोलिरहन परेन । दस्तुर निर्धारण गरी रजिष्ट्रेसन पास गर्ने प्रदीप घिमिरे र देवीप्रसाद लुइँटेलको हकमा हेर्दा र.नं.१५० र र.नं. ३६०४ को दुवै लिखतमा यी प्रतिवादीहरूले मूल्यांकन गरी लिखत पास गरेको देखिन्छ । दुवै लिखतमा घरबाटो नभएको भनी प्रतिवादी देवीप्रसाद लुइँटेल र प्रमाणित गरी प्रतिवादी प्रदीप घिमिरेले मूल्यांकन भिडाएको देखियो । र.नं. ३६०४ मिति २०७४।१०।३ को लिखत हेर्दा उक्त जग्गा रतुवामाई नगरपालिका वडा नं.६ मा पर्नेमा वडा नं. ७ का वडाध्यक्षले आफ्नो क्षेत्राधिकारभन्दा बाहिर गई घरबाटो नरहेको भनी सिफारिस गरिदिएको पाइन्छ । आफ्नो क्षेत्राधिकारै नभएको सिफारिसलाई राजस्व संकलनमा रहेका यी प्रतिवादीहरूले जाँचबुझ गर्नुपर्नेमा सो गरेको समेत देखिएन । सिफारिससाथ आएका लिखत ठीक बेठीक हेरी गलत लिखत सिफारिसलाई इन्कार गर्नुपर्नेमा सो नगर्दा नेपाल सरकारलाई रजिष्ट्रेसन दस्तुर रु.१२,९००।- तथा पुँजीगत लाभकर रु.१,६५,६२५।- गरी जम्मा रु.१,७८,५२५।- हानि नोक्सानी पुऱ्याएको देखिएकाले सुरु विशेष अदालतले सो तर्फको प्रमाण ग्रहण नगरी भएको उक्त फैसला सो हदसम्म त्रुटिपूर्ण हुँदा बदरभागी रहेको छ ।त्यसैगरी प्रतिवादी नन्दलाल राजवंशीले घरबाटो प्रमाणित गर्दा दुर्गाप्रसाद निरौलाको स्वामित्वमा रहेको कि.नं.३६५ को ज.बि.०-१९-१५ मा घरबाटो नभएको भनी आफूले नै प्रमाणित गरेको र घरबाटो सिफारिस गर्दा गलत सिफारिस गरे राजस्व असुलीमा असर पर्दछ भन्ने जानकारी रहेको भनी अनुसन्धान अधिकारीसमक्ष खुलाई लेखाइदिएको र उक्त सिफारिस गरेको जग्गा २०३१ सालकै नापीबाट काटो कायम भई ०५३/५४ देखि नै ग्राभेल भइसकेको जग्गालाई हाल बाटोले नछुने भनी गरेको सिफारिसलाई बदनियतका साथ सिफारिस गरेको मान्नुपर्ने हुन्छ । त्यसैगरी, मिसिल संलग्न र.नं. ३६०४ को सिफारिसमा एउटा वडाको जग्गालाई अर्को वडाको जनप्रतिनिधि वडा अध्यक्ष प्रतिवादी दानालाल राजवंशीले सिफारिस गरेको पाइन्छ । निज प्रतिवादीले ग्राभेल बाटो भएको जग्गालाई बाटोले नछुने भनी सिफारिस गर्दा प्रथमतः आफ्नो वडाभित्रको हो, होइन भनी र त्यस्तो जग्गालाई बाटोले छोएको छ, छैन यकिन गरी वास्तविक बुझेरमात्र सिफारिस गर्नुपर्नेमा सो नगरी बदनियतपूर्वक गरेको सिफारिसबाट नेपाल सरकारलाई रजिष्ट्रेसन र पुँजीगत लाभकरसमेत हानि नोक्सानी पुगेको हुँदा सुरु विशेष अदालतबाट सो तर्फको प्रमाण ग्रहण नगरी गरेको उक्त फैसला सो हदसम्म त्रुटिपूर्ण हुँदा बदरभागी रहेको छ ।

**१८. जिल्ला चितवन भरतपुर नगरपालिका वडा नं. ७ स्थायी वतन भएका वर्ष ५४ को खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय काभ्रेमा इन्जिनियर पदमा कार्यरत शेखरनाथ खनाल........................................ १जना ।**

**मुद्दाः- घुस रिसवत लिई भ्रष्टाचार गरेको । (०७५-CR-०००२)**

**फैसला भएको मितिः** २०७६।१०।२९

**आयोगको निर्णय मितिः** २०७७।४।५ **पुनरावेदन दर्ता मितिः २०७७।४।७**

**आरोपपत्र मागदाबी**

शेखरनाथ खनाललाई बिगो रु.१,३०,००००।- कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा १ को कसुरमा उक्त ऐनकै दफा ३ को उपदफा १ र दफा ३ को उपदफा १ को खण्ड (घ) बमोजिम सजाय हुन ।

**विशेष अदालतको फैसला**

उजुरीकर्ता निवेदक चेतनाथ भारतीले आवेशमा आई उजुरी दिएको र आवेशमा नै अनुसन्धान अधिकृतसमक्ष कागज गरेको, त्यसमा सत्यता नरहेको भनी अदालतमा बकपत्र गरेको।प्रतिवादीले अदालतमा बयान गर्दा बरामद रकम घुस खाएको होइन, मैले घुस लिएको छैन भनी इन्कारी व्यहोरा लेखाएको ।श्रेष्ठ वाटर हाउस प्रा.लि.का दीपेन्द्र श्रेष्ठले बकपत्र गर्दै चेतनाथ भारतीसँग कुराकानी गरी शेखरनाथ खनाल र वहाँको कार्यालयको रोहबरमा नगरपालिकाबाट भुक्तानी आएपछि बुझाउने भनी सरसामान पठाएकोमा पटकपटक ताकेता गरेपछि सोको भुक्तानी शेखरनाथ खनालमार्फत रु.१ लाख पचास हजार पठाएको र त्यसपछि बाँकी ३ लाख ६ हजार ९ सय ५० रुपैयाँ हालसम्म पाएको छैन भनी लेखाएकाले बरामद रकम घुसबापतको हो भनी निश्चयात्मक रूपमा भन्न मिलेन । तसर्थ प्रतिवादीले सफाइ पाउने ।

**पुनरावेदन गर्ने आधार**

प्रतिवादीले निवेदकको उपभोक्ता समितिमार्फत खानेपानीको योजना कार्यान्वयन गरेको तथ्यमा विवाद छैन । निवेदकले गरेको रु.३०,०००००।- को खानेपानी योजनाको जाँचपास कार्य प्रतिवादीबाट हुनेमा पनि विवाद छैन । यसरी निवेदक चेतनाथ भारती सेवाग्रही तथा प्रतिवादी सेवा प्रदायक देखिन्छन् । निवेदकले यस आयोगमा प्रतिवादीले कमिससनबापत रु.१,३०,०००।- मागेको भनी निवेदन दिई आयोगबाटै घुसबापतको रकम लिई गएको र प्रतिवादी घुससहित पक्राउ परेको देखिन्छ । यसरी प्रतिवादीबाट बरामद रकम घुसबापतकै रकम हो भन्ने तथ्य स्थापित देखिन्छ । निवेदकले अदालतमा बकपत्र गर्दा मैले निजलाई २०७४ सालमा लिएको वाटरपम्पको रु.१ लाख ५० हजार दिन थियो सोही रकम मैले अख्तियारबाट ल्याई दिएको हो भन्नेसमेत व्यहोरा उल्लेख गरे तापनि सो विश्वसनीय देखिँदैन । वलथली खानेपानी समितिको अध्यक्ष जस्तो व्यक्तिले पसलबाट पम्प ल्याउँदा इन्जिनियर जवानी बस्नुपर्ने र निजमार्फत भुक्तानी गर्नुपर्ने अवस्था हुन्छ भनी मान्न मिल्दैन । निवेदकले अख्तियारमा गएर निवेदन दिई रकम लिई प्रतिवादीलाई दिनुपर्ने अवस्था रिसवत नै मागेको अवस्थामा बाहेक हुन सक्दैन । यसरी विश्वसनीय नै नदेखिएको विपरीत बकपत्रको आधारमा प्रतिवादीलाई आरोप दाबीबाट सफाइ दिने गरी भएको फैसला प्रमाण मूल्यांकनको रोहमा त्रुटिपूर्ण रहेको छ । यसरी कपोलकल्पित रूपमा भएको बकपत्रसमेतलाई आधार मानी निश्चयात्मक प्रमाणबाट पुष्टि भइरहेको घुस रिसवतको वारदातलाई निश्चयात्मक प्रमाणबाट पुष्टि नभएको भनी आरोपितलाई सफाइ दिने गरी भएको फैसला त्रुटिपूर्ण रहेको छ ।रंगेहात पक्राउ परेका प्रतिवादी शेखरनाथ खनालले आयोगसमक्ष आफ्नै हातले बयान लेखेको र उक्त बयानमा निवेदकबाट घुस/रिसवतबापत नै बरामद रकम लिएको तथ्य स्वीकार गरेको देखिन्छ । घुस लेनदेनको बारदातपूर्व निवेदक र प्रतिवादीबीच भएको कुराकानीको रेकर्डबाट पनि घुस बार्गेनिङ भएको र रु.१,३००००।- मा कुरा मिलेको भन्ने नै देखिन्छ । यसरी प्रतिवादीले स्वतन्त्र रूपमा आफैंले लेखेको बयान तथा वैज्ञानिक प्रमाणको रूपमा रहेको वार्तालाप रेकर्डसमेतबाट प्रतिवादीले निवेदकबाट घुस/रिसवत लिएको तथ्य निर्विवाद रूपमा पुष्टि भइरहेकोमा प्रारम्भिक दृष्टिमा झुठा देखिने निवेदक तथा दीपेन्द्र श्रेष्ठले प्रतिवादीलाई सजायबाट बचाई दिने नियतले आदालतमा गरेको बकपत्रलाई आधार मानी प्रमाणको न्यायोचित मूल्यांकन नगरी भएको उक्त फैसला त्रुटिपूर्ण रहेको छ ।उजुरी निवेदक चेतनाथ भारतीले आयोगलाई अनुसन्धानको क्रममा सहयोग गरेको आधारमा निजलाई आयोगको साक्षीको रूपमा पेस गरिएकोमा निजले अदालतसमक्ष विपरीत बकपत्र गरी असहयोग गरेको हुँदा निजउपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५५ को प्रतिबन्धात्मक वाक्यांशबमोजिम ऐ. ऐनको दफा ३ को उपदफा

३ को कसुरमा दफा ३ को उपदफा ३ मा उल्लेख भएबमोजिम ऐ. दफा ३ को उपदफा १ र दफा ३ को उपदफा १को खण्ड (घ) बमोजिम सजाय गरी पाउन मागदाबी लिई स.फौ. नं. ०७६-cr-०३६१ को भ्रष्टाचार मुद्दा विशेष अदालतमा दायर गरी सकिएकाले निजको झुठा बकपत्रको आधारमा भएको उक्त फैसला बदगरभागी छ ।

**१९. जिल्ला धादिङ, साबिक नीलकण्ठ गा. वि. स. वडा नं. ५, हाल नीलकण्ठ न.पा. वडा नं. ६ स्थायी ठेगाना भएका वर्ष ४३ का प्रदीप अधिकारीसमेत.........................................................................१२ जना ।**

**मुद्दाः- सरकारी जग्गा व्यक्तिको नाममा दर्ता गरी गराई भ्रष्टाचार गरेको । (०७४-CR-००५३)**

**फैसला भएको मितिः** २०७६।१०।१४

**आयोगको निर्णय मितिः** २०७७।४।५ **पुनरावेदन दर्ता मितिः** २०७७।४।७

**आरोपपत्र मागदाबी**

प्रस्तुत मुद्दामा बिगो रु.४६,५६,१५२।३४ बराबरको सरकारी जग्गा प्रतिवादी लिलाबहादुर श्रेष्ठको नाममा गैरकानुनी दर्ता गराउने प्रतिवादीहरू मालपोत अधिकृत शंकरप्रसाद भेटवाल, शाखा अधिकृत रामकृष्ण खत्री, ना.सु. नेत्रराज जोशी, ना.सु. मुकुन्दराज पाण्डे, खरिदार राधाकृष्ण नेपाल, सर्वेक्षक रवीन्द्रनाथ ठाकुरउपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१)(ज) को कसुरमा ऐ. दफा ८(१) बमोजिम सजाय हुन र उक्त बिगो बराबरको उक्त जग्गा आफ्नो नाममा दर्ता गराउन गैरकानुनी मिलोमतोसमेत गर्ने प्रतिवादी लिलाबहादुर श्रेष्ठले गरेको कसुरमा सोही ऐनको दफा ८(४) बमोजिम सजाय हुन ।

**विशेष अदालतको फैसला**

मिति २०२९।४।१ को राजीनामाबाट प्रतिवादी लिलाबहादुरका पिता रविलाल श्रेष्ठले खरिद गरी भोग गरेको र २०४१ सालमा प्लट दर्ता कायम भएको हुँदा कसुर आरोपबाट सफाइ पाउने ।

**पुनरावेदन गर्ने आधार**

नक्सा सिटको बोर्डरभन्दा बाहिरको सरकारी जग्गासमेत समावेश गरी तत्कालीन नापी गोश्वारा र नापी कार्यालयले कानुनबमोजिम नापनक्सा तयार नै नगरेको, उक्त धादिङ नीलकण्ठ गा.वि.स. वडा नं. ५/झ कि.नं. १ क्षेत्रफल १०-१२-२-२ को तत्काल बिगो ४६,५६,१५४।३४ बिगो बराबरको जग्गाको छुट्टै अवैधानिक नक्सा सिट तयार गरी प्रतिवादी रवीन्द्रनाथ ठाकुर एक्लैले हस्ताक्षर गरेको र सोही कानुनविपरीतको नक्साका आधारमा छुट जग्गा दर्ता गर्नका लागि प्रक्रिया अगाडि बढाई मालपोत कार्यालय, धादिङबाट २०६७।१।२८ मा निज प्रतिवादी अमिन रवीन्द्रनाथ ठाकुर, शाखा अधिकृत रामकृष्ण खत्री, प्रमुख मालपोत अधिकृत शंकरप्रसाद भेटवाल रहेको छुट जग्गा दर्ता समितिले उक्त कि.नं. १ को १०-१२-२-२ को जग्गा कित्ताकाट गरी कायम नीलकण्ठ ५/झ कि.नं. २ क्षेत्रफल ४-२-१-२ र कि.नं. ४ क्षेत्रफल ३-१५-०-३ को जग्गा प्रतिवादी लिलाबहादुर श्रेष्ठका नाममा तथा बाँकी कित्ता नं. ३ को क्षेत्रफल ०-६-१-० बाटो र कित्ता नं. ५ को क्षेत्रफल ३-१४-३-२ कान्ला नेपाल सरकारको नाममा कायम गर्ने गरी सिफारिस गरेका र सोही सिफारिसबमोजिम प्रतिवादीहरू खरिदार राधाकृष्ण नेपाल, ना.सु. नेत्रराज जोशी र मालपोत अधिकृत शंकरप्रसाद भेटवालसमेतको संलग्नतामा मिति २०६७।१।२९ मा छुट जग्गा दर्ता गर्ने गरी निर्णय गरेको मिसिल संलग्न श्रेस्ताबाट प्रस्ट देखिन्छ तथापि फैसलामा यस्ता प्रमाणलाई नजरअन्दाज गरेको देखिन्छ ।प्रतिवादीले कानुनबमोजिम नापी नक्सा नै नभएको क्षेत्रमा सरकारी सार्वजनिक जग्गासमेत घुसाई अवैधानिक नक्सा तयार गरी सोही नक्साका अधारमा छुट जग्गा दर्ता समितिबाट सिफारिस गराई नीलकण्ठ ५/झ कि.नं.को ४-२-१-२ र कि.नं. ४ को ३-१५-०-३ को जग्गा लिलाबहादुर श्रेष्ठका नाममा सुरु नापजाँचको नापीको काम सिद्धिएको दशौं वर्षपछि जग्गा दर्ता गराउने कार्य मालपोत ऐन, २०३४ को दफा ७ विपरीत देखिँदा देखिँदै मिसिल संलग्न श्रेस्ता, प्रमाणको मूल्यांकन नगरी चौकिल्ला नै नभिड्ने राजीनामालाई आधार बनाई मिति २०२९।४।१ को राजीनामाबाट लिलाबहादुर श्रेष्ठका पिता रविलाल श्रेष्ठले खरिद गरी भोग गरेको र २०४१ सालमा प्लट रजिष्टर कायम भई दर्ता गरी गराएको

अवस्थालाई गैरकानुनी मान्न मिल्ने देखिएन भनी भएको फैसला उक्त आधार र कारणबाट त्रुटिपूर्ण देखिन्छ। साबिक धादिङ जिल्ला नीलकण्ठ गाउँ विकास समिति वडा नं. ५/झ कि.नं. १ वि.सं. २०४१ सालमा मात्र आएर प्लट रजिष्टर कायम गरी दर्ता गरिएको कि.नं. १ बाट कित्ताकाट भई कायम कि.नं. २ क्षेत्रफल ४-२-२-१ र कि.नं. ४ क्षेत्रफल ३-१५-०-३ गरी जम्मा क्षेत्रफल ८-१-२-१ जग्गा प्रतिवादी लिलाबहादुर श्रेष्ठको नाममा हक स्वामित्व कायम गरिएको । प्रतिवादी प्रदीप अधिकारीको नाममा दर्ता रहेको कि.नं. ५४८४ को ०-४-१-३ जग्गामा १-१३-० थपबढ गरी २-१-१-३ को श्रेस्ता प्रतिवादीहरू भीमप्रसाद श्रेष्ठ, रवीन्द्र ठाकुर, कुशध्वज खत्रीसमेतबाट कायम गरिएको । उक्त ५४८४ कि.नं. जग्गा कित्ताकाट गरी कि.नं. ५६६१ को ०-४-१-३ जग्गा वसन्त आचार्यको नाममा रजिष्ट्रेसन गरेको । कि.नं. ५६६२ को १-१३-०-० जग्गा बकस लिखितबाट कृष्णकुमारी ढुंगानालाई मिति २०७०।६।७ मा हक हस्तान्तरणसमेत गरेका र गैरकानुनी रूपमा निज प्रतिवादीहरू अमिन भीमप्रसाद श्रेष्ठ, सर्वेक्षक रवीन्द्रनाथ ठाकुर, सर्वेक्षक विश्वकुमार बस्नेत, ना.सु. जयबहादुर खड्का, मालपोत अधिकृत कुशध्वज खत्रीले प्रदीप अधिकारीको नाममा पुऱ्याउन, कित्ताकाट, हक हस्तान्तरण गर्न, गैरकानुनी रूपमा सहयोग पुऱ्याएको मिसिल संलग्न तथ्य प्रमाणहरूबाट प्रस्ट देखिँदा देखिँदै बढ कायम भएको क्षेत्रफल १-१३-०-० पूरै बदर गरी उक्त कि.नं. ५४८४ यथास्थिति क्षेत्रफल ०-४-१-३ कायम गरी सो कित्ताकाट भई कायम भएका कि.नं. ५६६१ र ५६६२ को जग्गाधनी श्रेस्ता प्लट रजिष्टर मालपोत ऐन, २०३४ को दफा २४(२) बमोजिम बदर भइसकेको देखिएको भनी लिनेखाने नियतले सरकारी जग्गा हिनामिना गर्ने तवरबाट गठित भई प्रतिवेदन दिने, नापजाँच, दर्ता गर्ने, प्लट खडा गर्ने लगायतका गैरकानुनी कार्य गर्ने प्रतिवादीहरू अमिन भीमप्रसाद श्रेष्ठ, सर्भेक्षक रवीन्द्रनाथ ठाकुर, सर्वेक्षक विश्वकुमार बस्नेत, ना.सु. जयबहादुर खड्का, मालपोत अधिकृत कुशध्वज खत्री र जग्गा आफ्नो नाममा सुरु कायम गर्ने प्रदीप अधिकारीलाई कसुरबाट सफाइ दिने गरी भएको उक्त फैसला गम्भीर त्रुटिपूर्ण देखिन्छ ।यसर्थ कसैको नाममा तत्काल दर्ता नभएको जग्गा सार्वजनिक, पर्ती, ऐलानी जे जस्तो नाम दिइएको भए पनि त्यस्तो जग्गा आफ्नो नाममा दर्ता गराउने कार्य रीतपूर्वकको मान्न नसकिने (दुर्गादत्त सिग्देलविरुद्ध नेपाल सरकार ने.का.प. २०६८ नि.नं. ८५८३ असार पृष्ठ ४९७ संयुक्त इजलास) भनी सर्वोच्च अदालतबाट नजिर सिद्धान्त प्रतिपादन भएको अवस्थामा प्रतिवादी लिलाबहादुर श्रेष्ठले उक्त सार्वजनिक प्रकृतिको जग्गा वि.सं. २०४१ सालमा नीलकण्ठ-५/झ/कि.नं.१ दर्ता गराएको र प्रतिवादी प्रदीप अधिकारीले वि.सं. २०७०।५।१२ मा टायल चेकका नाममा बढ भनी नीलकण्ठ-५/झ/ कि.नं. ५४५८ क्षे.फ.२-१-१-३ जग्गा आफ्नो नाममा दर्ता गरेको, उक्त कार्यलाई वि.सं. २०६७ र वि.सं. २०७० सालमा समेत नापजाँच, दर्ता गर्न र पुर्जा दिन सहयोग गर्ने नापी कार्यालय, धादिङ र मालपोत कार्यालय, धादिङमा तत्कालीन अवस्थामा कार्यरत विरुद्ध खण्डका उल्लिखित निज प्रतिवादीहरूलाई कसुर आरोपबाट सफाइ दिएको उक्त फैसला त्रुटिपूर्ण हुँदा बदरभागी छ ।

२०. **जिल्ला जाजरकोट, साबिक खलङ्गा- ९ हाल भेरी नगरपालिका वडा- १ कालेगाउँ स्थायी वतन भई जिल्ला बाँके, नेपालगंज उप-महानगरपालिका-१२ बेलासपुर बस्ने मालपोत कार्यालय, बाँकेको मालपोत अधिकृत पदमा तत्काल कार्यरत वर्ष- ४७ को मुक्तिप्रसाद शर्मासमेत.......................................................................२ जना ।**

**मुद्दाः- भ्रष्टाचार (घुस/रिसवत) । (०७३-CR-०१६५)**

**फैसला भएको मितिः २०७६।८।२३**

**आयोगको निर्णय मितिः २०७७।४।५ पुनरावेदन दर्ता मिति २०७७।४।७**

**आरोपपत्र मागदाबी**

प्रतिवादीहरू नरबहादुर सारु र मुक्तिप्रसाद शर्माको मिलोमतोमा निजहरूमध्येका खरिदार नरबहादुर सारुले निवेदकसँग जग्गा पास गर्ने प्रयोजनका लागि घुस/रिसवतबापतको रकम रु.४,९८,०००।- बुझिलिएको हुँदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र ३(१)(घ) बमोजिमको कसुरमा जनही बिगो रु.४,९८,०००।- कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम जरिवाना र कैद सजाय हुन ।

**विशेष अदालतको फैसला**

| |
|---|
| प्रतिवादीहरूलाई बिगोको दामासाहीले हुने रु.२,४९,०००।- का दरले जरिवाना र जनही १ वर्षका दरले कैद हुने। |

**पुनरावेदन गर्ने आधार**

| |
|---|
| कसुर कायम भएका प्रतिवादीहरूलाई बिगोबमोजिम नै जरिवाना हुने गरी स्पष्ट उल्लेख गरेको र ऐनले नै बिगोबमोजिम जरिवाना हुने गरी व्यवस्था गरेको अवस्थामा जरिवाना दामासाही गर्ने गरी भएको फैसला न्यायसंगत देखिँदैन ।प्रतिवादीहरू नरबहादुर सारु र मुक्तिप्रसाद शर्माको मिलोमतोमा निवेदकको जग्गा पास गरिदिंदा सो बापत पाँच लाख रुपैयाँ माग गरेको अवस्थामा दुवैजनाको मतसल्लाहमा हुने कसुरको गम्भीरता बढ्ने निश्चित हुन्छ। यस अवस्थामा बिगोबमोजिम हुने जरिवानालाई दामासाही हुने गरी फैसला गर्दा प्रतिवादीहरू धेरै जना मिलोमतो गरी कसुर गर्ने व्यक्तिहरूले जनही कम दायित्व व्यहोर्न पर्ने अवस्थाको सिर्जना हुन गई दण्डका मान्य सिद्धान्तसमेत प्रभावित हुन जाने देखिन्छ । साथै भ्रष्टाचार निवारण ऐन, २०५९ को प्रस्तावाना र उद्देश्यविपरीत हुन्छ। विशेष अदालतले आफैंले जनही बिगोबमोजिम जरिवाना गरेको फैसला भ्रष्टाचार ऐनको व्यवस्था विरुद्धमा फैसला हुन गएको हुनाले जरिवाना दामासाही गर्ने गरी भएको फैसला सो हदसम्म त्रुटिपूर्ण देखिन्छ ।भ्रष्टाचार निवारण ऐन, २०५९ मुलुकको भ्रष्टाचार नियन्त्रण गर्ने विशेष कानुन, विशेष ऐनको रूपमा लागू रहेको र ऐनको उल्लिखित दफा ३(१)(घ) को व्यवस्था हेर्दा कसुर ठहर भएका प्रतिवादीहरूलाई बिगोबमोजिम नै जरिवाना हुने व्यवस्था स्पष्ट लेखिएको देखिँदा यस ऐनले नै बिगोबमोजिम जनही जरिवाना हुने गरी व्यवस्था गरेको अवस्थामा जरिवाना दामासाही गर्ने गरी भएको फैसला ऐनको प्रस्तावना मनसाय र न्यायका मान्य सिद्धान्तविपरीत तथा ऐनको प्रयोग र पालनामा त्रुटि रहेको देखिँदा निज प्रतिवादीहरू मुक्तिप्रसाद शर्मा र नरबहादुर सारु मगरलाई आरोप मागदाबीबमोजिम जनही बरामदी बिगो रु.४,९८,०००।- जरिवाना गर्नुपर्ने उक्त बिगो रकमको दामासाहीले रु.२,९८,०००।- जनही जरिवाना गर्ने गरेको हदसम्म फैसला त्रुटिपूर्ण देखिँदा बदरभागी छ । |

२१. **जिल्ला सप्तरी कन्चनरूप नगरपालिका वडा नं. २ बस्ने जिल्ला वन कार्यालय, रुकुम (पश्चिम) का सहायक वन अधिकृत पदमा कार्यरत (हाल निलम्बित) वर्ष ४९ को रोहित कुमार साहसमेत ..................................२ जना ।**
**मुद्दाः- घुस/रिसवत लिई भ्रष्टाचार गरेको ।** (०७४-CR-०१९७)

**फैसला भएको मितिः** २०७६।१२।५

**आयोगको निर्णय मितिः** २०७७।४।५ **पुनरावेदन दर्ता मितिः** २०७७।४।७

**आरोपपत्र मागदाबी**

| |
|---|
| सहायक वन अधिकृत रोहितकुमार साह र ग्रामीण वित्त सहायक सन्दिप अधिकारीको योजना र मिलेमतोमा निवेदक टेकमान बुढाबाट रु.२३,०००।- घुस रिसवत लिएकाले निज प्रतिवादीहरूलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुरमा बिगो रु.२३,०००।- कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा(१) को खण्ड (क) बमोजिम सजाय हुन । |

**विशेष अदालतको फैसला**

| |
|---|
| प्रतिवादीहरूलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) अनुसारको कसुरमा सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (क) अनुसार जनही १ (एक) महिना कैद र बिगोबमोजिम रु.२३,०००।- दामासाहीले जरिवाना हुने । |

**पुनरावेदन गर्ने आधार**

| |
|---|
| जहाँसम्म बिगो दामासाहीले जरिवाना हुने भनी ठहर गरिएको छ सो सम्बन्धमा यी प्रतिवादीहरूले सेवाग्राहीको रूपमा रहेका निवेदकसँग घुस/रिसवतबापत रु.२३,०००।- लिएको तथ्यमा विवाद छैन । प्रतिवादीहरूलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुर गरेको देखिएकाले निजहरूलाई जनही बिगो रु.२३,०००।- कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (क) बमोजिम जरिवाना र कैद सजाय हुन मागदाबी लिइएको अवस्था छ। ऐनको |

उल्लिखित व्यवस्था हेर्दा, कसुर कायम भएका प्रतिवादीहरूलाई बिगोबमोजिम नै जरिवाना हुने गरी स्पष्ट उल्लेख गरेको देखिन्छ । यसरी ऐनले नै बिगोबमोजिम जरिवाना हुने गरी व्यवस्था गरेको अवस्थामा जरिवाना दामासाही गर्ने गरी भएको फैसलामा कानुनको प्रयोग एवं पालनामा त्रुटि रहेको देखिन्छ ।कसुरको प्रकृतिबाट पनि सामूहिक योजना र संलग्नतामा गरिएको देखिन्छ भने त्यस्तो कार्यको स्वाभाविक रूपमा कसुरको गम्भीरता बढ्ने गर्दछ । यस अवस्थामा कानुनबमोजिम हुने जरिवानालाई दामासाही हुने गरी फैसला गर्दा बढी संख्यामा कसुर गर्ने व्यक्तिहरूले कम दायित्व व्यहोर्न पर्ने अवस्थाको सिर्जना हुन गई दण्डका मान्य सिद्धान्तसमेत प्रभावित हुन जाने निश्चित छ ।

२२. **जिल्ला महोत्तरी जलेश्वर नगरपालिका वडा नं. ७ (साबिक जिल्ला महोत्तरी अनकार गा.वि.स. वडा नं. ५) स्थायी वतन भएका वर्ष ३७ को इलाका प्रशासन कार्यालय रामगोपालपुर, महोत्तरीमा करार सेवाको राजपत्र अनंकित प्रथम श्रेणीको कम्प्युटर अपरेटर पदमा कार्यरत अशोककुमार सिंह......................................................१ जना ।**

**मुद्दाः- घुस/रिसवत लिई भ्रष्टाचार गरेको ।** (०७५-CR-०२९२)

**फैसला भएको मितिः** २०७६।१०।१६

**आयोगको निर्णय मितिः** २०७७।४।५ **पुनरावेदन दर्ता मितिः** २०७७।४।८

**आरोपपत्र मागदाबी**

अशोककुमार सिंहले उजुरी निवेदक सादा भन्ने सहतीकुमारी सदाबाट नागरिकता बनाइदिएबापत भनी रु.४,०००।- घुस/रिसवत लिएको देखिएबाट निज प्रतिवादी अशोककुमार सिंहलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुरमा बिगो रु.४,०००।- कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा(१) को खण्ड (क) बमोजिम सजाय हुन ।

**विशेष अदालतको फैसला**

प्रतिवादीले घुसबापत रकम लिएको पुष्टि हुन नसकेकोले सफाइ पाउने ।

**पुनरावेदन गर्ने आधार**

रु.४,०००।- आरोपित अशोककुमार सिंह बस्ने कोठाको टेबुलमुनि घर्राबाट बरामद भएको तथ्यमा विवाद नभएकाले सो तर्फ थप विवेचना गरिरहन परेन ।उजुरीकर्ता निवेदिका अनपढ ग्रामीण महिला भएको र कार्यालयबाट हुने काम ढिलासुस्ती हुने भएकाले पसलको साहुजी दिलीपकुमार यादवको सहयोग लिएको देखिन्छ। उक्त सहयोगी भूमिकालाई अन्यथा मान्न सकिंदैन। आरोपित इलाका प्रशासन कार्यालयका कम्प्युटर अपरेट अशोककुमार सिंहले काममा आलटाल गरी रु.४,०००।- रिसवत माग गरेकाले उक्त रकम आयोगबाट भरपाई गरी लगेको देखिन्छ । प्रतिवादीले घुस रिसवत माग नगरेको भनी बयान गरे पनि आयोगमा पेस भएको सि.डी. रेकर्डको वार्तालापमा *हम वतेन छेलियै चार हजार रुपैयाँ* अर्थात *मैले भनेको थिएँ नि चार हजार रुपैयाँ* भनी कुराकानी भएकाले रकम माग गरेको देखिएको र यस अवस्थामा निज उजुरीकर्ता र मौकामा बुझिएका दिलीपकुमार यादवसमेतलाई नबुझी नहुने साक्षीको रूपमा बुझ्नुपर्नेमा नबुझी भएको उक्त फैसला त्रुटिपूर्ण हुँदा सो हदसम्मको उक्त फैसला बदरभागी छ ।

२३. **जिल्ला बाग्लुङ, साबिक भीमगिठे गा.वि.स., वडा नं. ६, असारे हाल बडीगाड गाउँपालिका, वडा नं. ७ स्थायी घर भई बाग्लुङ जिल्ला, साबिक भीमगिठे गा.वि.स., हाल बडिगाड गाउँपालिका वडा नं. ७ स्थित श्री माझखर्क प्राथमिक विद्यालयका तत्कालीन प्रधानाध्यापक वर्ष ५४ का श्री विजयबहादुर थापासमेत..................................२ जना।**

**मुद्दाः- सरकारी/सार्वजनिक सम्पत्ति बदनियतसाथ हिनामिना गरी भ्रष्टाचार गरेको ।** (०७५-CR-०२९०)

**फैसला भएको मितिः** २०७६।१०।७

**आयोगको निर्णय मितिः** २०७७।४।५ **पुनरावेदन दर्ता मितिः** २०७७।४।८

**आरोपपत्र मागदाबी**

प्रधानाध्यापक विजयबहादुर थापाले अस्थायी शिक्षिका चन्दा थापा पाइजा लामो समयसम्म विद्यालयमा नरहेको

अवस्थामा बिदासमेत स्वीकृत नगराई सोको सट्टा आकाश थापा र अस्मिता घर्तीलाई सट्टा शिक्षक नियुक्त गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर गरेकाले निजलाई सोहीको दफा १७ ले ऐ. ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (घ) बमोजिम सजाय हुन र सट्टा शिक्षक आकाश थापाले गैरकानुनी तवरले चन्दा थापाको नामबाट तलब निकासा माग गर्न र नक्कली हाजिर गरी सरकारी रकम लिनखान मतियारको भूमिका निर्वाह गरेको हुँदा निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिबन्धात्मक वाक्यांशअनुसारको कसुरमा ऐनको दफा १७ अनुसार ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (घ) बमोजिम हुने सजायमा ऐ. ऐनको दफा २२ को प्रतिबन्धात्मक वाक्यांशबमोजिम सजाय हुन ।

**विशेष अदालतको फैसला**

विजयबहादुर थापालाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) र दफा ८(१)(ङ) अन्तर्गतको कसुर र प्रतिवादी आकाश थापाले ऐ.ऐनको दफा २२ को प्रतिबन्धात्मक वाक्यांशको कसुर गरेको पुष्टि भएकाले प्रतिवादी विजयबहादुर थापालाई सोही ऐनको दफा ८(१) बमोजिम जनही ३ महिना कैद र प्रतिवादी आकाश थापालाई प्रतिवादी विजयबहादुर थापालाई भएको कैद सजाय सरह ३ महिना कैद र दफा ८(१) र २२ बमोजिम बिगो रु.२,८१,३०१।- दामासाहीले जरिवानासमेत हुने ठहर्छ । बिगोको हकमा उक्त रकम रु.२,८१,३०१।- प्रतिवादीहरूले राजस्वमा दाखिला गरिसकेको देखिंदा उक्त बिगो भराइरहन नपर्ने ।

**पुनरावेदन गर्ने आधार**

जहाँसम्म प्रतिवादीहरूलाई सजाय गर्दा आरोपपत्र दाबीभन्दा फरक दफा प्रयोग गरी फैसला गरिएको छ सो तर्फ विचार गर्दा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ र दफा १७ को कसुर सारभूत रूपमा छुट्टाछुट्टै प्रकृतिको रहेको छ । ऐनको दफा ८ को कसुर भनेको निर्माणसम्बन्धी कार्यमा गैरकानुनी लाभ वा हानि पुऱ्याउने बदनियतले काम गरेमा आकर्षित हुने कानुनी व्यवस्था हो भने दफा १७ राष्ट्रसेवकले आफ्नो काम ओहदाको वा कर्तव्य पालन गर्दा लापरबाही वा बदनियत गरी रकम हिनामिना हानि नोक्सानी वा दुरुपयोग गरे गराएमा वा मासेमा वा निजी प्रयोगमा लगाएमा सार्वजनिक सम्पत्तिको हानि नोक्सानी गरेको ठहर भई दफा ३ बमोजिम सजाय गरी सोही ऐनबमोजिम बिगोसमेत असुलउपर गर्ने कानुनी व्यवस्था हो । प्रस्तुत वारदात विकास निर्माणसँग सम्बन्धित नभएर विद्यालयमा हाजिरै नभएका शिक्षिका चन्दा थापाको नाउँमा अर्कालाई हाजिर गराई तत्कालीन शिक्षा कार्यालयबाट रकम निकासा लिंदै ओहदाको कर्तव्य पालनमा बदनियतसाथ काम गरी नेपाल सरकारलाई गैरकानुनी हानि नोक्सानी पुऱ्याएको देखिएकाले यस अवस्थामा विद्यालयका प्रधानाध्यापक विजयबहादुर थापाको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर र प्रतिवादी आकाश थापाको उक्त कार्य सोही ऐनको दफा २२ बमोजिमको मतियारको कसुर गरेको पुष्टि भएकाले प्रतिवादीहरूलाई आरोपपत्र मागदाबी बमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ अनुसार सजाय हुनुपर्नेमा सो नभई भएको उक्त फैसला कानुनको प्रयोग एवं पालनामा गम्भीर त्रुटिपूर्ण भई बदरभागी छ । जहाँसम्म बिगो रु.२,८१,३०१।- को दामासाहीले जरिवाना हुने भनिएको छ सो सम्बन्धमा हेर्दा प्रतिवादी विजयबहादुर थापाउपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसुरमा सोही ऐनको दफा १७ ले ऐ. ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (घ) बमोजिम सजाय हुन र सट्टा शिक्षक आकाश थापाउपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिबन्धात्मक वाक्यांशअनुसारको कसुरमा ऐनको दफा १७ अनुसार ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (घ) बमोजिम हुने सजायमा ऐ. ऐनको दफा २२ को प्रतिबन्धात्मक वाक्यांशबमोजिम सजाय हुन मागदाबी लिइएको अवस्था छ । ऐनको उल्लिखित व्यवस्था हेर्दा, कसुर कायम भएका प्रतिवादीहरूलाई बिगोबमोजिम नै जरिवाना हुने गरी स्पष्ट उल्लेख गरेको देखिन्छ । यसरी ऐनले नै बिगोबमोजिम जरिवाना हुने गरी व्यवस्था गरेको अवस्थामा जरिवाना दामासाही गर्ने गरी भएको फैसला न्यायसंगत छैन ।कसुर प्रकृतिबाट पनि सामूहिक योजना र संलग्नतामा गरिएको देखिन्छ भने त्यस्तो कार्यको स्वाभाविक रूपमा कसुरको गम्भीरता बढ्ने गर्दछ । यस अवस्थामा कानुनबमोजिम हुने जरिवानालाई दामासाही हुने गरी फैसला गर्दा बढी संख्यामा कसुर गर्ने व्यक्तिहरूले

कम दायित्व व्यहोर्न पर्ने अवस्थाको सिर्जना हुन गई दण्डका मान्य सिद्धान्तसमेत प्रभावित हुन जाने निश्चित छ । प्रतिवादीहरूलाई जनही जरिवाना हुनुपर्नेमा सो नभई भएको उक्त फैसला त्रुटिपूर्ण रहेको छ ।

**२४. जिल्ला मकवानपुर, मकवानपुरगढी गाउँपालिका -४ स्थायी वतन भई हाल ऐ. हेटौंडा उप-महानगरपालिका वडा नं. १६ घर भई जिल्ला पर्सा बहुदरमाई गाउँपालिका वडा नं. ६ मा कार्यरत वडा सचिव वर्ष २८ को दीपक खनालसमेत.........................................................................................................२ जना ।**

**मुद्दाः- घुस/रिसवत लिई भ्रष्टाचार गरेको ।** (०७४-CR-००१०)

**फैसला भएको मितिः** २०७६।१०।३

**आयोगको निर्णय मितिः** २०७७।४।५ **पुनरावेदन दर्ता मितिः** २०७७।४।८

**आरोपपत्र मागदाबी**

प्रस्तुत मुद्दामा आरोपित वडा सचिव दीपक खनाललाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुरमा बिगो रु.३०,०००।- कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (ख) बमोजिम सजाय हुन र उक्त रकम दिई मतियारको भूमिका निर्वाह गर्ने सतार मियाँलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ बमोजिमको कसुरमा ऐ.ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (ख) ले हुने सजायमा ऐ.को दफा २२ बमोजिम सजाय हुन।

**विशेष अदालतको फैसला**

सह-अभियुक्तको पोललाई प्रमाणमा लिन मिलेन । सरोकारवाला व्यक्ति उजुरकर्ता रहेको नदेखिएको ।

**पुनरावेदन गर्ने आधार**

जहाँसम्म सुरजकुमार साह तेली प्रत्यक्ष सरोकारवालाको व्यक्ति नरहेकाले राधाकृष्ण मण्डलको सक्रियतामा सतार मियाँमार्फत रकम दिएको कार्यलाई स्वस्थ र स्वाभाविक मान्न नसकिने भन्ने आधार लिइएको छ, सो सम्बन्धमा हेर्दा प्रस्तुत वारदात बाल क्लबको पुनर्गठनसँग सम्बन्धित भएकाले राधाकृष्ण मण्डलको उमेर १५ वर्ष भएकाले घुस रिसवतबापतको रकम माग गर्न उमेर पुगेका सुरजकुमार साहले आयोगबाट रकम बुझी राधाकृष्णलाई दिएको र निज राधाकृष्णले प्रतिवादी सतार मियाँलाई रकम दिएको कार्यलाई सुरजकुमार साह सरोकारवाला नभएको मान्न सकिएन । बाल क्लबको संरक्षण र रेखदेख गर्ने कार्य क्लबका पदाधिकारीको मात्र हुन सक्दैन । यस अर्थमा बाल विकासको रकम भ्रष्टाचार हुन लागेको भनी उजुरी सम्बन्धमा त्यसलाई सहयोग र समन्वय गर्ने सुरजकुमार साह तेलीको कार्यलाई सरोकारवाला व्यक्ति नभएको मानिसले रकम बुझी राधाकृष्ण मण्डललाई दिएको र राधाकृष्णले पनि सतार मियाँमार्फत वडा सचिव दीपक खनाललाई दिएको कार्यलाई स्वाभाविक मान्न नसकिने भनी गरेको उक्त फैसला प्रमाण मूल्यांकनको रोहमा गम्भीर त्रुटि भई बदरभागी छ ।त्यसैगरी सहअभियुक्त पोललाई प्रमाणको रूपमा लिन नमिल्ने भनी लिइएको जिकिर सम्बन्धमा हेर्दा, उजुरीकर्ताबाट प्रतिवादी सतार मियाँले रकम बुझी वडा सचिव दीपक खनाललाई निजको घरकोठामै गई दिएको भन्ने पुष्टि भएको अवस्थामा निज दीपक खनालले डेरामा कसैलाई नल्याई उक्त रकम लिएर आउन सामाजिक परिचालक सतार मियाँलाई भनेकाले सतार मियाँले उक्त घुस रिसवतबापतको रकम वडा सचिव दीपक खनाललाई दिन निजको डेरा कोठामा गई बुझाए लगत्तै पक्राउ परेको देखिंदा सहअभियुक्तको सतार मियाँको भनाइलाई प्रमाण ग्रहण गर्न नमिल्ने भनी गरेको उक्त फैसला त्रुटिपूर्ण छ ।

**२५. चितवन, रत्ननगर नगरपालिका- ९ घर भई मालपोत कार्यालय, भरतपुर, चितवनमा कार्यालय सहयोगी पदमा कार्यरत वर्ष ५० को शंकरप्रसाद धितालसमेत...............................................................२ जना।**

**मुद्दाः- घुस/रिसवत लिई भ्रष्टाचार गरेको ।** (०७४-CR-०१७२)

**फैसला भएको मितिः** २०७६।११।२८

**आयोगको निर्णय मितिः** २०७७।४।५ **पुनरावेदन दर्ता मिति** २०७७।४।८

**आरोपपत्र मागदाबी**

मालपोत कार्यालय भरतपुर, चितवनमा ना.सु. कल्पित भन्ने मनोजकुमार निरौला र सोही कार्यालयका का.स. शंकरप्रसाद धितालले नक्सामा बढी भएको जग्गा लालपुर्जामा चढाइदिन्छु भनी उजुरीकर्ताबाट रु.२५,०००।- घुस रिसवत लिएकाले निज प्रतिवादीहरूलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुरमा बिगो रु.२५,०००।– कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा(१) को खण्ड (क) बमोजिम सजाय हुन ।

**विशेष अदालतको फैसला**

प्रतिवादीहरूलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) अनुसारको कसुरमा सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (क) अनुसार जनही ३ महिना कैद र बिगोबमोजिम रु.२५,०००।– दामासाहीले जरिवाना हुने ।

**पुनरावेदन गर्ने आधार**

निज प्रतिवादीहरूलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (क) बमोजिम जनही ३ महिना कैद ठहर भएकाले वारदात तथ्य र कैद सजायको हदसम्म केही बोलिरहन परेन । जहाँसम्म बिगो दामासाहीले जरिवाना हुने भनी ठहर गरिएको छ सो सम्बन्धमा यी प्रतिवादीहरूले सेवाग्राहीको रूपमा रहेका निवेदकसँग घुस/रिवत बापत रु.२५,०००।- लिएको तथ्यमा विवाद छैन। प्रतिवादीहरूलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुर गरेको देखिएकाले निजहरूलाई जनही बिगो रु.२५,०००।– कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (क) बमोजिम जरिवाना र कैद सजाय हुन मागदाबी लिइएको अवस्था छ । ऐनको उल्लिखित व्यवस्था हेर्दा, कसुर कायम भएका प्रतिवादीहरूलाई बिगोबमोजिम नै जरिवाना हुने गरी स्पष्ट उल्लेख गरेको देखिन्छ । यसरी ऐनले नै बिगोबमोजिम जरिवाना हुने गरी व्यवस्था गरेको अवस्थामा जरिवाना दामासाही गर्ने गरी भएको फैसलामा कानुनको प्रयोग एवं पालनामा त्रुटि रहेको देखिन्छ ।कसुरको प्रकृति पनि सामूहिक योजना र संलग्नतामा गरिएको देखिन्छ भने त्यस्तो कार्यको स्वाभाविक रूपमा कसुरको गम्भीरता बढ्ने गर्दछ । यस अवस्थामा कानुनबमोजिम हुने जरिवानालाई दामासाही हुने गरी फैसला गर्दा बढी संख्यामा कसुर गर्ने व्यक्तिहरूले कम दायित्व व्यहोर्न पर्ने अवस्थाको सिर्जना हुन गई दण्डका मान्य सिद्धान्तसमेत प्रभावित हुन जाने निश्चित छ । जरिवाना जनहीले सजाय हुने सम्बन्धमा सम्मानित सर्वोच्च अदालतबाट पुनरावेदक/प्रतिवादी रामबहादुर थापासमेत र प्रत्यर्थी/वादी नेपाल सरकार भएको घुस/रिसवत लिई भ्रष्टाचार गरेको (ने.का.प.२०७४ अंक ९ नि.नं.९८८० पृ.१५८४) मुद्दामा विशेष अदालत, काठमाडौंले प्रतिवादीहरूलाई बिगोबमोजिम जनही जरिवाना हुने ठहराई मिति २०७१।८।२४ मा गरेको फैसलालाई सदर हुने ठहरी मिति २०७३।९।४ मा फैसलासमेत भएकाले प्रतिवादीहरूलाई जनही जरिवाना हुनुपर्नेमा सो नभई भएको उक्त फैसला त्रुटिपूर्ण रहेको छ।

२६. **साबिक खोटाङ, हाल कागेश्वरी मनहरा नगरपालिका वडा नं. ८ बस्ने मालपोत कार्यालय, धनकुटाका तत्कालीन प्रमुख मालपोत अधिकृत वर्ष ५९ को चन्द्रमणि घिमिरेसमेत...................................५ जना ।**

**मुद्दाः- जग्गा व्यक्तिविशेषको नाममा कायम गरी भ्रष्टाचार गरेको ।** (०७५-CR-००२५)

**फैसला भएको मितिः** २०७६।११।१८

**आयोगको निर्णय मितिः** २०७७।४।५ **पुनरावेदन दर्ता मितिः** २०७७।४।८

**आरोपपत्र मागदाबी**

प्रस्तुत मुद्दामा प्रमुख मालपोत अधिकृत चन्द्रमणि घिमिरे, खरिदार कमलबहादुर ढुंगेल, ना.सु. गणेशबहादुर के.सी. र खरिदार खगेन्द्र कार्कीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) र सोही ऐनको दफा ८ को उपदफा (१) को देहाय (ज) को कसुरमा निजहरूलाई बिगो रु.३०,२३,४३७।- कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम र प्रतिवादी हेन्द्र तामाङले आफूलाई गैरकानुनी लाभ हुने गरी सरकारी जग्गा आफ्नो निजी श्रेस्तामा घुसाई अप्रमाणित श्रेस्ताको आधारमा विभिन्न व्यक्तिको नाममा बिक्री गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसुर गरेको पुष्टि

| |
|---|
| भएकाले निज प्रतिवादी हेन्द्र तामाङलाई सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिम सजाय हुन । |

**विशेष अदालतको फैसला**

| |
|---|
| चन्द्रमणि घिमिरे र कमलबहादुर ढुंगेललाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(३) अन्तर्गतको कसुरमा सोही ऐनको दफा ८(३) बमोजिम जनही ६(छ) महिना कैद र बिगो रु.३०,२३,४३७।- दामासाहीले जरिवाना हुने र प्रतिवादी हेन्द्र तामाङलाई दफा ८(४) को अनुसार १(एक) वर्ष ३ महिना कैद सजाय हुनुका साथै धनकुटा जिल्ला साबिक फाङ्दुवा-९ (हाल पाख्रिवास नगरपालिका वडा नं. ६) कि.नं. ३३७ को क्षेत्रफल १०-१-१-० रोपनी जग्गा नेपाल सरकारको नाममा श्रेस्ता यथावत कायम हुने र प्रतिवादीहरू गणेशबहादुर के.सी. र खगेन्द्र कार्कीले आरोपपत्र मागदाबीबाट सफाइ पाउने । |

**पुनरावेदन गर्ने आधार**

| |
|---|
| जग्गाको बीचबाट हिले-भोजपुर सडक निर्माण भएको, सडकदेखि दक्षिणतर्फ डम्पिङ साइटको रूपमा प्रयोग भएको समेत देखिन आई उक्त जग्गालाई सुरु विशेष अदालतबाट सार्वजनिक रहे भएको ठहर भई उक्त जग्गा नेपाल सरकारको नाममा श्रेस्ता यथावत कायम हुने र प्रतिवादी हेन्द्र तामाङलाई आरोपपत्र माग दाबीबमोजिम सजाय हुने गरी फैसलासमेत भएकाले सो तर्फ केही बोलिरहन परेन ।रजिष्ट्रेसन फाँटका कर्मचारी ना.सु. गणेशबहादुर के.सी. र खरिदार खगेन्द्र कार्कीले उक्त कि.नं. ३३७ क्षेत्रफल १०-१-१-० को जग्गा राजीनामाको सन्दर्भमा मूल्यांकन हेरी थैली अंक ठीक छ छैन हेर्ने, राजस्व असुल गर्ने र लिखतका व्यक्तिहरूबीच जग्गा किनबेचको रकम लेनदेन भए-नभएको सोधी मालपोत अधिकृतसमक्ष पेस गर्नुपर्ने भए पनि उक्त कि.नं. ३३७ अप्रमाणित श्रेस्ताको कसरी मूल्यांकन गरेको सो खुलाउन सकेको पाइँदैन । त्यसैगरी जग्गा राजीनामा पारित गराउने तथा साबिक मोठ श्रेस्ता र किन्ने व्यक्तिको मोठ श्रेस्ता प्रमाणित गर्ने तत्कालीन प्रमुख मालपोत अधिकृत चन्द्रमणि घिमिरे दुवै जिम्मेवार हुन्छन भनी यी प्रतिवादीहरू गणेशबहादुर के.सी. र खरिदार खगेन्द्र कार्कीले अनुसन्धानको क्रममा उल्लेख गरिदिएको हुँदा उक्त साबिक फाङ्दुवा हाल पाख्रिबास वडा नं. ६ को कि.नं. ३३७ क्षेत्रफल १०-१-१ को अप्रमाणित रहेको जग्गा अन्य व्यक्तिहरूकोमा बिक्री वितरण हुनुमा कुनै एक व्यक्तिको मात्र संलग्नता नरही मोठ फाँटका कमलबहादुर ढुंगेल, रजिष्ट्रेसन फाँटका ना.सु. गणेशबहादुर के.सी., खरिदार खगेन्द्र कार्की, प्रमुख मालपोत अधिकृत चन्द्रमणि घिमिरेसमेतको मिलेमतोमा नियम कानुनविपरीत कार्य कसुर भए गरेको पुष्टि हुन आएकाले रजिष्ट्रेसन फाँटका कर्मचारीहरू ना.सु. गणेशबहादुर के.सी. र खरिदार खगेन्द्र कार्कीलाई सफाइ दिने गरी भएको उक्त फैसला प्रमाण मूल्यांकनको रोहमा त्रुटिपूर्ण भई सो हदसम्म बदरभागी छ ।जहाँसम्म प्रतिवादी चन्द्रमणि घिमिरे र कमलबहादुर ढुंगेललाई आरोपपत्र मागदाबीबमोजिमको दफा परिवर्तन र जरिवाना दामासाहीले हुने गरी फैसला गरिएको छ । सो सम्बन्धमा हेर्दा अप्रमाणित श्रेस्ताको आधारमा सरकारी जग्गा व्यक्ति विशेषको नाममा बिक्री वितरण गर्ने प्रयोजनका लागि लिखत प्रमाणित गर्ने मालपोत कार्यालय, धनकुटाका कर्मचारीहरूको मिलेमतोमा धनकुटा जिल्ला साबिक फाङदुवा-९ (हाल पाख्रिवास नगरपालिका वडा नं.६) कि.नं. ३३७ क्षेत्रफल १०-१-१-० रोपनी सरकारी जग्गा तत्कालीन मूल्यांकन बिगो रु.३०,२३,४३७।—मूल्य पर्ने सरकारी जग्गा अनधिकृत रूपमा व्यक्ति विशेषको श्रेस्तामा घुसाई सोही अप्रमाणित श्रेस्ताको आधारमा बिक्री वितरणसमेत गरेको अवस्थामा प्रतिवादीहरूको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) र दफा ८ को उपदफा (१) को खण्ड (ज) बमोजिमको कसुर भएकाले सो बमोजिमको कसुरमा कैद र बिगोबमोजिम जनही जरिवाना सजाय हुनुपर्नेमा सो नभई दफा ८ (३) बमोजिम कैद र जरिवाना दामासाहीले हुने गरी भएको फैसला सो हदसम्म त्रुटिपूर्ण भई बदरभागी छ । |

२७. **कास्की जिल्ला, मौजा गाउँपालिका, वडा नं. ४ स्थायी घर भई जिल्ला शिक्षा कार्यालय, बाराका तत्कालीन जिल्ला शिक्षा अधिकारी (हाल बाग्लुङ जिल्ला, बुर्तिबाङ न.पा.मा कार्यरत) नागरिकता प्रमाणपत्र नं.३१४८/कास्की, वर्ष ४९ का धनप्रसाद पोखरेल ..........................................................................१ जना।**

**मुद्दाः- निर्माणको बजेट काम नगरी नक्कली बिल भरपाई बनाई हिनामिना गरी भ्रष्टाचार गरेको ।(०७६-CR-०१२८)**

**फैसला भएको मितिः** २०७६।११।१४

**आयोगको निर्णय मितिः** २०७७।४।८ **पुनरावेदन दर्ता मितिः** २०७७।४।८

**आरोपपत्र मागदाबी**

प्रतिवादीहरूमध्ये तत्कालीन जिल्ला शिक्षा अधिकारी धनप्रसाद पोखेलसमेत उपर गैरकानुनी हानि नोक्सानी पुऱ्याई निर्माणस्थलमा भए गरेको कार्यभन्दा रु.१,३९,९६२।५२ का आधारमा सोही ऐनको दफा ८(१) बमोजिम सजाय गरी हानि नोक्सानी बिगोमध्ये उजुरी परेपछि अनुसन्धानको क्रममा जम्मा रु.३४,१९३।७५ रकम बराबरको थप निर्माण कार्य भएको र रु.८३,४६३ बेरुजु दाखिला गरेको देखिएकाले बाँकी रकम रु.२२,३९५।७७ उक्त ऐनको दफा ८(१) बमोजिम असुलउपर हुन ।

**विशेष अदालतको फैसला**

निर्माण सम्पन्न नहुँदैको अवस्थामा नापजाँच बिल र कार्य सम्पन्न प्रतिवेदन बिना निकासा भएको रकम भुक्तानी गर्दाको अवस्थासम्म उक्त बिगो बराबर हानि नोक्सानी भएको भन्न सान्दर्भिक हुने भए पनि प्रस्तुत आरोप दाबी गर्दाको अवस्थामा विद्यालय भवन निर्माण सम्पन्न भएको भन्ने देखिएको र सो को प्रतिवेदन पेस भएको समेत देखिएकोमा उक्त बिगो बराबरको रकम हानि नोक्सानी भएको मान्न कानुन एवं न्यायसंगत हुन नसक्ने र शंकारहित नापजाँचको परिमाणलाई आधार मान्न सकिनेमा शंकारहित अवस्था देखिन नआएको हुँदा सफाइ पाउने।

**पुनरावेदन गर्ने आधार**

काम सम्पन्न नहुँदै रकम भुक्तानी भएकोमा प्रतिवादीहरूले स्वीकार गरी गरेको बयान सो व्यहोरालाई अदालतमा पनि प्रतिवादीहरूले इन्कार गर्न नसकेको अवस्था र अदालतले पनि काम सम्पन्न नहुँदै रकम भुक्तानी भएको भन्ने फैसलामा प्रतिवादीहरूको गलत कार्य स्वीकार गरेको मिसिल संलग्न तथ्यहरूबाट देखिएको अवस्थामा प्रतिवादीहरूलाई कसुर आरोपबाट सफाइ दिएको उक्त फैसला त्रुटिपूर्ण देखिन्छ । यसर्थ, उक्त विद्यालयको दुईकोठे भवनको निर्माण कार्य सम्पन्न नहुँदै गलत कागजपत्र तयार गरी रकम निकासा भुक्तानी गर्नु, काम पूरा नभएकोमा खाता रोक्का राखेको अवस्थामा प्रतिवादीहरू धनराज पोखरेलसमेतबाट फुकुवा गर्नु हुँदै नभएको कामको रु.१,३९,९६२।५ मध्ये रु.८३,४६३।- बैंक दाखिला गरे तापनि रु.२२,३९५।७७ भएको कामभन्दा बढी परिमाण उल्लेख गरी भुक्तानी भएको प्रस्तुत मुद्दामा स्पष्ट भएको अवस्थामा विद्यालय रकम भुक्तानी गर्दाको अवस्थामा उक्त बिगो बराबरको रकम हानि नोक्सानी भएको सान्दर्भिक हुने भए पनि भवन निर्माण सम्पन्न भएकाले उक्त बिगो बराबरको रकम हानि नोक्सानी मान्न कानुन एवं न्यायसंगत हुन नसक्ने भनी फैसलाको आधार लिई गरिएको उक्त फैसला त्रुटिपूर्ण देखिन्छ । अदालत स्वयंले भुक्तानी प्रक्रिया त्रुटिपूर्ण रहेको भनी स्वीकार गरेको अवस्थामा प्रतिवादीहरू निर्दोष छन् भनी कसुर आरोपबाट सफाइ दिने गरी फैसला हुनु आफैंमा त्रुटिपूर्ण देखिन्छ । Visual Inspection बाट यकिन गर्न सकिने कामहरूमा भित्ताको प्लष्टर हातले फुटाउन सकिने रहेको, बाहिरी भित्ताहरूमा रंगरोगन गर्ने कार्य राम्रो नभएको, ब्ल्याकबोर्ड भत्किई भुईंमा झरेको, प्लाइको फल्स सिलिङ राम्रोसँग नकसिएका कारण कुनै कुनै पनि बेला झर्न सक्ने देखिएको, कामको गुणस्तर कमी रहेको र नभएको काम देखाई कामभन्दा बढी परिमाण उल्लेख गरी रु.१,३९,९६२।५२ बढी भुक्तानी लिए दिएको स्पष्ट बिलबुकबाट शंकारहित तवरबाट नापी मूल्यांकन भएको देखिँदा देखिँदै प्राविधिकबाट निरीक्षण र निर्माण भएको उक्त कोठे भवनको स्पष्ट किटानीपूर्वक नापजाँच भएको परिमाणलाई आधारबिना शंका देखाई प्रतिवादीहरूलाई कसुर आरोपबाट सफाइ दिने गरी भएको पैसला गम्भीर त्रुटिपूर्ण देखिन्छ ।

२८. **जिल्ला काठमाडौं, कीर्तिपुर नगरपालिका वडा नं. ४ सल्यान स्थान स्थायी वतन भएका वर्ष ५५ का वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग बबरमहलमा उपसचिव (निर्देशक) पदमा कार्यरत पुरुषोत्तम सुवेदी.......... २ जना ।**

**मुद्दाः- घुस/रिसवत लिई भ्रष्टाचार गरेको । (०७४-CR-०१६९)**

**फैसला भएको मितिः** २०७६।८।१

**आयोगको निर्णय मितिः** २०७७।४।५ **पुनरावेदन दर्ता मितिः** २०७७।४।८

**आरोपपत्र मागदाबी**

वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग बबरमहलको फर्म तथा एजेन्ट शाखामा कार्यरत नायब सुब्बा जुनेश सापकोटाले घुस रिसवतबापत रु.१०,०००।- माग गरी लिएको, उक्त रकम लिने कार्यमा प्रतिवादीहरू जुनेश सापकोटा, पुरुषोत्तम सुवेदी र रामहरि पोखरेलको प्रत्यक्ष संलग्नता रहे भएको देखिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुर गरेकोले निज जुनेश सापकोटा, पुरुषोत्तम सुवेदी र रामहरि पोखरेललाई जनही बिगो रु.१०,०००।- कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (क) बमोजिम सजाय हुन ।

**विशेष अदालतको फैसला**

प्रतिवादीमध्ये जुनेश सापकोटालाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) अनुसारको कसुरमा सोही ऐनको दफा ३ को उपदफा (१) अनुसार २४ दिन कैद र बिगोबमोजिम रु.१०,०००।– जरिवाना हुने र अन्य प्रतिवादीहरू पुरुषोत्तम सुवेदी र रामहरि पोखरेलले आरोप दाबीबाट सफाइ पाउने ।

**पुनरावेदन गर्ने आधार**

उजुरीकर्ता जे.यु.सि. इन्टरनेसनल प्रा.लि.का कृष्ण खरेलबाट एजेन्सी नवीकरण गर्न वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, बबरमहल, काठमाडौंमा कार्यरत नायब सुब्बा जुनेश सापकोटा रु.१०,०००।- घुस रिसवत माग गरेकाले सो सम्बन्धमा कारबाहीका लागि कृष्ण खरेलले आयोगसमक्ष निवेदन दिएबमोजिम भरपाई गरी लगेको रकम रु.१०,०००।– आरोपित जुनेश सापकोटाले लिई पाइन्टको खल्टीमा राखेको अवस्था रकमसहित पक्राउ परेको वारदातमा निज जुनेश सापकोटालाई आरोपपत्र मागदाबीबमोजिम सजाय भएकाले निजको हकमा केही बोलिरहन परेन ।प्रतिवादीहरू पुरुषोत्तम सुवेदी र रामहरि पोखरेलले आरोपपत्र मागदाबीबाट सफाइ पाएको हदसम्म हेर्दा उजुरीकर्ताको एजेन्सी नवीकरण गर्नेसम्बन्धी फाइल शा.अ. रामहरि पोखरेलसमक्ष पेस हुने र शाखा अधिकृतको रायसहित निर्णयार्थ निर्देशक पुरुषोत्तम सुवेदीसमक्ष पेस भएपछि निर्णय गर्ने पदाधिकारीहरू रहेको देखिन्छ । उजुरीकर्ताको एजेन्सी नवीकरण गर्ने कार्यमा यी प्रतिवादीहरूले आलटाल गरेको र सो कामका लागि उजुरीकर्तासँग रकमसमेत माग गरेको भन्ने देखिन्छ । यी प्रतिवादीहरू मौका र अदालतसमक्ष इन्कार रहे पनि कसुर ठहर हुने प्रतिवादी जुनेश सापकोटाले अनुसन्धानको क्रममा निवेदकले पेस गरेको श्रव्यदृश्यमा बुढालाई एक-एक हेर्छन् भन्नुको अर्थ निर्देशक सरले फाइल लग्दा के मिलेको छ के मिलेको छैन भनी एकएक हेर्नुहुन्छ भनेको हो । कुनै फाइलबाट केही रकम आउने भयो भने रकम आउँदैछ भनेपछि सरहरूले काम छिटो गरिदिन्छु र सबैलाई मिलाउनुपर्‍यो भनेको चाहिँ मैले प्राप्त गरेको रकम माथिल्लो अधिकृत सरहरूलाई पनि दिनुपर्छ भनेको हो । निवेदकसँग लिएको घुस/रिसवत रकम रु.१०,०००।— पहिला पहिलाको हिसाबमा मैले टिप्पणी उठाउने अधिकृत सरले सही गर्ने र निर्देशक सरले सदर गर्ने भएकाले बराबरको हिसाबले रकम पर्दथ्यो त्यही आधारमा हामी ३ जनाले बराबरी बाँडेर लिन्थ्यौं । संकलन भएको रकम साँझमा कार्यालयमा नै म आफैंले सरहरूलाई दिने गर्दथें । निर्देशक श्री पुरुषोत्तम सुवेदीसँगको सर-सल्लाहमा रकम संकलन गरेको हो भनी पोल गरी बयान गरेको समेतबाट प्रतिवादीहरूउपरको कसुर पुष्टि भएको अवस्थामा सफाइ दिने गरी भएको उक्त फैसला सो हदसम्म त्रुटिपूर्ण भई बदरभागी रहेको छ ।

**२९. जिल्ला पाँचथर,साबिक रानीगाउँ गा.वि.स.७ हाल कुम्वायक गाउँपालिका वडा नं. ४ बस्ने वर्ष ४१ को ट्राफिक प्रहरी कार्यालय चन्द्रगढी, झापा दरबन्दी भई जिल्ला ट्राफिक प्रहरी कार्यालय विर्तामोड, झापामा कार्यरत निलम्बित प्र.स.नि. यामकुमार खड्कासमेत............................................................................................ २जना ।**

**मुद्दाः- घुस/रिसवत लिई भ्रष्टाचार गरेको ।** (०७५-CR-०२५८)

**फैसला भएको मितिः** २०७६।१०।२२

**आयोगको निर्णय मितिः** २०७७।४।५ **पुनरावेदन दर्ता मितिः** २०७७।४।८

**आरोपपत्र मागदाबी**

प्रतिवादी सराफ शेखले प्र.स.नि. यामकुमार खड्कासँग मिलेमतोमा सवारी चालक अनुमतिपत्र बनाइदिने भनी रु.१७,०००।- घुस रिसवत माग गरी उजुरीकर्ताबाट लिएको तथ्य पुष्टि हुन आएकाले प्रतिवादी यामकुमार

खड्‌काले गरेको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुरमा बिगो रु.१७,०००।- कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (क) बमोजिम सजाय हुन र अर्का प्रतिवादी सराफ शेखको कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ बमोजिमको कसुर भएकाले निज सराफ शेखलाई बिगो रु.१७,०००।- कायम गरी सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (क) ले हुने सजायमा सोही ऐनको दफा २२ बमोजिम सजाय हुन ।

**विशेष अदालतको फैसला**

उजुरीकर्ताको अभिव्यक्तिबाट यामबहादुर खड्‌काले रकम मागेको र बुझेको भन्ने देखिन नआएको, SMS पठाएको तथ्यसम्म स्थापित भए पनि तदनुरूपको क्रियाकलाप गरेको पुष्टि नभएको भनी प्रतिवादी यामबहादुर खड्‌कालाई आरोपपत्र दाबीबाट सफाइ र प्रतिवादी सराफ शेखको हकमा राष्ट्रसेवक नदेखिएकाले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (२) बमोजिमको कसुर हुने हुँदा सोही दफाबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) अनुसार कैद र बिगोबमोजिम जरिवाना हुने ।

**पुनरावेदन गर्ने आधार**

भरपाई गरी लगेको रकम रु.१७,०००।– आरोपितमध्ये सराफ शेखको खल्तीबाट बरामद भएको र सो वारदातमा आरोपित सराफ शेखलाई सजायसमेत भएकाले घुस रिसवतको कसुरको वारदातमा विवाद नभएकाले सोतर्फ केही बोलिरहन परेन । जहाँसम्म, प्रतिवादीमध्ये यामकुमार खड्‌काले आरोपपत्र मागदाबीबाट सफाइ पाउने गरी फैसला भएको छ सो सम्बन्धमा हेर्दा कसुर ठहर भएका प्रतिवादी पूर्वेली मजदुर प्रा.लि. विर्तामोडका दारी भनेर चिनिने सराफ शेखसँग उजुरीकर्ताको भेट हुँदा यातायातका कर्मचारीलाई रिसवत नदिएसम्म सवारी चालक अनुमतिपत्र नबन्ने, बनाउने भए कर्मचारीलाई रकम दिन रु.१७,०००।– माग गरेकाले उक्त रकम उजुरीकर्ताले आयोगबाट भरपाई गरी लगी सराफ शेखलाई दिएको पाइन्छ । अनुसन्धानको क्रममा पक्राउ सराफ शेखले उक्त रकम ट्रायलमा खटिएका प्र.स.नि. यामकुमार खड्‌काले भनेबमोजिम रकम माग गरेको सो रकममध्ये मैले जम्मा रु.१,०००।- पाउने हो भनी खुलाई लेखाई दिएकाले सो सम्बन्धमा बुझिएका प्र.स.नि.यामकुमार खड्‌काले उक्त रकम माग नगरेको भनी बयान गरे पनि प्रतिवादीहरू सराफ शेख र यामकुमार खड्‌काबीच पटकपटक फोन सम्पर्क भएको र उजुरीकर्ता निवेदकलाई पास गराउनुपर्छ भन्ने सम्बन्धमा SMS समेत पठाएको देखिएकाले यामकुमार खड्‌काकै निर्देशनमा सराफ शेखले उजुरीकर्तासँग रकम माग गरेको पुष्टि भएको छ । अर्कोतर्फ सराफ शेख सवारी चालक अनुमतिपत्र पाउन परीक्षा लिने कार्यमा संलग्न कर्मचारी नभएकाले कसैलाई पास र फेल गर्ने अधिकारप्राप्त व्यक्तिसमेत नभएकाले ट्रायलमा पास फेलको परिणामको अभिलेख राख्ने कार्यमा खटिएका प्र.स.नि. यामकुमार खड्‌कासँगको मिलेमतो रहेनछ भन्न नसकिने अवस्था हुँदा निज प्रतिवादी सराफ शेखले भने बमोजिम घुस रिसवतबापतको रकम यी प्रतिवादी प्र.स.नि.यामकुमार खड्‌काले भनेबमोजिम माग गरेको देखिएकाले यी प्रतिवादीसमेत उपरको आरोपपत्र दाबी सप्रमाण पुष्टि भएको अवस्थामा केवल उजुरीमा नाम नहुनुका साथै उजुरीकर्तासँग फोन सम्पर्कसमेत नभएको भन्ने आधार लिई गरेको उक्त फैसला प्रमाण मूल्यांकनको रोहमा गम्भीर त्रुटि भई सो हदसम्मको फैसला बदरभागी छ ।त्यसैगरी, प्रतिवादी सराफ शेखको हकमा आरोपपत्र दाबीको दफा परिवर्तन गरी सजाय गरिएको छ । सो सम्बन्धमा हेर्दा निवेदक भीमप्रसाद संग्रौलाबाट लिएको रकम रु.१७,०००।- निजको टेम्पोको लाइसेन्स बनाइदिने प्रयोजनका लागि लिएको हो । सो रकम ट्राफिक प्रहरी कार्यालय विर्तामोडका खड्‌का सर भन्ने यामकुमार खड्‌काले लिनु भनेर लिएको हुँ । उक्त रकम निज प्र.स.नि. यामकुमार खड्‌कालाई रु.१६,०००।- र मलाई रु.१,०००।- बाँडेर लिनुपर्ने थियो भनी प्रतिवादी सराफ शेखले अनुसन्धानको क्रममा बयान गरेको र निजको उक्त बयानलाई प्रतिवादीहरू सराफ शेख र यामकुमार खड्‌काबीच पटकपटक फोन सम्पर्क भएको र उजुरीकर्ता निवेदकलाई पास गराउनुपर्छ भन्ने सम्बन्धमा SMS समेत पठाएको देखिएकाले यामकुमार खड्‌काकै निर्देशनमा सराफ शेखले उजुरीकर्तासँग रकम माग गरेको पुष्टि भएको अवस्थामा निज प्रतिवादी सराफ शेखले प्रतिवादी यामकुमार खड्‌काले गरेको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुरमा ऐ.को दफा ३ को

उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (क) बमोजिमको कसुरको मतियार हुने दफा २२ नं. को कसुर भएकाले निज प्रतिवादी सराफ सेखलाई सोही भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (क) ले हुने सजायमा ऐनको दफा २२ को प्रतिबन्धात्मक वाक्यांशबमोजिम सजाय हुनुपर्नेमा सो नगरी आरोपपत्र दाबीभन्दा फरक दफा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (२) अनुसारको कसुरमा सोही ऐनको दफा ३ को उपदफा (१) अनुसार सजाय गरेको हदसम्मको फैसला त्रुटिपूर्ण हुँदा सो हदसम्म बदरभागी छ ।

**३०. जिल्ला सुनसरी, साबिक खनार गा.वि.स. हाल इटहरी उपमहानगरपालिका वडा नं. १२ स्थायी घर भएका यातायात व्यवस्था कार्यालय, सवारी चालक अनुमतिपत्र, नारायणी, पर्सा वीरगन्जका कार्यालय प्रमुख वर्ष ४९ को विश्वराज नेपालसमेत..........................................................................................................५जना ।**

**मुद्दाः- गलत लिखत तयार गरेको तथा सरकारी कागजात नष्ट गरी भ्रष्टाचार गरेको । (०७५-CR-००६५)**

**फैसला भएको मितिः** २०७६।९।१६

**आयोगको निर्णय मितिः** २०७७।४।५ **पुनरावेदन दर्ता मितिः २०७७।४।८**

**आरोपपत्र मागदाबी**

सरकारी कागज धुल्याउने नियमहरू २०२७ को अनुसूची-१ तथा यातायात व्यवस्था विभाग एवं कार्यालयहरूबाट सम्पन्न गरिने कार्यहरूको कार्यविधि निर्देशिका २०६० को परिच्छेद ५ को १६.२.५ को व्यवस्थाविपरीत कागजात धुल्याई नष्ट गरी निज विश्वराज नेपालले गरेको कसुर भ्रष्टाचार नियन्त्रण ऐन, २०५९ को दफा १२ अनुसारको कसुर अपराध भएकाले निजलाई सोही ऐनको दफा ९ र १२ बमोजिम सजाय हुन ।

**विशेष अदालतको फैसला**

बदनियतपूर्वक कागजात धुल्याउने कार्य गरेको पुष्टि हुन नसकी सफाइ ।

**पुनरावेदन गर्ने आधार**

प्रतिवादीहरूबाट आफ्नो अनुकूल कानुन र निर्देशनको अपव्याख्या गरी नेपालीकरण गरेको देखिन्छ । प्रतिवादीहरूबाट बयान जिकिर लिंदा कार्यालय परिसर होचो भएकाले कार्यालय परिसरमा वर्षातको समयमा बाढी पस्ने गरेको हुँदा सवारी चालकपत्रका निवेदन प्रमाण कागजात नष्ट भएकाले धुल्याउने कार्य गरिएको भनी उल्लेख भएको देखिन्छ । आ.व. ०७१।७२, ०७२।७३ को नेपालीकरण गरिएका अनुमतिपत्रको १ वर्ष समय पुगेको भए तापनि आ.व. ०७३।७४ असरसम्मका ३४३९ वटा नेपालीकरण गरिएका सवारी अनुमतिपत्रको यातायात कार्यविधि निर्देशिका, २०६० को परिच्छेद ५ को १६.२.५ बमोजिम १ वर्ष पूरा भएपछि धुल्याउने कार्य गर्नुपर्नेमा आ.व. समाप्त भएको ६ महिना २३ दिनमा नै धुल्याउने बहानामा गैरकानुनी र बदनियतपूर्वक धुल्याउने नाममा गरेको उक्त कार्यको प्रमाण कागजात नष्ट गरेको प्रमाण स्पष्ट देखिन्छ । जुन तथ्य अदालतले फैसला गर्दा उल्लेख गरे तापनि सार्थक सम्बन्ध नरहेको असल नियतले गरेको भनी व्याख्या गरेको देखिन्छ । असल नियतले प्रतिवादीहरू गठमत भई सवारी अनुमतिपत्र नेपालीकरण गरेका हुन् कि होइनन् भन्नेतर्फ आ.व. ०७३।७४ मा ३४३९ थान सवारी चालक अनुमतिपत्र नेपालीकरण गरिएकोमा राहदानी विभागको ०७५।५।४ र ०७५।५।१२ को पत्रानुसार १५१२ सेवाग्राहीले मात्र राहदानी लिएका सो मध्ये १०२ जनाले मात्र नेपालीकरणको सवारीचालक अनुमतिपत्र लिएपछि राहदानी लिएको देखिन्छ । २०१७ जना विदेश गएका र लाइसेन्स नेपालीकरण गर्ने माग गरेर कार्यालयले नेपालीकरण गरेको तर त्यस्ता व्यक्ति विदेश नगएका र राहादानी नै नलिएको नेपाल सरकार राहदानी विभागको तथ्यांक प्रमाणले देखाउँछ । यसर्थ, गलत कागजपत्र तयार गरी गराई बदनियतपूर्वक सवारी चालक अनुमतिपत्र नेपालीकरण गरी वितरण गरेको र छानबिन हुने अवस्थामा अवधि नपुगी कागजात धुलाउने नाममा प्रमाण नष्ट गरेको तथ्य शंकारहित पुष्टि हुँदाहुँदै त्यसतर्फ अदालतले प्रतिवादीहरूलाई बदनियत रहेको तथ्य र प्रमाण मूल्यांकन नगरी प्रतिवादीहरूलाई कसुर आरोपबाट सफाइ दिने गरी फैसला गरेको हुँदा फैसला त्रुटिपूर्ण देखिन्छ । प्रस्तुत मुद्दामा यातायात व्यवस्था कार्यालय वीरगंजमा तत्काल काम गर्ने विरुद्ध खण्डका पदाधिकारी र कर्मचारीलाई जे मन लाग्यो त्यसैगरी ३४३९ थान

सवारी अनुमतिपत्रलाई नेपालीकरण गरिएको छ । यी कागजपत्र र प्रमाणका आधारमा उक्त सवारी अनुमतिपत्र नेपालीकरण गरिएको भनी प्रतिवादीहरूले सरकारी कामको जिम्मेवारी, पारदर्शी व्यवहार र अभिलेख देखाउन सकेको अवस्था छैन । कागजपत्र धुल्याउने नाममा ३४३९ थान सवारी अनुमतिपत्रको नेपालीकरण गर्दा तयार गरेका, नगरेका कागजापत्र, निवेदनहरू नष्ट गर्ने, गायब गर्ने कार्य गरेको अवस्थामा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ र १२ बमोजिम सजाय हुन आरोप दाबीको साथै मागदाबी लिइएको अवस्था छ । सरकारी काममा पारदर्शी व्यवहार र सुशासन कायम गर्दा असंख्य बिगो गणना गर्न नसक्ने अवस्था हुँदा कसुर देखिएको अवस्थामा निज प्रतिवादीहरूलाई आरोपपत्र माग दाबीबमोजिम कसुर कायम गरी सजाय गर्नुपर्नेमा सो नगरी सवारी अनुमतिपत्र नवीकरण गर्दा सरकारी निकायलाई सार्वजनिक संस्था वा कुनै व्यक्तिलाई हानि पुऱ्याउने बदनियत नपाइएको भनी विरुद्ध खण्डमा प्रतिवादीहरूलाई कसुर अभियोग/आरोपबाट सफाइ दिने गरी भएको उक्त फैसला गम्भीर त्रुटिपूर्ण हुँदा बदरभागी छ ।

**३१. स्याङ्जा जिल्ला, साबिक पकवादी गा.वि.स. वडा नं. ४, हाल गल्याङ नगरपालिका, वडा नं. ९ स्थायी ठेगाना भई महाकाली अञ्चल यातायात कार्यालय महेन्द्रनगर, कञ्चनपुरका तत्कालीन निमित्त कार्यालय प्रमुख, वर्ष ५३ का सिताराम खनालसमेत ........................................................................................३जना ।**

**मुद्दाः- परीक्षाको परिणाम फेरबदल गरी भ्रष्टाचार गरेको । (०७५-CR-०२५६)**

**फैसला भएको मितिः** **२०७६।११।५**

**आयोगको निर्णय मितिः** **२०७७।४।५** **पुनरावेदन दर्ता मितिः २०७७।४।८**

**आरोपपत्र मागदाबी**

मोटरसाइकल/स्कुटरको सवारी चालक अनुमतिपत्रको प्रयोगात्मक परीक्षामा अनुर्तीण र अनुपस्थित भएका आठजना प्रशिक्षार्थीहरूलाई परीक्षा समितिको बैठक बसी पास गराई सवारी चालक अनुमतिपत्र दिई आफूलाई गैरकानुनी लाभ पुऱ्याउने बदनियतले परीक्षाको परिणाम फेरबदल गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १३ बमोजिमको कसुर गरेकाले प्रतिवादीहरू सिताराम खनाल, योगेन्द्रप्रसाद गुप्ता र बाबुकाजी गिरीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १३ बमोजिम सजाय हुन ।

**विशेष अदालतको फैसला**

मागदाबी लिई विशेष अदालतमा आरोपपत्र पेस गरिएकोमा विशेष अदालतबाट प्रस्तुत मुद्दामा प्रतिवादीमध्येका सिताराम खनाल र योगेन्द्रप्रसाद गुप्ता रौनियारलाई ३ महिना कैद र रु.५०००।- जरिवाना हुने र अर्का प्रतिवादी बाबुकाजी गिरीले कसुर आरोपबाट सफाइ पाउने ।

पुनरावेदन गर्ने आधार

मिति २०७२।३।१६ देखि २०७२।३।२६ सम्म परीक्षा संचालन गर्ने मेकानिकल सुपरभाइजर गुन्जबहादुर खड्का, ना.सु. नरबहादुर थापा र खरिदार नोकराज जोशी रहेको एक फिल्ड बोर्ड समिति गठन गरेको देखिन्छ । निजहरूको चेकलिष्टको आधारमा पास/फेल अनुपस्थित जे हुन्छ सो हेरी अन्तिम परीक्षा प्रकाशन गर्ने व्यवस्था रहेको देखिन्छ । मोटरसाइकल/स्कुटरको सवारी चालक अनुमतिपत्रको प्रयोगात्मक परीक्षाको चेकलिष्टमा fail Absent जनाएको तर सक्कल प्रवेश पत्रमा pass जनाई फेल भएका ८ (आठ) जनालाई सवारी चालक अनुमतिपत्र दिएको देखिन्छ । परीक्षा समितिका अध्यक्ष सिताराम खनाल सदस्य योगेन्द्रप्रसाद गुप्ता रौनियार र निज प्रतिवादी सदस्य बाबुकाजी गिरी रही परीक्षा सञ्चालन गरेकोमा विवाद देखिँदैन ।महाकाली यातायात व्यवस्था कार्यालय, महेन्द्रनगर, कन्चनपुरबाट प्राप्त परीक्षा समितिको निर्णयको प्रमाणित प्रतिलिपिसमेतका कागजातका आधारमा २०७२।३।१६ देखि २०७२।३।२६ सम्म संचालन भएको मोटरसाइकल/स्कुटरको प्रयोगात्मक परीक्षामा सम्मिलित भएका प्ररीक्षार्थीमध्ये आठजना परीक्षार्थीलाई उपलब्ध गराएको प्रवेश पत्रमा pass जनाएको तर परीक्षा समितिको बैठकको निर्णयबाट परीक्षाफलमा छुट समायोजन गर्ने भनी बदनियतपूर्वक प्रयोगात्मक परीक्षामा फेल भएका ८ जनालाई उत्तीर्ण गराउने मनसायले निर्णय गराई सवारी चालक अनुमतिपत्र नम्बरसमेत दिएको देखिएको

८ जनाको ८ वटा प्रवेशपत्रमा पास लेखी चेक लिष्टमा अन्यथा लेखिन गएको भनी गैरजिम्मेवारीपूर्वक र बदनियतपूर्वक निर्णय गरी कलुवा कडायक, धीरेन्द्र राणा, अनिल चन्द्र, रामबहादुर ऐडी, विराट चन्द, पार्वतीदेवी पन्त, हर्क टमटा, पदमराज भट्टलाई सवारी चालक अनुमतिपत्र दिएको मिसिल संलग्न तथ्य प्रमाणबाट देखिई तत्काल सुरु प्रतिवादीहरूमध्येका तीनजना विपक्षीको मिलोमतो र मतसल्लाहमा परीक्षामा अनुत्तीर्ण परीक्षार्थीलाई निजहरूकै योजनामा परीक्षाको प्रवेशपत्रमा सफल लेखेका र सोही आधारमा २०७२।५।११ गतेको निर्णय मिति राखी सवारी चालक अनुमतिपत्र दिएको तथ्य मिसिल संलग्न प्रमाणबाट स्पष्ट देखिएको अवस्थामा का.प्र. सिताराम खनाल र मे.ई. योगेन्द्रप्रसाद गुप्तालाई आरोप मागदाबीबमोजिम सजाय भएको तर प्रतिवादी ट्राफिक प्रहरी निरीक्षक बाबुकाजी गिरीलाई काजमा गएको भनी प्राविधिक पक्ष देखाई कसुर आरोपबाट सफाइ दिएको फैसला निज बाबुकाजी गिरीको हकमा फैसला त्रुटिपूर्ण देखिन्छ ।

**३२. जिल्ला सप्तरी, साबिक नर्घौं गा.वि.स. वडा नं. ८ हाल राजगढ गाउँपालिका वडा नं.३ बस्ने वर्ष ५६ को नापी कार्यालय सप्तरी दरबन्दी भई नापी कार्यालय सप्तरी अन्तर्गत १ नम्बर नापी टोलीका टोली प्रमुख, निलम्बित सर्वेक्षक उमाकान्त यादव......................................................................................................१जना ।**

**मुद्दाः- घुस/रिसवत लिई भ्रष्टाचार गरेको । (०७५-CR-०२३७)**

**फैसला भएको मितिः** २०७६।१०।१५

**आयोगको निर्णय मितिः** २०७७।४।५ **पुनरावेदन दर्ता मितिः** २०७७।४।८

**आरोपपत्र मागदाबी**

नापी कार्यालय सप्तरी १ नं. नापी टोलीका ज्यालादारी जंजिरदार प्रतिवादी पिन्टुकुमार यादव र सोही कार्यालयका अमिन प्रतिवादी टोली प्रमुख उमाकान्त यादव मिलेमतो भई रु.२६,०००।- प्रतिवादी पिन्टुकुमार यादवले घुस/रिसवतबापत रकम बुझिलिएको हुँदा प्रतिवादीहरूलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१)(ख) बमोजिम बिगो रु.२६,०००।- कायम गरी कैद जरिवाना सजाय हुन ।

**विशेष अदालतको फैसला**

प्रतिवादी पिन्टुकुमार यादवलाई आरोप मागदाबीबमोजिम ३ महिना कैद र रु.२६,०००।- जरिवाना हुने । अर्का प्रतिवादी तत्काल नापी टोली प्रमुख अमिन उमाकान्त यादवलाई कसुरमा इन्कार रही बयान गरेको समेतबाट कसुर आरोपबाट सफाइ पाउने ।

**पुनरावेदन गर्ने आधार**

प्रतिवादी उमाकान्त यादवले नै निवेदकको जग्गा आफैं नापजाँच गरी गोप्य राखी प्रमाण दिनका लागि सोबापत सुरुमा रु.३०,०००।- घुस रिसवत मागेको र आफ्नो फाँटको जंजिरदार पिन्टुकुमार यादवलाई भेट्नु भनी पिन्टुकुमार यादवसँग मिलोमतो गरी रकम लिन खान योजनाबद्ध तालमेल मिलाएको देखिन्छ । सोही सल्लाह र योजना मुताविक बार्गेनिङ गरी पिन्टुकुमार यादवले रु.२६,०००।- निवेदकसँग रकम लिएको देखिन्छ जुन व्यहोरा पिन्टुकुमार यादवले आयोग र अदालतसमक्ष बयान गर्दा स्वीकार गरेको अवस्था छ । यसर्थ पिन्टुकुमार यादव टोली प्रमुख प्रतिवादी उमाकान्त यादवको सहयोगी रहेको र निजसँग मिली रकम दस्तुर माग्ने उठाउने काममा प्रयोग गरेको । निजलाई नै भेटेर जग्गा नापजाँच गरिदिन्छु भनेको सोही मुताविक पिन्टुकुमार यादवले निवेदकसँग रकम पैसा लिएको, निजको पाइन्टको खल्तीबाट बरामद भएको र प्रतिवादी घुस माग्ने काममा संलग्न भएको देखिंदा देखिँदै घटनास्थलमा नभएमा, तथ्य नबुझेका प्रतिवादीका साक्षी प्रयागलाल यादव, रामनारायण यादवजस्ता साक्षीले गरेको बकपत्र र कसुरमा सजायबाट छुटकारा पाउने मनसायले इन्कारी बयान गरेकै आधारमा उक्त साक्षीको बकपत्र व्यहोरा प्रमाणमा लिई फैसलाको आधार बनाई गरेको फैसला त्रुटिपूर्ण देखिन्छ । वायुनन्द मेहता, ओमप्रसाद पौडेल, रोशनप्रसाद राजवंशी, हिलसकुमार सिंह, राजकुमार वि.क., डिल्ली नारायण, भागीलाल नाईसमेतले आफ्नो व्यहोरा अदालतमा बकपत्र गर्दा उमाकान्त यादवले भनेबमोजिम निजले सेवाग्राहीसँग घुस रिसवत लिएको हो भनी खुलाएको समेत मिसिल संलग्न बकपत्रमा उल्लेख हुँदाहुँदै निवेदकको जग्गा मिति २०७५।९।१३ देखि मिति २०७५।९।१५ सम्म नापी नक्सा भएको भन्ने पत्रको आधार लिई

पिन्टुकुमार यादवलाई मात्र कसुर कायम गरी निज प्रतिवादी उमाकान्त यादवलाई कसुर आरोपबाट सफाइ दिने गरी भएको फैसला निज उमाकान्त यादवको हकमा त्रुटिपूर्ण देखिँदा सो हदसम्म फैसला बदरभागी देखिन्छ ।

**३३. जिल्ला सप्तरी, तिलाठी कोइलाडी गाउँपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत पदमा कार्यरत सरोज कुमार झासमेत..........................................................................................................२जना।**

**मुद्दाः- घुस/रिसवत लिई भ्रष्टाचार गरेको । (०७५-CR-००३१)**

**फैसला भएको मितिः** २०७६।११।१

**आयोगको निर्णय मितिः** २०७७।४।५ **पुनरावेदन दर्ता मितिः** २०७७।४।११

**आरोपपत्र मागदाबी**

प्रमुख प्रशासकीय अधिकृत सरोजकुमार झा र कार्यालय सहायक राजकुमार मण्डलले उजुरी/निवेदकसँग रु.७०,०००।- घुस/रिसवत माग गरी लिई निज प्रतिवादीहरूले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुर गरेको पुष्टि हुन आएकाले निज प्रतिवादीहरूलाई बिगो रु.७०,०००।- कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (ग) बमोजिम जरिवाना र कैद सजाय हुन ।

**विशेष अदालतको फैसला**

प्रतिवादीहरू सरोजकुमार झा र राजकुमार मण्डलले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुर गरेको देखिन आएकाले निज प्रतिवादीहरूलाई सोही ऐनको दफा ३(१) र दफा ३(१)(ग) बमोजिम बिगो रु.७०,०००।- को दामासाहीले हुने रु.३५,०००।- का दरले जरिवाना र ४ महिनाका दरले कैद हुने।

**पुनरावेदन गर्ने आधार**

दाबीबमोजिमको कसुर कायम भई सजाय तोक्दा जरिवानाको हकमा स्पष्टरूपमा बिगोबमोजिम भनी उल्लेख भएको देखिंदा जरिवानालाई दामासाहीले र घटबढ गर्न मिल्ने स्वविवेकीय अधिकार रहेको भन्ने ऐनको मनसाय देखिँदैन । तसर्थ भ्रष्टाचार निवारण ऐन एक विशेष प्रकारको ऐन हो, विशेष ऐनमा भएको प्रावधान विशेष ऐनबमोजिम नै लागू हुने भन्ने कानुनी सिद्धान्त र मान्यता हुँदा जरिवाना कायम गर्दा पनि सोही ऐनबमोजिम कायम गरिनुपर्छ । विशेष ऐनमा स्पष्ट व्यवस्था हुँदाहुँदै जरिवानाको हकमा सामान्य कानुनसरह व्याख्या गरी दामासाहीले जरिवाना कायम गर्दा फौजदारी कानुनको मान्य सिद्धान्तविपरीत हुन जान्छ । कानुनमा स्पष्टरूपले उल्लिखित प्रावधानको गलत व्याख्या गरी भ्रष्टाचार जस्तो संवेदनशील विषयवस्तुलाई नजरअन्दाज गरी गरिएको फैसला सो हदसम्म भ्रष्टाचार निवारण ऐनको मनसायविपरीत व्याख्या र अवलम्बनमा नै त्रुटिपूर्ण भएकाले बदरभागी छ ।

**३४. सर्लाही जिल्ला रोहुवा गा.वि.स. वडा नं. १ बस्ने सर्लाही जिल्लाको बरहथवा गा.वि.स.का तत्कालीन सचिव राधाकृष्ण चौधरी.स.को कार्यालय, सर्लाहीको गा.वि.स. सचिव प्रतिवादी राधाकृष्ण चौधरी...................................१ जना ।**

**मुद्दाः- भ्रष्टाचार (सरकारी अनुदानको रकम हिनामिना) । (०७२-CR-००७८)**

**फैसला भएको मितिः** २०७६।११।२८

**आयोगको निर्णय मितिः** २०७७।४।५ **पुनरावेदन दर्ता मितिः** २०७७।४।११

**आरोपपत्र मागदाबी**

प्रतिवादी राधाकृष्ण चौधरीले जम्मा रु.४४,६२,२००।- तोकिएबमोजिमका कार्यहरू सम्पन्न भएको भनी पुष्टि हुने बिल, भरपाई, भौचर, श्रेस्ता आदि कागज प्रमाणहरू कुनै पेस नगरी बदनियतपूर्वक हिनामिना, हानि नोक्सानी एवं दुरुपयोग गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर गरेको पुष्टि हुन आएकाले निज प्रतिवादीलाई रु.४४,६२,२००।- बिगो कायम गरी सोही ऐनको दफा १७ ले निर्दिष्ट गरेबमोजिम सोही ऐनको दफा ३(१) तथा दफा ३(१) को देहाय (छ) बमोजिम जरिवाना र कैद सजाय हुन तथा सोही ऐनको दफा १७ बमोजिम नेपाल सरकारको हानि नोक्सानी गरेको बिगो रु.४४,६२,२००।- निजबाट असुल उपर हुन ।

**विशेष अदालतको फैसला**

प्रतिवादीबाट असुलउपर गर्नुपर्ने निजले हानि नोक्सानी गरेको नेपाल सरकारको दाबीको बिगो रु.४४,६२,२००।- मध्ये तत्कालीन गा.वि.स.का लागि आवश्यक कार्य गर्न भनी लिएको रु.१०,७८,६००।- महालेखा परीक्षणबाट राधाकृष्ण चौधरीको नाममा पेश्की बेरुजु कायम रहेको भनी प्रतिवेदन पेस भएको देखिएकोमा महालेखा परीक्षण प्रतिवेदनअनुसार नै हुने देखिएको, बाँकी बिगो रु.३३,८३,६००।- को हकमा विभिन्न सडकहरूको ग्राभेल कार्य सन्तोषजनक सम्पन्न भएकाले भुक्तानी दिने भनी तत्कालीन सर्वदलीय समितिबाट निर्णय भएको भन्ने निर्णय प्रतिलिपिबाट देखिएको, प्रतिवादी राधाकृण्ण चौधरीले हिनामिना गरेको भनी दाबी गरिएको बिगोको हकमा केही गरिरहनुपर्ने अवस्था नदेखिंदा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३३ को उपदफा (१) अनुसार प्रस्तुत मुद्दा खारेज हुने ।

**पुनरावेदन गर्ने आधार**

प्रतिवादी राधाकृष्ण चौधरीउपर जम्मा बिगो रु.४४,६२,२००।- निजबाट उसुल उपर हुनेसमेतको मागदाबी लिइएकोमा अदालतबाट फैसला गर्दा सो बिगोमध्ये तत्कालीन गा.वि.स.का लागि आवश्यक कार्य गर्न भनी लिएको रु.१०,७८,६००।- महालेखा परीक्षणबाट राधाकृष्ण चौधरीको नाममा पेश्की बेरुजु कायम रहेको भनी प्रतिवेदन पेस भएको देखिएकोमा महालेखा परीक्षण प्रतिवेदनअनुसार नै हुने देखिएको भनी भएको फैसला सो हदसम्म हेर्दा, सरकारी कार्यालयहरूमा भएका जुनसुकै प्रकारका अनियमिततालाई लेखापरीक्षण गर्दा बेरुजु भनी उल्लेख गरिने कुरा सर्वविदितै छ । प्रस्तुत मुद्दामा आयोगमा निजउपर उजुरी परेपश्चात अनुसन्धानका क्रममा समेत निजलाई सो रकम भुक्तानी गर्नु भनी पत्राचार गरिएको अवस्थामा तथा अनिवार्य अवकाश हुँदासमेत आफ्नो कानुनी तथा पदीय दायित्व पूरा नगरी आफू कार्यरत गा.वि.स.मा निर्माण कार्यका लागि भनी नेपाल सरकारबाट निकासा भएको सरकारी रकम आफूखुसी खर्च गर्ने र लामो समयसम्म खर्च भएको बिल भरपाई कुनै कागज प्रमाणसमेत पेस गरी फरफारक नै नगरी कानुनविपरीतको कार्य गरेको तथ्य मिसिल संलग्न प्रमाण तथा अदालतको फैसलाबाट समेत स्थापित भइरहेको अवस्थामा निज प्रतिवादीले दाबीबमोजिमको सरकारी रकम दुरुपयोग गरी खाईमासी गरेको भ्रष्टाचारजन्य कार्यलाई बेवास्ता गरी बेरुजु हो भनी छुट दिँदै जाने हो भने भ्रष्टाचार निवारण ऐनको मकसद पूरा हुन सक्दैन । तसर्थ प्रतिवादीले आफूले अनियमित तरिकाबाट खर्च गरेको सरकारी रकम फरफारक गर्नका लागि प्राप्त गरेको पर्याप्त समय तथा अवसरको दुरुपयोग गर्दै नितिरी सरकारी रकम खाने पचाउने दुराशय भावना राखी भ्रष्टाचारजन्य कार्य गरेको देखिन्छ । साथै सबै प्रकारका बेरुजु भनी औंल्याएको रकम भ्रष्टाचारजन्य कार्यभित्र पर्न सक्दैन भन्ने कानुनी मान्यतासमेत नरहेकाले निज प्रतिवादीले दुराशय भावनाले उक्त बेरुजु भनिएको सरकारी रकम खाईमासेको कार्यसमेत भ्रष्टाचारजन्य कार्यभित्र नै पर्ने देखिंदा उल्लिखित आधार लिई भ्रष्टाचारको गलत व्याख्या गरी भएको फैसला सो हदसम्म त्रुटिपूर्ण छ ।

**३५. जिल्ला कन्चनपुर भीमदत्त नगरपालिका वडा नं.७ हल्दुखाल स्थायी वतन भएका वर्ष ४४ का यातायात व्यवस्था कार्यालय महेन्द्रनगरका निमित्त कार्यालय प्रमुख पदमा कार्यरत हेमन्तबहादुर सिंहसमेत...................... ८ जना ।**

**मुद्दाः- किर्ते कागजातको आधारमा सवारी दर्ता गरी राजस्व भ्रष्टाचार गरेको ।(०७४-CR-०१४१)**

**फैसला भएको मितिः** २०७७।१०।६

**आयोगको निर्णय मितिः** २०७७।४।८ **पुनरावेदन दर्ता मितिः** २०७७।४।८

**अरोपपत्र मागदाबी**

प्रस्तुत मुद्दामा प्रतिवादीहरू हेमन्तबहादुर सिंहसमेतको हकमा राजस्व रकम चुहावट गरी आफूलाई लाभ र नेपाल सरकारलाई गैरकानुनी रूपमा हानि नोक्सानी पुऱ्याएको हुँदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ र ७(क) समेतको कसुरमा सोही ऐनको दफा ७ को व्यवस्थाअनुरूप दफा ३(१)(छ) र दफा ७ बमोजिम समेतको जरिवाना र कैद सजाय हुन ।

**विशेष अदालतको फैसला**

| |
|---|
| प्रतिवादीमध्येका गोकुलप्रसाद श्रेष्ठलाई आरोप दाबीबमोजिम २ वर्ष कैद सजाय र प्रतिवादी दिनेश बमलाई आरोप दाबीबमोजिम ६ महिना कैद सजाय हुने र अन्य प्रतिवादीहरूले सफाइ पाउने । सफाइ पाएका ७ जना निज कर्मचारी प्रतिवादीहरूलाई चरम लापरबाही गरी पदीय दायित्व र जिम्मेवारी, निजामती सेवा ऐन, २०४९ र नि.से.नि. सेवा नियमावली २०५० बमोजिम विभागीय कारबाहीका लागि लेखी पठाउने । |

**पुनरावेदन गर्ने आधार**

| |
|---|
| आ.व. ०७१।७२ मा १ वटा ०७२।७३ मा ३१८ वटा र ०७३।७४ मा ३४३९ वटा सवारी चालक अनुमतिपत्र नेपालीकरण गर्दा प्रचलित कानुनको पालना भए नभएको सम्बन्धमा छानबिन हुँदै प्रतिवादीहरूको गठमतमा प्रचलित कानुन विभागीय निर्देशनलाई सरल तरिकाले मुलुकको हितको निमित्त पालना नगरेको अवस्था देखिन्छ । प्रतिवादीहरूबाट आफ्नो अनुकूल कानुन र निर्देशनको अपव्याख्या गरी नेपालीकरण गरेको देखिन्छ । प्रतिवादीहरूबाट बयान जिकिर लिंदा कार्यालय परिसर होचो भएकाले कार्यालय परिसरमा वर्षातको समयमा बाढी पस्ने गरेको हुँदा सवारी चालकपत्रका निवेदन प्रमाण कागजात नष्ट भएकाले धुल्याउने कार्य गरिएको भनी उल्लेख भएको देखिन्छ। आ.व. ०७१।७२, ०७२।७३ को नेपालीकरण गरिएका अनुमतिपत्रको १ वर्ष समय पुगेको भए तापनि आ.व. ०७३।७४ असारसम्मका ३४३९ वटा नेपालीकरण गरिएका वितरित सवारी अनुमतिपत्रको यातायात कार्यविधि निर्देशिका २०६० को परिच्छेद ५ को १६.२.५ बमोजिम १ वर्ष पूरा भएपछि धुल्याउने कार्य गर्नुपर्नेमा आ.व. समाप्त भएको ६ महिना २३ दिनमा नै धुल्याउने बहानामा गैरकानुनी र बदनियतपूर्वक धुल्याउने नाममा गरेको उक्त कार्यको प्रमाण कागजात नष्ट गरेको प्रमाण स्पष्ट देखिन्छ । जुन तथ्य अदालतले फैसला गर्दा उल्लेख गरे तापनि सार्थक सम्बन्ध नरहेको असल नियतले गरेको भनी व्याख्या गरेको देखिन्छ । असल नियतले प्रतिवादीहरू गठमत भई सवारी अनुमतिपत्र नेपालीकरण गरेका हुन् कि होइनन् भन्नेतर्फ आ.व. ०७३।७४ मा ३४३९ थान सवारी चालक अनुमतिपत्र नेपालीकरण गरिएकोमा राहदानी विभागको २०७५।५।४ र २०७५।५।१२ को पत्रानुसार १५१२ जना सेवाग्राहीले मात्र राहदानी लिएका सोमध्ये १०२ जनाले मात्र नेपालीकरणको सवारीचालक अनुमतिपत्र लिएपछि राहदानी लिएको देखिन्छ। २०१७ जनाले विदेशमा गएको र लाइसेन्स नेपालीकरण गर्ने माग गरेर कार्यालयले नेपालीकरण गरेको तर ती व्यक्ति विदेश नगएका र २०१७ जनाले राहादानी नै नलिएको नेपाल सरकार राहदानी विभागको तथ्यांक प्रमाणले देखाउँछ । यसर्थ, गलत कागजपत्र तयार गरी गराई बदनियतपूर्वक सवारी चालक अनुमतिपत्र नेपालीकरण गरी वितरण गरेको र छानबिन हुने अवस्थामा अवधि नपुगी कागजात धुलाउने नाममा प्रमाण नष्ट गरेको तथ्य शंकारहित पुष्टि हुँदाहुँदै त्यसतर्फ अदालतले प्रतिवादीहरूलाई बदनियत रहेको तथ्य र प्रमाण मूल्यांकन नगरी प्रतिवादीहरूलाई कसुर आरोपबाट सफाइ दिने गरी फैसला गरेको हुँदा फैसला त्रुटिपूर्ण देखिन्छ । |

**३६. मकवानपुर जिल्ला साबिक भीमफेदी गा.वि.स.-२, हाल भीमफेदी गाउँपालिका वडा नं.६, भीमफेदी बजार घर भै हाल काठमाडौं जिल्ला का.म.न.पा. साबिक वडा नं.३५ हाल वडा नं.३२, घर नं.१०५, सुविधानगर, कोटेश्वर बस्ने वर्ष ६२ को नेपाल विद्युत प्राधिकरणको पूर्व महाप्रबन्धक महेन्द्रलाल श्रेष्ठ समेत..............................................४जना।**

**मुद्दाः- स्रोत नखुलेको सम्पत्ति आर्जन गरी (भ्रष्टाचार) गरेको ।** (०७४-CR-००२९)

**फैसला भएको मितिः** २०७६।११।१२

**आयोगको निर्णय मितिः** २०७७।४।१६ **पुनरावेदन दर्ता मितिः** २०७७।४।१६

**आरोपपत्र मागदाबी**

| |
|---|
| प्रतिवादी महेन्द्रलाल श्रेष्ठले सार्वजनिक पदधारण गरेपछि बिगो रु.२,८८,८२,८९१।- बराबरको सम्पत्ति गैरकानुनी रूपमा आर्जन गरी अस्वाभाविक उच्च जीवनस्तर यापन गरेकोले साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(१) बमोजिमको कसुरमा निज महेन्द्रलाल श्रेष्ठलाई बिगो रु.२,८८,८२,८९१।- कायम गरी साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५, दफा १६(ग) तथा दफा २९ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(२) बमोजिम बिगोबमोजिम जरिवाना र कैद सजाय हुन तथा नेपाल विद्युत् प्राधिकरणको महाप्रबन्धक पदमा रही अवकाश प्राप्त |

गरेका निज प्रतिवादी महेन्द्रलाल श्रेष्ठलाई साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १४ (क) तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २४ बमोजिम थप कैद सजाय हुन र भ्रष्टाचार गरी गैरकानुनी रूपले आर्जन गरेको स्रोत नखुलेको निज महेन्द्रलाल श्रेष्ठको नाममा रहेको चलअचल सम्पत्तिहरू साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६ (ग) तथा दफा २९ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को (२) र दफा ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९(ख) बमोजिम जफत हुन, तथा स्रोत नखुलेको सम्पत्तिहरूसमेत निजकी श्रीमती करुणादेवी कर्माचार्य श्रेष्ठ, छोरा कमलेन्द्रलाल श्रेष्ठ र छोरी प्रेरणा श्रेष्ठको नाममा बदनियतसाथ राखेको तथा लुकाए छिपाएको पुष्टि हुन आएकाले निजहरूको नाममा राखेको स्रोत नखुलेको उल्लिखित भ्रष्टाचार गरी गैरकानुनी आर्जन गरेको चलअचल सम्पत्तिहरू तथा खर्चहरू समेत निज महेन्द्रलाल श्रेष्ठ, निजकी श्रीमती करुणादेवी कर्माचार्य श्रेष्ठ, छोरा कमलेन्द्रलाल श्रेष्ठ र छोरी प्रेरणा श्रेष्ठको नाममा कायम रहेका र आयोगबाट रोक्का रहेका उल्लिखित चलअचल सम्पत्तिहरूबाट साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६ (ग) र दफा २९ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(२) र दफा ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ (ख) बमोजिम जफत गर्ने ।

**विशेष अदालतको फैसला**

कुल आयको १० प्रतिशतभन्दा कमी रकम खर्च अर्थात व्यय देखिएकाले अमिल्दो तथा अस्वाभाविक सम्पत्ति आर्जन गरी मनासिब कारणबिना अमिल्दो र अस्वाभाविक उच्च जीवनस्तर यापन गरिएको मान्न नमिल्ने र प्रतिवादी महेन्द्रलाल श्रेष्ठको जम्मा आय रु.१,६४,४९,९९३।— र व्यय रु १,७२,८८,६११।- भएको देखिन आई आयभन्दा व्यय रु ८,३८,६१८।— देखिए तापनि बढी देखिन आएको उक्त व्यय रकम निजले आर्जन गरेको समग्र सम्पत्ति रु.१,६४,४९,९९३।- को ५.०९ प्रतिशतले मात्र बढी हुन आएकाले कुल आएको १० प्रतिशतसम्म व्यय बढी देखिएकाले गैरकानुनी सम्पत्ति आर्जन गरी भ्रष्टाचारको कसुर गरेको मान्न नमिल्ने ।

**पुनरावेदनको आधार**

सर्वप्रथम प्रचलित भ्रष्टाचार निवारण ऐन र सोसँग सम्बन्धित मान्य सिद्धान्त र कार्यविधि तथा सैद्धान्तिक मापनका आधारमा निज प्रतिवादी महेन्द्रलाल श्रेष्ठले रु.२,८८,८२,८९१।- स्रोत नखुलेको गैरकानुनी सम्पत्ति आर्जन गरेको अवस्थामा कसुर आरोपबाट सफाइ पाउने नियतले प्रस्तुत मुद्दाका प्रतिवादीहरू महेन्द्रलाल श्रेष्ठसमेतले अदालतमा गरेको कोरा बयानसमेतलाई आधार लिएर निजको सम्पत्ति विश्लेषण गर्दा पनि निज महेन्द्रलाल श्रेष्ठको व्यय रु.८,३८,६०८।- आयको तुलनामा व्यय बढी नदेखिएको भनी अदालतले निज प्रतिवादीले गैरकानुनी आर्जन गरेको तथ्यतर्फ संकेत गरेको तथापि ५.९ प्रतिशतले मात्र बढी हुन आएको भनी उल्लेख गरेको देखिन्छ ।
प्रतिवादीले अनुसन्धानको क्रममा गरेको बयान व्यहोरा मिसिल संलग्न तथ्य प्रमाणको आधारमा आ.व. ०३६/३७ देखि ०६९/७० सम्मको निजको सम्पूर्ण आम्दानी निजको आय जम्मा रु.५९,५२,८७१।- मा व्यय जम्मा रु.३,४८,३५,७६२।- घटाउँदा रु.२,८८,८२,८९१।- बराबरको सम्पत्तिको स्रोत पुष्टि नभएको मिसिल संलग्न तथ्यबाट स्पष्ट देखिएको अवस्थ हुँदाहुँदै उक्त तथ्य प्रमाणमा लिएको देखिंदैन ।आयस्रोतको तुलनामा खर्च तथा लगानीको कारोबार प्रथम दृष्टिमा नै अमिल्दो र अस्वाभाविक देखिएको, निजले आर्जन गरेको सम्पत्तिको वैधानिक स्रोत भएको वस्तुनिष्ठ आधार प्रमाणहरू नभएको, उक्त अस्वाभाविक लगानी एवं खर्च भएको रु.२,८८,८२,८९१।- को स्रोत पुष्टि नभएको अवस्था र प्रतिवादी महेन्द्रलाल श्रेष्ठले सार्वजनिक पद धारण गरेपछि के कस्ता स्रोतबाट सम्पत्ति आर्जन गरेको भनि पूरा भरपर्दो प्रमाणबाट अनुसन्धान र अदालतमा समेत पुष्टि गर्न नसकेको अवस्था देखिन्छ । तसर्थ निज प्रतिवादीले रु.२,८८,८२,८९१।— को सम्पत्ति गैरकानुनी रूपमा बदनियतपूर्ण तवरले आर्जन गरेको, मनासिब कारण विना अमिल्दो र अस्वाभाविक उच्च जीवनस्तर यापन गरेको लगायत हैसियतभन्दा बढी खर्च गरेको तथा स्रोत नखुलेको बिगो रु.२,८८,८२,८९१।- को सम्पत्ति गैरकानुनी आर्जन तथा भ्रष्टाचार गरेको प्रस्ट देखिएको र गैरकानुनी रूपमा सम्पत्ति आर्जन गरेको मिसिल संलग्न अनुसन्धान प्रतिवेदन, विधिपूर्वक गरिएको प्रमाण विश्लेषणसमेतबाट छर्लङ्ग पुष्टि हुँदाहुँदै प्रतिवादीहरूको कोरा

बयानको समेत आधार लिई प्रतिवादीको आय रु.१,६४,४९,९९३।— र व्यय रु.१,७२,८८,६११।- कायम गरी आयभन्दा व्यय रु.८,३८,६१८।— बढी देखिएको र उक्त बढी सम्पत्ति कुल आयको ५.०९ प्रतिशतले मात्र बढी हुन आएकाले गैरकानुनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको नदेखिएको भनी विरुद्ध खण्डका प्रतिवादीहरूलाई आरोपपत्रबाट सफाइ दिने गरी भएको उक्त फैसला त्रुटिपूर्ण भई बदरभागी छ ।

**३७. जिल्ला पर्सा कालिकामाई गाउँपालिका वडा नं.२ भेडीहारी स्थाई ठेगाना भएका वीरगन्ज महानगरपालिका, शिक्षा शाखामा कार्यरत शाखा अधिकृत वर्ष ३४ को मन्जुर आलमसमेत................................................२ जना ।**

**मुद्दाः- भ्रष्टाचार (घुस/रिसवत) ।** (०७५-CR-००८२)

**फैसला भएको मितिः** २०७६।१०।२

**आयोगको निर्णय मितिः** २०७७।५।८ **पुनरावेदन दर्ता मितिः** २०७७।५।११

**आरोपपत्र मागदाबी**

प्रतिवादीहरूमध्येका मन्जुर आलम र शशिभूषण प्रसाद साहको निर्देशनमा प्रतिवादी परिवर्तित नाम टंगाल १ ले उजुरी निवेदकसँग भेट गरी घुस/रिसवतबापतको रकम रु.१,०००००।— बुझिलिएको पुष्टि भएकाले प्रतिवादीहरूमध्येका मन्जुर आलम र शशिभूषण प्रसाद साहले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुर गरेको देखिएकाले निजहरू मन्जुर आलम र शशिभूषण प्रसाद साहउपर जनही बिगो रु.१,००,०००।- कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (ग) बमोजिम जरिवाना र कैद सजाय हुन तथा परिवर्तित नाम टंगाल-१ नाबालक देखिएको हुँदा निजको हकमा बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६(३) बमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (ग) बमोजिम हुने सजायको आधा सजाय हुन ।

**विशेष अदालतको फैसला**

प्रतिवादीहरू मन्जुर आलम र शशिभूषण प्रसाद साहलाई बिगोको दामासाहीले जरिवाना हुने साथै प्रतिवादी टंगाल-१ ले उक्त रकम घुस/रिसवत हो भन्ने जानीजानी लिएको नदेखिएको । प्रतिवादीहरू मन्जुर आलम र शशिभूषण प्रसाद साहलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुरमा सोही ऐनको दफा ३ को उपदफा (१) र सोही ऐनको दफा ३ को उपदफा (१) देहाय (ग) बमोजिम बिगो रु.१,००,०००।- को दामासाहीले जरिवाना र जनही ५ महिना कैद हुने तथा परिवर्तित नाम टंगाल १ ले आरोपदाबीबाट सफाइ पाउने ।

**पुनरावेदन गर्ने आधार**

यसरी ऐनले नै बिगो बमोजिम जरिवाना हुने गरी व्यवस्था गरेको अवस्थामा प्रतिवादीहरूमध्येका मन्जुर आलम र शशिभूषण प्रसाद साहलाई जरिवाना दामासाही गर्ने गरी भएको फैसला भ्रष्टाचार निवारण ऐनको भावनाविपरीत भएकाले त्रुटिपूर्ण छ ।कुनै पनि कसुर यदि सामूहिक योजना र संलग्नतामा गरिन्छ भने स्वाभाविक रूपमा उक्त कसुरको गम्भीरता बढ्ने निश्चित छ । यस अवस्थामा कानुनबमोजिम हुने जरिवानालाई दामासाही हुने गरी फैसला गर्दा बढी संख्यामा कसुर गर्ने व्यक्तिहरूले कम दायित्व व्यहोर्न पर्ने अवस्थाको सिर्जना हुन गई दण्डका मान्य सिद्धान्तसमेत प्रभावित हुन जाने निश्चित छ, तसर्थ प्रतिवादीहरूमध्येका मन्जुर आलम र शशिभूषण प्रसाद साहलाई जरिवाना दामासाही गर्ने गरी भएको फैसला सो हदसम्म त्रुटिपूर्ण छ । सफाइ पाएका प्रतिवादी टंगाल-१ को हकमा हेर्दा निजले सेवाग्राहीबाट रु.१,००,०००।- लिएको अवस्थामा निजको साथबाट रकम बरामद भएको तथ्यमा विवाद छैन उक्त रकम घुस/रिसवत बापतको नै भएको तथ्य पनि अदालतबाट फैसला हुँदा स्थापित भएको अवस्था छ । भ्रष्टाचार निवारण ऐन, २०५९ ले घुस/रिसवत लिने कार्यलाई कसुरको रूपमा उल्लेख गरेको अवस्थामा सोबमोजिमको कार्य यी प्रतिवादीबाट भएको भन्ने पुष्टि भइरहेको सन्दर्भमा निजलाई सफाइ दिने गरी भएको फैसला न्यायसंगत छैन साथै प्रस्तुत मुद्दामा अदालतबाट समेत प्रतिवादीहरूमध्येका मन्जुर आलम र शशिभूषण प्रसाद साहले आरोप दाबीबमोजिमको कसुर गरेको तथ्य स्थापित भइसकेको र उक्त रकम

यी प्रतिवादी टंगाल-१ ले नै कसुर ठहर भएका प्रतिवादीहरूकै लागि बुझिलिएको भन्ने देखिन्छ । अनुसन्धानका क्रममा बयान गर्दा यी प्रतिवादीले निवेदकसँग घुसबापत रकम बुझिलिएको कुरामा स्वीकार गरी बयान गरेको देखिन्छ । बरामद रकमको परिमाण हेर्दासमेत यी प्रतिवादीले उक्त रकम घुस/रिसवतबापतको नभएको भन्ने जानकारी नभईकन लिएको भनी स्वाभाविक रूपमा अनुमान गर्न सकिने अवस्थासमेत देखिँदैन । मुलुकी अपराध संहिता, २०७४ को दफा ४५ र बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६ (३) ले समेत बालबालिकाले कुनै आपराधिक कार्य गरेकोमा निजहरूलाई समेत सजाय हुने गरी व्यवस्था गरेको देखिएकाले बालबालिकासम्बन्धी ऐन, २०७५ बमोजिम सजाय हुन भनी माग दाबी लिइएको अवस्थामा मागदाबीबमोजिम नै सजाय हुनुपर्नेमा नगरी यी प्रतिवादीलाई सफाइ दिने गरी भएको फैसला सो हदसम्म त्रुटिपूर्ण भएकाले यी प्रतिवादीको हकमा सुरु आरोप मागदाबीबमोजिम सजाय हुन तथा प्रतिवादीहरूमध्येका मन्जुर आलम र शशिभूषण प्रसाद साहको हकमा जरिवाना दामासाहीले हुने ठहरेतर्फ जरिवाना प्रतिवादीहरूले कसुर गरे बापतको सजाय नै हो । सजाय दामासाहीले गर्दा दण्ड प्रणालीको सिद्धान्तविपरीत हुनजाने भएकाले ती प्रतिवादीहरूलाई समेत उक्त कानुनको मनसाय अनुरूप बिगोबमोजिम नै जरिवाना हुनुपर्नेमा नगरी जरिवानाको हकमा दामासाहीले गर्ने गरी भएको उक्त फैसला सो हदसम्म समेत हालसम्मको प्रचलन, स्थापित मान्यता एवं कानुनी त्रुटिपूर्ण भई बदरभागी छ

**३८. जिल्ला काठमाडौं, काठमाडौं महानगरपालिका, वडा नं. १५ एराहिटी स्थायी वतन भएका बाल विकास माध्यमिक विद्यालय, रानीवन काठमाडौंकी तत्कालीन प्रधानाध्यापक वर्ष ५७ की मैयादेवी मल्लसमेत....................८ जना ।**

**मुद्दाः- भ्रष्टाचार (सरकारी रकम हिनामिना) ।** (०७५-CR-००८७)

**फैसला भएको मितिः** २०७६।३।१७

**आयोगको निर्णय मितिः** २०७७।५।८ **पुनरावेदन दर्ता मितिः** २०७७।५।११

**आरोपपत्र मागदाबी**

प्रस्तुत मुद्दामा प्रतिवादीले सरकारी सम्पत्तिको बदनियतसाथ हिनामिना गरी आफूलाई लाभ र नेपाल सरकारलाई हानि नोक्सानी पुऱ्याएको हुँदा निजहरूलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा ऐ. दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिमसमेतको जरिवाना र कैद सजाय हुन र हिनामिना गरेको उक्त बिगो सोही ऐनको दफा १७ बमोजिम असुलउपर हुनसमेत ।

**विशेष अदालतको फैसला**

मैयादेवी मल्लले विदेश गएको अवधिमध्ये ७३ दिन हाजिर गरी गैरकानुनी कार्य गरेको देखिएकाले तलब स्केलको आधारमा नियमानुसार हुने ६७,७६९।९८ अवकाश हुँदाको अवस्थामा प्राप्त गर्ने उद्देश्य रहेको देखिएकाले निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसुरको उद्योगसम्म गरेको देखिएकाले निजलाई सोही ऐनको दफा ३ को उपदफा १ एवं सोही उपदफा देहाय (ग) बमोजिम हुने सजायमा ऐ. ऐनको दफा २१ अनुसार आधा सजाय हुने भएकाले रु.३३,८८४।९९ जरिवाना र २ महिना कैद हुने र अन्य प्रतिवादीहरूले सफाइ पाउने ।

**पुनरावेदन गर्ने आधार**

प्रतिवादीमध्येका मैयादेवी मल्ल सन् 8 Sep 2017 (२०७४।५।२३) मा नेपालबाट क्यानाडा गई 02 Feb 2018 (२०७४।१०।२०) मा नेपाल आएको तथ्यमा विवाद देखिन्न भने निजले २०७४।५।२३ देखि २०७४।१०।२३ सम्म ७३ दिन हाजिर गरेको विषयलाई समेत फैसलाले स्वीकार गरेकै अवस्था छ । निज प्रतिवादीले मिति २०७४।५।२१ मा विद्यालय व्यवस्थापन समितिको अध्यक्षलाई सम्बोधन गरी दिएको सिफारिस गरी पाऊँ भन्ने बारेको निवेदन व्यहोरा हेर्दा मिति २०७४।५।२३ देखि बढीमा ६ महिनाका लागि संचित बिदाबाट कट्टा हुने गरी बिदा स्वीकृतिका लागि सिफारिस गरी पाऊँ भनी उल्लेख गरेको देखिएकोमा सोही मितिमा नै विद्यालय व्यवस्थापन समितिको बैठकले मिति २०७४।५।२३ देखि ऐ. ३० सम्म क्या.बि. र पर्व बिदा कट्टा हुने गरी र असोज ३१ देखि बढीमा ६ महिनासम्म तलबी बिदा स्वीकृत गर्ने गरी निर्णय भएको

देखिन्छ ।उक्त बिदा स्वीकृतिको निर्णय हेर्दासमेत भाद्र ३० सम्म क्या.बि. र पर्व बिदा कट्टा हुने गरी र अजोज ३१ गतेदेखि बढीमा ६ महिनासम्म तलबी बिदा स्वीकृत गरिएको देखिएको र असोज ३० सम्मको हकमा के हुने हो भनी उल्लेख गरिएको पनि देखिन्न । यसरी विद्यालय व्यवस्थापन समितिले आफ्नो क्षेत्राधिकार नै नभएको विषयमा निर्णय गरेको देखिएको र यसरी निर्णय गर्नुमा नै निजहरूको गलत मनसाय अन्तरनिहित रहेको भन्ने पुष्टि भइरहेको र सोही आधारमा प्रतिवादीमध्येका मैयादेवी मल्लले विद्यालयबाट तलब भत्ता बुझेको कार्यबाट नेपाल सरकारलाई स्पष्ट रूपमा हानि नोक्सानी भएको भन्ने स्वतः पुष्टि भइरहेको अवस्थामा समेत आरोप दाबीलाई अन्यथा कायम गर्ने गरी भएको फैसला त्रुटिपूर्ण छ । यस अवस्थामा निजले सो अवधिको तलब भत्ताबापतको रकम बुझ्ने र बुझाउने गरी भएका सम्पूर्ण कार्यबाट नेपाल सरकारलाई हानि नोक्सानी नभएको भनी मान्न सकिने कुनै आधार नै देखिन्न । यस अवस्थामा, रकम बुझिलिने प्रतिवादी मैयादेवी मल्ल, गैरकानुनी रूपमा बिदा स्वीकृत गर्ने विद्यालय व्यवस्थापन समितिका प्रतिवादी कायम रहेका पदाधिकारी र लेखापाल प्रतिवादीसमेतको संलग्नता र सहमतिमा उक्त कारोबार भएको भन्ने पुष्टि भइरहेको अवस्थामा प्रतिवादीमध्येका मैयादेवी मल्ललाई दाबीभन्दा कम सजाय र अन्य प्रतिवादीलाई सफाइ दिने गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी छ।

**३९. खैरहनी गा.वि.स वडा नं ८, जमौली, चितवन स्थायी घर भई हाल जिल्ला काठमाडौं, काठमाडौं महानगरपालिका वडा नं १६, वनस्थली, बस्ने नेपाल विद्युत प्राधिकरणका तत्कालीन सहायक प्रबन्धक वर्ष ५५ को ध्रुवकुमार उप्रेती समेत.........................................................................................२जना ।**

**मुद्दाः- गैरकानुनी रूपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको । (०७२-CR-००६२)**

**फैसला भएको मितिः** २०७६।१०।२७

**आयोगको निर्णय मितिः** २०७७।५।८ **पुनरावेदन दर्ता मितिः २०७७।५।११**

**आरोपपत्र मागदाबी**

नेपाल विद्युत् प्राविधिकरणका सहायक प्रबन्धक प्रतिवादी ध्रुवकुमार उप्रेती उपर साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (१) बमोजिमको कसुरमा निज प्रतिवादी ध्रुवकुमार उप्रेतीलाई बिगो रु.४,१८,१०,८०९।- कायम गरी साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को, दफा १५, दफा १६ग तथा दफा २९ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२) बमोजिम बिगोबमोजिम जरिवाना र कैद सजाय हुन र निजले भ्रष्टाचार गरी गैरकानुनी आर्जन गरेको स्रोत नखुलेको सम्पत्तिबाट निजकी श्रीमती सन्ध्या लामिछाने उप्रेतीको नाममा हाल कायम रहेको घरजग्गासमेत चल/अचल सम्पत्तिहरू साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६ग र दफा १९ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख बमोजिम जफत हुन ।

**विशेष अदालतको फैसला**

रु.२,५५,१६,४८३।- को कानुनसम्मत स्रोत खुल्न सकेको नदेखिई गैरकानुनी रूपमा आर्जन गरेको देखिएकाले आरोप दाबीबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (१) अनुसारको कसुर प्रतिवादीले गरेको देखिंदा सोही दफा २० को उपदफा (२) अनुसार प्रतिवादी ध्रुवकुमार उप्रेतीलाई उल्लिखित बिगो अनुसार हुने रु.२,५५,१६,४८३।- जरिवाना हुने र ६ महिना कैद हुने र हिमाल दोलखा हाइड्रोपावर कम्पनी लि.को प्रतिवादी ध्रुवकुमार उप्रेतीको नाममा रहेको गैरकानुनी आर्जनको रु.१,९४,४०,०००।- को हुने सेयर कित्ता १९४४०० मध्ये अनुसन्धान हुँदाहुँदैको अवस्था रूपमणी राजभण्डारीलाई बिक्री गरेको सेयर कित्ता ८६४०० र वीरेन्द्रबहादुर न्यौपानेलाई बिक्री गरेको सेयर कित्ता १०८००० तथा प्रतिवादी सन्ध्या उप्रेती लामिछानेले दिनानाथ दाहाललाई बिक्री गरेको सोही कम्पनीको सेयर कित्ता ८१००० मध्ये गैरकानुनी आर्जनको रु.५०,७१,४८३।- को हुने सेयर कित्ता ५०७१४ समेत भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ र सोको प्रतिबन्धात्मक वाक्यांशअनुसार जफत हुने ।

**पुनरावेदन गर्ने आधार**

जहाँसम्म घटी बिगो कायम गरी सजाय गरिएको छ सोतर्फ हेर्दा प्रथमतः घर निर्माणतर्फको दाबी सम्बन्धमा

जिल्ला काठमाडौं का.म.न.पा. १६ को कित्ता नं. १०७८ क्षेत्रफल ०-४-०-० रोपनी जग्गामा आ.व. ०५७/५८ र ०६६/६७ मा गरी ३१/२ तलाको घर निर्माण भएको देखिन्छ । उक्त घर निर्माण गर्दा घर बनेको सालको नेपाल सरकारको स्वीकृत दररेटअनुसार घरको मूल्यांकन गर्दा लागत रु.३१,६३,४७९।९३ खर्च भएको भन्ने आयोगको मिति २०७२।१०।१० को प्रतिवेदनबाट खुलेको अवस्था छ । आ.व.०५७/५८ मा भुई तलासहित २ तला घर बनाउँदा रु.१२,८४,२७०।- खर्च भएको भन्ने सोही प्रतिवेदनमा उल्लेख भएकोले उक्त आ.व.मा रु.१२,८४,२७०।- व्यय भएको देखिन्छ। सोही अवधिमा आयतर्फ हेर्दा तलब भत्ताबापत रु.३,१९,९७६।- मिति २०५५।११।९ मा जिल्ला चितवन खैरहनी ८ क कि.नं. ७५३ क्षेत्रफल ०-०-२३/४ बिघा जग्गा बिक्रीबाट प्राप्त रु.१४,०००।- कर्मचारी सञ्चयकोषबाट आंशिक एवं विशेष सापटीबापत रु.२,२६,७५०।-, कृषि आय रु.८९,६४०।- एवं अघिल्लो आर्थिक अवधिको मौज्दात रु.१,८७,५९८।- समेत कुल आय रु.८,३७,९४४।- देखिएकाले उक्त अवधिमा आयभन्दा बढी भएको खर्च रु.४,४६,३२६।- को स्रोत पुगेको नदेखिएको स्थितिमा सोतर्फको प्रमाण ग्रहण नगरी भएको उक्त फैसलामा प्रमाण ऐन, २०३१ को दफा ५४ समेतको प्रतिकूल भएकाले सो हदसम्मको उक्त फैसला त्रुटिपूर्ण भई बदरभागी देखिन्छ । त्यसैगरी, प्रतिवादी ध्रुवकुमार उप्रेतीका नाममा रहेको ज्योति विकास बैंक लि.को रु.१००।- का दरले १६६५३० कित्ताको हुने रु.१,६६,५३,०००।- मध्ये १०,०५० को सेयर कित्ताले हुने रु.१०,०५,०००।- मात्र प्रतिवादी ध्रुवकुमार उप्रेतीको हक पुग्ने भनी आरोप दाबीभन्दा घटी बिगो कायम गरिएको छ सो तर्फ हेर्दा, प्रतिवादी ध्रुवकुमार उप्रेतीको नाउँमा कायम रहेको भनिएको १,६६,५३० सेयर कित्तामा संस्थापक सेयरको हितग्राही अन्य व्यक्तिहरूसमेत रहे भएको भए अभिलेख प्रमाणित गरी पठाई दिनु भनी सुरु विशेष अदालत, काठमाडौंले च.नं. २१९१ मिति २०७६।८।१२ को पत्रमार्फत प्रमाण माग गरेकोमा ज्योति विकास बैंक लि.को JBBL/Legal/46/076/077 मिति २०७६।८।१८ को पत्रबाट *"संस्थापक सेयर धनी श्री ध्रुव कुमार उप्रेतिको नाउँमा कायम रहेको भनिएको उपरोक्त कित्ता संस्थापक सेयरको हितग्राही अन्य व्यक्तिहरूसमेत रहेको"* भन्ने कुनै किसिमको अभिलेख यस विकास बैंकमा नरहेको व्यहोरा अनुरोध गरिन्छ भनी पत्र जवाफ पठाएको मिसिल संलग्न कागज प्रमाणबाट देखिएकाले उक्त सेयरमा अन्य हितग्राहीहरूको सेयर रहेको भन्ने देखिन पुष्टि हुन आएको छैन । जहाँसम्म, प्रतिवादी सन्ध्या उप्रेतीको नाममा रहेको क्यालिवर इन्भेष्टमेन्ट प्रा.लि.मा प्रतिवादी सन्ध्या उप्रेतीको नाममा रहेको २००० कित्ता सेयरको हुने रु.२,००,०००।- को सम्बन्धमा प्रतिवादी सन्ध्या उप्रेतीले उक्त सम्पत्ति दाइजो पेवा, टीकाटालो, दानदक्षिणा लगायतको आय स्रोतबाट खरिद गरेको भनी जिकिर लिए पनि प्रतिवादीहरूको समग्र आयव्ययको विश्लेषणको आधारमा उक्त रकमको स्रोत नखुलेको अवस्था हो । अर्कोतर्फ प्रतिवादीले के कुन आर्थिक वर्षमा के कति रकम पेवा, टीकाटालो, दानदक्षिणाबाट प्राप्त गरेको हो सो समेत खुलाउन नसकेको अवस्थामा केवल अनुमानको भरमा रु.२,००,०००।- पेवा, टीकाटालो, दान दक्षिणाबाट जम्मा भएको भनी सुरुले गरेको उक्त फैसला सो हदसम्म त्रुटिपूर्ण हुँदा बदरभागी छ ।

**४०. जिल्ला पर्सा, रामनगरी गा.वि.स.-४ बस्ने पर्सा जिल्ला अलौ गा.वि.स. सचिव वर्ष ५१ को रामेश्वर प्रसाद साह समेत........................................................................................................ २जना ।**

**मुद्दाः- सरकारी रकम हिनामिना गरी भ्रष्टाचार गरेको । (०७३-CR-००६९)**

**फैसला भएको मितिः** २०७६।९।२९

**आयोगको निर्णय मितिः** २०७७।५।२३ **पुनरावेदन दर्ता मितिः २०७७।५।११**

**आरोपपत्र मागदाबी**

वास्तविक बिल भरपाई संलग्न नराखी तथा फर्जी बिल भरपाई कागजातहरू पेस गरी रु.२४,५३,१८२।- समेत गरी कुल जम्मा रु.३०,३९,१८२।- नेपाल सरकारको रकम बदनियतपूर्वक हिनामिना गरी, हानि नोक्सानी पुऱ्याइएकाले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा बिगो रु.३०,३९,१८२।- कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) तथा ३(१)(छ) बमोजिम सजाय हुन र सोही गाउँ विकास समितिका सचिव प्रतिवादी मनोज कुमार साहले पनि आफ्नो कार्यकालमा बिगो रु.७८,०००।- रकम बदनियतसाथ हिनामिना हानि नोक्सानी गरी मासेको देखिएकाले निजलाई

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा हानि नोक्सानी हिनामिना गरेको रकम रु.७८,०००।- बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३(१) तथा ३(१)(ग) बमोजिम सजाय हुन ।

**विशेष अदालतको फैसला**

प्रतिवादी रामेश्वरप्रसाद साह कानुलाई सामाजिक सुरक्षाको कार्यक्रममा लक्षित वर्गलाई वितरण गर्न उपलब्ध गराएको रकम रु.६७,५००।- र पुँजीगत विकास तथा अनुदानतर्फको रु.२२,८८,८४४।- गरी जम्मा रु.२३,५६,३४४।- बराबरको रकम हिनामिना गरी आरोपपत्र दाबीबमोजिम भ्रष्टाचार गरेको ठहरेकाले निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा बिगो रु.२३,५६,३४४।- कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३(१) र ३(१)(च) बमोजिम २ वर्ष ६ महिना कैद र बिगो रु.२३,५६,३४४।- जरिवाना गरी उक्त बिगो ऐ. ऐनको दफा १७ बमोजिम प्रतिवादीबाट भराई पाउने र प्रतिवादी मनोजकुमार साहले आरोपपत्र दाबीबाट सफाइ पाउने ।

**पुनरावेदन गर्ने आधार**

जहाँसम्म प्रतिवादी रामेश्वरप्रसाद साहलाई घटी बिगो कायम गरी सजाय गरिएको छ सोतर्फ विचार गर्दा, प्रथमतः सामाजिक सुरक्षा भत्तातर्फ घटी बिगो कायम गर्दा मुख्यतः अनुसन्धानको क्रममा कागज गर्ने व्यक्तिहरू अदालतसमक्ष उपस्थित भई बकपत्र नगरेको भन्ने आधार लिइएको पाइन्छ, उक्त आधारतर्फ विचार गर्दा दोहोरो हुने गरी, परिचयपत्र बन्नु अगाडि, मृत्यु भइसकेपछि पनि, उमेर नपुगेका व्यक्तिहरूलाई र सामाजिक सुरक्षा भत्ताको लागि सिफारिस हुनुभन्दा पहिले नै समेत गरी जम्मा बिगो रु.५,८६,०००।- आरोपपत्रको तालिका नं. १ मा उल्लिखित ८६ जनालाई सरकारी रकम कानुनविपरीत वितरण गरेको देखिन्छ । उक्त तथ्यलाई मौकामा कागज गर्ने व्यक्तिहरूले अदालतसमक्ष उपस्थित भई बकपत्र गर्ने क्रममा पुष्टि गरिदिएको र बकपत्र गर्नेहरूको हकमा कायम भएको बिगो कानुनविपरीत समेत ठहर भएको अवस्था छ । समान विधि र प्रक्रिया अवलम्बन गरी भुक्तानी गरेको एउटै विषयको विवादलाई सबै व्यक्तिहरू उपस्थित भई बकपत्र हुनुपर्छ भन्ने भ्रष्टाचार जस्तो स्वेतग्रिवी अपराधमा नहुन सक्छ । उमेर नपुगेको, सिफारिस हुनुभन्दा अगावै भत्ता प्राप्त गरेको, दोहोरो रकम प्राप्त गरेको, परिचयपत्र प्राप्त गर्नुपूर्व नै भत्ता वितरण गरेको र मृत्यु भइसकेका व्यक्तिहरूलाई पनि भत्ता वितरण भइरहेको गलत कार्यबाट लाभ प्राप्त गर्ने व्यक्तिहरू स्वभावैले अदालतसमक्ष उपस्थित नहुनु र निजहरूको चेतनाको स्तरले पनि फरक पर्न सक्ने हुँदा त्यसतर्फ पनि न्यायिक मनको प्रयोग गर्नुपर्ने हुन्छ । अर्कोतर्फ साक्षी संरक्षण र प्रतिवादीको दबाब प्रभावबाट पनि साक्षीहरू प्रवाभित हुन सक्नुका साथै भ्रष्टाचार जस्तो विषयमा अदालतसमक्ष बकपत्रका लागि उपस्थित हुनु पनि चुनौतीपूर्ण नै देखिएको अवस्थामा समानस्तर र कार्य प्रकृतिबाट बुझिएका साक्षीहरूबाट मिसिल संलग्न रकम बुझेको भपाई कागजातहरू झुठा एवं फर्जी हुन आएकाले भ्रष्टाचारविरुद्धको शून्य सहनशीलता (Zero Tolerance) को कसीबाट प्रस्तुत मुद्दाका प्रमाणलाई सूक्ष्म मूल्यांकन गरिनुपर्नेमा सुरु फैसलाले उल्लिखित विषयमा न्यायिक विष्लेषण गरी आरोप दाबीबमोजिमको बिगो कायम हुनुपर्नेमा सो नभई घटी बिगो कायम भएको हदसम्मको उक्त फैसला त्रुटिपूर्ण रहेको छ । त्यसैगरी लेखापरीक्षकको पारिश्रमिकबापतको रकम रु.१००३८।- प्रतिवादी रामेश्वरप्रसाद साहले लिए खाएको देखिन नआएको भन्ने आधार सम्बन्धमा उक्त रकमको बिल भरपाई संलग्न रहेको पाइँदैन भने अर्कोतर्फ नियमबमोजिम कट्टी गर्नुपर्ने रकम कट्टी गरी राजस्वमा दाखिला हुनुपर्नेमा सो नगरी बदनियतसाथ नेपाल सरकारलाई हानि नोक्सानी पुऱ्याएको देखिन आयो । अतः उल्लिखित आधार प्रमाणहरूको न्यायोचित विश्लेषण नगरी भएको उक्त फैसला सो हदसम्म त्रुटिपूर्ण रहेकाले बदरभागी रहेको छ

**४१. जिल्ला धनुषा लोहना गा.वि.स. वडा नं. ७ स्थायी वतन भई जनकपुर उपमहानगरपालिका वडा नं. २ कदम चोक अस्थायी वतन भएका वर्ष ३९ को हाल कारागार कार्यालय सिरहामा रहेका संजय कुमार साहसमेत.......... २जना।**

**मुद्दाः- गैरकानुनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको** (०७३-CR-००९०)

**फैसला भएको मितिः** **२०७६।११।१५**

**आयोगको निर्णय मितिः** **२०७७।६।१** **पुनरावेदन दर्ता मितिः २०७७।६।२**

**आरोपपत्र मागदाबी**

प्रतिवादीमध्येका संजयकुमार साहले सार्वजनिक पद धारण गरेको अवधिमा प्राप्त गरेका सम्पत्तिका आय र खर्च तथा लगानीका विषय व्यहोराबाट निजको कुल सम्पत्ति रु.४२,६६,९०,५९१।५४ भएको देखिएको र समग्र परीक्षण अवधिमा निजको वैधानिक आय रु.११,१६,६४,०३२।२७ मात्र देखिई निजको आयभन्दा व्यय रु.३१,५०,२६,५५९।२७ को स्रोत वैधानिक रूपमा पुष्टि हुन नसकेकाले जम्मा रु.३१,५०,२६,५५९।२७ को सम्पत्ति गैरकानुनी रूपमा बदनियतपूर्ण तवरले आर्जन गरेको र मनासिब कारण विना अमिल्दो र अस्वाभाविक उच्च जीवनस्तर यापन गरेको देखिएकाले निज संजयकुमार साहले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (१) बमोजिमको कसुर गरेको पुष्टि हुन आएकाले निज संजयकुमार साहलाई बिगो रु.३१,५०,२६,५५९।२७ कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२) बमोजिम बिगोबमोजिम जरिवाना तथा कैद सजाय हुन र निज संजयकुमार साह संविधानसभाको सदस्य, नेपाल सरकारको राज्यमन्त्री र व्यवस्थापिका संसद सदस्यको हैसियतमा सार्वजनिक पदको राष्ट्रसेवक एवं पदाधिकारीसमेत हुँदा निज संजयकुमार साहलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २४ बमोजिम थप कैद सजाय हुन र निजले गैरकानुनी आर्जन गरेको रकमबाट जोडेको तथा बढे बढाएको चलअचल सम्पत्तिहरू भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२) र दफा ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख बमोजिम जफत हुन, प्रतिवादीमध्येका राम मिलन राउत कुर्मीले गैरकानुनी रकम आफ्नो नाममा रहेको कम्पनी तथा व्यावसायिक फर्ममा राखी भ्रष्टाचारको कसुर गर्ने कार्यमा संलग्न रही लाभ उपलब्ध गराई दिने कार्य गरेबाट राम मिलन राउत कुर्मीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को कसुर गरेको हुँदा निज राम मिलन राउत कुर्मीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को कसुर कायम गर्ने तर निजले अनुसन्धानको काम कारबाहीमा सो कम्पनी तथा व्यावसायिक फर्म (सारस ट्रेडिङ प्रा.लि.) को लगानी आफ्नो नभई निज संजयकुमार साहको भएको भन्नेसमेतको सत्य साँचो बयान व्यहोरा उल्लेख गरी अनुसन्धान कारबाहीमा सहयोग पुऱ्याएकाले निजको नाममा रहेको उक्त प्रा.लि.को लगानी जफत प्रयोजनका लागि कानुनी रूपमा प्रतिवादी कायम गर्नुपर्ने भई प्रतिवादी कायम गरिएको तर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५५ बमोजिम सजायको मागदाबी नलिई पूर्ण छुट दिई साक्षीको रूपमा प्रस्तुत गरिएको र अन्य प्रतिवादीहरूको हकमा निजहरूले गैरकानुनी रूपमा आर्जन गरेका सम्पत्तिहरू बदनियतसाथ राखेको तथा लुकाए-छिपाएको देखिन आएको हुँदा निजहरूको नाममा राखेका स्रोत नखुलेको तालिकाहरूमा उल्लिखित चलअचल सम्पत्तिहरू भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ र अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख बमोजिम जफत गरी पाउन ।

**विशेष अदालतको फैसला**

प्रतिवादी संजयकुमार साहले रु.१९,४४,३८,९८३।९० बराबरको सम्पत्ति गैरकानुनी रूपले आर्जन गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(१) को कसुर गरेकाले निजलाई सोही ऐनको दफा २०(२) बमोजिम २ वर्ष कैद एवं सोही ऐनको दफा २४ बमोजिम थप २ वर्ष कैद र बिगोबमोजिम जरिवाना हुने र उक्त रकम बराबरको सम्पत्ति सोही ऐनको दफा ४७ र अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९(ख) बमोजिम जफत हुने ।

**पुनरावेदन गर्ने आधार**

१५ प्रतिशत ओभरहेड कष्ट घटाई हुन आउने रकम रु.६२,७०,१५३।५१ लाई व्ययमा गणना गर्नुपर्ने देखिएको, मनोजकुमार सिंहको खातामा जम्मा भएको रकम रु.४,८५,१३,१००।- लाई खातावालालाई मुद्दा नचलाएको अवस्थामा प्रतिवादी संजयकुमार शाहको व्ययमा गणना गरेको आरोप दाबी मिलेको नदेखिएको भन्ने आधारमा बिगो कम कायम हुने गरी फैसला भएको देखियो ।त्यस्तै के.वि.पेट प्रा.लि.को सेयर बिक्री सम्बन्धमा आरोप दाबीमा रु.७५,०००।- कित्ता सेयरको खरिद सम्बन्धमा रंगिला देवीले रु.७५,००,०००।- लगानी गरेकोमा सोमध्ये रु.१२,६२,४७१।३४ लाई स्रोत खुलेकोमा समावेश गरिएको अवस्था छ । विशेष अदालतले फैसला गर्दा रु.७५,००,०००।- लाई हाल सेयर बिक्री भएको भन्ने आधारमा आयमा गणना गरेको देखिन्छ । यसरी लगानी गर्दाकै अवस्थामा स्रोत पुष्टि नभएको रकमलाई पछि बिक्री भएको भन्ने आधारमा मात्र आम्दानीमा गणना

गर्ने गरी भएको फैसला त्रुटिपूर्ण छ ।जग्गा खरिद सम्बन्धमा प्रतिवादीले रु.६६,००,०००।- लगानी गरेको भन्ने आरोप दाबी भएको अवस्थामा पारित लिखतमा रु.२९,४४,०००।- उल्लेख भएकाले सोही लिखतमा उल्लिखित मूल्यलाई प्रतिवादीको व्ययमा गणना गर्ने गरी विशेष अदालतले फैसला गरेको देखिन्छ । सो सम्बन्धमा मिसिल संलग्न कागजातहरू हेर्दा जग्गा खरिद गरेकै मितिमा संजयकुमार साहको प्रभु फाइनान्सको खाताबाट रु.६६,००,०००।- राम मिलन राउत कुर्मीलाई भुक्तानी गरेको भन्ने देखिन्छ, सो सम्बन्धमा राम मिलन राउत कुर्मीले अनुसन्धानमा बयान गर्दा उक्त जग्गा संजयकुमार साहले खरिद गरी मेरो नाममा लिखत तयार गरी राखी दिएको मात्र हो र सो जग्गामा संजय कुमारको नै लगानी भएको र निजबाट नै बिक्रेतालाई भुक्तानी दिएको हो भनी उल्लेख गरेको अवस्था छ, यसरी कारोबारको तथ्य र प्रकृतिबाट उक्त जग्गामा रु.६६,००,०००।- नै लगानी भएको भन्ने तथ्य स्वतः पुष्टि हुन्छ । यस अवस्थामा लगानीको अंक अन्यथा देखिरहेको अवस्थामा लिखतको मूल्यलाई लगानी कायम गर्ने गरी भएको फैसला कानुनसंगत छैन ।

४२. **गोरखा जिल्ला साबिक घैरुङ्ग गा.वि.स. वडा नं. ४ हाल सहिद लखन गाउँपालिका वडा नं. ६ पैतृक ठेगाना भई हाल काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. ७ सिफल बस्ने वन तथा वातावरण मन्त्रालय सिंहदरबार, काठमाडौंमा सह सचिव पदमा कार्यरत वर्ष ५५ को चन्द्रमान श्रेष्ठ समेत...................................................... ३ जना ।**

**मुद्दाः- गैरकानुनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको ।** (०७५-CR-०१४६)

**फैसला भएको मितिः २०७७।३।२४**

**आयोगको निर्णय मितिः २०७७।८।२५ पुनरावेदन दर्ता मितिः २०७७।८।३०**

**आरोपपत्र मागदाबी**

प्रतिवादीमध्येका चन्द्रमान श्रेष्ठको सार्वजनिक सेवामा बहाल रहँदाको समग्र जाँच अवधिको आयव्ययको विश्लेषण गर्दा निजको जम्मा आम्दानी रु.२,१०,७७,००४।१६ र व्यय जम्मा रु.३,४४,७७,५८०।९२ देखिई आयभन्दा व्यय रु.१,३४,००,५७६।७६ बढी देखिई सो बराबरको सम्पत्तिको स्रोत पुगेको नदेखिएकाले निजलाई साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (१) बमोजिमको कसुरमा स्रोत नखुलेको आय रु.१,३४,००,५७६।७६ बिगो कायम गरी साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५, दफा १६ (ग) तथा दफा २९ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२) बमोजिम जरिवाना र कैद सजाय हुन तथा साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६(ग), दफा २९ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२) र दफा ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९(ख) बमोजिम गैरकानुनी रूपमा आर्जन गरेको सम्पत्तिहरू जफत हुनका साथै निज चन्द्रमान श्रेष्ठले गैरकानुनी रूपमा सम्पत्ति आर्जन गरी निजकी श्रीमती जमुना तण्डुकार र भगवती योगीको नाममा राखेको तथा बढेबढाएको सम्पत्तिहरू साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६(ग) तथा दफा २९ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२) र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ र अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९(ख) बमोजिम जफत हुन ।

**विशेष अदालतको फैसला**

प्रतिवादीका छोराछोरीले विदेशबाट पठाएको रकम रु.६८,२५,४०४।७५ लाई आयमा गणना गरेको देखिएकोमा विभिन्न मितिमा निजका छोराछोरीले थप रु.२१,९९,२३४।- समेत विदेशबाट पठाएको देखिएकाले सो समेत आयमा समावेश गर्नुपर्ने देखिएको, प्रतिवादीको विभिन्न खातामा रहेको रकमको ब्याज रु.४,८८,३५३।- लाई आयमा गणना गर्नुपर्ने देखिएको, भगवती योगीको नाममा रहेको का.म.न.पा. वडा नं. १३ स्थित कि.नं. २३४ को जग्गा र घरमा प्रतिवादीले रु.७९,८४,६३०।- लगानी गरेको भन्ने दाबी गरी उक्त रकमलाई प्रतिवादीको व्ययमा गणना गरिएकोमा प्रमाणबाट सो तथ्य पुष्टि हुन नआएको र प्रतिवादीको समग्र आय रु.२,४४,६५,११२।- र व्यय रु.२,२२,८४,०८२।- देखिई व्ययभन्दा आय बढी देखिएकोले प्रतिवादीले सफाइ पाउने ।

**पुनरावेदन गर्ने आधार**

आरोपपत्रको CASH FLOW CHART बाट (८ को ४ को ४.३४) मिति २०७१।३।३२ सम्म निज प्रतिवादीसमेतका नाममा विभिन्न बैंकहरूमा रहेको रु.२६,७५,५००।७१ मध्ये उक्त अवधिको निजसमेतको खातामा रहेको उल्लिखित रकममध्ये रु.२२,८०,५९४।२४ को स्रोत खुलेको भन्ने देखिन्न । यसरी उक्त मूल रकमको वैधानिक स्रोत नै नखुलेको अवस्थामा सो रकमबाट प्राप्त ब्याजले वैधता पाउन सक्ने अवस्था रहन्न । यस अवस्थामा बैंक निक्षेपबाट प्राप्त ब्याज रकमलाई समेत प्रतिवादीको आयमा समावेश गर्ने गरी भएको फैसला न्यायसंगत छैन । का.जि. का.म.न.पा. वडा नं. १३ को कि.नं. २३४ र सोमा बनेको घर खरिदमा प्रतिवादी चन्द्रमान श्रेष्ठले रु.७९,८४,६३०।- खर्च गरेको र स्रोत नखुलेको सम्पत्तिबाट उक्त घर जग्गा खरिद गरी भगवती योगीको नाममा रजिष्ट्रेसन पारित गराएको भन्ने आरोपदाबी रहेकोमा विशेष अदालतले फैसला गर्दा उक्त तथ्य स्थापित हुन नआएको भनी सो रकमलाई प्रतिवादीको व्ययमा गणना नगर्ने गरी फैसला भएको देखिन्छ । उक्त घरजग्गा विनोदराज तिवारीको नामबाट भगवती योगीको नाममा रजिष्ट्रेसन भएको देखिए पनि उक्त जग्गाका साबिक जग्गाधनी विनोदराज तिवारीले अनुसन्धानमा कागज गर्दा लिखतमा रु.२४,१८,०००।- कायम गरिएको भए तापनि उक्त घरजग्गा चन्द्रमान श्रेष्ठले रु.७९,००,०००।- मा खरिद गरेका हुन् भनी उल्लेख गरेको देखिनुका साथै निज विनोदराज तिवारीकी आमा मन्जु तिवारी र अनुसन्धानमा कागज गर्ने रामबाबु कोइराला, भोलानाथ खनालसमेतले गरेको कागजबाट समेत उक्त घरजग्गा चन्द्रमान श्रेष्ठले नै खरिद गरेका हुन् भन्ने देखिन्छ भने विनोदराज तिवारी रामबाबु कोइराला र भोलानाथ खनालले बकपत्र गर्दा समेत उल्लिखित व्यहोराको कागजलाई अन्यथा भनेको देखिन्न । यसरी जग्गा बिक्री गर्ने पक्षले जग्गाको वास्तविक खरिदकर्ता यी प्रतिवादी नै हुन् भनी भन्नुपर्ने कुनै अन्य कारण रहेको भनी प्रतिवादीसमेतले उल्लेख गर्न सकेको देखिन्न ।

४३. **जिल्ला डडेल्धुरा, चिपुर-२ जन्मस्थान भई हाल जिल्ला कैलाली, धनगढी न.पा.वडा नं.४ उत्तरवेहडी बस्ने सत्ति भन्सार कार्यालय, टीकापुर कैलालीका हाल निलम्बित नायब सुब्बा वर्ष ४२ को दुर्गा दत्त भट्ट................१जना ।**

**मुद्दाः- घुस/रिसवत लिई भ्रष्टाचार गरेको ।** (०७५-CR-०३१९)

**फैसला भएको मितिः** २०७७।६।२२

**आयोगको निर्णय मितिः** २०७७।१०।२ **पुनरावेदन दर्ता मितिः** २०७७।१०।८

**आरोपपत्र मागदाबी**

दुर्गादत्त भट्टले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुर अपराध गरेको साथै अर्का आरोपित रामु साउद भन्ने रामबहादुर साउदले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (२) को कसुर अपराध गरेको देखिंदा बिगो रु.१५,०००।- कायम गरी प्रतिवादीहरू दुर्गादत्त भट्ट र रामु साउद भन्ने रामबहादुर साउद दुवै जनालाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (क) बमोजिम सजाय हुन ।

**विशेष अदालतको फैसला**

प्रतिवादी रामु साउद भन्ने रामबहादुर साउदलाई रु.१५,०००।- जरिवाना र १९ दिन कैद सजाय हुने र प्रतिवादीमध्येका दुर्गादत्त भट्टले कसुरमा इन्कार रही बयान गरेको र यी प्रतिवादीले उजुरकर्तासँग घुस रिसवत लिनेखाने मनसाय वा इच्छा जाहेर गरेको देखिँदैन, उजुरकर्ता रमेश बमले यी प्रतिवादी दुर्गादत्त भट्टलाई पोल गरी उजुरी नगरेकोले सफाइ पाउने ।

**पुनरावेदन गर्ने आधार**

मैले भारतबाट ल्याएको मालसामान चेकजाँच गरी सुब्बा दुर्गादत्त भट्टले सही गरेपछि प्रतिवादी रामबहादुर साउदले सुब्बा दुर्गादत्त भट्टलाई रकम उपलब्ध गराउनुपर्छ भनेपछि पछि दिउँला भनी गएकोमा तपाईंले पछि काम गर्ने हो भन्ने सुब्बालाई पैसा गरिदिनुहोस् नभए भन्सारबाट तपाईंको काम हुन्न भनेपछि आयोगको कार्यालयमा सो विषयमा उजुर गरेपछि घुस/रिसवतबापत आयोगबाट भरपाई गरी रकम लिई रामबहादुर साउदलाई बुझाएपछि निज रङ्गेहात पक्राउ परेका र भन्सारको काम गरेपछि सुब्बा दुर्गादत्त भट्टले रामबहादुर साउदलाई हिसाब मिलाउनुहोस्

भनी हिंड्नु भएको र रामबहादुर साउदले पनि सुब्बा दुर्गादत्त भट्टले भट्टलाई दिने रकम गरिदिनुहोला भनेको हुँदा घुस/रिसवत लेनदेनमा प्रतिवादी दुर्गादत्त भट्टको समेत संलग्नता छ भनी रमेशकुमार बमले मौकामा गरिदिएको कागज व्यहोरासमेतबाट प्रतिवादी दुर्गादत्त भट्टले भट्ट मुख्य अभियुक्त भई सहप्रतिवादीलाई घुस/रिसवत मागन लगाएको प्रतिवेदक जयराज अवस्थीसमेतले अदालतमा गरेको बकपत्रसमेतबाट प्रतिवादी दुर्गादत्त भट्टले भट्टसमेतको मिलोमतो र सरसल्लाहमा प्रतिवादीमध्येका रामबहादुर साउदले बरामद रकम रु.१५,०००।- घुस रिसवत लिएको तथ्य पुष्टि हुँदाहुँदै पनि यी प्रतिवादी दुर्गादत्त भट्टलाई आरोप दाबीबाट सफाइ दिएको सुरु विशेष अदालतको फैसला त्रुटिपूर्ण छ । प्रतिवादी रामबहादुर साउद मौकामा बयान गर्दा निवेदकलाई किन भन्सार गरेको भन्दा बढी सामान लगेको हो सुब्बा साप रिसाउनु भएको छ भनी फोनमार्फत भनेपछि निजले मलाई पैसा लिन बोलाई पछि निजबाट लिएको रकम मेरै साथबाट बरामद भएको हो भनी बयान गरी दिएको र उजुरीकर्ता निज प्रतिवादीबीच भएको फोन सम्वादको स्कृप्ट राइटिङको व्यहोराबाट सुब्बा सापलाई पैसा दिनु होला भोलि सुब्बासँग काम गर्न सजिलो हुन्छ भनी गरेको कुराकानीको अडियो डी.भी.डी. बरामदी मुचुल्का लगायतका प्रमाणसमेतबाट यी प्रतिवादी दुर्गादत्त भट्टले अर्का सह-प्रतिवादी रामबहादुर साउदलाई अहिले पैसा दिए भोलि पनि काम गर्न सजिलो हुन्छ भनी उजुरकर्तालाई भन्न लगाई डरत्रास देखाई मुख्य भई घुस रिसवत लिन पठाई वारदात घटाएको तथ्य पुष्ट्याई भएको कुरा अनदेखा गरी मिसिल संलग्न प्रमाणको उचित मूल्यांकन बिना यी प्रतिवादी दुर्गादत्त भट्टलाई आरोपदाबीबाट सफाइ दिएको सुरु विशेष अदालतको फैसला त्रुटिपूर्ण र बदरभागी छ ।

**४४. रामेछाप जिल्ला, रामेछाप नगरपालिका वडा नं. ४ (साबिक हिमगंगा गा.वि.स. वडा नं.३) बस्ने प्रमुख जिल्ला अधिकारी निवास गार्ड, काभ्रे दरबन्दी भई तत्काल प्रहरी चौकी, पाँचखाल, काभ्रेमा कार्यरत रहेका निलम्बित प्रहरी जवान वर्ष २२ को ज्ञानबहादुर लामगादेसमेत.....................................................................२जना ।**

**मुद्दाः- भ्रष्टाचार (घुस/रिसवत) । (०७६-CR-००३९)**

**फैसला भएको मितिः** २०७७।६।२२

**आयोगको निर्णय मितिः** २०७७।१०।२ **पुनरावेदन दर्ता मितिः २०७७।१०।८**

**आरोपपत्र मागदाबी**

प्रतिवादीहरू ज्ञानबहादुर लामगादे र भक्तबहादुर हायुले रु.२,०००।- घुस/रिसवत माग गरी लिएको तथ्य पुष्टि हुन आएकाले राष्ट्रसेवक कर्मचारीहरू निज भक्तबहादुर हायु र ज्ञानबहादुर लामगादेको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुर गरेको देखिंदा निज प्रतिवादीहरूलाई बिगो रु.२,०००।- कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (क) बमोजिम जरिवाना र कैदको सजाय हुन ।

**विशेष अदालतको फैसला**

घुस रिसवत लिई आरोपदाबी बमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुर गरेको पुष्टि भएकाले निज प्रतिवादीहरूलाई सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (क) बमोजिम जनही २४ दिन कैद र दामासाहीले रु.२,०००।- जरिवाना हुने ।

**पुनरावेदन गर्ने आधार**

दाबीबमोजिमको कसुर कायम भई सजाय तोक्दा जरिवानाको हकमा स्पष्ट रूपमा बिगोबमोजिम भनी उल्लेख भएको देखिँदा जरिवानालाई दामासाहीले र घटबढ गर्न मिल्ने स्वविवेकीय अधिकार रहेको भन्ने ऐनको मनसाय देखिँदैन । तसर्थ भ्रष्टाचार निवारण ऐन एक विशेष प्रकारको ऐन हो विशेष ऐनमा भएको प्रावधान विशेष ऐनबमोजिम नै लागू हुने भन्ने कानुनी सिद्धान्त र मान्यता हुँदा जरिवाना कायम गर्दा पनि सोही ऐनबमोजिम कायम गरिनुपर्छ । विशेष ऐनमा स्पष्ट व्यवस्था हुँदाहुँदै जरिवानाको हकमा सामान्य कानुनसरह व्याख्या गरी दामासाहीले जरिवाना कायम गर्दा फौजदारी कानुनको मान्य सिद्धान्तविपरीत हुन जान्छ । कानुनमा स्पष्टरूपले उल्लिखित प्रावधानको गलत व्याख्या गरी भ्रष्टाचार जस्तो संवेदनशील विषयवस्तुलाई नजरअन्दाज गरी गरिएको फैसला सो हदसम्म भ्रष्टाचार निवारण ऐनको मनसायविपरीत व्याख्या र अवलम्बनमा नै त्रुटिपूर्ण भएकाले बदरभागी छ ।

साथै उक्त अदालतबाट प्रतिवादीहरूलाई आरोप दाबीबमोजिम भ्रष्टाचार गरेको तथ्य स्थापित भई कसुर कायम भइसकेको अवस्थामा सजाय तोक्दा जरिवानाको हकमा बिगोअनुसार नगरी दामासाहीले हुने ठहरी फैसला भएको देखिन्छ । जरिवानासमेत सजाय हो । सजाय कायम गर्दा भ्रष्टाचार निवारण ऐनबमोजिम दामासाहीले गर्न कानुनतः मिल्ने देखिँदैन ।

**४५. दार्चुला जिल्ला, शैल्यशिखर नगरपालिका,–५ (साबिक दथला गा.वि.स. वडा नं. ४) बस्ने महानगरीय दंगा नियन्त्रण प्रहरी गण, त्रिपुरेश्वर काठमाडौंका निलम्बित प्रहरी जवान वर्ष २१ को गणेश लोहार (लुहार) समेत....... ३ जना ।**

**मुद्दाः- घुस/रिसवत लिई भ्रष्टाचार गरेको ।** (०७५-CR-०२६२)

**फैसला भएको मितिः** २०७७।६।१४

**आयोगको निर्णय मितिः** २०७७।१०।१५ **पुनरावेदन दर्ता मितिः** २०७७।१०।२०

**आरोपपत्र मागदाबी**

प्रतिवादी गणेश लोहारले रु.१७,०००।- घुस/रिसवत लिएको पुष्टि भएकाले निज प्रतिवादीहरू गणेश लोहार, अजाद आलाम र विष्णुनाथको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुर भएको देखिँदा निज प्रतिवादीहरूलाई जनही बिगो रु.१७,०००।- कायम गरी सोही ऐनको दफा ३ को उपदफा (१) र सोही दफा ३ को उपदफा (१) को देहाय (क) बमोजिम जरिवाना र कैद सजाय हुन ।

**विशेष अदालतको फैसला**

निज प्रतिवादीहरूलाई उक्त ऐनको दफा ३(१)(क) बमोजिम जनही २४ दिन कैद र दामासाहीले रु.१७,०००।- जरिवाना हुने तथा प्रतिवादी आजाद आलमको हकमा आरोपदाबीको कसुरबाट सफाइ पाउने ।

**पुनरावेदन गर्ने आधार**

जरिवानाको हकमा स्पष्टरूपमा बिगोबमोजिम भनी उल्लेख भएको देखिँदा जरिवानालाई दामासाहीले र घटबढ गर्न मिल्ने स्वविवेकीय अधिकार रहेको भन्ने ऐनको मनसाय देखिँदैन । भ्रष्टाचार निवारण ऐन एक विशेष प्रकारको ऐन हो । विशेष ऐनमा भएको प्रावधान विशेष ऐनबमोजिम नै लागू हुने भन्ने कानुनी सिद्धान्त र मान्यताबमोजिम समेत जरिवाना कायम गर्दा पनि सोही ऐनबमोजिम कायम गरिनुपर्छ । विशेष ऐनमा स्पष्ट व्यवस्था हुँदाहुँदै जरिवानाको हकमा सामान्य कानुनसरह व्याख्या गरी दामासाहीले जरिवाना कायम गर्दा फौजदारी कानुनको मान्य सिद्धान्तविपरीत हुन जान्छ । तसर्थ प्रतिवादीहरूमध्येका विष्णु दत्त र गणेश लोहारलाई जरिवाना दामासाही गर्ने गरी भएको फैसला सो हदसम्म त्रुटिपूर्ण छ । प्रतिवादीमध्येका अजाद आलम वैदेशिक रोजगार कार्यालय, ताहाचल, काठमाडौंमा भाषा अनुवादक पदमा तत्कालीन कार्यरत रहेको भन्ने साउदी अरबका लागि श्रम स्वीकृति प्रदान गर्ने कार्यमा निजको समेत जिम्मेवारी रहेको भन्ने उक्त कार्यालयको च.नं. २३०५ मिति २०७६।१।२ को पत्रबाट देखिएको । सेवाग्राही उजुरकर्तालाई २०७५।१२।१८ गते कागजात नमिलेको भनी फिर्ता गरेको र मिति २०७५।१२।१९ गते प्र.ज. गणेश लोहारसँगै निवेदक पनि मेरो काउण्टरमा आएको निजकै फोनबाट अन्य व्यक्तिसँग कुरा गरी निवेदकको काम गरिदिनु भनेकाले र निवेदकले मैले सबै मिलायर ल्याएको छु काम गरिदिनुपर्‍यो भनी भनेकाले मैले काम गरिदिएको हो भनी अनुसन्धान तथा अदालतमा समेत बयान गरेको देखिन्छ। त्यस्तै सहप्रतिवादी विष्णु नाथले अनुसन्धानका क्रममा बयान गर्दा आलमले यो त पैसा आउने काम हो त्यतिकै कहाँ हुन्छ भनेकाले कति लाग्छ भनी सोध्दा १८ हजार जति लाग्छ भनेकाले काम हुन्छ तर पैसा लाग्छ भनी मैले उजुरीकर्तासँग फोनबाट भनेको हो भनी निजलाई समेत पोल गरी बयान गरेको साथै अदालतमा समेत बयान गर्दा मैले अनुसन्धानका क्रममा गरेको बयान व्यहोरा ठीक साँचो हो भनी स.ज. १४ मा लेखाएको देखिँदा कसुरमा निजको संलग्नता रहेको भन्ने पुष्टि भइरहेको देखिन्छ । वारदातका दिन यी प्रतिवादीहरू र निवेदकबीच फोनमा कुरा भएको कल डिटेल्सबाट समेतबाट देखिन्छ र यी प्रतिवादी अजाद आलमले पनि स्वीकार गरेको पाइन्छ । यी प्रतिवादीको समेत जिम्मामा रहेको कामका लागि प्रतिवादीमध्ये गणेश लोहारले निवेदकसँग घुस लिई रंगेहात पक्राउ परेको र प्रतिवादी गणेश लोहार र विष्णु नाथले निवेदकसँग घुस रिसवत लिई भ्रष्टाचारको कसुर गरेको तथ्य स्थापित तथा कसुर कायम भई सजाय भएको समेत देखिँदा निवेदकको श्रम

स्वीकृतिसम्बन्धी कार्यमा संलग्न यी प्रतिवादीको अन्य प्रतिवादीहरूसँग एकआपसमा मिलेमतो गरी सामूहिक रूपमा घुस/रिसवत लिनेखाने कार्यमा सहमति र संलग्नता रहेन होला भनी मान्न मिल्ने अवस्था नदेखिई सबैको मिलेमतोमा घुस रकम लिएको भन्ने पुष्टि भइरहेको देखिँदा कसुर ठहर भएका अन्य प्रतिवादीहरूसरह समान रूपमा भागिदार देखिएका यी प्रतिवादी अजाद आलमलाई सफाइ दिने गरी भएको उक्त फैसला प्रमाणको मूल्यांकनमा नै त्रुटिपूर्ण हुँदा सो हदसमम्म बदरभागी छ

४६. **जिल्ला साबिक रुकुम, हाल रुकुम पश्चिम, साबिक खलंगा गा.वि.स. वडा नं.८ हाल मुसिकोट नगरपालिका वडा नं. ५ शेरीगाउँ बस्ने छोरी वर्ष ३५ की घरेलु तथा साना उद्योग विकास समिति रोल्पामा खरिदार पदमा कार्यरत निता शर्मा...........................................................................................१जना ।**

**मुद्दाः- घुस रिसवत लिई भष्टाचार गरेको (०७५-CR-०३६९)**

**फैसला भएको मितिः** २०७७।८।१७

**आयोगको निर्णय मितिः** २०७७।१०।२६ **पुनरावेदन दर्ता मितिः** २०७७।१०।२९

**आरोपपत्र मागदाबी**

घरेलु तथा साना उद्योग विकास समिति रोल्पाकी खरिदा निता शर्माले उजुरकर्ता शहदेव भण्डारीबाट कमिसन बापतसमेत भनी रु.७०,०००।- घुस रिसवत लिएकाले निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुरमा सोही ऐनको सोही दफा ३ को उपदफा (१) को देहाय (ग) बमोजिम बिगो रु. ७०,०००।- कायम गरी जरिवाना र कैद सजाय हुन ।

**विशेष अदालतको फैसला**

प्रतिवादीको बयान व्यहोरालगायतका आधार प्रमाणबाट प्रतिवादी उपरको आरोपदाबी पुष्टि हुन सकेको नदेखिँदा प्रतिवादी निता शर्माले आरोपपत्र मागदाबीको कसुरबाट सफाइ पाउने ।

**पुनरावेदन गर्ने आधार**

प्रतिवादीले अनुसन्धानमा बयान गर्दा आफूबाट बरामद भएको रु.७०,०००।- उजुरकर्ता सहदेव भण्डारीले दिएको रकम हो र आफ्नो हात धुँदा हल्का गुलाबी रंग देखिएको भनी तथा अदालतमा बयान गर्दासमेत आफूबाट रकम बरामद भएको हो तर घुस रकम होइन भनी इन्कार गरे पनि घरेलु तथा साना उद्योग विकास समिति रोल्पाले उपलब्ध गराएको च.नं. १२३१ मिति २०७६।३।२२ को पत्रानुसार यी प्रतिवादी जिन्सी स्टोरको काम गर्ने, उद्योग प्रशासन र प्रशिक्षणको जिम्मेवारीमा रहेको तथा आ.व. । २०७५/।०७६ को खरिद समितिमा सदस्य सचिव भई बैठकमा बसी निर्णयमा सहीछाप गरेको देखिएको र सोही कार्यालयले उजुरकर्तासँग सम्झौता गरी च.नं. ८९७ मिति २०७५।१२।८ मा सामान आपूर्ति गर्न पत्राचारसमेत भएको, सो पछि उजुरकर्तासँग यी प्रतिवादीको सामान आपूर्ति र रकम भुक्तानी गर्ने सम्बन्ध भई टेलिफोन सम्पर्क भई घुस रकम माग गरेको, माग गरेकै रकम उजुरकर्ताले आयोगबाट लिई यी प्रतिवादीलाई दिई सोही रकम बरामद भएकोमा तथ्यहरू प्रमाणबाट अन्तरसम्बन्धित (Coroborate) भइरहेको देखिन्छ । प्रतिवेदक र उजुरकर्ताले अदालतमा उपस्थित भई मौकाको उजुरी र प्रतिवेदन कागजसमेतलाई समर्थन गरी बकपत्र गरेको, प्रतिवादीलाई सफाइ दिने विशेष अदालतको फैसला तथ्य र प्रमाणको उचित मूल्यांकन नगरी सम्मानित सर्वोच्च अदालतबाट *(द्वारिका चौलागाईंविरुद्ध नेपाल सरकार भएको स.अ. बुलेटिन, वर्ष १५, अंक २ वैशाख २०६३ पूर्णाङ्क ३३२ पृष्ठ २० फैसला मिति २०६२।१०।६) तथा (प्रदीप अधिकारीविरुद्ध नेपाल सरकार उद्योग विभागसमेत भएको ने.का.प. २०६७, अंक ४ निर्णय न. ८३४०)* प्रतिपादित कानुनी सिद्धान्तसमेत विपरीत हुँदा उक्त फैसला हालसम्मको प्रचलन, स्थापित मान्यता एवं कानुनीरूपले त्रुटिपूर्ण भएकाले बदरभागी छ

४७. **सप्तरी जिल्ला कञ्चनरूप नगरपालिका वडा नं. ३ (साबिक बरमझिया गा.वि.स. वडा नं. १) घर भई हाल सप्तरी जिल्ला राजविराज नगरपालिका वडा नं. २ तेतरीगाछी बस्ने सब डिभिजन वन कार्यालय (साबिक इलाका वन**

**कार्यालय), नेपालटार उदयपुरमा कार्यरत रहेका सहायक वन अधिकृत (निलम्बित) वर्ष ४८ को सत्यनारायण साह रौनियार..........................................................................................................१ जना ।**

**मुद्दाः- घुस/रिसवत लिई भ्रष्टाचार गरेको मुद्दा । (०७५-CR-०११८)**

**फैसला भएको मितिः** २०७७।९।१

**आयोगको निर्णय मितिः** २०७७।११।२० **पुनरावेदन दर्ता मितिः २०७७।११।२५**

**आरोपपत्र मागदाबी**

प्रतिवादी सत्यनारायण शाह रौनियारले आफ्नो ओहदाले गर्नुपर्ने कामका लागि घुस/रिसवत लिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुर गरेको सप्रमाण पुष्टि भएकाले निजलाई बिगो रु.६०,०००।- कायम गरी भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (ग) बमोजिम जरिवाना र कैद सजाय हुन ।

**विशेष अदालतको फैसला**

प्रतिवादीलाई उजुरकर्ता/निवेदक सामुदायिक वन उपभोक्ता समूहसँग आबद्ध रहेको नदेखिएको तथा वादीका साक्षी, प्रतिवादीका साक्षी र निवेदकले गरेको बकपत्रबाट प्रतिवादीको इन्कारी बयानलाई समर्थन गरेको देखिएको हुँदा आरोपदाबी कसुरबाट सफाइ पाउने ।

**पुनरावेदन गर्ने आधार**

प्रतिवादीले के कुन व्यक्तिबाट घुस रकम लियो भन्ने कुरा महत्वपूर्ण होइन, राष्ट्रसेवक कर्मचारीले जोसुकैबाट, जे जुन बहानामा पनि घुस रकम लिन सक्ने हुन्छ भन्ने कानुनी मनसाय देखिन्छ । गौडेश्रर सामुदायिक वनको काठ घाटगद्दी गरेको र सो काठको नापजाँच गरी सिफारिस गर्ने सन्दर्भमा यी प्रतिवादीले घुस रकम लिएको कुरा निवेदक र प्रतिवादीको बीचमा भएको अडियोको वार्तालापबाट पनि पुष्टि हुन्छ । उपभोक्ता समूहका अध्यक्ष लिलबहादुर मगरसँग यी प्रतिवादीले घुस मागेको र रकम नभई काम नगर्ने जस्तो व्यवहार गरेको हुनाले अख्तियारमा उजुरी गरेको भन्ने कुरा निवेदकसमेतले मौकामा गरेको कागजबाट पुष्टि हुन्छ । यी प्रतिवादीले आफू सुरक्षित हुन्छ भनेर सम्बन्धित व्यक्तिलाई छलेर निजकै नजिकका व्यक्तिबाट घाटगद्दी गरेका काठको नापजाँच सिफारिस बनाइदिने निहुँमा घुस रकम लिई निजकै साथबाट बरामद भएको देखिन्छ ।अपराध गर्ने हरेक व्यक्ति आफूले गरेको अपराधलाई लुकाउन सजायबाट बच्ने उद्देश्यले अदालतमा इन्कारी बयान गर्नु स्वाभाविक नै हुन्छ भने प्रतिवादीका साक्षीले पनि निजको पक्षमा बकपत्र गर्नु स्वाभाविक नै देखिन्छ । प्रस्तुत मुद्दाका प्रतिवादीले मौकामा बयान गर्दा, आफ्नै हस्तलिखित अक्षरमा २०७४ जेठमा रु.६५०००।- रुपैयाँ निवेदकलाई बिना कागज सापटी दिएको भन्ने कुरा उल्लेख गरेका छन् भने अदालतमा बयान गर्दा उक्त मितिमा रकम सापटी दिएको नभई मिति २०७५ जेठ महिनामा उक्त रुपैयाँ सापटी दिएको कुरा उल्लेख गरेको देखिन्छ त्यसैगरी निवेदक फणीन्द्रबहादुर के.सी.ले मौकामा सो कुरा कहीं कतै नखुलाई अदालतमा बकपत्र गर्दा मिति २०७४ जेठ महिनामा रु.६५०००।- लिएको भन्ने कुरा उल्लेख गरेको देखिन्छ तर निवेदक र प्रतिवादीबीच भएको अडियो रेकर्ड स्क्रिप्टमा उक्त सापटी रकमबारे कहीं कतै बोलेको देखिँदैन । यसरी सापटी लिएको मिति नै फरक पर्नु र सापटी लिएको भन्दा कम रकम फिर्ता गरेको भनी प्रतिवादीलाई सहयोग पुग्ने गरी निवेदकले गरेको बकपत्रलाई अन्य स्वतन्त्र प्रमाणले समर्थन गरेको देखिँदैन ।

४८. **सप्तरी जिल्ला बोदय बरसाइन नगरपालिका वडा नं. २, गौराचोक स्थायी वतन भई जिल्ला समन्वय समितिको कार्यालय, कास्कीका तत्कालीन सब-इन्जिनियर पदमा कार्यरत रही हाल रूपा गाउँपालिका, कास्कीमा कार्यरत वर्ष ४५ का सब-इन्जिनियर ननु रामसमेत..........................................................................................८ जना ।**

**मुद्दाः- झुठा बिल भरपाइ एवं झुठा कागजात समेत पेस गरी भ्रष्टाचार गरेको । (०७५-CR-०३०८)**

**फैसला भएको मितिः** २०७७।८।२१

**आयोगको निर्णय मितिः** २०७७।११।२१ पुनरावेदन दर्ता मितिः २०७७।११।२५

**आरोपपत्र मागदाबी**

निर्माण समितिका पदाधिकारीहरूसँगको मिलोमतोमा निर्माण सामग्रीहरू खरिद गरेको झुठा बिल भरपाईसमेत बनाई भुक्तानीका कागजात तयार गरी भुक्तानी समेत दिई आफू र अन्य व्यक्तिलाई गैरकानुनी लाभ पुऱ्याई नेपाल सरकारलाई गैरकानुनी हानि पुऱ्याउने कार्य गरी रु. १,८६,२७४।८० बराबरको रकम हिनामिना गरेको कार्य भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ८(१) र ८ (१) (ग) (ङ) बमोजिमको कसुर गरेको देखिँदा प्रतिवादीहरू ननुराम, हरिबहादुर बस्नेत, नारायणप्रसाद बराल, रामकृष्ण बास्तोला, झलकप्रसाद आचार्य र विष्णुप्रसाद बराललाई बिगो रु.१,८६,२७४।८० कायम गरी भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ८(१) बमोजिम तथा निर्माण समितिका अध्यक्ष हर्क गुरुङ, सचिव तारामान गुरुङ र कोषाध्यक्ष गौसुवा गुरुङले भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ८(४) बमोजिमको कसुर गरेको हुँदा निजहरूलाई बिगो रु.१,८६,२७४।८० कायम गरी भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ८(४) बमोजिम सजाय हुन ।

**विशेष अदालतको फैसला**

बेरुजु खातामा आरोपपत्र दायर हुनुपूर्व जम्मा गरिदिएको, मिसिल संलग्न कागज प्रमाणबाट प्रतिवादीहरूले नेपाल सरकारलाई गैरकानुनी लाभ पुऱ्याउने बदनियतले कार्य गरेको पुष्टि नभएको, प्रतिवादीहरू आफूहरूले बदनियतपूर्वक फाइदा लिई नेपाल सरकारलाई हानि नोक्सानी पुऱ्याएको होइन भनी आरोपित कसुरमा इन्कार रही बयान गरेको देखिंदा प्रतिवादीहरूले आरोपदाबीबाट सफाइ पाउने ।

**पुनरावेदन गर्ने आधार**

प्रतिवादीले योजनाको लागतअनुसार गर्नुपर्ने नयाँ खेल मैदान बनाउने कार्य नगरी, ढुङ्गा सोलिङको कार्य नापी किताबमा भएअनुसार फिल्डमा नगरी, प्यारापिट वालमा पुरानै संरचनाहरू रहेको पोष्ट बनाउन खनिएको खाल्डोमा सिमेन्ट कंक्रिट भर्ने कार्यसमेत नगरी यथार्थमा रु.९८,००९।२० मात्र काम भएकोमा रु.२,८४,२८४।- भुक्तानी लिई बढी रकम रु.१,८६,२७४।८० भुक्तानी लिएको भन्ने उल्लेख रहेको छ।उक्त प्रतिवेदनलाई प्रतिवादीहरूले स्वीकार गरेको स्थिति छ । यसरी प्रतिवादीहरूले भ्रष्टाचार गर्ने मनसायले बिल भरपाइ मिलाई रकम निकासा लिई कसुर गरिसकेको अवस्थामा प्रतिवादीहरूलाई सफाइ दिने गरी भएको फैसला फौजदारी न्यायको मूल्य मान्यताविपरीत भएकाले त्रुटिपूर्ण रहेको छ । प्रस्तुत मुद्दामा प्रतिवादीहरूले आपसी मिलोमतो गरी आफूलाई फाइदा नेपाल सरकारलाई हानि पुऱ्याउने नियतले कार्य गरिसकेको स्थिति रहेको छ । भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ८ को उपदफा (१) ले देहायको कुनै काम गरेमा कसुर मानिनेछ भन्ने उल्लेख गरी ऐ उपदफा (१) को खण्ड (ग) ले निर्माण कार्यको गुणस्तर कम गर्ने, आकार वा रूप परिवर्तन गर्ने, मापदण्डविपरीत निर्माण कार्य गर्ने, गराउने वा त्यस्तो निर्माण कार्यलाई गुणस्तरयुक्त सर्त तथा मापदण्डबमोजिम भएको हो भनी प्रमाणित वा स्वीकृत गर्ने कार्यलाई कसुर मानेको देखिन्छ भने ऐ खण्ड (ङ) ले झुठा बिल, भरपाई बनाई भुक्तानी लिने दिने कार्यलाई कसुर मानेको स्थिति छ। यसरी प्रतिवादीहरूले उल्लिखित कानुनको उल्लंघन गरिसकेको स्थितिमा प्रतिवादीहरूलाई सफाइ दिने गरी भएको फैसला भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१), ऐ उपदफा (१) को खण्ड (ग) (ङ) तथा ऐ को दफा ८ को उपदफा (४) विपरीतसमेत भई बदरभागी छ ।

४९. **जिल्ला ओखलढुङ्गा, ज्यामिरे गा.वि.स. -९ स्थायी वतन भई हाल काठमाडौं जिल्ला गोकर्णेश्वर न.पा.१४ जोरपाटी, बेंसीगाउँ बस्ने नेपाल फिलाटेलिक ब्युरो, सुन्धारामा वर्ष ५३ को नायब सुब्बा मणिकुमार श्रेष्ठ............. १ जना ।**
**मुद्दाः- भ्रष्टाचार (रकम हिनामिना) गरेको । (०७३-CR-००२३)**
**फैसला भएको मितिः २०७७।८।२२**
**आयोगको निर्णय मितिः २०७७।११।१७ पुनरावेदन दर्ता मितिः २०७७।११।२५**
**आरोपपत्र मागदाबी**

राष्ट्रसेवक प्रतिवादी मणिकुमार श्रेष्ठले आफ्नो ओहोदाको कर्तव्य पालन गर्दा निजको जिम्मामा रहेको हुलाक टिकट तथा वस्तुहरूमध्ये रु.१,१६,६९,२८८।४३ मूल्य बराबरको नेपाल सरकारको सम्पत्तिको लापरबाही वा बदनियत गरी हिनामिना, हानि नोक्सानी एवं दुरुपयोग गरी गराई मासेको कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को

दफा १७ को कसुर गरेको देखिएकाले सोही ऐनको दफा ३(१) र ३(१)(झ) अनुसार बिगोबमोजिम जरिवाना र कैद सजाय गरी दफा १७ बमोजिम हानि नोक्सानी गरी मासेको बिगो रु.१,१६,६९,२८८।४३ असुलउपर गरी पाउन ।

**विशेष अदालतको फैसला**

प्रतिवादीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ र ८(३) बमोजिमको कसुरमा ३ महिना कैद र बिगोबमोजिम रु.१,१६,६९,२८८।४३ जरिवाना भई हानि नोक्सानी गरेको बिगो रु.१,१६,६९,२८८।४३ निजबाट असुलउपर हुने ठहर्छ । प्रतिवादी मणिकुमार श्रेष्ठले आरोप दाबीलाई खण्डन गर्ने निस्सा कागज प्रमाण पेस गर्न नसकेको, प्रतिवादीले बदनियतपूर्वक कार्य गरी नेपाल सरकारलाई हानि नोक्सानी पुऱ्याउने क्रममा ऐनको दफा ३(१) मा उल्लेख भएबमोजिम कसैबाट आफ्नो वा अरू कसैको निमित्त रिसवत लिएको वा लिन मन्जुर गरेको भन्ने तथ्य मिसिल संलग्न प्रमाणबाट पुष्टि भएको अवस्था नरहेको, प्रस्तुत मुद्दाको तथ्य प्रमाणबाट प्रतिवादीले गरेको कसुरको प्रकृति र स्वरूप भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ र ८(३) ले परिभाषित गरेको कसुरसँग सामीप्य रहेको ।

**पुनरावेदन गर्ने आधार**

प्रतिवादी मणिकुमार श्रेष्ठको जिम्मामा मिति २०७१।७।३ सम्ममा रु.३,७९,९५,१२९।- रहेकोमा मिति २०७३।४।३१ सम्ममा रु.१,३४,७२,३६८।४३ बराबरको हुलाक टिकट तथा वस्तुहरू निजको जिम्मामा बाँकी रहेको देखिन्छ । सोमध्ये मिति २०७३।४।३२ मा कार्यालय प्रमुखलाई बुझाएको रु.३४,५००।- समेत गरी जम्मा रु.१८,०३,०८०।०० घटाउँदा निजको जिम्मामा बाँकी रहेको जम्मा रु.१,१६,६९,२८८।४३ बराबरको हुलाक वस्तुहरू खर्च हुन नसकी मौज्दात रहेको भनी प्रतिवादीले देखाउन तथा राजस्वमा दाखिला गर्न सकेको देखिँदैन । निजले आफ्नो कर्तव्य पालन गर्दा नेपाल सरकारको सम्पत्ति लापरबाही वा बदनियत गरी हिनामिना हानि नोक्सानी वा दुरुपयोग गरेको वा मासेको स्पष्ट देखिएको छ । प्रतिवादीको उल्लिखित कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ अनुसार सार्वजनिक सम्पत्तिको हानि नोक्सानी गरेको प्रस्ट देखिएको अवस्थामा सोही ऐनको दफा ८ र ८(३) बमोजिमको कसुर कायम गरी सजाय भएको फैसला कानुनमा स्पष्टरूपले उल्लिखित प्रावधानको गलत व्याख्या गरी भ्रष्टाचारजस्तो संवेदनशील विषयवस्तुलाई नजरअन्दाज गरिएको हुँदा सो हदसम्म भ्रष्टाचार निवारण ऐनको मनसायविपरीत व्याख्या र अवलम्बनमा नै त्रुटिपूर्ण रहेको छ ।

**५०. जिल्ला रौतहट साबिक जटहरा गा.वि.स. वडा नं. ७ स्थायी वतन भई हाल जिल्ला मकवानपुर हेटौंडा उप-मानगरपालिका वडा नं. ४ बस्ने वर्ष ३० को चौपाया व्यवसायी अब्दुल्ला देवानसमेत...........................२जना ।**

**मुद्दाः- घुस/रिसवत दिई भ्रष्टाचार गरेको । (०७५-CR-०१५६)**

**फैसला भएको मितिः** **२०७७।८।३**

**आयोगको निर्णय मितिः** **२०७७।११।१७** **पुनरावेदन दर्ता मितिः २०७७।११।२५**

**आरोपपत्र मागदाबी**

प्र.ना.उ. रमेशबहादुर सिंहको कार्यकक्षमा प्रवेश गरी प्रतिवादी अब्दुल्ला देवानले रु.५०,०००।- निजसँगै गएका नवराज थापालाई दिई निज प्रतिवादी नवराज थापाले उक्त रकम प्र.ना.उ. रमेशबहादुर सिंहको टेबुलमाथि राखी दिई घुस/रिसवत दिएको तथ्य पुष्टि हुन आएकाले निज प्रतिवादीहरू अब्दुल्ला देवान र नवराज थापाले गरेको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) बमोजिमको कसुर भएको देखिँदा निज प्रतिवादीहरू अब्दुल्ला देवान र नवराज थापालाई जनही बिगो रु.५०,०००।—कायम गरी सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (ख) बमोजिम जरिवाना र कैद सजाय हुन तथा बरामद भई आएको रकम रु.५०,०००।- जफत हुन ।

**विशेष अदालतको फैसला**

प्र.ना.उ. रमेशबहादुर सिंहलाई निजकै कार्यकक्षमा गई घुस/रिसवतबापत रु.५०,०००।- दिएको देखिन

आएकाले आरोप दाबीबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) अनुसारको कसुर प्रतिवादीहरूबाट भएको देखिँदा निज प्रतिवादीहरू अब्दुल्ला देवान र नवराज थापालाई सो ऐनको दफा ३ को उपदफा (१) तथा ऐ. को देहाय (ख) बमोजिम बिगो रु.५०,०००।- को दामासाहीले हुने रु.२५,०००।- का दरले जरिवाना हुने र जनही ३ महिनाका दरले कैद हुने । जनही बिगो रु.५०,०००।- कायम गर्नुपर्ने र बरामद भएको रु.५०,०००।- जफत हुनुपर्ने भन्नेसम्मको आरोपदाबी कानुनसम्मत नदेखिँदा सो हदसम्म आरोपदाबी पुग्न नसक्ने ।

**पुनरावेदन गर्ने आधार**

प्रतिवादीहरूलाई आरोपदाबी बमोजिम कसुर गरेको ठहरेकोमा जरिवानाको हकमा दामासाहीले तथा प्रतिवादीहरूबाट बरामद भएको घुस रकम जफत नहुने गरी भएको फैसलाउपर सो हदसम्म पुनरावेदन गर्नुपर्ने आधारहरू- प्रस्तुत मुद्दामा प्रतिवादीहरू अब्दुल्ला देवान र नवराज थापाउपर प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) को कसुरमा बिगो रु.५०,०००।- कायम गरी सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (ख) बमोजिम जरिवाना र कैद सजाय हुन तथा बरामद बिगो जफत हुन समेतको मागदाबी लिइएको देखिन्छ । उक्त ऐनको दफा ३ को उपदफा (१) को कानुनी व्यवस्था हेर्दा, .........देहायबमोजिमको रिसवत लिनेलाई वा लिन मञ्जुर गर्नेलाई कसुरको मात्राअनुसार देहायबमोजिम कैद र बिगोबमोजिम जरिवाना हुनेछ । रिसवत लिइसकेको भए सो रिसवतसमेत जफत हुनेछ भन्नेसमेत उल्लेख भएको देखिन्छ । जरिवानाको हकमा स्पष्टरूपमा बिगोबमोजिम भनी उल्लेख भएको देखिँदा जरिवानालाई दामासाहीले र घटबढ गर्न मिल्ने स्वविवेकीय अधिकार रहेको भन्ने ऐनको मनसाय देखिँदैन । तसर्थ भ्रष्टाचार निवारण ऐन एक विशेष प्रकारको ऐन हो । मुलुकी अपराध संहिता, २०७४ को दफा ५ बमोजिम कुनै विशेष ऐनद्वारा छुट्टै कसुर मानी सजाय गर्ने व्यवस्था भएको रहेछ भने त्यस्तो कसुरका सम्बन्धमा सोही ऐन लागू हुनेछ भन्ने कानुनी व्यवस्था रहेको देखिँदा जरिवानासमेत सजाय हो । जरिवाना कायम गर्दा पनि सोही ऐनबमोजिम नै जनही बिगोबमोजिम कायम गरिनुपर्छ । विशेष ऐनमा स्पष्ट व्यवस्था हुँदाहुँदै जरिवानाको हकमा सामान्य कानुनसरह व्याख्या गरी दामासाहीले जरिवाना कायम गर्दा फौजदारी कानुनको मान्य सिद्धान्तविपरीत हुन जान्छ । कानुनमा स्पष्टरूपले उल्लिखित प्रावधानको गलत व्याख्या गरी भ्रष्टाचार जस्तो संवेदनशील कसुर अपराधलाई नजरअन्दाज गरी गरिएको फैसला सो हदसम्म भ्रष्टाचार निवारण ऐनको मनसायविपरीत व्याख्या र अवलम्बनमा नै त्रुटिपूर्ण भएकाले बदरभागी छ । प्रस्तुत मुद्दामा निज प्रतिवादीहरूले इलाका प्रहरी कार्यालय कोहलपुरका प्र.ना.उ. रमेशबहादुर सिंहलाई आफ्नो चौपायासम्बन्धी व्यवसायमा सहज गरिदिने भनी घुस/रिसवत बापत रु.५०,०००।- दिई आरोप मागदाबीबमोजिम भ्रष्टाचारको कसुर गरेको भन्ने ठहरी निज प्रतिवादीहरूबाट बरामद रकम घुसरिसवत नै भएको भन्ने स्थापित भइसकेको अवस्थामा निज प्रतिवादीहरूबाट बरामद घुस/रिसवत रकमलाई जफत गर्नुपर्नेमा नगरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) अनुसारको कसुर भएको भन्ने आरोपदाबी रहेको, उक्त कानुनी व्यवस्थाअनुसार रिसवत दिन लागेको रकम जफत गर्न मिल्ने अवस्था नरहेको भन्ने समेतको आधार लिई बरामद घुस रकमको हकमा प्रतिवादीहरूलाई फिर्ता दिनु भनी भएको उक्त फैसला सो हदसम्म समेत त्रुटिपूर्ण भएकाले बदरभागी छ ।

**५१. जिल्ला गुल्मी, गुल्मी दरबार गाउँपालिका वडा नं.५ स्थाई वतन भई हाल का.जि.कागेश्वरी मनहरा नगरपालिका वडा नं. ९, काँडाघारी बस्ने भूमिसुधार तथा मालपोत कार्यालय, चाबहिलमा मालपोत अधिकृत पदमा कार्यरत वर्ष ५० का पदमप्रसाद अर्यालसमेत...............................५जना ।**

**मुद्दाः- राजस्व चुहावट गरी भ्रष्टाचार गरेको ।** (०७५-CR-०२०२)

**फैसला भएको मितिः** २०७७।७।२५

**आयोगको निर्णय मितिः** २०७७।११।२६ **पुनरावेदन दर्ता मितिः** २०७७।१२।२

**आरोपपत्र मागदाबी**

जग्गाको मूल्यांकन कम गराउने उद्देश्यले थैली कम राखी लिखत तयार पारी मालपोत कार्यालयका कर्मचारीको मिलेमतोमा रजिष्ट्रेशन पारित गराएको देखिन आएकाले प्रतिवादीहरू मालपोत अधिकृत पदमप्रसाद अर्याल, नायब

सुब्बा दयाराम खत्री र लेखनाथ भट्टराईले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ को देहाय (ख) को कसुर अपराधमा ऐ. ऐनको दफा ७ दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (ग) बमोजिम सजाय हुन र प्रतिवादीहरू शारदा देउजा र कौशल किशोर श्रीवास्तवले कर्मचारीकै मिलेमतोमा आफुलाई गैरकानुनी लाभ पुऱ्याउने बदनियतले नेपाल सरकारबाट निर्धारण गरिएको सर्तको पालना नगरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसुर अपराध गरेको देखिँदा प्रतिवादीहरू शारदा देउजा र कौशल किशोर श्रीवास्तवलाई सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिमको सजाय हुन ।

**विशेष अदालतको फैसला**

प्रतिवादीहरूले बदनियतपूर्वक वा लापरबाहीपूर्ण तरिकाले नेपाल सरकारलाई हानि नोक्सानी पुऱ्याई आफूहरूले लाभ लिई राजस्व चुहाबट गरेको प्रत्यक्ष, सार्थक र निश्चयात्मक प्रमाणबाट पुष्टि नभएको, नियमानुसार लाग्ने राजस्व रकम जग्गा प्रशासन निर्देशिकाको दफा १९५ र जग्गाको न्यूनतम मूल्यांकन पुस्तिकाको नि.नं. १० मा उल्लेख भएको प्रक्रिया अपनाई जग्गाधनी प्रतिवादी कौशल किशोर श्रीवास्तवबाट असुलउपर भइसकेकाले प्रतिवादीहरूले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७(ख) र ८(४) को कसुर गरेको भन्ने वादी नेपाल सरकारको आरोप दाबी पुग्न सक्ने देखिएन ।

**पुनरावेदन गर्ने आधार**

उक्त घरजग्गाको कम मूल्यांकन भएको भनी पटकपटक राजस्व असुलउपर गरेबाट पनि प्रतिवादीहरूको मिलोमतोमा उक्त घरजग्गाको घटी राजस्व निर्धारण गरी रजिष्टेसन पारित गरी नेपाल सरकारको राजस्व चुहावट गरी हानि नोक्सानी पुऱ्याई आफूहरूले लाभ लिई भ्रष्टाचार गरेको तथ्य पुष्टि भइरहेको कुरालाई अनदेखा गरी प्रतिवादीहरूको आपसी सरसल्लाहमा राजस्व छली नेपाल सकारलाई नोक्सानी पुऱ्याई प्रतिवादीहरूले गैरकानुनी लाभ लिई भ्रष्टाचार गरेको र पछि आयोगमा उजुरी परी अनुसन्धान भइरहेको अवस्थामा प्रतिवादीहरूले कसुरबाट बच्नका लागि उक्त घरजग्गाको पुनः मूल्यांकन गर्न लगाई राजस्व असुलउपर भएको विषयलाई अनर्थ लगाई प्रतिवादीहरूलाई सजायबाट उन्मुक्ति दिने अभिप्रायले उक्त कुराको आधार लिई प्रतिवादीहरू पदमप्रसाद अर्याल, दयाराम खत्री, लेखनाथ भट्टराई, शारदा देउजा र कौशलकिशोर श्रीवास्तवलाई आरोप दाबीबाट सफाइ दिएको सुरु विशेष अदालतको फैसला कानुन र न्यायको रोहमा त्रुटिपूर्ण भई बदरभागी छ । जहाँसम्म प्रमाण ऐन, २०३१ को दफा २५ बमोजिम प्रतिवादीहरूउपरको आरोप दाबी वादी नेपाल सरकारबाट ठोस, वस्तुनिष्ठ र निश्चयात्मक प्रमाणबाट पुष्टि हुन नसकेको भन्ने तर्क र आधार छ वीरगञ्ज उपमहानगरपालिका वडा नं. ४ कि.नं. २३७ क्षे.फ. ७३.२० वर्गमिटर जग्गा मिति २०७१।९।२१ गतेका दिन लिखत पारित गर्दा रजिष्ट्रेसन फाँट "क" मा कार्यरत रहेका प्रतिवादीहरू ना.सु. दयाराम खत्री, ना.सु. लेखनाथ भट्टराई र मालपोत अधिकृत पदमप्रसाद अर्यालले प्रचलित कानुनबमोजिम राजस्व निर्धारण गर्दा हेर्नुपर्ने वा परीक्षण गर्नुपर्ने घरबाटो सिफारिस लगायतका कागजातहरू नहेरेको, परीक्षण नगरेको, आवश्यक प्रमाण संकलन नगरी घटी राजस्व निर्धारण गरी लिखत पारित गरेका कारण नेपाल सरकारलाई हानि नोक्सानी पुगी निजहरूले भ्रष्टाचार निवारण कसुर ऐन, २०५९ बमोजिमको कसुर गरेको, जग्गा बिक्रीकर्ता प्रतिवादी शारदा देउजा र जग्गा खरिदकर्ता प्रतिवादी कौशलकिशोर श्रीवास्तवले जग्गाको मूल्यांकन कम गराउने उद्देश्यले थैली कम राखी लिखत तयार पारी प्रतिवादीहरूले रजिष्ट्रेशन पारित गराई नेपाल सकारलाई राजस्व हानि नोक्सानी पुऱ्याई प्रतिवादीहरूले लाभ लिई भ्रष्टाचार गरेको तथ्य उजुरी निवेदन, प्रतिवादीहरूकै बयान, मालपोत कार्यालय, पर्सा, वीरगञ्जबाट प्राप्त पत्र लगायत मिसिल संलग्न कागज प्रमाणबाट पुष्टि भइरहेको कुरालाई बेवास्ता गरी नेपाल सरकारबाट ठोष, प्रमाणबाट पुष्टि गराउन नसकेको भनी मिसिल संलग्न प्रमाण कागजातको मूल्यांकन बिना प्रतिवादीहरूलाई आरोप दाबीबाट सफाइ दिएको सुरु विशेष अदालतको फैसला त्रुटिपूर्ण छ ।साबिक जग्गाधनी शारदा देउजाबाट कौशल किशोर श्रीवास्तवको नाममा वीरगन्ज उपमहानगरपालिका वडा नं. ४ कि.नं. २३७ क्षे.फ. ७३.२० वर्गमिटर जग्गा मिति २०७१।९।२१ गतेका दिन र.नं. ५७२० "क" बाट लिखत पारित गर्दा रु.३,००,०००।—मा खरिद बिक्री गरी आफूहरूले लाभ लिने मनसायले नै जग्गाको मूल्यांकन कम गरी लिखत तयार गरी सम्बन्धित फाँटका कर्मचारीहरूसँगको मिलेमतोमा कम राजस्व तिरेबुझाएको पाइयो । मिति २०७१।९।२१ गते पारित लिखतमा रु.३,००,०००।— को राजस्व रु.१२,०००।-, मिति २०७४।८।१२ गते सोही लिखतको छुट हुन गएको

जग्गाको मूल्यांकन रु.५,६४,७३८।- को रु.२२,५९०।- राजस्व बुझाएको र मिति २०७५।७।५ गते पुनः छुट हुन गएको घरजग्गाको मूल्यांकन रु.७,१२,०२४।८० को राजस्व रु.२८,४८१।- निज कौशलकिशोर श्रीवास्तवले बुझाएको पाइएकाले प्रतिवादीहरूकै मिलेमतोमा आफूलाई गैरकानुनी लाभ पुऱ्याउने बदनियतले नेपाल सरकारलाई हानि नोक्सानी पुऱ्याई राजस्व चुहावट गरी भ्रष्टाचार गरेको पुष्टि भएकाले र आफूलाई गैरकानुनी लाभ र नेपाल सकारलाई गैरकानुनी हानि नोक्सानी पुऱ्याउने बदनियत राखी भ्रष्टाचारको कसुर गरेकाले बिगो दाखिला भइसकेको कारणले मात्र भ्रष्टाचारको कसुर ठहऱ्याउन नमिल्ने भन्न नसकिने भनी पुण्यप्रसाद वाग्ले विरुद्ध नेपाल सरकार भएको मुद्दामा (स.अ. बुलेटिन वर्ष १८, अंक १९, माघ २०६६ पूर्णाङ्क ४२१ पृष्ठ २९) मा प्रकाशित सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तसमेतको बर्खिलाप गरी प्रतिवादीहरूलाई सफाइ दिने गरी विशेष अदालत, काठमाडौंबाट भएको फैसला त्रुटिपूर्ण भई बदरभागी छ ।

**५२. प्रतिवादी हेभी इक्विप्मेण्ट डिभिजन कार्यालय, पोखराका अपरेटर कुमार लामिछानेसमेत........................४ जना ।**
**मुद्दाः- घुस रिसवत लिई भष्टाचार गरेको । (०७५-CR-०३३८)**
**फैसला भएको मितिः** २०७७।८।२४
**आयोगको निर्णय मितिः** २०७७।१२।०९ **पुनरावेदन दर्ता मितिः** २०७७।१२।११

**आरोपपत्र मागदाबी**

यातायात कार्यालय पोखराका खरिदार कर्मचारी सोमलाल तिवारी र जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रहरी सहायक निरीक्षक केशरबहादुर राय मल्लसँग मिली उजुरकर्ता विनोद आलेमगरसँग निजको सवारीचालक अनुमतिपत्र (J२) वर्गको लिखित र ट्रायल परीक्षा पास गराई दिने भनी रु.४०,०००।- घुस रिसवत लिएकाले प्रतिवादीहरूमध्ये कुमार लामिछाने, खगेन्द्रप्रसाद काफ्लेलाई भष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुरमा सोही ऐनको सोही दफा ३ को उपदफा (१) को देहाय (ख) बमोजिम बिगो रु.४०,०००।- कायम गरी जरिवाना र कैद सजाय हुन, साथै सोमलाल तिवारी र केशरबहादुर राय मल्ललाई बिगो रु.४०,०००।- कायम गरी सोही ऐनको दफा ३ को उपदफा (१) को कसुरमा सोही दफा ३ को उपदफा (१) को देहाय (ख) बमोजिम हुने सजायमा सोही ऐनको दफा २२ को प्रतिबन्धात्मक वाक्यांशबमोजिमको सजाय हुन ।

**विशेष अदालतको फैसला**

प्रतिवादीहरूले आरोप दाबीबमोजिमको कसुर गरेको हुँदा जनही ३ महिना कैद र बिगो रु.४०,०००।- को दामासाहीले जरिवाना हुने ठहर्छ । अर्का प्रतिवादीहरू केशरबहादुर राय मल्ल र सोमलाल तिवारीले आरोपित कसुरबाट सफाइ पाउने ठहर्छ । प्रतिवादी केशरबहादुर मल्ल सवारीचालक अनुमतिपत्रका लागि सञ्चालित परीक्षामा ड्युटीमा खटिने प्रहरी कर्मचारी तथा सोमलाल तिवारी यातायात व्यवस्था कार्यालयमा खरिदार पदमा रही परीक्षामा खटिएका कर्मचारी भए पनि घुस रिसवत माग गर्ने कार्यमा निजहरूको संलग्नता नदेखिएको । आयोगको इन्टेलिजेन्स युनिटसँग यी प्रतिवादीहरूको फोन सम्पर्क र एस.एम.एस.को आधारमा अनुसन्धान भएको देखिएको । यी प्रतिवादीहरूले मौकामा र अदालतमा खगेन्द्र प्रसाद काफ्लेसँग सामान्य चीनजान रहेको परीक्षार्थीको एप्लिकेसन ID र SMS गरी फोन गरे पनि परीक्षार्थीहरूलाई पास फेल गराउने हैसियत हुँदैन भनी बयान गरेको । यी प्रतिवादीहरूबाट रङ्गेहात वा रकम बरामद नभएको । यी प्रतिवादीहरूलाई सहप्रतिवादीहरूले पोल गर्न नसकेको । सहप्रतिवादी खगेन्द्र प्रसाद काफ्लेले पठाएको SMS को Reply गरेको पनि नदेखिएको । घुस माग गरेको प्रमाण नदेखिएकोमा खगेन्द्रले पठाएको एकतर्फी एस.एम.एस.कै आधारमा दोषी ठहर गर्नुपर्ने आधार नदेखिँदा सफाइ पाउने ।

**पुनरावेदन गर्ने आधार**

प्रतिवादीहरूले अनुसन्धानमा बयान गर्दा सहप्रतिवादी खगेन्द्रप्रसाद काफ्लेसँग परीक्षाको दिन पनि फोन सम्पर्क हुने गरेको र परीक्षार्थीहरूको एप्लिकेसन ID र SMS मार्फत खबरहरू आदानप्रदान भएको थियो भनी स्वीकार गरेको, प्रतिवादी सोमलाल तिवारीले अदालतमा बयान गर्दा समेत सो तथ्य स्वीकार गरेको । उजुरकर्ता विनोद आलेमगर

र प्रतिवादी कुमार लामिछानेबीच घुस रकम माग गरेको, सो रकम आफू वा सहप्रतिवादी खगेन्द्रप्रसाद काफ्ले जसलाई दिए पनि हुन्छ भनी सि.डि.मा उल्लेख भएको, घुस रकम कुमार लामिछानेले लिई खगेन्द्रप्रसाद काफ्लेसमेतबाट बरामद भएको, सवारीचालक अनुमतिपत्र परीक्षामा खटिने यी प्रतिवादीहरूसँग खगेन्द्रप्रसाद काफ्लेको SMS र टेलिफोन सम्पर्क भएको देखिएको हुँदा मुख्य कसुरदारलाई कसुर गर्न सहयोग गरेको देखिएको । यी प्रतिवादीहरूले सहप्रतिवादीहरू खगेन्द्रप्रसाद काफ्ले र कुमार लामिछानेसँग SMS र टेलिफोन सम्पर्क गरी सवारीचालक अनुमतिपत्र परीक्षामा सहभागीहरूको एप्लिकेसन ID र SMS पठाउने तथा टेलिफोन सम्पर्क गरी कसुर गर्न सहयोग गर्ने भूमिका निर्वाह गरेकोमा मतियार मानी मुख्य कसुरदार सरह नै सजाय गर्नुपर्नेमा यी प्रतिवादीहरूलाई सफाइ दिने विशेष अदालतको फैसला तथ्य र प्रमाणको उचित मूल्यांकन नगरी सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित कानुनी सिद्धान्तसमेतको प्रतिकूल रहेको हुँदा बदरभागी छ ।

५३. **जिल्ला सप्तरी साबिक बथनाहा गा.वि.स. वडा नं. १ हाल महादेवा गाउँपालिका वडा नं.३ स्थायी घर भएका आयुर्वेद चिकित्सालय नरदेवी, काठमाडौंका निमित्त निर्देशक (वरिष्ठ कन्सल्टेण्ट कायचिकित्सक) वर्ष ५२ को डा. रामदेव यादव...............................................................................................१जना ।**

**मुद्दाः- घुस रिसवत लिई भ्रष्टाचार गरेको ।** (०७४-CR-०१२८)

**फैसला भएको मितिः** २०७७।९।२२

**आयोगको निर्णय मितिः** २०७७।१२।२३ **पुनरावेदन दर्ता मितिः** २०७७।१२।२४

**आरोपपत्र मागदाबी**

प्रतिवादी रामदेव यादवले घुस रिसवत माग गरेको कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा १ को कसुर अपराध भएको देखिएको हुँदा निजलाई बिगो रु.३७,०००।- कायम गरी सोही ऐनको दफा ३(१) र ३(१)(ख)अनुसार कैद र जरिवानाको सजाय गरी पाउन ।

**विशेष अदालतको फैसला**

बरामदी मुचुल्का, रेकर्ड गरिएको श्रव्यदृश्यसहितको सि.डी. र प्रतिवेदक लेखराज खनालले दिएको प्रतिवेदन व्यहोरा फरक देखिएको, प्रतिवादीका साक्षीहरूको बकपत्रबाट जबरजस्तीपनाको आभास देखिएको, रकम सोफाको चकटीमुनि रहेको पूर्वाभास अनुसन्धानकर्तालाई भएझैं गरी प्रतिवादीलाई सोफाको चकटी उठाउनुस् भनेको सुनिएबाट प्रतिवादीले लिएको जिकिर अस्वाभाविक नदेखिएको, बादीका साक्षी उजुरकर्ता रमण भट्टराई र डा.श्रीराम शर्मालाई बकपत्रका लागि उपस्थित गराउन नसकेको, प्रतिवादीले कसुर गरेको शंकारहित तवरले ठोस र वस्तुनिष्ठ प्रमाणबाट पुष्टि भएको नदेखिएको भन्नेसमेतका आधारबाट प्रतिवादीले सफाइ पाउने ।

**पुनरावेदन गर्ने आधार**

प्रतिवादीले आयुर्वेद स्वास्थ्य सहायक तेस्रो वर्षमा अध्ययनरत ३७ जना विद्यार्थीहरूलाई आयुर्वेद चिकित्सालय, नरदेवी, काठमाडौंमा प्रशिक्षण तालिममा सहभागी गराउनका लागि नियमानुसार लाग्ने प्रतिमहिना रु.१,५००।- शुल्क बाहेक अतिरिक्त जनही रु.१,०००।- को दरले घुस रिसवत माग गरी नदिएसम्म O.J.T. प्रशिक्षण तालिममा सहभागी नगराउने भएपश्चात आयोगको कार्यालयबाट रु.३७,०००। बुझी लिई निजलाई दिनका लागि निजको निवास अगाडि गई उजुरीकर्ताले रकम दिएको तथ्य बरामदी मुचुल्कामा रहेका सुवास अधिकारीसमेतका साक्षीहरूले अदालतसमक्ष बकपत्र गरी पुष्टि गरिदिएको अवस्था रहेको छ । प्रतिवादीले उजुरीमा उल्लेख भएको रकम माग गरेको कुरा वारदातका समयमा रेकर्ड गरिएको श्रव्यदृश्यसहितको सि.डी.बाट समेत पुष्टि भएको अवस्था छ । मिसिल संलग्न उल्लिखित प्रमाणहरूलाई आधार नलिई भएको विशेष अदालतको फैसला प्रमाण मूल्यांकनको रोहमा त्रुटिपूर्ण रहेको छ । प्रतिवादी रामदेव यादवले माग गरेको रकम प्राप्त गरेपश्चात निजले पाइन्टको बायाँ खल्तीमा राखी आफ्नो निवासको सोफामुनि लुकाई सकेपछि आयोगको टोली पुगी प्रवेश मुचुल्का, रंगेहात नमुना मुचुल्का र बरामदी मुचुल्का बनाएको पाइन्छ । रंगेहात नमुना मुचुल्का बनाउँदा निजको हात पानीमा डुबाइएको छ सो बखत निजको हात डुबाएको पानीको रंग बैजनी रातो भएको र स्थानीय प्रतिनिधिले हात धोएको ग्लासको पानीको रंग परिवर्तन नभएको मुचुल्काबाट देखिन्छ र सो मुचुल्काका साक्षीहरूले अदालतसमक्ष

बकपत्र गरी उक्त मुचुल्काको व्यहोरालाई पुष्टि गरिदिएको अवस्था रहेको छ। उल्लिखित आधार प्रमाणहरूबाट प्रतिवादीले उजुरीमा उल्लेख भएको घुस रिसवत माग गरी लिएको पुष्टि भइरहेको अवस्थामा प्रतिवादीलाई सफाइ दिने गरी भएको विशेष अदालत, काठमाडौंको फैसला त्रुटिपूर्ण रहेको छ ।

**५४. जुम्ला जिल्ला साबिक गर्ज्याङकोट गा.वि.स. वडा नं. ५, हाल गुठीचौर गा.पा. वडा नं.४ बस्ने मालपोत कार्यालय जुम्लाका तत्कालीन कार्यालय प्रमुख (ना.सु.), वर्ष ६२ को गोविन्दप्रसाद न्यौपानेसमेत .....................१६ जना ।**

**मुद्दाः- सरकारी जग्गा व्यक्ति विशेषको नाममा दर्ता गरी-गराई भ्रष्टाचार गरेको मुद्दा ।(०७५-CR-०३२३)**

**फैसला भएको मितिः** २०७७।९।६

**आयोगको निर्णय मितिः** २०७७।१२।१९ **पुनरावेदन दर्ता मितिः** २०७७।१२।२४

**आरोपपत्र मागदाबी**

मालपोत कार्यालय जुम्लाका तत्कालीन कार्यालय प्रमुख गोविन्दप्रसाद न्यौपानेलगायतका कर्मचारीले नापी कार्यालय र भेंडा फारमसँग मिली करिब ९३ हजार व.मि.क्षेत्रफल रहेको उक्त जग्गा व्यक्तिको नाममा बाँडफाँड गरेकाले मालपोत कार्यालय, जुम्लाका तत्कालीन निमित्त कार्यालय प्रमुख (ना.सु.) गोविन्दप्रसाद न्यौपाने, तत्कालीन खरिदार पदमा कार्यरत विजय शर्मा न्यौपाने र भेंडा तथा बाख्रा अनुसन्धान कार्यक्रम गुठीचौर जुम्लाका तत्कालीन कार्यालय प्रमुख यमुनाकुमार श्रेष्ठले "भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१)(ज) बमोजिमको कसुर गरेको हुनाले उक्त जग्गाको तत्कालीन समयको न्यूनतम सरकारी मूल्यांकनअनुसारको मूल्य जम्मा रु.४५०००००।- बिगो कायम गरी निजहरूउपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम सजाय हुन तथा जग्गा दर्ता गरी लिने हरिहर न्यौपाने, मुनिशचन्द्र न्यौपाने, मायालाल न्यौपाने, विष्णु न्यौपाने, विष्णु ऋषि न्यौपाने, विष्णुलाल न्यौपाने, पार्वती न्यौपाने, नव ऋषि न्यौपाने, देवेन्द्रप्रसाद उपाध्याय, जानकीदत्त देवकोटा, गोमा न्यौपाने, केशवराज न्यौपाने र कविदत्त न्यौपानेले सरकारी जग्गा आ-आफ्नो नाममा जग्गाधनी दर्ता श्रेस्ता र प्रमाणपुर्जासमेत खडा गराई भ्रष्टाचारजन्य कार्य गरी गराई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसुर गरेको हुनाले निजहरू उपर कुल ३००००० व.मि. (५८९ रोपनी, ११ आना, ० पैसा, १ दाम) जग्गाको तत्कालीन समयको न्यूनतम सरकारी मूल्यांकन अनुसार हुन आउने जम्मा मूल्य रु.४५,००,०००।- बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिम सजाय हुन ।

**विशेष अदालतको फैसला**

प्रस्तुत मुद्दाको दाबीको जग्गाको सम्बन्धमा प्रतिवादीहरूले आफ्नो हकभोगको प्रमाण देखाई नापी हुँदाकै अवस्थादेखि विवाद जनाएको देखिएको भन्ने आधारसमेतबाट प्रतिवादीहरूले सफाइ पाउने ।

**पुनरावेदन गर्ने आधार**

उक्त जग्गामा व्यक्तिको विवाद रहेको देखिएको भन्ने आधारमा फैसला गर्दै जाने हो भने सबै सरकारी/सार्वजनिक जग्गामा व्यक्ति विशेषले विवाद खडा गरी सबै सरकारी जग्गा व्यक्तिको नाममा दर्ता गर्ने प्रवृत्ति बढी सबै सार्वजनिक जग्गा व्यक्ति विशेषको नाममा दर्ता हुने अवस्था आउँछ । जुम्ला जिल्ला साबिक गुठीचौर गा.वि.स. वडा नं. ६ को कि.नं. ३ को जग्गा भेंडा तथा बाख्रा अनुसन्धान केन्द्र, गुठीचौर, जुम्लाका नाममा नापी भई फिल्डबुकसमेत कायम रहेको कागज मिसिल संलग्न रहेको छ । उक्त जग्गा परापूर्व कालदेखि सार्वजनिक गौचरनको हो भन्ने व्यहोरा जयलाल न्यौपाने, रमानन्द आचार्य तथा केवलप्रसाद आचार्यसमेतले लेखाएको अवस्थासमेतले सो जग्गा सार्वजनिक रहेको पुष्टि हुन्छ भने अर्कोतर्फ जिल्ला प्रशासन कार्यालय, जुम्लाका स.प्र.जि.अ. विष्णुप्रसाद न्यौपानेको संयोजकत्वमा गठित छानबिन समितिले पेस गरेको प्रतिवेदन तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग टंगाल काठमाडौंका प्रमुख नापी अधिकृत दिनेश काफ्लेसमेतको स्थलगत उक्त प्रतिवेदनसमेतबाट उक्त जग्गा भेंडा तथा बाख्रा अनुसन्धान केन्द्र गुठीचौर जुम्लाको नाममा फिल्डबुक कायम भएको र फिल्डमा उक्त जग्गामा व्यक्तिको भोगचलन र भौतिक संरचना नभएको भन्ने व्यहोरा उल्लेख भएबाट उक्त जग्गामा व्यक्ति विशेषले दाबी गर्नै मिल्ने होइन र व्यक्तिको नाममा दर्ता गर्न मिल्ने होइन भन्ने कुरा पुष्टि

भएको अवस्थामा नापी हुँदाकै अवस्थादेखि प्रतिवादीहरूले विवाद जनाएको देखिएको भन्ने आधारमा प्रस्तुत मुद्दाका प्रतिवादीहरूलाई सफाइ दिने गरी भएको फैसला मिलेको देखिँदैन ।त्यस्तै भेंडा तथा बाख्रा अनुसन्धान कार्यक्रम गुठीचौर जुम्लाको नाममा नापनक्सा भएको जुम्ला जिल्ला साबिक गुठीचौर गा.वि.स.वडा नं.६/द कि.नं. ३ को फिल्डबुकको कागज मिसिल संलग्न रहेको छ । त्यस्तै भेंडा तथा बाख्रा अनुसन्धान कार्यक्रम गुठीचौर जुम्लाको नाममा नापनक्सा भएको जुम्ला जिल्ला साबिक गुठीचौर गा.वि.स.वडा नं.६/द कि.नं. ३ मध्ये पश्चिमतर्फको तीन लाख व.मि.जग्गा हरिहर न्यौपानेसमेतका नाममा दर्ता हुने गरी मालपोत कार्यालय, जुम्लाबाट मिति २०६६।३।१० मा गरिएको गैरकानुनी मिलापत्र एवं निर्णयको राय किताबको प्रमाणित प्रतिलिपि पनि मिसिल संलग्न रहेको अवस्था छ । साथै मालपोत कार्यालय, जुम्लाको मिति २०६६।३।१० गतेको गैरकानुनी मिलापत्रबाट भेंडा तथा बाख्रा अनुसन्धान कार्यक्रम गुठीचौर जुम्ला तथा हरिहर न्यौपानेसमेत १५ जना व्यक्तिको नाममा खडा गरिएको जुम्ला जिल्ला साबिक गुठीचौर गा.वि.स.वडा नं.६/द कि.नं. ७ देखि २३ सम्मका जग्गाको जग्गाधनी दर्ता श्रेस्ताको प्रमाणित प्रतिलिपिसमेत पनि मिसिल संलग्न रहेको अवस्था छ भने नापी कार्यालय, जुम्लाबाट तयार गरिएको जुम्ला जिल्ला साबिक गुठीचौर गा.वि.स.वडा नं.६/द कि.नं. १ देखि २९ सम्मका कित्ताको प्लट रजिष्ट्रारको प्रमाणित प्रतिलिपिसमेत मिसिल संलग्न रहेको छ । उपरोक्त तथ्य प्रमाणहरूबाट यदि उक्त जग्गा सरकारी/सार्वजनिक नभएको भए मिति २०६६।३।१० मा मिलापत्र गर्नुपर्ने आवश्यकता पनि हुने थिएन भने मिलापत्रपश्चात व्यक्तिको नाममा दर्ता गर्नुपरेको पनि उक्त जग्गा सरकारी/सार्वजनिक भएको भएर नै हो भन्ने तथ्य स्पष्ट देखिन्छ । तसर्थ मिसिल संलग्न कागज प्रमाणहरूबाट उक्त जग्गा सरकारी/सार्वजनिक हो भन्ने देखिँदा देखिँदै आरोप दाबीको जग्गा सरकारी नै हो भनी हालको अवस्थामा यकिन गर्न सकिने अवस्था नरहेको भन्ने कुरालाई आधार बनाएर प्रतिवादीहरूलाई आरोप दाबीबाट सफाइ दिन मिल्ने देखिँदैन ।

**५५. जिल्ला काठमाडौं कागेश्वरी मनहरा नगरपालिका वडा नं. ४ बस्ने मालपोत कार्यालय, साँखुमा नायब सुब्बा पदमा कार्यरत वर्ष ५१ को रामेश्वर कुइँकेल समेत....................................................२ जना ।**

**मुद्दाः- भ्रष्टाचार (घुस/रिसवत)गरेको । (०७६-CR-०२४६)**

**फैसला भएको मितिः** २०७७।९।२३

**आयोगको निर्णय मितिः** २०७७।१२।३० **पुनरावेदन दर्ता मितिः** २०७८।१।१०

**आरोपपत्र मागदाबी**

प्रस्तुत मुद्दामा आरोपित नायब सुब्बा रामेश्वर कुइँकेलले लेखापढी व्यवसायी श्रीराम सापकोटासँग घुस/रिसवत माग गरी लिइसकेको अवस्थामा निजबाट उक्त रकम बरामद भएको अनुसन्धानबाट खुल्न आई निज आरोपित नायब सुब्बा रामेश्वर कुइँकेलले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुर गरेको देखिँदा बिगो रु.५५,०००।- कायम गरी निज रामेश्वर कुइँकेललाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (ग) बमोजिम सजायको मागदाबी लिन र आरोपित लेखापढी व्यवसायी श्रीराम सापकोटाले घुस/रिसवत माग गर्ने नायब सुब्बा रामेश्वर कुइँकेललाई घुस/रिसवत दिइसकेको अवस्थामा नियन्त्रणमा लिई उक्त रकम बरामद भएको अनुसन्धानबाट खुल्न आई निज आरोपित लेखापढी व्यवसायी श्रीराम सापकोटाले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) बमोजिमको कसुर गरेको स-प्रमाण पुष्टि हुन आएको हुँदा निजलाई बिगो रु.५५,०००।- कायम गरी सोही दफा ३ को उपदफा (३) ले निर्देश गरेबमोजिम ऐ. ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (ग) बमोजिम सजाय र आरोपित रामेश्वर कुइँकेलको साथबाट बरामद भएको घुस/रिसवतबापतको रकम रु.५५,०००।- भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ उपदफा (१) बमोजिम जफत हुन ।

**विशेष अदालतको फैसला**

आरोपपत्रसहित पेस गरेको सि.सि.टि.भी. फुटेजको दृश्य अवलोकन गर्दा प्रतिवादी श्रीराम सापकोटाले र रामेश्र्वर कुइँकेललाई दिएको प्रस्ट रूपमा देखिँदैन यसरी प्रतिवादीहरू शंकारहित उपरको आरोप दाबी अभियोजनकर्ता वादी नेपाल सरकारले शंकारहित तवरले सप्रमाण पुष्टि गर्न नसकेको । प्रतिवादी श्रीराम सापकोटाले रामेश्वर

कुइँकेललाई आफ्नो कामकारबाही गर्ने प्रायोजनका लागि रु.५५,०००।- दिएको भनी अदालतमा गरेको बयानकै आधारमा उक्त रकम रिसवतबापत दिएको अर्थ गरी प्रतिवादीहरूलाई भ्रष्टाचार जस्तो गम्भीर कसुरमा कसुरदार ठहराउन न्यायसम्मत हुने देखिँदैन यस सन्दर्भमा सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित भ्रष्टाचारको कसुर स्थापित हुनका लागि प्रतिवादीले आफू वा अरू कुनै व्यक्तिलाई गैरकानुनी लाभ पुऱ्याएको भन्ने कुरा प्रत्यक्ष, सार्थक र विश्वासपरक प्रमाणबाट शंकारहित तवरले पुष्टि भएको हुनुपर्दछ (नेकाप २०७२, अंक ३, नि.नं. ९३६०) भन्ने सिद्धान्त प्रस्तुत मुद्दामा आकर्षित हुने देखिन्छ । प्रतिवादी रामेश्वर कुइँकेलबाट बरामद भएको रु.५५,०००।- मध्ये रु.२,०००।- श्रीराम सापकोटाबाट प्रतिवादी रामेश्वर कुइँकेलले सापटी फिर्ता प्राप्त गरेको र रु.५३,०००।- निजले आफ्नो घरबाट ल्यापटप किन्न ल्याएको भन्ने प्रतिवादीको बयान र निजका साक्षीको बकपत्रसमेतबाट देखिन आई उक्त रकम घुस/रिसवतबापतको हो भन्ने वादी नेपाल सरकारको आरोप दाबी पुष्टि हुन नसकेकाले उक्त रकम जफत हुनसक्ने देखिएन ।

**पुनरावेदन गर्ने आधार**

आरोपित प्रतिवादी रामेश्वर कुइँकेलसमेतले कसुरमा इन्कारी बयान गरे तापनि प्रतिवादीहरूबीच चिनजान रहेको रकम सापटी लिनुदिनु गरेको हो बरामद भएको रकम हाम्रो साथबाट भएको र हामीहरूबीच आर्थिक कारोबार बारम्बार भइरहन्थ्यो, वारदातको दिन दृष्टिबन्धक लिखत पासको काम भएको हो भनी बयान गरी दिएका र सेवाग्राही तथा लेखापढी व्यवसायी गर्ने श्रीराम सापकोटाले घुस/रिसवत रकम दिँदालिँदै गरेको अवस्थामा फेला पारी नियन्त्रणमा लिई सो कार्यालयका प्रमुखको कार्यकक्षमा रहेको सोफासेटमा राखी निजहरूको शरीर नियमानुसार खानतलासी लिँदा नायब सुब्बा रामेश्वर कुइँकेलले लगाएको नीलो रङको पाइन्टका पछाडि दाँहिने खल्तीमा रहेको रु.२,०००।-, पाइन्टको अगाडि दाँहिने भित्री खल्तीबाट रु.५३,०००।-, बरामद गरिएको भन्ने बरामदी मुचुल्कामा उल्लेख भएबाट उजुरी समर्थित भएको छ । प्रतिवादीहरू रामेश्वर कुइँकेल र श्रीराम सापकोटाबीच घुस/रिसवत लिँदादिँदै गरेको खिचिएको श्रव्यदृश्य रेकर्डबाट समेत प्रतिवादी नायब सुब्बा रामेश्वर कुइँकेलले लेखापढी व्यवसायी प्रतिवादी श्रीराम सापकोटासँग घुस/रिसवतबापतको रकम लिँदादिँदै गरेको प्रस्टरूपमा देखिएबाट पनि प्रतिवादीहरूले काम छिटो छरितो गरिदिने भनी घुस/रिसवत माग गरी वारदात घटाई रकम लिनुदिनु गरी भ्रष्टाचार गरेको तथ्य पुष्टि हुँदाहुँदै पनि यी प्रतिवादीहरू रामेश्वर कुइँकेल र श्रीराम सापकोटालाई आरोप दाबीबाट सफाइ दिएको सुरु विशेष अदालतको फैसला त्रुटिपूर्ण छ । प्रतिवादी रामेश्वर कुइँकेलले बयान गर्दा बरामद भएको पैसामध्ये रु.२०००।- प्रतिवादी श्रीराम सापकोटाले सापटी लिएको पैसा हो र बाँकी रु.५३०००।- ल्यापटप खरिद गर्नका लागि घरबाट ल्याएको हो भनी कसुरबाट बच्ने अभिप्रायले बयान गरे तापनि काम छिटो गरिदिने भनी घुस/रिसवत माग गर्ने गरेको भनी उजुरी परेपछि आयोगको टोलीले छानबिन गर्दा निज प्रतिवादीहरूबीच वारदातकै दिन दृष्टिबन्धक लिखत पास गराई निजहरूबीच घुस/रिसवत रकम लिनुदिनु गरेको श्रव्यदृश्य रेकर्डमा देखिएको प्रतिवादीहरू उक्त रकमसहित रङ्गे हात पक्राउसमेत परेको बरामदी मुल्चुकासमेतबाट देखिएको र प्रतिवादीहरूले घुस/रिसवत लिनेदिने गरेको तथ्य पुष्टि भएकाले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ उपदफा (१) बमोजिम घुस/रिसवत रकम जफत हुने कानुनी व्यवस्थासमेतलाई उपेक्षा गरी वारदातबाट बरामद भएको रकमसमेत जफत नगरी प्रतिवादीहरू रामेश्वर कुइँकेल र श्रीराम सापकोटालाई आरोप दाबीबाट सफाइ दिने गरी भएको फैसला त्रुटिपूर्ण छ ।

५६. **दैलेख जिल्ला साबिक छिउडी पुसाकोट गा.वि.स वडा नं. ४, हाल दुल्लु नगरपालिका वडा नं. ६ बस्ने दैलेख जिल्ला आठबीस नगरपालिका वडा नं. ८ को वडा सचिव पदमा कार्यरत वर्ष ३८ को प्रेमबहादुर खड्कासमेत .....५जना ।**

**मुद्दाः- घुस रिसवत लिई भष्टाचार गरेको ।** (०७५-CR-०११९)

**फैसला भएको मितिः** २०७७।११ ।३

**आयोगको निर्णय मितिः** २०७८।१।२० **पुनरावेदन दर्ता मितिः** २०७८।४।१

**आरोपपत्र मागदाबी**

सचिव प्रेमबहादुर खड्काले लागत इस्टिमेटअनुसारको काम सम्पन्न नभएको अवस्थामा, असिष्टेन्ट सव-इन्जिनियर कविराम पोखरेलले दिएको गलत बिल र कार्यसम्पन्न प्रतिवेदन स्वीकृत गरी झुठा बिलको आधारमा

रु.१,४७,४२०।२० रकम बढी भुक्तानी दिई नेपाल सरकारलाई हानि नोक्सानी पुऱ्याएको हुँदा निज प्रतिवादीहरू प्रेमबहादुर खड्का र कविराम पोखरेललाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१)(ङ) को कसुरमा बिगो रु.१,४७,४२०।२० कायम गरी सोही दफाबमोजिम सजाय हुन । अन्य प्रतिवादीहरूले दैलेख जिल्ला साबिक सात्तला गा.वि.स. वडा न. १ हाल आठबीस न.पा. वडा नं. १ बण्डाली आधारभूत विद्यालयदेखि स्वास्थ्य चौकीसम्म सडक निर्माण कार्यका उपभोक्ता समितिका अध्यक्ष देवेन्द्र विष्ट, सचिव तेजबहादुर विष्ट र कोषाध्यक्ष विष्णा वि.क.ले लागत इस्टिमेटअनुसारको काम पूरा नभएकोमा बिगो रु.१,४७,४२०।२० बढी रकम भुक्तानी लिई नेपाल सरकारलाई हानि नोक्सानी पुऱ्याएको हुँदा प्रतिवादीहरू देवेन्द्र विष्ट, विष्णा वि.क. र चेतबहादुर विष्टलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) को कसुरमा बिगो रु.१,४७,४२०।२० कायम गरी सोही दफाबमोजिम सजाय हुन ।

**विशेष अदालतको फैसला**

इन्जिनियर रोशनकुमार दासको प्रतिवेदन र अदालतमा गरेको बकपत्र परस्पर अमिल्दो र विरोधाभाषपूर्ण रहेको । इन्जिनियर रोशनकुमार दासको प्रतिवेदन र प्रतिवादीहरूको जिकिरबमोजिम पनि बाटो मर्मतको कार्य भएको देखिएको र प्रतिवादीहरूले बदनियतपूर्वक रकम हिनामिना गरी खाईमासेको नदेखिएको । भ्रष्टाचारजस्तो गम्भीर अपराधमा अपराध स्थापित हुनका लागि आवश्यक पर्ने आधारभूत तत्वको विद्यमानता प्रमाणित हुन नसकेको र अन्य स्वतन्त्र प्रमाणबाट पुष्टि हुन नसकेको स्थितिमा दोषी करार गर्न नमिल्ने (ने.का.प. २०६६ पृष्ठ ३३२ नि.नं. ८०८५) भनी सिद्धान्त प्रतिपादन भएको समेत आधारबाट प्रतिवादीहरूले आरोपित कसुरबाट सफाइ पाउने ।

**पुनरावेदन गर्ने आधार**

रोशनकुमार दासले स्थलगत निरीक्षण गर्दा जम्मा ११० मिटर सडक मात्र खनेको र बाँकी भागमा खेतीबाली लगाएको हुँदा विनियोजित बजेटको रु.५२,५७९।८० मात्र काम भएको भनी मिति २०७५।२।२७ मा प्रतिवेदन दिएको हुँदा प्रतिवादीहरूले एकआपसमा मिलोमतो गरी बदनियतपूर्वक कामै नगरीकन काम भएको हो भनी झुठा बिल भरपाई बनाई भुक्तानी लिनु-दिनु गरेको हुँदा बदनियतपूर्वक गैरकानुनी लाभ लिने र नेपाल सरकारलाई हानि नोक्सानी पुऱ्याउने प्रस्ट देखिएकोमा सफाइ दिएको विशेष अदालतको फैसला त्रुटिपूर्ण हुँदा बदर हुने देखिन्छ । उपभोक्ता समितिका अध्यक्ष प्रतिवादी देवेन्द्रबहादुर विष्ट, समितिका सचिव चेतबहादुर विष्टसमेतले बाटो पूरै खन्न नसकेको र रकम निकासा भएको हो भनी मौकामा स्वीकार गरेको, अदालतमा कसुरमा इन्कार रहे पनि सोको युक्तियुक्त प्रमाण पेस गर्न नसकेको, निरीक्षण गर्दा ११० मिटर मात्र बाटो बनेको थियो भनी इन्जिनियर रोशनकुमार दासले अदालमा बकपत्र गरेको, सम्झौताबमोजिमबाट नखनिएको भनी यज्ञश्वर खत्री र विष्णुप्रसाद जैसीसमेतले बकपत्र गरेको हुँदा सो प्रमाणलाई अनदेखा गरी गरेको विशेष अदालतको फैसला प्रमाण मूल्यांकनको रोहमा नै फरक पर्ने देखिन्छ । अदालतको आदेशानुसार भएको नापनक्सा प्रतिवेदन मुचुल्कासमेतमा ४१४.६ मिटर बाटो प्रयोगमा रहेको र बाँकीमा गहुखेती लगाएको भनी उल्लेख भएको देखिँदा सो प्रतिवेदन आफैँमा त्रुटिपूर्ण रहेको छ । बाटोमा मानिसहरू तथा पशुहरू आवतजावत गर्नुपर्ने ठाउँमा गहुँखेती लगाएको भनी प्रतिवेदनमा उल्लेख गरेको हुँदा बाटो बनेको भए खेती लगाउन सक्ने अवस्था नै नहुनेमा खेती जग्गालाई पनि बाटो भनी उल्लेख गरेको हुँदा प्रतिवादीहरूको मौकाको बयान प्रतिकूल देखिँदा गलत तथ्यलाई प्रमाणमा ग्रहण गरी कसुरबाट प्रतिवादीहरूलाई सफाइ दिने विशेष अदालतको फैसला त्रुटिपूर्ण हुँदा बदरभागी हुने देखिन्छ । यसै सन्दर्भमा सम्मानित सर्वोच्च अदालतबाट "सरकारी वा सार्वजनिक सम्पति हिनामिना वा दुरुपयोग भएको कुरा उसको व्यवहारबाट देखिने हुन्छ । By conduct अर्थात कार्य तत्वले नै बदनियत तत्व र मनसाय तत्वले नै बदनियत तत्व पत्ता लाग्छ । प्रस्तुत सन्दर्भमा प्रतिवादीहरूको क्रिया तत्व हेर्दा मासीखाएको रकम बेरुजु प्रकृतिको नभई आफ्नो जिम्माको रकम मासी खाने दुरुपयोग गर्ने मनसायबाट कामकारबाही भएको देखिन्छ । यस्तो कार्य भ्रष्टाचारजन्य कसुर अन्तर्गत पर्ने "भनी (स.अ. बुलेटिन वर्ष १८, अंक १५, मंसिर २०६६, पूर्णाङ्क ४१७, पृष्ठ १९) सिद्धान्त प्रतिपादन भएको हुँदा कामै नगरी झुठा भरपाई र प्रतिवेदन पेस गरी आफूहरूले गैरकानुनी लाभ लिने र नेपाल सरकारलाई हानि नोक्सानी

पुऱ्याउने बदनियत लिई प्रतिवादीहरू एकआपसमा मिलेमतो गरी भ्रष्टाचार गरेकोमा सफाइ दिएको विशेष अदालतको फैसला त्रुटिपूर्ण भई बदरभागी छ ।

५७. **जिल्ला सप्तरी विष्णुपुर गाउँपालिका वडा नं. १ (साबिक जिल्ला सप्तरी मलेकपुर गा.वि.स. वडा नं. ५) स्थायी वतन भएका वर्ष ७७ को कृषि उपज तथा पशु हाटबजार समिति मलेकपुरका अध्यक्ष मधुकर यादवसमेत ........२ जना।**

**मुद्दाः- सरकारी रकम व्यक्तिगत प्रयोजनमा खर्च गरी भ्रष्टाचार गरेको । (०७५-CR-०३२१)**

**फैसला भएको मितिः** २०७७।१०।५

**आयोगको निर्णय मितिः** २०७८।१।२० **पुनरावेदन दर्ता मितिः** २०७८।४।१

**आरोपपत्र मागदाबी**

प्रस्तुत मुद्दामा कृषि उपज तथा पशु हाटबजार समिति, मलेकपुर, सप्तरीका तत्कालीन अध्यक्ष मधुकर यादव र कोषाध्यक्ष विश्वप्रसाद यादवले जिल्ला पशुसेवा कार्यालय, सप्तरीबाट पशु हाटबजारका लागि संरचना निर्माण गर्न भनी रु.५,००,०००।- र मिलेकपुर गाविसबाट रु.२,००,०००।- गरी जम्मा रु.७,००,०००।- तथा स्थानीय जनश्रमदानसमेत गरी जम्मा रु.१०,०२,६५६।- मध्ये पोखरी जीर्णोद्धार तथा तारबारका लागि रु.७,६०,३९३।७५ खर्च गरेको र सो पोखरी हाल सार्वजनिकरूपमा प्रयोगमा आएको तर पशु हाटबजारको कार्यालय भवनका लागि रु.२,४२,२६२।३२ खर्च गरी निर्माण गरेको संरचना निज विश्वप्रसाद यादव आफैंले थप संरचना निर्माण गरी व्यक्तिगत प्रयोजनमा ल्याई सरकारी रकम रु.२,४२,२६२।३२ निज अध्यक्ष मधुकर यादव र कोषाध्यक्ष विश्वप्रसाद यादवले मिलेमतो गरी भ्रष्टाचारजन्य कार्य गरेको तथ्य पुष्टि हुन आएकाले प्रतिवादीहरू मधुकर यादव र विश्वप्रसाद यादवलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ बमोजिमको कसुरमा सोही ऐनको दफा ८ बमोजिम जनही बिगो रु.२,४२,२६२।३२ कायम गरी सोही ऐनको दफा ८(४) बमोजिम सजाय हुन ।

**विशेष अदालतको फैसला**

सरकारी रकममध्येबाटै भवनको टाइबिमसम्मको संरचना निर्माण भएको तथा निकासा भएको सरकारी रकम पूरै प्रयोग भएको देखिएको अवस्थामा आरोप दाबीबमोजिमको रकम हिनामिना भएको भन्नु विरोधाभास हुने हुँदा प्रतिवादीले आरोपित कसुरबाट सफाइ पाउने ।

**पुनरावेदन गर्ने आधार**

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) मा यस्तो गैरकानुनी लाभ पुऱ्याउने बदनियतले नेपाल सरकार वा सार्वजनिक संस्थासमक्ष गरेको सम्झौतासमेतको उल्लंघन हुने गरी प्रचलित कानुनद्वारा निषेधित तवरबाट त्यस्तो संस्थाको सुविधा वा अधिकारको दुरुपयोग गरेको अवस्थासमेतलाई कसुर कायम गरी सजायको व्यवस्था गरेको देखिन्छ । उक्त सरकारी बिगो बराबरको रकमको लागतबाट निर्मित सार्वजनिक भवन प्रतिवादीहरूले व्यक्तिगत स्वार्थमा दुरुपयोग गरेको अवस्थालाई विश्लेषण नगरी भएको प्रस्तुत फैसला उल्लिखित कानुनी व्यवस्थाको प्रयोगको रोहमा त्रुटिपूर्ण छ ।समितिले सम्झौताबमोजिम जग्गाधनीलाई रकम दिन नसकेको भन्ने सम्बन्धमा छुट्टै कानुनी उपाय अवलम्बन गर्न सकिनेमा सोही कारणलाई उल्लेख गरी तथा पहिलो किस्ताबापत निकासा भएको रकमको लगानी अधुरो रहेकोसमेतको अवस्थाबाट प्रतिवादीहरूको मिलेमतोमा सार्वजनिक संरचना दुरुपयोग भएको देखिन्छ । जग्गाधनी गंगाई यादवका छोरा तथा हाटबजार समितिका कोषाध्यक्ष विश्वप्रसाद यादवले हाटबजार समितिसँगको सम्झौताबमोजिम संरचना निर्माणका लागि उक्त जग्गा उपलब्ध गराएकोमा सो संरचना विविध कारणवश पूरा हुन नसकेको फाइदा उठाई सोही संरचनामा तला थपी निजी प्रयोजन गरेको देखिन्छ । यस तथ्यलाई प्रतिवादीहरूले अदालतसमक्ष समेत स्वीकार गरी बयान गरेकोसमेत अवस्थामा निज प्रतिवादीहरूले कसुरबाट उन्मुक्ति पाउने अवस्था छैन । सरकारी रकम रु.७ लाख मात्र निकासा भएको देखिएको र निकासा भएको रकममध्येबाटै टाइबिमसम्मको संरचना निर्माण भएको अवस्थामा त्यसरी सार्वजनिक प्रयोजनका लागि निर्माण गरिएको संरचना व्यक्तिगत काममा प्रयोग भएको अवस्थालाई सरकारी सम्पत्ति दुरुपयोग गरेको मानी सजाय हुनुपर्ने हुन्छ । सार्जन पाण्डेविरुद्ध नेपाल सरकार (सअबु, वर्ष १८, अंक १५, मंसिर २०६६, पूर्णांक ४१७, पृष्ठ १९) भएको मुद्दामा "सरकारी वा सार्वजनिक सम्पत्ति हिनामिना वा दुरुपयोग भएको कुरा उसको

व्यवहारबाट देखिने हुन्छ" भनी व्याख्या भएको छ । सोही मुद्दामा "कार्यतत्वले नै बदनियत तत्व र मनसाय तत्वले नै बदनियत तत्व र मनसाय तत्व पत्ता लाग्छ" भनी थप व्याख्या भएको छ । यस्तो कार्य भ्रष्टाचारजन्य कार्य भएको पुष्टि भइरहेको अवस्थामा विनियोजित रकम संरचना निर्माणमा नै खर्च भएको भनी त्यस्तो संरचनाको दुरुपयोगलाई विरोधाभासपूर्ण मानिसकेपछि पनि प्रतिवादीहरूले आरोपित कसुरबाट सफाइ पाउने गरी भएको उक्त फैसला उपर्युक्त नजिर सिद्धान्तको पालनाको रोहमा समेत त्रुटिपूर्ण छ ।

**५८. जिल्ला सर्लाही, साबिक पिपरिया गा.वि.स. वडा नं.६, हाल कविलासी नगरपालिका वडा नं. २ स्थायी ठेगाना भई साबिक जिल्ला वन कार्यालय, डोल्पा हाल डिभिजन वन कार्यालय, डोटीका वन अधिकृत (उपसचिव) पदमा कार्यरत वर्ष ४३ को राम विचारी ठाकुरसमेत.......................................................................३ जना ।**

**मुद्दाः- भ्रष्टाचार (गलत प्रतिवेदन दिई सरकारी सम्पत्ति हिनामिना) । (०७५-CR-०२२१)**

**फैसला भएको मितिः** २०७७।१०।२७

**आयोगको निर्णय मितिः** २०७८।३।७ **पुनरावेदन दर्ता मितिः** २०७८।४।३

**आरोपपत्र मागदाबी**

जिल्ला वन कार्यालय, डोल्पाका तत्कालीन जिल्ला वन अधिकृत राम विचारी ठाकुरले जफत गरी कानुनी कारबाही गर्नुपर्ने १,८५,९९६ के.जी. जटामसीको बिगो रु.१,४८,७९,६८०।-छोडपुर्जी दिई सरकारी सम्पत्तिको बदनियतसाथ हिनामिना हानि नोक्सानी गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर अपराध गरेको हुँदा निज प्रतिवादीलाई बिगो रु.१,४८,७९,६८०।- कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (झ) बमोजिम सजाय हुन र निजले हिनामिना हानि नोक्सानी गरेको बिगो रु.१,४८,७९,६८०।- निज प्रतिवादी राम विचारी ठाकुरबाट ऐ. ऐनको दफा १७ बमोजिम असुलउपर हुनका साथै निज राम विचारी ठाकुरले फरेष्टरहरूसमेतको सहयोगमा आफैं मुचुल्काहरू र प्रतिवेदन तयार गरी गराई वन रक्षकहरूलाई कार्यालय समयमा, सो समय अगाडि वा पछाडि बोलाई दस्तखत गराई गलत प्रतिवेदन तयार गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) को कसुर अपराध गरेको हुँदा निज प्रतिवादी राम विचारी ठाकुरलाई भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १९ को उपदफा (२) बमोजिम सजाय हुन, जिल्ला वन कार्यालय, डोल्पाका फरेष्टर रुद्रबहादुर बुढा र भीमबहादुर बुढाले जफत गरी कानुनी कारबाही गर्नुपर्ने १,८५,९९६ के.जी. जटामसीको बिगो रु.१,४८,७९,६८०।- छोडपुर्जी दिई सरकारी सम्पत्तिको बदनियतसाथ हिनामिना हानि नोक्सानी गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर अपराध गरेको स-प्रमाण पुष्टि हुन आएको हुँदा निज प्रतिवादीहरूलाई बिगो रु.१,४८,७९,६८०।- कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (झ) बमोजिम सजाय हुन र निजहरूले हिनामिना हानि नोक्सानी गरेको बिगो रु.१,४८,७९,६८०।- निज प्रतिवादी रुद्रबहादुर बुढा र भीमबहादुर बुढाबाट ऐनको दफा १७ बमोजिम असुलउपर हुन, साथै निज रुद्रबहादुर बुढा र भीमबहादुर बुढाले फिल्डमा नगई आफैं मुचुल्काहरू र प्रतिवेदन तयार गरी गलत प्रतिवेदन दिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) को कसुर अपराध गरेको स-प्रमाण पुष्टि हुन आएको हुँदा निज प्रतिवादीहरू रुद्रबहादुर बुढा र भीमबहादुर बुढालाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिम सजाय हुन ।

**विशेष अदालतको फैसला**

प्रतिवादीहरू मौका र अदालतमा कसुरमा इन्कारी रही बयान गरेको, छोडपुर्जी दिइएको जटामसी जडिबुटी राष्ट्रिय वन वा सामुदायिक वनबाट संकलन भएको भन्ने पुष्टि हुन नसकेको, निजी आवादि जग्गाको जटामसी संकलन गरी छोडपुर्जी लिए दिएको देखिएको, जग्गाधनीहरूले झुठो विवरण र प्रतिवेदन दिएको भए निजहरूउपर समेत अनुसन्धान भई आरोपपत्र दायर हुनुपर्नेमा सो भएको अवस्था छैन भने निजी आवादि जग्गाको जटामसी संकलन भएको भन्ने स्थानीय निकायहरूले झुठा व्यहोराको पत्राचार गरेको भन्ने नदेखिएको र उल्लिखित सिफारिस व्यहोराका सम्बन्धमा स्थानीय निकायहरूले कुनै उजुरबाजुर गरेको नदेखिएको र प्रतिवादीहरूले जग्गाधनी वा व्यापारीलाई छोडपुर्जी दिई लाभ लिएको वा लाभ लिई बदनियत भएको समेत पुष्टि हुन नसकेको

| |
|---|
| हुँदा आरोप दाबीबमोजिम कसुर गरेको भन्न मिल्ने नदेखिएको । |

**पुनरावेदन गर्ने आधार**

| |
|---|
| संकलित १,८५,९९६ के.जी.जटामसी राष्ट्रिय वनको हो भनी उक्त मुचुल्कामा सही गर्ने जिल्ला वन कार्यालयका कर्मचारीहरू गणेशबहादुर घर्ती, भद्रबहादुर शाही, कर्णदत्त न्यौपानेसमेतले अनुसन्धानको क्रममा बयान गर्दा खुलाएको देखिन्छ भने आरोपपत्रमा सरकारी साक्षीको रूपमा रहेका निज व्यक्तिहरूले अदालतसमक्ष बकपत्र गर्दा उक्त मौकाको बयान पुष्टि हुने गरी बकपत्र गरेको देखिन्छ। उल्लिखित बकपत्र समेतबाट जग्गाधनी तथा व्यवसायीहरूले वन कार्यालयको अनुमति नलिई सरकारद्वारा संरक्षित र व्यवस्थित वनबाट संकलन गरेको अवैध जटामसीको छोडपुर्जी माग गरेको कुरा कर्मचारीहरू स्पष्ट रूपमा जानकार रहेको र सामुदायिक वन तथा सरकारद्वारा व्यवस्थित वनबाट अवैध रूपमा संकलित जटामसी वन ऐन, २०४९ बमोजिम जफत गर्नुपर्ने सो नगरी जटामसी संकलन गरी ओसारपसार गर्ने व्यक्तिहरूसँग मिलेमतो गरी राजस्व दाखिला गराई छोडपुर्जी दिएको र यसरी छोडपुर्जी दिँदासमेत वन नियमावली, २०५१ को नियम ११ को प्रक्रिया अवलम्बन गरेको समेत देखिएन । मिसिल संलग्न खरिद बिक्रीको रसिदको कपी तथा जग्गाधनीहरूको बयानसमेतबाट उक्त जटामसीको स्पष्टरूपमा न्यूनतम प्रतिके.जी. रु.८०।- देखि रु.३००।- सम्ममा कारोबार भएको भनी कारोबारको रकम खुलिरहेको अवस्थामा सरकारी कोषमा न्यूनतम रु.१,४८,७९,६८०।- जम्मा हुनुपर्नेमा सो रकम जम्मा नगरी नगराई सरकारी सम्पत्ति हानि नोक्सानी गरेको स्पष्ट देखिएको अवस्थामा विशेष अदालतबाट उल्लिखित कानुनी व्यवस्था तथा मिसिल संलग्न उल्लिखित मानिसहरूको बयान र बकपत्रसमेतको समुचित मूल्यांकन, व्याख्या र विश्लेषण गरी प्रमाण ग्रहण गरी फैसला गर्नुपर्नेमा सो नगरी फैसला भएको देखिन्छ । एक दिनमा पुग्नै नसक्ने स्थानमा उही दिन स्थलगत सर्जमिन मुचुल्का गरेको र सोही मितिमा नापतौल मुचुल्कासमेत गरेको र मुचुल्काहरूमा उही कर्मचारीहरू खटिएको देखाइए पनि निजहरूको स्वीकृत भ्रमण आदेश, भ्रमण प्रतिवेदन र भ्रमण बिलहरूसमेत राखिएको छैन । उल्लिखित व्यहोराबाटै स्थलगत रूपमा भ्रमण गरी मुचुल्का तयार भएको भन्ने व्यहोरा सिधै खण्डित हुन्छ भने उक्त मुचुल्कामा सही गर्ने कर्मचारीहरू गणेशबहादुर घर्ती, भद्रबहादुर शाही, कर्णदत्त न्यौपानेसमेतले अनुसन्धानको क्रममा बयान गर्दा र अदालतसमक्ष बकपत्र गर्दा वन अधिकृतको आदेशबमोजिम जिल्ला वन कार्यालयमै मुचुल्कामा सही गरेको भन्ने बकपत्र व्यहोरासमेतबाट सो तथ्यलाई पुष्टि गरेको । कारोबार भइसकेको जटामसीको राजस्व संकलन गर्दा उक्त नियमावलीको नियम ११ ले व्यवस्था गरेबमोजिम गर्नुपर्नेमा सो गरे गराएको समेत देखिएन ।प्रतिवादीहरू कसुरमा इन्कार रहेको भनी फैसलामा आधार लिए पनि उक्त इन्कारी बयान मिसिल संलग्न गणेशबहादुर घर्ती, भद्रबहादुर शाही, कर्णदत्त न्यौपानेसमेतले अनुसन्धानको क्रममा बयान गर्दा र अदालतसमक्ष गरेको बकपत्रसमेतका प्रमाणबाट खण्डित भइरहेको अवस्था छ । आफ्नो पदीय दायित्वको बेवास्ता गरी गलत मुचुल्का, प्रतिवेदन तथा कागजात तयार गरी सार्वजनिक सम्पतिको हिनामिना गरी सो आपराधिक क्रिया ढाकछोप गर्न वन नियमावलीबमोजिम राजस्व आम्दानी बाँधिएको भनी तथ्य ढाकछोप गरी गरेको प्रतिवादीहरूको उक्त कार्यबाट बदनियत स्पष्ट देखिएको छ । आफ्नो पदीय दायित्वको बेवास्ता गरी गलत मुचुल्का, प्रतिवेदन तथा कागजात तयार गरी सरकारी वा सार्वजनिक सम्पत्ति हिनामिना वा दुरुपयोग भएको कुरा प्रतिवादीहरूको व्यवहारबाटै देखिइरहेको अवस्थामा प्रतिवादीहरूको Actus Reus अर्थात कार्यतत्वले नै बदनियत तत्व र मनसाय तत्वको प्रधानता रहेको स्पष्ट देखिएको छ । |

## २.८ कारबाहीका लागि सम्बन्धित निकायमा लेखी पठाइएको

सार्वजनिक पद धारण गरेको व्यक्तिले गरेको काम कारबाही अन्य अधिकारी वा निकायको अधिकार क्षेत्र अन्तर्गत पर्ने प्रकृतिको देखिएमा अनुसन्धानपश्चात् आवश्यक कारबाहीका लागि सम्बन्धित कार्यालय, पदाधिकारी वा सार्वजनिक संस्थालाई सुझाव दिन सक्ने कानुनी व्यवस्था भए अनुरूप अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २८ मा भएको व्यवस्थाबमोजिम आर्थिक वर्ष २०७७/७८ मा आयोगबाट निर्णय भई लेखी पठाइएका सुझावहरू निम्नानुसार रहेका छन् ।

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

१.१ राष्ट्रिय सतर्कता केन्द्रबाट प्राप्त आर्थिक वर्ष २०७५/७६ को सम्पत्ति विवरण पेस नगर्ने सार्वजनिक पदधारण गरेका व्यक्तिहरूको विवरण समावेश भएको सम्पत्ति विवरण अनुगमन प्रतिवेदन (आर्थिक वर्ष ०७५/७६) उपर आयोगको मिति २०७७।६।८ को निर्णयानुसार देहाय बमोजिम आवश्यक कारबाहीको लागि लेखी पठाइएको ।

१. राष्ट्रिय सतर्कता केन्द्रबाट प्राप्त सम्पत्ति विवरण अनुगमन प्रतिवेदन आ.व. ०७५/०७६ मा उल्लेख भएका संघीय तहका निजामती कर्मचारीतर्फका २५०४ जना, नेपाल प्रहरीतर्फका १११ जना, शिक्षकतर्फका ७६१३ (उल्लिखित ७६२६ मध्ये १३ जनाको मृत्यु भएको भनी शिक्षक राष्ट्रिय किताबखानाको च.नं. ११३ मिति २०७७।४।१२ बाट लेखी आएकाले) जना तथा निजामती, सैनिक, प्रहरी र स्थायी शिक्षक बाहेकका अन्य पदाधिकारी कर्मचारीहरू १४३२ जना पदाधिकारी/कर्मचारीहरूलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३१क. को उपदफा (२) बमोजिम रु.५,०००।- जरिवाना गरी तोकिएको निकायमा सम्पत्ति विवरण पेस गर्ने/गराउने व्यवस्था हुन र सोको एकमुष्ट जानकारी आयोगमा पठाउन सम्बन्धित तत् तत् मन्त्रालय/सचिवालय/आयोग/केन्द्रीय निकायहरूमा लेखी पठाउने ।

२. उक्त अनुगमन प्रतिवेदनमा उल्लिखित विदेशमा रहेका भनी लेखी आएका नेपाली सेनाका ४६० जनाको हकमा नियमानुसारको अवधिभित्र सम्पत्ति विवरण भर्ने/भराउने व्यवस्थाका लागि सम्बन्धित निकायमा लेखी पठाउने ।

३. राष्ट्रिय सतर्कता केन्द्रबाट प्राप्त विवरणअनुसार प्रदेश तहमा सम्पत्ति विवरण नबुझाउने ५५४ जना सार्वजनिक पद धारण गरेका व्यक्तिहरूको हकमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३१क. को उपदफा (२) बमोजिम रु.५,०००।- जरिवाना गरी तोकिएको निकायमा सम्पत्ति विवरण पेस गर्ने/गराउने व्यवस्था हुन र सोको एकमुष्ट जानकारी आयोगमा पठाउन सम्बन्धित प्रदेशसभाको सचिवालय र प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्का कार्यालयहरूमा लेखी पठाउने ।

४. राष्ट्रिय सतर्कता केन्द्रबाट प्राप्त विवरणअनुसार स्थानीय तहका सम्पत्ति विवरण नबुझाउने पालिका तहका ४४६३ तथा राष्ट्रिय सतर्कता केन्द्रको च.नं. ११००००००१० मिति २०७७।४।२८ को पत्रसाथ प्राप्त आ.व. ०७५/७६ को सम्पत्ति विवरणको प्रतिवेदनउपर थप छानबिनको विवरणमा उल्लिखित समयपश्चात् सम्पत्ति विवरण बुझाउने चंखेली गाउँपालिकाका ३६ जना गरी कुल ४४९९ र जि.स.स. तहका ३५ गरी कुल ४५३४ जना सार्वजनिक पद धारण गरेका व्यक्तिहरूको हकमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३१क. को उपदफा (२) बमोजिम रु. ५,०००।- जरिवाना गरी तोकिएको निकायमा सम्पत्ति विवरण पेस गर्ने/गराउने व्यवस्था हुन र सोको एकमुष्ट जानकारी आयोगमा पठाउन सम्बन्धित स्थानीय तहहरूमा लेखी पठाउने ।

५. तोकिएको समयावधिभित्र सम्पत्ति विवरण नबुझाउने स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय वा अन्तर्गतका निकायहरूका विकास/अस्थायी/करार आदिमा कार्यरत पदाधिकारी/ कर्मचारीहरूलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३१क. को उपदफा (२) बमोजिम रु.५,०००।- जरिवाना गरी सम्पत्ति विवरण पेस गर्ने/गराउने व्यवस्था हुन र सोको एकमुष्ट जानकारी आयोगमा पठाउन स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयमा लेखी पठाउने ।

६. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयबाट प्रदेश तह वा स्थानीय तह अन्तर्गत हस्तान्तरण भएका भनी स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको च.नं. ३२ मिति २०७७।४।१२ बाट लेखी आएका निकायहरूमा कार्यरत

पदाधिकारी/कर्मचारीहरूले तोकिएको समयावधिमा सम्पत्ति विवरण बुझाए नबुझाएको यकिन गरी तोकिएको समयावधिमा सम्पत्ति विवरण नबुझाउने पदाधिकारी/कर्मचारीहरूलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३१क. को उपदफा (२) बमोजिम रु.५,०००।- जरिवाना गरी सम्पत्ति विवरण पेस गर्ने/गराउने व्यवस्था हुन र सोको एकमुष्ट जानकारी आयोगमा पठाउन सम्बन्धित प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय वा सम्बन्धित स्थानीय तहको कार्यालयलाई लेखी पठाउने ।

७. तोकिएको अवधिभित्र सम्पत्ति विवरण फाराम नभर्ने उल्लिखित सार्वजनिक पद धारण गरेको व्यक्तिलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन,२०४८ को दफा ३१क. को उपदफा (२) बमोजिमको जरिवाना संघीय राजस्व खाता नं. १४३१२ मा दाखिला गरी तोकिएको निकायमा सम्पत्ति विवरण पेस गर्ने गराउने व्यवस्था हुन र सोको एकमुष्ट जानकारी आयोगमा पठाउनसमेत सम्बन्धित निकायमा लेखी पठाउने ।

१.२ राष्ट्रिय सतर्कता केन्द्रबाट प्राप्त "सम्पत्ति विवरण अनुगमन प्रतिवेदन (आर्थिक वर्ष ०७६/७७)" बमोजिम सम्पत्ति विवरण नबुझाउने सार्वजनिक पद धारण गरेको व्यक्तिको सम्बन्धमा आयोगको मिति २०७८।२।३१ को निर्णयानुसार देहायबमोजिम आवश्यक कारबाहीका लागि लेखी पठाइएको ।

१. राष्ट्रिय सतर्कता केन्द्रबाट प्राप्त आ.व. ०७६/७७ को सम्पत्ति विवरण अनुगमन प्रतिवेदनमा उल्लेख भएका संघीय तहका निजामती कर्मचारी ३,४२९ जना, नेपाल प्रहरी १६१ जना, शिक्षक ७,४५१ जना तथा अन्य २,८०२ जना पदाधिकारी/कर्मचारीहरूलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३१क. को उपदफा (२) बमोजिम जनही रु.५,०००।- जरिवाना गरी तोकिएको निकायमा ३० दिनभित्र सम्पत्ति विवरण पेस गर्ने/गराउने व्यवस्था हुन र सोको एकमुष्ट जानकारी आयोगमा पठाउन सम्बन्धित आयोग/मन्त्रालय/सचिवालय/केन्द्रीय निकायहरूमा लेखी पठाउने ।

२. राष्ट्रिय सतर्कता केन्द्रबाट प्राप्त विवरण अनुसार सम्पत्ति विवरण नबुझाउने प्रदेश तह (प्रदेश प्रमुखको कार्यालय, प्रदेशसभा सचिवालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र प्रदेश मन्त्रालयहरू) का सार्वजनिक पद धारण गरेका स्थायी, अस्थायी, राजनीतिक नियुक्ति, विकास समिति, करार, ज्यालादारी व्यक्तिहरूको हकमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३१क. को उपदफा (२) बमोजिम जनही रु.५,०००।- जरिवाना गरी तोकिएको निकायमा ३० दिनभित्र सम्पत्ति विवरण पेस गर्ने/गराउने व्यवस्था हुन र सोको एकमुष्ट जानकारी आयोगमा पठाउन सम्बन्धित प्रदेश प्रमुखको कार्यालय, प्रदेशसभा सचिवालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र प्रदेश मन्त्रालयहरूलाई लेखी पठाउने ।

३. तोकिएको समयावधिभित्र सम्पत्ति विवरण बुझाउनुपर्ने सातै प्रदेशका मन्त्रालयहरू र अन्तर्गतका निकायका स्थायी, अस्थायी, राजनीतिक नियुक्ति, विकास समिति, करार, ज्यालादारी आदिमा कार्यरत पदाधिकारी/कर्मचारीहरूको सम्पत्ति विवरणसम्बन्धी तथ्यांक प्रविष्टिका लागि लगइन गरी तथ्यांक अपूर्ण रूपमा प्रविष्टि गरेको/गराएको वा प्रविष्टि नै नगरेको/नगराएको देखिएकाले ती निकायका सार्वजनिक पद धारण गरेका पदाधिकारी/कर्मचारीहरूलाई सम्पत्ति विवरण समयमै बुझाउन लगाउने, बुझाएका सम्पत्ति विवरण तोकिएको निकायमा पठाउने र सम्पत्ति विवरण बुझाउने र नबुझाउने पदाधिकारी/कर्मचारीहरूको विवरण समयभित्रै उपलब्ध गराउने कर्तव्य सम्बन्धित निकायको प्रमुखको हुनेछ भन्ने मिति २०७५।३।२० को राजपत्रमा उल्लिखित व्यवस्थाबमोजिम सम्बन्धित निकायका प्रमुखलाई जिम्मेवार बनाउन सबै प्रदेशका प्रमुख सचिवहरूलाई लेखी पठाउने ।

४. राष्ट्रिय सतर्कता केन्द्रबाट प्राप्त विवरणअनुसार स्थानीय तहका सम्पत्ति विवरण नबुझाउने पालिका तहका ४,०३६ जना तथा जि.स.स. तहका २८ जना गरी जम्मा ४,०६४ जना सार्वजनिक पद धारण गरेका व्यक्तिहरूको हकमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३१क. को उपदफा (२) बमोजिम जनही रु.५,०००।- जरिवाना गरी तोकिएको निकायमा ३० दिनभित्र सम्पत्ति विवरण पेस गर्ने/गराउने व्यवस्था हुन र सोको एकमुष्ट जानकारी आयोगमा पठाउन सम्बन्धित स्थानीय तहहरूमा लेखी पठाउने ।

५. जनकपुरधाम उपमहानगरपालिकाका सबै जनप्रतिनिधिहरूको आ.व. २०७६/०७७ को सम्पत्ति विवरण तोकिएको समयभित्र बुझाए/नबुझाएको अभिलेख राष्ट्रिय सतर्कता केन्द्रलाई जानकारी नगराएको, केन्द्रले उपलब्ध गराएको युजरनेम र पासवर्ड प्रयोग गरी जनप्रतिनिधिहरूको तथ्यांक प्रविष्टि नगरेको एवं सो

सम्बन्धमा केन्द्रलाई पत्रमार्फत समेत जवाफ नदिएको भनी राष्ट्रिय सतर्कता केन्द्रबाट प्रतिवेदन प्राप्त भएको हुँदा उक्त उपमहानगरपालिकाका जनप्रतिनिधिहरूले तोकिएको समयभित्रै सम्पत्ति विवरण बुझाएको भए सोको प्रमाणसहित नाम नामेसी उल्लेख गरी पठाउन र तोकिएको समयभित्र सम्पत्ति विवरण नबुझाउने जनप्रतिनिधिहरूको हकमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५०(३) बमोजिम जनही रु.५,०००।— जरिवाना गरी तोकिएको निकायमा ३० दिनभित्र सम्पत्ति विवरण पेस गर्ने/गराउने व्यवस्थाका लागि जनकपुरधाम उपमहानगरपालिकाको कार्यालयमा लेखी पठाउने ।

६. राष्ट्रिय सतर्कता केन्द्रबाट प्राप्त प्रतिवेदनमा कतिपय विद्यालयहरूको स्थानीय ठेगाना नखुलेको र एउटै जिल्लाभित्र एकै नाम गरेका विद्यालयहरू देखिएकाले विद्यालयको स्थानीय ठेगानासमेत खुलाई विवरण माग गर्न राष्ट्रिय सतर्कता केन्द्रलाई लेखी पठाउने ।

७. तोकिएको अवधिभित्र सम्पत्ति विवरण फाराम नभर्ने सार्वजनिक पद धारण गरेका व्यक्तिलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३१क. को उपदफा (२) बमोजिमको जरिवाना संघीय राजस्व खाता नं. १४३१२ मा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय कोड नं. २०६००३५०१ खुलाई सरकारी कारोबार गर्ने बैंकहरूमा दाखिला गराउनका लागि सम्बन्धित निकायलाई पत्राचार गर्ने । साथै उक्त निकायहरूले पत्र प्राप्त भएको मितिले ३० दिनभित्र तोकिएको निकायमा सम्पत्ति विवरण पेस गर्ने/गराउने र सोको विवरण राष्ट्रिय सतर्कता केन्द्रको सफ्टवेयरमा अनिवार्य रूपमा प्रविष्टिसमेत गराउने व्यवस्था गरी सोको एकमुष्ट जानकारी आयोगमा पठाउन सम्बन्धित निकायलाई लेखी पठाउन मनासिब देखिन्छ । यसरी जरिवाना तिरेपश्चात् भरेको सम्पत्ति विवरणको अभिलेखीकरण गर्न राष्ट्रिय सतर्कता केन्द्रको Software मा आवश्यक व्यवस्था मिलाउन राष्ट्रिय सतर्कता केन्द्रलाई लेखी पठाउने साथै सो जरिवाना रकम आयोगको कार्यालय कोड खुलाई संघीय राजस्व खाता नं. १४३१२ मा दाखिला हुने व्यवस्थाका लागि महालेखा नियन्त्रक कार्यालयमा लेखी पठाउने ।

१.३ महाकाली अञ्चल बैतडी जिल्ला अन्तर्गत रहेको श्री मणिलेक उच्च माध्यमिक विद्यालय केसरपुर काँडा मेलौलीका प्राचार्य देवदत्त कलौनीले वि.सं. २०७० सालमा प्राविधिक सामग्री खरिद गर्दा बिना बिल भर्पाई र कोटेसन बिना रु.१५,००,०००।- बराबरको शैक्षिक सामग्री आफ्नो मनोमानी ढंगले खरिद गरी करिब रु.५,००,०००।- जति आर्थिक अनियमिता गरेको, प्रत्येक विद्यार्थीबाट वार्षिक शुल्क रु.६००००।- उठाई व्यक्तिगत प्रयोजनका लागि खर्च गरेको भन्नेसमेत व्यहोराको उजुरीका सम्बन्धमा अनुसन्धान तहकिकात हुँदा संकलित प्रमाणहरूबाट भ्रष्टाचारजन्य कार्य भएको भन्ने पुष्टि हुन आएको नदेखिए तापनि सार्वजनिक खरिद ऐन, २०६३ को कार्यविधिबमोजिम खरिद नगरेको देखियो । सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३ को उपदफा (१) मा सार्वजनिक निकायले खरिद गर्दा यस ऐनबमोजिमको कार्यविधि पूरा गरी खरिद गर्नुपर्नेछ भन्ने व्यवस्था रहेको, सोही दफाको उपदफा (२) मा उपदफा (१) र (१क) को प्रतिकूल हुने गरी गरिएको खरिद बदर तथा अमान्य हुनेछ भन्ने स्पष्ट व्यवस्था गरिएको हुनाले जिल्ला बैतडी मेलोली न.पा. वडा नं. १ मा रहेको श्री मणिलेक मा.वि. केशरपुरले प्रयोगात्मक सामग्रीहरू खरिद गर्दा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ को उपदफा (२) तथा दफा ४० तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ को उपनियम (१) तथा नियम ८४ को उपनियम (१), (२) र (३) बमोजिमको प्रक्रिया पूरा नगरेको हुनाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३ को कानुनी व्यवस्थाबमोजिम आवश्यक कारबाही हुन श्री सार्वजनिक खरिद अनुगमन कार्यालय, काठमाडौंलाई आयोगको मिति २०७८।३।७ को निर्णयानुसार सुझाव लेखी पठाइएको।

२. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

२.१ आ.व. ०७५/०७६ मा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय कर्णाली प्रदेशबाट किसानलाई भैंसी वितरण गर्ने भनी विनियोजित सरकारी अनुदान तथा स्वयं कृषकबाट व्यहोरिएको संकलित रकमबाट खरिद गर्नुपर्ने भैंसीहरू खरिद गरिएको हुँदा प्राप्त सरकारी अनुदान तथा स्वयं कृषकले व्यहोरिएको संकलित रकम अनियमितता भएको नदेखिएको तर आ.व. २०७५/०७६ मा श्री भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय कर्णाली प्रदेशसँग भएको समझौताअनुसार प्रदेशका विभिन्न जिल्लामा पशुपालन किसानका लागि गरिएको भैंसी खरिद प्रक्रिया सार्वजनिक खरिद ऐन, २०६३ सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार खरिद कार्य नगरिएको तथा प्रदेश सरकारबाट जारी कार्यविधि अनुरूप नभएको देखिएकाले अब उप्रान्त कुनै पनि मन्त्रालयबाट जुनसुकै कार्यालयलाई अनुदान रकम

विनियोजन गर्नुपूर्व स्पष्ट मापदण्ड निर्माण गरी सो बमोजिम गर्न गराउन हुन आयोगको मिति २०७८।३।७ को निर्णयानुसार श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, कर्णाली प्रदेश, सुर्खेतलाई सुझाव लेखी पठाइएको ।

२.२ कर्णाली प्रदेश, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, वन तथा वातावरण निर्देशनालय अन्तर्गत डिभिजन वन कार्यालय, हुम्लाले आ.व. २०७५/०७६ मा नियमविपरीत पेश्की भुक्तानी र आ.व. २०७६/०७७ अस्वाभाविक कन्टिजेन्सी रकम खर्च गरी भ्रष्टाचार गरेको भन्नेसमेत विषयको उजुरीका सम्बन्धमा अनुसन्धान तहकिकात हुँदा कर्णाली प्रदेश सरकारबाट जारी भएको खर्च मापदण्ड निर्देशिका र कार्यविधिबमोजिम नै खर्च लेखांकन गरिएको पाइएकाले भ्रष्टाचारजन्य कार्य भएको भन्ने नदेखिए पनि संघीय कानुनको भावना प्रतिकूल हुने गरी त्यहाँ कार्यान्वयनमा रहेका कार्यविधिबमोजिम पेश्की भुक्तानी दिँदा जमानी लिने वा नलिने विवेकी अधिकार प्रयोग गर्न सकिने व्यवस्थाले भ्रष्टाचारजन्य क्रियाकलाप हुन सक्ने हुँदा संघीय कानुनसँग नबाझिने व्यवस्था कार्यान्वयनका लागि जो-जे गर्नुपर्ने गर्न श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेशलाई आयोगको मिति २०७८।३।९ को निर्णयानुसार सुझाव लेखी पठाइएको ।

३. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

३.१ काठमाडौं दिगो सहरी यातायात आयोजना अन्तर्गत काठमाडौंको टेकुमा निर्माण व्यवसायी ZIEC-Pappu J/V द्वारा निर्माणाधीन पुल ठेक्का सम्झौता मिति २०७१।१।२८ को Letter of Acceptance (LOA) बाट २८ दिनभित्रै सम्झौता गर्नुपर्ने र यसरी सम्झौता हुन नसकेमा पहिलोको बिड बन्ड जफत गरी दोस्रोमा जानुपर्ने भन्ने सार्वजनिक खरिद ऐन, २०६३ को दफा २१ को उपदफा (२) ले व्यवस्था गरेकोमा सो अनुसार नगरी म्याद नघाई सम्झौता गरेको देखिएको र कार्यसम्पादन जमानतको अवधि तोकिएबमोजिम भएको नदेखिएको हुँदा अब उप्रान्त यस किसिमका ठेक्का सम्झौता गर्दा उल्लिखित ऐनसमेतका प्रावधानहरू लागू गर्न गराउने सम्बन्धमा जे-जो गर्नु गराउनुपर्ने हो गराउन भनी सडक विभागलाई आयोगको मिति २०७७।९।२ को निर्णयानुसार सुझाव लेखी पठाइएको ।

३.२ काठमाडौं जिल्लास्थित कीर्तिपुर ल्याब्रोटरी स्कुलदेखि कीर्तिपुर गेटसम्मको सडक खण्ड कालोपत्रे गरेको महिना दिन नबित्दै उप्किएर खाल्डाखुल्डीमा परिणत भएको भन्नेसमेत व्यहोराको उजुरी निवेदनका सम्बन्धमा अनुसन्धान तहकिकात हुँदा विज्ञको सहयोगमा आवश्यक Rectification पहिचान गरी सडक निर्माणको त्रुटि सच्याइएको र सडक पूर्णरूपमा संचालनमा ल्याएको भए पनि सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १५० को (१) अनुसार लागत अनुमान संशोधन गर्ने, खरिद सम्झौता संशोधन गर्ने, खरिद सम्झौताको म्याद थप गर्ने र भेरिएसन आदेश गर्ने अधिकार प्रत्यायोजन गर्न सकिने छैन भनी स्पष्ट व्यवस्था हुँदाहुँदै तत्कालीन डिभिजन प्रमुख कर्णबहादुर रानाभाटले डिजाइन तथा ड्रइङमा बदल्नुपर्ने अवस्था भई भेरिएसन आदेश जारी गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ को (१) को देहाय (ख) बमोजिम राजपत्रांकित द्वितीय श्रेणीका प्रमुखले एक तहमाथिको अधिकारीबाट स्वीकृत गर्नुपर्नेमा नगरी आफैंले स्वीकृत गरेको र लागत अनुमान संशोधन भई रु.१५,१०,५०,१६२।१८ हुँदा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४ को (१) को देहाय (घ) बमोजिम स्वीकृत गर्नुपर्नेमा नगरेको देखिँदा अब उप्रान्त ठेक्का व्यवस्थापनमा सार्वजनिक खरिद ऐन/नियमावलीको पूर्णपालना गरी समयमा नै गुणस्तरीय निर्माण कार्यको सुनिश्चितता गर्ने गराउने सम्बन्धमा जो-जे गर्नुपर्ने हो सोको व्यवस्था मिलाउनु भनी आयोगको मिति २०७७।११।१० को निर्णयानुसार सडक विभागलाई लेखी पठाइएको ।

३.३ यातायात व्यवस्था कार्यालय गण्डकीको Vehicle Registration system (VRS) मा राजस्व इन्ट्री विवरण र आर्थिक वर्ष ०७२/७३, ०७३/७४ र ०७४/७५ माघ महिनासम्म बैंक दाखिला भएको राजस्व रकम फरक भएकाले गहन रूपमा छानबिन गर्नुपर्ने प्राप्त प्रतिवेदनमा अनुसन्धान तहकिकात हुँदा Vehicle Registration system (VRS) सेवा प्रदायक कम्पनी फोकसवान प्रा.लि.सँग यातायात व्यवस्था विभागबाट अन्तिम पटक २०७५ पुस मसान्तसम्मका लागि सम्झौता भएकोमा सो पश्चात सम्झौता नवीकरण भएको नदेखिएको र मिति २०७५।८।२० गतेको मन्त्रिस्तरीय निर्णयबाट मिति २०७५।८।२८ गतेदेखि नै लागू हुने गरी यातायात व्यवस्था कार्यालय र सेवा कार्यालयहरू प्रदेशका मुख्यमन्त्रीको कार्यालयहरू मातहत रहेकोमा प्रदेशका सम्बन्धित मन्त्रालय एवं यातायात कार्यालयहरूसमेतबाट नवीकरण एवं अन्य कुनै सम्झौतासमेत गरेको नदेखिएको तर यातायात कार्यालयहरूले Vehicle Registration system (VRS) बाट नै सेवाप्रवाह गरिरहेको हुँदा सो सम्बन्धमा देहायनुसार गर्न/गराउन आयोगको मिति २०७७।११।१० को निर्णयानुसार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सिंहदरबार र प्रदेशका सबै भौतिक पूर्वाधार विकास मन्त्रालयलाई समेत सुझाव लेखी पठाइएको ।

१. Vehicle Registration system (VRS) मा इन्ट्री भएको नेपाल सरकारको तथ्यांक (विवरण) अनधिकृत रूपमा प्राइभेट कम्पनी फोकसवान प्रा.लि.को अधीनमा रही उक्त तथ्यांकको दुरुपयोग हुनसक्ने देखिएकाले हालसम्म Vehicle Registration system (VRS) मा इन्ट्री भएका सम्पूर्ण विवरण फोकसवान प्रा.लि.सँग समन्वय गरी सम्बन्धित मन्त्रालयले आ-आफ्नो कार्यालयमा सुरक्षित राख्ने ।

२. Vehicle Registration system (VRS) वा त्यसलाई प्रतिस्थापन गरी अन्य कुनै सफ्टवेयरलाई प्रयोगमा ल्याउँदा Revenue Management information system (RMIS) बीच Linkage स्थापना गर्ने । बैंक भौचरअनुसारको रकम बैंक दाखिला भए/नभएको सम्बन्धित यातायात कार्यालयका कर्मचारीहरूले ई-बिल गर्ने क्रममा हेर्न मिल्ने व्यवस्था गरी वास्तविक राजस्व असुली र प्राप्तिमा यकिन गर्ने ।

३. Vehicle Registration system (VRS) वा त्यसलाई प्रतिस्थापन गरी अन्य कुनै सफ्टवेयरलाई प्रयोगमा ल्याउँदा Revenue Management information system (RMIS) को जस्तो कुनै पनि विवरण एकपटक मात्र इन्ट्री हुने गरी मिल्ने व्यवस्था गर्ने ।

४. कुनै पनि सवारी साधनको कर Revenue Management information system (RMIS) मा इन्ट्री भएपछि मात्र कार्यालयबाट प्रयोग हुने सफ्टवेयरमा इन्ट्री गरी ई-बिल गर्न मिल्ने व्यवस्था गर्ने।

५. Revenue Management information system (RMIS) को आधारमा मात्र नभई Vehicle Registration system (VRS) वा त्यसलाई प्रतिस्थापन गरी अन्य कुनै सफ्टवेयरलाई प्रयोगमा ल्याउँदा कार्यालयमा इन्ट्री गरेको विवरणको दैनिक हिसाब निकाली त्यसको आधारमा साप्ताहिक, पाक्षिक, मासिक र वार्षिक विवरण राखी लेखापरीक्षण गर्ने व्यवस्था गर्ने ।

६. Revenue Management information system (RMIS) को भौचरको आधारमा कार्यालयले इन्ट्री गरी ई-बिल जारी गरी सम्बन्धित फाँट वा जिम्मेवार अधिकृतले सेवाप्रवाह गर्नुपूर्व अनिवार्य रूपमा ई-बिलअनुसार सेवाग्राहीले बैंकमा रकम दाखिला गरे-नगरेको विवरण हेरेर मात्र सेवा प्रवाह गर्ने व्यवस्था मिलाउने ।

३.४ तत्कालीन यातायात व्यवस्था कार्यालय, सवारीचालक अनुमतिपत्र गण्डकी, पोखराका कार्यालय प्रमुख तेजनारायण यादवसमेतले सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ बमोजिम समिति गठन गरी हेभी इक्विपमेन्टको ट्रायल परीक्षा लिनुपर्नेमा सो बमोजिमको समिति गठन नगरी परीक्षा सञ्चालन गरेको भन्ने देखिएकाले यस किसिमका परीक्षा सञ्चालन गर्दा सम्बन्धित कानुनले तोकेको प्रक्रिया पुऱ्याई परीक्षा सञ्चालन गर्ने सम्बन्धमा जो-जे गर्नुपर्ने हो सोको आवश्यक व्यवस्था मिलाउनु भनी आयोगको मिति २०७८।२।२७ को निर्णयानुसार यातायात व्यवस्था विभाग, मिनभवन काठमाडौंलाई सुझाव लेखी पठाइएको ।

३.५ मकवानपुर जिल्ला भीमफेदी गाउँपालिकाका आफ्नै सामुदायिक वन उपभोक्ता समूह र ओखे सामुदायिक वन उपभोक्ता समूहको चुनियाबजारको इस्टरमोड, चौकीडाँडा, बाघमारा, आलेचौर मोडहरूमा वनक्षेत्रहरू अतिक्रमण गरी बोटबिरुवासमेत हटाई वनक्षेत्रबाट ढुंगा निकाली घरटहरा बनाई होटल व्यवसाय गरिरहेको, सामुदायिक वन उपभोक्ता समूहको अध्यक्षलगायतका पदाधिकारीबाट रकम लिई नियन्त्रण गर्ने निकाय रेन्जपोष्ट, जिल्ला वन कार्यालयको समेत मिलोमतो हुन सक्ने भएकाले कारबाहीका लागि माग गर्दछु भन्नेसमेत व्यहोराको उजुरीका सम्बन्धमा अनुसन्धान तहकिकात हुँदा उजुरीमा उल्लेख भएका विषयहरूमा भ्रष्टाचारजन्य कार्य भएको भन्ने नदेखिए पनि मकवानपुर जिल्ला भीमफेदी गाउँपालिका अन्तर्गत त्रिभुवन राजपथको सडक सीमाभित्र दायाँबायाँ किनारा एवं सडक छेउछाउको सामुदायिक वनक्षेत्रसमेतमा अस्थायी घरटहराहरू निर्माण भएको भन्ने देखिन आएकाले सो सम्बन्धमा कानुनबमोजिम जो जे गर्नु गराउनुपर्ने हो सो गर्ने गराउने व्यवस्था हुन भनी भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सिंहदरबार, सडक विभाग, बबरमहल, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, वाग्मती प्रदेश, जिल्ला प्रशासन कार्यालय मकवानपुर र भीमफेदी गाउँपालिकालाई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २८ को उपदफा (१) को खण्ड (ख) बमोजिम सुझाव लेखी पठाइएको ।

४. प्रदेश भौतिक पूर्वाधार विकास मन्त्रालय

४.१ जिल्ला रामेछाप (क्षेत्र नं. २), दोरम्भा गाउँपालिकामा खानेपानी योजना निर्माण कार्य गर्दा आवश्यक निर्माण सामग्रीहरू उत्खनन् एवं ढुवानी गरी दुर्गम स्थानबाट ल्याउनुपरेको, फरक-फरक आ.व.मा निर्माण कार्यहरू गरेको कारण निर्माण सामग्री र ज्याला दररेट फरक पर्न गएकाले यस कार्यलाई अन्यथा भन्न सक्ने अवस्था नदेखिएको, आयोजनामा हालसम्म करिब रु. ९८ लाख खर्च भइसकेको र आयोजनाको लागतको हाराहारीमा २० प्रतिशत मात्र

कार्य भई आयोजना चालु अवस्थामा रहेको हुँदा भौतिक पूर्वाधार विकास मन्त्रालय, बागमती प्रदेश, हेटौंडा, मकवानपुरलाई आयोजना छिटो सम्पन्न गर्ने गरी बजेट व्यवस्थापन गर्ने र प्राथमिकताका साथ यथाशीघ्र अधुरा कामहरू सम्पन्न गर्न कानुनबमोजिम आवश्यक कदम चाल्न उपयुक्त हुने सुझाव आयोगको मिति २०७७।७।३ को निर्णयानुसार लेखी पठाइएको ।

४.२ खानेपानी तथा सरसफाइ डिभिजन नं. १ कार्यालय, मकवानपुरबाट मिति २०७५।१०।२० गते प्रकाशित सिलबन्दी दरभाउ पत्र ठेक्का नं. DWSS1 Makawanpur ५।२०७५।२०७६ मा सिलबन्दी दरभाउ पत्र स्वीकृत भई सम्झौता गरेको नारायणी पाइप इन्डष्ट्रिज, चितवनले स्वीकृत लागत अनुमानभित्र नै कबोल गरी सम्झौता एवम् कायदिशअनुसार काम सम्पन्न गरिसकेको देखिंदा सरकारी हानि नोक्सानी भएको नदेखिए तापनि उक्त ठेक्कामा सिलबन्दी दरभाउ पत्र पेस गरेका तीनवटा दरभाउ पत्रदाताहरू क्रिष्टल प्रोडक्ट प्रा.लि. हेटौंडा मकवानपुर, चितवन पोली पाइप इन्डष्ट्रिज चितवन र नारायणी पाइप इन्डष्ट्रिज चितवनले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६२ मा उल्लिखित प्रस्तावदाताको आचरणविपरीत कार्य गरेको देखिएकाले ती तीनवटा दरभाउ पत्रदाताहरूलाई प्रचलित कानुनबमोजिम जो-जे गर्नुपर्ने हो आवश्यक कारबाही गर्नका लागि आयोगको मिति २०७७।८।११ को निर्णयानुसार खानेपानी तथा सरसफाइ डिभिजन नं. १ कार्यालय, बागमती प्रदेश, हेटौंडा, मकवानपुरलाई लेखी पठाइएको ।

खानेपानी तथा सरसफाइ डिभिजन नं. १ कार्यालय, मकवानपुरका तत्कालीन कार्यालय प्रमुख र उक्त कार्यालयबाट गठन भएको सिलबन्दी दरभाउपत्र मूल्यांकन समितिका पदाधिकारीहरूले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६१ बमोजिम सार्वजनिक खरिद कार्यमा संलग्न पदाधिकारीहरूले पालना गर्नुपर्ने आचरण पूर्णरूपमा पालना गरेको नदेखिएकाले आगामी दिनमा यस्तो प्रवृत्ति दोहोरिन नदिनेतर्फ आवश्यक सतर्कता एवम् सजगता अपनाउने व्यवस्था हुनका लागि समेत आयोगको मिति २०७७।८।११ को निर्णयानुसार भौतिक पूर्वाधार विकास मन्त्रालय, बागमती प्रदेश, हेटौंडा, मकवानपुरलाई लेखी पठाइएको ।

४.३ रानी-विराटनगर-इटहरी-धरान सडक योजना, इटहरी अन्तर्गत आँपगाँछी यातायात-तरहरा सडक खण्ड (ठेक्का नं. TRIP/RBID/337312/073/074/005) सडक योजनाको निर्माण कार्य तोकिएको समयभित्र कार्य सम्पन्न हुन नसकेको भन्ने देखिन आएको हुँदा निर्माणाधीन ठेक्का योजनाहरू तोकिएको म्यादभित्र सम्पन्न गर्न गराउन, भइरहेको कार्यको सघन प्राविधिक सुपरभिजन तथा सघन अनुगमन गर्न गराउन, सम्झौताबमोजिम ठेक्का व्यवस्थापनमा जोड दिन र ठेक्का लगाउनुपूर्व गरिनुपर्ने पूर्व तयारीहरू/कार्यहरू (जग्गा अधिग्रहण, विद्युत्का पोलहरू र खानेपानीका संरचनाहरू लगायतका सार्वजनिक उपयोगमा पूर्व निर्माण भइसकेका संरचनाहरू स्थानान्तरण गर्नुपर्ने भए समयमै स्थानान्तरण हुने व्यवस्था) भएपश्चात मात्र ठेक्का प्रक्रिया अगाडि बढाउने लगायतका ठेक्का व्यवस्थापन विषयमा सजकता अपनाउनु हुन आयोगको मिति २०७८।१।३० को निर्णयानुसार सम्बन्धित मन्त्रालयहरू र मुख्यमन्त्रीका कार्यालयहरूलाई सुझाव लेखी पठाइएको ।

५. वन तथा वातावरण मन्त्रालय

५.१ कैलाली जिल्ला, भजनी नगरपालिका वडा नं. २ र ३ मा पर्ने राधाकृष्ण सामुदायिक वन उपभोक्ता समूहका पदाधिकारीहरूले सामुदायिक वनको कार्य सञ्चालन गर्दा सामुदायिक वनको विधान र कार्ययोजनाविपरीत आफ्नो मनोमानी र आफूखुसी निर्णय गरी कार्य सञ्चालन गर्दै आइरहेको र काठ दाउरा बिक्री वितरण गरेको रकम हिनामिना गरेको समेतका उजुरी निवेदन सम्बन्धमा अनुसन्धान तहकिकात हुँदा भ्रष्टाचारजन्य कसुर भए गरेको भन्ने अवस्था नदेखिए पनि लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका कैफियत/बेरुजु भनी उल्लेख भएको रकम, तत्कालीन अध्यक्ष खुमबहादुर खड्काको नाममा रहेको पेश्की रकम रु.५९,५७६।- मध्ये रु.५०,०००।- असुल उपर भएको देखिन आएको र अन्य व्यक्तिहरू तथा संघसंस्थाहरूको नाममा तिर्न बुझाउन बाँकी रहेको भन्नेसमेत देखिएकाले समूहको नाममा उठ्न बाँकी रकमसमेत असुलउपर गराउन कानुनबमोजिम गर्न गराउन आयोगको मिति २०७७।६।२६ को निर्णयानुसार डिभिजन वन कार्यालय, पहलमानपुर र राधाकृष्ण सामुदायिक वन उपभोक्ता समूहलाई लेखी पठाइएको ।

५.२ जाजरकोट जिल्ला, छेडागाड नगरपालिका वडा नं. ४ स्थित सागिनेगैरी सामुदायिक वन उपभोक्ता समूहबाट बिल भरपाईको आधारमा मात्र अभिलेख राखी लेखापरीक्षण गरे-गराएको देखिएको, समूहको मुख्य आम्दानीको स्रोत खोटो संकलनबाट प्राप्त आम्दानी भएकोमा केही आ.व.को रकम हालसम्म पनि समूहको खातामा जम्मा नभई कोष तथा लेखा नियन्त्रण कार्यालय, जाजरकोटको धरौटी खातामा जम्मा भएको देखिएकाले खोटो बिक्रीबाट प्राप्त आम्दानी रकम सामुदायिक वन उपभोक्ता समूहलाई हस्तान्तरण गर्नुहुन, वन उपभोक्ता समूहको वार्षिक आयव्ययको हिसाब एवं

लेखासम्बन्धी मान्य सिद्धान्त र प्रचलित कानुनको अनुशरण गरी अभिलेख राखी लेखापरीक्षण गर्ने गराउने कर्तव्यको पालना गर्न र प्रचलित वन ऐन, २०७६ बमोजिम वन उपभोक्ता समूहले सो बमोजिम आयव्ययको लेखा प्रचलित कानुनबमोजिम पारदर्शी तवरले राखे-नराखे तथा लेखापरीक्षण गरे-नगरेको अनुगमन गरी आवश्यक देखिए निर्देशन दिई नियमित र दुरुस्त राख्नसमेत लगाउने जिम्मेवारी सम्बन्धित डिभिजन वन कार्यालयको भएको हुँदा सो बमोजिम तोकिएको जिम्मेवारी प्रभावकारी रूपमा पालन गर्न गराउन आयोगको मिति २०७७।११।२६ को निर्णयानुसार डिभिजन वन कार्यालय, जाजरकोटलाई सुझाव लेखी पठाइएको।

५.३ कन्चनपुर जिल्ला भीमदत्त नगरपालिका वडा नं. १३, १४ र १६ स्थित शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज कार्यालय, मझगाउँको मध्यवर्ती क्षेत्र उपभोक्ता समितिले मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागि राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागबाट आ.व. २०७५/०७६ मा निकासा भएको रु.२५,००,०००।- रकम कुनै कामै नगरी मिलेमतोमा नक्कली बिल भौचर राखी रकम हिनामिना गरेको नभए तापनि इस्टिमेटअनुसारको सम्पूर्ण काम पूरा नहुँदै आवश्यक पर्ने कागजातहरू तयार गरी भुक्तानी दिइएको कार्य सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ र नियम १२४ समेत विपरीत भएकाले प्रचलित कानुनले निर्देशित गरेको विधि र प्रक्रियाको अवलम्बन गरी खरिद तथा निर्माणको कार्य गर्न गराउनेतर्फ आवश्यक व्यवस्था मिलाउन राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागलाई आयोगको मिति २०७८।१।१३ को निर्णयानुसार सुझाव लेखी पठाइएको।

६. प्रदेश उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

६.१ सव-डिभिजन वन कार्यालय, लालबजार, रामपुरका फरेष्टर रमेश राईसमेतले रु.१७,०००।- घुस/रिसवत रकम लिई गएकाले कारबाही गरी पाऊँ भनी गोविन्द राईले मिति २०७७।४।२६ गते इलाका प्रहरी कार्यालय, रामपुर, ठोक्सिला, उदयपुरमा निवेदन पेस गरेकोमा उजुरी निवेदकबाट रमेश राईसमेतका कर्मचारीहरूले काठ चिरान गरेको सम्बन्धमा घुस/रिसवत लिएको भन्ने स्थापित हुने आधार प्रमाण नरहे पनि निज कर्मचारीहरूलाई कार्यालयले नखटाएको, वन गस्तीको नाममा आफूखुसी कार्यालय बाहिर गई आफ्नो पदीय आचरणमा आँच पुऱ्याउने कार्य गरेको, निवेदनसाथ पेस भएको भिडियो रेकर्डहरूमा देखिएको स्थानीय मानिसहरू र कर्मचारीहरूबीचको वादविवाद तथा आरोप र निवेदकको किटानी निवेदनसमेतबाट निज कर्मचारीहरूको आचरण र व्यवहार राष्ट्रसेवक कर्मचारीहरूको आचारसंहिता र पदीय जिम्मेवारी तथा मर्यादाविपरीत देखिई निजहरूले सेवाग्राहीसँग गर्नुपर्ने व्यवहारसमेत उचित रूपमा गरेको नदेखिएकाले निज कर्मचारीहरू सहायक वन अधिकृत विनोदकुमार साह, सहायक वन अधिकृत शिवनारायण यादव, फरेष्टर विशेश्वरप्रसाद चौधरी, फरेष्टर रमेश राई, वनरक्षक शैलेन्द्र झा र वनरक्षक मनोजकुमार राउतलाई राष्ट्रसेवक कर्मचारीको पदीय जिम्मेवारी र मर्यादामा आँच पुऱ्याउने खराब आचरण गरेको सम्बन्धमा प्रचलित सेवा शर्तसम्बन्धी कानुनबमोजिम जो जे गर्नुपर्ने हो सो गरी, भए गरेको कारबाहीसम्बन्धी जानकारी यस आयोगमा गराउनसमेत आयोगको मिति २०७७।७।२७ को निर्णयानुसार प्रदेश नं. १ उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयमा सुझाव लेखी पठाइएको ।

६.२ जिल्ला सुनसरी तत्कालीन महेन्द्रनगर गा.वि.स. वडा नं. ८ स्थित रामधुनी सामुदायिक वन उपभोक्ता समूहको अध्यक्षको पदमा कार्यरत रहँदा लालबहादुर लिम्बुको नाममा मिति २०६२ मंसिर ११ गतेसम्मको लेखापरीक्षण गर्दा देखिएको बेरुजु रकम रु.६६,८२५।३५ र निजको जिम्मामा रहेको नगद रकम दाखिला नगरेको कारण कायम भएको रु.९३,२२३।७२ बेरुजु गरी जम्मा रु.१,६०,०४९।०७ बेरुजु रकम निज लालबहादुर लिम्बुले बुझाउनुपर्ने देखिएकोमा निजको मृत्यु भइसकेको भन्ने देखिएकाले निजउपर भ्रष्टाचारको कसुर कायम गरी मुद्दा चलाउन न्यायोचितसमेत नदेखिँदा निजको नाममा रहेको बेरुजु र निजको जिम्मा भएको रकम गरी जम्मा रु.१,६०,०४९।०७ को असुलउपर सम्बन्धमा प्रचलित कानुनबमोजिम जो-जे गर्नुपर्ने हो गर्नु भनी डिभिजन वन कार्यालय, सुनसरीलाई आयोगको मिति २०७७।९।२ को निर्णयानुसार सुझाव लेखी पठाइएको ।

६.३ जिल्ला दाङ, गढवा गाउँपालिका वडा नं. ७ स्थित चन्दनपुर सामुदायिक वन उपभोक्ता समूहको कार्य समितिले आ.व. ०७२/७३ देखि ०७५/७६ सम्मको कार्यविधिमा साधारणसभा नबोलाई मनोमानी ढंगले जथाभावी रूखहरू कटान गरी चोरी निकासी गरिरहेको र वन कार्यालयका कर्मचारीहरूको संलग्नतामा रूखहरू कटान गरी अन्यत्र सप्लाई गरी अनियमितता गरेकाले आवश्यक छानबिन गरी कारबाही गरी पाऊँ भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान तहकिकात हुँदा हालसम्म संकलित प्रमाणहरूबाट भ्रष्टाचारजन्य कार्य भएको नदेखिए तापनि चन्दनपुर सामुदायिक वन उपभोक्ता समितिले लेखापरीक्षण प्रतिवेदन साधारण भेलाबाट अनुमोदन गराएको एवम् काठदाउरा संकलन तथा रूख

कटानसमेतका सम्बन्धमा डिभिजन वन कार्यालयबाट सहमतिसमेत लिएको नदेखिएकाले अब उप्रान्त काठदाउरा कटान एवम् संकलन र आर्थिक पारदर्शिता कायम गर्न चन्दनपुर सामुदायिक वन उपभोक्ता समितिलाई र रूख कटान गर्दा प्रचलित कानुनबमोजिम प्रक्रिया पूरा गरेको नदेखिएकाले सो सम्बन्धमा जो-जे गर्नुपर्ने हो आवश्यक प्रक्रिया अघि बढाउन डिभिजन वन कार्यालय दाङ (देउखुरी) लाई आयोगको मिति २०७८।१।६ को निर्णयानुसार सुझाव लेखी पठाइएको ।

६.४ जिल्ला सोलुखुम्बु, सोलु दूधकुण्ड नगरपालिका वडा नं. २ स्थित दोर्जी शेर्पाको कित्ता नं. १४५ र काण्डु शेर्पाको कित्ता नं. १७१ को निजी जग्गा र उक्त जग्गा बाहिरको सरकारी वन क्षेत्रबाट समेत १५० वटाभन्दा बढी लेकाली सल्ला र ठिंगुरे सल्लाका रूखहरू काटी वन कार्यालयका कर्मचारीहरूको मिलेमतोमा चन्द्रबहादुर राईले निकारी पैठारी गरिरहेको भन्नेसमेत व्यहोराको उजुरीको सम्बन्धमा अनुसन्धान तहकिकात हुँदा अवैध रूपमा रूख कटान गरी निकासी पैठारी गर्न डिभिजन वन कार्यालय, सोलुखुम्बु वा अन्तर्गतका कर्मचारीहरूसमेतको मिलेमतो भएको भन्ने अवस्था नदेखिए तापनि डिभिजन वन कार्यालय, सोलुखुम्बु, सल्लेरीले अवैध रूपमा कटान गरिएका ६४ वटा रूखबाट निस्केका गोलिया थान ४८९ को परिमाण ३७५८.७३ क्यु.फि. काठ बरामद गरेको देखिएकाले सो सम्बन्धमा प्रचलित कानुनबमोजिम गर्न गराउन भनी डिभिजन वन कार्यालय, सोलुखुम्बु, सल्लेरीलाई आयोगको मिति २०७८।३।७ को निर्णयानुसार सुझाव लेखी पठाइएको ।

६.५ सिन्धुली जिल्ला, कमलामाई नगरपालिका, वडा नं. ९ भिमानमा रहेको भिमान पत्नेसी सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष गंगाबहादुर बस्नेतसमेतका पदाधिकारीहरूले अनियमितता गरेको उजुरीका सम्बन्धमा अनुसन्धान तहकिकात हुँदा उजुरीमा उल्लेख भएबमोजिम तत्कालीन सामुदायिक वनका अध्यक्ष गंगाबहादुर श्रेष्ठसमेतका पदाधिकारीहरूले भ्रष्टाचारजन्य कार्य गरेको भन्ने नदेखिए पनि वन ऐन, वन नियमावली, मार्गदर्शन तथा निर्देशिकामा उल्लेख भएअनुसारको प्रक्रिया पूरा गरी सामुदायिक वनको कामकाज गरेको देखिन नआएकाले भिमान पत्नेसी सामुदायिक वन उपभोक्ता समूह, कमलामाई नगरपालिका वडा नं. ९ सिन्धुलीलाई सामुदायिक वन उपभोक्ता समूहले समूहभित्र वन पैदावरको बिक्री वितरण गर्दा वन नियमावली, २०५१ को नियम ३३ को उपनियम (१) मा उल्लेख भएअनुसार गर्ने गराउने, वन ऐन, २०७६ को परिच्छेद- ५ को दफा २२ को उपदफा (१) र (२) बमोजिम सामुदायिक वनको कोषमा प्राप्त भएको रकम छुट्याउने, सामुदायिक वन विकास कार्यक्रमको मार्गदर्शन (परिमार्जित), २०७१ मा भएको व्यवस्थाअनुसार सामुदायिक वनको साधारणसभाबाट वार्षिक कार्यक्रम तयार गर्ने र सामुदायिक वनको साधारणसभाबाट स्वीकृत वार्षिक कार्यक्रम सामुदायिक वन उपभोक्ता समूहको आर्थिक कार्यविधि निर्देशिका, २०७३ मा उल्लेख भएअनुसार समूहको कोष परिचालन गर्ने गराउने भनी आयोगको मिति २०७८।३।१४ को निर्णयानुसार सुझाव लेखी पठाइएको ।

६.६ डिभिजन वन कार्यालय, कञ्चनपुरलाई जिल्ला कञ्चनपुर, कृष्णपुर नगरपालिका वडा नं. २ मा रहेको गडबिजुला सामुदायिक वन उपभोक्ता समूहका पूर्व अध्यक्ष अम्बिकादेवी कलौनीको अध्यक्षतामा गठित पदाधिकारीहरूले समूहको हिसाब किताब दुरुस्त नराखेको, समूहमा कुनै निर्णय नगरी आफूखुसी समूहको रकम हिनामिना गरेको तथा सो समितिबाट हिनामिना भएकोमध्ये रु.५,५६,३९५।- अझै असुलउपर गर्न बाँकी रहेको देखिएकाले प्रचलित वन ऐनअनुसार प्रस्तुत उजुरीमा जे जसो गर्नुपर्ने हो सो कार्य सोही कार्यालयबाट नै गरी आयोगलाई जानकारी दिन आयोगको मिति २०७८।३।३१ को निर्णयानुसार सुझाव लेखी पठाइएको ।

७. अर्थ मन्त्रालय

७.१ कम्पनी रजिष्ट्रार कार्यालयका कर्मचारीहरूसमेतको मिलेमतोमा असम्बन्धित व्यक्तिको नागरिकता प्रमाणपत्र दुरुपयोग गरी अनधिकृत रूपमा सुन्द्रावती टेलिटक प्रा.लि. नामक फर्जी कम्पनी खडा गरेको भन्नेसमेत व्यहोराको उजुरीका सम्बन्धमा अनुसन्धान तहकिकात हुँदा कम्पनी रजिष्ट्रारको कार्यालयका तत्कालीन उप-रजिष्ट्रार तोयानाथ अधिकारी, सहायक रजिष्ट्रार टेकप्रसाद पुलामी, लेखापाल कर्णबहादुर भण्डारी, कार्यालय सहयोगी सुनिल कार्की र आन्तरिक राजस्व कार्यालय भक्तपुरका तत्कालीन कर अधिकृत कर्मसिंह लामासमेतलाई मुद्दा चलाउने पर्याप्त आधार र कारण नदेखिए पनि कम्पनी रजिष्ट्रारको कार्यालयले कम्पनी दर्ता गरी प्रमाणपत्र जारी गरेपछि आन्तरिक राजस्व कार्यालयबाट उक्त कम्पनीलाई स्थायी लेखा नम्बर (PAN) दिने प्रक्रिया र प्रमाणपत्र लिने कार्यमा कतिपय अवस्थामा उनाउ व्यक्ति संलग्न भई प्रमाणपत्रसमेत बुझी लगी गैरकानुनी कार्य गरेको देखिँदा सो हुन नदिन तथा प्रभावकारी उपाय अपनाउन आयोगको मिति २०७७।५।२३ को निर्णयानुसार अर्थ मन्त्रालयलाई लेखी पठाइएको ।

७.२ सडक डिभिजन कार्यालय, सुर्खेतको मिति २०७५।१२।१५ गते सार्वजनिक भएको ठेक्का नं. ४३/०७५/७६ र ४७/०७५/७६ को बोलपत्रका सम्बन्धमा बि.जी. कन्स्ट्रक्सनले बोलपत्र खरिदबापतको रकम सडक डिभिजन सुर्खेतको सही खाता नं. र कार्यालय कोड नं. लेखी पेस गरेको अवस्थामा समेत राष्ट्रिय वाणिज्य बैंक लि. शाखा कार्यालय, सुर्खेतबाट अन्य कार्यालयको कोडमा राजस्व रकम जम्मा गरेको कारण बि.जी. कन्स्ट्रक्सनको न्यूनतम कबोल अंकको बोलपत्र मूल्यांकन प्रक्रियामा समावेश हुने मौकाबाट वञ्चित भई लागत अनुमानभन्दा थोरै मात्र अंक कबोल गर्ने निर्माण कम्पनीको बोलपत्र स्वीकृत भएको देखिएको । बैंकका कर्मचारीहरूले उक्त कार्य कोही कसैसँगको मिलेमतोमा आर्थिक लाभ लिने मनसायले गरेको हो भन्ने सम्बन्धमा हालसम्म यकिन तथ्य प्रमाण फेला नपरेको भए पनि राजस्व भौचरहरू उपयुक्त तरिकाले रुजु गरी रकम पोष्टिङ गर्नुपर्ने दायित्व भएका कर्मचारीहरूको लापरबाहीपूर्ण र गैरजिम्मेवारपूर्ण कार्य सार्वजनिक खरिदसम्बन्धी कार्यविधि, प्रक्रिया तथा निर्णयलाई अझ बढी खुल्ला, पारदर्शी, वस्तुनिष्ठ र विश्वसनीय बनाउन, प्रतिस्पर्धा, स्वच्छता र जवाफदेहिता प्रवर्द्धन गरी मितव्ययी तथा विवेकपूर्ण ढंगबाट सार्वजनिक खर्चको अधिकतम प्रतिफल हासिल गर्ने सार्वजनिक खरिद ऐन, २०६३ को प्रस्तावनाविपरीत देखिएकाले अब उप्रान्त बोलपत्र खरिदसम्बन्धी काम कारबाही गर्दा त्रुटिरहित तरिकाले रुजु गरी सार्वजनिक खरिद ऐन नियमको भावना र मर्मबमोजिम कुनै पनि निर्माण व्यवसायी वा सेवा प्रदायकलाई सार्वजनिक खरिद प्रक्रियामा सहभागी हुने समान अवसर सुनिश्चित गर्ने सम्बन्धमा जो-जे गर्नुपर्ने हो सो गर्न गराउन राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, केन्द्रीय कार्यालय, सिंहदरबार, काठमाडौंलाई आयोगको मिति २०७७।१०।९ को निर्णयानुसार सुझाव लेखी पठाइएको ।

७.३ आन्तरिक राजस्व कार्यालय, बालाजु, काठमाडौंमा कम्प्युटर अपरेटर (डा.ई.सु.) पदमा करारमा कार्यरत रहेका राजन शर्मा र सेवाग्राही सन्तोष थापा मगरले रु.४३०००।- घुस/रिसवत लेनदेन गरिसकेको अवस्थामा निजहरूलाई पक्राउ गरी अनुसन्धान तहकिकात हुँदा उक्त कारोबार घुस/रिसवतबापतकै हो भन्ने हालसम्म संकलित प्रमाणहरूबाट स्थापित हुन नआएकाले पछि प्रमाण फेला परेमा कानुनबमोजिम गर्ने गरी हाललाई राष्ट्रसेवक कर्मचारीले कार्यालय समयमा कार्यालय परिसरभन्दा बाहिर रेष्टुरेन्टमा सेवाग्राहीले राजस्व दाखिला गर्नुपर्ने रकम लेनदेन गर्ने कार्य अस्वाभाविक देखिएको हुँदा त्यस्ता कार्य हुन नदिनेतर्फ आवश्यक व्यवस्थापनका लागि आन्तरिक राजस्व कार्यालय, बालाजुलाई आयोगको मिति २०७७।१२।१३ को निर्णयानुसार सुझाव लेखी पठाइएको ।

८. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

८.१ सहरी विकास तथा भवन निर्माण विभागका तत्कालीन सिनियर डिभिजनल इन्जिनियर काशीप्रसाद गुप्ता (हाल अवकाशप्राप्त) को स्रोत पुष्टि हुन नसक्ने अकुत सम्पत्ति आर्जन गरेको सम्बन्धमा अनुसन्धान तहकिकात हुँदा प्रो-एड बहुउद्देश्यीय सहकारी संस्थामा काशीप्रसाद गुप्तासँगको कारोबारको सिलसिलामा सम्बन्धित खातावाला व्यक्तिहरू उपस्थित नै नभई निजहरूको नाममा खाता खोल्ने, खातावालाहरूको नामबाट रकम भुक्तानी दिने, खातावालाहरूको नाम र खाता नं. समेत परिवर्तन गरी अन्य व्यक्तिको नाममा खाता कायम गर्ने जस्ता गैरव्यावसायिक क्रियाकलाप प्रो-एड बहुउद्देश्यीय सहकारी संस्थाबाट भए गरेको अनुसन्धानबाट देखिएको हुँदा उक्त कार्यसँग सम्बन्धित कागजात तथा बयानसमेत संलग्न राखी आवश्यक प्रचलित कानुनबमोजिम गराउनका लागि आयोगको मिति २०७७।५।१५ को निर्णयानुसार भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयलाई सुझाव लेखी पठाइएको ।

साथै अनुसन्धानको क्रममा उदितनारायण प्रसाद रौनियार र सन्तोषकुमार गुप्ताको नाममा रहेको अष्टाङ्ग फाउण्डेसन प्रा.लि. को सेयर खरिद प्रयोजनका लागि गणेश भट्टको नाममा प्रो-एड बहुउद्देश्यीय सहकारी संस्थामा रहेको मौज्दात रु.१,४५,००,०००।- रोक्का राखिएकोमा उदितनारायण प्रसाद रौनियार र सन्तोषकुमार गुप्ताको नाममा रहेको अष्टाङ्ग फाउण्डेसन प्रा.लि. को रु.१,४५,००,०००।-को सेयर नै रोक्का राखी जफतको मागदाबी लिइएकाले गणेश भट्टको प्रो-एड बहुउद्देश्यीय सहकारी संस्थामा रहेको उक्त रकम फुकुवाका लागि आयोगको मिति २०७७।५।१५ को निर्णयानुसार लेखी पठाइएको ।

८.२ जिल्ला नवलपरासी (बर्दघाट सुस्तापूर्व), मालपोत कार्यालय, कावासोती कार्यालयले २०७३ श्रावणमा होटल मौलाकालिकाको नाममा दर्ता रहेको गैंडाकोटको जग्गा स्वामित्व बिक्री गर्दा राजस्व हिनामिना गरेको उजुरीका सम्बन्धमा अनुसन्धानको सिलसिलामा प्राप्त कागजातहरूका आधारमा भ्रष्टाचारजन्य कसुर भए गरेको नदेखिए तापनि मालपोत कार्यालय, कावासोतीबाट र.नं. १६१० र १६१२क मिति २०६९।६।२६ को पारित राजीनामाले होटल मौलाकालिका प्रा.लि.को नाममा कायम हुँदा संचालकको नाम उल्लेख भएको नदेखिएको, मालपोत कार्यालयमा रहने

श्रेस्तामा संचालकको नाम रहने व्यवस्थासमेत नदेखिएकाले मालपोत कार्यालय कावासोतीको मिति २०७३।४।२ को निर्णयानुसार होटल मौलाकालिका प्रा.लि.को नामको श्रेस्तामा संचालकको नाम थप गर्ने निर्णयका सम्बन्धमा प्रचलित कानुनबमोजिम जे जो बुझ्नुपर्ने हो बुझी आवश्यक निर्णयका लागि आयोगको मिति २०७७।७।३ को निर्णयानुसार भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयलाई सुझाव लेखी पठाइएको ।

८.३ यसमा काठमाडौं जिल्ला चपली भद्रकाली गा.वि.स. वडा नं. ८ (साबिक ६क) कि.नं. ७३२ को ज.बि. ०-३-०-० मेरो नाउँमा दर्ता श्रेस्ता कायम रहेको जग्गा सम्मानित आयोगको च.नं. २१५४ मिति २०६९।१।१४ को पत्रबाट मालपोत कार्यालय, चाबहिलमा रोक्का रहेको देखिएकाले फुकुवा गरी पाऊँ भनी करुणा आर.सी.समेतको निवेदनका आधारमा आयोगबाट सार्वजनिक पर्ति जग्गा मिची भोग कायम गर्ने व्यक्तिले सार्वजनिक जग्गा छुट्टयाई नछोडेसम्म उक्त कि.नं. ७३२ को जग्गा आयोगको मिति २०६९।१।४ को निर्णयानुसार रोक्का राख्ने भनी मा.पो.का. चाबहिलमा च.नं. २१२४ मिति २०६९।१।१४ मा पत्राचार भई हालसम्म रोक्का रहेको, आयोगबाट निवेदकको मागबमोजिमको जग्गा रोक्का राखी रहन औचित्यतासमेत रहेको नदेखिएकाले सो जिल्ला काठमाडौं, चपली ६(क) कि.नं. ११३ को सार्वजनिक जग्गा संरक्षण गर्ने सम्बन्धमा आवश्यक कारबाही गर्नु भनी आयोगको मिति २०७७।७।२० को निर्णयानुसार स्थानीय निकायसमेतमा लेखी पठाइएको साथै आयोगको च.नं. २१५४ मिति २०६९।१।१४ को पत्रानुसार हालसम्म रोक्का रहन गएको कि.नं. ७३२ क्षेत्रफल ०-३-०-० को जग्गा अन्य कुनै कारणले रोक्का राख्नु नपर्ने भए आयोगको तर्फबाट रहेको रोक्का फुकुवा गरिदिनु भनी मालपोत कार्यालय, चाबहिल, काठमाडौंमा लेखी पठाइएको ।

८.४ जिल्ला सर्लाही ईश्वरपुर गा.वि.स. वडा नं. ९ ग कि.नं. १४० क्षे.फ.(०-१०-५), कि.नं. २९० क्षे.फ.(०-८-१२) र कि.नं. २९४ क्षे.फ.(०-१८-०) गरी तीन कित्ता व्यक्ति विशेषको जग्गाहरूमा वादी वैजु राय यादव र प्रतिवादी चन्द्र शाह भई सर्लाही जिल्ला अदालतमा परेको लेनदेन मुद्दामा उक्त अदालतको आदेशानुसार कुनै किसिमबाट हक हस्तान्तरण गर्न नपाउने गरी अ.ब. १७१(क)नं. बमोजिम उक्त जग्गाहरू रोक्का राख्ने गरी मालपोत कार्यालय सर्लाही मलंगवालाई पत्राचार भएकोमा सो कार्यालयको दुई पृथक पत्रहरूबाट रोक्का राखेकोमा उक्त जग्गाहरू मालपोत कार्यालय सर्लाहीको रजिष्ट्रेशन. नं ११११७१(क), मिति २०७१।२।१ मा शेषपछिको बकसपत्रबाट पास भएको देखिएको, जिल्ला अदालतमा परेको उक्त लेनदेन मुद्दामा दाबी नपुग्ने तथा किर्तेतर्फ वादी वैजु राय यादवलाई जरिवाना हुने ठहरी जिल्ला अदालत सर्लाहीबाट मिति २०७१।१०।२९ मा भएको फैसलालाई उच्च अदालत जनकपुरबाट मिति २०७५।९।२२ मा सदर भई मिति २०७६।१।६ गते सर्लाही जिल्ला अदालतबाट उक्त रोक्का रहेको जग्गा फुकुवासमेत भएको देखिएको, जग्गा रोक्का गराउन फिराद दिने निवेदक स्वयं उल्लिखित जग्गाको कानुनी हकदारसमेत नभएको र अदालतबाट किर्ते जालसाझ मुद्दामा कसुरदारसमेत स्थापित भइसकेको तथा उक्त व्यक्ति विशेषका जग्गाहरू सम्मानित जिल्ला अदालतबाट रोक्का फुकुवा भइसकेको देखिँदा उक्त जग्गा सरकारी सार्वजनिक जग्गा रहेको भन्ने देखिन नआएकाले प्रस्तुत उजुरीका सम्बन्धमा मुद्दा चलाउनुपर्ने नदेखिइए तापनि मालपोत कार्यालय सर्लाहीको संवेदनशील मोठ तथा रोक्का फाँटमा काम गर्ने कर्मचारीले आँखा कमजोर भएको लगायतका बहाना देखाई रोक्का रहेको जग्गालाई रोक्का छैन भनी जग्गा रजिष्ट्रेशन लिखतमा गलत व्यहोरा जनिनु जस्ता कार्यलाई उचित भन्न नमिल्ने भएकाले आगामी दिनमा यस्ता किसिमका त्रुटि हुन नपाउनेतर्फ आवश्यक सतर्कता अपनाउन जो-जे गर्नुपर्ने हो गर्न भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयलाई आयोगको मिति २०७७।७।२० को निर्णयानुसार सुझाव लेखी पठाइएको ।

८.५ जिल्ला बारा साबिक मनहर्वा गा.वि.स. वडा नं. ५ को कित्ता नं. ६५ ज.बि. (०-९-०) को जग्गा मिति २०५५।१०।१९ मा कित्ताकाट भई कि.नं. ४६० ज.बि. (०-२-०) जग्गा जयलाल महतो अवतारलाई बिक्री गरी बाँकी कि.नं. ४६१ ज.बि. (०-७-०) साबिक जग्गाधनी गणेश महतोवतारमा नै कायम भएको नापी कार्यालयको च.नं. ४६१ मिति २०७६।२।१० को पत्रबाट खुल्न आएको हुँदा मालपोत कार्यालयले मिति २०६७।११।४ मा निर्णय गर्नुपूर्व नापी कार्यालय, सिमरा, बारासँग समन्वय गरी आवश्यकताअनुसार सर्जमिनसमेत गरी नयाँ श्रेस्ता कायम गर्नुपर्ने कित्ताको कित्ताकाट भएको जानकारी विवरण नलिई, कित्ता नं. र क्षेत्रफलमै गलत व्यहोरा जनिई चार तहसम्म कारोबार हुने जस्ता कार्य भएको पाइएकाले आगामी दिनमा यस्ता किसिमका त्रुटि हुन नपाउनेतर्फ आवश्यक सतर्कता अपनाउन जो-जे गर्नुपर्ने हो गर्न मालपोत कार्यालय, बारालाई आयोगको मिति २०७७।८।११ को निर्णयानुसार सुझाव लेखी पठाइएको ।

८.६ मिति २०५४।१।१९ मा झापा जिल्ला साबिक जुरोपानी गा.वि.स. वडा नं- ९ मा नयाँ नापी हुँदा तेजलाल राजवंशी र दुर्गाप्रसाद राजवंशीको नाममा संयुक्त फिल्डबुकमा अभिलेख कायम रहेको कि.नं. ३५२ को जग्गा तेजलाल राजवंशीको मात्र हक पुग्ने गरी हालसाबिक गर्ने, हालसाबिक गर्दा उक्त कि.नं. ३५२ को जग्गामा निवेदिका बिबी कुमारी राजवंशीले घरसमेत बनाई हकभोग गरेको तथ्यलाई समेत नजरअन्दाज गरी साबिक कि.नं. ४४१ मध्ये भिड्ने कि.नं. ३५२ को जग्गालाई साबिक कि.नं. ४४० भिडाई हालसाबिक निर्णय भएको भनी राय-किताबमा उल्लेख गरेको । साबिक कि.नं. ४४० को जग्गामध्ये अधिकांश जग्गा हाल सार्वजनिक बाटो कायम भएको देखिँदा उक्त हालसाबिक निर्णयसँग सम्बन्धित सक्कल फाइल तामेली शाखामा बुझाउनुपर्नेमा नबुझाई मिसिल नष्ट गर्ने, मोठ र पुर्जा प्रमाणित गर्ने लगायत काममा लापरबाही गर्ने तत्कालीन मालपोत अधिकृत राजेन्द्रप्रसाद पराजुली, ना.सु. भोजराज पोखरेल, तत्कालीन ना.सु. लोकेन्द्र ओझा, तत्कालीन ना.सु. बाबुराम भट्टराईलगायतका कर्मचारी एवं यस मुद्दासँग सम्बन्धित विषयमा सेवाग्राही निवेदिकाउपर समेत जे-जो बुझ्नुपर्ने हो बुझी आवश्यक कारबाहीका लागि आयोगको मिति २०७७।९।१६ को निर्णयानुसार भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयमा सुझाव लेखी पठाइएको ।

८.७ संजीवनी व्यवसाय प्रा.लि.को नाममा रहेका शनिश्चरे-८ का विभिन्न जग्गा कित्ताहरू आयोगको च.नं. ९५४ मिति २०६४।२।२२ को पत्रबाट रोक्का रहेकोमा सो उपर सर्वोच्च अदालतमा रिट निवेदन परी मिति २०७५।८।५ मा परमादेश आदेश जारी हुने ठहरी आदेश भइसकेकाले किरण टी एण्ड वेभरेज कम्पनी प्रा.लि.का अध्यक्ष चित्रप्रसाद कुइँकेलको मागबमोजिमका संजीवनी व्यवसाय प्रा.लि.को नाममा दर्ता कायम शनिश्चरे-८ मा रहेका विभिन्न कित्ता जग्गाहरू आयोगको तर्फबाट रोक्का राखी रहनुपर्ने औचित्यतासमेत रहेको नदेखिँदा उल्लिखित जग्गा कित्ताहरू अन्य कारणले रोक्का राख्नु नपर्ने भए आयोगको तर्फबाट रहेको रोक्का फुकुवा गरिदिन भूमिसुधार तथा मालपोत कार्यालय, भद्रपुर झापालाई आयोगको मिति २०७७।९।२३ को निर्णयानुसार लेखी पठाइएको।

८.८ जिल्ला बारा, जितपुर सिमरा उपमहानगरपालिका, वडा नं. १४, साबिक पिपरा सिमरा वडा नं. ४क, कि.नं. १३८, ज.बि. १-१०-१४, ऐ.ऐ. ४क, कि.नं. १६४, ज.बि. ०-१५-१०, ऐ.ऐ. ४ख, कि.नं. १२५, ज.बि. ३-१७-५, ऐ.ऐ. ३, कि.नं. ८१, ज.बि. ०-७-१५ जग्गाको नापीको समयमा तयार भएको नेपाल सरकार (श्री ५ को सरकार) को नामको श्रेस्ता आयोगमा उपलब्ध हुन नसकेकाले हिसाबुद्धिन अन्सारीको नाममा उल्लिखित जग्गा दर्ताको निर्णय भएको थियो/थिएन, निर्णय प्रक्रियामा को कसको संलग्नता थियो, जग्गा दर्ता गर्दा के, कुन आधार, प्रमाण र कानुनबमोजिम निर्णय भएको थियो भन्ने विवरण खुल्न नसकेकाले कागज प्रमाण प्राप्त हुँदाको अवस्थामा त्यसतर्फ कानुनबमोजिम अनुसन्धान तहकिकात हुने र उल्लिखित विवादित जग्गाको सम्बन्धमा सम्मानित सर्वोच्च अदालतको उत्प्रेषण परमादेशबमोजिम मालपोत कार्यालय, सिमराबाट हालसम्म निर्णय भएको नदेखिएकाले जग्गाको फिल्डबुकको विवरण, भूमिसुधार तथा व्यवस्था मन्त्रालयबाट प्रकाशित सरकारी, सार्वजनिक जग्गाको विवरण पुस्तिका, नेपाल सरकार (श्री ५ को सरकार) को नामको सुरु श्रेस्ता, सम्मानित सर्वोच्च अदालतको उत्प्रेषण परमादेश, जग्गाको भोग, साबिक लगत प्रमाणसमेतको मूल्यांकन गरी जे-जो बुझ्नुपर्ने हो बुझी उल्लिखित जग्गाको सम्बन्धमा कानुनबमोजिम निर्णय गर्न आयोगको मिति २०७७।१०।१५ को निर्णयानुसार मालपोत कार्यालय, सिमरालाई सुझाव लेखी पठाइएको ।

८.९ नापी कार्यालय, बुटवलका कर्मचारीहरूले भू-माफियाहरूसँगको मिलेमतोमा जिल्ला रुपन्देही, साबिक गा.वि.स. पर्रोहा, वडा नं. ५ग को कि.नं. ७२१ र ७२३ को फाइल नक्सा बनाउँदा उत्तरतर्फको करिब ०-३-० (तीन कट्ठा) सार्वजनिक जग्गासमेत घुसाएको भन्नेसमेत व्यहोराको उजुरीका सम्बन्धमा अनुसन्धान तहकिकात हुँदा जग्गा नापजाँच तथा नक्सा श्रेस्ता अद्यावधिकसम्बन्धी निर्देशिका, २०७३ को दफा ५९ को उपदफा (११) एवं नापी विभागको प.सं. ३/१/०७४/०७५, च.नं. ८८ मिति २०७४।५।३०, प्राविधिक सर्कुलर नं. २ बमोजिम त्रुटिपूर्ण फाइल नक्सा आयोगमा उजुरी दर्ता हुनुअगावै संशोधन गरी सरकारी, सार्वजनिक जग्गा घुसेको हदसम्मको जग्गाधनी दर्ता श्रेस्ता एवं जग्गाधनी दर्ता प्रमाण-पुर्जा सुधार तथा बदरका लागि मालपोत कार्यालय, बुटवलमा नापी कार्यालय, बुटवलबाट लेखी पठाई मालपोत ऐन, २०३४ को दफा २४ को उपदफा (२) बमोजिम सरकारी, सार्वजनिक जग्गा घुसेको हदसम्मको जग्गाधनी दर्ता श्रेस्ता एवं जग्गाधनी दर्ता प्रमाण-पुर्जा सुधार तथा बदर भइसकेको देखिएकाले यसमा नेपाल सरकारलाई हानि नोक्सानी हुने अवस्था नदेखिए पनि त्रुटिपूर्ण फाइल नक्सा तयार गर्ने कार्यमा संलग्न

कर्मचारीहरूको सम्बन्धमा जो-जे बुझ्नुपर्ने हो बुझी आवश्यक कारबाही गर्न आयोगको मिति २०७७।१०।१५ को निर्णयानुसार नापी विभागमा सुझाव लेखी पठाइएको ।

८.१० मालपोत कार्यालय, साँखुका खरिदार पूर्ण महर्जन र कार्यालय सहयोगी राजु मारिपा श्रेष्ठले गोकर्णेश्वर लेखापढी सेवाका देवकुमार श्रेष्ठसँग लिएको रकम घुस/रिसवतबापतकै हो भन्ने तथ्य स्थापित नभए तापनि मालपोत कार्यालय, साँखुका राष्ट्रसेवक कर्मचारीहरूले कार्यालय समयलगत्तै मालपोत कार्यालय नजिकै रहेको गोकर्णेश्वर लेखापढी व्यवसायीको कार्यकक्षमा प्रवेश गरी गरेको यस किसिमको कारोबार स्वाभाविक नदेखिएकाले यस कार्यमा संलग्न कर्मचारीहरूलाई अब उप्रान्त यस प्रकारका क्रियाकलापमा संलग्न हुन नदिनेतर्फ जो जे गर्नुपर्ने हो सो गर्नका लागि आवश्यक कदम उठाउन भूमि व्यवस्थापन तथा अभिलेख विभाग, बबरमहललाई आयोगको मिति २०७७।११।२६ को निर्णयानुसार सुझाव लेखी पठाइएको ।

८.११ भारतीय नागरिक श्रीपति सिंहको नाममा दर्ता रहेको कपिलवस्तु जिल्ला साबिक बैदौली गा.वि.स. वडा नं. ५ख स्थित कि.नं. ११, ७८, ८८, ९५, ९७, ११७, १४१, १४२, १९३, १९८, २१७ र ४९६ का ज.बि.१-१७-४ जग्गा भूमिसुधार कार्यालय, कपिलवस्तुबाट २०४२ सालमा हदबन्दी रोक्का रहेका सरकारी सरहका उक्त जग्गा राजीनामाद्वारा व्यक्तिको नाममा हक हस्तान्तरण भई दर्ता हुन पुगेकोमा उक्त बिक्री भएको जग्गाको विषयमा कार्यालयले थाहा पाउँदाकै अवस्थामा बदर गरिएको भन्ने तथ्य मालपोत कार्यालय, कपिलवस्तुको मिति २०७४।९।२१ को टिप्पणी सदर निर्णयबाट खुल्न आउनुका साथै मिति २०७४।९।१४ को पारित लिखतलाई बदर गरी साबिक दर्तावालाको नाममा यथावत कायम राखी हदबन्दी रोक्कासमेत जनाइएको भन्ने भूमिसुधार तथा मालपोत कार्यालय, कपिलवस्तुको च.नं. ७७९२ मिति २०७६।२।२३ को पत्रबाट समेत लेखी आएको देखिँदा हालसम्म संकलित प्रमाणहरूबाट यसमा भष्टाचारजन्य कार्य भएको भन्ने नदेखिएकाले उल्लिखित कित्ता नं.का जग्गाहरूका सम्बन्धमा प्रचलित कानुनबमोजिम जो जे गर्नुपर्ने हो आवश्यक कारबाही गर्न गराउन आयोगको मिति २०७८।२।२७ को निर्णयानुसार श्री भूमिसुधार तथा मालपोत कार्यालय, तौलिहवा, कपिलवस्तुलाई सुझाव लेखी पठाइएको ।

८.१२ भूमिसुधार तथा व्यवस्था मन्त्रालय अन्तर्गतका विभिन्न मालपोत कार्यालयहरूले घर-जग्गाको हक हस्तान्तरण गर्दा प्रचलित कानुनबमोजिम असुल गर्नुपर्ने पुँजीगत लाभकरमा अनियमितता गरेको भन्ने सम्बन्धमा प्राप्त प्रतिवेदनमा २०७३ साउन १ गतेदेखि २०७३ पुस मसान्तसम्मको अवधिमा मालपोत कार्यालय, भक्तपुरबाट भएको घरजग्गा निःसर्ग गर्दा प्रचलित कानुनबमोजिम असुल गर्नुपर्ने पुँजीगत लाभकरका सम्बन्धमा पारित भएका लिखतहरूमा विभिन्न कैफियत गरी अनियमितता भएको प्रारम्भिक अनुसन्धानबाट देखिएको भन्ने व्यहोराको छानबिन प्रतिवेदन, निःसर्गकर्ताले भरेको पुँजीगत लाभकर घोषणा फाराम र नेपाल बैंक लिमिटेडमा राजस्व दाखिला गरेका रसिद तथा भौचरहरू, आयकर ऐन, २०५८ मा लाभकर स्वःघोषणा सम्बन्धमा भए गरेका व्यवस्थाहरू, जग्गा तथा घरजग्गा निःसर्गमा पुँजीगत लाभकरसम्बन्धी निर्देशिकामा व्यवस्था भएबमोजिम पुँजीगत लाभकर गणनासम्बन्धी व्यवस्था र मालपोत कार्यालय, भक्तपुरको च.नं. १६१८३ मिति २०७८।३।१६ को पत्रसाथ प्राप्त राजस्व दाखिला भौचर संलग्न कागजातहरूसमेत अध्ययन एवम् विश्लेषण गरी हेर्दा, राज्यकोषमा छुट हुन गएको तथा असुल गर्न बाँकी देखिएको राजस्व रकम रु.१५,७२,८८५।७४ उल्लेख भएबमोजिम सम्बन्धित निकायमा दाखिला भएको देखिन आएकाले अन्य मालपोत कार्यालय र भूमिसुधार तथा मालपोत कार्यालयहरूमा समेत सोही प्रकृतिका लाभकर/रजिष्ट्रेसन शुल्कबापत असुलउपर हुनुपर्ने भन्दा कम राजस्व दाखिला भई उठ्नुपर्ने राजस्व रकम नउठेको हुन सक्ने हुँदा सो सम्बन्धमा यकिन गरी मौजुदा नियम र ऐनमा भएको व्यवस्थाअनुसार गर्नका लागि आयोगको मिति २०७८।३।२८ को निर्णयानुसार भूमिसुधार तथा व्यवस्था विभागमा लेखी पठाइएको ।

९. संचार तथा सूचना प्रविधि मन्त्रालय

९.१ नेपाल टेलिकम, सूचना प्रणाली सहयोगी निर्देशनालय (ISSD), जावलाखेल शाखाबाट मिति २०७५।४।२६ मा आह्वान भएको ठेक्का नं. NDCL/ISSD/NCB/01/075-076 को बोलपत्रमा Satisfactory Performance Certificate (SPC) अनिवार्य पेस गर्नुपर्ने गरी राखिएको प्रावधानकै कारणबाट मात्र उक्त ठेक्कामा भ्रष्टाचारजन्य कार्य भएको भनी पुष्टि हुने अवस्था नदेखिए तापनि प्रस्तुत ठेक्कामा राखिएको उक्त प्रावधान सार्वजनिक खरिद ऐन २०६३, सोको नियमावली २०६४ साथै Standard Bidding Document को मर्म अनुकूल नभई सोको कारण प्रतिस्पर्धा सीमित हुन सक्ने देखिँदा अब आइन्दा यसप्रकारका कार्यहरू गर्दा प्रतिस्पर्धा सीमित नहुने गरी सार्वजनिक खरिद ऐन २०६३, सोको नियमावली

२०६४ साथै सार्वजनिक खरिद अनुगमन कार्यालय (PPMO) बाट जारी भएको Standard Bidding Document को पूर्ण पालना हुने गरी मूल्यांकनका आधारहरू निर्धारण गर्न गराउन आयोगको मिति २०७७।९।२३ को निर्णयानुसार नेपाल टेलिकमलाई सुझाव लेखी पठाइएको ।

१०. गृह मन्त्रालय

१०.१ मालपोत कार्यालय भरतपुर, चितवनमा कार्यरत लेखा अधिकृत रिठ्ठे दर्जीसमेतको संलग्नतामा राष्ट्रिय वाणिज्य बैंक, शाखा कार्यालय, भरतपुर, चितवनका भौचरहरू उक्त बैंकको छाप तथा कर्मचारीहरूको दस्तखतसमेत किर्ते गरी नक्कली भौचर तयार गरेको देखिएकाले सो सम्बन्धमा अनुसन्धान गरी किर्तेतर्फ आवश्यक कारबाही गर्नका लागि आयोगको मिति २०७७।८।१८ को निर्णयानुसार प्रहरी प्रधान कार्यालय, नक्साल, काठमाडौंमा लेखी पठाइएको ।

१०.२ जिल्ला कैलाली, साबिक निगाली गा.वि.स.-३ मा अवस्थित शिव सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष भोजबहादुर बमले उपभोक्ता समितिको खाताबाट निकालेको रकम रु. दुई लाख निजको नाममा बेरुजु कायम भई उक्त बेरुजु रकम कृषि विकास बैंक धनगढीको खाता नं. १४२८६३ मा जम्मा गरी भौचर पेस गरेको देखिन आएकाले सरकारी रकम हिनामिना तथा दुरुपयोग भएको पुष्टि हुने नदेखिए तापनि निज भोजबहादुर बमले सामुदायिक वन उपभोक्ता समितिको खाताबाट रु. दुई लाख किर्ते दस्तखत गरी निकालेको हो भन्ने व्यहोरा उल्लेख भई आएकाले किर्तेतर्फ आवश्यक अनुसन्धान गर्नका लागि प्रहरी प्रधान कार्यालय, नक्साल, काठमाडौंलाई आयोगको मिति २०७७।११।१० को निर्णयानुसार लेखी पठाइएको ।

१०.३ जिल्ला नवलपरासी साबिक जमुवाड गा.वि.स. वडा नं. ७क को कि.नं. ५९ क्षेत्रफल ०-२-१२, कि.नं. ५८ क्षेत्रफल ०-७-० र कि.नं. ६८० क्षेत्रफल ०-३-५ को जग्गाहरू किर्ते नागरिकता र जिल्ला नवलपरासी रामग्राम नगरपालिका वडा नं. १२ को किर्ते सिफारिससमेतका आधारमा जग्गाधनी रविन नेपाल र नवीन नेपाल भन्ने व्यक्ति खडा भई राजीनामा लिखत पारित भएको देखिए तापनि उक्त जग्गाहरू साबिकका जग्गाधनीकी आमा तारादेवी नेपाल वारेस बनी साबिककै जग्गाधनी रविन नेपाल र नवीन नेपालकै नाममा फिर्ता भइसकेको, उल्लिखित जग्गाहरूको कारोबार हुँदा किर्ते प्रमाण तथा कागजातको आधारमा भएको देखिएकाले सो सम्बन्धमा कानुनबमोजिम जो-जे गर्नुपर्ने हो सो गर्नका लागि आयोगको मिति २०७७।११।१७ को निर्णयानुसार जिल्ला प्रहरी कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) लाई सुझाव लेखी पठाइएको ।

१०.४ जिल्ला सुनसरी इनरुवा नगरपालिका वडा नं. ८ बस्ने पिर्थी कुमार साह हलुवाईलाई नक्कली बाबु बनाई झुठा विवरण र एस.एल.सी. को फर्जी प्रमाणपत्र पेस गरी आर्य सोनी साहको नाममा मिति २०७५।२।१५ गते नागरिकता नं. ०६-०१-७५-०१८६० भएको नागरिकता प्रमाण-पत्र जिल्ला प्रशासन कार्यालय, सुनसरीबाट जारी भएको हुँदा छानबिन गरी पाऊँ भन्ने व्यहोराको उजुरी/निवेदनउपर अनुसन्धान तहकिकात हुँदा आर्य सोनी साहले नागरिकता प्रमाणपत्र प्राप्त गर्नका लागि पेस गरेका शैक्षिक योग्यताका प्रमाणपत्रहरू एवम् अनुसूची फारममा वडा कार्यालयबाट भएको सिफारिससमेत किर्ते भन्ने देखिएको र सोही गलत एवम् किर्ते लिखतका आधारमा नागरिकता प्रमाणपत्र लिएको देखिएकाले सो सम्बन्धमा आवश्यक अनुसन्धान एवम् कारबाही गर्न उक्त अनुसूची फारमको सक्कल, केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशालाबाट प्राप्त परीक्षण प्रतिवेदनको प्रतिलिपि, आर्य सोनी साहको नाममा भएका शैक्षिक योग्यताका प्रमाणपत्रहरूको प्रतिलिपि, श्री राजाजी रामजी महतो (दास) माध्यमिक विद्यालयबाट प्राप्त पत्रको प्रतिलिपिसमेत संलग्न राखी आयोगको मिति २०७७।११।२६ को निर्णयानुसार जिल्ला प्रहरी कार्यालय, सुनसरी र जिल्ला प्रशासन कार्यालय, सुनसरीमा लेखी पठाइएको साथै सोको बोधार्थ एवम् आवश्यक कार्यार्थका लागि नेपाल सरकार, गृह मन्त्रालय, सिंहदरबार र प्रहरी प्रधान कार्यालय, नक्सालसमेतमा लेखी पठाइएको ।

१०.५ जिल्ला प्रशासन कार्यालय, मुगुमा सहायक प्रमुख जिल्ला अधिकारी पदमा कार्यरत रही हाल त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा कार्यरत प्रदीपकुमार ढकालले फर्जी बिल भरपाई पेस गरी वास्तविक रकमभन्दा बढी रकम भुक्तानी लिई हिनामिना गरेको भन्नेसमेत व्यहोराको उजुरीका सम्बन्धमा अनुसन्धान तहकिकात हुँदा निज प्रदीपकुमार ढकालले जिल्ला प्रशासन कार्यालय, मुगुमा सहायक प्रमुख जिल्ला अधिकारी पदमा कार्यरत रहँदा यात्रा नै नगरेको हवाई टिकटसमेत पेस गरी भुक्तानी लिएको भन्ने देखिएको र निजले उक्त रकम दाखिला गरेको देखिए पनि राष्ट्रसेवक कर्मचारीको उक्त कार्य पदीय मर्यादाविपरीतको देखिएकाले सो सम्बन्धमा कानुनबमोजिम जो-जे गर्नुपर्ने हो सो गर्ने गराउने व्यवस्था हुन आयोगको मिति २०७८।३।९ को निर्णयानुसार गृह मन्त्रालयमा लेखी पठाइएको ।

१०.६ जिल्ला कास्की पोखरा महानगरपालिका वडा नं. १८ सराङकोट बस्ने लेखबहादुर थापा मगर र सोही वडाका वडा अध्यक्ष रणबहादुर थापाको मिलोमतोमा लाखौंको ठूलो आर्थिक लेनदेन गरी तिब्बतीयन नागरिक सरू थापा मगर र तासी आङ्मो थापा मगरलाई किर्ते कागजात तयार गरी नागरिकता सिफारिस गरिदिएको भन्नेसमेत व्यहोराको उजुरीका सम्बन्धमा अनुसन्धान तहकिकात हुँदा तासी आङ्मो थापा मगरलाई नागरिकताको प्रमाणपत्र जारी गर्ने विषयमा गलत विवरण पेस गर्ने, प्रमाणित गर्ने, सिफारिस गर्ने र सोही विवरणको आधारमा लापरबाहीपूर्ण तरिकाले कार्य गर्ने राष्ट्रसेवक कर्मचारीहरू ऋषिराम आचार्य, परशुराम पौडेल र डाँसिराम लामिछाने र पोखरा महानगरपालिका वडा नं. १८ का वडा अध्यक्ष रणबहादुर थापाउपर समेत कास्की जिल्ला अदालतमा झुठा व्यहोरा उल्लेख गरी नागरिकता लिएको मुद्दा विचाराधीन रहेको देखिएको र नागरिकता प्राप्त गर्ने तासी आङ्मो थापा मगरको हकमा जिल्ला प्रशासन कार्यालय, कास्कीले निजको नाममा जारी भएको नागरिकता रद्द भई कास्की जिल्ला अदालतमा मुद्दा दायर भएको देखिँदा निजको हकमा समेत केही गरिरहनु नपर्ने । साबिक सराङकोट गाउँ विकास समितिका तत्कालीन सचिव (पञ्जिकाधिकारी) विष्णुप्रसाद पौडेलको हकमा, कार्यालयमा रहेको जन्म दर्ता अभिलेख नष्ट गरी पुनः अर्को अभिलेख तयार गरी जन्म दर्ता किताब र जन्म प्रमाणपत्रमा फरक फरक बाबुको नाम कायम गरी जारी गरेको र लेखबहादुर थापा मगरले व्यक्तिगत लाभ लिने नियतले झुठो व्यक्तिगत घटनाको सूचना दिएको देखिएको हुँदा सो सम्बन्धमा जो-जे गर्नुपर्ने हो सो गर्नका लागि आयोगको मिति २०७८।३।१७ को निर्णयानुसार प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, कास्कीलाई लेखी पठाइएको ।

१०.७ जिल्ला संखुवासभा साबिक जिल्ला विकास समितिको कार्यालयको तत्कालीन आन्तरिक लेखापरीक्षण शाखामा कार्यरत दावा भोटेले आ.व. ०७४/७५ मा एकाघरकी छोरी पिमा भोटेका नाममा दर्ता भएको गुराँस निर्माण सेवा, संखुवासभाले जिल्ला निकासी कर ठेक्काको सम्बन्धमा कबोल गरेको रकममध्ये रु.५२,१२,०००।- को बैंक जमानी कार्यालयको छाप र प्याड दुरुपयोग गरी आर्थिक अधिकार नभएको शुभाषचन्द्र कुइँकेलको हस्तलिखितबाट फुकुवा गरेको र आ.व. २०६९/०७० मा निज दावा भोटेले परोक्ष रूपमा खाँदबारी नगरपालिका वडा नं. ९ बस्ने शेरबहादुर गुरुङ देखाई दावा भोटेकै नामको जग्गा जमानत राखी ठेक्का लिएकोमा अन्तिम किस्ता रकम नबुझाई जमानतपत्रअनुसारको रकम कार्यालयमा दाखिला गर्ने पत्र लुकाई म्याद गुजारेर रु.३१,००००० ।- नबुझाएकाले असुल गरी कारबाही गरी पाऊँ भन्नेसमेत व्यहोराको उजुरीको सम्बन्धमा अनुसन्धान तहकिकात हुँदा जिल्ला समन्वय समितिको कार्यालय, खाँदबारीले आ.व. २०७४/०७५ को निकासी कर संकलन गर्न गुराँस निर्माण सेवासँग ठेक्का सम्झौता गरी अनुमति दिएकोमा ठेकेदार युवराज कार्कीले ठेक्काबापतको तिर्न बाँकी रकम रु.११,२५,००५।- र हर्जनाबापत भनी रु.१,१२,५०१।- विभिन्न मितिमा दाखिला गरेको, ठेकेदार गंगाबहादुर भण्डारीले ठेक्काबापतको तिर्न बाँकी रकम रु.३,८२,६६६।- र हर्जनाबापत भनी रु.३८,२६६।६० विभिन्न मितिमा दाखिला गरेको र ठेकेदार शेरबहादुर गुरुङले तिर्न बाँकी रकम रु.४५,२१,१३५।६५ र हर्जनाबापत भनी रु.४,००,१०५।- र दावा भोटेले ठेक्काबापतको रु.५२,१२०००।- विभिन्न मितिमा दाखिला गरेको भन्ने देखिएकोमा पिमा भोटेले राखेको बैंक जमानत शुभाषचन्द्र कुइँकेलको हस्ताक्षरबाट दावा भोटेले फुकुवा गरेको भन्ने देखिएकाले सो सम्बन्धमा आवश्यक छानबिन गर्न प्रहरी प्रधान कार्यालयलाई आयोगको मिति २०७८।३।२१ को निर्णयानुसार सुझाव लेखी पठाइएको ।

११. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

११.१ कम्पनी रजिष्ट्रार कार्यालयका कर्मचारीहरूसमेतको मिलेमतोमा असम्बन्धित व्यक्तिको नागरिकता प्रमाणपत्र दुरुपयोग गरी अनधिकृत रूपमा सुन्द्रावती टेलिटक प्रा.लि. नामक फर्जी कम्पनी खडा गरेको भन्नेसमेत व्यहोराको उजुरीका सम्बन्धमा अनुसन्धान तहकिकात हुँदा कम्पनी रजिष्ट्रारको कार्यालयका तत्कालीन उप-रजिष्ट्रार तोयानाथ अधिकारी, सहायक रजिष्ट्रार टेकप्रसाद पुलामी, लेखापाल कर्णबहादुर भण्डारी, कार्यालय सहयोगी सुनिल कार्की र आन्तरिक राजस्व कार्यालय भक्तपुरका तत्कालीन कर अधिकृत कर्मसिंह लामासमेतलाई मुद्दा चलाउने पर्याप्त आधार र कारण नदेखिए पनि कम्पनी रजिष्ट्रारको कार्यालय, काठमाडौंमा कम्पनी दर्ता प्रक्रिया अनलाइनबाट हुने र कतिपय अवस्थामा उनाउ व्यक्ति अनलाइन दर्ता प्रक्रिया र प्रमाणपत्र लिने कार्यमा संलग्न भई प्रमाणपत्रसमेत बुझी लगी गैरकानुनी कार्य गरेको देखिँदा त्यस्तो कार्य हुन नदिन विश्वसनीय तथा प्रभावकारी उपाय अपनाउन आयोगको मिति २०७७।५।२३ को निर्णयानुसार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई लेखी पठाइएको ।

११.२ नेसनल ट्रेडिङ लिमिटेडको स्वामित्वमा रही बहालमा लगाएका घर, जग्गा, टहरा, गोदामहरूको बहाल सम्बन्धमा भाडामा लगाउने सम्पत्तिको हकमा तपसिलबमोजिमको सुझाव पालना गर्दा तत्कालीन नेसनल ट्रेडिङ लिमिटेडको

स्वामित्वमा रहेको सम्पत्तिको व्यवस्थापन चुस्तदुरुस्त हुने देखिएकाले पठाइएका सुझाव पालना भएको जानकारी आयोगलाई ६ महिनासम्ममा गराउँदा उपयुक्त नै हुने हुँदा आयोगको मिति २०७७।१२।१९ को निर्णयानुसार उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई सुझाव लेखी पठाइएको ।

**सुझावहरू**

(क) साबिकको नेसनल ट्रेडिङ लिमिटेडको स्वामित्वमा रहेको घरजग्गा, गोदाम, कार्यालय भवन, टहरा आदि भाडामा लगाउनका लागि भाडादरलगायतका विषयमा स्पष्ट एवं वैज्ञानिक मापदण्ड बनाई लागू हुन,

(ख) बहालमा लगाइएका सम्पूर्ण सम्पत्तिहरूको बहाल सम्झौता अद्यावधिक हुन,

(ग) प्राप्त हुनुपर्ने, प्राप्त भएको एवं असुल हुन बाँकी बहाल रकमको विवरण अद्यावधिक हुन,

(घ) वैज्ञानिक रूपमा भाडासम्बन्धी मापदण्ड बनाई बहाल सम्झौताको म्याद समाप्त भएका सबै स्थानको सार्वजनिक सूचना निकाली बढाबढद्वारा भाडा व्यवस्थापन हुन,

(ङ) भाडाबापत असुल गर्न बाँकी रकमहरू असुलतर्फ आवश्यक प्रबन्ध हुन ।

१२. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय

१२.१ भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजनाको बोलपत्र ICB-HM-01/ GPS/ BBDMP/ 2076/77 आह्वान गर्दा बोलपत्रदातासँग मिलेमतो गरी गोप्य कबोल अंक कुनै एक बोलपत्रदातालाई उपलब्ध गराएको भन्नेसमेत व्यहोराको उजुरीका सम्बन्धमा सार्वजनिक खरिद अनुगमन कार्यालयले खरिद कार्यका सम्बन्धमा उपलब्ध गराएको रायको ख्याल नगरी खरिद कारबाहीमा प्रतिस्पर्धा हुन नसकेको, सिभिल निर्माण कार्यको प्रगतिसँग तालमेल नमिल्दा Contractutal Dispute सिर्जना भई नेपाल सरकारलाई थप आर्थिक दायित्व पर्न जाने र सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६ (१ग) अनुसार माग गरिएको मालसामान, निर्माण कार्य, परामर्श सेवा वा अन्य सेवा आवश्यक नभएमा खरिद कारबाही रद्द गर्न सकिने कारण जनाई खरिद प्रक्रिया अगाडि नबढाउँदा आर्थिक तथा प्राविधिक कारणले समेत नेपाल सरकारलाई हानि नोक्सानी नहुने र उपरोक्तअनुसारको खरिद प्रक्रिया रद्द गर्दा सार्वजनिक खरिद ऐनको प्रस्तावनाअनुरूप हुने भएकाले खरिद प्रक्रिया रद्द हुने भनी उक्त खरिद प्रक्रिया रद्द गरेको देखिएकाले सिभिल निर्माण कार्य र हाइड्रोमेकानिकल कार्य अन्तरसम्बन्धित भएको अवस्थामा पनि सिभिल निर्माण कार्यको प्रगतिको विश्लेषण नगरी कुनै हाइड्रोमेकानिकल कार्य निर्माणका लागि बोलपत्र आह्वान गरेको, एउटा मात्र बोलपत्र सारभूतरूपमा प्रभावग्राही भएको कारणले मात्र बोलपत्र अस्वीकृत गर्न वा पुनः बोलपत्र आह्वान गर्न सकिने छैन भन्ने सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६ को उपदफा (२) को प्रावधानविपरीत सो राष्ट्रिय गौरवको आयोजनामा पर्याप्त प्रतिस्पर्धा नभएको र आयोजनाको उद्देश्यअनुसार अनिवार्य निर्माण गर्नुपर्ने हाइड्रोमेकानिकल कार्यलाई पनि निर्माण कार्य आवश्यक नभएको भनी खरिद कार्य रद्द गरेको देखिएकाले अब आइन्दा सार्वजनिक खरिद ऐनमा उल्लिखित प्रावधानहरूको पूर्णरूपमा पालना गरी योजनाबद्ध ढंगले आयोजनाका कार्यहरू सम्पादन गरेर निर्धारित समयमा नै आयोजना सम्पन्न गर्नेतर्फ सतर्कता अपनाउनेतर्फ आवश्यक कदम उठाउन आयोगको मिति २०७७।७।२० को निर्णयानुसार ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय, सिंहदरबार, काठमाडौंलाई सुझाव लेखी पठाइएको ।

१२.२ नेपाल विद्युत् प्राधिकरण, ढल्केवर ग्रिड शाखा, धनुषाबाट संचालित Septic Tank and Toilet Construction Works, ढल्केबर सवस्टेसनको योजनामा वास्तविक भए गरेका कार्यहरू भन्दा रु.१,४६,०९४.९५ बढी मूल्यांकन गरी रकम भुक्तानी गरेको भए पनि उक्त योजनाको ठेक्का लिने फर्म क्षिरेश्वर कन्स्ट्रक्सनका संचालकले नेपाल विद्युत प्राधिकरण, ढल्केबर ग्रिड शाखाको धरौटी खातामा रु.१,५०,०००।- जम्मा गरेको र सुरक्षा धरौटी रकम रु.३९,७८८.६३ राखेको भन्ने व्यहोराको नेपाल विद्युत प्राधिकरण, ढल्केबर ग्रिड शाखाको पत्रबाट देखिएकाले उक्त योजनामा बढी मूल्यांकन गरी भुक्तानी हुन गएको रकम क्षिरेश्वर कन्स्ट्रक्सनले धरौटी खातामा राखेको रु.१,५०,०००।- बाट प्रचलित आर्थिक ऐन, नियमबमोजिम असुल गरी नेपाल विद्युत प्राधिकरण, आर्थिक प्रशासन विनियमावली, २०६८ को विनियम ७२, ९५, १७९, १९३, २०३ र प्रचलित सार्वजनिक खरिद ऐन, नियमसमेतले तोकिएको विधि र प्रक्रियाको अवलम्बन गरी खरिद तथा निर्माणको कार्य गर्ने गराउनेतर्फ जो जे गर्नुपर्ने हो सो गर्नका लागि आयोगको मिति २०७८।३।२८ को निर्णयानुसार नेपाल विद्युत प्राधिकरण, ढल्केबर ग्रिड शाखालाई सुझाव लेखी पठाइएको ।

१२.३ नेपाल विद्युत् प्राधिकरण, रौतहट सवस्टेसन, चपुरको Maintenance of Roof Railing Work को योजनामा थप काम गर्दासमेत कम कार्य भएको रु.२८,०३०।- रकम ब्रम्हबाबा कन्स्ट्रक्सनले धरौटी खातामा राखेको रु.३०,०००।- रकमबाट प्रचलित आर्थिक ऐन, नियमबमोजिम असुल गरी नेपाल विद्युत् प्राधिकरण, आर्थिक प्रशासन विनियमावली, २०६८ को विनियम ७२, ९५, १७९, १९३, २०३ र प्रचलित सार्वजनिक खरिद ऐन, नियमसमेतले तोकिएको विधि र प्रक्रियाको अवलम्बन गरी खरिद तथा निर्माणको कार्य गर्ने गराउनेतर्फ जो जे गर्नुपर्ने हो सो गर्नका लागि आयोगको मिति २०७८।३।२८ को निर्णयानुसार नेपाल विद्युत् प्राधिकरण, ढल्केबर ग्रिड शाखालाई सुझाव लेखी पठाइएको ।

१२.४ नेपाल विद्युत् प्राधिकरण, ढल्केबर ग्रिड शाखा, धनुषाबाट संचालित Brick Masonary Works for Shed, ढल्केबर सवस्टेसनको योजनामा रु.३६,८४०।- बराबरको कम कार्य भएको देखिए तापनि महामाया विल्डर्सले रु.३५,०००।- धरौटी खातामा जम्मा गरेको र उक्त कार्यबापतको रकम सम्बन्धित निर्माण कम्पनीलाई भुक्तानी हुन बाँकी रहेको देखिएको हुँदा उक्त कार्यबापतको रकम सम्बन्धित निर्माण कम्पनीलाई भुक्तानी दिंदा योजनास्थलमा भएको कार्यको सम्बन्धित सिभिल इन्जिनियर (प्राविधिक) बाट निरीक्षण, नापजाँच र मूल्यांकन गरी कम काम भएको रकम कट्टा गरी कानुनबमोजिम भुक्तानी दिन र नेपाल विद्युत प्राधिकरण, आर्थिक प्रशासन विनियमावली, २०६८ को विनियम ७२, ९५, १७९, १९३, २०३ र प्रचलित सार्वजनिक खरिद ऐन, नियमसमेतले तोकिएको विधि र प्रक्रियाको अवलम्बन गरी खरिद तथा निर्माणको कार्य गर्ने गराउनेतर्फ जो जे गर्नुपर्ने हो सो गर्नका लागि आयोगको मिति २०७८।३।२८ को निर्णयानुसार नेपाल विद्युत् प्राधिकरण, ढल्केबर ग्रिड शाखालाई सुझाव लेखी पठाइएको ।

१२.५ नेपाल विद्युत प्राधिकरण, ढल्केबर ग्रिड शाखा, धनुषाबाट संचालित Roof Floor Seepage Control Works, चपुर, रौतहट सवस्टेसन योजनामा रु.१२,५२३।५० बढी मूल्यांकन भएको देखिए तापनि उक्त कार्यबापतको रकम भुक्तानी गर्न बाँकी नै रहेको देखिएको हुँदा सम्बन्धित निर्माण कम्पनीलाई भुक्तानी दिंदा योजनास्थलमा भएको कार्यको सम्बन्धित सिभिल इन्जिनियर (प्राविधिक) बाट निरीक्षण, नापजाँच र मूल्यांकन गरी कम कार्य भएको रकम कट्टा गरी कानुनबमोजिम भुक्तानी दिन र नेपाल विद्युत प्राधिकरण, आर्थिक प्रशासन विनियमावली, २०६८ को विनियम ७२, ९५, १७९, १९३, २०३ र प्रचलित सार्वजनिक खरिद ऐन, नियमसमेतले तोकिएको विधि र प्रक्रियाको अवलम्बन गरी खरिद तथा निर्माणको कार्य गर्ने गराउनेतर्फ जो जे गर्नुपर्ने हो सो गर्नका लागि आयोगको मिति २०७८।३।२८ को निर्णयानुसार नेपाल विद्युत प्राधिकरण, ढल्केबर ग्रिड शाखालाई सुझाव लेखी पठाइएको ।

१२.६ नेपाल विद्युत प्राधिकरण, ढल्केबर ग्रिड शाखा, धनुषाबाट संचालित Railing Maintenance, ढल्केबर सवस्टेसन योजनामा रु.१४,४३१।- बराबरको कम कार्य भएको देखिए तापनि उक्त कार्य बापतको रकम भुक्तानी हुन बाँकी भएको देखिएको हुँदा उक्त कार्यबापतको रकम सम्बन्धित निर्माण कम्पनीलाई भुक्तानी दिँदा योजनास्थलमा भएको कार्यको सम्बन्धित सिभिल इन्जिनियर (प्राविधिक) बाट निरीक्षण, नापजाँच र मूल्यांकन गरी कम काम भएको रकम कट्टा गरी कानुनबमोजिम भुक्तानी दिन र नेपाल विद्युत प्राधिकरण, आर्थिक प्रशासन विनियमावली, २०६८ को विनियम ७२, ९५, १७९, १९३, २०३ र प्रचलित सार्वजनिक खरिद ऐन, नियमसमेतले तोकिएको विधि र प्रक्रियाको अवलम्बन गरी खरिद तथा निर्माणको कार्य गर्ने गराउनेतर्फ जो जे गर्नुपर्ने हो सो गर्नका लागि आयोगको मिति २०७८।३।२८ को निर्णयानुसार नेपाल विद्युत प्राधिकरण, ढल्केबर ग्रिड शाखालाई सुझाव लेखी पठाइएको ।

१२.७ नेपाल विद्युत प्राधिकरण, ढल्केबर ग्रिड शाखा, धनुषाबाट संचालित PCC Flooring Works, ढल्केबर सवस्टेसनको योजनामा रु.२,७५०।- बराबरको कम कार्य भएको देखिए तापनि उक्त कार्यबापतको रकम सम्बन्धित निर्माण कम्पनीलाई भुक्तानी हुन बाँकी रहेको देखिएको हुँदा उक्त कार्यबापतको रकम भुक्तानी दिँदा योजनास्थलमा भएको कार्यको सम्बन्धित सिभिल इन्जिनियर (प्राविधिक) बाट निरीक्षण, नापजाँच र मूल्यांकन गरी कम काम भएको रकम कट्टा गरी कानुनबमोजिम भुक्तानी दिन र नेपाल विद्युत प्राधिकरण, आर्थिक प्रशासन विनियमावली, २०६८ को विनियम ७२, ९५, १७९, १९३, २०३ र प्रचलित सार्वजनिक खरिद ऐन, नियमसमेतले तोकिएको विधि र प्रक्रियाको अवलम्बन गरी खरिद तथा निर्माणको कार्य गर्ने गराउनेतर्फ जो जे गर्नुपर्ने हो सो गर्नका लागि

आयोगको मिति २०७८।३।२८ को निर्णयानुसार नेपाल विद्युत प्राधिकरण, ढल्केबर ग्रिड शाखालाई सुझाव लेखी पठाइएको ।

१३. कृषि तथा पशुपंक्षी विकास मन्त्रालय

१३.१ जिल्ला कास्की, पोखरा महानगरपालिका शान्ति वनस्थित सहरी विकास मन्त्रालयको स्वामित्वमा रहेको ४६ रोपनी जग्गामा तरकारी बजार सञ्चालन गर्न उपत्यका नगर विकास समितिमार्फत २०५७ सालदेखि २०७२ सालसम्म भाडा सम्झौता भई तरकारी बजार सञ्चालन भइरहेकोमा सो अवधि समाप्त भएपश्चात पनि कुनै टेन्डर आह्वान नगरी गैरकानुनी तवरले हालसम्म सञ्चालन भइरहेको अवस्थामा उपत्यका नगर विकास समितिले उक्त तरकारी बजार सञ्चालन गर्नका लागि मिति २०७४।९।११ गते बिना टेन्डर पुरानो दररेटमा १५% थप गरी गैरकानुनी रूपले सम्झौता गर्न लागेको हुँदा आवश्यक अनुसन्धान गरी कारबाही गरी पाऊँ भन्ने व्यहोराको उजुरीउपर अनुसन्धान तहकिकात हुँदा कृषि तरकारी बजार संचालन गर्न दिने सम्बन्धमा संकलित कागजातहरूबाट भ्रष्टाचारजन्य कार्य भएको नदेखिए पनि कृषि बजार संचालन गर्दा प्रतिस्पर्धात्मक प्रक्रिया अवलम्बन गरको नदेखिएकाले कृषि बजार सर्वसाधारण नागरिकको चासोको विषय भएको हुँदा पोखरा महानगरपालिका वडा नं. ९ शान्ति वनस्थित कृषि बजार संचालन प्रक्रियालाई सुव्यवस्थित एंव विधिसम्मत तरिकाले संचालन/व्यवस्थापन गर्न आगामी ६ महिनाभित्र खुला प्रतिस्पर्धात्मक प्रक्रियाबाट बजार संचालन एवं व्यवस्थापन गर्ने गरी नियमनकारी निकाय कृषि विभाग हरिहरभवन, ललितपुरलाई कृषि तथा पशुपन्छी विकास मन्त्रालयमार्फत र जग्गाधनी पोखरा उपत्यका नगर विकास समितिलाई पोखरा महानगरपालिकामार्फत आयोगको मिति २०७८।३।१४ को निर्णयानुसार सुझाव लेखी पठाइएको ।

१४ शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

१४.१ त्रिभुवन विश्वविद्यालय सेवा आयोगद्वारा २०७५ सालमा सञ्चालित विभिन्न विषयको प्राध्यापक तथा सह-प्राध्यापक पदहरूको विभिन्न विज्ञापनको छनौट प्रक्रियामा अनियमितता गरेको भन्नेसमेत व्यहोराको उजुरीका सम्बन्धमा संकलन भएका प्रमाण कागजातहरू अध्ययन गरी हेर्दा विभिन्न विषयका खुल्ला तथा आन्तरिक प्रतियोगितामा त्रिभुवन विश्वविद्यालय शिक्षक नियुक्तिको सिफारिससम्बन्धी विनियम, २०७५ बमोजिम सबैभन्दा बढी अंक प्राप्त गर्नेलाई सिफारिस गरेको संलग्न कागजात र सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तसमेतबाट देखिँदा यी विज्ञापनहरूका सम्बन्धमा अनियमितता भएको पुष्टि हुने आधार प्रमाण नहुँदा भ्रष्टाचारको कसुर स्थापित हुने नदेखिए तापनि कृति मूल्यांकनका क्रममा कमी कमजोरी रहेको देखिँदा देहायका विषयमा कानुनबमोजिम जो जे गर्नुपर्ने हो गरी न्यायसम्मत तरिकाले निर्णय लिन आयोगको मिति २०७७।६।१ को निर्णयानुसार त्रिभुवन विश्वविद्यालय सेवा आयोगलाई सुझाव लेखी पठाइएको ।

- विज्ञापन नं. १३८/०७५-०७६, सह-प्राध्यापक पद खुल्ला प्रतियोगितातर्फ राजनीतिशास्त्र विषयका आवेदक इन्द्रकुमारी अधिकारीले पेस गरेका कृतिहरू मूल्यांकन नै नगरी निजलाई छनौट प्रक्रियाबाट अलग्याएको खुल्न आएबाट निजलाई मर्का पर्न गएको भन्ने देखिँदा सो पदको छनौट प्रक्रिया तथा उक्त विषयका आवेदकका कृति मूल्यांकनका सम्बन्धमा,
- उम्मेदवारहरूको कृति मूल्यांकन गर्ने क्रममा विशेषज्ञहरूबाट जर्नलको श्रेणी विभाजन र मूल्यांकन, Impact Factor Rated Journal को मूल्यांकन, ISBN को नयाँ व्यवस्थाबमोजिम पुस्तक/सन्दर्भ ग्रन्थको मूल्यांकन लगायतमा उल्लेख्य कमी कमजोरी रहेको देखिएका सन्दर्भमा आगामी समयमा उम्मेदवारले पेस गरेका कृति मूल्यांकनका लागि मूल्यांकनकर्ता/विशेषज्ञसमक्ष पठाउनुपूर्व पेस भएका कृतिहरू त्रिभुवन विश्वविद्यालय शिक्षक नियुक्तिको सिफारिससम्बन्धी विनियम, २०७५ मा उल्लिखित व्यवस्थाबमोजिम मूल्यांकन हुन योग्य छन् छैनन्, उम्मेदवारले कृतिसाथ पेस गरेका आधार/प्रमाणहरू पर्याप्त छन् छैनन्, पेस गरिएका अन्तर्राष्ट्रिय/राष्ट्रिय जर्नलहरू Peer Reviewed हुन् होइनन्, उक्त जर्नलहरू SCImago Journal वा Impact Factor Rated Journal हुन् होइनन्, पेस भएका जर्नलहरू कुन श्रेणीका हुन् भन्ने लगायतका विषयमा सेवा आयोगले आवश्यकतानुसार विशेषज्ञहरू सम्मिलित संयन्त्र/समितिबाट यकिन गरी गराई मूल्यांकनमा वस्तुनिष्ठता एवम् एकरूपता कायम गर्न वस्तुगत आधार तथा सूचकहरूका आधारमा विशेषज्ञहरूबाट कृति मूल्यांकन गर्ने गराउने व्यवस्था सम्बन्धमा ।

१४.२ लुम्बिनी बौद्ध विश्वविद्यालय, रुपन्देहीले पदपूर्तिका लागि आह्वान गरेको विज्ञापन नं. ००१/०७०/७१ 'ख' को प्रशासन सहायक ३ पदका लागि विज्ञापन गरेकोमा कर्मचारी छनौटमा अनियमितता गरेकाले छानबिन गरी दोषीलाई कारबाही गराई पाऊँ भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान तहकिकात हुँदा विश्वविद्यालयमा अधिकारप्राप्त पदाधिकारीहरूबाट विद्यमान नीति, नियम र कार्यविधि नभएका कारण सम्परीक्षणका लागि कुनै स्पष्ट विधि निर्धारण नगरी छनौट गर्ने कार्य गरेबाट पदपूर्ति समितिले गरेको कार्यबाट योग्यता प्रणालीलाई व्यवस्थित गर्न सकेको भन्ने स्पष्ट आधार नदेखिएकाले लुम्बिनी बौद्ध विश्वविद्यालयबाट पदपूर्तिसम्बन्धी कार्य गर्दा संगठनका लागि आवश्यकता पर्ने पदको संगठन तथा व्यवस्थापन सर्भेक्षण गरी रिक्त पदको विज्ञापन प्रकाशन गरी उपयुक्त उम्मेदवार छनौट गर्ने किसिमले प्रतिस्पर्धात्मक रूपमा पदपूर्ति गर्न र लिखित परीक्षाको सम्परीक्षण लगायतको कार्य व्यवस्थित गर्न स्पष्ट कार्यविधिको व्यवस्था गरी छनौट प्रणालीलाई व्यवस्थित, मर्यादित र निष्पक्षता कायम गरी योग्यता प्रणालीलाई व्यवस्थित गर्ने सम्बन्धमा प्रचलित कानुनबमोजिम जो जे गर्नुपर्ने हो आवश्यक प्रबन्ध गर्न र भए गरेका विषयको जानकारी आयोगलाई गराउनसमेत लुम्बिनी बौद्ध विश्वविद्यालयलाई आयोगको मिति २०७७।६।२० को निर्णयानुसार लेखी पठाइएको ।

१४.३ श्री राम निम्न माध्यमिक विद्यालय, सिमलचौर, पोखराको विद्यालयको सटर बिना सूचना, बिना प्रतिस्पर्धा गीता गिरीलाई भाडामा दिएको तथा निजले मिति २०७७।३।३० सम्म विद्यालयलाई जम्मा रु.४,९५,६६६।४० पैसा सटर भाडाबापतको बक्यौता तथा सम्झौताअनुसारको पानी तथा बिजुलीको महसुलसमेत बुझाउन बाँकी रहेको तथा विद्यालयको जग्गा बिक्री गर्ने उद्देश्यले विभिन्न व्यक्तिहरूबाट पेश्की लिई जग्गा अतिक्रमण गरिरहेको देखिएकोमा शिक्षा नियमावलीको २०५९ को नियम १६० को उपनियम (१) ले विद्यालयको जग्गा बिक्री गर्न रोक लगाएको तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद-३ को दफा-११ को उपदफा (२) को देहाय क. (२) (छ) मा सार्वजनिक ऐलानी र पर्ती जग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधारको संरक्षण र सुरक्षा तथा ऐ. देहाय झ. (९) मा सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन नगरपालिका वा गाउँपालिकाको काम, कर्तव्य र अधिकार भएको उल्लेख भएको र स्थानीय प्रशासन ऐन, २०२८ को दफा ४. को उपदफा (५) को देहाय (ग) मा जिल्लाभित्र रहेको नेपाल सरकारको सबै सम्पत्तिको रेखदेख, सम्भार तथा मर्मत गर्ने, गराउने कार्य प्रमुख जिल्ला अधिकारीको रहेको भन्ने उल्लेख भएकाले विद्यालयको सटर प्रचलित कानुनबमोजिम भाडामा लगाउन, निज गीता गिरीबाट बाँकी बक्यौता असुलउपर गर्न तथा विद्यालयको जग्गा संरक्षण गर्नका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम जो-जे गर्नुपर्ने हो सो गर्न गराउन आयोगको मिति २०७७।८।१८ को निर्णयानुसार पोखरा महानगरपालिका, कास्की तथा विद्यालयको जग्गा संरक्षण गर्नका लागि स्थानीय प्रशासन ऐन, २०२८ बमोजिम जो-जे गर्नुपर्ने हो सो गर्न गराउन जिल्ला प्रशासन कार्यालय, कास्कीलाई सुझाव लेखी पठाइएको ।

१४.४ जिल्ला सुनसरी, दुहबी नगरपालिका, वडा नं. ६ स्थित श्री पंचायत नि.मा.वि., दुहबीमा जिल्ला शिक्षा कार्यालय सुनसरीबाट विद्यालय भवन तथा शौचालय निर्माणका लागि रकम निकासा गर्दा सिधै बिना सम्झौता, बिना लागत इस्टिमेट, रकम निकासा गरेको र लामो समयसम्म उक्त संरचनाहरू निर्माण नभई अलपत्र अवस्थामा देखिएकाले सो विषयमा प्रचलित कानुनबमोजिम जो-जे गर्नुपर्ने हो सोको आवश्यक व्यवस्था मिलाउन शिक्षा विकास तथा समन्वय इकाई, सुनसरी र दुहबी नगरपालिका, सुनसरीलाई आयोगको मिति २०७७।११।१० को निर्णयानुसार सुझाव लेखी पठाइएको ।

१४.५ वनदेवी मा.वि., साँगा, सिन्धुपाल्चोकका प्रधानाध्यापक दिलबहादुर कार्कीले आफ्नो विद्यालयकी शिक्षिका सावित्री सिलवालले गर्ने गरेको हाजिर सम्बन्धमा स्वाभाविक रूपमा निजलाई जानकारी हुने विषयमा समेत शिक्षा विकास तथा समन्वय इकाई, सिन्धुपाल्चोकलाई पत्राचार गर्दा उक्त तथ्यलाई नदेखाई अन्यथा व्यहोरा उल्लेख गरी विवरण पठाएको देखिए तापनि निजले बदनियतपूर्ण रूपमा भ्रष्टाचारजन्य कार्य गरेको भन्ने नदेखिएकाले अब उप्रान्त यस्ता विवरणहरू पठाउँदा यस किसिमका गलत तथ्य उल्लेख नगर्ने नगराउनेतर्फ जो-जे गर्नुपर्ने हो सोको आवश्यक व्यवस्था मिलाउन आयोगको मिति २०७७।१२।३० को निर्णयानुसार शिक्षा विकास तथा समन्वय इकाई, सिन्धुपाल्चोकलाई सुझाव लेखी पठाइएको ।

१४.६ तत्कालीन जिल्ला शिक्षा कार्यालय, गुल्मी र खङ्गकोट गा.वि.स.बाट कोरेङ नि.मा.वि.को भवन निर्माण तथा फर्निचर खरिदका लागि प्राप्त अनुदान रकमबाट लगत इस्टिमेटअनुसार तोकिएको मापदण्ड पूरा गरी गुणस्तरमा कमी हुन

नदिई भवन निर्माण गर्नुपर्नेमा सो नगरी लगत इस्टिमेटभन्दा फरक गरी भवन निर्माण गरेको देखिएकाले अब उप्रान्त विद्यालयको भवन निर्माण तथा फर्निचर खरिद गर्दा लगत इस्टिमेटअनुसार तोकिएको मापदण्ड पूरा गरी गुणस्तरमा कमी हुन नदिई, जुन कार्यका लागि रकम निकासा भएको हो सोही शीर्षकमा खर्च गर्ने गराउने सम्बन्धमा जो-जे गर्नु/गराउनुपर्ने हो सोको आवश्यक व्यवस्था मिलाउन शिक्षा मन्त्रालय र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई आयोगको मिति २०७७।१२।३० को निर्णयानुसार सुझाव लेखी पठाइएको ।

१४.७ स्याङजा जिल्ला साबिक चित्रेभञ्ज्याङ-३, गृहकोटमा रहेको जनजागृति माध्यमिक विद्यालय तथा बाल ज्योति प्राथमिक विद्यालय करङस्वाँरामा जिल्ला शिक्षा कार्यालय, स्याङजाबाट परेको शौचालय निर्माणको रकमबाट शौचालय नबनाई प्रधानाध्यापक तथा जिल्ला शिक्षा कार्यालय, स्याङ्जाका प्राविधिकसमेतको मिलेमतोमा बिल भरपाई मिलाई रकम हिनामिना गरेको भन्नेसमेत व्यहोराको उजुरीका सम्बन्धमा उजुरीको अनुसन्धानको क्रममा देखिएको तथ्य तथा प्रमाणलाई विश्लेषण गर्दा श्री जनजागृति माध्यमिक विद्यालय, स्याङ्जा र श्री बाल ज्योति प्राथमिक विद्यालय, स्याङजाको हकमा निर्माण कार्यमा कुनै अनियमितता भएको नदेखिएको एवं श्री रणवीर जनहित मा.वि.बाट भएको निर्माण कार्यका सम्बन्धमा जिल्ला शिक्षा कार्यालयबाट फरफारक हुँदा रु.५५,३७२।७२ बढी रकम पेस भएको प्रतिवेदनलाई आधार मानी फरफारक भएको देखिएकोमा उक्त बढी भुक्तानी भएको रकम बैंक दाखिला भइसकेको देखिएकाले यसबाट नेपाल सरकारलाई प्रत्यक्ष हानि नोक्सानी भएको नदेखिए तापनि तत्कालीन जिल्ला शिक्षा कार्यालय, स्याङ्जाबाट रकम फरफारक हुँदा वास्तविक रूपमा काम भएको भन्दा बढी काम देखाइएको प्रतिवेदनलाई आधार मानिएको देखिएकाले अब उप्रान्त यस किसिमका रकम फरफारक गर्दा वास्तविक भएको कामको यकिन गर्ने गराउने सम्बन्धमा जो-जे गर्नुपर्ने हो सोको आवश्यक व्यवस्था मिलाउन आयोगको मिति २०७८।१।६ को निर्णयानुसार शिक्षा विकास तथा समन्वय इकाई, स्याङ्जालाई सुझाव लेखी पठाइएको ।

१४.८ शिक्षा विकास तथा समन्वय इकाई, सुनसरीबाट प्राप्त विवरणमा बाल विकास केन्द्रको स्थापना, सञ्चालन वा बन्द रहेको अवस्था, विद्यार्थी संख्या, सहयोगी कार्यकर्ताको नाम, सहयोगी कार्यकर्ताको नियुक्ति गर्ने निकाय, शिक्षक उपस्थित पुस्तिका, बालबालिकाको दैनिक हाजिर पुस्तिका, जिल्ला शिक्षा कार्यालय, सुनसरीको विद्यालयगत निकासा माग फाराम एवं निकासा भई प्राप्त भएको रकम, सहायक कार्यकर्तालाई रकम भुक्तानी गरेको भरपाई, बाल विकास केन्द्र व्यवस्थापन समितिका निर्णयहरूको आधारमा १४ वटा बाल विकास केन्द्रमध्ये १३ वटा सञ्चालनमा रहेको र १ वटा बाल विकास केन्द्र विणा बाल विकास केन्द्र सञ्चालनमा नरहेको र सञ्चालनमा नरहेका बाल विकास केन्द्रहरूको रकम रोक्का राखिएको, जानकीकुमारी मेहता र रानी पोद्दारको पारिश्रमिक एवं भत्ता सम्बन्धमा अनियमितता नगरे पनि प्रचलित बाल विकास कार्यक्रम संचालनसम्बन्धी निर्देशिका, २०६१ को ३१(१) अनुसार सहायक कार्यकर्ताको नियुक्तिअघि कम्तीमा १५ दिनको सूचना प्रकाशित गरी इच्छुक सबै उम्मेदवारबाट निवेदन आह्वान गर्नुपर्नेमा उक्त प्रक्रिया पूरा नगरी सहायक कार्यकर्ता नियुक्ति गरेको देखिएकाले १४ वटै बाल विकास केन्द्रमा सहायक कार्यकर्ता नियुक्तिमा संलग्न पदाधिकारीलाई कानुनबमोजिम जो-जे गर्नुपर्ने हो सो गर्न/गराउन आयोगको मिति २०७८।३।९ को निर्णयानुसार शिक्षा विकास तथा समन्वय इकाई, सुनसरीलाई सुझाव लेखी पठाइएको ।

१५. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

१५.१ जर्मन नागरिक माइकल कोवोल्डले नेपाल फायर ट्रक एक्सिपिडिसन कार्यक्रम अन्तर्गत सेकेण्ड ह्यान्ड दमकल ल्याउने, विश्वका प्रख्यात सेलिब्रेटीलाई बोलाई नेपालको पर्यटन प्रबर्द्धन गर्ने भन्दै नेपाल पर्यटन बोर्डबाट एक करोड रुपैयाँ लिएको तर सम्झौतानुसारको काम नगरी नेपाल सरकारलाई हानि नोक्सानी भएको भन्ने सम्बन्धमा अनुसन्धान तहकिकात हुँदा नेपाल पर्यटन बोर्ड र Soarway Institute for Development संस्थाबीच २३ जनवरी २०१७ (२०७३ माघ १०) मा भएको Organizing “Fire truck Expedition to Nepal” with International Celebrities विषयक MOU/समझदारीअनुसार नेपाल पर्यटन बोर्डले पेश्की स्वरूप Soarway Institute for Development लाई दिएको एक लाख अमेरिकी डलर रकम सम्बन्धमा महालेखा परीक्षकको कार्यालयबाट भएको लेखापरीक्षण प्रतिवेदनले बेरुजु लेखेको देखिएकाले नेपाल पर्यटन बोर्डलाई कुनै पनि प्रकारले हानि नोक्सानी हुन नदिने व्यवस्था मिलाउन प्रचलित कानुनबमोजिम जो-जे गर्नुपर्ने हो गर्नका लागि आयोगको मिति २०७८।३।१४ को निर्णयानुसार नेपाल पर्यटन बोर्ड, भृकुटीमण्डप, काठमाडौंलाई लेखी पठाइएको ।

१६. सहरी विकास मन्त्रालय

१६.१ अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिअन्तर्गतको Bagmati River Basin Improvement Project (BRBIP) अन्तर्गत सञ्चालित Contract No. BRBIP/PCMU-१/२०१५/०१६, Kalika-Ranken-Lama JV ले काम गरिरहेको निर्माण कार्यमा विभिन्न अनियमितताहरू भएको उजुरीका सम्बन्धमा अनुसन्धान तहकिकात हुँदा उक्त आयोजनाको ठेक्का हाल निर्माणाधीन अवस्थामा नै रहेको, हालसम्म फुटपाथ Paving Type १ मा प्रयोग हुने Flagstone कार्यको BOQ मा रहेको परिमाणको ४३.८१% कार्यको मात्र भुक्तानी भई ढुङ्गा प्रयोग गर्नुपर्ने अधिकांश निर्माण कार्यहरू लगायत अन्य कार्यहरू बाँकी नै रहेको तथा आयोजनाको तर्फबाट परामर्शदातालाई उक्त Flagstone को स्पेसिफिकेसन परिवर्तन गरी मोटाई घटाएको कार्यको प्रभावको बारेमा Re-Assessment माग भई सो अनुसारको Reasonable Assessment आयोजनाको Employer बाट स्वीकृत नहुँदासम्म उक्त Item को भुक्तानी सिफारिस नगर्न तथा सो Item को कार्य तथा भुक्तानी होल्डमा राख्ने आशयको पत्राचार भएको देखिँदा सोमा उल्लेख भएअनुसार हुने नै हुँदा निम्नानुसारको विषयमा अधिकार सम्पन्न बागमती एकीकृत विकास समितिलाई आयोगको मिति २०७७।५।२५ को निर्णयानुसार सुझाव लेखी पठाइएको ।

- फिल्डमा देखिएका त्रुटिहरूको सम्बन्धमा ठेक्काको प्रावधानमा रहेको QAP अनुसार गुणस्तरयुक्त कार्य गराउन निरन्तर अनुगमन परीक्षण गर्न तथा सो अनुसार नतिजा नआएमा सो कार्यलाई परिवर्तन गरी गुणस्तरमा कुनै त्रुटि नआउने गर्ने गरी आवश्यक व्यवस्था मिलाउने,
- स्पेसिफिकेसनमा Granite Paving Blocks को मात्र Water Absorption उल्लेख भएको तर इस्टिमेट र ड्रइङमा फुटपाथमा Natural Flagstone प्रयोग गर्ने भन्ने रहेकोमा सोको Water Absorption सम्बन्धमा स्पेसिफिकेसनमा उल्लेख नरहेको, अन्य निकाय (Department of Road) को स्पेसिफिकेसनलाई आधार लिई परीक्षण गरेकोमा उक्त विषयमा सुरुमै ठेक्का लगाउँदा नै स्पेसिफिकेसनमा प्रस्ट उल्लेख हुनुपर्नेमा नभएकाले सो सम्बन्धमा आइन्दा तत् प्रकारका त्रुटि हुन नदिने गरी आवश्यक व्यवस्था मिलाउने,
- ढुङ्गाको मोटाई परिवर्तन गर्नुपर्ने मुख्य कारणमा ढुङ्गाको उपलब्धता भन्ने उल्लेख भएको देखिँदा ठेक्का लगाउनुअघि नै आयोजनाबाट ठेक्काका लागि आवश्यक निर्माण सामग्रीहरूको पर्याप्तता रहे/नरहेको सम्बन्धी विस्तृत अध्ययन गरेर मात्र ठेक्का लगाउने व्यवस्था मिलाउने,
- आयोजनाको तर्फबाट Flagstone को मोटाई घटाएको सम्बन्धमा Reasonable Assessment स्वीकृत नहुँदासम्म सो Item को कार्य रोक्का गरी राख्ने आशयको पत्र Ref No. ०७६।७७ च.नं. १५२ मिति १३ May २०२० मा परामर्शदातालाई पत्राचार गरेको तथा IPC १६ को बिलबाट सोही पत्रलाई आधार मानी Flagstone को मोटाई घटाएको विषयको PMDSC बाट Reslove नभएसम्म एक मिलियन रुपैयाँको भुक्तानी रोकी राखेको भन्ने देखिँदा उक्त ठेक्काको Flagstone को मोटाई घटाएको विषयमा आयोजनाको तर्फबाट आफ्नो Reservation रहेको पुष्टि हुन आएको देखिन्छ । अतः यसरी ठेक्कामा Contractor बाट भएको कार्य Employer लाई चित्त नबुझेमा वा सो कार्यबाट Employer लाई हानि नोक्सानी हुने अवस्था आएमा ठेक्काको General Conditions of Contract (FIDIC MDB June २०१०) को Clause No. २.५ Employer's Claim अनुसार आयोजनाले Claim गर्न सक्ने व्यवस्थासमेत रहेको देखिँदा सो विषयमा ठेक्का सम्झौता तथा प्रचलित कानुनबमोजिम जो जे गर्नुपर्ने हो तहाँ कार्यालयबाट गर्न।

१६.२ कोहलपुर नगर विकास समिति, कोहलपुर, बाँकेले अटोरिक्सा पार्किङका लागि मध्यपश्चिम जनसेवा यातायात प्रा.लि.लाई उपलब्ध गराएको जग्गामा मध्यपश्चिम जनसेवा यातायात प्रा.लि.ले सम्झौताविपरीत १२ वटा अस्थायी टहरा बनाई भाडामा लगाएको र जग्गाको सम्झौता अवधि समाप्त भएपश्चात पनि जग्गाको प्रयोग गरिरहेको भन्ने देखिएकाले सो सम्बन्धमा नगर विकास ऐन एवं प्रचलित कानुनबमोजिम जे-जो गर्नुपर्ने हो सो गर्न-गराउन कोहलपुर नगर विकास समितिलाई आयोगको मिति २०७७।१२।१९ को निर्णयानुसार सुझाव लेखी पठाइएको ।

१७. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

१७.१ काठमाडौं महानगरपालिका, वडा नं. ३, मा स्मार्ट डस्टविन, सी.सी. क्यामेरासहितको ट्राफिक लाइट तथा विद्युतीय पोलमा विज्ञापनसम्बन्धी कार्य गर्दा बिना प्रतिस्पर्धा सोझै ठेक्का दिई भ्रष्टाचार गरेको उजुरी निवेदनका सम्बन्धमा अनुसन्धान तहकिकात भई भ्रष्टाचार भएको पुष्टि हुने आधार प्रमाण नदेखिए तापनि आयोगको मिति २०७७।५।१५ को निर्णयानुसार देहायका विषयमा कानुनबमोजिम जो जे गर्नुपर्ने हो गरी आगामी दिनमा कुनै पनि प्रकारको आय

ठेक्का लगाउँदा खुल्ला प्रतिस्पर्धा गराई प्रचलित ऐन, नियमावलीको पूर्णतः पालना गराउन काठमाडौं महानगरपालिकालाई सुझाव लेखी पठाइएको :-

(१) यार्सा टेक्नोलोजीसँग भएको ठेक्का सम्झौतासमेतको अध्ययन गर्दा महानगरपालिकाबाट प्राप्त निर्णयहरू, ट्राफिक लाइटको ड्रइङ, डिजाइन, इस्टिमेटसहितको प्रस्ताव यार्सा टेक्नोलोजीले तयार गरी पेस गरेबमोजिम महानगरपालिकाले एक मात्र प्रस्तावकै आधारमा बिना प्रतिस्पर्धा यार्सा टेक्नोलोजीसँग रु.२६,५५,९५२।- को सम्झौता गरी कार्यदिश दिएको र सोको कार्य सम्पन्न पश्चात रु.२५,७९,११२।- भुक्तानी गरेको, सार्वजनिक खरिद ऐन, २०६३ को दफा २ (ढ) बमोजिमको विशेष परिस्थिति सिर्जना भएको कुनै आधार बिना काठमाडौं महानगरपालिका, नगर कार्यपालिकाको मिति २०७४ साल पुस २४ को बोर्ड बैठकले विशेष परिस्थिति भनी निर्णय गरेको तर सो प्रमाणित गर्ने आधार/प्रमाण नदेखिएको हुँदा महानगरपालिकालाई आगामी दिनमा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ र अन्य प्रचलित ऐन, नियमावलीको पूर्णतः पालना गरी/गराई खरिद कार्य गर्ने गराउने ।

(२) काठमाडौं महानगरपालिकाले भद्रकालीदेखि सिंहदरबारसम्मको सडकमा Solar Dustbin र तत्पश्चात महानगरका अन्य स्थानहरूमा समेत क्रमशः Solar Dustbin राख्ने कार्य बिना प्रतिस्पर्धा श्री कृष्ण सप्लायर्सको एक मात्र प्रस्तावकै आधारमा मिति २०७३ साल मंसिर १९ मा सम्झौता गरी सडक निर्माणको कारण देखाई २७ महिनापछि मिति २०७५।११।१७ मा मात्र कार्यदिश दिएको देखिंदा आगामी दिनमा कुनै पनि प्रकारको आय ठेक्का लगाउँदा एउटै प्रकृतिको कामको सम्बन्धमा खण्ड खण्ड नहुने गरी एकीकृत रूपमा कार्य सम्पन्न हुने गरी खुल्ला प्रतिस्पर्धा गराई प्रचलित ऐन, नियमावलीको पूर्णतः पालना गर्ने गराउने ।

१७.२ रुपन्देही जिल्ला सक्रौन पकडी गा.वि.स.स्थित श्री सक्रौन पकडी नि.मा.वि.मा गैरअभिभावकलाई विद्यालय व्यवस्थापन समितिको अध्यक्ष बनाएको, राहत कोटामा महिला शिक्षिका भर्ना गर्नुपर्नेमा पुरुष नियुक्ति गरेको भन्नेसमेत व्यहोराको उजुरीमा उल्लेख गरेअनुसारको भ्रष्टाचार भए गरेको पुष्टि हुने अवस्था नदेखिए तापनि विद्यालयले आ.व. २०६५/०६६ देखि आ.व. २०७१/०७२ सम्मको लेखापरीक्षण एकै पटक गरी पेस गरेकाले विद्यालयले सरकारी निकायले कायम राख्नुपर्ने लेखा अनुशासन कायम नराखेको तथा विद्यालयका विद्यालय व्यस्थापन समिति अध्यक्ष सुनीलकुमार द्विवेदीको छोरा समिरकुमार द्विवेदी एकै समयमा निजी तथा सरकारी दुबै विद्यालयमा अध्ययनरत गरेको भन्ने सम्बन्धित विद्यालयबाट खुल्न आएकाले सोबाट गैरअभिभावक विद्यालयको व्यवस्थापन समितिको अध्यक्ष हुने अवस्था भई शिक्षा ऐन, २०२८ विपरीत कार्य भएको देखिँदा आगामी समयमा विद्यालयलाई लेखा अनुशासन कायम गराउन तथा अभिभावक यकिन गरी मात्र विद्यालय व्यवस्थापन समितिका अध्यक्ष चयन गर्न गराउनका लागि आयोगको मिति २०७७।६।१ को निर्णयानुसार कोटहीमाई गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, रुपेन्देहीलाई र निज सुनिलकुमार द्विवेदीले फछ्र्यौट गर्न बाँकी रहेको पेश्की रकम फछ्र्यौट गराउनका लागि शिक्षा विकास तथा समन्वय इकाई, रुपन्देहीलाई लेखी पठाइएको।

१७.३ जुम्ला जिल्ला तातोपानी गाउँपालिकाले आ.व. २०७५/०७६ मा गाउँपालिका स्तरीय वृत्तचित्र निर्माण कार्यको खरिद प्रक्रियामा सार्वजनिक खरिद ऐन र नियमावलीविपरीत आफू निकट व्यक्तिको दबाब तथा प्रलोभनमा परी प्रस्ताव छनौटमा अनियमितता गरेकाले छानबिन गरी आवश्यक कारबाही गरी पाऊँ भन्नेसमेत व्यहोराको उजुरीउपर अनुसन्धान तहकिकात हुँदा, कार्य सम्पादनका लागि मस्टो फिल्मस् प्रा.लि.लाई गाउँपालिकाले मिति २०७६।१।९ मा रु.१,५६,०००।- पेश्की रकम उपलब्ध गराएकोमा उक्त कम्पनीबाट सम्झौताबमोजिम तोकिएको समयमा कार्य सम्पन्न नभएकाले मिति २०७६।१२।७ को तातोपानी कार्यपालिकाको बैठकबाट सम्झौता रद्द गरी वृत्तचित्र निर्माणका लागि मष्टो फिल्मस् प्रा.लि.सँग पेश्की रकम र थप १०% जारिवानासमेत तिराउने निर्णय भएको र सोही निर्णयबमोजिम मस्टो फिल्मस्ले लिएको रु.१,५६,०००।- गाउँपालिकाको आन्तरिक कोष खाता नं. ९२७४०१००००५ मा मिति २०७६।१२।७ जम्मा गरेको र थप १०% जरिवानासमेत कार्यपालिकाको बैठकले तोकेबमोजिम जम्मा गरेको देखिएकाले भ्रष्टाचारजन्य कार्य भएको भन्ने देखिन नआए तापनि अब उप्रान्त यस किसिमको खरिद कार्य गर्दा विद्यमान ऐनकानुनको प्रावधानबमोजिम गर्ने गराउने सम्बन्धमा आवश्यक प्रबन्ध गर्ने/गराउने व्यवस्था हुन आयोगको मिति २०७७।६।२६ को निर्णयानुसार तातोपानी गाउँपालिकाको कार्यालय, तातोपानी, जुम्लालाई सुझाव लेखी पठाइएको ।

१७.४ काठमाडौं महानगरपालिका, मनोहरा जग्गा एकीकरण आयोजनाको पूर्व स्वीकृति नलिई अमिन प्रकाशचन्द्र पौडेलले आफ्नो कार्यक्षेत्रभन्दा बाहिर गई प्रवेश भन्ने ज्ञानबहादुर कार्कीको अनुरोधमा काठमाडौं, सुन्दरीजल वा.नं. ८/घ को कि.नं. १८४,२३८,२३९ को जग्गा नापजाँच गरी सोको पारिश्रमिकबापत रु.२०,०००।- लिएको देखिन आएकाले आफू कार्यरत रहेको कार्यालयको पूर्वस्वीकृति नलिई कुनै पनि बाहिरको काम नगर्ने नगराउने व्यवस्था मिलाउन आयोगको मिति २०७७।६।२६ को निर्णयानुसार काठमाडौं महानगरपालिकालाई लेखी पठाइएको ।

१७.५ मकवानपुर जिल्ला भीमफेदी गाउँपालिकाको भैंसेदेखि भीमफेदीतर्फ जाने रासी नदी क्षेत्रमा सार्वजनिक सम्पत्तिको रूपमा रहेको ढुङ्गा, बालुवा, गिट्टीलगायतका नदीजन्य पदार्थहरू अवैधरूपमा उत्खनन गरी खरिद बिक्री भइरहेको भन्ने सम्बन्धमा स्थानीय व्यवसायीहरूले नदीको दायाँ बायाँ पाखामा केही ढुङ्गाहरू थुपारेर राखेको देखिएको साथै सम्बन्धित निकायहरूबाट रासी नदीको प्राकृतिक धारलाई ख्याल नगरिएको एवम् सम्भावित प्राकृतिक विपत्तिलाई समेत बेवास्ता गरी सो क्षेत्रको संरक्षण, अनुगमन/मूल्यांकन र नियमनको कार्य प्रभावकारीरूपमा नभएको र रिद्धीसिद्धी सिमेन्ट प्रा.लि.ले सम्बन्धित निकायहरूसँग समेत समन्वय नगरी वातावरणमा पर्ने प्रभावलाई समेत ध्यानमा नराखी भैंसेदेखि पान्द्राङसम्मको रासी नदीको दायाँ बायाँ किनारमा बाटो पुनर्निर्माण कार्य गरेको देखिन आएकाले सो सम्बन्धमा उचित कानुनी प्रक्रिया पूरा गरी कार्य गर्न/गराउन एवम् प्रदेश सरकारबाट जारी गरिएको नदीजन्य पदार्थ (संकलन र उपयोग) सम्बन्धमा व्यवस्था गर्न बनेको कार्यविधि, २०७५ को प्रभावकारी कार्यान्वयन गर्न/गराउन स्थानीय तहलाई आयोगको मिति २०७७।६।२६ को निर्णयानुसार सुझाव लेखी पठाइएको ।

१७.६ नेपाल प्रशासनिक प्रतिष्ठानले अधिकृत प्रथम श्रेणीको पदपूर्ति गर्दा प्रतिष्ठानको नियमावली, २०५५ को परिच्छेद ४ को उपनियम १२ मा उपनियम ९ बमोजिम छुट्याइएका पदमा जुन वर्षका लागि विज्ञापन भएको हो, सो वर्ष हुने विज्ञापनमा उपयुक्त उम्मेदवार उपलब्ध हुन नसकेमा त्यस्तो पद अर्को वर्ष हुने विज्ञापनमा समावेश गर्नुपर्ने । त्यसरी विज्ञापन गर्दा पनि उपयुक्त उम्मेदवार उपलब्ध हुन नसकेमा त्यस्तो पद सोही वर्ष खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदमा समावेश गर्नुपर्नेछ भन्ने प्रावधानलाई नजरअन्दाज गरी सुरुमै उम्मेदवारको दरखास्त नपरेको भनी साबिक विज्ञापन खुल्लामा पद समावेश गरेको, उम्मेदवारको दरखास्त लिँदा निजी क्षेत्रमा सामान्य कम्पनीका व्यक्तिले पदपूर्तिको प्रक्रिया नै पूरा नगरी नियुक्ति गरेको अधिकृत पदको अनुभवलाई स्वीकार गरी परीक्षा लिई पदस्थापनसमेत गरी लोकसेवा आयोगको कार्य सञ्चालन निर्देशिका, २०६७ को आंशिक पालना गरेको देखिए पनि उजुरीमा उल्लेख गरेजस्तो भ्रष्टाचारजन्य कसुर गरेको पुष्टि हुने आधार नदेखिएकाले अब उप्रान्त पदपूर्ति गर्दा लोकसेवा आयोगको मान्य सिद्धान्तलाई तादात्म्यता हुने गरी आफ्नो नियमावली संशोधन गर्न र संशोधित प्रावधानको पूर्ण पालना गर्न आयोगको मिति २०७७।६।२६ को निर्णयानुसार नेपाल प्रशासनिक प्रतिष्ठानलाई सुझाव लेखी पठाइएको ।

१७.७ कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं. ५ स्थित धारापानी मार्गमा रामचन्द्र जैसीले निर्माण सम्पन्न प्रमाणपत्र लिएपश्चात आफ्नो आवश्यकताअनुसार महानगरपालिकाको अनुमतिबिना घर संरचना परिवर्तन गरेको भन्ने उल्लेख गरेको हुँदा प्राविधिक कर्मचारीको मिलेमतोमा नक्सापासको प्रतिकूल अनुचित तवरले निर्माण सम्पन्न प्रमाणपत्र लिए दिएको भन्ने प्रमाणबाट पुष्टि हुनसक्ने नदेखिएकाले सम्बन्धित प्राविधिक कर्मचारीलाई र सम्बद्ध घरधनीलाई भ्रष्टाचारजन्य कार्यमा संलग्न रहेको भनी कसुर कायम गरी मुद्दा चलाउनुपर्ने सम्मको अवस्था र आधार नदेखिए तापनि पोखरा महानगरपालिकाको क्षेत्राधिकारभित्र बनेका/बन्ने भवन तथा भौतिक संरचना नक्सा पास एवं निर्धारित मापदण्डबमोजिम भए नभएको अनुगमनको सम्बन्धमा स्थानीय सरकार संचालन ऐन, २०७४ परिच्छेद ७ को दफा २७, दफा ३४, दफा ३५, दफा ३९ र दफा ४१ को प्रावधानबमोजिम प्रभावकारी रूपमा अनुगमन तथा कारबाही गर्न उपयुक्त हुने देखिएकाले यसमा उजुरीमा उल्लिखित कित्ताहरूमा निर्माण भएका संरचनाहरूको हकमा प्रचलित कानुनबमोजिम मापदण्डमा ल्याउन जो-जे गर्नुपर्ने हो गर्न र अब उप्रान्त पोखरा महानगरपालिकाअन्तर्गत बन्ने नयाँ घर संरचना तथा बनिसकेका घर संरचनाहरूको हकमा निर्माण कार्य स्थानीय सरकार संचालन ऐन, २०७४ को पालना गरी सोहीबमोजिम अनुगमनलगायतका कार्य गर्न आयोगको मिति २०७७।७।३ को निर्णयानुसार पोखरा महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, कास्कीलाई लेखी पठाइएको ।

१७.८ महाकाली नगरपालिका वडा नं. १, कञ्चनपुरका वडाध्यक्ष अर्जुनदत्त भट्टले वडाको लागि आवश्यक ट्रान्सफर्मर वडावासीलाई जानकारी नगराई आफ्नो सहोदर बाजे पर्नेलाई अध्यक्ष र अरू नातागोतालाई सदस्यमा राखी उपभोक्ता समिति गठन गरी ट्रान्सफर्मर खरिद गरेको भन्नेसमेत व्यहोराको उजुरी । सो सम्बन्धमा अनुसन्धान तहकिकात हुँदा महाकाली नगरकार्यपालिकाको कार्यालयले नगरपालिकाका १० वटा वडामा गठन भएको उपभोक्ता

समितिमार्फत ट्रान्सफर्मर खरिद गर्ने गरी सम्बन्धित वडामा रकम विनियोजन भई दररेट माग गरी ट्रान्सफर्मर खरिद भएको, सम्बन्धित व्यक्ति तथा संस्थाबाट असुल उपर गर्नुपर्ने देखिएको भनी लेखापरीक्षण प्रतिवेदनमा उल्लेख गरिएको बेरुजु जम्मा रकम रु.९८,९७१।- मिति २०७७।७।१७ मा महाकाली नगरपालिकाको कृषि विकास बैंकको खातामा जम्मा गरेको देखिएको, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य वा सो सम्बन्धी सेवा प्राप्त गर्ने विषय मात्र उल्लेख भएको, मालसामानको खरिदका विषयमा उल्लेख नभएकोमा महाकाली नगरपालिकाले उपभोक्ता समितिहरू गठन गरी मालसामान (ट्रान्सफर्मर) खरिद गरेको कार्य सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ विपरीत रहेको देखिँदा सो सम्बन्धमा खरिद कार्य गर्दा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम मात्र गर्न गराउन आयोगको मिति २०७७।७।२० को निर्णयानुसार महाकाली नगरपालिकाको कार्यालय, दोधारा-चाँदनी, कञ्चनपुरलाई लेखी पठाइएको ।

१७.९ पाल्ला तानसेन नगरपालिका वडा नं. ६ मा रहेको कुन्सरे संगम युवा क्लबको मौरीखोला चौरमा पार्क तथा टहरा निर्माणका लागि तानसेन नगरपालिकाबाट आ.व. २०७३/०७४ मा पिछडा वर्ग लक्षित कार्यक्रमअन्तर्गत विनियोजन भएको रु.५०,०००।- बाट टहरा निर्माण उपभोक्ता समितिले निर्माण सामग्री खरिद गरी निर्माणस्थल सामुदायिक वनको जग्गा भएको कारण टहरा निर्माण नगरी भुक्तानी लिएको । भुक्तानी भएको रकमभन्दा बढी नापी किताबअनुसारकै टहरा निर्माण भएको देखिन आएकाले नेपाल सरकारको कुनै हानि नोक्सानी भएको नदेखिए पनि उक्त क्लबको टहरा निर्माण उपभोक्ता समितिले टहरा निर्माण नगरी गलत टहरा देखाई मूल्यांकन गराई नभएको नगरेको कामलाई भए गरेको भनी गलत कागजात बनाई तानसेन नगरपालिकासमक्ष पेस गरी सोहीबमोजिम तानसेन नगरपालिकाबाट पनि लागत इस्टिमेट र सम्झौताबमोजिम काम भए नभएको यकिन नगरी भुक्तानी हुनु सार्वजनिक खरिद निर्माणसम्बन्धी ऐननियमको प्रक्रिया र कार्यविधिविपरीत भएकोले अब उप्रान्त कुनै पनि निर्माण योजनाको फरफारक र भुक्तानी गर्दा लागत इस्टिमेट, सम्झौताअनुरूप कार्य सम्पन्न पूर्णरूपमा भए नभएको यकिन गरी सार्वजनिक खरिद निर्माणसम्बन्धी ऐननियमको प्रक्रिया र कार्यविधिबमोजिम योजनाको फरफारक गर्ने गराउने सम्बन्धमा जो-जे गर्नुपर्ने हो सो गर्न गराउन तानसेन नगरपालिका, पाल्पालाई आयोगको मिति २०७७।९।१६ को निर्णयानुसार सुझाव लेखी पठाइएको ।

१७.१० जिल्ला महोत्तरी बलवा नगरपालिका वडा नं. ९ अध्ययनपुरमा नाला निर्माण योजनाको भुक्तानी गर्दा उपभोक्ता समितिले सो निर्माण कार्यको सम्बन्धमा गरेका विभिन्न निर्णयहरूमा मिति उल्लेख नभएको । Work Completion Report मा Date of work order र Due date of completion मा उल्लेख भएको मितिमा तादम्यता नभएको । नगरपालिकाले भुक्तानी दिने क्रममा उठाएको गोश्वारा भौचरमा सो मितिपछिका बिलहरू राखी भुक्तानी भएको देखिए तापनि नापी किताब तथा कार्य सम्पन्न प्रतिवेदनअनुसार निर्माण कार्य सम्पन्न भएको देखिएकाले यस किसिमका निर्माण कार्यको भुक्तानी गर्दा गराउँदा भुक्तानी बिल, कागजातको संगति हुने व्यवस्था मिलाउन आयोगको मिति २०७७।१०।२ को निर्णयानुसार बलवा नगरपालिको कार्यालय, महोत्तरीलाई सुझाव लेखी पठाइएको ।

१७.११ वीरगञ्ज महानगरपालिकाले २०६९।११।९ मा राहुल ट्रेडर्ससँग ५ वर्षको सम्झौता गरी टाउनहल भाडामा दिएकोमा सो अवधि नपुग्दै बिना प्रतिस्पर्धा सम्झौता गरी वीरगञ्ज महानगरपालिकाले राहुल ट्रेडर्सलाई आफ्नो नगरसभागृह हस्तान्तरण गरेको भन्ने उजुरी पुष्टि हुने अवस्था नदेखिएको । सम्झौताबमोजिम भौतिक संरचना निर्माणका कार्य सम्पन्न भएको भनी नगर कार्यसमितिको मिति २०७७।९।२ को पत्रबाट स्पष्टसमेत भएको हुँदा अनियमितता भएको भन्ने आधार नदेखिए पनि २२ वर्षे सम्झौता अवधिमध्ये पहिलो ५ वर्षे सम्झौताको अवधि नसकिँदै थप सम्झौता गर्दा प्रतिस्पर्धा गराएको नदेखिँदा आगामी दिनमा सार्वजनिक निजी साझेदारीमा आयोजना सञ्चालन गर्दा निजी क्षेत्रले गर्ने लगानी, सार्वजनिक क्षेत्रले गर्ने लगानी वा योगदान, आयोजना/कार्यक्रम सञ्चालन हुने अवधि, लिजमा लिने अवधि, सार्वजनिक क्षेत्रले प्राप्त गर्ने आयसमेत पहिले नै यकिन गरी सो सम्बन्धी प्रचलित कानुनमा भएका व्यवस्थासमेतलाई अवलम्बन गरी कार्य गर्न आयोगको मिति २०७७।१०।२ को निर्णयानुसार वीरगञ्ज महानगरपालिकालाई सुझाव लेखी पठाइएको ।

१७.१२ झापा जिल्ला मेचीनगर नगरपालिकाले आ.व. ०७५/७६ मा बाहुनडाँगी कृषि तथा पशुपालन प्रा.लि.लाई अनुदान दिँदा परिषद्को बैठकमार्फत बजेट विनियोजन गरी बिना योजना, मापदण्ड र सूचकहरूका अभावमा हचुवाको भरमा

कार्यक्रम दिएको । पशुपालन जस्तो प्राविधिक विषयमा कृषि प्राविधिकहरूलाई कतै समावेश नगर्नु, कर्मचारी र जनप्रतिनिधिको तालमेलको अभावमा फितलो अनुगमनले गर्दा कार्यक्रम कार्यान्वयन प्रभावकारी नदेखिएकाले यस्ता कमीकमजोरीहरू नदोहोरिन समयमै आवश्यक ऐन, कानुन/कार्यविधिहरू निर्माण गरी योजना र बजेटको व्यवस्था गरी सम्बन्धित सरोकारवालाहरू एवं जनप्रतिनिधिहरू पनि जवाफदेही हुने व्यवस्था मिलाउन आयोगको मिति २०७७।१०।९ को निर्णयानुसार सुझाव लेखी पठाइएको ।

१७.१३ जिल्ला दाङ, राजपुर गाउँपालिका कार्यालयका सामानहरू नबुझाई हिनामिना गरेको भन्ने विषयमा कार्यालयबाट बुझेका सामानहरू हराएको भनी सामानको मूल्य बराबरको रकम राजपुर गाउँपालिका दाङको बैंक खातामा दाखिला भइसकेको देखिँदा सार्वजनिक सम्पत्तिको हानि नोक्सानी एवं हिनामिना भएको भन्ने नदेखिए पनि उक्त गाउँपालिकाको जिन्सी व्यवस्थापन पक्ष कमजोर देखिएको हुँदा जिन्सी व्यवस्थापनलाई प्रभावकारी बनाउने सम्बन्धमा आवश्यक व्यवस्था गर्नु भनी आयोगको मिति २०७७।११।१० को निर्णयानुसार राजपुर गाउँपालिका दाङलाई सुझाव लेखी पठाइएको ।

१७.१४ जिल्ला नुवाकोट विदुर नगरपलिका-५ का वडा अध्यक्ष शिवकुमार चित्रकार र बेलकोटगढी नगरपालिका-८ का वडा अध्यक्ष भोजप्रसाद पुडासैनीले देवीघाटस्थित तादी खोलामा रहेको झोलुंगे पुल कवाडीमा बिक्री गरी रकम हिनामिना गरेको भन्नेसमेत व्यहोराको उजुरी निवेदनका सम्बन्धमा अनुसन्धान तहकिकात हुँदा नयाँ पुलको Alignment पुरानो झोलुंगे पुल रहेको स्थानमा परेको तथा स्थलगत प्रतिवेदनसमेतबाट उक्त पुरानो झोलुंगे पुल रहेको ठाउँमा नयाँ पुलको Ambutment समेत निर्माण भएको, सडक योजनाले काटी खोलामा झारेका पुलका पुराना सामग्री व्यवस्थापन गर्नुपर्ने अवस्था सिर्जना भएको र उक्त पुललाई कवाडीमा लिलाम बिक्री गरी प्राप्त रकमसमेत सम्बन्धित नगरपालिकाको खातामा जम्मा गरेको भन्नेसमेत व्यहोरा खुल्न आएकाले प्राप्त कागज प्रमाणबाट उक्त विषयमा सरकारी हानि नोक्सानी भएको पुष्टि हुने वस्तुनिष्ट प्रमाण हाल देखिन नआए तापनि विदुर नगरपालिका र बेलकोटगढी नगरपालिकालाई यस किसिमका सार्वजनिक सम्पत्तिको व्यवस्थापन गर्दा स्वामित्व प्राप्त निकायसँग समन्वय गरी आवश्यक व्यवस्था मिलाउन भनी आयोगको मिति २०७७।११।१७ को निर्णयानुसार सुझाव लेखी पठाइएको ।

१७.१५ जिल्ला बारा महागढीमाई नगरपालिका बरियारपुरका नगरप्रमुखसमेतले आ.व. २०७४/०७५ मा साइकल वितरण र स्वीकृत बिना नै १० लाखको वृक्षरोपण कार्यक्रमलगायतका योजनाहरूमा अनियमितता गरेको भन्नेसमेत व्यहोराको उजुरीउपर अनुसन्धान तहकिकात हुँदा भ्रष्टाचार भए गरेको पुष्टि हुन नसके पनि सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार निर्माण कार्य वा सो सम्बन्धी सेवा प्राप्त गर्नेसम्बन्धी कार्य मात्र उपभोक्ता समितिबाट गराउन सकिने प्रावधान रहेकोमा साइकल खरिद तथा वितरणजस्तो गैरनिर्माण कार्य उपभोक्ता समितिमार्फत सम्पन्न भई सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली २०६४ को मर्मविपरीत कार्य भए-गरेको देखिएकाले अब उप्रान्त यस किसिमका कार्यहरू गर्दा गराउँदा सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली २०६४ मा भएको व्यवस्थाबमोजिम आवश्यक व्यवस्था मिलाउनु भनी महागढीमाई नगरपालिका, बरियारपुर, बारालाई आयोगको मिति २०७७।११।२६ को निर्णयानुसार सुझाव लेखी पठाइएको ।

१७.१६ जिल्ला बारा, महागढीमाई नगरपालिका बरियारपुरमा आ.व. २०७४/०७५ मा सूर्य मन्दिर निर्माण लगायतका योजनाको रनिङ बिल तथा अन्तिम बिलको नापी तयार गर्ने तथा चेकजाँच गर्ने प्राविधिक कर्मचारीहरूले यथोचित ध्यान पुऱ्याएको नदेखिँदा आगामी दिनमा यस किसिमका त्रुटि हुन नपाउने व्यवस्था गर्न आयोगको मिति २०७७।११।२६ को निर्णयानुसार महागढीमाई नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, बरियारपुर, बारालाई सुझाव लेखी पठाइएको ।

१७.१७ कपिलवस्तु जिल्ला मायादेवी गाउँपालिका वडा नं. ६ को डुमरा चोकदेखि डुमरा हुँदै रजवापुर सिसवासम्म हाल सडक संचालनमा रहेको देखिएको, अनियमितता भए गरेको प्रमाण हालसम्मको अनुसन्धानबाट नदेखिए पनि प्रस्तुत उजुरीमा मायादेवी गाउँपालिकाले वडा नं. ६ डुमरा मौजामा रहेको डुमराचोकदेखि डुमरा हुँदै रजवापुर सिसवासम्मको सडक आर.सी.सी. ढलान गर्ने योजनाको स्वीकृत बजेट रु.३०,००,०००।- बाट सडक आर.सी.सी. ढलान गर्नका लागि उपभोक्ता समितिलाई सडक निर्माणका लागि सम्झौता गरेको र सम्झौताको क्रममा पेस भएको लागत अनुमानमा उल्लिखित सडकको लम्बाइ र चौडाइमा, सडक निर्माण सम्पन्न भई गरेको नापजाचँमा केही फरक पर्न गएकाले यस प्रकारको निर्माण कार्य गर्दा लागत अनुमान संशोधन गरी निर्माण कार्य

अघि बढाउनुपर्नेमा सो गरेको नदेखिएकाले भविष्यमा गरिने सडक लगायतका निर्माण कार्य गर्दा लागत अनुमानभन्दा फरक (लम्बाइ र चौडाइ) भएमा सो लागत अनुमान संशोधन गरी, गुणस्तरयुक्त निर्माण कार्य सम्पन्न गर्ने, गराउने सुझाव आयोगको मिति २०७७।१२।१९ को निर्णयानुसार मायादेवी गाउँपालिका, पकडी, कपिलवस्तुलाई लेखी पठाइएको ।

१७.१८ बारा जिल्ला साबिक रामपुर टोकनी गा.वि.स.बाट गा.वि.स. सचिव ललनराम नेपालीको पालामा वितरण भएको पेश्कीमध्ये कल्भर्ट निर्माण उपभोक्ता समितिका अध्यक्ष राजाराम महतोले साबिक रामपुर टोकनी-१ मा कल्भर्ट निर्माण गर्ने कार्यका लागि रु.१,००,०००।- पेश्की रकम लिएकोमा पेश्की फछ्र्यौट हुन बाँकी रहेको देखिएको हुँदा पेश्कीका सन्दर्भमा आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम (७४) उपनियम (३) ले पेश्की फछ्र्यौट गर्ने-गराउने कर्तव्य पेश्की लिनेदिने दुवैको हुनेछ भन्ने व्यवस्था गरेकोले सो पेश्की फछ्र्यौट गराउने सम्बन्धमा र सामाजिक सुरक्षा भत्ता वितरणसम्बन्धी अभिलेख व्यवस्थित नभएको, गैरलाभग्राहीले लिएको सामाजिक सुरक्षा भत्ता असुल गरी लाभग्राहीहरूको अद्यावधिक विवरण अभिलेखीकरणसमेत गर्नका लागि जो-जे गर्नुपर्ने हो गर्न गराउन परवानीपुर गाउँपालिका, बारालाई आयोगको मिति २०७७।१२।३० को निर्णयानुसार सुझाव लेखी पठाइएको ।

१७.१९ ललितपुर महानगरपालिकाको कार्यालय, पुल्चोकमा कार्यरत नगर प्रहरी हवल्दार दिलीप थापाले मिति २०७६।८।१६ गते सेवाग्राहीमार्फत रकम लिएको भन्ने मिसिल संलग्न संकलित भिडिओ क्लिपबाट रकम दिने व्यक्ति पहिचान हुन नसकेको एवं निजले रकम माग गरेको हो वा होइन भन्ने विषयसमेत उक्त भिडियोको संवादबाट खुल्न नसकेको साथै के प्रयोजनका लागि उक्त रकमको लेनदेन भएको हो भनी पुष्टि गर्न सक्ने प्रमाणसमेत नदेखिएकाले दिलीप थापाले लिएको रकम घुस/रिसवतबापतको नै हो भन्ने पुष्टि हुन नसके पनि उक्त नगरपालिकाको कर्मचारीले रकम लिएको भन्ने देखिएकाले यस किसिमका अस्वाभाविक क्रियाकलाप हुन नदिन जो जे गर्नुपर्ने हो गर्नु भनी आयोगको मिति २०७८।१।२७ को निर्णयानुसार लेखी पठाइएको ।

१७.२० जिल्ला पर्सा जगरनाथपुर गाउँपालिका वडा नं. २ स्थित नेपाल राष्ट्रिय प्राथमिक विद्यालय, लक्ष्मीपुरको भवन निर्माण समितिको अध्यक्ष किसुन महराले रु.४५,०००।- मात्र रकम लिएको भनी बयानमा खुलाए तापनि नेपाल क्रेडिट एण्ड कमर्स बैंक लिमिटेड, पर्साको बैंक स्टेटमेन्टबाट निजले रु.७५,०००।- रकम झिकेको र निजले लिएको पेश्की रकम फछ्र्यौट भएको नदेखिए तापनि निजले भ्रष्टचारजन्य कार्य गरेको भन्ने संकलित प्रमाणबाट नदेखिएको साथै किसुन महराले लिएको पेश्कीको हकमा निजको बयान एवं सर्जमिनबाट निज निम्नस्तरको ज्याला मजदुरी गरी जीवन निर्वाह गर्ने व्यक्ति भएको भन्ने देखिनुका साथै निजले तत्काल उक्त विद्यालय भवन निर्माण प्रयोजनार्थ केही निर्माण सामग्री झारेको भन्नेसमेत देखिएकाले उक्त तथ्यलाई समेत मध्यनजर राखी निजले लिएको पेश्की सम्बन्धमा जो-जे गर्नुपर्ने हो सो गर्नु भनी आयोगको मिति २०७८।१।३० को निर्णयानुसार जिल्ला पर्सा जगरनाथपुर गाउँपालिकालाई सुझाव लेखी पठाइएको ।

१७.२१ ललितपुर जिल्ला, ललितपुर महानगरपालिका वडा नं. २२ बुङ्गमतीदेखि फर्सिडोलसम्मको गाडी चल्ने बाटोबाट त्रिभुवन विमानस्थलमा धावनमार्ग मर्मतका लागि तथा काठमाडौं उपत्यकामा विकास निर्माण लगायतका निर्माण प्रयोजनसमेतका लागि गिट्टी, बालुवा ढुवानी गर्ने ट्रिप्परहरूले बुङ्गमतीका स्थानीयवासीहरूलाई असर पारेको हुँदा स्थानीयस्तरमा विवाद भइरहने गरेकोमा ललितपुर महानगरपालिका वडा नं. २२ का वडाअध्यक्ष अम्बिरराज शाक्यको समन्वयमा स्थानीय सरोकारवालाहरू, ट्रिप्पर व्यवसायीहरूसमेतको सहभागितामा सर्वपक्षीय भेला गराई छलफल गर्दा सो बाटो प्रयोग गरी गुड्ने ट्रिप्परहरूबाट प्रति ठूलो ट्रिपर रु.४००।- र प्रति सानो ट्रिपर रु.३००।-उठाउने गरी निर्णय भई सो अनुसार ट्रिपरहरूबाट रकम संकलन गरेको साथै स्थानीय सरोकारवालाहरूबाट गठित उक्त समितिले पारदर्शीरूपमा प्रत्येक रसिदबाट उठेको रकमको हिसाब राखेको, संकलन गरेको रकमको आम्दानी र खर्चको विवरण राखी सहकारी संस्थामा खाता खोली रकम जम्मा गरेकोमा सो रकमबाट उक्त बाटो निर्माण, मर्मतसमेत भएको देखिन आएको साथै सो रकम कुनै पनि सरकारी निकायबाट विनियोजित रकमसमेत भएको देखिन नआएकाले बुङ्गमती फर्सिडोल सडक सरोकार समितिले रकम उठाउने र सो रकम खर्च गरेको कार्यमा भ्रष्टाचारजन्य कार्य भएको देखिन नआए तापनि उक्त समिति कानुनबमोजिम दर्ता नभई सञ्चालन भएको र उक्त समितिले रकमसमेत उठाएको देखिएकाले सो सम्बन्धमा कानुनबमोजिम आवश्यक व्यवस्था गर्न ललितपुर महानगरपालिका पुल्चोकलाई आयोगको मिति २०७८।२।१३ को निर्णयानुसार सुझाव लेखी पठाइएको ।

१७.२२ जिल्ला सुर्खेत, साबिक रजेना गा.वि.स. वडा नं. ४ हाल चिंगाड गाउँपालिका वडा नं. १ स्थित जनसेवा बहुउद्देशीय सहकारी संस्था (सरकारी अनुदान प्राप्त) बाट संचालित सुपथ मूल्य सहकारी पसल उधारो सामानको रकम उठाउन नसकी विगतमा बन्दसमेत भएको । अनुसन्धानको क्रममा हालसम्म पनि विविध सामानहरू बिक्री वितरण गरी उधारो रकम उठाउन/असुल गर्न बाँकी रहेको देखिएकाले उधारोमा सामान बिक्री वितरण गरी उपभोक्ताबाट सामानको रकम उठाउनु पर्ने/असुल गर्नुपर्ने सम्बन्धमा जो-जे गर्नुपर्ने हो सो सम्बन्धमा चिंगाड गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, सुर्खेतलाई आयोगको मिति २०७८।२।२० को निर्णयानुसार सुझाव लेखी पठाइएको।

१७.२३ कालिका माध्यमिक विद्यालय, आठबीसकोट नगरपालिका-९, रुकुम (पश्चिम) का प्रधानाध्यापक इन्द्रबहादुर शाहीले रु.५,८८,२०२।- र कार्यालय सहायक दया के.सी.ले रु.४,८८,२०२।- गरी कुल जम्मा रु.१०,७६,४०३।७९ रकम विद्यालयको नाममा रहेको सेन्चुरी बैंक आठबीसकोटमा रहेको खातामा जम्मा गरेको बैंक भौचरको प्रतिलिपि र बैंक स्टेटमेन्टबाट खुल्न आएको साथै पाठ्यपुस्तकबापतको रु.३,१०,०१०।- रकमको बिल भरपाई फछ्र्यौट गरेको भनी बिलको प्रतिलिपि र निज व्यक्तिहरूको नाममा यस विद्यालयको रकम नगद मौज्दात बाँकी नरहेको भनी आमभेलाको सर्वसहमतिबाट निर्णय भएको निर्णयको प्रतिलिपिबाट समेत खुल्न आएकाले उजुरीको आरोप पुष्टि हुने वस्तुनिष्ठ आधार प्रमाण विद्यमान रहेको नदेखिए तापनि विद्यालयले शिक्षा नियमावली, २०५९ (संशोधनसहित) को नियम १४६ को उपनियम (२) विपरीत विद्यार्थीहरूसँग शुल्क उठाएको र बैंक दाखिलासमेत गरेको नदेखिँदा उक्त कार्य प्रचलित कानुन, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८ को प्रतिकूलसमेत देखिएकाले कानुनबमोजिम गर्नका लागि आठबीसकोट नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, रुकुम (पश्चिम) र शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयलाई आयोगको मिति २०७८।२।३१ को निर्णयानुसार सुझाव लेखी पठाइएको ।

१७.२४ जिल्ला कञ्चनपुर, साबिक महाकाली नगरपालिका हालको दोधारा चाँदनी नगरपालिका वडा नं. १ स्थित दोधारा चाँदनीमा रहेको आ.व. २०७५/०७६ मा महाकाली आदर्श मा.वि.को पर्खाल तथा गेट निर्माण कार्य गर्दा नापी किताब र इस्टिमेट अनुसार नगरी बढी भुक्तानी भएको रकममा नियमानुसारको लाग्ने १०% ब्याजसहित जम्मा रु.२,७५,२१७।- रकम महाकाली आदर्श मा.वि. दोधारा चाँदनीको गेट तथा पर्खाल निर्माण योजनाको बेरुजु खातामा दाखिला गरेको राष्ट्रिय वाणिज्य बैंक कञ्चनपुरको सक्कलै भौचर हाल दोधारा चाँदनी न.पा.को च.नं. १६९७ मिति २०७८।१।७ गतेको पत्रसहित आयोगमा प्राप्त भएको हुँदा सो सम्बन्धमा सरकारी रकम हानि नोक्सानी भएको नदेखिए पनि संकलित कागज प्रमाणबाट विद्यालयको जग्गा अतिक्रमण भएको सम्बन्धमा आवश्यक छानबिन गरी सो सम्बन्धमा जो-जे गर्नुपर्ने हो सो गर्नु गराउनु भनी महाकाली आदर्श मा.वि. र साबिक महाकाली नगरपालिका हालको दोधारा चाँदनी नगरपालिकालाई आयोगको मिति २०७८।३।७ को निर्णयानुसार सुझाव लेखी पठाइएको ।

१७.२५ जिल्ला कपिलवस्तु साबिक हथिहवा गा.वि.स.का गा.वि.स. सचिव र प्राविधिक दुवैजना मिलेर आ.व. ०७०/०७१ को बजेट काम नै नगरी पूर्णरूपमा आफ्नै नाममा निकासा गरेर हिनामिना गरेको भन्नेसमेतको उजुरी निवेदन सम्बन्धमा अनुसन्धान तहकिकात हुँदा तत्कालीन गा.वि.स. सचिव छविलाल पौडेल,कार्यालय सहायक सभाजितप्रसाद चौधरी र अ.स.ई. विष्णुप्रसाद न्यौपानेले तत्कालीन लेखापरीक्षण प्रतिवेदनमा उल्लिखित असुलउपर गर्नुपर्ने बेरुजु रकम दाखिला गरिसकेको देखिँदा गा.वि.स.को बजेट रकम हिनामिना गरेको देखिन नआए तापनि हथिहवा गाउँ विकास समितिको विगत वर्षहरूदेखि उपभोक्ता समिति, विद्यालय र संघसंस्थाको नाममा बाँकी रहेको पेश्की रकम रु.८४३,२६७।-फछ्र्यौट नगरी बेरुजु रहेको देखिँदा पेश्की रकम फछ्र्यौटका लागि नियमानुसार जो-जे गर्नुपर्ने हो गरी पेश्की फछ्र्यौट गर्न शुद्धोधन गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, कपिलवस्तुलाई आयोगको मिति २०७८।३।९ को निर्णयानुसार सुझाव लेखी पठाइएको ।

१७.२६ दार्चुला जिल्ला महाकाली नगरपालिका वडा नं. ४ अन्तर्गत पर्ने तल्लोसैन ढलनिकास तथा पि.सि.सि. बाटो निर्माण योजनामा भ्रष्टाचारजन्य कार्य भएको भन्ने हालसम्म संकलित प्रमाणहरूबाट नदेखिए पनि उक्त योजनाका अ.स.इन्जिनियर मोहनसिंह कार्कीले तयार पारेको इस्टिमेट इन्जिनियर महेन्द्रसिंह दंगाले चेकजाँच गरी प्रमुख प्रशासकीय अधिकृत खेमराज देवकोटाले उपभोक्ता समितिको निर्णयको आधारमा मात्र इस्टिमेट परिवर्तन गरेको भन्ने देखिएको, सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार के/कति कारणले इस्टिमेट परिवर्तन भएको हो भन्ने नखुलेको साथै नापी किताबअनुसार फिल्डमा काम नभएको र फिल्डमा काम भएअनुसारको नापी किताबमा नाप

भएको नदेखिएकाले सो सम्बन्धमा कानुनबमोजिम जो-जे गर्नुपर्ने हो सो गर्ने गराउने व्यवस्था हुन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई आयोगको मिति २०७८।३।९ को निर्णयानुसार सुझाव लेखी पठाइएको ।

१७.२७ बारा जिल्ला साबिक गा.वि.स. बन्जरिया वडा नं. ९ कि.नं. १ ज.बि. ५-८-१० को पर्ती गौचर जग्गा भोगमा अतिक्रमण हुनसक्ने सम्भावना यथावत रहने भएकाले उक्त जग्गाको आवश्यक संरक्षण गर्न जे-जो गर्नुपर्ने हो सोको आवश्यक व्यवस्था गर्न गराउन आयोगको मिति २०७८।३।९ को निर्णयानुसार जिल्ला प्रशासन कार्यालय, बारा र कलैया उपमहानगरपालिका, बारालाई सुझाव लेखी पठाइएको ।

१७.२८ बारपाक सुलिकोट गाउँपालिका वडा नं. ७, गोरखास्थित झाक्रीचोकदेखि टाकुसम्मको सडक निर्माणका लागि आर्थिक वर्ष ०७५/०७६ मा रु.५२ लाख रकम विनियोजन भई वडा नं. ७ का वडाध्यक्ष कृष्ण गुरुङ,इन्जिनियर र ठेकेदार मिली हिनामिना गरेको हुँदा छानबिन कारबाही गरी पाऊँ भन्ने व्यहोराको उजुरीका सम्बन्धमा अनुसन्धान तहकिकात हुँदा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ को उपदफा (१) मा सभाबाट बजेट स्वीकृत भएको सात दिनभित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतलाई बजेटको खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्नेछ । उपदफा (४) मा स्थानीय सञ्चित कोषको सञ्चालन गाउँपालिका वा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखले गर्नेछ, उपदफा (५) मा खर्च खाताको सञ्चालन गाउँपालिका वा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतस्तरको कर्मचारी र लेखा प्रमुख वा निजले तोकेको लेखाको कर्मचारीले गर्नेछ भन्ने उल्लेख भएकोमा Field Measurement गरी तयार पारेको विस्तृत लागत, नापी किताब र कार्यसम्पन्न प्रतिवेदन तयार गर्ने इन्जिनियर सुजन अम्गाईंले नियमानुसार लाग्ने आयकर र ५% धरौटी कट्टा गरी निर्माण व्यवसायीलाई भुक्तानी दिनका लागि मिति २०७६।३।७ मा टिप्पणी उठाएको, टिप्पणी सदर गर्ने अधिकार नै नभएको एवं प्राविधिक नापजाँच गर्ने तथा भुक्तानी दिने व्यक्तिसमेत नभएको गाउँपालिकाका अध्यक्षबाट उक्त टिप्पणी सदर गराएको/गरेको, भुक्तानी दिने सम्बन्धमा निर्णय गर्ने अधिकार प्रमुख प्रशासकीय अधिकृतमा भएको देखिँदा सो सम्बन्धमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ बमोजिम गर्न गराउनका लागि आयोगको मिति २०७८।३।१७ को निर्णयानुसार बारपाक सुलिकोट गाउँपालिका, गोरखालाई सुझाव लेखी पठाइएको ।

१८. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

१८.१ जिल्ला चितवन, भरतपुर अस्पताल प्रशासनकै मिलेमतोमा सटर भाडा, औषधी खरिद एवम् वितरण जस्ता कार्यमा अनियमितता भएको भन्नेसमेत व्यहोराको उजुरी सम्बन्धमा अनुसन्धान तहकिकात हुँदा भ्रष्टाचारको कसुर स्थापित हुने पर्याप्त प्रमाण नदेखिए पनि भरतपुर अस्पतालका जिम्मेवार पदाधिकारीले हस्ताक्षर गरेको र कार्यालयको छापसमेत लगाएको पुर्जाको आधारमा श्रीराज मेडिकल हलले भरतपुर अस्पताललाई औषधी उपलब्ध गराएको तर भुक्तानी नपाएको सन्दर्भमा भरतपुर अस्पतालले श्रीराज मेडिकल हलबाट खरिद गरेको भनिएको औषधी सम्बन्धमा उक्त मेडिकल हलले भरतपुर अस्पताल, चितवनबाट पाउनुपर्ने भनिएको औषधी बिक्रीबापतको रकम सम्बन्धमा तथा दुई पक्षबीच भएको सम्झौतानुसार के कति रकम तिर्ने तिराउने हो सो सम्बन्धमा जो-जे गर्नुपर्ने हो कानुनअनुसार गर्नु भनी अस्पताल विकास समिति, भरतपुर अस्पताल, चितवनलाई आयोगको मिति २०७७।८।२५ को निर्णयानुसार सुझाव लेखी पठाइएको ।

१८.२ जिल्ला स्वास्थ्य कार्यालय, हुम्ला र जिल्ला अस्पताल बर्दियामा कार्यरत रहेका स्टाफ नर्सहरू क्रमशः मेलिना श्रेष्ठ र सपना बाठा मगरले सरकारी सेवामा बहाल रहेको अवस्थामा कार्यरत जिल्लाभन्दा फरक जिल्लामा रहेको नेपालगञ्ज नर्सिङ क्याम्पस, बाँकेमा सञ्चालित बी.एन.एस. कार्यक्रममा भर्ना भई अध्ययन गर्दै गरेको, उक्त अवधिमा हाजिरी काज बिदा लिएको साथै दोहोरो हाजिरसमेत भएको, पदाधिकार रहेको कार्यालयबाट तलब भत्ता र भ्रमणमा खटिंदाको अवस्थामा पाउने थप सुविधासमेत लिएको भन्नेसमेतको उजुरी निवेदनका सम्बन्धमा अनुसन्धान तहकिकात हुँदा भ्रष्टाचारजन्य कार्य नदेखिए तापनि नेपाल स्वास्थ्य सेवा नियमावली, २०५३ को नियम ४८, ४९ र ५५ मा स्वास्थ्य सेवाका कर्मचारीले प्रत्येक वर्षका लागि ६ दिन भैपरी आउने बिदा, ६ दिन पर्व बिदा, काम गरेको १२ दिनका लागि १ दिनका दरले घर बिदा र सार्वजनिक बिदाका दिनमा काम गरेबापत सट्टा बिदा पाउने व्यवस्था रहेको देखिँदा निज मेलिना श्रेष्ठको उक्त अवधिको हाजिरी रजिष्टरमा जनाइएका बिदाहरू कानुनसम्मत हो भन्न सकिने अवस्था नरहेको र काजतर्फ हेर्दासमेत नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा २० को उपदफा (४) मा उल्लिखित व्यवस्थाअनुसार साधारणतयाः कुनै कर्मचारीलाई एक वर्षमा तीस दिनभन्दा बढी समयका लागि

कामजमा खटाउन मिल्ने नदेखिएको र भ्रमण खर्च नियमावली २०६४ को नियम ३ मा भ्रमण गर्दा भ्रमण आदेश भरी स्वीकृत हुनुपर्ने देखिएकोमा निज मेलिना श्रेष्ठ मिति २०७२।६।२२ देखि २०७३।७।३० सम्मको अवधिमा १३९ दिन काजमा रहेको भन्ने देखिएको र निज मेलिना श्रेष्ठको उपरोक्तानुसारका बिदा तथा काज तत्कालीन कार्यालय प्रमुख अनिलकुमार गुप्ता र स्मृति महतले दिएको भन्ने देखिएकाले नियम कानुनविपरीत हुने गरी यस किसिमका बिदा काज स्वीकृत नगर्ने सम्बन्धमा जो-जे गर्नुपर्ने हो सोको आवश्यक व्यवस्था मिलाउनु भनी आयोगको मिति २०७८।१।६ को निर्णयानुसार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा सुझाव लेखी पठाइएको ।

१८.३ तत्कालीन मध्यमाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालय, हेटौंडामा आ.व. २०७२/०७३ मा सोझै खरिद गर्दा प्रचलित खरिदसम्बन्धी कानुनका प्रक्रियाहरू पालना नभएको सम्बन्धमा श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, काठमाडौं र बागमती प्रदेश सरकार अन्तर्गत स्वास्थ्य निर्देशनालय, हेटौंडालाई आगामी दिनमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ का व्यवस्थाको पूर्णरूपमा परिपालना गरी वर्षभरिलाई पुग्ने गरी प्रतिस्पर्धात्मक विधिबाट आइटमवाइज न्यूनतम दररेट निर्धारण गरी संरचनागत खरिद विधिसमेत अपनाई औषधी खरिद कार्य गर्न, तत्कालीन स्टोरकिपर ना.सु. दामोदर चालिसेलाई निज हाल कार्यरत कार्यालय राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, सिंहदरबारलाई जिन्सी व्यवस्थापन कार्यमा लापरबाही गरेकाले निजको प्रचलित सेवासम्बन्धी कानुनबमोजिम जो जे गर्नुपर्ने हो सो गर्नका लागि र तत्कालीन मध्यमाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालय, हेटौंडाका क्षेत्रीय निर्देशक डा. वासुदेव पाण्डे, लेखा अधिकृत श्रीराम पुडासैनी र स्टोरकिपर नायब सुब्बा टिंकु श्रेष्ठले आर्थिक वर्ष २०७३/०७४ मा सिलबन्दी दरभाउपत्र विधिबाट भएको खरिद कार्यको सिलसिलामा लागत अनुमान तयारीमा गरेको त्रुटि र गुणस्तरीय सामग्री न्यूनतम मूल्यमा खरिद गर्ने प्रयास नगरी असंवेदनशील भई गरेको लापरबाहीको सम्बन्धमा निजहरूको सेवासम्बन्धी कानुनबमोजिम जे जो हुनुपर्ने हो सो गर्ने गराउने प्रबन्ध मिलाउन र आगामी दिनमा यस्ता त्रुटि, लापरबाही एवं कमजोरीहरू हुन नदिन आवश्यक व्यवस्था मिलाउनका लागि श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथ, काठमाडौंलाई आयोगको मिति २०७८।३।२४ को निर्णयानुसार लेखी पठाइएको ।

१९. युवा तथा खेलकुद मन्त्रालय

१९.१ आर्थिक वर्ष २०६५/०६६ मा राष्ट्रिय खेलकुद परिषद्बाट पाँचौं राष्ट्रिय खेलकुद प्रतियोगिता सञ्चालन गर्दा भए गरेका खर्चहरू सम्बन्धमा महालेखा परीक्षकको कार्यालयबाट लेखापरीक्षण हुँदा उक्त खेलकुद प्रतियोगिता सञ्चालनार्थ उपलब्ध गराइएको पेश्कीमध्ये रु.६,९२,०६,९९९।८४ फछ्र्यौट हुन नसकेकाले पाँचौं राष्ट्रिय खेलकुदको यथार्थ खर्च यकिन गर्न सकिने अवस्था देखिएन भनी उल्लेख गरेको । उल्लिखित फछ्र्यौट हुन बाँकी रकममध्ये मिति २०७०।५।२४ गतेसम्म रु.२,१९,२२,००४।५५ फछ्र्यौट भई रु.४,७२,८४,९९५।२९ फछ्र्यौट हुन बाँकी रहेकोमा राष्ट्रिय खेलकुद परिषद् काठमाडौंबाट विभिन्न मितिमा प्राप्त हुन आएका पत्रबाट पाँचौं राष्ट्रिय खेलकुदको फछ्र्यौट हुन बाँकी भएको रु.४,७२,८४,९९५।२९ पेश्कीमध्ये रु.२,०२,७९,४३९।- बराबरको पेश्की फछ्र्यौट भई रु.२,७०,०५,५५७।२९ बराबरको पेश्की फछ्र्यौट हुन बाँकी रहेको देखिएको र पेश्की फछ्र्यौट हुन बाँकी रहेको रकममा भ्रष्टाचारजन्य कसुर भयो भन्न सकिने अवस्था नरहेको तथा फछ्र्यौट हुन बाँकी रहेको पेश्की रकम फछ्र्यौट गराउने दायित्व आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ तथा राष्ट्रिय खेलकुद परिषद् आर्थिक प्रशासनसम्बन्धी नियमावली, २०६२ को नियम ७० बमोजिम पेश्की लिने व्यक्ति, सम्बन्धित कार्यालय तथा सोका पदाधिकारीको हुने भएकाले पाँचौं राष्ट्रिय खेलकुद सम्बन्धमा फछ्र्यौट हुन बाँकी देखिएको रु.२,७०,०५,५५७।२९ बराबरको पेश्की रकम सम्बन्धितहरूबाट फछ्र्यौट गराउनेतर्फ आवश्यक कदम उठाउन युवा तथा खेलकुद मन्त्रालय र राष्ट्रिय खेलकुद परिषद्लाई आयोगको मिति २०७७।११।२६ को निर्णयानुसार सुझाव लेखी पठाइएको ।

२०. अन्य

२०.१ गैरकानुनी रूपमा सवारी साधन दर्ता गरी भ्रष्टाचार गरेको मुद्दाको अनुसन्धानका क्रममा जिल्ला चितवन गीतानगर वडा नं. १ हाल भरतपुर नगरपालिका वडा नं. ६ स्थित कित्ता नं. १६६९ क्षेत्रफल ०-१-१०, कि.नं. १९०९ क्षे.फ. ०-०-१० र जिल्ला नवलपरासी गैंडाकोट गा.वि.स. वडा नं. ७(घ) स्थित कित्ता नं. ११६ को क्षेत्रफल ७-११-२-० सात रोपनी ११ आना २ पैसा शून्य दाम क्षेत्रफल भएको जग्गा धनी छविलाल कँडेलको नाममा रहेको जग्गा र जि.न.प. गैंडाकोट-९ बस्ने ठगीकला सापकोटाको नाममा जग्गाधनी प्रमाणपुर्जा भएको जि.न.प. गैंडाकोट

७(घ) स्थिति कि.नं. ५१ क्षेत्रफल ०-९-०-३१/२ जग्गा आयोगको मिति २०६२।४।३२, च.नं. १०८, मालपोत कार्यालय नवलपरासीलाई मिति २०६२।४।३२ च.नं. १०९, पत्र लेखी रोक्का राखेकोमा, उल्लिखित जग्गा आरोपित अस्मिलाल कँडेलका लागि छवि कँडेल र ठगीकला सापकोटाले धितो जमानत दिएको देखिएकोमा अन्य कारोबारका हकमा उक्त जग्गा रोक्का रहेको रहेछ भने सोही कानुनबमोजिम हुने नै हुँदा अनुसन्धानको पुर्पक्ष क्रममा उक्त मुद्दामा धरौट जमानत दिने निज ठगीकला सापकोटा र छवि कँडेलका तर्फबाट मञ्जुरी दिएको (धरौट जमानत) उक्त जग्गा रोक्का राखिरहन आवश्यक नदेखिंदा आयोगको मिति २०७७।५।१५ को निर्णयानुसार निवेदकहरूको मागबमोजिम उक्त जग्गाहरू जरिवाना सजाय चुक्ता गरेको प्रमाण लिई फुकुवा गरी सम्बन्धितलाई जानकारी दिइएको ।

२०.२ चुवा गा.वि.स. वडा नं. ५ पर्वत स्थायी ठेगाना भई हाल पोखरा उपमहानगरपालिका वडा नं. ४ चिप्लेढुंगा कास्की बसोबास गरी राष्ट्रिय वाणिज्य बैंक, क्षेत्रीय कार्यालय, नागढुंगा पोखरामा तत्कालीन सहायक पाँचौं तहमा कार्यरत कर्मचारी भानुभक्त सुवेदी (हाल बेपत्ता भनिएका) को नाममा रहेका बैंक खाताहरू अनुसन्धानको सिलसिलामा रोक्काका लागि लेखी पठाइएकोमा निजको नाममा रहेका खाताहरू रोक्का राखिएको भए उक्त खाताहरू फुकुवा गरिदिन आयोगको २०७५/०७६ को पत्रबाट च.नं. २०९ मिति २०७५।५।२९ को पत्रबाट बैंक खाताहरू फुकुवा गरेको देखिएको, अनुसन्धान गरिएका भानुभक्त सुवेदी हालसम्म बेपत्ता रहेको अवस्थामा निजका विरुद्धको उजुरी आयोगबाट मिति २०७४।९।१४ मा तामेलीमा राखिसकेको अवस्था र निजको बैंक खाता फुकुवाका लागि पत्राचारसमेत गरिसकेको अवस्थामा निज भानुभक्त सुवेदीको नाममा रहेका घरजग्गा सम्पत्तिहरू रोक्का फुकुवा गरिदिन आयोगको मिति २०७७।७।२७ को निर्णयानुसार सम्बन्धित कार्यालयमा लेखी पठाइएको ।

२०.३ अनुसन्धानको क्रममा आयोगबाट निवेदक/प्रतिवादी गुरुदत्त पाण्डेयबाट माग भएको धरौटी रु.२०,००,०००।- बापत नानु गिरीको नाउँमा दर्ता श्रेस्ता कायम भएको साबिक काठमाडौं जिल्ला दहचोक गा.वि.स. वडा नं. २(ग) कि.नं. १५७ क्षे.फ. ३-०-०-० जग्गा जेथा जमानी राखिएको र सोही प्रयोजनका लागि आयोगबाट रोक्का राखिएकोमा हाल प्रस्तुत मुद्दा अन्तिम भइसकेको देखिँदा उक्त मुद्दामा अनुसन्धानको क्रममा आयोगको च.नं. १६६ मिति २०६१।४।२७ पत्रानुसार हालसम्म रोक्का रहेको निवेदन मागबमोजिमको कि.नं. १५७ को जग्गा अन्य कारणले रोक्का राख्नु नपर्ने भएमा प्रस्तुत मुद्दामा आयोगको तर्फबाट रहेको रोक्का फुकुवा गरिदिनु भनी सम्बन्धित मालपोत कार्यालय, कलंकीलाई आयोगको मिति २०७७।९।२३ को निर्णयानुसार लेखी पठाइएको ।

२०.४ निवेदकहरू विश्वनाथ खत्री, चुडाकुमारी श्रेष्ठ, शिवकुमार विष्ट, जितु माझी, नरवीर थापा र टीकाराम पुन, विक्रम आचार्य, जयराम श्रेष्ठ, पुरुषोत्तमकुमार शाही, मोहनरत्न ताम्राकार, कृष्णबहादुर चौधरी, ठुलीकान्छी खड्का, चन्द्रवती राजवंशी र किशोरकुमार राजवंशी, नारायण चौधरी, प्रदीपकुमार यादव र विनोदकुमार यादवसमेत १४ जना निवेदक भएको विभिन्न मितिमा साबिकको विशेष प्रहरी विभाग, भ्रष्टाचार नियन्त्रण शाही आयोग र यस आयोगसमेतले अनुसन्धानको सिलसिलामा रोक्का राखेको जग्गा फुकुवा गरी पाऊँ भनी निवेदन परेकोमा आयोगको मिति २०७८।१।२० को निर्णयानुसार देहायबमोजिम लेखी पठाइएको :-

(१) निवेदक : विश्वनाथ खत्री (जयराम खत्रीको छोरा): निवेदकले विशेष प्रहरी विभागबाट रोक्का भएको जग्गा सफाइ पाएकाले फुकुवा गरी पाऊँ भनी निवेदन दिएको, सूर्यविनायक भक्तपुरको कि.नं. ९४३ क्षे.फ. १-१०-२-० जग्गा विशेष प्रहरी विभागको च.नं. २६० मिति २०५४।२।७ बाट रोक्का रहेको भनी मालपोत कार्यालय, भक्तपुरबाट सोको जवाफ प्राप्त भएको, रोक्का राखी राख्नुपर्ने आधार नदेखिँदा अन्य निकायबाट रोक्का राख्नु नपर्ने भए साबिक विशेष प्रहरी विभागको पत्रबाट रोक्का भएको जग्गा फुकुवा गर्न लेखी पठाइएको ।

(२) निवेदक : चुडाकुमारी श्रेष्ठ (स्व. पति कृष्णप्रसाद श्रेष्ठ) : निवेदकले आफ्नो पतिको नाममा रहेको कि.नं. ४९१ क्षे.फ. ०-५-१-२ जग्गा विशेष प्रहरी कार्यालय, गोर्खाबाट रोक्का रहेको तथा निज पतिको मृत्युसमेत भइसकेको हुँदा जग्गा फुकुवा गरी पाऊँ भनी निवेदन दिएको, साबिकको विशेष प्रहरी कार्यालय, गोरखाबाट रोक्का भएको भनी मालपोत कार्यालय, गोरखाबाट जवाफ प्राप्त भएको, जग्गावालाको पनि मिति २०६४।१२।२३ मा मृत्यु भएको देखिएको, दण्ड सजाय लागेको भए पनि मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५८ बमोजिम मिनाहा हुने हुँदा रोक्का राखी राख्नुपर्ने आधार र कारण रहेको नदेखिँदा अन्य निकायबाट रोक्का राख्नु नपर्ने भए साबिक विशेष प्रहरी कार्यालय गोर्खाको पत्रबाट रोक्का भएको जग्गा फुकुवा गर्न लेखी पठाइएको ।

(३) निवेदक :शिवकुमार विष्ट (स्व.इन्द्रबहादुर विष्टको नाति स्व. नेत्र व. विष्टको छोरा)ः इन्द्रबहादुर विष्टको नाममा रहेको सूर्यविनायक ७ भक्तपुरको कि.नं. ३१७ को क्षे.फ.१-१२-२-०, कि.नं. ३४७ को क्षे.फ.०-१२-३-०, कि.नं. ३९२ को २-९-२-० र कि.नं. ३९७ को क्षे.फ.१-१-२-० जग्गा विशेष प्रहरी विभागबाट रोक्का भएकाले जग्गाधनीको समेत मृत्यु भएको र रोक्का भएको जग्गा फुकुवा गरी पाऊँ भनी निवेदकले निवेदन दिएको, दण्ड सजाय लागेको भए पनि मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५८ बमोजिम मिनाहा हुने हुँदा रोक्का राखिराख्नुपर्ने आधार र कारण नदेखिँदा अन्य निकायबाट रोक्का राख्नु नपर्ने भए साबिक विशेष प्रहरी विभागबाट रोक्का भएको जग्गा फुकुवा गर्न लेखी पठाइएको ।

(४) निवेदक :जितु माझी : तत्कालीन प्रधानपञ्च विनोदानन्द चौधरीले मोहनपुर कठौना बजारको जग्गा वितरण गर्दा भ्रष्टाचार गरेको भन्ने मुद्दामा मैले जेथा जमानी दिएको र हाल निजको मृत्युसमेत भइसकेको हुँदा विशेष प्रहरी विभागबाट रोक्का भएको कि.नं. २४२ क्षे.फ.०-१४-१७ जग्गा सफाइ पाएकाले फुकुवा गरी पाऊँ भनी निवेदकले निवेदन दिनुभएको । जग्गा फुकुवा निवेदन पठाएको जिल्ला प्रशासन कार्यालय, सप्तरीको पत्र, विशेष प्रहरी विभाग लुम्बिनी शाखा सिंहदरबार, काठमाडौं च.नं. १३९ मिति २०३६।३।२८ बाट रोक्का रहेको पत्रको प्रतिलिपि रहेको देखिन्छ। साबिकको विशेष प्रहरी विभाग लुम्बिनी शाखाबाट रोक्का भएको छायाप्रति प्राप्त भएको, निवेदकले अन्य व्यक्तिलाई जेथा जमानत दिएकोमा निजको मृत्यु भएको भनी निवेदनमा व्यहोरा उल्लेख भएको र जिल्ला प्रशासन कार्यालय, सप्तरीको पत्रसाथ निवेदन प्राप्त भएको देखिँदा करिब ४० वर्षदेखि अनुसन्धान गर्ने निकायले नागरिकको जग्गा रोक्का राखी राख्नुपर्ने आधार र कारण रहेको नदेखिँदा रोक्का राखिएको मिसिल फेला नपरेको भए पनि रोक्का राखी राख्नुपर्ने आधार र कारण नदेखिँदा अन्य निकायबाट रोक्का राख्नु नपर्ने भए साबिक विशेष प्रहरी विभागबाट रोक्का भएको जग्गा फुकुवा गर्न लेखी पठाइएको ।

(५) निवेदक : नरवीर थापा, टीकाराम पुन : नरवीर थापा निग्लीहवा गा.वि.स. वडा नं. ९ श्री नगर कपिलवस्तु र टीकाराम पुन बुद्धबाटिका नगरपालिका वडा नं. १३, मौजा भेलाई कपिलवस्तुले हाम्रो आफन्त मानिस पोमबहादुर मगरले रकम हिनामिना गरेको भनी विशेष प्रहरी विभागबाट धरौटी माग भई जेथा जमानी राखिएको कि.नं. ६४, क्षे.फ.०-१६-७.५, नरवीर थापाको तिलौराकोट ९ (ङ) कपिलवस्तु तथा कि.नं. १५२, क्षे.फ ०-३-१०, कि.नं. १५३, क्षे.फ.०-६-१०, कि.नं. १५५ क्षे.फ. ०-१२-१० टीकाराम पुन महेन्द्रकोट ३(ग) को जग्गा फुकुवा गरी पाऊँ भनी निवेदन दिएको ।मालपोत कार्यालय तौलिहवाको जवाफबाट विशेष प्रहरी विभाग सिंहदरबारबाट च.नं. २१९ मिति २०५५।१२।३० मा रोक्का रहेको तथा उक्त जग्गा सुकुम्बासी भएबापत प्राप्त भएको हो भनी जवाफ प्राप्त भएको व्यहोराबाट देखिन्छ। साबिकको विशेष प्रहरी विभागबाट रोक्का भएको छायाप्रति प्राप्त भएको, अन्य व्यक्तिलाई अनुसन्धानमा जेथा धरौट दिएको भनी निवेदन परेको, अनुसन्धानपछि मुद्दा चली कसुरदार ठहरे पनि फैसला कार्यान्वयन गर्ने निकाय सम्बन्धित जिल्ला अदालत नै रहेको, रोक्का राखी राख्नुपर्ने आधार र कारण नदेखिँदा अन्य निकायबाट रोक्का राख्नु नपर्ने भए साबिक विशेष प्रहरी विभाग सिहदरबारबाट रोक्का भएको जग्गा फुकुवा गर्न लेखी पठाइएको ।

(६) निवेदक : विक्रम आचार्य (चन्द्रबहादुर आचार्यको छोरा)ः विद्यालयको भवन निर्माणमा काठ हिनामिना गरेको भनी ओमप्रकाश श्रेष्ठलाई धरौटबापत जेथा दिई विशेष प्रहरी विभागबाट रोक्का भएको तथा जग्गाधनीको समेत मृत्यु भइसकेको र नामसारी गर्न जाँदा रोक्का रहेको देखिँदा विदुर नुवाकोटको कि.नं. २९९ क्षे.फ.३-१-२-१, कि न ८०८ क्षे.फ. ३-११- १-१ को जग्गा फुकुवा गरी पाऊँ भनी निवेदन प्राप्त भएको, विशेष प्रहरी विभागको च.नं ५० मिति २०५०।७।१८ को पत्रबाट रोक्का रहेको भन्ने मालपोत कार्यालय, नुवाकोटको पत्र प्राप्त भएको, मुद्दा चली कसुर कायम भएको भए पनि फैसला कार्यान्वयन गर्ने निकाय सम्बन्धित जिल्ला अदालत रहेको, जग्गाधनीको मृत्यु भइसकेको देखिएको तथा अनुसन्धानमा जेथा जमानी लिएकोमा कसुर ठहर भई फैसला भए पनि फौजदारी दायित्व कसुरदार स्वयं हुने हुँदा अन्य व्यक्तिले यी निवेदकको जग्गा रोक्का राखी राख्नुपर्ने आधार र कारण रहेको नदेखिँदा अन्य निकायबाट रोक्का राख्नु नपर्ने भए साबिक विशेष प्रहरी विभागबाट रोक्का भएको जग्गा फुकुवा गर्न लेखी पठाइएको ।

(७) निवेदक :जयराम श्रेष्ठ : जंगल काटी नोक्सान पुऱ्याएको मुद्दामा विनोद राणा र नरहरिनन्द खरेललाई जेथा धरौटी दिँदा विशेष प्रहरी विभागबाट रोक्का भएको तथा जमानी राख्नेको समेत मृत्यु भइसकेकाले कि.नं. १६८ क्षे.फ. २-१४-१-० जग्गा फुकुवा गरी पाऊँ भनी निवेदकले निवेदन दिएको, विशेष प्रहरी विभाग च.नं. ११२

मिति २०४३।६।१० र च.नं. १२२ मिति २०४३।६।१६ को पत्रबाट रोक्का रहेको भन्ने मालपोत कार्यालय, साँखु, काठमाडौंको जवाफ प्राप्त भएको, मुद्दा चली कसुर कायम भएको भए पनि फैसला कार्यान्वयन गर्ने निकाय सम्बन्धित जिल्ला अदालत रहेको, जेथा जमानी राख्नेको मृत्यु भइसकेको भनी निवेदनमा व्यहोरा उल्लेख भएको तथा अनुसन्धानमा जेथा जमानी लिएकोमा कसुर ठहर भई फैसला भए पनि फौजदारी दायित्व कसुरदार स्वयंमा हुने हुँदा अन्य व्यक्तिले यी निवेदकको जग्गा रोक्का राखी राख्न आधार र कारण रहेको नदेखिँदा अन्य निकायबाट रोक्का राख्नु नपर्ने भए साबिक विशेष प्रहरी विभागबाट रोक्का भएको जग्गा फुकुवा गर्न लेखी पठाइएको ।

(८) निवेदक : पुरुषोत्तमकुमार शाही (पत्नी ज.ध. राजश्री पराजुली शाही): मेरी पत्नीको नाममा दर्ता रहेको ललितपुर सैंबु वडा नं. ४(क) कि.नं. ९२२ क्षे.फ. ०-१०-१-१ को जग्गा भ्रष्टाचार नियन्त्रण शाही आयोगको च.नं.४० मिति २०६१।१२।२५ को पत्रले रोक्का रहेकाले फुकुवा गरी पाऊँ भनी निवेदन दिएको, साबिकको भ्रष्टाचार नियन्त्रण शाही आयोगबाट रोक्का भएको भन्ने मालपोत कार्यालयको पत्र र जग्गाधनी दर्ता प्रमाणपत्रबाट देखिएको, निवेदक तत्कालीन अवस्थामा सि.डि.ई. भई उजुर परी अनुसन्धानको क्रममा रोक्का भएको तर पछि उजुरी तामेलीमा राखेको भनी निवेदकलाई च.नं. १७३ मिति २०६२।९।१३ को पत्रबाट जानकारी दिएको पत्रको छायाप्रति देखिएको र रोक्का राख्नुपर्ने आधार र कारण रहेको नदेखिँदा अन्य निकायबाट रोक्का राख्नु नपर्ने भए साबिक भ्रष्टाचार नियन्त्रण शाही आयोगबाट रोक्का भएको जग्गा फुकुवा गर्न लेखी पठाइएको ।

(९) निवेदक : मोहनरत्न ताम्राकार (ज.ध. कृष्णबहादुर पाण्डे यी निवेदकलाई अनुसन्धानमा जेथा जमानी दिने): विशेष प्रहरी विभागबाट अनुसन्धानका लागि जेथा जमानत माग भएकोमा जग्गावालाले मेरा लागि सोखेल गा.वि.स. वडा नं. ६ कि.नं. ९६ क्षे.फ. २-७-०-० को जग्गा जेथा जमानी दिएकोमा हाल प्रयोजन सकिएकाले रोक्का फुकुवा गरी पाऊँ भनी निवेदन दिएको, साबिकको विशेष प्रहरी विभागको च.नं. ५०७ मिति २०४६।२।२५ को पत्र र मालपोत कार्यालय, काठमाडौंको च.नं. १८५७ मिति २०४६।२।२७ को रोक्का पत्रको प्रतिलिपि रहेको, मालपोत कार्यालयको पत्रबाट पनि हालसम्म रोक्का रहेको देखिएको, हाल अनुसन्धान भइरहेको भन्ने नदेखिएको तथा यति लामो समयसम्म रोक्का राखी राख्नुपर्ने आधार र कारण रहेको नदेखिँदा अन्य निकायबाट रोक्का राख्नु नपर्ने भए साबिक विशेष प्रहरी विभागबाट रोक्का भएको जग्गा फुकुवा गर्न लेखी पठाइएको ।

(१०) निवेदक : कृष्णबहादुर चौधरी (ज.ध. निवेदकको सहोदर भाइ भोजा सिं चौधरी): म निवेदक टिम्बर कर्पोरेसनमा काम गर्दा मिति २०३८।११।२९ मा जुत्ता खरिदमा रु.१३२५।- हिनामिना गरेको अभियोगमा विशेष प्रहरी टुरमुकाम धनगढीबाट मेरो सहोदर भाइ भोजासिं चौधरीको नाममा रहेको कि.नं. १३१ क्षे.फ. ०-४-० तारानगर वडा नं. ४ कैलालीको जग्गा रोक्का भएको र मैले सफाइ पाएको हुँदा फुकुवा गरी पाऊँ भनी निवेदकले निवेदन दिएको । उक्त जग्गा विशेष प्रहरी विभाग टुरमुकाम धनगढीबाट रोक्का रहेको भनी मालपोत कार्यालय, कैलालीको च.नं. ७३८७, मिति २०७०।११।४ को पत्र प्राप्त भएको, निवेदकको व्यहोरा र मालपोत कार्यालयको पत्रानुसार रोक्का राखेको समय लामो भएको, अनुसन्धानमा नरहेको र रोक्का राखी राख्नुपर्ने आधार र कारण रहेको नदेखिँदा अन्य निकायबाट रोक्का राख्नु नपर्ने भए साबिक विशेष प्रहरी टुरमुकाम धनगढीबाट रोक्का भएको जग्गा फुकुवा गर्न लेखी पठाइएको ।

(११) निवेदक : ठुली कान्छी खड्का (मीनबहादुर खड्काकी श्रीमती): मेरा पति स्व. मीनबहादुर खड्काको नाममा दर्ताको कि.नं. ६२ क्षे.फ. १-१३-०-० र कि.नं. ३८८ क्षे.फ.१-१४-२-० को जग्गा नामसारी गरी घर व्यवहार चलाउन आवश्यक भएकाले विशेष प्रहरी विभागबाट रोक्का भएकाले फुकुवा गरी पाऊँ भनी निवेदकले निवेदन दिएको, मालपोत कार्यालय, साँखु, काठमाडौंको टिप्पणी र आदेशको प्रतिलिपि तथा साबिकको विशेष प्रहरी विभागको च.नं. ६० मिति २०४८।७।१७ को पत्रबाट रोक्का भएको भन्ने व्यहोरा । अनुसन्धानमा जेथा जमानी लिई रोक्का राखेको हुँदा मुद्दा चलाई कसुर कायम गरेको भए पनि फैसला कार्यान्वयन गर्ने निकाय अदालत नै रहेको तथा जेथा जमानी दिने व्यक्तिसमेतको मृत्यु भएको देखिँदा यति लामो समयसम्म रोक्का राखी राख्नुपर्ने आधार र कारण रहेको नदेखिँदा अन्य निकायबाट रोक्का राख्नुपर्ने नभए साबिक विशेष प्रहरी विभागबाट रोक्का भएको जग्गा फुकुवा गरी लेखी पठाइएको ।

(१२)निवेदकः चन्द्रवती राजवंशी (भाउजू), किशोरकुमार राजवंशी (देवर) (ससुरा तथा बाबु कुलिनचन्द्र राजवंशीको नामको जग्गा): हामी निवेदकहरूका ससुरा तथा बाबु कुलिनचन्द्र राजवंशीको नाममा दर्ताको जिल्ला झापा

महेशपुर वडा नं. २ कि.नं. ७८३ क्षे.फ. २-०-०-०, कि.नं. ४० क्षे.फ. ३-१९-०-०, कि.नं. ३१३ क्षे.फ. ०-१३-०-०, कि.नं. १२६ क्षे.फ. १-१६-०-०, कि.नं. ३०९ क्षे.फ. १-०-०-०, कि.नं. ३१० क्षे.फ. ०-९-१०-०, कि.नं. ३६ क्षे.फ. २-६-०-०, कि.नं. ७८१ क्षे.फ. २-७-०-०, कि.नं. ३०८ क्षे.फ. ०-१८-०-०, कि.नं. ४२ क्षे.फ. २-५-०-०, कि.नं. ३१२ क्षे.फ. ०-१३-०-०, कि.नं. ३११ क्षे.फ. ०-११-०-०, कि.नं. ४१ क्षे.फ. २-२-०-० जग्गा विशेष प्रहरी विभागको च.नं. ९१ मिति २०४८।११।२९ को पत्रबाट रोक्का रहेकाले जग्गाधनीको समेत मृत्यु भइसकेको हुँदा हामी हकवालाको नाममा जग्गा नामसारी गर्न रोक्का फुकुवा गरी पाऊँ भनी निवेदन प्राप्त भएको, साबिकको विशेष प्रहरी विभागबाट माथि उल्लिखित जग्गामध्ये महेशपुर वडा नं. २ अन्तर्गतका कि.नं. ४१, ४२, १२६, ७८१, ७८३, ३६ र वडा नं. ३ अन्तर्गतका कि.नं. ३०८, ३१२ जग्गा विशेष प्रहरी विभाग सिंहदरबारको च.नं. ९१ मिति २०४८।११।२९ को पत्रबाट रोक्का रहेको मालपोत कार्यालय, झापाको पत्रबाट देखिएको, जग्गाधनीको मृत्यु भएको, यी निवेदकहरू जग्गाधनीका बुहारी तथा छोरा रहेको नाता प्रमाणितपत्रबाट देखिएको, जग्गाधनीलाई फौजदारी कसुरमा मुद्दा चली सजाय भएको भए पनि मृत्युपछि सजाय माफ हुने कानुनी व्यवस्था रहेको हुँदा रोक्का राखी राख्नुपर्ने आधार र कारण रहेको नदेखिँदा अन्य निकायबाट रोक्का राख्नुपर्ने नभए साबिक विशेष प्रहरी, विभागबाट रोक्का भएको मालपोत कार्यालय, झापाको पत्रानुसारका जग्गा फुकुवा गर्न लेखी पठाइएको ।

(१३)निवेदक : नारायण चौधरी (ज.ध. स्व. फनीलाल चौधरी नाता बुबा): मेरा पिताको नाममा दर्ताको घोघनपुर गा.वि.स. वडा नं.१- हाल कन्चनरूप न.पा. ६ सप्तरीका कि.नं. ४४ क्षे.फ.०-८-०-०, कि.नं. ४५ क्षे.फ.०-२-१०-०, कि.नं. ७२ क्षे.फ.१-१६-१०-०, कि.नं. ७५ क्षे.फ.०-६-८-०, कि.नं. ८७ क्षे.फ.०-९-११-०, कि.नं. ५४ क्षे.फ.०-११-८-०, कि.नं. ६५ क्षे.फ.०-१-८-०, कि.नं. ६६ क्षे.फ.०-७-७-०, कि.नं. ८१ क्षे.फ.०-१-०-०, कि.नं. ७ क्षे.फ.०-१०-१५-०, कि.नं. ४२ क्षे.फ.०-५-१३-०, कि.नं. ९४ क्षे.फ.०-१६-१०-०, कि.नं. ३४ क्षे.फ.०-१-१६-०, कि.नं. १४१ क्षे.फ.०-६-१९-० समेत १४ कित्ता जग्गा जिल्ला सिंचाइ कार्यालय बारामा रहँदा म निवेदकसमेतले कोटेसनबाट काम गराउँदा भ्रष्टाचार गरेको भनी उजुर परी विशेष प्रहरी विभागबाट जेथा जमानी माग भई रोक्का भएको र सिंचाइ विभागले स्पष्टीकरणसम्म सोधेको र कुनै कारबाही नभई हाल सेवानिवृत भइसकेको तथा बुबा फनिलाल चौधरीको समेत मृत्यु भइसकेको हुँदा विशेष प्रहरी विभाग, काठमाडौंको च.नं. १५४ मिति २०५०।१०।२७ को पत्रबाट रोक्का रहेकाले फुकुवा गरी पाऊँ भनी निवेदकको निवेदन प्राप्त भएको । साबिकको विशेष प्रहरी विभाग काठमाडौंबाट रोक्का भएको मालपोत कार्यालय, कन्चनपुर सप्तरीको पत्रबाट देखिएको, यी निवेदकलाई विभागीय कारबाही गरेको भनिएको फाइल फेला नपरेको भनी सिंचाइ विभागको पत्र रहेको, यी निवेदकसमेतलाई भ्रष्टाचारमा मुद्दा चलाई कसुर ठहर भएको भए पनि सम्बन्धित जिल्ला अदालतले फैसला कार्यान्वयन गर्ने कानुनी व्यवस्था रहेको, हाल यी निवेदकउपर अनुसन्धान भइरहेको भन्ने नदेखिएको हुँदा अनुसन्धान अधिकारीले मागेको जेथा जमानी बापत यी निवेदकका बाबुको नामको जग्गा जेथा जमानी राखेको देखिएको हुँदा करिब २७ वर्षअघि रोक्का राखेको जग्गा हालसम्म रोक्का राखी राख्नुपर्ने आधार र कारण रहेको नदेखिँदा अन्य निकायबाट रोक्का राख्नुपर्ने नभए साबिक विशेष प्रहरी विभागबाट रोक्का भएको मालपोत कार्यालय, कन्चनपुर, सप्तरीको पत्रानुसारका कि.नं. ४४, ४५, ७२, ७५, ८७, ५४, ६५, ६६, ८१, ७, ४२, ९४, ३४ र १४१ का जग्गाहरू फुकुवा गर्न लेखी पठाइएको ।

(१४) निवेदक : प्रदीपकुमार यादव, विनोदकुमार यादव (ज.ध. मेरा ससुरा रामनारायण यादव): अ.दु.अ.आ.बाट अनुसन्धानको क्रममा जेथा जमानतबाट रोक्का भएको तथा मैले सर्वोच्च अदालतबाट सफाइ पाएको हुँदा रोक्का रहेको मेरो ससुराको नामको विराटनगर- १८, महादेवा गा.प. वडा नं. १ कि.नं. ७९४ क्षे.फ.०-१-८$\frac{१}{२}$ जग्गा फुकुवा गरी पाऊँ भनी निवेदकले निवेदन दिनुभएको । उक्त जग्गा अ.दु.अ.आयोगको च.नं. ८०३ मिति २०६१।१२।१६ को पत्रबाट रोक्का रहेको भनी मालपोत कार्यालय, विराटनगर मोरङको च.नं. ७४५५ मिति २०७७।१०।२२ को पत्रबाट देखिएको। सर्वोच्च अदालतको मिति २०७३।११।१९ को फैसलाबाट यी निवेदक विनोदकुमार यादवले सफाइ पाएको देखिएको । विशेष अदालतको च.नं. २४४३ मिति २०७४।१०।२९ को पत्रले विशेष अदालतले रोक्का राखेको उक्त जग्गा फुकुवा गर्न पत्राचार गरेको । यस आयोगबाट रोक्का रहेको भनी मालपोत कार्यालयको पत्रबाट देखिएको, अदालतको फैसला र रोक्का फुकुवा पत्रका अतिरिक्त हाल अनुसन्धान भएको पनि देखिएको नहुँदा उक्त जग्गा रोक्का राखी राख्नुपर्ने आधार र कारण रहेको

नदेखिँदा अन्य निकायबाट रोक्का राख्नुपर्ने नभए यस आयोगबाट रोक्का भएको मालपोत कार्यालय, विराटनगर, मोरङको पत्रानुसारका कि.नं. ७९४ को जग्गा फुकुवा गर्न लेखी पठाइएको ।

२०.५ सरकारी जग्गा व्यक्तिको नाममा दर्ता गरी गराई भ्रष्टाचार गरेको मुद्दा विशेष अदालत, काठमाडौंमा दर्ता भई सो अदालतबाट प्रतिवादीहरूले सफाइ पाउने ठहरी मिति २०७२।५।३ मा फैसला भएको र उक्त फैसलाउपर आयोगले सर्वोच्च अदालतमा पुनरावेदन गरेकोमा सर्वोच्च अदालतबाट समेत मिति २०७३।८।१९ गते विशेष अदालतको फैसला नै सदर हुने गरी फैसला भएको र सर्वोच्च अदालतको उक्त फैसलाउपर पुनरावलोकन नगर्ने गरी यस आयोगबाट मिति २०७३।१२।२४ मा निर्णयसमेत भइसकेको देखिँदा अनुसन्धानको क्रममा यस आयोगको पत्रबाट रोक्का रहन गएको ललितपुर जिल्ला ललितपुर उ.म.न.पा. वडा नं. ३ङ कित्ता नं. ८८२ क्षेत्रफल ०-१३-३-० जग्गा कित्ताकाट भई कि.नं. ९२४,९२५,९२६,९२७ कायम भई आयोगको पत्रानुसार रोक्का रहेको भनी भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको च.नं. १०४२ मिति २०७७।११।२३ को पत्रबाट देखिन आएको हुँदा निवेदक नारायणबहादुर के.सी.को निवेदनमा उल्लिखित जग्गाबाट कित्ताकाट भई कायम भएका उल्लिखित कित्ता जग्गा रोक्का राखिरहनुपर्ने अवस्था नदेखिँदा अन्य कुनै मुद्दा, निकाय वा व्यहोराबाट रोक्का राख्न नपर्ने भए प्रस्तुत मुद्दाबाट भएको रोक्का रहेको जग्गा फुकुवा गरी दिनु भनी आयोगको मिति २०७८।३।१७ को निर्णयानुसार मालपोत कार्यालय ललितपुरमा लेखी पठाइएको ।

## २.९ तामेली

आयोगमा पर्न आएका उजुरीहरूमध्ये आ.व. ०७७/७८ मा विस्तृत अनुसन्धानपश्चात गैरकानुनी सम्पत्ति आर्जनतर्फका उजुरी २१ र अन्य देहायबमोजिमका २४३ गरी जम्मा २६४ उजुरीहरू अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १९ को उपदफा (१२) तथा नियमावली, २०५९ को नियम १० बमोजिम तामेलीमा राखिएको छ ।

**तालिका २.१९**

**अनुसन्धानपश्चात तामेलीमा राखिएका फाइलहरू**

| क्र.सं. | उजुरीको व्यहोरा | तामेली निर्णय मिति |
|---|---|---|
| १. | पेट्रोलियम पदार्थ ढुवानीकर्ताहरूलाई बढी रकम भुक्तानी गरेको भन्ने भन्नेसमेत । | २०७७।४।१९ |
| २. | जिल्ला नवलपरासी सूर्यज्योति निम्न माध्यमिक विद्यालय, धौवादी-२ का शिक्षक जगन्नाथ पाण्डेले किर्ते कागजात पेस गरी अस्थायी अध्यापन अनुमतिपत्र लिएको र सोही आधारमा उक्त अस्थायी अध्यापन अनुमतिपत्रलाई मिति २०७५।३।२२ गते स्थायी अनुमतिपत्रमा परिणत गरी नपुगेको योग्यतालाई पुगेको भनी अध्यापन अनुमतिपत्र लिई भ्रष्टाचार गरेको हुँदा कारबाही गरी पाऊँ भन्नेसमेत । | २०७७।४।१९ |
| ३. | जिल्ला मकवानपुर, इन्द्रसरोबर गाउँपालिकाको हुमाने भन्ज्याङदेखि फर्पिङसम्मको सडक पिच गर्ने कार्यका लागि प्रदेश सरकारबाट विनियोजित १ करोड ५० लाखबाट पम्फा निर्माण सेवाले ठेक्का पाएकोमा गुणस्तरहीन कार्य गरेको, पिच गरेको सात दिनमै भत्केको, सोही सडकको बाँकी रकम ४९ लाखबाट दाउन्ने चौरदेखि शेर्पा गुम्बासम्मको उपभोक्ता समितिका अध्यक्षसमेतले गुणस्तरहीन कार्य गरी रकम हिनामिना गरेको भन्नेसमेत । | २०७७।५।१५ |
| ४. | जिल्ला चितवन, राप्ती न.पा. वडा नं. १ मा रहेको श्री राष्ट्रिय मा.वि., महादेवटार, पिप्लेलाई आ.व. २०६९/०७० मा चारकोठे भवन निर्माण गर्न जिल्ला शिक्षा कार्यालय, चितवनबाट रु.२४,००,०००।- सम्झौता भएकोमा पुरानै भवनमाथि दुईकोठे निर्माण गरी सम्झौताअनुसार नभएको, स्थानीय लोथर उपभोक्ता समितिले पनि करिब ७ लाख अनुदान दिएकोमा हालसम्म दुईकोठे भवन पनि निर्माण कार्य सम्पन्न नगरी अनियमितता गरेको भन्नेसमेत । | २०७७।५।१५ |
| ५. | महाकाली अञ्चल अस्पतालले आ.व. २०७३/७४ मा अस्पताल प्रयोजनका लागि उपकरण खरिद गर्दा अनियमितता गरेको भन्नेसमेत । | २०७७।५।१५ |
| ६. | श्री वनदेवी मा.वि., साँगा, सिन्धुपाल्चोकका शिक्षिका सावित्री सिलवालसमेतले दृष्टिविहीन विद्यार्थीका लागि नेपाल सरकारले उपलब्ध गराएको रकम हिनामिना गरी भ्रष्टाचार गरेको | २०७७।५।१५ |

| | | |
|---|---|---|
| | भन्नेसमेत । | |
| ७. | मोरङ जिल्ला ग्रामथान गाउँपालिकाले स्थानीय लोहन्द्रा खोलाको खोलाजन्य पदार्थको निकासी कर उठाउनका लागि टेन्डर आह्वान गरेकोमा सो गाउँपालिकाका निर्वाचित पदाधिकारीहरू र प्राविधिक शाखाका कर्मचारीहरूसमेतले गणेश ट्रेडर्स नामका हार्डवेयर पसलका सञ्चालकसँग आर्थिक चलखेल गरी ठूलाठूला काम गर्ने व्यवसायीलाई टेन्डर नदिई वार्षिक ३ लाखसम्मको काम गर्ने स्वीकृति पाएका गणेश ट्रेडर्सलाई २ करोड १ लाख बराबरको टेन्डरमा बिना कारण छुट दिएकाले कारबाही गरी पाऊँ भन्नेसमेत । | २०७७।५।२३ |
| ८. | साझा स्वास्थ्य सेवा सहकारी संस्था लि.ले भोटाहिटीस्थित पसल कवल २०७४ सालमा भाडामा लगाउन खोलेको बोलपत्रअनुसार पसल नं. २ र ६ को हकमा दोस्रो बढी कबोल गर्नेसँग सम्झौता गर्दा प्रथम बढी कबोल गर्नेको धरौटी जफत नगरेको भन्नेसमेत । | २०७७।५।२५ |
| ९. | राष्ट्रिय सूचना प्रविधि केन्द्र (NITC) ले आह्वान गरेको बोलपत्र नं. NITC/G/NCB-7-074/75 For Supply, Delivery and Installation of Security Appliance and Network Equipment मा अनुचित ढंगले RFP मगाई एउटै संस्थालाई मात्र भाग लिन लगाई नेपाल सरकारलाई आर्थिक भार हुने गरी सार्वजानिक खरिद ऐनविपरीत ICB गर्नुपर्नेमा NCB गरेर र प्रतिस्पर्धालाई सीमित गर्ने योग्यताका प्रावधान राखेर अनियमितता गरेको भन्नेसमेत । | २०७७।५।२५ |
| १०. | नेपाल विद्युत् प्राधिकरण, हेटौंडा वितरण केन्द्र, हेटौंडामा हेल्पर पद (तह-२) मा कार्यरत कर्मचारी रामजी प्रसाद अधिकारीको शैक्षिक योग्यताको प्रमाणपत्र नक्कली भएको भन्नेसमेत । | २०७७।५।२५ |
| ११. | महेन्द्र शिशु उच्च माध्यमिक विद्यालय, धर्मापुर, कैलालीका निजी स्रोत शिक्षक झनकबहादुर विश्वकर्माले नक्कली भारतीय प्रमाणपत्र पेस गरी जागिर खाएकाले निजको शैक्षिक योग्यताका प्रमाणपत्रहरू छानबिन गरी दोषीउपर आवश्यक कारबाही गरी पाऊँ भन्नेसमेत । | २०७७।६।१ |
| १२. | पोखरा विश्वविद्यालय सेवा आयोग, पोखराले रिक्त पदहरूको स्थायी पदपूर्तिका लागि गरिएको विज्ञापनको अन्तिम नतिजा प्रकाशन गर्दा अनुत्तीर्ण भएका आफन्तलाई उत्तीर्ण गराएको भन्नेसमेत । | २०७७।६।१२ |
| १३. | बाँसगढी नगरपालिका वडा नं. १ चेपाङ बर्दियाको स्वास्थ्य चौकी निर्माण उपभोक्ता समितिका अध्यक्ष अजय विष्टसमेतले नभएको कामलाई बढी गरेको देखाई बढी भुक्तानी लिएको भन्नेसमेत । | २०७७।६।१२ |
| १४. | मिति २०७७।४।८ गतेको डिभिजन वन कार्यालय, सुनसरीका डिभिजनल प्रमुख रामबाबु साहले विभिन्न व्यवसायीहरूसँग ५/६ लाख घुस रकम लिई मिति २०७७।४।९ गते सरकारी गाडीमा रौतहटतर्फ जाँदैछन् भन्नेसमेत । | २०७७।६।१२ |
| १५. | काठमाडौं उपत्यका खानेपानी लिमिटेडका महाप्रबन्धक तत्कालीन महाप्रबन्धक चन्द्रलाल नकर्मीले निजको शैक्षिक योग्यताको प्रमाणपत्र तथा नागरिकतामा जन्म मिति २०१२।८।९ लाई सच्याई मिति २०१५।५।१० बनाई जागिर बढी खाएर भ्रष्टाचारजन्य कार्य गरेको भन्नेसमेत । | २०७७।६।१२ |
| १६. | डिभिजन वन कार्यालय, नुवाकोटका तत्कालीन प्रमुख जय मंगल प्रसादले तादी सिमेन्ट एण्ड लाइम इन्डष्ट्रिज प्रा.लि.का अध्यक्ष होमनाथ भुसालसँग रु.६,००,०००।- घुस/रिसवत लिई भ्रष्टाचार गरेको भन्नेसमेत । | २०७७।६।२० |
| १७. | काठमाडौं महानगरपालिकास्थित खुलामञ्चमा काठमाडौं भ्युटावर बनाउन जिम्मा लिएको ठेकेदारसमेतले ५२ वटा सटर तयार गरेको र अन्य व्यक्ति समुदायसमेतले सटर बनाई रत्नपार्कको खुलामञ्च कब्जा गरेको भन्नेसमेत । | २०७७।६।२० |

| | | |
|---|---|---|
| १८. | जिल्ला दैलेख दुल्लु नगरपालिका वडा नं. १० स्थित श्री पञ्चकोशी ज्वाला माध्यमिक विद्यालयका प्रधानाध्यापक श्री गगनबहादुर खड्काले निम्न माध्यमिक तृतीय तहबाट अवकाश भई उच्च माध्यमिक तहको अनुदान कोटामा नियुक्ति लिई दोहोरो सुविधा लिएको भन्नेसमेत । | २०७७।६।२० |
| १९. | कर्णाली प्राविधिक शिक्षालयद्वारा सञ्चालित प्राविधिक एस.एल.सी. कार्यक्रममा विद्यार्थी भर्नाका लागि मिति २०७१।६।४ मा लिइएको प्रवेश परीक्षामा अनियमितता भएको भन्नेसमेत । | २०७७।६।२० |
| २०. | मोरङ जिल्ला उर्लाबारी नगरपालिकाले कानुनले करारमा नियुक्ति गर्न नपाउने भनेका पदमा करारमा रोजगारीको विज्ञापन खुलाएर लिखित परीक्षा सञ्चालन नगरी मौखिक परीक्षा देखावटी रूपमा संचालन गरी आफ्नो मान्छे नियुक्ति गर्ने, रोजगारी दिलाइदिन्छु भन्दै पैसा असुली गर्ने कार्य भएको भन्नेसमेत । | २०७७।६।२० |
| २१. | अछाम जिल्लाको मेल्लेख गाउँपालिकाले तयार गरेको पार्श्वचित्रमा व्यापक अनियमितता भएको भन्नेसमेत । | २०७७।६।२० |
| २२. | जिल्ला सिरहा, मिर्चैया नगरपालिकाको वडा नं. ३ स्थित बताहा खोलादेखि लालवीरको घर हुँदै नहरसम्मको सडकमा माटो फिलिङ र ग्राभेल गर्न र विराजपुर टोल एरियाको सडकमा नाला निर्माण र ग्राभेल गर्नका लागि निकासा भएको रकम किर्ते बिल भरपाई बनाई रकम हिनामिना गरेको भन्नेसमेत । | २०७७।६।२० |
| २३. | नेपाल प्रहरीका प्रहरी सहायक निरीक्षक गोबिन्दबहादुर साउदसमेतले डर धम्की दिई घुस/रिसवत माग गरेको भन्नेसमेत । | २०७७।६।२० |
| २४. | जिल्ला चितवन रत्ननगर नगरपालिका वडा नं. ३ स्थित बेल्सी हाजीपुर सडक कालोपत्रे तथा मर्मतमा वडा कार्यालयको रु.१०,५०,०००।- र उपभोक्ता समितिको रु.३,००,०००।- गरी कुल रु.१३,५०,०००।- कालोपत्रे तथा मर्मत गर्ने कार्यमा अनियमितता गरेको भन्नेसमेत । | २०७७।६।२६ |
| २५. | कास्की जिल्ला साबिक भरतपोखरी गा.वि.स. वडा नं. ७ घर भई हाल पोखरा महानगरपालिका वडा नं. १० राम बजार डेरा गरी बस्ने डण्डपानी पराजुलीकी छोरी विष्णुकुमारी पराजुलीले मिति २०४३।५।३१ मा जिल्ला प्रशासन कार्यालय, कास्कीबाट ना.प्र.नं. ४६० को नागरिकता लिएकोमा मिति २०६०।२।१५ मा पुनः जिल्ला प्रशासन कार्यालय, कास्कीबाट उमेर घटाई ना.प्र.नं. १३६१३३ को नागरिकता लिएको र वि.सं. २०५२ सालदेखि पोखरा महानगरपालिकाको कार्यालयमा भारतबाट ल्याएको नक्कली सर्टिफिकेटको आधारमा जागिर खाँदै आएको भन्नेसमेत । | २०७७।६।२६ |
| २६. | मालपोत कार्यालय, हरिवन, सर्लाहीमा कार्यरत खरिदार भरत शर्माले सेवाग्राहीबाट घुस रिसवत लिएको भन्नेसमेत । | २०७७।७।३ |
| २७. | मालपोत कार्यालय, जनकपुरधाम, धनुषामा कार्यरत नायब सुब्बा रामदेव यादवले सेवाग्राहीबाट घुस रिसवत लिएको भन्नेसमेत । | २०७७।७।३ |
| २८. | जिल्ला प्रशासन कार्यालय, काठमाडौंका कार्यालय सहयोगी विष्णु गौतमले कार्यालय परिसरको चौधरी खाजा घरमा गई सेवाग्राहीसँग रकम लेनदेन गर्दै गरेको भन्नेसमेत । | २०७७।७।३ |
| २९. | मिति २०७६।५।२६ गते यातायात व्यवस्था कार्यालय सवारी चालक अनुमतिपत्र एकान्तकुना, ललितपुरमा कार्यरत कम्प्युटर अपरेटर (करार) सैलेशकुमार निधीले सेवाग्राहीसँग शंकास्पद रकम लिएको भन्नेसमेत । | २०७७।७।३ |
| ३०. | धुर्कोटवस्तु गाउँ विकास समिति, गुल्मीको सामुदायिक विद्युतीकरण भवन निर्माण गर्नका लागि नेपाल विद्युत् प्राधिकरण र खानी निर्माण सेवाबीच रु.७५ लाखमा सम्झौता भएकोमा खानी निर्माण सेवाले ठेक्का रकमको ३०% मात्र रकम खर्च गरी अत्यन्त | २०७७।७।३ |

| | | |
|---|---|---|
| | कमसल निर्माण सामग्री प्रयोग गरी भवन निर्माण गरेको, निर्माण सम्पन्न भएको भनिएको उक्त भवनको ढलान गरिएको छतबाट पानी चुहिएको एवं भवनको विभिन्न भाग चर्किएको भन्नेसमेत । | |
| ३१. | जिल्ला संखुवासभा, खाँदबारी नगरपालिका कार्यालयको आ.व. ०७४/७५ मा संचालित जि.वि.स. गेटबाट भेंडेटार जाने बाटोको निम्ति रु.२५ लाख विनियोजन भएकोमा इस्टिमेटबमोजिम कार्य नभई केही समयमै चिरा-चिरा परेको हुँदा छानबिन गरी पाऊँ भन्नेसमेत । | २०७७।७।३ |
| ३२. | कपिलवस्तु जिल्ला बुद्धभूमि नगरपालिकाको मोर्मा गाउँमा आ.व. ०७३/७४ मा निर्मित ७०० मिटर कालोपत्रे नमुना सडकका लागि नेपाल सरकारको करिब रु.४६ लाख र उपभोक्ता समितिको करिब रु.८ लाख गरी जम्मा ५२ लाख लगानी भएको सडकमा ठेकेदार अनिल मल्लले गुणस्तरहीन काम गरेकाले सडक कालोपत्रे गरेको २ साता नबित्दै भत्किएको, उपभोक्ता समितिले लगानी गरेको सहभागिताबापतको रु.८ लाख ठेकेदारबाट फिर्ता लिएको र नेपाल सरकारबाट प्राप्त रकम हिनामिना भएको भन्नेसमेत । | २०७७।७।३ |
| ३३. | रौतहट जिल्ला गौर नगरपालिका वडा नं. ४ कि.नं. ६३४ क्षेत्रफल ०-३-१० बिघा जग्गाका जग्गाधनी दिनेशकुमार रिमालसमेतको नामबाट भन्सार कार्यालय गौरका नाममा कायम रहने गरी नेपाल सरकारले अधिग्रहण गरी दिनेशकुमार रिमालसमेतले मुआब्जासमेत बुझी लिइसकेको अवस्था हुँदा उक्त जग्गा भन्सार कार्यालय गौर र मालपोत कार्यालय गौरका कर्मचारीसमेतको मिलेमतोमा उक्त जग्गाधनीको नाम कट्टा नगरी हालसम्म दिनेशकुमार रिमालसमेतकै नाममा कायम रहिरहेको भन्नेसमेत । | २०७७।७।२० |
| ३४. | यातायात व्यवस्था कार्यालय, सवारी चालक अनुमतिपत्र, एकान्तकुना, ललितपुरमा मिति २०७६।५।२६ गते कार्यरत कर्मचारीले शंकास्पद रकम लिएको । | २०७७।७।२० |
| ३५. | यातायात व्यवस्था कार्यालय, सवारी चालक अनुमतिपत्र, एकान्तकुना, ललितपुरमा कार्यरत टा.ना.सु. कविता खड्काले मिति २०७६।५।२६ गते शंकास्पद रकम लिएको भन्नेसमेत । | २०७७।७।२० |
| ३६. | नेपाल विद्युत् प्राधिकरण, वितरण तथा ग्राहक सेवा निर्देशनालयका उपकार्यकारी निर्देशक रामचन्द्र पाण्डेसमेतले सोलार ग्रिड प्लान्ट निर्माण कार्यका लागि ठेक्का दिलाउन कमिसन लिएको भन्नेसमेत । | २०७७।७।२० |
| ३७. | सल्यान जिल्ला वनगाड कुपिण्डे नगरपालिका वडा नं. १ स्थित श्री प्रभाकर मा.वि देवस्थलमा वनगाड कुपिण्डे नगरपालिकाका नगर प्रमुख, विद्यालय व्यवस्थापन समितिका अध्यक्षसमेतको मिलोमतोमा नियमविपरीत शिक्षक नियुक्ति गरेको, बिना सूचना प्रतिस्पर्धा नगराई लेखाको कर्मचारी नियुक्ति गरेको, नगर प्रमुखले विद्यालयमा विभिन्न शीर्षकमा रकम निकासा गरी अध्यक्षसमेतको मिलोमतोमा आर्थिक दुरुपयोग गर्ने गरेको भन्नेसमेत । | २०७७।७।२० |
| ३८. | बाँके राष्ट्रिय निकुञ्ज बाँकेका प्रमुख संरक्षण अधिकृत प्रमोद भट्टराई र सहायक संरक्षण अधिकृत विष्णु रोकायासमेतले विभिन्न ठेकेदारहरूसँग घुस/रिसवत बापत लिएको रकम रु. ३,००,०००।- भन्दा बढी नगद र रु. ५,००,०००।- भन्दा बढीका बैंकमा जम्मा गरेका भौचरहरू लिई कार्यालयको बा२झ १८७३ नं. को सरकारी टोयटा हाइलक्स गाडीमा मिति २०७७।४।१९ गते बिहान करिब ७ बजे बाँकेदेखि काठमाडौंतर्फ जान लागेको हुँदा निजहरूलाई सो रकमसहित पक्राउ गरी कानुनबमोजिम कारबाही गरी पाऊँ भन्नेसमेत । | २०७७।७।२० |
| ३९. | दोलखास्थित तामाकोशी पुल डिजाइन तथा पुल निर्माण कार्य समयमा सम्पन्न नभएको भन्नेसमेत । | २०७७।७।२७ |

| | | |
|---|---|---|
| ४०. | जिल्ला समन्वय समिति, मकवानपुरले जिल्लाभरिबाट निस्किएको नदीजन्य पदार्थको राजस्व संकलन गर्न ७ करोड ५० लाख न्यूनतम अंक भएको ठेक्का १७ करोड ९१ लाख ७८ हजार रुपैयाँ (मु.अ. करबाहेक) मा एक व्यवसायीसँग सम्झौता गर्‍यो । बजार मूल्य र गत वर्षको जिल्लाभित्रको खपत परिमाण एवं निकासी परिमाण नखुलाई न्यूनतम ठेक अंक निर्धारण गर्‍यो । जि.स.स.ले २४ करोड ६२ लाख ६६ हजार आय हुने देखिएको करसमेत ८ करोड ४७ लाख ५० हजार रुपैयाँ कायम गरेबाट न्यूनतम अंक यथार्थ कायम नगरेको भन्ने सम्बन्धमा आ.व. ०७४/७५ मा नदीजन्य पदार्थको राजस्व संकलन गर्न न्यूनतम ठेक्का रकम कायम गर्दा यथार्थ रूपमा कायम नगरेको भन्नेसमेत । | २०७७।७।२७ |
| ४१. | जिल्ला कपिलवस्तु महेन्द्रकोट गा.वि.स.स्थित चंघाट प्रा.वि.मा कार्यरत शिक्षिका शारदा भुसालसमेतको शैक्षिक योग्यताको प्रमाणपत्र नक्कली भएकाले छानबिन गरी पाऊँ भन्नेसमेत । | २०७७।७।२७ |
| ४२. | विन्देश्वरप्रसाद पटेलले कानुनविपरीत कार्य गरेको, सिंगोलमा राष्ट्रपति चुरेको कार्यक्रममा सहायक वन अधिकृत संयोग बस्नेतसँगको मिलेमतोमा ६ करोडको काम गराई रकम हिनामिना गरेको, प्रधानमन्त्री योजना कार्यक्रममा ५० लाखको घोटाला गरेको, बोधवन जडिबुटीमा करिब १० लाख, उचिडीमा मदन पटेलबाट एक बिरुवा पनि नरोपी १० लाख रकम हिनामिना गरेको, तामगढी सिमसार क्षेत्रका लागि रु.४० लाख खर्च देखाएको तर काम नभएको भन्नेसमेत । | २०७७।७।२७ |
| ४३. | सुर्खेत जिल्लास्थित मध्यपश्चिमाञ्चल विश्वविद्यालय इन्जिनियरिङ केन्द्रीय संकाय सिभिल तेस्रो वर्षमा अध्ययनरत विद्यार्थीलाई सर्भे क्याम्पका लागि दाङ बिजौरीमा लैजाँदा नक्कली बिल भरपाई पेस गरी भ्रष्टाचार गरेको भन्नेसमेत । | २०७७।७।२७ |
| ४४. | मालपोत कार्यालय, कलंकीका नायब सुब्बा रमेश सुवेदी नाम गरेका कर्मचारीसमेतले मिति २०७६।७।२१ गते मनकामना लेखापढी व्यवसायीको कार्यालयका संचालकमार्फत रकम लिएको भन्नेसमेत । | २०७७।७।२७ |
| ४५. | ताराखोला गाउँपालिकाको कार्यालय रहेको भवनमा तला थप गर्ने क्रममा उपभोक्ता समिति र कार्यालय प्रमुख तथा लेखा प्रमुखबीच आर्थिक मिलेमतोमा प्राविधिक इस्टिमेटअनुसार काम नभएकोमा पनि कार्य सम्पन्न भएको मूल्यांकन गराई भ्रष्टाचार गरेको भन्नेसमेत । | २०७७।७।२७ |
| ४६. | नेपाल विद्युत् प्राधिकरण राजविराज वितरण केन्द्रको आर्थिक वर्ष ०६६/६७ को बजेटबाट उक्त केन्द्रका प्रमुख राधेशरण महतोसमेतको मिलेमतोमा सो केन्द्र अन्तर्गतका उपकेन्द्रहरूका सवस्टेसनहरूमा फिडरहरूको मर्मत नै नगरी मर्मतको बिल बनाई खाएको, सवस्टेसनहरूमा झारपात सरसफाइको कामै नगरी बिल मिलाई खाएको, कार्यालयमा गाडी हुँदाहुँदै व्यक्तिगत कामको लागि गाडी भाडामा लिई सो बापत भुक्तानी मिलाई खाएको भन्नेसमेत । | २०७७।८।११ |
| ४७. | नारायणी अस्पतालको स्तरोन्नति तथा क्याथल्याब खरिदका लागि प्राप्त करोडौं रकमलाई विधि प्रक्रिया मिचेर अधुरो काम गरी आर्थिक अनियमितता गरेकाले छानबिन गरी पाऊँ भन्नेसमेत । | २०७७।८।११ |
| ४८. | संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजनाको कार्यालय, जनकपुरले ठेक्का नं. 03/2076-077/FWSSMP_Janakpur को लागि आह्वान भएको बोलपत्रको Bid Document को Evaluation and Qualification Criteria अन्तर्गत Construction Experience in Key Activities मा सार्वजनिक खरिद ऐन तथा नियमावलीले निर्दिष्ट गरेको भन्दा विपरीत हुने गरी 600mm वा सो भन्दा माथिको साइजको RCC Pipe १२ कि.मि. Supply, laying, leveling and Joining गरेको अनुभव हुनुपर्ने भनी बोलपत्र आह्वान भएको थियो । सो | २०७७।८।१८ |

| | | |
|---|---|---|
| | बोलपत्रको BOQ बमोजिम 500mm Size को बढी परिमाण भए पनि प्रतिस्पर्धा सीमित गर्नका निमित्त 600mm वा सो भन्दा बढी साइजको कार्य अनुभव माग गरिएको सम्बन्धमा सो ठेक्का नं. 03/2076-077/FWSSMP_Janakpur मा अनियमितता भएको भन्नेसमेत । | |
| ४९. | जिल्ला बारा, साबिक जयनगर गा.वि.स. वडा नं. ७ कि.नं. २३९ को जग्गामा माछापालन उत्पादन गर्ने उद्देश्य रहेको फार्म दर्ताका लागि सम्बन्धित वडा कार्यालयले झुठो तथा किर्ते सर्जमिन मुचुल्का तयार गरी सिफारिस गरेकाले छानबिन गरी पाऊँ भन्नेसमेत । | २०७७।८।१८ |
| ५०. | काठमाडौं महानगरभित्र रहेका सार्वजनिक सडकहरूमा ट्राफिक संकेत बोर्ड व्यवस्थापन एवं त्यसमा राखिने विज्ञापनबापतको रकम उठाउन पाउने गरी जय जनता जागरण कल्याण परिषद्, अनामनगर र महानगरीय ट्राफिक कार्यालयबीच भएको सम्झौता कानुनविपरीत रहेकाले छानबिन गरी पाऊँ भन्नेसमेत । | २०७७।८।१८ |
| ५१. | जिल्ला कपिलवस्तु, कृष्णनगर नगरपालिका वडा नं. १२ मा आ.व. ०७४/७५ मा सञ्चालन भएका विभिन्न ६ वटा आयोजनाहरूमा नापी किताबअनुसार काम नगरी रकम हिनामिना गरी भ्रष्टाचार गरेको भन्नेसमेत । | २०७७।८।१८ |
| ५२. | बागमती नदी नियन्त्रण आयोजनाको ठेक्का नं. I-N/Bag/L-stud/P-62/2012-13 समयमा सम्पन्न गर्न नसकेको भन्नेसमेत । | २०७७।८।१८ |
| ५३. | रोहिणी गाउँपालिका वडा नं. २ का वडा अध्यक्ष सरोजकुमार पाण्डेले घुस/रिसवत लिई भ्रष्टाचार गरेको, विराट कृषि सहकारी संस्था लिमिटेडका अध्यक्ष निवेदक श्यामवचन यादवले रकम भुक्तानीका लागि झुठो बिल, भरपाई तयार गरी रोहिणी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयमा पेस गरी रु.२,००,०००।- अनुदान भुक्तानी लिई नेपाल सरकारलाई हानि नोक्सानी पुऱ्याएको भन्नेसमेत । | २०७७।८।२१ |
| ५४. | यातायात व्यवस्था कार्यालय, सानोभऱ्याङका नाम दर्जा नखुलेका कर्मचारीसमेतले मिति २०७६।८।२९ गते कार्यालय परिसरमा सेवाग्राहीसँग रकम लिएको भन्नेसमेत | २०७७।८।२५ |
| ५५. | सवारी प्रदूषण जाँच केन्द्र, टेकुका नाम दर्जा नखुलेका कर्मचारीसमेतले मिति २०७६।९।२३ गते कार्यकक्षमा सेवाग्राहीमार्फत रकम लिएको भन्नेसमेत । | २०७७।८।२५ |
| ५६. | जिल्ला कास्की, साबिक सिसुवा गा.वि.स. वडा नं. ८ कि.नं. ६९६ को जग्गा पोखरा उपत्यका नगर विकास समिति, कास्कीले तोकेको मापदण्ड एवम् बस्ती विकास निर्देशिका, २०७२ विपरीत कित्ताफोड गरेको भन्नेसमेत । | २०७७।८।२५ |
| ५७. | जिल्ला सप्तरी, साबिक बभनगामाकट्टी गा.वि.स. वडा नं. १ को कि.नं. ४८१ र कि.नं. ४८२ को ऐलानी पोखरी जनिएको जग्गा मालपोत र नापी कार्यालय, सप्तरीका कर्मचारीहरूको मिलेमतोमा कानुनविपरीत व्यक्ति विशेषको नाममा दर्ता गरेको भन्नेसमेत । | २०७७।८।२५ |
| ५८. | विभिन्न फर्म तथा व्यक्तिहरूबाट सडक पूर्वाधार विकास कार्यालय, बाँकेमा कार्यरत कार्यालय प्रमुख (सि.डि.ई.) मनिषकुमार अर्यालले लिएको घुस रकम रु.पाँच लाखभन्दा बढी रकमसहित कार्यालयको ६६-१-०७६१ नं.को गाडीमा मिति २०७७।५।१४ गते बिहान ८ बजेतिर नेपालगञ्जदेखि बुटवलतर्फ जाँदै गरेको हुँदा आवश्यक कारबाही गरी पाऊँ भन्नेसमेत । | २०७७।८।२९ |
| ५९. | यातायात व्यवस्था कार्यालय, ललितपुर, एकान्तकुनास्थित कार्यालयको सेवाप्रदायक र सेवाग्राहीबीच आपसी कुराकानी भई स्वास्थ्य परीक्षणबापत शुल्क छुट्टै कोठामा लिने भए तापनि Color Vision परीक्षणको क्रममा अनुत्तीर्णसँग चेक गर्ने अवस्थामा थप रकम लिएर उत्तीर्ण गराउने तथा रकम लिई जाने जस्ता गतिविधिहरू गरी रिसवत लेनदेन | २०७७।९।२ |

| | | |
|---|---|---|
| | गरेको अवस्थासमेतको गोप्य रूपमा भिडियो खिची आवश्यक कारबाहीका लागि भिडियो तथा छायाचित्रसमेत प्रमाणस्वरूप पेस गरेको भन्नेसमेत । | |
| ६०. | निक्षेप तथा कर्जा सुरक्षण कोष बुटवल शाखाका लागि जग्गा खरिद गर्दा बोलपत्र सूचनामा उल्लेख भएबमोजिमको मापदण्ड नपुगेको कमसल जग्गा शिलु श्रेष्ठको कि.नं. ८८७५ मध्येको नक्सामा बाटोसमेत नभएको जग्गा राजीनामा लिखतमा रु.५,५५,००,०००।- थैली राखी लिखत पारित गराई जग्गाधनीलाई ३,२२,००,०००।- को चेक दिई आर्थिक हिनामिना गरेको भन्नेसमेत । | २०७७।९।२ |
| ६१. | इलाका प्रहरी कार्यालय, लुम्बिनीका प्रहरी नायब निरीक्षक गगनसिंह बोगटीले घर बनाउने सटरिङका सामग्रीहरू किनेबापतको रकम तिर्न बुझाउन पर्नेमा नतिर्न नबुझाउन उजुरी मिलाइदिने प्रयोजनका लागि दुर्गेश यादव र निज प्र.ना.नि. बीच घुस रिसवत लेनदेन हुन गइरहेको भन्नेसमेत । | २०७७।९।२ |
| ६२. | कास्की जिल्ला, साबिक घान्द्रुक गा.वि.स. वडा नं. ७ हाल अन्नपूर्ण गाउँपालिका वडा नम्बर १० र ११ का बीचमा पर्ने कल्चाने खोलाको झोलुङ्गेपुल निर्माणमा इस्टिमेटअनुसारको कार्य नगरी प्राविधिक कर्मचारीको मिलेमतोमा रकम निकाली हिनामिना गरेको भन्नेसमेत । | २०७७।९।८ |
| ६३. | नेपाल विद्युत् प्राधिकरणले विभिन्न आ.व.हरूमा तामाको Winding Material भएको भनी Aluminum को Winding भएको, अत्यधिक बढी No Load Loss र Full Load Loss हुने र कम तौलसमेतको ट्रान्सफर्मर खरिद गरी भ्रष्टाचार गरेको विषयमा विशेष अदालतमा मुद्दा विचाराधीन रहेको अवस्थामा भ्रष्टाचारको विषयलाई विवाद परेको भनी अर्थ लगाई मध्यस्थकर्ता नियुक्त गरेको भन्ने । | २०७७।९।८ |
| ६४. | जिल्ला शिक्षा कार्यालय, महोत्तरीबाट आ.व. ०७०/७१ को विद्यालयहरूको सरोकारवाला क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन नै नगरी कार्यक्रमसँग असम्बन्धित व्यक्ति करार सेवाअन्तर्गत कार्यरत इन्जिनियर मुकेशकुमार दुवेलाई जि.शि.अ. प्रमोदकुमार साह र लेखापाल लक्ष्मण रायको मिलेमतोमा रु.३०,००,०००।- पेश्की दिइएकोमा सो कार्यक्रम नियमानुसार सञ्चालन नगरी नक्कली कागजात तयार गरी रकम हिनामिना गरेको भन्नेसमेत । | २०७७।९।८ |
| ६५. | जिल्ला सर्लाही, मलंगवा नगरपालिका वडा नं. ११ गम्हरिया चोकदेखि लक्ष्मण साह कानुको घरसम्म सडक ढलान गर्दा बढी दररेट राखी भुक्तानी गरेको भन्नेसमेत । | २०७७।९।८ |
| ६६. | कास्की जिल्ला माछापुच्छ्रे गाउँपालिका-८, ल्वाङघलेलस्थित श्री बाराही आधारभूत विद्यालय (तत्कालीन श्री बाराही निम्न माध्यमिक विद्यालय)मा शौचालय निर्माणका लागि साबिकको जिल्ला शिक्षा कार्यालय, कास्कीबाट विनियोजित रु.२,००,०००।- रकम हिनामिना गरेको भन्नेसमेत । | २०७७।९।८ |
| ६७. | मालपोत कार्यालय, कलंकी, भक्तपुर तथा लगनखेलमा निगरानीको क्रममा अनियमितता वा कानुनविपरीतका कार्य वा वार्तालाप र सेवाप्रदायक र सेवाग्राहीबीच रिसवत लेनदेन गरेको भन्नेसमेत । | २०७७।९।८ |
| ६८. | नेपाल कृषि अनुसन्धान परिषद्मा कार्यरत वरिष्ठ वैज्ञानिक पुरुषोत्तमप्रसाद खतिवडा र प्राविधिक अधिकृत रामबहादुर कटुवालसमेतले बिदा स्वीकृत गराई अन्यत्र काम गरी दोहोरो सुविधा लिएको भन्नेसमेत । | २०७७।९।१६ |
| ६९. | राष्ट्रिय पशु प्रजनन् कार्यालय, पोखराको मिति २०७५।८।२८ गतेको प्रकाशित तरल नाइट्रोजन कन्टेनर खरिदसम्बन्धी ६ वटा बोलपत्रको सूचनाअनुसार तरल नाइट्रोजन कन्टेनर खरिद गर्दा रु.५० लाख घोटाला भएको भन्नेसमेत । | २०७७।९।१६ |
| ७०. | दैलेख जिल्ला, साबिक लाँकुरी गा.वि.स. वडा नं. ६ हाल डुङ्गेश्वर गाउँपालिका वडा नं. | २०७७।९।१६ |

| | | |
|---|---|---|
| | २ स्थित कुइयाँतालको संरक्षणका लागि निर्माण कार्य गर्दा आ.व. २०७२/०७३ मा रु.१०,००,०००।- रकम विनियोजन भएकोमा अनियमितता गरी भ्रष्टाचार गरेको भन्नेसमेत । | |
| ७१. | दैलेख जिल्ला, साबिक लाँकुरी गा.वि.स. वडा नं. ६ हाल डुङ्गेश्वर गाउँपालिका वडा नं. २ स्थित कुइयाँतालसम्म जाने फुट ट्रेल (पदमार्ग) निर्माण गर्दा आ.व. २०७३/०७४ समेतमा रकम हिनामिना गरी भ्रष्टाचार गरेको भन्नेसमेत । | २०७७।९।१६ |
| ७२. | सल्यान जिल्ला बनगाड कुपिन्डे न.पा. वडा नं. ५ स्थित रामजानकी प्रा.वि.को भवन निर्माण गर्दा रकम हिनामिना गरी अनियमितता गरेको भन्नेसमेत । | २०७७।९।१६ |
| ७३. | राष्ट्रिय अनुसन्धान विभागअन्तर्गतका कार्यालयहरूका प्रमुखले कार्यालय प्रयोजनका लागि आएको भ्रमण खर्च, इन्धन, सञ्चार, पानी बत्तीजस्ता सबै बजेट एकलौटी रूपमा खर्च गरी भरपर्दो सूचना सम्प्रेषणमा बाधा परी सरकारी रकमसमेत हिनामिना गरी भ्रष्टाचार गरेको भन्नेसमेत । | २०७७।९।२३ |
| ७४. | यातायात व्यवस्था कार्यालय, सानोभऱ्याङका राजकुमार नाम गरेका कर्मचारीसमेतले मिति २०७६।८।२९ गते रमेश पुरी नाम गरेका सेवाग्राहीसँग आर्थिक लेनदेन गरेको भन्नेसमेत । | २०७७।९।२३ |
| ७५. | खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, बाँकेका सव-इन्जिनियर खगेन्द्र खत्रीले अध्ययन बिदा नलिई Sharda University मा M tech अध्ययन गरेको हुँदा छानबिन गरी आवश्यक कारबाही गरी पाऊँ भन्नेसमेत । | २०७७।९।२३ |
| ७६. | पश्चिम नेपालका केही साना जलविद्युत् आयोजनाहरू (बझाङ, बाजुरा र रुकुमको स्यार्पुदह) को मर्मत तथा पुनःस्थापना गर्ने कार्यमा अनियमितता भएको हुँदा छानबिन गरी कारबाही गरी पाऊँ भन्नेसमेत । | २०७७।९।२३ |
| ७७. | जिल्ला बारा, परवानीपुर गाउँपालिका वडा नं. २ रामपुर टोकनीमा रामजानकी मन्दिर पर्खाल निर्माण कार्य, सडक ढलान तथा नाला निर्माण गर्ने कार्य, वडा नं. २ को वडा कार्यालयमा पर्खाल लगाउने र कल गाड्ने कार्य योजनाहरूमा आफ्नो नजिकका नातेदारहरूलाई राखी बैठक नै नगरी उपभोक्ता समिति गठन गरेको, प्राविधिकको लागत इस्टिमेटलाई ख्याल नगरी आफ्नो मनोमानी ढंगले कमसल, गुणस्तरहीन सामान प्रयोग गरी कार्य सम्पन्न गरी व्यापक हिनामिना गरेको भन्नेसमेत । | २०७७।९।२३ |
| ७८. | काठमाडौं जिल्ला साबिक धोबीखोलाको नदी उकासको जग्गा भू-माफियाको मिलोमतोमा व्यक्ति विशेषको नाममा दर्ता गरेको, प्रमुख नापी अधिकृतले निज तत्कालीन ६ नं. नापी गोश्वारामा हुँदा साबिक चपली गा.वि.स. वडा नं. ९ग२ को नक्सामा कायम साबिक धोबीखोला पुनः नापनक्सा हुँदा साबिक धोबीखोलाको जग्गासमेत घुसाइ करोडौंको लाभ लिई कि.नं. १३३, १३४ र १४३ कायम गरी व्यक्तिविशेषको नाममा दर्ता गरेको, प्रमुख नापी अधिकृत प्रकाश जोशीले पदीय आचरण प्रवाह नगरी उच्चपदस्थ पदाधिकारीलाई समेत आफ्नो प्रभावमा पारी सरकारी, सार्वजनिक जग्गा व्यक्तिहरूसँग मोलमोलाई गरी आर्थिक लाभ लिई व्यक्तिविशेषको नाममा दर्ता गरेको, प्रमुख नापी अधिकृत गणेशप्रसाद भट्टसमेतले गलत र दुराशयपूर्ण मानसिकताले प्रतिवेदन तयार गरेको भन्नेसमेत । | २०७७।९।२३ |
| ७९. | स्थानीय पूर्वाधार विभाग अन्तर्गत सञ्चालित Rural Connectivity Improvement Project (RCIP), रुकुमका योजना प्रमुख मनिष अर्यालसमेतले Baluwa-Naigadpul-Tribeni Road र Sitalpokhari-Jhulkhet-Chunwang Road को प्रथम रनिङ बिल भुक्तानी गर्दा प्रचलित कानुनविपरीत बढी भुक्तानी गरेको भन्नेसमेत । | २०७७।९।२३ |
| ८०. | मालपोत कार्यालय, लगनखेलका नाम दर्जा नखुलेका कर्मचारीसमेतले मिति २०७६।८।४ गते कार्यालय परिसर बाहिर सेवाग्राहीसँग रकम लिएको भन्नेसमेत । | २०७७।१०।२ |

| | | |
|---|---|---|
| ८१. | मालपोत कार्यालय, साँखुका नायब सुब्बा प्रधुम्नप्रसाद कुइँकेल नाम गरेका कर्मचारीसमेतले मिति २०७६।८।५ गते कार्यालयको चमेनागृहमा लेखापढी व्यवसायीमार्फत रकम लिएको भन्नेसमेत । | २०७७।१०।२ |
| ८२. | नापी कार्यालय, लगनखेल, ललितपुरका कार्यालय सहयोगी चन्द्रबहादुर गुरूङले मिति २०७६।७।१७ गते कार्यालय प्रवेशद्वार नजिकै कमल नाम गरेका सेवाग्राहीसँग रकम लिएको भन्नेसमेत । | २०७७।१०।२ |
| ८३. | मालपोत कार्यालय, मनमैजु, काठमाडौंका नायब सुब्बा बच्चु चापागाईंले बिचौलियामार्फत कार्यालय समयपश्चात कार्यालय परिसर बाहिर रहेको पोखरेल ढकाल कानुनी सेवाको कार्यालयमा गई घुस/रिसवत लेनदेन गरिरहेको भन्नेसमेत । | २०७७।१०।२ |
| ८४. | कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा कार्यरत कार्यालय सहयोगी नन्दुलाल महर्जनले मिति २०७६।१०।१० गते कार्यालय परिसरमा रहेको चमेनागृहमा बिचौलियामार्फत रकम लिएको भन्नेसमेत । | २०७७।१०।२ |
| ८५. | राष्ट्रिय पुनर्निर्माण प्राधिकरण अन्तर्गत तारकेश्वर नगरपालिका, काठमाडौंमा कार्यरत इन्जिनियर लक्ष्मीशोभा महर्जनले मिति २०७६।९।१४ गते कार्यालय परिसर बाहिर सेवाग्राहीसँग रु.५००।- लिएको भन्नेसमेत । | २०७७।१०।२ |
| ८६. | महानगरीय प्रहरीवृत्त बौद्धका तत्कालीन कार्यरत प्रहरी नायब उपरीक्षक श्यामकुमार राई भएको घुस/रिसवत लिई भ्रटाचार गरेको मुद्दाको सक्कल मिसिल संलग्न जाहेरी निवेदन, बरामदी मुचुल्का, खानतलासी मुचुल्कामा रकम, मिति, बार लगायतका विषयहरू सच्याएको भन्नेसमेत । | २०७७।१०।२ |
| ८७. | जिल्ला शिक्षा कार्यालय, तनहुँ अन्तर्गतका विद्यालय श्री बालमन्दिर मा.वि., व्यासमा कार्यरत शिशु सहयोगी कार्यकर्ता चन्द्रकला वाग्लेको देशबाहिर (भारतीय) बोर्डबाट जारी गरिएको शैक्षिक योग्यताको प्रमाणपत्र रहेको भन्नेसमेत । | २०७७।१०।२ |
| ८८. | यातायात व्यवस्था कार्यालय, बिर्तामोडका नाम, दर्जा नखुलेको कर्मचारीहरूको मिलोमतोमा विचौलियासँग रकम लिई भित्रभित्रै काम सहजीकरण गरिदिएको भन्नेसमेत । | २०७७।१०।९ |
| ८९. | यातायात व्यवस्था कार्यालय, बिर्तामोडको मोटरसाइकल शाखा कोठा नं. ९ मा कार्यरत पुस्कर (थर दर्जा नखुलेको) व्यक्तिको छायाचित्र र चलचित्रमा सो नामको कर्मचारीले बिचौलियाले ब्लुबुकभित्र लुकाई दिएको रकम कार्यकक्षमा लिएको भन्नेसमेत । | २०७७।१०।९ |
| ९०. | विराटनगर भन्सार कार्यालयमा ड्युउटीमा खटिएका ट्राफिक प्रहरी नायब निरीक्षक सुन्दरश्याम पोखरेलले सेवाग्राहीबाट लिएको घुस/रकम गन्दै गरेको छायाचित्र रहेको भन्नेसमेत । | २०७७।१०।९ |
| ९१. | सडक डिभिजन, विराटनगर र ठेकेदार सौरभ कन्स्ट्रक्सन इटहरी, सुनसरीबीच भएको ठेक्का नं. DROBRT/3371653/073/074/260 को धरान-भे|डेटार सडक खण्डमा सर्फेस ड्रेसिङ गर्ने कार्यको सम्झौताअनुसारको निर्माण कार्य सम्पन्न भई सडक डिभिजन, विराटनगरबाट तयार भएको मिति २०७७।३।२६ गतेको रु.२६,६४,७१९।- को कृषि विकास बैंक लिमिटेडको चेक नं. ०००८८८१०६० को A/C payee चेक सौरभ कन्स्ट्रक्सनलाई दिनुपर्नेमा नदिई उक्त चेक सडक डिभिजन, विराटनगरका प्रमुख पशुपति ज्ञवालीले अनेकौं बाध्यतामा पारी सौरभ कन्स्ट्रक्सनको छाप लगाउन लगाई उक्त चेक आफ्नो कब्जामा लिई कालोसूचीमा राखी दिने, १०% फाइन गर्ने जस्ता विभिन्न डरत्रास देखाई साह निर्माण सेवा, इनरुवाका जयप्रकाश साहको नाममा सौरभ कन्स्ट्रक्सनको राष्ट्रिय वाणिज्य बैंक, इटहरीको खाता नं. २५५०००१७०८०१ को चेक नं. ००१९८४०११२ को Blank चेक लिई गएको भन्नेसमेत । | २०७७।१०।९ |
| ९२. | वाणिज्य, आपूर्ति तथा उपभोक्ता हित संरक्षण विभाग, बबरमहलमा खरिदार पदमा | २०७७।१०।९ |

| | | |
|---|---|---|
| | कार्यरत रामबहादुर थापाले मिति २०७६।११।१६ गते सेवाग्राहीमार्फत कार्यालय परिसर बाहिर रकम लिएको भन्नेसमेत । | |
| ९३. | खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडका कर्मचारीहरूको लापरबाहीको कारण लाखौं मूल्य बराबरको बासमती चामल गोदाममा नै कुहिन गई सरकारी रकमको दुरुपयोग भएको भन्नेसमेत । | २०७७।१०।९ |
| ९४. | जिल्ला दार्चुला साबिक गोकुलेश्वर गा.वि.स. वडा नं. ५ हाल शैल्यशिखर नगरपालिका वडा नं. ९ घर भई महाकाली सिंचाइ आयोजनाका का.मु. आयोजना निर्देशक (सि.डि.ई.) वर्ष ५१ को प्रचण्डदेव विष्ट र जिल्ला कास्की लेखनाथ पोखरा महानगरपालिका वडा नं. ५ घर भई हाल काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. १४ कलंकी बस्ने वर्ष २५ की रिया भन्ने अस्मी थापासमेत मदिरा सेवन गरेको अवस्थामा फेला पारी चेकजाँच तथा खानतलासी गर्ने क्रममा कोठाको उत्तरपूर्वपट्टि रहेको काठको दराजभित्र रहेको रातो झोलाबाट स्रोत नखुलेको रकम रु.११,००,०००।- समेत रीतपूर्वक बरामद गरेको भन्नेसमेत । | २०७७।१०।९ |
| ९५. | जिल्ला रूपन्देही लुम्बिनी सांस्कृतिक नगरपालिका वडा नं. ८ बस्ने साविया खातुन मु.ले नागरिकताको प्रमाणपत्र लिँदा जन्म मिति २०२४।१।८ उल्लेख गरी लिएको र पछि मिति २०६६।५।८ मा प्रतिलिपि लिँदा २००६।१।८ उल्लेख गरी नागरिकता प्रमाणपत्र बनाई ज्येष्ठ नागरिक सामाजिक सुरक्षा भत्ता लिई राष्ट्रलाई घाटा बनाएको भन्नेसमेत । | २०७७।१०।९ |
| ९६. | जिल्ला शिक्षा कार्यालय, बाराका जि.शि.अ. अरुणकुमार कोइरालाले विद्यालय सञ्चालन अनुमतिपत्र नक्कली भएको विद्यालयहरूलाई कमिसन लिएर भौतिक सुविधा, छात्रवृत्ति लगायतको रकम निकासा गरेको भन्नेसमेत । | २०७७।१०।१५ |
| ९७. | लोक सेवा आयोगको वि.नं. १८३/०७१/०७२ मिति २०७१।८।२४ को विज्ञापनअनुसार सामान्य प्रशासन समूहको शाखा अधिकृत पदमा ज्येष्ठता र का.स.मु.द्वारा हुने बढुवाको दरखास्त फारमसाथ कृष्णसिंह नायकले नक्कली शैक्षिक प्रमाणपत्र समावेश गरी दरखास्त दिएको भन्नेसमेत । | २०७७।१०।१५ |
| ९८. | डिभिजन सडक कार्यालय, अछामले आ.व. २०७२/०७३ मा गरेको ठेक्काहरू (ठेक्का नं. DROSNFL3371653/072/073/01, ठेक्का नं. DROSNFL 3371653/072/073/03 ठेक्का नं. DROSNFL3371653/072/073/05, ठेक्का नं. DROSNFL3371653/072/073/15 र DROSNFL3371653/072/073/34) को मर्मत कार्य लागत अनुमान अनुसार नभएको तथा गुण्स्तरयुक्त समेत नभएको हुँदा स्थलगत छानबिन कारबाही गरी पाऊँ भन्नेसमेत । | २०७७।१०।१५ |
| ९९. | जिल्ला सिरहा, धनगढीमाई नगरपालिका वडा नं. ११ र १२ जोड्ने डुम खोलामा पक्की पुल निर्माण गर्नका लागि नगरपालिकाबाट रु.२२ लाख रकम निकासा भई उपभोक्ता समितिका अध्यक्ष श्री प्रकाश यादवलाई कामको जिम्मा दिइएकोमा निजले नगरपालिकाका प्राविधिकसँग मिलेर पुलको पिलर R.C.C हुनुपर्नेमा ढुङ्गाको वाल बनाएको, कम गुणस्तरको सिमेन्ट, रड र माटो प्रयोग गरी रु.५ लाख रकममा पुलको निर्माण सम्पन्न गरी सबै रकम खर्च भएको किर्ते कागजपत्र बनाई सम्पूर्ण रकम निकासा गरी हिनामिना गरेको भन्नेसमेत । | २०७७।१०।१५ |
| १००. | सर्लाही, जिल्लाका विभिन्न स्थानमा शैक्षिक सत्र, २०६४ पछि खुलेका केही विद्यालयहरू शिक्षा ऐन, तथा नियमावलीले तोकेका मापदण्ड पूरा नभएका, नक्सांकन बेगर खुलेका तथा झुठा शैक्षिक तथ्यांक लगायतका कागजातहरू पेस गरी रकम निकासा लगि दुरुपयोग गरेको भन्नेसमेत । | २०७७।१०।१५ |
| १०१. | जिल्ला सप्तरी साबिक बेल्ही चपेना गा.वि.स. वडा नं. ७ स्थित राम जानकी प्रा.वि. छातापुरका प्रधानाध्यापक मोहमद सिद्धि हुसेनले आ.व. ०६९/७० मा ५० विद्यार्थी | २०७७।१०।१५ |

| | | |
|---|---|---|
| | मात्रै रहेकोमा जिल्ला शिक्षा कार्यालयमा १६० जनाको दिवा खाजाबापत रु.२,६०,०००।- लिए पनि एक वर्षमा ३ महिना मात्रै दिवा खाजा खुवाइएको, अभिभावकसमेतले ०६९/७० को हरहिसाब माग गर्दा निज प्रधानाध्यापकले २०७०।९।२६ को बैठकमा छलफल हुँदा रु.३,००,०००।- मासेको निर्णय भएको देखाई जिल्ला शिक्षा कार्यालयसमेतको मिलोमतोमा रकम हिनामिना भएको भन्नेसमेत । | |
| १०२. | मुगु जिल्लाका साबिक विभिन्न गाउँ विकास समितिहरूमा वि.सं. २०७१ कात्तिक ८ गते परेको असिनाले अन्नबाली क्षति भएपछि सरकारबाट पीडितका लागि आएको राहतको खाद्यान्न जुम्लाको गोठीज्युलाबाटै रातारात गायब भएको एवं पीडितको नक्कली विवरण बनाई खाद्य संस्थानबाट लाखौं रुपैयाँ भुक्तानी लिएको भन्नेसमेत । | २०७७।१०।१५ |
| १०३. | नेपाल विद्युत् प्राधिकरण, ढल्केबर ग्रिड शाखा, धनुषाका कार्यालय प्रमुख उप-प्रबन्धक (नवौं तह) रितेश गुप्ताले भुक्तानीका लागि आवश्यक पर्ने कागजातहरू स्वीकृत नहुँदै कार्यालय अन्तर्गत सञ्चालित विभिन्न योजनाहरूको भुक्तानी (पार्टी पेमेन्ट) दिन भनी पहिले नै रु.१ करोडभन्दा बढी रकमका चेकहरू काटी उक्त चेकहरू लिएर मिति २०७७।४।२४ गते काठमाडौंतर्फ जाने हुँदा निजलाई कारबाही गरी पाऊँ भन्नेसमेत । | २०७७।१०।१५ |
| १०४. | भूमिसुधार तथा मालपोत कार्यालय, भद्रपुर, झापामा कार्यरत विभिन्न कर्मचारीहरूले सेवाग्राहीसँग शंकास्पद रकम लिंदै गरेको भन्नेसमेत । | २०७७।१०।२६ |
| १०५. | तत्कालीन शैक्षिक जनशक्ति विकास केन्द्र (हाल शिक्षा तथा मानवस्रोत विकास केन्द्र) सानोठिमी, भक्तपुरले निर्माण गरेको टेलिएजुकेसन सेन्टरको भवन निर्माणमा गुणस्तरीय निर्माण सामग्री प्रयोग नहुँदा नवनिर्मित टेलिएजुकेसन सेन्टर भवनको छाना निर्माण सम्पन्न नहुँदै चुहिएको भन्नेसमेत । | २०७७।११।१० |
| १०६. | आफ्नो नाममा कायम रहेको जिल्ला पर्सा साबिक ठोरी गा.वि.स. वडा नं.५(क) को कि.नं. १३१, १०५, ११७, ११८, ४७, ४४, ४३, ४०, ५३, र ५६ को जग्गाहरू जग्गाधनीको उपस्थिति बिना नै गम्भीरसिंह घिमिरेले किर्ते गरी हालको बकसपत्र लेखाई आफ्नो नाममा पारित गराएकाले सो कार्यमा संलग्न सबैलाई कारबाही गरी पाऊँ भन्नेसमेत । | २०७७।११।१० |
| १०७. | महालेखापरीक्षकको त्रिपन्नौं वार्षिक प्रतिवेदन, २०७२ अनुसार सडक विभाग अन्तर्गतका विभिन्न परियोजनाहरू संचालन गर्दा मूल्य समायोजनमा बढी भुक्तानी भएको भन्नेसमेत । | २०७७।११।१० |
| १०८. | गुणस्तर तथा नापतौल कार्यालयका चार कर्मचारी (वीरेन्द्र उपाध्याय, पदमबहादुर रोका, उदयप्रताप सिंह र सत्यनारायण चौधरी) ले वीरगञ्जस्थित एक कारखानामा अनुगमनका नाममा उद्योगलाई कारबाहीको धम्की दिई त्यहाँको उपकरण उठाएर जफत गरी एकै छिनपछि रु.११,०००।- उद्योगका प्रतिनिधिबाट बुझेपछि उपकरण फिर्ता गरेको भन्नेसमेत । | २०७७।११।१० |
| १०९. | यातयात व्यवस्था कार्यालय, जनकपुरधाम, धनुषाबाट स्काभेटर र लोडर (J1,J2), ट्रयाक्टर लगायत गाडीहरूको लाइसेन्सको प्रयोगात्मक परीक्षा उत्तीर्ण गराइदिएबापत दलालहरूमार्फत कार्यालय सहयोगी भोगेन्द्र कापर र अधिकृत छैटौं अनिल गिरी भन्ने तेजेन्द्रकुमार गिरीले यातायात व्यवस्था कार्यालय, जनकपुरधाम धनुषाको भवनमा मिति २०७७।१०।१३ गते रकम संकलन गरी राखेको भन्नेसमेत । | २०७७।११।१७ |
| ११०. | राष्ट्रसेवक कर्मचारी इलाका प्रहरी कार्यालय, सिमरा, बाराका प्र.ना.नि.ले उजुरी निवेदकसँग घुस/रिसवत लिन मोलाहिजा गरेको भन्नेसमेत । | २०७७।११।१७ |
| १११. | वादी नेपाल सरकार प्रतिवादी प्रहरी चौकी गन्जभवानीपुर, बाराका तत्कालीन प्रहरी नायब निरीक्षक जटाशंकरप्रसाद कलवार भएको घुस/रिसवत लिई भ्रष्टाचार गरेको कसुरमा मिति २०७६।८।१० गते विशेष अदालत, काठमाडौंमा दायर गरिएको मुद्दामा वादी | २०७७।११।१७ |

| | | |
|---|---|---|
| | पक्षको साक्षीका रूपमा पेस गरिएका उजुरी निवेदक फुल महमद अन्सारीले बकपत्र गर्दा निवेदनको व्यहोरा र अनुसन्धानको क्रममा गरेको कागजको व्यहोरालाई अन्यथा हुने गरी प्रतिकूल बकपत्र गरेको भन्नेसमेत । | |
| ११२. | नेपालगन्ज भन्सार कार्यालयबाट मिति २०७५।२।२४ गतेका दिन नक्कली प्रज्ञापनपत्र प्रयोग गरी धुलो दूध चोरी पैठारी गरी नेपालगन्ज भन्सार यार्डबाट काठमाडौंसम्म ढुवानी भई राजस्व चुहावट गरेको भन्नेसमेत । | २०७७।११।१७ |
| ११३. | गण्डकी गाउँपालिका, गोरखाको नाकाबाट प्रवेश गर्ने सवारी साधनको पटके कर संकलन सम्झौता गर्दा बोलपत्रमा उल्लेख गरेको भन्दा फरक तरिकाले वर्गीकरण गरी गाउँपालिकाले कम र ठेकेदारले बढी रकम संकलन गर्न सक्ने गरी गाउँपालिकाले सम्झौता गरेको भन्नेसमेत । | २०७७।११।२६ |
| ११४. | श्री कालिका प्रा.वि. नालबुङ, प्रा.वि.,तनहुँकी अस्थायी शिक्षिका विनी गुरुङको शैक्षिक योग्यताको प्रमाणपत्र नक्कली रहेको भन्नेसमेत । | २०७७।११।२६ |
| ११५. | जिल्ला गोरखा साबिक च्याङली (हाल पालुङटार नगरपालिका) कित्ता नं. ३८९ र ३८७ लाई नयाँ १४५ कित्ता कायम गरी भ्रष्टाचार गरेको भन्नेसमेत । | २०७७।११।२६ |
| ११६. | जिल्ला झापा साबिक खजुरगाछी गा.वि.स. ६ग महेन्द्रनगर बजार एरियाभित्र स्थित ०-२-१/२ क्षे.फ. जग्गा किर्ते सहीछाप गरी सो गा.वि.स.का कर्मचारी सचिव गंगाप्रसाद राजवंशी र श्यामनारायण सिंहको मिलेमत्तोमा निज श्यामनारायण सिंहको श्रीमती नीलवती गनगाईंको नाममा पट्टापुर्जा बनाएको भन्नेसमेत । | २०७७।११।२६ |
| ११७. | जिल्ला बारा आदर्श कोतवाल गाउँपालिका वडा नं. २ कि.नं. १११ को जग्गालाई वडा अध्यक्षबाट गलत सिफारिस गराई राजस्व छली गरेको भन्नेसमेत । | २०७७।११।२६ |
| ११८. | कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंका नाम दर्जा नखुलेका कर्मचारीले मिति २०७६।११।१४ गते कार्यालय परिसरमा बिचौलियामार्फत रकम लिएको भन्नेसमेत । | २०७७।१२।९ |
| ११९. | सडक विभाग अन्तर्गतका विभिन्न परियोजनाहरू सञ्चालन गर्दा मूल्य समायोजनमा बढी भुक्तानी भएको भन्नेसमेत । | २०७७।१२।९ |
| १२०. | साबिक मलेकपुर गा.वि.स.को कार्यालय मलेकपुर, ससरीबाट आ.व. ०७३/०७४ मा सञ्चालन भएको भनिएको ट्रान्सफर्मर खरिद कार्य साबिक मलेकपुर गा.वि.स. ७, ८, ९ नामक योजनाका लागि भुक्तानी भएको रकम कामै नगरी उपभोक्ता समिति अध्यक्ष सम्पैत यादवसमेतले हिनामिना गरेको भन्ने समेत । | २०७७।१२।९ |
| १२१. | जिल्ला रूपन्देही, लुम्बिनी सांस्कृतिक नगरपालिका वडा नं. १२ मा आ.व. ०७४/०७५ मा अजम गाउँदेखि बन्जरहीसम्म सडक निर्माण कार्यमा अनियमितता भएको भन्नेसमेत । | २०७७।१२।९ |
| १२२. | जिल्ला ललितपुर, ललितपुर महानगरपालिका वडा नं. ९ बालकुमारी बस्ने राम श्रेष्ठले दोहोरो नागरिकता लिएको र दोस्रो व्यक्तिको नागरिकता पेस गरी सरकारी जागिर खाएको भन्नेसमेत । | २०७७।१२।१९ |
| १२३. | पर्सा जिल्लाको साबिक बिजवनिया गाउँ विकास समितिका गा.वि.स. सचिव रामनिवास पण्डितले सो गा.वि.स.को आर्थिक वर्ष ०७०/०७१ को विकास निर्माण बजेटमा व्यापक हिनामिना गरी भ्रष्टाचार गरेको भन्नेसमेत । | २०७७।१२।१९ |
| १२४. | जिल्ला बाग्लुङ निसिखोला गा.पा. वडा नं. ४ स्थित झिवाखोला निसिखोला तटबन्धनमा रु.१० लाख विनियोजन भएकोमा उक्त योजना निर्माणमा उपभोक्ता समिति गठन प्रक्रियादेखि योजना सम्पादनसम्म आर्थिक अपारदर्शिता र मिलेमतोमा बजेटको दुरुपयोग गरेको भन्नेसमेत । | २०७७।१२।१९ |
| १२५. | साबिक श्री बहादुरे मा.वि., भदौरे, कास्कीका निम्न माध्यमिक तहको सामाजिक | २०७७।१२।१९ |

| | | |
|---|---|---|
| | विषयको अस्थायी शिक्षिका, हाल श्री जनप्रिय माध्यमिक विद्यालय, सिमलचौर, पोखर, कास्कीमा अध्यापनरत शिक्षिका कुन्तादेवी शर्माले 'झुठा विवरण पेस गरी अस्थायी अध्यापन अनुमतिपत्र प्राप्त गरी अस्थायी शिक्षकमा नियुक्ति भई अनियमितता गरी भ्रष्टाचार गरेको भन्नेसमेत। | |
| १२६. | डोल्पा जिल्ला, साबिक त्रिपुराकोट गा.वि.स.मा तत्कालीन जिल्ला विकास समितिको कार्यालय डोल्पाद्वारा सञ्चालित खोपुखोला सिंचाइ योजना, त्रिपुरा नि.मा.वि. भवन निर्माण योजना, त्रिपुराकोट बगर सिंचाइ योजना र त्रिपुराकोट भेरी नदी नियन्त्रण योजनाहरूमा अनियमितता गरेको भन्नेसमेत । | २०७७।१२।१९ |
| १२७. | जिल्ला सर्लाही, साबिक नेत्रगंज गा.वि.स. वडा नं.४ हालको लालबन्दी न.पा. वडा नं.२ स्थायी वतन भई नापी कार्यालय, हरिवन, सर्लाहीमा तत्कालीन समयमा स्विपरको रूपमा कार्यरत गौरी पौडेल, जिल्ला रौतहट, साबिक मुडवलवा गा.वि.स. वडा नं.३ हालको राजदेवी न.पा. वडा नं.७ स्थायी वतन भई भूमिसुधार तथा मालपोत कार्यालय, गौर, रौतहटमा तत्कालीन समयमा कार्यालय सहयोगीको रूपमा कार्यरत किशोरी राय यादव र जिल्ला सर्लाही, साबिक मुसैली गा.वि.स. वडा नं.१ हालको मलंगुवा न.पा.७ स्थायी वतन भई नापी कार्यालय, मलंगुवा, सर्लाहीमा तत्कालीन समयमा कार्यरत कार्यालय सहयोगी महेन्द्र राय यादवसमेतले सेवाग्राहीसँग घुस/रिसवत लेनदेन गरेको भन्नेसमेत । | २०७७।१२।१९ |
| १२८. | बाँके राष्ट्रिय निकुञ्जअन्तर्गत कोहलपुर मध्यवर्ती क्षेत्रमा राष्ट्रपति चुरे संरक्षण कार्यक्रममार्फत तारजाली लगाउन लिएको रकमसमेतबाट तोकिएभन्दा कम परिमाण तथा गुणस्तरहीन काम भएको भन्नेसमेत । | २०७७।१२।३० |
| १२९. | ठेक्का नं. IDO/Banke/ Road/W/NCB/42/2076-77 र IDO/Banke/Road/W/NCB/ 43/2076-77 को मूल्यांकनमा त्रुटिपूर्ण प्रक्रियाहरू अवलम्बन गरी अनियमितता गरेको भन्नेसमेत । | २०७७।१२।३० |
| १३०. | डिभिजन सडक कार्यालय, महेन्द्रनगरबाट गजवा नालामा पुल निर्माण समयमा सम्पन्न गर्न नसकेको भन्नेसमेत । | २०७७।१२।३० |
| १३१. | जिल्ला कैलाली भजनी न.पा.स्थित महुन्याल मा.वि.को नाउँमा दर्ताश्रेस्ता कायम रहेको भजनी न.पा.५ को ६४ बिघा १६ कठ्ठा १० धुर जमिनलाई ठेक्कामा लगाई विद्यालयको आम्दानी बढाउने सम्बन्धमा पहिलोपटक बोलाइएको ठेक्का सदर भएको व्यक्तिलाई ठेक्कापट्टा उठाउन दिएको म्यादमा निजले ठेक्का नउठाएकाले धरौटी जफत गर्नुपर्नेमा विद्यालय व्यवस्थापन समितिका अध्यक्षका नातेदार परेकाले नियम मिचेर आर्थिक प्रलोभनमा परी धरौटी फिर्ता गराएकाले छानबिन गरी पाऊँ भन्नेसमेत। | २०७७।१२।३० |
| १३२. | जिल्ला जुम्ला, चन्दननाथ नगरपालिका-३, स्थित कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानमा कार्यरत प्रशासकीय अधिकृत द्वन्द्वबहादुर शाही, लेखा अधिकृत इन्द्रराज डाँगी र स्टोरकिपर नन्दराज उपाध्यायको प्रत्यक्ष संलग्नतामा प्रतिष्ठानका विभिन्न सामग्री खरिदमा अनियमितता भएको, आफूअनुकूल पदाधिकारीहरूको सेवा शर्त र सुविधासम्बन्धी नियमावली परिवर्तन गरेको, प्रशासकीय अधिकृत द्वन्द्वबहादुर शाही र लेखा अधिकृत इन्द्रराज डाँगीले नक्कली शैक्षिक प्रमाणपत्रहरू पेस गरी स्थायी नियुक्ति लिएको, 9kva stabilizer खरिद नै नगरी भुक्तानी दिएको तथा अस्पतालको स्वामित्वमा रहेका पुराना जस्तापाता, काठपातको लिलामी सूचना बिना नै निःशुल्क उपलब्ध गराएको लगायतका आर्थिक तथा प्रशासनिक अनियमितता गरिएकाले छानबिन गरी कारबाही गरी पाऊँ भन्नेसमेत । | २०७७।१२।३० |
| १३३. | जिल्ला चितवन राप्ती न.पा. वडा नं. ९ अमिलपानीमा फर्जी रसिद प्रयोग गरी ढुङ्गा, गिट्टी, बालुवा, माटो आदिको राजस्व संकलन गरी नगरपालिकाको आम्दानी हिनामिना गरेको भन्नेसमेत । | २०७७।१२।३० |

| | | |
|---|---|---|
| १३४. | जिल्ला जाजरकोट त्रिवेणी नलगाण न.पा. वडा नं. ११ चोखादेखि १० रजिकसम्म जोड्ने सडक निर्माणमा काम नभएको, सडक योजनाको कार्य सम्पन्न देखाई नक्कली बिल भरपाई बनाई रकम हिनामिना गरेको भन्नेसमेत । | २०७८।१।६ |
| १३५. | कैलाली जिल्लाको जानकी गाउँपालिका वडा नं. ५ अमौरीमा सञ्चालित राष्ट्रिय निम्न माध्यमिक विद्यालयका व्यवस्थापन समितिका अध्यक्ष भीमबहादुर थारूले २०७३ सालमा कम्पाउण्डवाल निर्माण गर्दा नापी किताबअनुसार नभएको भन्नेसमेत। | २०७८।१।६ |
| १३६. | जिल्ला रौतहट, गढीमाई नगरपालिका वडा नं.७ स्थित धन्हरी टोलमा ०५०/५१ सालमा प्लान इन्टरनेसनलले अन्दाजी १ कि.मि. लामो सडकको छेउमा पानी निकासका लागि नाला निर्माण गरिएकोमा आ.व. ०७४/७५ मा वडा अध्यक्ष जुवेर अन्सारीसमेतले सोही नाला निर्माण गर्न पुनः रकम निकासा गराई पुरानो संरचनामा थपथाप गरी रकम हिनामिना गरेको भन्नेसमेत । | २०७८।१।६ |
| १३७. | नारायण नगरपालिका, वडा नं. ३ मा सञ्चालित श्री पञ्चदेवल आधारभूत विद्यालयका प्रधानाध्यापक धर्मराज शर्मासमेतको मिलेमतोमा आफ्ना छोरा बुहारी नाता पर्ने भुवनेश्वरी उपाध्यायलाई प्राथमिक तह राहत कोटामा नियुक्ति गरी विद्यालयमा उपस्थित नै नगराई प्रधानाध्यापक र अध्यक्षसमेतको मिलेमतोमा तलब भत्ता उपलब्ध गराई अनियमितता गरेको भन्नेसमेत । | २०७८।१।६ |
| १३८. | कैलाली जिल्ला, धनगढी उपमहानगरपालिकाले कोरोना भाइरस नियन्त्रण, रोकथाम र व्यवस्थापनका लागि लकडाउन अवधिभर असहाय र ज्याला मजदुरी गरी खाने ज्यालादारकर्मीलाई राहत वितरण गर्ने क्रममा मापदण्डविपरीत टेन्डर स्वीकृत गरी कुहिएको चामल वितरण गरेको भन्नेसमेत । | २०७८।१।६ |
| १३९. | जिल्ला काभ्रेपलाञ्चोक धुलिखेलमा रहेको मालपोत कार्यालय र नापी कार्यालय धुलिखेलका कर्मचारीहरूले भू-माफियाहरूसँग मिली आर्थिक चलखेल गरी टुक्रा गर्न नहुने जग्गालाई प्लटिङ गरी बिक्री वितरण गरेको, एकै व्यक्तिको अंशवण्डाको नाममा कित्ताकाट गरी जग्गा बिक्री वितरण गरिरहेको साथै साँगा ८ख को कित्ता नं. १२१, २१७, २१३, २६५, ७०५, ७०६, र ७२ समेतको क्रियास्थलको जग्गालाई बिक्री वितरण गर्न लागेको हुँदा कारबाही गरी पाऊँ भन्नेसमेत । | २०७८।१।६ |
| १४०. | कञ्चनपुर जिल्ला भीमदत्त नगरपालिका वडा नं. ११ का वडाध्यक्षले २०७६ साल वैशाख महिनाको पहिलो साता महाकाली नदीमा आएको बाढीले निर्माण सामग्रीसँगै उपकरण बगेको भनेर "बीस लाख पाउने आशमा वडा अध्यक्षले गरे सिफारिस" ठेकदारलाई फाइदा पुग्ने गरी गरेको सिफारिस अवैध भन्नेसमेत । | २०७८।१।१३ |
| १४१. | डडेलधुरा जिल्लामा मुक्त हलियाहरूको पुनःस्थापनाका लागि नेपाल सरकारबाट प्राप्त रकम सम्बन्धित मुक्त हलियाहरूलाई वितरण गर्दा मालपोत कार्यालयका कर्मचारीहरूले घुस रिसवत रकम माग गरी दुःख दिएको भन्नेसमेत । | २०७८।१।२० |
| १४२. | सशस्त्र प्रहरी बल ३८ नं. गुल्म रूपन्देहीका कार्यालय प्रमुखसमेतको मिलेमतोमा गैरकानुनी तरिकाले रासन रकमको भुक्तानीसमेत लिई बाँडीचुँडी खाई हिनामिना गरेको भन्नेसमेत | २०७८।१।२० |
| १४३. | प्राथमिक स्वास्थ्य केन्द्र चरिकोट, दोलखामा दरबन्दी भई जिल्ला स्वास्थ्य कार्यालय, दोलखा प्रमुखको जिम्मेवारीमा रहँदा डा. झलक शर्मा गौतमले चारतिरबाट एकैसाथ भुक्तानी लिनुका साथै विभिन्न किसिमको सामान खरिद गर्दा नक्कली बिल भरपाई तयार गरी सरकारी रकम अनियमितता गरेको भन्नेसमेत । | २०७८।१।२० |
| १४४. | जिल्ला नवलपरासी साबिक पाल्ही गा.वि.स.समेतले आ.व. ०६९/७० देखि ०७१/७२ सम्ममा प्रत्येक वडाहरूमा शौचालयको रिङ/ढक्कन निर्माण गरी वितरण गर्दा अनियमितता गरेको भन्नेसमेत । | २०७८।१।२० |

| | | |
|---|---|---|
| १४५. | भौतिक पूर्वाधार मन्त्रालय प्रदेश नं. ५ बाट जलस्रोत तथा सिंचाइ डिभिजन कार्यालय, पाल्पालाई आ.व. ०७५/७६ मा विनियोजित रकमबाट जलस्रोत तथा सिंचाइ डिभिजन कार्यालय पाल्पाका कर्मचारी, निर्माण व्यवसायी र जलउपभोक्ता समितिका पदाधिकारीको मिलेमतोमा पाल्पा जिल्लाको रामपुर फाँट सिंचाइ आयोजना अन्तर्गत नहर निर्माण एवं मर्मत कार्य गर्दा गुणस्तरहीन निर्माण सामग्री प्रयोगको कारणले निर्माणकै क्रममा निर्माण सम्पन्न भएको भनिएको नहर भत्किएको हुँदा स्थलगत छानबिन गरी कारबाही गरी पाऊँ भन्नेसमेत । | २०७८।१।२० |
| १४६. | नापी कार्यालय, बेनी म्याग्दीको भवन तथा बेनी बसपार्क निर्माण कम गुणस्तरको भएको भन्नेसमेत । | २०७८।१।२० |
| १४७. | आर्थिक चलखेल गरी तिब्बतीयन नागरिकलाई नेपाली नागरिकता जारी गरेको भन्नेसमेत । | २०७८।१।२० |
| १४८. | नर्भिक इन्टरनेसनल हस्पिटल एण्ड मेडिकल कलेज प्रा.लि.ले मालपोत कार्यालय, कलंकीसमेतको मिलेमतोमा सम्बन्धित निकायबाट स्वीकृति नलिई हदबन्दीभन्दा बढी जग्गा खरिद बिक्री गरेकाले आवश्यक कारबाही गरी पाऊँ भन्नेसमेत । | २०७८।१।२७ |
| १४९. | बोलपत्रहरूमा low Level को Specification राखी High Price को बोलपत्र स्वीकृत गरेको हुँदा आवश्यक कारबाही गरी पाऊँ भन्नेसमेत । | २०७८।१।२७ |
| १५०. | बाग्लुङ जिल्ला साबिक दगातुम्डाँडा गा.वि.स वडा नं. ३ हाल बडिगाड गाउँपालिकास्थित दगातुम्डाँडा प्राथमिक विद्यालयका प्रधानाध्यापक ढालेन्द्र वनसमेतले विद्यालयमा हाजिर नभई तलब निकासा गरेको, नक्कली बिल पेस गरी भवन निर्माणमा लाखौं रुपैयाँ खाएको, विद्यालयमा प्राप्त छात्रवृत्ति रकम खाएको र जिल्ला शिक्षा कार्यालयमा किर्ते बिल पेस गरी फरफारक गरेको भन्नेसमेत । | २०७८।१।२७ |
| १५१. | जिल्ला भू-संरक्षण कार्यालय, लाहान, सिराहाबाट आ.व. ०७४/७५ मा लाहान न.पा. १६ र १७ स्थित बलान खोलामा माटोको बाँध बाँधनका लागि दिएको रकम २०७० सालमा गठन भएको उपभोक्ता समितिको अध्यक्ष र सचिवको नाममा खाता खोली हिनामिना गरेको भन्नेसमेत । | २०७८।१।२७ |
| १५२. | बढैयाताल गाउँपालिका बर्दियाले करार सेवामा कर्मचारी नियुक्ति गर्दा लुम्बिनी दैनिक पत्रिकामा समय समाप्त भएपश्चात सूचना प्रकाशन गरेको, जनप्रतिनिधिका नातेदारहरूलाई उम्मेदवार बनाई २५ जना कर्मचारी नियुक्ति गरेको साथै संघीय सरकारबाट समायोजन भई आएका कर्मचारीहरूलाई दरबन्दी नै छैन भनी हाजिर नगराई फिर्ता पठाएकाले सो सम्बन्धमा छानबिन गरी करार नियुक्ति बदर गरी पाऊँ भन्नेसमेत । | २०७८।१।२७ |
| १५३. | इटहरी-आँपगाँछी यातायात (ठेक्का नं.TRIP/RBID/337312/073/74/004) सडक योजनाको निर्माण कार्य तोकिएको मापदण्ड एवं लागत इस्टिमेटअनुरूप नभएको भन्नेसमेत । | २०७८।१।२७ |
| १५४. | जिल्ला शिक्षा कार्यालय, बाराका जिल्ला शिक्षा अधिकारी धनप्रसाद पोखरेल लगायतले ककडी प्रसौना, अमलेखगन्ज, डुमरवानामा शिक्षक नियुक्ति गर्दा अनियमितता गरेको, स्वीकृति बिनै भौतिक पूर्वाधार वितरण गरेको र गैरकानुनी सरुवा गरेको भन्नेसमेत । | २०७८।१।२७ |
| १५५. | जिल्ला कैलाली घोडाघोडी न.पा. ९ र १० स्थित बुलबुले रानी सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष रनी रोकाया र कोषाध्यक्ष खडक बोगटीको मिलोमतोमा समूहमा कुनै छलफल र सल्लाह नगरी समूहको कृषि विकास बैंक उपशाखा कार्यालय, सुख्खडमा रहेको बचत खाताबाट पटकपटक गरी रु.१६ लाख निकाली व्यक्तिगत रूपमा हिनामिना गरेको साथै सामुदायिक वनको घाटगद्दी गरी लिलाम प्रक्रिया अगाडि बढी बिमार्क भएको काठमा बाहिरबाट अवैध रूपमा ४६ थान खैर जातको काठ ल्याई थपेकाले कारबाही गरी पाऊँ भन्नेसमेत । | २०७८।०१।२७ |

| | | |
|---|---|---|
| १५६. | अध्यागमन विभागमा कार्यरत तत्कालीन अध्यागमन अधिकृत रामचन्द्र काफ्ले र खरिदार विष्णुबहादुर कार्कीले गैरकानुनी रूपमा भिसा दुरुपयोग गरेको भन्नेसमेत । | २०७८।१।२७ |
| १५७. | सडक पूर्वाधार विकास कार्यालय, रोल्पाका निमित्त कार्यालय प्रमुख इन्जिनियर नवीन श्रेष्ठसमेत मिति २०७७।१०।२९ गते बिहान करिब ५ बजेको समयमा रोल्पाबाट बागमती प्रदेश-०१-००२ झ ५३१८ सेतो नम्बर प्लेटको फोर्डको रेन्जर गाडीमा स्रोत नखुलेको रकम लिई बुटवलतर्फ जाँदै गरेको हुँदा निजलाई उल्लिखित रकमसहित पक्राउ गरी कानुनबमोजिम कारबाही गरी पाऊँ भन्नेसमेत । | २०७८।१।२७ |
| १५८. | जिल्ला सिरहास्थित तुलसीराम सत्यभामा डोटेल उच्च माध्यमिक विद्यालय, विष्णुपुरकट्टीमा आ.व. ०६६/६७ देखि ०६९/७० सम्म विद्यालयलाई भवन निर्माण लगायत शीर्षकमा प्राप्त सरकारी अनुदान रकम अनियमितता गरेको भन्नेसमेत । | २०७८।१।३० |
| १५९. | जिल्ला झापा बुद्धशान्ति गाउँपालिका वडा नं. ४ स्थित गणेश मा.वि.का निर्वतमान प्र.अ.(हाल शिक्षक) आनन्द कोइरालाले विद्यालय भवन निर्माण गर्दा लागत इस्टिमेटभन्दा बढी खर्च गरेको, लेखापरीक्षणबाट देखिएको नगद मौज्दात, पाठ्यपुस्तक र छात्रवृत्तिको रकमसमेत हिनामिना गरेको भन्नेसमेत । | २०७८।१।३० |
| १६०. | जिल्ला सप्तरी, हनुमाननगर कंकालिनी नगरपालिकाले आ.व. ०७२/७३ मा विकास बजेट लगायत सुनौलो हजार कार्यक्रममा व्यापक भ्रष्टाचार गरे-गराएको तथा विभिन्न संघसंस्थाहरूको नाममा रकम दुरुपयोग भएको, उपभोक्ताको समिति र कार्यस्थान उल्लेख नभएको, नगरपालिकाले सार्वजनिक गरेको आयव्ययको विवरणमा उल्लेख भएका योजनाहरूमध्ये केही योजना कागजमा मात्र बिल भौचर बनाएको तथा अन्य विकासीय योजनाहरूमा समेत कुनै प्रकारको कामसम्पादन नगरी कागजीभरमा कार्यसम्पादन गरी सम्पूर्ण रकम दुरुपयोग गरी भ्रष्टाचार गरेको भन्नेसमेत । | २०७८।१।३० |
| १६१. | मालपोत कार्यालय, दमक, झापाका कर्मचारीहरूको मिलेमतोमा जग्गा राजीनामा पास गर्दा सरकारी राजस्व छल्ने नियतले एउटै जग्गाको कारोबारमा एकभन्दा बढी राजीनामा लिखत तयार गरी फरक-फरक थैली कायम गर्ने तथा न्यून थैली लेखिएको राजीनामा देखाई राजस्व कम दाखिला गर्ने र अधिक थैली लेखिएको राजीनामाबाट जग्गाधनीसँग रकम असुल गरी सरकारी राजस्व हिनामिना भएको फिल्डमा बाटो भएको जग्गालाई रजिष्ट्रेसन पास लिखतहरूमा बाटो नभएको जग्गाको मापदण्डअनुसार राजस्व असुल गरेकाले कारबाही गरी पाऊँ भन्नेसमेत । | २०७८।१।३० |
| १६२. | जिल्ला बारा, आदर्श कोतवाल गाउँपालिकाका वडाअध्यक्ष सरोजप्रसाद जैसवालसमेतले वडा नं. ६ स्थित अनिल पाण्डेको घरदेखि पटेर्वा जाने बाटोसम्म ३०० मिटर सडक ढलानका लागि गाउँपालिकाबाट ३० लाख रकम विनियोजन भई आएकोमा इस्टिमेटअनुसार ६" सोलिङ गर्नुपर्नेमा ४" गरेको, ढलानमा गिटी, बालुवा र OPC सिमेन्ट हाल्नुपर्नेमा मिक्स ग्राभेल र PCC सिमेन्ट लगाई ढलान गरेकाले कारबाही गरी पाऊँ भन्नेसमेत । | २०७८।१।३० |
| १६३. | गैरकानुनी सिफारिसपत्रको आधारमा नेपालमा दर्ता नभएको भारतीय कम्पनीबाट उत्पादित औषधी तथा औषधीजन्य पदार्थ वीरगञ्ज भन्सार कार्यालयमार्फत आयात गरेको भन्नेसमेत । | २०७८।१।३० |
| १६४. | सप्तरी जिल्ला, साबिक सिस्वाबेल्ही गा.वि.स.का तत्कालीन गा.वि.स. सचिव हरिनारायण यादवले आ.व. ०६७/६८ को तेस्रो चौमासिक अवधिको सामाजिक सुरक्षा भत्ता वितरण नगरी खाई मासेको भन्नेसमेत । | २०७८।१।३० |
| १६५. | प्रदेशसभा सदस्य माननीय मुनु सिग्देलका स्वकीय सचिव शिशिर पराजुलीले नायब सुब्बाले प्राप्त गर्ने तलब/सुविधा साथै हेटौंडा उपमहानगरपालिकामा गरिब घर/परिवार पहिचानको तथ्यांक संकलन कार्यक्रममा सुपरभाइजरको रूपमा कार्यरत रही नायब सुब्बा | २०७८।१।३० |

| | | |
|---|---|---|
| | सो सरहको तलब/सुविधा बुझी एकैपटक दोहोरो सरकारी सुविधा लिएको भन्नेसमेत । | |
| १६६. | झापा जिल्लास्थित २ नं. नापी टोली अनारमनीका सर्वेक्षक अनिलप्रसाद साह र अमिन मानबहादुर चौधरीले सेवाग्राही रंजितमान राईको नाममा दर्ता कायम रहेको बिर्तामोड-४ को जग्गा एकीकृत गर्ने भनी रु.४,०००।- घुस/रिसवत रकम लिएको भन्नेसमेत । | २०७८।२।१० |
| १६७. | श्री शारदा प्राथमिक विद्यालय, मझौवा, कपिलवस्तुका पूर्व प्रधानाध्यापक दयाराम यादव मिति २०६७।१२।१ गते श्री शारदा प्राथमिक विद्यालयबाट सरुवा भई श्री बालकल्याण प्राथमिक विद्यालय, बर्गदवा, कपिलवस्तुमा मिति २०६७।१२।२ गते हाजिर गरेको र सोपश्चात मिति २०६७।१२।३ गते शारदा प्राथमिक विद्यालयको राष्ट्रिय वाणिज्य बैंकमा रहेको खाताबाट नक्कली हस्ताक्षर गरी रु.२१,८००।- रकम निकालेको भन्नेसमेत । | २०७८।०२।१० |
| १६८. | डोटी जिल्ला, के.आई.सिंह गाउँपालिका वडा नं. ५ स्थित श्री दुर्गा आधारभूत विद्यालयको खेल मैदान निमार्णका लागि आ.व. ०७३/७४ मा आएको बजेट रकममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष लगायत जिल्ला समन्वय समितिका पदाधिकारीसमेतको मिलोमतोमा गुणस्तरहीन कार्य गरी बनाएको संरचना सम्पन्न नहुँदै भत्किएकाले झन्डै रु.३,००,०००।- बराबरको रकम हिनामिना गरेको भन्नेसमेत । | २०७८।२।१० |
| १६९. | प्रकाशबहादुर साउदले खलंगा खानेपानी उपभोक्ता तथा सरसफाइ समितिको कार्यालय, डडेल्धुराका केही पदाधिकारीहरूसँग मिलेर समितिले भोगचलन गरिरहेको पवित्रा साउदको नाममा रहेको जमिनसँग जोड्ने गरी समितिको जग्गाबाट सार्वजनिक बाटो निर्माण गरेमा निज पवित्रा साउदले समितिलाई १ रोपनी जग्गा उपलब्ध गराउने भनी आम भेलालाई भ्रममा पार्ने किसिमको निर्णय गरी अनियमितता गरेको हुँदा निज प्रकाशबहादुर साउद साथै रेखांकन गरेको कागज प्रमाण झिकाई रेखांकन गर्ने अमिनलाई समेत कारबाही गरी नापी गोश्वाराबाट अमिन खटाई साँधसँधियार राखी नापी नक्सा रेखांकनसमेत गर्नुपर्ने भन्नेसमेत । | २०७८।२।१० |
| १७०. | जुनु अधिकारी (बुढाथोकी) र विजयकुमार साहले हेटौंडा सिमेन्ट उद्योग र नेपाल विद्युत् प्राधिकरणमा दुवैतर्फ नाम निकाली कामकाज गरिरहेको र निजहरूले एकै समयमा दुवैतिरबाट सेवा सुविधा लिएको हुँदा निजहरूलाई कानुनबमोजिमको कारबाही गरी पाऊँ भन्नेसमेत । | २०७८।२।१० |
| १७१. | मोरङ जिल्लाको सुन्दरहरैंचा नगरपालिका वडा नं. ५ र ६ मा पर्ने तीनपैनी बजारदेखि सभाहलसम्मको १२२१ मिटर सडक सुन्दरहरैंचा नगरपालिकाबाट रु.४,००,०००।- र स्थानीय उपभोक्ता समितिबाट रु.१,७१,४२८।५७ गरी जम्मा रु.५,७१,४२८।५७ खर्च गरी ग्राभेल गर्ने भनी सम्झौता गरी उक्त सडक मर्मतको कार्य नै नगरी नक्कली बिल भरपाई बनाई रकम फरफारक गरेको भन्नेसमेत । | २०७८।२।१३ |
| १७२. | जिल्ला स्वास्थ्य कार्यालय, दैलेखमा आ.व. ०७२/७३ मा हात्तीपाइले रोग विरुद्धको औषधी खुवाउने अभियान अन्तर्गत विनियोजित रकम रु.७३,००,०००।- सो कार्यक्रमका संयोजक कलमकुमार थापाले अपारदर्शी ढंगले खर्च गरी पेश्की फछ्र्यौट गरेकाले छानबिन गरी आवश्यक कारबाही गरी पाऊँ भन्नेसमेत । | २०७८।२।१३ |
| १७३. | इलाका प्रहरी कार्यालय, हरिनगरा, सुनसरीका प्रहरी नायब निरीक्षक गजाधर गोइत र प्रहरी हवल्दार भोलाप्रसाद यादवले निवेदक सवीर मिया र कासिद मियासँग भारतीय बजारबाट सामान खरिद गरी नेपालतर्फ ल्याउन सहजीकरण गरिदिने भनी रु.६,०००।- घुस/रिसवत माग गरेको भन्नेसमेत । | २०७८।२।१३ |
| १७४. | रौतहट जिल्लाका विभिन्न गा.वि.स.हरूमा सरकारी अर्धसरकारी अनुदान रकम तथा सामाजिक सुरक्षा भत्ता, स्थानीय पूर्वाधार विकास निर्माणको रकम दुरुपयोग भई भ्रष्टाचार र अनियमितता भएको भन्नेसमेत । | २०७८।२।१३ |

| | | |
|---|---|---|
| १७५. | गुठी संस्थानभित्र अनियमितता तथा भ्रष्टाचार भएको भन्नेसमेत । | २०७८।२।१३ |
| १७६. | नेपाल पर्वतारोहण संघ विघटन गरी पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सहसचिव रञ्जनकृष्ण अर्यालको संयोजकत्वमा गठित समितिले नेपाल पर्वतारोहण संघमा उठ्ने धरौटी, रोयल्टीबापतको रकम अनियमितरूपले हिनामिना गरी भ्रष्टाचार गरेको । | २०७८।२।२० |
| १७७. | छतिबन सामुदायिक वन उपभोक्ता समूह, पथरैया-६ र बलिया-९, कैलालीका अध्यक्ष रघुराज देवकोटाले मु.अ. कर नभएको रेष्टुरेण्ट तथा होटलका बिलहरू समावेश गरी रु.२,१६,६००।- र प्राविधिक खर्च भनी रु.३,५६,५००।- गरी जम्मा रु.५,७३,१००।- रकम अनियमितता गरेको भन्नेसमेत । | २०७८।२।२० |
| १७८. | दैलेख जिल्ला पुलबजार-मटेला-विशाला-बाँहाकोट सडक निर्माण/मर्मत/स्तरोन्नति कार्यका लागि Estimate तथा Measurement Sheet Gabion, Dry wall, Stone Causeway कुनै Structure को Chainage नखुलाइएको तथा Chainage Overlap गरी एउटै Chainage मा दुई पटक बिल बनाएर भुक्तानी गरेकाले कारबाही गरी पाऊँ भन्नेसमेत । | २०७८।२।२० |
| १७९. | सिंचाइ विभाग अन्तर्गतका मझौला सिंचाइ आयोजना, सिंचाइ सम्भाव्यता अध्ययन तथा निर्माण गुणस्तर कार्यक्रम, समुदाय व्यवस्थित सिंचित कृषि क्षेत्र आयोजना, सिंचाइ जलस्रोत व्यवस्थापन आयोजना र भूमिगत जल सिंचाइ योजनाहरूमा परामर्शदाता छनौट मूल्यांकनमा तजबिजी अधिकार प्रयोग भएको, कोटेसनबाट कार्य गराएको, एउटै फर्मलाई बढी कार्य दिएको, तालिम गर्दा होटेलको बढी भुक्तानी गरेको, पुँजीगत विनियोजनबाट गाडी मर्मत गरेको भन्नेसमेत । | २०७८।२।२० |
| १८०. | मालपोत कार्यालय, धादिङमा कार्यरत खरिदार बिनोद मुग्रातीले मिति २०७६।११।२९ गते कार्यालय परिसरभित्र लेखापढी व्यवसायीमार्फत रकम लिएको भन्नेसमेत । | २०७८।२।२७ |
| १८१. | कञ्चनपुर जिल्ला वेदकोट नगरपालिकाको वडा नं. ३ र ४ मा पर्ने बैतडास्थित बगुन खोलाबाट जथाभावी रूपमा मेसिन प्रयोग गरी ढुंगा, गिट्टी, बालुवाको उत्खनन तथा चोरी निकासी गरी वेदकोट नगरपालिकाका पदाधिकारी तथा ठेकेदारहरूको संलग्नतामा केही गाडीहरूको मात्र राजस्व संकलन गरेको देखाएर अवैधरूपमा धेरै गिट्टी, बालुवा लगी भ्रष्टाचार भएको देखिएको र वर्षातको समयमा बाढीले बस्तीहरूमा क्षति पुर्‍याउने हुँदा आवश्यक कारबाही गर्न अनुरोध गर्दछौं भन्नेसमेत । | २०७८।२।२७ |
| १८२. | सर्लाही भन्सार कार्यालयबाट जाँचपास भई आएको सि.आर. ट्रेडिङ (स्था.ले.नं. ६०७७७२८७२) ले भारतबाट भन्सार चोरी पैठारी गरी ल्याएको मासुजन्य पदार्थसमेतमा राजस्व चुहावट गरी भ्रष्टाचार गरेको भन्नेसमेत । | २०७८।२।२७ |
| १८३. | सर्लाही भन्सार कार्यालयबाट जाँचपास भई आएको दीपज्योति ग्रुप एण्ड फुड प्रोडक्ट कम्पनी प्रा.लि. (स्था.ले.नं. ६०२४१३७५४) ले भारतबाट भन्सार चोरी पैठारी गरी ल्याएको मासुजन्य पदार्थसमेतमा राजस्व चुहावट गरी भ्रष्टाचार गरेको भन्नेसमेत । | २०७८।२।२७ |
| १८४. | काठमाडौं महानगरपालिका वडा नं. १४ मा भूकम्पको कारण भत्किएको घर निर्माण सम्पन्न गरी दोस्रो र तेस्रो किस्ताको रकम निकासाका लागि काठमाडौं महानगरपालिका विपद् व्यवस्थापन विभाग, बबरमहलका सव-इन्जिनियर गणेश ठकुल्लाले निवेदक बलबहादुर प्रधानसँग घुस/रिसवतबापत रु.२०,०००।- माग गरी लिइसकेको अवस्थामा मिति २०७६।११।५ गते पक्राउ परेपश्चात खानतलासी/बरामदीको क्रममा निज गणेश ठकुल्लाको साथबाट निवेदक बलबहादुर प्रधानसँग घुस/रिसवतबापत लिएको रु.२०,०००।- को अतिरिक्त बरामद भएको रु.३०,०००।- को यकिन स्रोत खुलाउन नसकेको तथा पोलिग्राफ परीक्षणबाट ढाँटेको रिपोर्ट प्राप्त भएको भन्नेसमेत । | २०७८।२।२७ |
| १८५. | जिल्ला सप्तरी शम्भुनाथ नगरपालिका वडा नं. ५ मोहनपुरमा आ.व. ०७४/७५ मा सञ्चालित पुल (Box Culvert) निर्माण कार्यमा उपभोक्ता समिति र न.पा.को एकआपसमा मिलेमतोमा ल.ई. तथा गुणस्तरको काम नगरी वास्तविक कार्यभन्दा बढी भुक्तानी भएको | २०७८।२।२७ |

| | | |
|---|---|---|
| | भन्नेसमेत । | |
| १८६. | जिल्ला संखुवासभा खाँदबारी नगरपालिका कार्यालयले डम्पिङ साइडको लागि जग्गादातासँग मिलेमतो गरी प्रतिरोपनी ४५ हजारमा बोलपत्र परेकोमा प्रतिरोपनी १५ हजार कमिसन मिलाई रु.१२,५०,०००।- कमिसन लिएको भन्नेसमेत । | २०७८।२।२७ |
| १८७. | जिल्ला बझाङ हाल छबिस पाथीभेरा गाउँपालिका वडा नं. २ मुम्ला टोलस्थित श्री सत्यवादी उ.मा.वि.का शिक्षक माधवचन्द्र कडायतले एकै समयमा दुई फरक-फरक विद्यालयको स्थायी नियुक्ति लिई दोहोरो सुविधा लिई राज्यकोषको दुरुपयोग गरेको भन्नेसमेत । | २०७८।२।३१ |
| १८८. | जिल्ला विकास समितिको कार्यालय, कपिलवस्तुका स्थानीय विकास अधिकारी रामप्रसाद पाण्डे, इन्जिनियर विनोद चौधरी र लेखा अधिकृत दिनेश थापासमेतले नक्कली ट्रान्सफर्मर खरिद गरी ठूलो रकम हिनामिना गरेको भन्नेसमेत । | २०७८।२।३१ |
| १८९. | जिल्ला स्वास्थ्य कार्यालय, धनकुटामा कार्यरत मे.सु. डा. फणीन्द्रप्रसाद बरालले मिति २०७४।६।२० देखि २०७५ असार मसान्तसम्म कार्यरत रहँदा एक वर्षलाई ६ सय ६४ दिन बनाएर भ्रमण खर्च लगायत विभिन्न सेवा सुविधाबापतको रकम हिनामिना गरेको भन्नेसमेत। | २०७८।३।७ |
| १९०. | जिल्ला शिक्षा कार्यालय, बाराबाट आ.व. ०७२/७३ मा २ कोठे भवन निर्माणका लागि निकासा भएको रकम प्र.अ. रुपेशकुमार रौनियारले झिकी आफ्नो व्यक्तिगत काममा खर्च गरेको, हालसम्म जग खन्ने कामसमेत नगरेको, जि.शि.का., स्रोत व्यक्तिसमेतको मिलेमतोमा अनुदान रकम सिधै झिकी व्यक्तिगत काममा खर्च गरेको भन्नेसमेत । | २०७८।३।७ |
| १९१. | जिल्ला संखुवासभा खाँदबारी नगरपालिका, वडा नं. ३ मानेभञ्ज्याङस्थित कृषि बजार केन्द्र निर्माणका लागि खाँदबारी नगरपालिका र जिल्ला पशुसेवा कार्यालय, संखुवासभाबाट विभिन्न आ.व.हरूमा रकम उपलब्ध गराइएकोमा सो रकम ल.ई.बमोजिमको काम सम्पन्न नै नगरी खाँदबारी नगरपालिका कर्मचारीहरूको मिलेमतोमा काम सम्पन्न भएको भनी कागजातहरू बनाई भुक्तानीसमेत दिई अनियमितता गरेको भन्नेसमेत । | २०७८।३।७ |
| १९२. | वसुन्धरा त्रिपुरा टोल विकास संस्था खानेपानी उपभोक्ता समितिसमेतले टोखा ५ र ७ सिमाना शिव मन्दिर वसुन्धरा काठमाडौंबीच २५० मि. डिप बोरिङ खानेपानी योजना निर्माण गर्दा अनियमितता गरेको भन्नेसमेत । | २०७८।३।७ |
| १९३. | सब-डिभिजन वन कार्यालय, बेला, दाङमा कार्यरत तत्कालीन सहायक वन अधिकृत रामाज्ञाप्रसाद शाह भएको घुस/रिसवत लिई भ्रष्टाचार गरेको कसुरमा मिति २०७६।३।२४ गते विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएकोमा वादी पक्षको साक्षीका रूपमा पेस गरिएका उजुरी निवेदक धनबहादुर रोका र साक्षी द्रोण शाहले बकपत्र गर्दा अनुसन्धानको क्रममा गरेको कागजको व्यहोरालाई अन्यथा हुने गरी प्रतिकूल बकपत्र गरेको भन्नेसमेत । | २०७८।३।७ |
| १९४. | राजस्व अनुसन्धान विभागमा कार्यरत उद्धवबहादुर राउतले भ्रष्टाचार गरेर गैरकानुनी रूपमा सम्पत्ति आर्जन गरेकाले कानुनबमोजिम कारबाही गरी पाऊँ भन्नेसमेत । | २०७८।३।७ |
| १९५. | जिल्ला सर्लाही, हरिपुर्वा नगरपालिकामा नगरप्रमुख सियाराम यादवले वडा कार्यालयकोम लागि रु.२२ लाखमा फर्निचर खरिद गरी रु.७० लाखको फर्जी बिल भरपाई बनाई रकम हिनामिना गरेकाले आवश्यक कारबाही गरी पाऊँ भन्नेसमेत । | २०७८।३।७ |
| १९६. | सामाजिक विकास मन्त्रालय, प्रदेश नं. २ ले कोभिडका कारण लकडाउन सुरु भएपछि संघीय सरकारले संचालन गरेकै जस्तो कार्यक्रम कोभिड-१९ को मिडिया ब्रिफिङ कार्यक्रम संचालन गर्दै आएको र सो कार्यक्रमको बारेमा मन्त्रालयको फेसबुक पेज, नेपाल टेलिभिजन इटहरी च्यानल र सामुदायिक रेडियो नेटवर्कले प्रसारण गर्दै आएको । | २०७८।३।७ |

| | | |
|---|---|---|
| | उक्त पत्रकार सम्मेलनमा नियमित भए-गरेका कार्य प्रगति मात्रै ब्रिफिङ हुने गरेको तर उक्त कार्यक्रमको उत्पादन र प्रसारण गरेबापत भनेर राइजिङ नेटवर्क मिडिया प्रा.लि.को नाममा सम्झौता गरी सार्वजनिक खरिद ऐन नियम तथा मानवीय संवेदनाविपरीत खर्च नै नलाग्ने उक्त कार्यमा दैनिक ६० हजार खर्च गरी भ्रष्टाचार गरी सामाजिक विकास मन्त्रालयका माननीय मन्त्रीका छोरा सुमितकुमार, मन्त्रालयका लेखा अधिकृत नवीन दास र राइजिङ नेटवर्क मिडिया प्रा.लि.का संचालक निमेष कर्णले आधा-आधा रकम बाँडेर खाने गरेको भन्नेसमेत । | |
| १९७. | जिल्ला बारा जीतपुरसिमरा उपमहानगरपालिका वडा नं. १२ का वडा अध्यक्ष लालबाबुप्रसाद चौधरीले जोखु राउत अहिर र राजेश्वरप्रसाद यादवसमेतको नाममा आ.व. ०७५/७६ मा घरबाटो सिफारिस गर्दा अनियमितता गरी राजस्व रकममा ठूलो नोक्सानी गरेको भन्नेसमेत । | २०७८।३।७ |
| १९८. | यातायात व्यवस्था कार्यालय सवारी चालक अनुमतिपत्र, एकान्तकुना, ललितपुरमा कार्यरत कार्यालय सहयोगी झुमा बस्नेतले कार्यालय परिसरमा बिचौलियामार्फत रु.५००।- लिएको भन्नेसमेत । | २०७८।३।७ |
| १९९. | यातायात व्यवस्था कार्यालय मोटरसाइकल, गुर्जुधारा, काठमाडौंका शाखा अधिकृत शुक्र भट्टराईले कार्यालय परिसरबाहिर रहेको हरिसिद्धी लेखापढीमा गई शंकास्पद रकम लिएको भन्नेसमेत । | २०७८।३।७ |
| २००. | जिल्ला पर्सा, साबिक वीरगंज उ.प.न.पा. वडा नं.६ हालको वीरगंज म.न.पा. वडा नं. ५ स्थायी वतन भई सोही स्थानमा बसोबास गर्ने वडा नं. ५ का वडासदस्य पदमा कार्यरत सुरजकुमार कुर्मीले वडा कार्यालयबाट सेवा प्राप्त गर्न सेवाग्राहीहरूले पेस गरेका नागरिकता प्रमाणपत्रको प्रतिलिपिको दुरुपयोग गरी किर्ते मञ्जुरीनामा लगायतका कागजात तयार गरी सरकारी रकम हिनामिना गरेको भन्नेसमेत । | २०७८।३।९ |
| २०१. | जिल्ला सर्लाही हरिवन न.पा. वडा नं. १ का वडाध्यक्ष रामबहादुर क्याप्छाकी मगर समेतले आ.व. ०७४/७५ मा पटौना र अतरौली खोलाबीचको तटबन्ध, क्यानेश्वर जाने बाटो मर्मत स्तरोन्नति र ग्राभेल गर्ने समेतका विभिन्न शीर्षकको रकम हिनामिना गरेको भन्नेसमेत । | २०७८।३।९ |
| २०२. | नगर विकास प्रशिक्षण केन्द्र, बगर, पोखराको कार्यालयको नाममा रहेको अत्यन्त महँगो ठाउँको करिब ६/७ आना जग्गा प्रशिक्षण केन्द्रका कर्मचारी र स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानका कार्यकारी निर्देशक मिलेर सार्वजनिक बाटो कायम गरी भ्रष्टाचार गरेको, बाटो खोल्नुअघि क्यान्टिन संचालकको नाममा जग्गा खरिद गरी बाटो खोलिसकेपछि महँगोमा बिक्री गरी आर्थिक लाभ लिएको भन्नेसमेत । | २०७८।३।९ |
| २०३. | जिल्ला रूपन्देही, लुम्बिनी सांस्कृतिक नगरपालिका, वडा नं. ७ स्थित श्री कर्महवा माध्यमिक विद्यालयका प्रधानाध्यापक लक्ष्मण आलेमगर र विद्यालय व्यवस्थापन समितिका अध्यक्ष विन्दराम यादवसमेतले विद्यालयमा कम्प्युटर खरिदका लागि निकासा भएको रकम मिलेमतोमा हिनामिना गरेको भन्नेसमेत । | २०७८।३।९ |
| २०४. | महानगरीय प्रहरी परिसर, भक्तपुरका तत्कालीन प्रहरी उपरीक्षक किरण बज्राचार्य (हाल प्र.व.उ.) समेतले घर खर्च चलाउन र भोजभतेर गरी चाकडी गर्न लेखापालहरूलाई नक्कली बिल भरपाई बनाउन लगाई लाखौं सरकारी रकम निकाल्न लगाई खर्च गराउने गरेको भन्नेसमेत । | २०७८।३।९ |
| २०५. | नापी कार्यालय, चाबहिलका कर्मचारीहरूको मिलेमतोमा साबिक चाबहिल गा.वि.स. वडा नं. ३ कि.नं. ७४ को २-८-०-० जग्गाका जग्गाधनी बाबुकाजी गुभाजु र मोही बंगाली जेठा डंगोल रहेकोमा उक्त जग्गाको जग्गाधनी र मोहीले जग्गादर्ता कारबाही अगाडि नबढीकन गैरकानुनी तवरले उक्त जग्गाको नक्कली पुर्जा बनाई कि.का. गरी अन्य | २०७८।३।९ |

| | | |
|---|---|---|
| | व्यक्तिहरूको नाममा जग्गाधनी प्रमाणपुर्जा कायम गरेको भन्नेसमेत । | |
| २०६. | तत्कालीन जिल्ला विकास समितिको कार्यालय, मकवानपुरले धरौटी जफत गर्नुपर्ने फर्मलाई सिमेन्ट निकासी कर संकलन गर्ने ठेक्का दिएको, १० प्याड नक्कली रसिद फेला परेको तथा कानुनविपरीत करारमा ३ जना कर्मचारी नियुक्त गरेको भन्नेसमेत । | २०७८।३।९ |
| २०७. | भेटरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र तौलिहवा, कपिलवस्तुका प्रमुख श्रवणकुमार चौधरीको मिलेमतोमा जिल्ला कपिलवस्तु शिवराज नगरपालिका वडा नं. ५ स्थित नौडिहवामा बधशाला निर्माणका लागि प्रदेश कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट रु.६६,००,०००।- निकासा भएकोमा थोरै काम गरी रकम हिनामिना गरेकाले स्थलगत निरीक्षण गरी आवश्यक कारबाही गरी पाऊँ भन्नेसमेत । | २०७८।३।९ |
| २०८. | विराटनगर म.न.पा. वडा नं. ९ को ट्राफिक चोकबाट दक्षिण महेन्द्र मोरङ कलेज रोडस्थित साबिक विराटनगर न.पा. वडा नं. १४ सिट नं. १७८-०७४३-२२ कि.नं. २२० क्षे.फ. ०-०-१६-० जग्गाको जग्गाधनी सुरज शमसेर थापाको जग्गामा पिच सडक र पक्कीघरसमेत रहेकोमा वडा अध्यक्ष विश्वनाथ भगतले ग्राभेल र घरसमेत नभएको भनी सिफारिस गरी रु.४८ लाखमा सुनिता भण्डारीलाई बेचबिखन गरेको साथै मालपोतका कर्मचारीको मिलीभगतमा ५० लाखको आर्थिक चलखेल गरी राजस्व ठगी गरेको भन्नेसमेत । | २०७८।३।९ |
| २०९. | नेपाल मेडिकल काउन्सिलको मिलेमतोमा काठमाडौं मेडिकल कलेज पब्लिक लिमिटेड, सिनामंगल, काठमाडौं र नेपाली सेना स्वास्थ्य विज्ञान संस्थान, काठमाडौंले नेपाल मेडिकल काउन्सिलले तोकेबमोजिमको मापदण्ड पूरा नगरेको, काठमाडौं मेडिकल कलेज, पब्लिक लिमिटेड, सिनामंगलले नेपाल मेडिकल काउन्सिलका पदाधिकारीहरूलाई आर्थिक प्रभावमा पारी MBBS तर्फ १५० जना विद्यार्थी भर्नाका लागि अनुमति लिएको, सार्वजनिक स्वास्थ्य सेवा प्रदान गर्दा लापरबाही गरेको लगायतका विभिन्न किसिमका अनियमितता गरेको भन्नेसमेत । | २०७८।३।९ |
| २१०. | गौशाला नगरपालिका वडा नं. २ निगौलमा नाला निर्माण गर्दा इस्टिमेट अनुसार नगरी कम गुणस्तरको निर्माण सामग्री प्रयोग गरेको भन्नेसमेत । | २०७८।३।१४ |
| २११. | दार्चुला जिल्ला महाकाली नगरपालिका वडा नं.३ स्थित मानकोट सडक निर्माण समितिका अध्यक्ष लोकेन्द्रबहादुर बमसमेतले सडक निर्माण कार्य गुणस्तरहीन गरेको र तेल हालेर रु.२०००।- प्रतिघण्टाको जे.सि.वि.लाई रु.५०००।- को झुठा बिल पेस गरी भ्रष्टाचार गरेको भन्नेसमेत । | २०७८।३।१४ |
| २१२. | माधवनारायण नगरपालिका रौतहटको वडा नं. ६ को वडा सचिव र वडा अध्यक्षले सामाजिक सुरक्षा भत्ता वितरण गर्दा किर्ते सही छाप गरी भ्रष्टाचार गरेकाले आवश्यक कारबाही गरी भ्रष्टाचारको रकम फिर्ता गराई सजायसमेत गरी पाऊँ भन्नेसमेत । | २०७८।३।१४ |
| २१३. | जिल्ला शिक्षा कार्यालय, रौतहटका निमित्त शिक्षा अधिकारी नन्दकिशोर गुप्ताले प्राप्त अख्तियारी विपरीत अनियमित कार्य गरेको भन्नेसमेत । | २०७८।३।१७ |
| २१४. | श्री नेपाल राष्ट्रिय नि.मा.वि., शीतलपुर, बाराको चारकोठे भवन निर्माणमा अनियमितता गरेको भन्नेसमेत । | २०७८।३।१७ |
| २१५. | नेपाल प्रहरी, प्रधान कार्यालयले ३० थान स्कर्टिङ मोटरसाइकल खरिद गर्न बोलपत्र आह्वान गरेकोमा रीत नपुगेको आपूर्तिकर्तालाई आसयको सूचना जारी गरेको, मोटरसाइकलको मूल्य अन्तर्राष्ट्रिय मूल्यभन्दा धेरै कायम गरिएको, बोलपत्रमा मोटरसाइकलको कर तथा भ्याटसहितको उल्लेख भएको मूल्य र अन्तर्राष्ट्रिय मूल्यलाई नेपालीमा रूपान्तरण गर्दा ५ करोडसम्मको फरक देखिएको हुँदा छानबिन गरी आवश्यक कारबाही गरी पाऊँ भन्नेसमेत । | २०७८।३।१७ |
| २१६. | सुर्खेत जिल्लाको लेखगाउँ गा.वि.स. वडा नं. ६ चिउरेपानीमा रहेको सिर्जना सामुदायिक | २०७८।३।१७ |

| | | |
|---|---|---|
| | वन उपभोक्ता समूहका अध्यक्ष तिलक लामिछाने लगायतका पदाधिकारीहरूको मिलोमतोमा उक्त सामुदायिक वनको कोषको रकम हिनामिना गरेको भन्नेसमेत । | |
| २१७. | बर्दिया जिल्ला, साबिक सूर्यपटुवा गा.वि.स.स्थित कैलाशी खेल मैदान निर्माणका लागि आ.व. ०७२।७३ मा रु.३,००,०००।- बराबरको योजना सार्वजनिक खरिद ऐन नियमको प्रक्रिया अवलम्बन नगरी सोझै जय भवानी निर्माण सेवा खलंगा, जाजरकोटलाई कार्यादेश दिएको र कार्य क्षेत्रमा माटो पटानको कार्यसमेत नगरी माटो पटान गरेको नापजाँच कागजात बनाई रु.२,५६,७७९।- रकम भुक्तानी दिई हिनामिना गरेको भन्नेसमेत । | २०७८।३।१७ |
| २१८. | कैलाली, घोडाघोडी नगरपालिका वडा नं. १३ स्थित बढीमालिका सामुदायिक वनभित्रका ऐलानी जग्गामा रहेका रूखहरू अवैध रूपमा कटान गरेको, ओसारपसार तथा बिक्री वितरण गरेको । सो सम्बन्धमा सहायक वन अधिकृत हरिलाल यादव लगायतले रु.४५,०००।- घुस/रिसवत लिई पक्राउ परेका व्यक्तिहरूलाई कारबाही नगरी छाडेको तथा उक्त वनभित्रका सरकारी जग्गामा भएका रूखहरू दर्ता जग्गाको हो भनी घुस/रिसवत लिई झुठा व्यहोरा प्रमाणित गरेको भन्नेसमेत । | २०७८।३।१७ |
| २१९. | जिल्ला दोलखा, बैतेश्वर गाउँपालिका, मैनापोखरीस्थित जनसचेतन बचत तथा ऋण सहकारी संस्था लि.मा जम्मा गरिएको कोषमा रहेको रकमको भ्रष्टाचार गर्ने नियतले बैतेश्वर गा.पा. वडा नं. ४ का वडा अध्यक्ष कुमार चौलागाईं र कम्प्युटर सहायक अपरेटर कर्मचारी मनिषा सापकोटाको संयुक्त दस्तखतबाट रु. १२,००,०००।- निकाली सार्वजनिक कोषको मौज्दात रकमको दुरुपयोग गरी भ्रष्टाचार गरेको भन्नेसमेत । | २०७८।३।१७ |
| २२०. | राष्ट्रिय वाणिज्य बैंक, केन्द्रीय कार्यालयले स्तरीय स्टेबलाइजर खरिद गर्न सप्लायर्सहरूसँग दररेट लिई बोलपत्र आह्वान गरेको, मूल्यांकनपश्चात सर्वो ब्रान्डको हाइ डेफिनेसनको स्तरीय स्टेबलाइजर खरिद गर्ने गरी Key Concept Pvt. Ltd. सँग ठेक्का सम्झौता भएकोमा बैंकका कर्मचारी र सप्लायर्सको मिलेमतोमा सर्वो ब्रान्डको हाइ डेफिनेसनको स्तरीय स्टेबलाइजरको सट्टामा सोही ब्रान्डको नक्कल गरिएको कमसल स्टेबलाइजर रु.४० लाखमा खरिद गरी ब्रान्डेड स्टेबलाइजरको रकम भुक्तानी दिई करोडौं रकम भ्रष्टाचार गरेको हुँदा कारबाही गरी पाऊँ भन्नेसमेत। | २०७८।३।२१ |
| २२१. | सहरी विकास मन्त्रालय, सहरी विकास तथा भवन निर्माण विभाग अन्तर्गत श्री संघीय आयोजना कार्यान्वयन इकाई, धनुषा, जनकपुरधामले आ.व. ०७३/७४ जनकपुर उपमहानगरपालिका, वडा नं. ११ स्थित लक्ष्मणसागर पोखरीको सरसफाइ तथा घाट निर्माण कार्यमा भएको कार्यको गुणस्तरीयतामा, भेरिएसन, बढी भुक्तानी, मर्मतसम्भार गर्ने कार्यमा व्यापक अनियमितता गरी भ्रष्टाचार गरेको भन्नेसमेत। | २०७८।३।२१ |
| २२२. | रौतहट जिल्लाको साबिक पोठीयाही गा.वि.स.समेतमा सरकारी अर्धसरकारी अनुदान, विकास निर्माणको कार्य र सामाजिक सुरक्षा बजेट परिचालनमा अनियमितता भएकाले कारबाही गरी पाऊँ भन्नेसमेत । | २०७८।३।२१ |
| २२३. | बारा जिल्ला, महागढीमाई नगरपालिका वडा नं. ७,१,४,३ को बर्वापसदिखि गढीमाई-मलहनी हुँदै गंजभवानीपुरसम्मको साबिक बाटोमा रोडको दायाँ-बायाँ नगरपालिकाको रकमबाट सम्बन्धित जग्गाधनीसँग सहमतिबिना नै डोजरले बाटोको दुवैतर्फबाट ४/५ फिटका दरले बाटोमा माटो खनी हाली उक्त बाटोमा माटो पुरी निकासा भएको सरकारी रकम एक्साभेटरको प्रति घनमिटर रु.७५।- रहेको र ट्याक्टरको प्रतिघनमिटर २७५।- रुपैयाँ रहेकोमा इस्टिमेटमा ट्याक्टरले माटो पुर्ने हुँदाहुँदै एक्साभेटरले माटो काटी पुरिएको र ट्याक्टरले पुरिएको मूल्यांकन गरिएको । उपभोक्ता समितिका अध्यक्ष वैधनाथ राउतको छोरा संदीपकुमार यादवले ट्याक्टरले बाहिरबाट ल्याई भरेको भनी | २०७८।३।२१ |

| | | |
|---|---|---|
| | नक्कली बिल भरपाई बनाई रकम हिनामिना गरेको भन्नेसमेत । | |
| २२४. | जिल्ला बागलुङ, तमानखोला गाउँपालिकाका अध्यक्ष जोकलाल बुढामगरले श्री विष्णु आधारभूत विद्यालयको विज्ञान विषयका शिक्षक नियुक्ति गर्दा उमेर हदभन्दा बढी उमेर भएको (४७ वर्षका) उम्मेदवारलाई शिक्षक नियुक्ति गरी भ्रष्टाचार गरेको भन्नेसमेत । | २०७८।३।२१ |
| २२५. | सुर्खेत जिल्ला, लेकवेंसी नगरपालिका वडा नं. ३ का अध्यक्ष थिरबहादुर चलाउनेले पाइप खरिद गर्दा रकम हिनामिना गरेको र लिफ्ट सिँचाइ आयोजनाको रकम दुरुपयोग गरी दुवै आयोजना प्रयोगविहीन बनाएको भन्नेसमेत । | २०७८।३।२४ |
| २२६. | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, धनगढीका वरिष्ठ फार्मेसी अधिकृत नारदप्रसाद साहनीले कञ्चनपुर र कैलाली जिल्लामा सञ्चालन भएको हात्तीपाइले रोगसम्बन्धी औषधी खुवाउने कार्यमा मिति २०७५।१०।२९ देखि २०७५।११।६ गतेसम्म धनगढीबाट र स्वास्थ्य सेवा विभाग, खोप शाखाबाट नेपालगञ्जमा मिति २०७५।११।१ देखि २०७५।११।४ गतेसम्म सञ्चालित गोष्ठीमा समेत भ्रमण आदेश स्वीकृत गराई दोहोरो दैनिक भ्रमण भत्ता भुक्तानी लिएको र मर्मतसम्भार तथा इन्धनको रकमसमेत हिनामिना गरेको भन्नेसमेत । | २०७८।३।२४ |
| २२७. | जिल्ला मोरङ, पथरी शनिश्चरे नगरपालिकाका न्यायिक समिति सदस्य दुर्गाप्रसाद सिटौला र वडा नं. ३ का वडा सचिव कमलबहादुर भट्टराईसमेतको मिलेमतोमा पथरी शनिश्चरे न.पा. वडा नं. २ स्थित द्रुपदा गजुरेलको कि.नं. ५१० र १४१ को जग्गा झुठो सिफारिस गरी नगरपालिकाभित्रकै कर्मचारी/पदाधिकारी र आफ्नो परिवारको नाममा पास गरेको भन्नेसमेत । | २०७८।३।२४ |
| २२८. | जिल्ला झापा, झापा गाउँपालिका, वडा नं. २ को झापा बजारदेखि पश्चिम जाने हुलाकी बाटोको फर्निचर मिलसम्मको बाटो मर्मतमा उपभोक्ता समिति र गाउँपालिकाको मिलेमतोमा निर्माण कार्यमा दुरुपयोग भई आर्थिक हिनामिना गरेको भन्नेसमेत । | २०७८।३।२४ |
| २२९. | मालपोत कार्यालय, ललितपुरमा आ.व. ०७३/७४ को साउन १ देखि २०७३ पुस मसान्तसम्ममा घरजग्गाको हक-हस्तान्तरण गर्दा प्रचलित कानुनबमोजिम असुल गर्नुपर्ने रजिष्ट्रेसन दस्तुर र पुँजीगत लाभकरमा अनियमितता गरेको भन्नेसमेत । | २०७८।३।२४ |
| २३०. | सुजितकुमार श्रेष्ठले त्रिभुवन विश्वविद्यालय परीक्षा नियन्त्रण कार्यालय, बल्खुबाट जारी गरिने प्रमाणपत्र तह (विज्ञान संकाय) को ट्रान्सक्रिप्ट नक्कली बनाई सोही आधारमा MBBS अध्ययन गरी नेपाल मेडिकल काउन्सिलबाट लिइने चिकित्सक दर्ता प्रमाणपत्रसमेत लिई ओहोदा ढाँटी सरकारी सुविधा लिई जिल्ला अस्पताल डोटीमा करारमा कामकाज गर्दै आएको भन्नेसमेत । | २०७८।३।२४ |
| २३१. | मिति २०७२।९।२० गते र मिति २०७२।९।२७ गतेको दक्षिण कोरियाका लागि नेपाली राजदूत कमानसिंह लामाले आफ्नो निवासको भाडा वास्तविकभन्दा बढी देखाएर मासिक दुई लाखभन्दा बढी नेपाली रुपैयाँ अनियमितता गरेको र दक्षिण कोरियाका लागि नेपाली राजदूत कमानसिंह लामाका भाइ सोही दूतावासका ड्राइभर निर्मल लामाले आफन्तको नाममा रेष्टुरेन्ट र फोटो स्टुडियो खोलेर व्यापारमा लागेको, आफ्नो राजदूत दाइको आडमा कोरियामा रोजगाररत नेपालीको MRP पोष्ट गर्नका लागि प्रतिव्यक्ति २२०० वन लाग्नेमा ५००० वन लिई त्यहाँ कार्यरत ३०००० नेपालीको जम्मा आठ करोड चालीस लाख वन निजले खाएको भन्नेसमेत । | २०७८।३।२४ |
| २३२. | नेपाल विद्युत प्राधिकरण, ढल्केबर ग्रिड शाखा, धनुषाबाट संचालित Tower Protection Works, धन्सार खोला, बाराको योजनामा वास्तविक भए गरेको कार्यहरूभन्दा रु.५६,५००।- बढी मूल्यांकन गरिएको भन्नेसमेत । | २०७८।३।२८ |
| २३३. | नेपाल विद्युत् प्राधिकरण, ढल्केबर ग्रिड शाखा, धनुषाबाट संचालित Maintenance of office (PCC Works), ढल्केबर सवस्टेसनको योजनामा वास्तविक भए गरेका | २०७८।३।२८ |

| | | |
|---|---|---|
| | कार्यहरूभन्दा रु.२८,५३८।९५ बढी मूल्यांकन गरिएको भन्नेसमेत । | |
| २३४. | जिल्ला कञ्चनपुरस्थित महाकाली यातायात व्यवस्था कार्यालयले २०७३ साल असोज महिनादेखि आवेदन दर्ता भएका दुईपाङ्ग्रे सवारीसाधनको चालक अनुमतिपत्रको लिखित परीक्षामा लापरबाही गरेको भन्नेसमेत । | २०७८।३।२८ |
| २३५. | जिल्ला धादिङ धुनिबेसी न.पा. वडा नं. १ छत्रेदेउरालीस्थित जयसिद्धि रोडाढुङ्गा उद्योग, नवदुर्गा चुनढुङ्गा इन्डष्ट्रिज र उर्वरा कृषि चुनढुङ्गा तथा शक्तिग्रिल उद्योगले कानुनविपरीत शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज अन्तर्गतको वन मिचेर रोडाढुङ्गा र चुनढुङ्गा खानी संचालन गरी सार्वजनिक सम्पत्ति विनास गरी गैरकानुनी लाभ लिएको भन्नेसमेत । | २०७८।३।२८ |
| २३६. | काभ्रेपलाञ्चोक जिल्लाको बनेपा नगरपालिकाबाट ०६६/६७ मा ढल निर्माण गर्दा चौध करोडको लागत भनिए पनि कमसल तथा सानो ढल निर्माण गरी दुई करोड रुपैयाँ जति मात्र खर्च गरी बाँकी रकम अनियमितता गरेको भन्नेसमेत । | २०७८।३।२८ |
| २३७. | पकाहा मैनपुर गाउँपालिका पर्सामा RCC नाला निर्माण तथा अन्य खरिदमा अनियमितता गरेको भन्नेसमेत । | २०७८।३।२८ |
| २३८. | प्रदीपबहादुर सिंहको नाममा रहेको जिल्ला बर्दिया साबिक गा.वि.स. राजापुर वडा नं. ९ को कि.नं. ४३३ क्षेत्रफल १-१२-० जग्गा मालपोत कार्यालय बर्दियाको र.नं. ४०७९ मिति २०५९।२।१३ को अंशवण्डाको लिखतबाट धनवीर थारू र धनीराम थारूको नाममा कायम गरेको भन्नेसमेत । | २०७८।३।२८ |
| २३९. | जिल्ला अर्घाखाँची, साबिक अर्घा गा.वि.स.-७ को पाहारपाखो सामुदायिक वनक्षेत्रको जग्गा स्रेस्ता कायम गरी बेचबिखन गरेको भन्नेसमेत । | २०७८।३।३१ |
| २४०. | जिल्ला कास्की, घरेलु तथा साना उद्योग कार्यालय पोखराको दर्ता शाखाले सेवाग्राहीलाई विभिन्न बहानामा हैरानी दिने र घुस नखाई काम नहुने गरेको तथा प्रेस उद्योगका लागि विद्युत्को क्षमता बढाउन पुगेका सेवाग्राहीसँग दर्ता शाखामा काम नगरी झुलाई हैरानी दिएको भन्नेसमेत । | २०७८।३।३१ |
| २४१. | जिल्ला समन्वय समितिको कार्यालय, कपिलवस्तु र ऐसिएटिक इन्जिनियर्स एण्ड एन.बी. कन्स्ट्रक्सनसमेतले सरकारी ऐक्साभेटर र ब्रेकरको दुरुपयोग गरेको भन्नेसमेत । | २०७८।३।३१ |
| २४२. | सुर्खेत जिल्ला इलाका वन कार्यालय, गुटुमा कार्यरत सहायक वन अधिकृत एजाज अहमद अन्सारीले विभिन्न बहाना बनाई सुर्खेत जिल्लास्थित चौकुने गाउँपालिका तथा पञ्चपुरी नगरपालिकाभित्र पर्ने लालझाडी सामुदायिक वन उपभोक्ता समूहबाट रु. पच्चीस हजार, सानुडाँडा सामुदायिक वन उपभोक्ता समूहबाट रु. पच्चीस हजार, भित्री कोपिला सामुदायिक वन उपभोक्ता समूहबाट रु. बत्तीस हजार र धामीडाँडा सामुदायिक वन उपभोक्ता समूहबाट रु. पन्ध्र हजार रकम लिई हिनामिना गरी भ्रष्टाचार गरेको भन्नेसमेत । | २०७८।३।३१ |
| २४३. | जिल्ला सुनसरी, इटहरी उप-महानगरपालिका वडा नं. १९ पकलीस्थित रामजानकी मन्दिर जाने बाटोमा ड्रेन निर्माणका लागि इटहरी उप-महानगरपालिकाबाट रकम निकासा भई कार्य भएकोमा गुणस्तरहीन सामग्री प्रयोग गरी उपभोक्ता समितिका अध्यक्ष दीपनारायण चौधरीलगायत अन्य उपभोक्ता समितिका पदाधिकारीहरूले मिलेमतो गरी भ्रष्टाचार गरेको भन्नेसमेत । | २०७८।३।३१ |

तपसिल बमोजिमका राष्ट्रसेवक कर्मचारीहरूले स्रोत नखुलेको सम्पत्ति आर्जन गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुँदा सार्वजनिक पद धारण गरेको अवधिभित्रको आम्दानीका बैध स्रोतबाट प्राप्त रकमको अनुपातमा निजहरूले आर्जन गरेको चलअचल सम्पत्ति तथा अन्य खर्चहरू कम भएको खुल्न आएकाले पछि अन्य थप प्रमाण प्राप्त हुन आएमा सोही बखत पुनः अनुसन्धान लगायत कानुनबमोजिम कारबाहीहरू हुने नै हुँदा हाल देहायका कर्मचारी/पदाधिकारीविरुद्धका २१ वटा

उजुरीहरू अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १९ को उपदफा (१२) बमोजिम तामेलीमा राखिएको छ ।

**तालिका २.२०**

**स्रोत नखुलेको सम्पत्ति आर्जन सम्बन्धमा अनुसन्धानपश्चात तामेलीमा राखिएका फाइलहरू**

| सि.नं. | आयोगको निर्णय मिति | नाम,थर | पद | कार्यालय |
|---|---|---|---|---|
| १ | २०७७।४।५ | कोषराज वन्त | तत्कालीन सशस्त्र प्रहरी महानिरीक्षक | सशस्त्र प्रहरी बल । |
| २ | २०७७।५।२३ | निश्चल काफ्ले | इन्जिनियर | जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय, गुल्मी । |
| ३ | २०७७।५।२३ | दीपक के.सी. | सि.डि.ई. | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सिंहदरबार, काठमाडौं । |
| ४ | २०७७।५।२५ | लोकराज बोहरा | शाखा अधिकृत | राष्ट्रिय योजना आयोग । |
| ५ | २०७७।७।२० | रामशरण आचार्य | इन्जिनियर | जिल्ला आयोजना कार्यान्वयन, इकाई, गोरखा |
| ६ | २०७७।७।२७ | मनोजकुमार गौतम | तत्कालीन शाखा अधिकृत (अवकाश) | राजस्व अनुसन्धान विभाग । |
| ७ | २०७७।७।२७ | धनिचन्द ठकुरी | तत्कालीन जिल्ला वन अधिकृत | जिल्ला वन कार्यालय, बाजुरा । |
| ८ | २०७७।८।११ | साधुराम भट्टराई | उपनिर्देशक (आठौं तह) | काठमाडौं महानगरपालिका । |
| ९ | २०७७।८।१८ | धर्म मुनिकार | कर्मचारी | काठमाडौं महानगरपालिका । |
| १० | २०७७।८।२५ | खिमबहादुर कुँवर | निर्देशक | राजस्व अनुसन्धान विभाग । |
| ११ | २०७७।९।२ | दीपककुमार भट्टराई | सु.ई. | पूर्वाञ्चल क्षेत्रीय सडक निर्देशनालय, दमक । |
| १२ | २०७७।९।८ | रामकृष्ण तिवारी | ना.सु. | राजस्व अनुसन्धान विभाग । |
| १३ | २०७७।९।८ | केशवराज ओली | भन्सार अधिकृत | त्रिभुवन विमानस्थल भन्सार कार्यालय, काठमाडौं । |
| १४ | २०७७।९।१६ | कपिलप्रसाद सुवेदी | उपसचिव | राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग । |
| १५ | २०७७।९।२३ | लुम्बध्वज महत | अध्यक्ष | कर फछ्र्यौट आयोग, २०७१ । |
| १६ | २०७७।९।२३ | भुपेन्द्रराज मैनाली | नायब सुब्बा | रसुवा भन्सार कार्यालय । |
| १७ | २०७७।१०।२ | सूर्यबहादुर भाट | सि.डि.ई. | मध्यपहाडी लोक मार्ग योजना । |
| १८ | २०७७।१०।९ | सुशील बाबु ढकाल | सुपेरिन्टेन्डेन्ट इन्जिनियर | सडक विभाग । |
| १९ | २०७७।१०।१५ | उत्तमलाल प्रधान | तत्कालीन क्षेत्रीय निर्देशक (सुपेरिन्टेन्डेन्ट इन्जिनियर) अवकाश | पश्चिमाञ्चल क्षेत्रीय सडक निर्देशनालय, पोखरा । |
| २० | २०७८।३।९ | कमानसिंह लामा | राजदूत | गणतन्त्र कोरिया (दक्षिण कोरिया) । |
| २१ | २०७८।३।३१ | डिलबहादुर क्षेत्री | उप-सचिव | अर्थ मन्त्रालय । |

## २.१० मुल्तबी

आयोगमा पर्न आएका उजुरीहरूमध्ये आ.व. ०७७/७८ मा देहायका ५ वटा उजुरीहरू अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम १० को उपनियम (२) बमोजिम मुल्तबीमा राखिएको छ ।

**तालिका २.२१**

**मुल्तबीमा राखिएका फाइलहरू**

| क्र. सं. | उजुरीको व्यहोरा | तामेली निर्णय मिति |
|---|---|---|
| १. | दिनेश पराजुली भन्ने रामशंकर पराजुलीसमेत भएको जुवा मुद्दाको अनुसन्धानको क्रममा पक्राउ परेका प्रतिवादी दिनेश पराजुली भन्ने रामशंकर पराजुलीसमेतले अधिकार प्राप्त अधिकारीसमक्ष बयान गर्दा प्र.स.नि. बिचित्र थापा मगर जुवा कौडा खेल्दै गरेको स्थानमा गई रु.४,००,०००।- लिई जुवा कौडा खेल्ने व्यक्तिहरूलाई छाडी दिएकाले निज प्र.स.नि. बिचित्र थापा मगर र प्र.ज. सुवासकुमार कार्कीलाई आवश्यक कारबाही गरी पाऊँ भन्नेसमेत । | २०७७।५।२३ |
| २. | काठमाडौं जिल्ला, साबिक थानकोट-३क, कि.नं. १, क्षेत्रफल १४-२-०-० को साबिक नापीको फिल्डबुकमा पर्ती जनिएको नेपाल सरकारको नाममा जग्गाधनी दर्ता श्रेस्ता कायम भएको जग्गा काठमाडौं जिल्ला, बाँडभञ्ज्याङ गाउँ विकास समिति, वडा नं. ५, बस्ने प्रेमबहादुर बस्नेतले मालपोत कार्यालयका कर्मचारीको मिलेमतोमा किर्ते जग्गाधनी दर्ता श्रेस्ता खडा गरी कित्ताकाट गरी बेचबिखन समेत गरेकाले गैरकानुनी कार्य गरी भ्रष्टाचार गर्ने व्यक्तिहरूलाई कडाभन्दा कडा कारबाही गरी सरकारी जग्गाको संरक्षण गरी पाऊँ भन्नेसमेत । | २०७७।६।२० |
| ३. | पूर्वाञ्चल विश्वविद्यालय, सेवा आयोगद्वारा पदपूर्तिका लागि गरिएको विज्ञापनमा आर्थिक प्रलोभनमा परी राजनैतिक स्वार्थका लागि निश्चित व्यक्तिलाई विश्वविद्यालयमा सेवा प्रवेश गराउने उद्देश्यका साथ सेवा आयोगका अध्यक्ष बद्रीनाथ श्रेष्ठले गोप्य रुपमा अन्तर्वार्ता तयारी गरिरहेकोले छानबिन गरी कारबाही गरिपाऊँ भन्नेसमेत । | २०७७।९।२३ |
| ४. | जिल्ला पर्सा साबिक गा.वि.स. पिडारीगुठी वडा नं. ५ को कि.न.९७ को ज.वि.१२-१५-० को सरकारी सार्वजनिक नदीको जग्गामध्ये ज.बि.११-०-० सरकारी जग्गा विपक्षी केशराज दास थारूसमेतले गैरकानुनी तवरबाट व्यक्तिविशेषको नाममा दर्ता कायम गराएकाले यसरी सरकारी जग्गा गैरकानुनी तवरबाट व्यक्तिविशेषको नाममा दर्ता कायम गर्ने अधिकृत कर्मचारीसमेतलाई कारबाही गरी गरी पाऊँ भन्नेसमेत । | २०७७।१०।९ |
| ५. | रूपन्देही जिल्लामा रहेको श्री जानकी मा.वि.को विद्यालय व्यवस्थापन समितिमा २०७१ सालमा निर्वाचित अध्यक्ष ज्ञानचन्द्र चाईको शैक्षिक योग्यताको प्रमाणपत्र नक्कली रहेको भन्नेसमेत । | २०७७।१२।९ |

# परिच्छेद- ३
# भ्रष्टाचार नियन्त्रणका निरोधात्मक र प्रवर्द्धनात्मक कार्यहरू

## ३.१ पृष्ठभूमि

आयोगले भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धन गर्न उपचारात्मक, निरोधात्मक, प्रवर्द्धनात्मक तथा संस्थागत क्षमता विकास गरी चारवटा रणनीतिहरू अवलम्बन गर्दै आइरहेको छ। यी चारवटा रणनीतिहरूलाई आयोगले आफ्नो चार खम्बे रणनीतिको रूपमा संस्थागत रणनीतिक योजना (आ.व. २०७६/७७-२०८०/८१) कार्यान्वयनमा ल्याएको छ। उपचारात्मक रणनीतिले मात्र भ्रष्टाचार नियन्त्रण गर्न नसकिने हुँदा आयोगले निरोधात्मक र प्रवर्द्धनात्मक रणनीतिअन्तर्गत सदाचार संस्कृति प्रवर्द्धनको प्रयास गर्दै आइरहेको छ।

यसै अन्तर्गत आयोगबाट निरोधात्मक र प्रवर्द्धनात्मक कार्यसम्बन्धी अवधारणापत्र, २०७४ बमोजिम भ्रष्टाचारका बहुआयामिक कारण र असरबारे अनुसन्धान तथा भ्रष्टाचारविरुद्ध सचेतना अभिवृद्धि, सहयोग आदान-प्रदान, सरोकारवाला निकायबीच असल सञ्चार र अनुभव साटासाटमा सहकार्य गर्ने कार्यले निरन्तरता पाइरहेको छ। भ्रष्टाचारसम्बन्धी उजुरी परेपछि अनुसन्धान, अभियोजन र तहकिकात मात्र नगरी भ्रष्टाचार हुने सम्भाव्य क्षेत्रको पहिचानका लागि जोखिम क्षेत्र पहिचानलगायतका कार्य गर्ने गरी आयोगले आन्तरिक कार्ययोजनासमेत तयार पारेको छ।

आयोगले निरोधात्मक एवं प्रवर्द्धनात्मक कार्य गर्न सक्ने कानुनी व्यवस्था अनुरूप सचेतना बढाउने, सरोकारवाला निकाय र पदाधिकारीलाई तालिम प्रदान गर्ने, गोष्ठी र अन्तरक्रिया जस्ता कार्यक्रमहरू सञ्चालन, बहस पैरवी गर्ने, भ्रष्टाचारविरुद्ध टेलिभिजन, रेडियो, एफ.एम., पत्रपत्रिका, अनलाइन मिडिया मार्फत तथा पर्चा, पम्प्लेट लगायत श्रव्य-दृश्य सामग्रीहरू समेत उत्पादन, प्रकाशन, प्रसारण र प्रवर्द्धन गर्दै आइरहेको छ। सामुदायिक शिक्षा कार्यक्रमबाट विद्यार्थी, शिक्षक, अभिभावक, पदाधिकारीलगायतलाई सभ्य समाज निर्माणमा समुदायको योगदानको महत्व उजागर गर्ने कार्य एकातिर हुँदै आइरहेको छ भने आयोगले विभिन्न जिल्ला तथा स्थानीय तहमा भ्रष्टाचारविरुद्ध निरोधात्मक र प्रचारात्मक कार्यक्रमहरू समेत सञ्चालन गर्दै आइरहेको छ।

आयोगको एकल प्रयासबाट मात्र मुलुकमा भ्रष्टाचार नियन्त्रणको उद्देश्य पूरा हुन सक्तैन । सुशासन प्रवर्द्धन गर्ने जिम्मेवारीका हातमा हात मिलाउने काम आम नागरिकको पनि विषय भएको हुँदा यस्ता सामुदायिक शिक्षा र विभिन्न अन्तर्क्रिया कार्यक्रमहरू आयोगको नेतृत्वमा सञ्चालन हुँदै आएका छन्। आम नागरिकको सहयोग हासिल गर्ने हेतुले आयोगको समन्वय तथा जिल्ला प्रशासन कार्यालयहरूको सहयोगमा जिल्ला-जिल्लामा नागरिक निगरानी संस्थाहरू समेत गठन गरिएका छन् भने विभिन्न व्यक्ति तथा सरोकारवाला निकायले समेत भ्रष्टाचारविरुद्ध अभियान सञ्चालन गरेका छन्।

यस्ता छलफल, अन्तर्क्रिया र अभियानबाट कर्मचारी, जनप्रतिनिधि, सञ्चारकर्मी, भ्रष्टाचारविरोधी अभियन्ता, नागरिक समाजका प्रतिनिधिलगायत आम नागरिकसमेतको अर्थपूर्ण सचेतना, सहभागिता र भूमिका एवं जिम्मेवारी बढेको छ। सदाचार संस्कृति प्रवर्द्धन गर्ने कार्यमा सबै वर्गको उल्लेख्य योगदान रहेको र आगामी दिनमा समेत भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धनमा प्रयास र अभियानमार्फत सहयोग मिल्ने कुरामा आयोग विश्वस्त छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भ्रष्टाचारविरुद्ध आफ्नो काम कारबाहीमा संगालेको अनुभवको आधारमा प्रत्येक वर्ष नेपाल सरकारलाई वार्षिक प्रतिवेदनमार्फत् राय सुझाव पेस गर्दै आएको छ । आयोगको निर्णय र सुझाव कार्यान्वयनका लागि समय-समयमा सरोकारवाला पदाधिकारीहरूसँग समन्वय तथा सहजीकरण बैठक तथा छलफलसमेत गर्दै आएको छ । यी राय सुझाव दृढता र इमान्दारिताका साथ कार्यान्वयन भएमात्र पनि भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धनमा अपेक्षित उपलब्धि हासिल हुनेछ भन्ने आयोगको विश्वास रहेको छ ।

भ्रष्टाचारविरुद्धको अन्तर्राष्ट्रिय दिवस डिसेम्बर ९ का दिन विभिन्न कार्यक्रमको संचालन गरी मनाइँदै आएको छ । यसैगरी आयोगको स्थापना दिवसको अवसरमा माघ २८ गते सम्माननीय राष्ट्रपति, सम्माननीय प्रधानमन्त्री

लगायत विशिष्ट महानुभावहरूको सहभागितामा विभिन्न कार्यक्रम सञ्चालन गरेर नियमित रूपले वार्षिकोत्सव मनाइँदै आएको छ । यस्ता कार्यक्रमहरूबाट समेत भ्रष्टाचारविरुद्ध सचेतना अभिवृद्धि हुने आयोगको अपेक्षा रहेको छ ।

## ३.२. निरोधात्मक कार्यक्रम

### ३.२.१. भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धनसम्बन्धी सुझाव सम्प्रेषण

भ्रष्टाचार नियन्त्रण गरी सुशासन प्रवर्द्धन गर्न विद्यमान अवस्थाको समीक्षा, मूल्यांकन र कार्यानुभवबाट आगामी दिशा र रणनीतिका लागि आयोगले नेपाल सरकारलाई विभिन्न समयमा विविध सुझावहरू दिँदै आइरहेको छ। आयोगमा पर्ने उजुरीका विषय, आयोगको अनुसन्धान, अभियोजन र तहकिकातको क्षेत्रगत अनुभव, अन्य निकायको कार्यक्रम, शोध तथा प्रकाशन, आयोगसँग ती निकायहरूको अन्तरक्रिया तथा समय समयमा आयोगले आयोजना गर्ने विभिन्न कार्यक्रमहरू समेतको अनुभूतिबाट यस्ता विविध क्षेत्रगत समस्याहरूको पहिचान गर्दै समस्या निदानका लागि आयोगको तर्फबाट नेपाल सरकारलाई सुझाव दिँदै आएको हो। यसरी प्रस्तुत सुझावहरू समयमै कार्यान्वयन गर्न सक्ने हो भने नेपालमा भ्रष्टाचार नियन्त्रण गरी सुशासन संस्कृति प्रवर्द्धन गर्न सकिने देखिन्छ। आयोगले आर्थिक वर्ष ०७७/७८ मा मूलतः देहायका विषयसम्बन्धी सुझाव प्रदान गरेको छः-

**(क) ढुंगा, गिट्टी, बालुवा उत्खनन् प्रशोधन गर्ने सम्बन्धमा आयोगको सुझाव**

ढुंगा, गिट्टी, बालुवा उत्खनन् प्रशोधन, प्रवर्द्धन, बिक्री वितरण र आवश्यक दोहन र व्यवस्थापनका लागि विभिन्न ८ बुँदे सुझाव नेपाल सरकारलाई दिएको थियो। ढुंगा, गिट्टी, बालुवा उत्खनन् प्रशोधन गर्ने उद्योगको दर्ता, तोकिएको कार्यविधि, प्रक्रिया र वातावरणीयलगायतका सर्तको पालना, ढुंगा, गिट्टी, बालुवा उत्खननमा विभिन्न थ्रेसहोल्ड र सीमाका आधारमा वातावरणीय अध्ययनको प्रतिवेदन स्वीकृति र कार्यान्वयन, निकायगत अनुगमनको अनिवार्यता, नदीजन्य पदार्थको ठेक्का, राजस्व संकलन तथा सोको उपयोगमा पारदर्शिताका लागि सार्वजनिक खरिद ऐन तथा नियमावली एवं नेपाल सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृत "ढुंगा, गिट्टी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापनसम्बन्धी मापदण्ड, २०७७" का प्रावधानको पालना, जिल्ला समन्वय समितिको रचनात्मक भूमिका, ठेक्कापट्टा लगाउने र अनुगमन गर्ने जिम्मेवारी, जवाफदेही निर्वाह गर्ने निकायले सरकारी सम्पत्तिको हानि नोक्सानी, राजस्व हिनामिना लगायत हुन नदिन पूरा गर्नुपर्ने दायित्व, नदीनालाबाट उत्पादन हुने नदीजन्य पदार्थलाई मौसमी रूपमा मात्र निकाल्न पाउने व्यवस्थाको थालनी तथा गिटी, ढुंगा, बालुवा, माटोलगायतका खानीजन्य पदार्थको पहिचान, विकास आदिका लागि खानी विभागलाई जिम्मेवार बनाउने गरी नेपाल सरकारबाट नीति स्वीकृत गरी/गराई कार्यान्वयनमा ल्याउने गरी सुझाव दिएको छ।

**(ख) समान प्रकृतिको कामका लागि एकरूपता हुने गरी नर्म्स तयार गर्ने सुझाव**

समान प्रकृतिको काममा विभिन्न निकायबाट फरक साधनस्रोत र परिणाम लाग्ने गरी नर्म्स तयार भएको कारण आफ्नो अनुकूलताको नर्म्स प्रयोग गरी लागत अनुमान बढाई भ्रष्टाचारजन्य कार्य हुन सक्ने अवस्था देखिएकाले समान प्रकृतिको कार्यमा एकरूपता ल्याउने गरी नर्म्स तयार गर्ने गराउने गरी खरिद नियमावलीबमोजिम उक्त नर्म्स स्वीकृत गराई सोहीबमोजिम दररेट विश्लेषण गरी निर्माण कार्य गर्ने गराउने।

**(ग) अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगको सहमति बेगर बहुवर्षीय ठेक्का नलगाउने सुझाव**

विभिन्न निकायले वार्षिक बजेट तथा कार्यक्रम तयार पार्दा नीतिगत लक्ष्य निर्धारण गर्नुपर्नेमा सो समेत नगरी बहुवर्षीय ठेक्का लगाउने र आयोजनाको सञ्चालनको पूर्व तयारी नगरी आयोजना सञ्चालनमा गैरबजेटरी भार पार्ने कार्य हुने गरेको हुँदा उक्त कार्य निरुत्साहित गर्ने प्रयोजनका लागि अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगको सहमति बेगर बहुवर्षीय ठेक्का नलगाउने गरी बहुवर्षीय ठेक्कासम्बन्धी स्वीकृत मापदण्डबमोजिम खरिद कार्य गर्ने गराउने व्यवस्था मिलाउने।

**(घ) निर्माणाधीन ठेक्का योजना व्यवस्थापनसम्बन्धी सुझाव**

निर्माणाधीन ठेक्का योजनाहरू तोकिएकै म्यादभित्र सम्पन्न गर्न गराउन, भइरहेको कार्यको सघन प्राविधिक सुपरीवेक्षण तथा सघन अनुगमन गर्न गराउन, ठेक्का व्यवस्थापनका विषयमा सजगता अपनाउन तथा सम्झौताबमोजिम ठेक्का व्यवस्थापनमा जोड दिन ठेक्का लगाउनुपूर्व गर्नुपर्ने पूर्वतयारीका कार्यहरू (जस्तैः जग्गा अधिग्रहण, विद्युतीय पोलहरू र खानेपानीका संरचनाहरूलगायतका सार्वजनिक उपयोगमा पूर्व निर्माण भइसकेका संरचनाहरू स्थानान्तरण गर्नुपर्ने भए समयमै स्थानान्तरण हुने व्यवस्था) भएपश्चात मात्र ठेक्का प्रक्रिया अगाडि बढाउने।

### ३.२.२ समन्वय बैठक, छलफल तथा अन्तर्क्रिया

**(क) संसदीय समितिबाट अनुगमन, छलफल तथा अन्तरक्रिया**

नेपाल सरकार, संघीय संसदका विभिन्न समितिहरूमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धनमा सहयोग पुऱ्याउने गरी छलफल कार्यक्रमहरू आयोजना हुँदै आएका छन् । बैठकमा आयोगले सम्पादन गरेको काम, लिएको रणनीति तथा हासिल गरेको कार्यप्रगतिका आधारमा आयोगका चुनौतीहरू तथा आयोगको आगामी कार्यदिशाका सम्बन्धमा छलफलसमेत हुने गरेको छ । साथै, विभिन्न मितिमा संसदीय समितिहरूको बैठकमा आयोगले आफ्नो क्रियाकलापको प्रस्तुतीकरण र छलफलसमेत गरिएको छ । आयोगबाट हुने उजुरीमाथिको अनुसन्धान, अभियोजन र तहकिकातसम्बन्धी कार्य विधिसम्मत, तथ्यपरक र वस्तुनिष्ठ ढंगले अघि बढ्ने व्यहोरासमेत व्यक्त भएको छ । कुनै पनि सार्वजनिक क्षेत्रको विकासका लागि आयोग बाधक नभई नियम पालनाका लागि सहजकर्ता मात्र रहेको विषयसमेत उल्लेख भएको छ। विभिन्न यस्ता छलफल कार्यक्रमहरूमा नेपाल सरकारले लिएको विकाससम्बन्धी लक्ष्य पूरा गर्ने सन्दर्भमा भ्रष्टाचार हुन नदिन तथा सदाचार संस्कृति कायम गरी सुशासन प्रवर्द्धन गर्न सबै सरोकारवाला निकायको साथ, सहयोग र समर्थनका लागि आयोगको आग्रह रहेको छ ।

**(ख) समन्वय बैठक तथा छलफल**

आयोगले संविधानले तोकेको जिम्मेवारी पूरा गर्ने सन्दर्भमा आयोगमा उजुरीको रुपमा ग्रहण भएका जनगुनासा सम्वोधन गर्दा विभिन्न निकायका प्रमुख तथा जिम्मेवार पदाधिकारीहरूसँग ती निकायहरूबाट प्रदान भइरहेको सेवा प्रवाहको अवस्था, समस्या तथा चुनौतीहरू एवं समाधानका उपायहरूको विषयमा समन्वय बैठक तथा अन्तरक्रिया कार्यक्रमहरू समेत सञ्चालन गरेको छ। समन्वय बैठक तथा अन्तरक्रिया कार्यक्रमहरूमार्फत आवश्यक निर्देशन, सल्लाह र सुझावमार्फत समेत आयोगले भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धनको लागि रचनात्मक प्रयास गरेको छ। प्रवर्द्धनात्मक र निरोधात्मक कार्यमा सहयोग पुग्ने गरी विभिन्न मन्त्रालय, प्रदेश वा निकायगत रूपमा समय समयमा गरिएका समन्वयात्मक एवं सहजीकरण बैठकहरूको माध्यमबाट आ-आफ्ना निकायमा भ्रष्टाचार नियन्त्रणका लागि सचेतना वा पूर्वसावधानी अपनाउन सुझावहरू प्रदान गरिएको तथा यसबाट प्रभावकारी र नतिजामुखी सार्वजनिक सेवा प्रवाह हुने र विकास निर्माण भ्रष्टाचाररहित भई अपेक्षित नतिजा हासिल हुने विश्वास गरिएको छ ।

**(ग) अनुगमन बैठक**

तोकेको जिम्मेवारी पूरा गर्ने सन्दर्भमा आयोगमा समय समयमा भएका छलफल, अन्तरक्रिया, कार्यक्रम तथा बहसमार्फत विभिन्न निकायहरूलाई दिएका सुझावहरू तथा आयोगमा परेका उजुरीको छानबिनको क्रममा आयोगका निर्णयहरूको कार्यान्वयनको सन्दर्भमा आयोगले विभिन्न सम्बद्ध निकाय, क्षेत्र तथा व्यक्तिहरूसँग सो सम्बन्धमा विभिन्न चरणमा विभिन्न तरिकाले अनुगमनसमेत गर्ने गरेको छ। कोभिड-१९ को जोखिमले उत्पन्न परिस्थितिका कारण लक्षित संख्यामा बैठक बस्न तथा स्थलगत अनुगमन गर्न नसकिए तापनि आयोगबाट सञ्चार तथा सूचना प्रविधि एवं पत्राचारको माध्यमद्वारा सरोकारवाला निकाय र व्यक्तिसँग सम्बन्धित विषयहरूको अवस्थाको प्रगति र जानकारी लिने कार्य भएका छन् ।

### ३.२.३ भ्रष्टाचारविरुद्धको नागरिक निगरानी संस्था गठन

भ्रष्टाचार नियन्त्रण गरी सुशासन प्रवर्द्धन गर्न तथा सदाचार संस्कृतिमा जनसहभागिता बढाई बाञ्छित लक्ष्य हासिल गर्न जनस्तरबाट भ्रष्टाचारविरोधी अभियानको थालनी गर्ने उद्देश्यले अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०७५।१०।११ मा भ्रष्टाचारविरुद्धको नागरिक निगरानी संस्थासम्बन्धी अवधारणापत्र स्वीकृत भई आर्थिक वर्ष ०७५/७६ मा परीक्षणका रूपमा भ्रष्टाचारविरुद्धको नागरिक निगरानी संस्था गठन गरी आयोगबाट जनताको तहसम्म सहकार्य प्रारम्भ गर्ने कार्यको थालनी भएको थियो। यसरी गठित भ्रष्टाचार निगरानी संस्थाहरूको प्रभावकारिताका आधारमा तथा स्थानीय नागरिक समाजको सक्रियतामा यस्ता संस्थाहरू गठन गर्ने अवधारणा अगाडि बढाइएकोमा उक्त अवधारणाबमोजिम हालसम्म कञ्चनपुर, कैलाली, दैलेख, सुर्खेत, रुपन्देही, गुल्मी, कास्की, पर्वत, स्याङ्जा, चितवन, मकवानपुर, धादिङ, सिराहा, धनुषा, सुनसरी, रुकुम-पूर्व, झापा, मोरङ र बैतडीसमेत गरी १९ वटा जिल्लामा भ्रष्टाचारविरुद्धको नागरिक निगरानी संस्था गठन भएका छन् । अघिल्लो आर्थिक वर्ष ०७६/७७ को तुलनामा आर्थिक वर्ष ०७७/७८ मा थप चार जिल्लामा यस्ता नागरिक निगरानी संस्थाहरू गठन गरिएका छन्। नागरिक

निगरानी संस्थाहरूमार्फ विभिन्न जनचेतनामूलक कार्यक्रम, बहस/पैरवी, सामाजिक र सार्वजनिक परीक्षण जस्ता कार्यहरूमार्फत भ्रष्टाचारविरुद्ध सामाजिक जागरण उजागर हुने आयोगले अपेक्षा लिएको छ।

## ३.३ प्रवर्द्धनात्मक कार्यक्रम

### ३.३.१ सामुदायिक शिक्षा कार्यक्रम

भ्रष्टाचारविरुद्ध जनचेतना फैलाउने कार्यअन्तर्गत आर्थिक वर्ष ०६४/६५ देखि आयोगले सामुदायिक शिक्षा कार्यक्रमलाई निरन्तरता दिँदै आएको छ। आयोगका मातहत कार्यालयहरूबाट विद्यालयस्तरमा अध्ययन गर्ने विद्यार्थी एवं शिक्षकलाई लक्षित वर्गमा राखी यो कार्यक्रम सञ्चालन हुँदै आएको छ । विद्यार्थीहरू भविष्यका सबै क्षेत्रमा नेतृत्व गर्ने ठाउँमा पुग्ने हुनाले त्यस्ता वर्गलाई भ्रष्टाचारविरुद्ध उभ्याउन सकियो भने वर्तमानमा मात्र नभई भोलि गएर सदाचारी र भ्रष्टाचारविरोधी नागरिक र नेतृत्व निर्माण गर्न सहज हुने कुरामा विश्वस्त भएर नै यस प्रकारका कार्यक्रमहरूलाई भ्रष्टाचारविरुद्धको रणनीतिको रूपमा आयोगले अवलम्बन गरेको हो । यस कार्यक्रमको मुख्य उद्देश्य व्यक्तिको सदाचार, इमान्दारिता, कर्तव्यनिष्ठता, मूल्यमान्यता तथा जिम्मेवारी र जवाफदेहिता अभिवृद्धि गर्नु हो । आर्थिक वर्ष ०७७/७८ मा कोभिड-१९ महामारीको असरले गर्दा लक्ष्यअनुसार कार्यक्रमहरू संचालन गर्न कठिनाई उपत्पन्न भएको थियो । अघिल्लो आर्थिक वर्ष ०७६/७७ मा कुल ३२ जिल्लाहरूमा कुल ३२ वटा नै कार्यक्रमहरूमार्फत २९७६ जनाको उपस्थितिमा सामुदायिक शिक्षा कार्यक्रम सञ्चालन भएको थियो भने आर्थिक वर्ष ०७७/७८ मा जम्मा २० जिल्लामा २५ वटा भिन्नाभिन्नै कार्यक्रम सञ्चालन भई कुल २१७० जना सहभागी भएका थिए। आर्थिक वर्ष ०७७/७८ मा सञ्चालन गरिएका कार्यक्रमहरूको विवरण देहायबमोजिम रहेको छ :

**तालिका ३.१**

**आर्थिक वर्ष ०७७।७८ मा सञ्चालित सामुदायिक शिक्षा कार्यक्रमसम्बन्धी विवरण**

| क्र.सं. | कार्यालय | सञ्चालन स्थान | कार्यक्रम संख्या | सहभागी संख्या |
|---|---|---|---|---|
| १ | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, पोखरा | पर्वत र स्याङ्जा | २ | १४६ |
| २. | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बुटवल | अर्घाखाँची, गुल्मी, पाल्पा, रोल्पा, नवलपरासी-बर्दघाट सुस्ता पूर्व, नवलपुर, बर्दघाट सुस्ता पश्चिम, प्यूठान र रूपन्देही | १० | १०१९ |
| ३ | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, नेपालगञ्ज | दाङ, बर्दिया र बाँके | ३ | ३३५ |
| ४ | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, सुर्खेत | रुकुम-पश्चिम | १ | १२७ |
| ५ | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, कञ्चनपुर | डडेल्धुरा, कञ्चनपुर, बझाङ, दार्चुला, बाजुरा र कैलाली | ९ | ५४३ |
| **जम्मा :** | | **२० जिल्ला** | **२५** | **२,१७०** |

**तालिका ३.२**

**हालसम्म संचालन भएका सामुदायिक शिक्षा कार्यक्रमहरूको विवरण**

| क्र.सं. | आर्थिक वर्ष | कार्यक्रम संख्या | सहभागी संख्या |
|---|---|---|---|
| १. | २०७५/७६ सम्म | ५५६ | ६,९६६७ |
| २. | २०७६/७७ मा | ३२ | २,९७६ |
| ३. | २०७७/७८ मा | २५ | २१७० |
| **जम्मा :** | | **६१३** | **७४,८१३** |

### ३.३.२ अन्तरक्रिया कार्यक्रम

भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धन गर्ने कार्यमा आयोग र मातहतका ८ वटा कार्यालयहरू मार्फत आ-आफ्नो क्षेत्रमा स्थानीयस्तरका अन्तरक्रिया कार्यक्रमहरू सञ्चालन हुँदै आएको र यस्ता कार्यक्रमहरूमा स्थानीय तहका निर्वाचित पदाधिकारीहरू, जिल्लास्तरका सरकारी कार्यालय तथा संस्थानका कर्मचारी, गैरसरकारी संस्थाका प्रतिनिधि, निजी क्षेत्र, नागरिक समाज, उपभोक्ता समितिका पदाधिकारी, पत्रकारलगायतको सहभागिता हुने गरेको छ । अन्तरक्रिया कार्यक्रमको उद्देश्य संघीयतामा स्थानीय तहबाट प्रवाह हुने सेवासुविधाहरू गुणस्तरीय र सुलभ तवरमा जनताले पाउनुपर्ने, विकास निर्माणको काम स्थानीय जनताको मागअनुसार स्थानीयकै सहभागितामा हुनुपर्ने भन्ने हो । यसका साथै, स्थानीय तहमा रहेको भ्रष्टाचार र अनियमितताको अवस्था बुझ्ने, भ्रष्टाचारविरुद्ध जनचेतना अभिवृद्धि गर्दै स्थानीय सुशासन प्रवर्द्धन गर्ने र जनतालाई भ्रष्टाचारविरुद्ध आफैं सक्रिय भएर आयोगको कामकारबाहीमा सहयोग गर्न अपिल गर्नेसमेत रहेको छ । कोभिड-१९ महामारीका कारण भौतिक उपस्थितिमा सञ्चालन गर्नुपर्ने अन्तर्क्रिया कार्यक्रमहरू सञ्चालनमा कठिनाईका बाबजुत आर्थिक वर्ष ०७७/७८ मा सञ्चालन भएका देहाय बमोजिमका अन्तरक्रिया कार्यक्रमहरूमा आयोगका पदाधिकारीहरूको सहभागिता रहेको थियो :-

**तालिका ३.३**

**आयोगका पदाधिकारी सहभागी अन्तरक्रिया कार्यक्रमको विवरण**

| क्र.सं. | स्थान | मिति | प्रमुख अतिथि |
|---|---|---|---|
| १. | सुर्खेत | २०७७।९।१३ | कार्यवाहक प्रमुख आयुक्त डा. गणेशराज जोशी |
| २. | गुल्मी | २०७७।९।२४ | आयुक्त डा. सावित्री थापा गुरुङ |
| ३. | अर्घाखाँची | २०७७।९।२४ | आयुक्त डा. सावित्री थापा गुरुङ |
| ४. | रुकुम-पूर्व | २०७७।९।२६ | आयुक्त डा. सावित्री थापा गुरुङ |
| ५. | इलाम | २०७७।१२।११ | आयुक्त श्री किशोरकुमार सिलवाल |
| ६. | पाँचथर | २०७७।१२।१२ | आयुक्त श्री किशोरकुमार सिलवाल |
| ७. | ताप्लेजुङ | २०७७।१२।१३ | आयुक्त श्री किशोरकुमार सिलवाल |
| ८. | उदयपुर | २०७७।१२।२४ | आयुक्त श्री जयबहादुर चन्द |
| ९. | मोरङ | २०७७।११।२१ | सचिव श्री तोयम राया |

आयोग मातहत कार्यालयहरूले सञ्चालन गरेका अन्तरक्रिया कार्यक्रमहरूको विवरण देहायअनुसार रहेको छ :

**तालिका ३.४**

**आर्थिक वर्ष २०७७।७८ मा सञ्चालित अन्तर्क्रिया कार्यक्रमको विवरण**

| क्र.सं. | कार्यालय | सञ्चालन भएका जिल्ला | कार्यक्रम संख्या | सहभागी संख्या |
|---|---|---|---|---|
| १. | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, इटहरी | सुनसरी, झापा, मोरङ, इलाम, पाँचथर र ताप्लेजुङ | ६ | ६४० |
| २. | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बर्दिबास | रौतहट, महोत्तरी, सर्लाही, सिन्धुली, उदयपुर र सिराहा | ७ | ६३० |
| ३. | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, पोखरा | कास्की र बाग्लुङ | ५ | १५१ |
| ४. | अख्तियार दुरुपयोग अनुसन्धान आयोग, बुटवल | रूपन्देही, गुल्मी, अर्घाखाँची, रुकुम-पूर्व, रोल्पा र नवलपरासी-बर्दघाट सुस्ता पश्चिम | ६ | ३१८ |
| ५. | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, सुर्खेत | सुर्खेत, डोल्पा, दैलेख, जाजरकोट र सल्यान | १० | ५५६ |

| | | | | |
|---|---|---|---|---|
| ६. | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, कञ्चनपुर | कैलाली, कञ्चनपुर, अछाम, बझाङ, दार्चुला, डोटी, डडेल्धुरा र बैतडी | ९ | ६३९ |
| **जम्मा :** | | **३३ जिल्ला** | **४३** | **२९३४** |

**तालिका ३.५**

**हालसम्म सञ्चालित अन्तर्क्रिया कार्यक्रमको विवरण**

| क्र.सं. | आर्थिक वर्ष | कार्यक्रम संख्या | सहभागी संख्या |
|---|---|---|---|
| १. | २०७५/७६ सम्म | ४११ | ४१,८५२ |
| २. | २०७६/७७ मा मात्र | ४१ | ५,५२७ |
| ३. | २०७७/७८ मा मात्र | ४३ | २,९३४ |
| **जम्मा :** | | **४९५** | **५०,३१३** |

### ३.३.३ संचार माध्यममार्फत प्रवर्द्धनात्मक कार्य

भ्रष्टाचारविरुद्ध जनचेतना बढाउन आयोगले सूचना प्रविधि तथा सामाजिक सञ्जालको प्रयोग गर्नुका साथै विविध सूचना तथा जानकारीमूलक सामग्रीहरूको प्रकाशन/प्रसारणसमेत गर्दै आएको छ । आयोगको वेबपेज, इमेल, फेसबुक, टोलफ्री टेलिफोन, हट लाइन नं. १०७ मार्फत आयोगमा उजुरी दिन र आयोगका गतिविधिहरूको जानकारी सजिलै प्राप्त गर्न सकिने व्यवस्था गरिएको छ । नियमित रूपमा भ्रष्टाचारविरुद्धका जानकारी एवं सूचनामूलक सामग्रीहरू बुलेटिन, ब्रोसियर, स्मारिका, वार्षिक प्रतिवेदन, प्रेस विज्ञप्तिहरूमार्फत सरोकारवालाहरूलाई सम्प्रेषण गरिएको छ ।

आयोग र नेपाल टेलिभिजनसँगको सहकार्यमा आ. व. ०७५/७६ देखि नै "सुशासन सवाल" विषयक साप्ताहिक टेलिभिजन कार्यक्रम हरेक मंगलबार साँझ ७:२५ मा प्रसारण हुँदै आएको छ। आर्थिक वर्ष ०७७/७८ को अवधिमा नेपाल टेलिभिजनबाट ५२ भाग “सुशासन सवाल” कार्यक्रम प्रसारण भएको छ । आयोग र नेपाल टेलिभिजनको सहकार्यमा प्रसारण हुने “सुशासन सवाल” कार्यक्रमले भ्रष्टाचार नियन्त्रण र सुशासन स्थापनाका सम्बन्धमा नागरिकको भूमिका, कर्तव्यका साथै भ्रष्टाचार नियन्त्रणमा आयोगबाट भएका कार्यका सम्बन्धमा यथोचित जानकारी प्रवाह गरी भ्रष्टाचार नियन्त्रण तथा सुशासन प्रवर्द्धनका लागि प्रवर्द्धनात्मक कार्य गर्दै आएको छ । साथै भ्रष्टाचारविरुद्ध निष्पक्ष र उत्कृष्ट समाचार सम्प्रेषण गर्ने संचार माध्यमका अतिरिक्त अन्य विभिन्न माध्यमबाट भ्रष्टाचार नियन्त्रणको अभियानमा सहयोग पुऱ्याउने विशिष्ट व्यक्तिहरूलाई पुरस्कृत र सम्मान गर्ने नीतिसमेत रहेको छ। आयोगले भ्रष्टाचारविरुद्धका राष्ट्रिय र अन्तर्राष्ट्रिय दिवसहरूलाई उल्लास र विशेष भव्यताका साथ सम्पन्न गर्ने अभ्याससमेत गर्दै आइरहेको छ ।यस्ता कार्यक्रमहरू आयोगको फेसबुक पेज र युट्युब च्यानलबाट समेत प्रत्यक्ष प्रसारण हुँदै आएको छ।

त्यसैगरी आयोगले आर्थिक वर्ष २०७७/७८ मा भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धन गर्ने प्रयोजनका लागि प्रबर्द्धनात्मक कार्यक्रमअन्तर्गत दुई वटा श्रव्यदृश्य सामग्रीहरू निर्माण गरी नेपाल टेलिभिजनमार्फत प्रसारणसमेत गरिएको छ।

### ३.३.४ निबन्ध लेखन प्रतियोगिता

आयोगको स्थापना दिवसको अवसरमा २०७७ साल माघ २८ गते विगत वर्षहरूमा जस्तै निबन्ध लेखन प्रतियोगिता आयोजना गरिएको थियो । निबन्ध लेखन प्रतियोगिताको विषय “राष्ट्र निर्माणमा सदाचार र सुशासन” रहेको थियो । “राष्ट्र निर्माणमा सदाचार र सुशासन” विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको निर्देशनमा आयोगका सबै आठवटा कार्यालयहरूले खुला प्रतियोगिता आयोजना गरी २/२ जना प्रतिस्पर्धी निबन्ध लेखहरू छनौट गरी आयोगको केन्द्रीय कार्यालयमा पुरस्कारका लागि सिफारिस गरेका थिए। आयोगको केन्द्रीय कार्यालयमा गठन गरिएको मूल्यांकन समितिले यसरी आयोग मातहतका कार्यालयहरूबाट सिफारिस भई आएका निबन्धहरूमध्येबाट समेत उत्कृष्ट निबन्धहरूको सूची मूल्यांकनमार्फत छनौट गरी मिति २०७७।१०।२८ गते आयोजित आयोगको ३० औं स्थापना दिवसको समारोहमा पुरस्कार तथा प्रमाणपत्र वितरण गरिएको थियो।

# परिच्छेद- ४
# संस्थागत सुदृढीकरणमा आयोगको क्रियाशीलता

## ४.१ पृष्ठभूमि

संविधानले आयोगलाई निर्दिष्ट गरेको भ्रष्टाचार नियन्त्रण गर्ने जिम्मेवारी निर्वाह गर्दै सदाचार र सुशासन प्रवर्द्धनमा योगदान पुऱ्याउने गरी कार्यसम्पादन गर्न आयोगले तय गरेको संस्थागत रणनीतिक योजना अनुरूप भौतिक पूर्वाधार विकास, जनशक्तिको क्षमता र मनोबल अभिवृद्धि, परिस्कृत कार्यपद्धतिको अवलम्बन तथा कार्यवातावरण सुधार गर्ने गरी कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । पाँचवर्षे संस्थागत रणनीतिक योजना (२०७६/७७-२०८०/८१) बमोजिम आयोगले कार्यालय भवन, इन्जिनियरिङ र फरेन्सिक ल्याब, कार्यकक्षहरूको पूर्वाधार विकास, कर्मचारीहरूको क्षमता विकास, कार्यप्रक्रियामा सुधार, संचार, ज्ञान, सीप र प्रविधि हस्तान्तरणलगायतका विषयमा जोड दिएको छ । कानुनी सुधारतर्फ आयोगको कार्यसम्पादनसँग सम्बन्धित कानुन र कार्यविधि परिमार्जनका लागि पहलकदमी लिइएको छ। आयोगले समयानुकूल अनुसन्धान कार्यमा प्रभावकारिता र कार्यप्रक्रिया सरलीकरणका विधिहरू अवलम्बन गरी पुरानो कार्यविधि विस्थापित गर्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोग कार्यविधि, २०७८ निर्माण गरी लागू गरिएको छ। साथै, आयोगको कार्यसम्पादनलाई प्रविधिमैत्री बनाउन तथा अभिलेख प्रणालीमा सुधार गर्न आयोग र मातहतका कार्यालयहरूमा सञ्चालनमा रहेको स्वचालित कार्यालय सञ्चालन प्रणाली (Office Automation System) मा निरन्तर सुधार गर्दै यसको विस्तार गर्ने र प्रणालीलाई थप सुरक्षित, भरपर्दो र नतिजामुखी बनाई संचालनमा ल्याइएको छ। मानव संसाधनको विकासमा प्रत्यक्ष सहयोग पुग्ने गरी आयोगमा खटिई आउने नवआगन्तुक अनुसन्धान अधिकृतहरूलाई अनुसन्धानसम्बन्धी अभिमुखीकरण तालिम प्रदान गरिएको छ। कोभिड-१९ बाट सिर्जित परिस्थितिजन्य कारणबाट योजना अनुरूपका क्षमता विकास कार्यक्रमहरू सञ्चालन गर्न कठिनाइ भए तापनि विशिष्टीकृततर्फ अनुसन्धानमूलक सार्वजनिक खरिद व्यवस्थापनसम्बन्धी तालिम कार्यक्रम सञ्चालन गरिएको छ। यस अवधिमा महामारीले देशका अन्य क्षेत्रजस्तै आयोगमा समेत प्रत्यक्ष प्रभाव पारेको हुँदा प्रतिवेदन अवधिमा स्वदेशी तथा वैदेशिक तालिम, गोष्ठी र सेमिनारहरू अवरुद्ध हुन पुगेको र सीमित अन्तर्राष्ट्रिय अन्तर्क्रिया एवं तालिममा भर्चुअल सहभागिता मात्र सम्भव रह्यो। आयोगलाई नेपाल सरकारले उपलब्ध गराएको स्रोतसाधनहरूको कुशल र मितव्ययी रूपमा उपयोग गर्दै संस्थागत सुदृढीकरणका कार्यक्रमहरू सञ्चालन गरिएको छ। आर्थिक वर्ष २०७७/७८ मा आयोगको संस्थागत सुदृढीकरण कार्यक्रमतर्फ सम्पन्न भएका कार्यहरूको विवरणलाई यस खण्डमा प्रस्तुत गरीएको छ।

## ४.२ आयोगको भौतिक पूर्वाधार विकास

आर्थिक वर्ष २०७७/७८ मा आयोगको कार्यालय बर्दिबास, पोखरा र सुर्खेतका प्रशासनिक भवन निर्माणको काम सम्पन्न भएको छ। आयोगको कार्यालय हेटौंडा, बुटवल र कञ्चनपुरको आवासीय भवनको निर्माण कार्य भइरहेको छ। त्यसैगरी आयोगको कार्यसम्पादनलाई थप प्रभावकारी बनाउन भवन निर्माणका साथै डिजिटल उपकरण, सूचना प्रविधि तथा अन्य प्रविधिको उपयोग बढाइएको छ। आयोगको केन्द्रीय कार्यालय र मातहतका आठवटै कार्यालयहरूमा सार्वजनिक निर्माण कार्यको गुणस्तर परीक्षण गरी निर्माणसँग सम्बन्धित उजुरीहरूको अनुसन्धानमा सहयोग गर्नका लागि Engineering Lab स्थापना गरी सञ्चालनमा ल्याइएको छ । आयोग र मातहतका कार्यालयहरूका लागि १९ वटा दुईपांग्रे र ८ वटा चारपांग्रे सवारी साधन खरिद गरी प्रयोगमा ल्याइएको छ। यस अवधिमा विद्युतीय कार्यसञ्चालनका लागि आयोग र मातहत कार्यालयमा ४३ थान कम्प्युटर र ६५ थान प्रिन्टर तथा अन्य विद्युतीय सञ्चार उपकरणहरू खरिद गरी प्रयोगमा ल्याइएको छ। साथै, अनुसन्धान तथा व्यवस्थापनमा सूचना प्रविधिको अधिकतम प्रयोग गरी कार्यप्रणालीमा सुधार ल्याउने रणनीतिअनुरूप भिडियो कन्फ्रेन्सिङ प्रणाली, सीसीटीभी क्यामेरा, एक्स-रे मेसिन तथा अनुसन्धानसम्बन्धी विद्युतीय उपकरणहरूको प्रयोगलाई विस्तार गरिएको छ ।

## ४.३ आयोगमा कार्यरत कर्मचारीहरूको क्षमता विकास

आयोगबाट हुने छानबिन, अनुसन्धान तथा अभियोजनका कार्यहरू प्रभाकारीरूपमा सम्पादन गर्न विशिष्टीकृत ज्ञान, सीप र क्षमता आवश्यक पर्ने हुँदा कार्यरत जनशक्तिको क्षमता र मनोबल अभिवृद्धि गरी अनुसन्धान र अभियोजन प्रक्रियालाई वस्तुगत, प्रामाणिक र वैज्ञानिक बनाउने निरन्तरको प्रयास अन्तर्गत आयोगले कर्मचारीहरूलाई स्वदेश र विदेशमा विभिन्न विषयमा तालिमहरू प्रदान गर्दै आएकोमा यस वर्ष यस्ता केही कार्यक्रमहरू भर्चुअल विधि र स्वास्थ्य मापदण्ड कायम गरी भौतिक उपस्थितिमा समेत सञ्चालन गरिएको छ।

**तालिका ४.१**

**आर्थिक वर्ष २०७७/७८ मा आयोगका कर्मचारी सहभागी भएका तालिम तथा प्रशिक्षण कार्यक्रमहरू**

| क्र.सं. | तालिमका नामहरू/विषयहरू | सञ्चालन अवधि | सहभागी संख्या |
|---|---|---|---|
| १. | अनुसन्धानसम्बन्धी आधारभूत अभिमुखीकरण | १४-२० असोज २०७७ | १७ |
| २. | अनुसन्धानसम्बन्धी आधारभूत अभिमुखीकरण | २७ असोज -२ कात्तिक २०७७ | ३१ |
| ३. | सार्वजनिक खरिदसम्बन्धी तालिम (भर्चुअल विधि) | ७-१२ मंसिर २०७७ | ४० |
| ४. | अनुसन्धानसम्बन्धी आधारभूत अभिमुखीकरण | १६-१९ फागुन २०७७ | २८ |
| ५. | अनुसन्धानसम्बन्धी आधारभूत अभिमुखीकरण | २-६ चैत २०७७ | २४ |
| ८. | अनुसन्धानसम्बन्धी आधारभूत अभिमुखीकरण | ५-९ वैशाख २०७७ | २१ |
| **जम्मा :** | | | **१६१** |

आर्थिक वर्ष २०७७/७८ मा आयोगका कर्मचारीहरू अन्तर्राष्ट्रिय संघसंस्थाहरूबाट सञ्चालित देहायका सम्मेलन, तालिम, प्रशिक्षण तथा कार्यक्रमहरूमा सहभागी भएका छन्:-

| Programe | Organizer | Date | Number of Participants |
|---|---|---|---|
| Workshop on "Clean COVID-19 Response and Economic Reopening" | Government of People's Republic of China | December 29- November 2, 2020 | 2 |
| Impact of COVID-19 on the work of Anti-Corruption Law Enforcement Agencies | Anti-Corruption Initiative for Asia Pacific | 29 September, 2020 | 1 |
| Webinar on Digitalization Against Corruption | United Nations Office on Drugs and Crime | 25 November, 2020 | 1 |
| $24^{th}$ Steering Group Meeting | Anti-Corruption Initiative for Asia Pacific | 17 December, 2020 | 2 |
| Public Integrity Network – Capacity Development Program | Anti-Corruption Initiative for Asia Pacific | 5 February, 2021 | 2 |
| Corruption Prevention in Public Procurement | Anti-Corruption Initiative for Asia Pacific | 5 February 2021, 25 February 2021, 14 April, 2021 and 28 April, 2021 | 2 |
| 2021 OECD Global Anti-Corruption & Integrity Forum | Anti-Corruption Initiative for Asia Pacific | 23-25 March, 2021 | 2 |

# परिच्छेद- ५
# भ्रष्टाचारजन्य कार्यको प्रवृत्ति विश्लेषण

## ५.१ पृष्ठभूमि

आयोगले भ्रष्टाचार तथा अनियमितता सम्बन्धमा परेका उजुरीहरूको विश्लेषण, छानबिन तथा अनुसन्धानबाट देखिएका तथ्यहरू, आयोगले समय समयमा भ्रष्टाचार नियन्त्रण तथा सुशासनका प्रवर्द्धनका क्षेत्रमा गरेका अध्ययन तथा अनुसन्धानहरूका आधारमा भ्रष्टाचारजन्य कार्यको प्रवत्ति विश्लेषण गर्ने गरेको छ ।आफूले गरेको कामकारबाहीको आधारमा भ्रष्टाचारजन्य प्रवृत्ति केलाउँदा घुस/रिसवत लिने दिने, सार्वजनिक सम्पत्तिको हिनामिना, हानि नोक्सानी वा दुरुपयोग गर्ने, गैरकानुनीरूपमा सरकारी/सार्वजनिक जग्गा व्यक्ति विशेषको नाममा दर्ता गर्ने, सार्वजनिक खरिद तथा निर्माणका काम बदनियतपूर्वक गरी व्यक्तिगत लाभ लिने तथा नेपाल सरकारलाई हानि पुऱ्याउने, झुठा विवरण पेस गरी सरकारी नियुक्ति, बढुवा तथा लाभ लिने, गलत लिखत वा प्रतिवेदन बनाउने, कागजात सच्याउने, परीक्षाको गोपनीयता भंग गर्ने, परिणाम फेरबदल गर्ने, गैरकानुनीरूपमा सम्पत्ति आर्जन गर्ने, राजस्व चुहावट/हिनामिना गर्नेजस्ता प्रवृत्तिहरू रहेका छन्।

## ५.२ भ्रष्टाचारजन्य कार्यहरू

भ्रष्टाचार निवारण ऐन, २०५९ ले 'भ्रष्टाचार' भन्नाले सो ऐनको परिच्छेद २ अन्तर्गत सजाय हुने कसुर सम्झनुपर्छ भनी परिभाषित गरेको छ । तालिका ५.१ मा उक्त परिच्छेदको दफा ३ देखि दफा २४ सम्मका भ्रष्टाचारसम्बन्धी विभिन्न कसुर र सजायका व्यवस्थाहरूलाई उल्लेख गरिएको छ ।

**तालिका ५.१**
**भ्रष्टाचारजन्य कसुर र सजायसम्बन्धी व्यवस्था**

| क्र.सं. | भ्रष्टाचारजन्य कसुर/सजाय | दफा | क्र.सं. | भ्रष्टाचारजन्य कसुर/सजाय | दफा |
|---|---|---|---|---|---|
| १. | रिसवत लिने/दिने | ३ | १२. | गैरकानुनी व्यापार व्यवसाय गर्ने | १४ |
| २. | बिनामूल्य वा कम मूल्यमा वस्तु वा सेवा लिने | ४ | १३. | नपाएको ओहदा पाएँ भन्ने | १५ |
| ३. | दान, दातव्य, उपहार वा चन्दा लिने | ५ | १४. | झुठा विवरण दिने | १६ |
| ४. | कमिसन लिने | ६ | १५. | सार्वजनिक सम्पत्तिको हानि नोक्सानी गर्ने | १७ |
| ५. | राजस्व चुवाहट गर्ने | ७ | १६. | गैरकानुनी दवाब दिने | १८ |
| ६. | गैरकानुनी लाभ वा हानि पुऱ्याउने बदनियतले काम गर्ने | ८ | १७. | गलत प्रतिवेदन दिने | १९ |
| ७. | गलत लिखत तयार गर्ने | ९ | १८. | गैरकानुनी रूपमा सम्पत्ति आर्जन गर्ने | २० |
| ८. | गलत अनुवाद गर्ने | १० | १९. | उद्योग गर्नेलाई हुने सजाय | २१ |
| ९. | सरकारी कागजात सच्याउने | ११ | २०. | मतियारलाई सजाय | २२ |
| १०. | सरकारी वा सार्वजनिक संस्थाको कागजात नोक्सान गर्ने | १२ | २१. | संगठित संस्थाबाट भएको कसुरमा मुख्य भई काम गर्नेले कसुर गरेको मानिने | २३ |
| ११. | प्रश्नपत्रको गोपनीयता भंग गर्ने वा परीक्षाको परिणाम फेरबदल गर्ने | १३ | २२. | थप सजाय | २४ |

## ५.३ भ्रष्टाचारका कार्यगत प्रवृत्तिहरूको विश्लेषण

आयोगबाट उजुरीको अनुसन्धान तहकिकातपछि विशेष अदालतमा दायर गरिएका विगत पाँच वर्षका मुद्दाहरूको संख्यात्मक विवरण चित्र ५.१ मा प्रस्तुत गरिएको छ । आयोगबाट आर्थिक वर्ष ०७३/७४ देखि आर्थिक वर्ष ०७७/७८ सम्म क्रमशः १५४, १९४, ३५१, ४४१ र ११४ वटा भ्रष्टाचारसम्बन्धी आरोपपत्रहरू विशेष अदालतमा दायर भएका छन्।

**चित्र ५.१**

**विगत पाँच वर्षमा मुद्दा दर्ताको प्रवृत्ति**




तालिका ५.२ मा आर्थिक वर्ष ०७७/७८ मा आयोगले दायर गरेका मुद्दाहरूको बिगो रकमका आधारमा गरिएको वर्गीकृत संख्यात्मक विवरण प्रस्तुत गरिएको छ । आर्थिक वर्ष ०७७/७८ मा दायर भएका ११४ वटा मुद्दाहरूमध्ये १०८ वटामा बिगो रकम मागदाबी गरिएको छ । झुठा विवरण (शैक्षिक योग्यताको नक्कली प्रमाणपत्र, नागरिकता, सिफारिसपत्रलगायत) पेस गरेको सम्बन्धी मुद्दामा बिगो रकम दाबी गरिएको छैन। रु. १० हजारदेखि १ लाखसम्मको बिगो रकम माग गरिएका मुद्दाहरू सबैभन्दा बढी ३५ वटा रहेका छन् भने रु. १० हजारभन्दा कम बिगो मागदाबी गरिएका मुद्दाहरूको संख्या जम्मा ११ वटा रहेको छ । त्यस्तै, १९ वटा मुद्दामा १ करोडभन्दा बढी बिगो माग गरिएको छ । आयोगले आर्थिक वर्ष ०७७/७८ मा दायर गरेका मुद्दाहरूमा जम्मा रु. १,८९,४७,३५,४३४।०७ बिगो मागदाबी लिइएको छ ।

**तालिका ५.२**

**बिगो रकमका आधारमा मुद्दाहरूको वर्गीकृत संख्या**

| क.सं. | मुद्दाको किसिम | बिगो रकम | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | १०००० भन्दा कम | १० हजार देखि १ लाखसम्म | १ लाख देखि ५ लाखसम्म | ५ देखि १० लाखसम्म | १० लाख देखि ५० लाखसम्म | ५० लाख देखि १ करोडसम्म | १ करोड भन्दा बढी | |
| १ | रिसवत (घुस) | ११ | ३५ | १६ | ४ | ३ | ० | ० | ६९ |
| २ | सार्वजनिक सम्पत्तिको हानि नोक्सानी | ० | ० | ३ | १ | ४ | १ | ११ | २० |
| ३ | गैरकानुनी लाभ वा हानि पुऱ्याएको | ० | ० | ३ | २ | ३ | २ | २ | १२ |
| ४ | गैरकानुनी सम्पत्ति आर्जन | ० | ० | ० | ० | ० | ० | ३ | ३ |
| ५ | राजस्व चुहावट | ० | ० | ० | ० | १ | ० | २ | ३ |
| ६ | विविध मुद्दा | ० | ० | ० | ० | ० | ० | १ | १ |
| जम्मा | | ११ | ३५ | २२ | ७ | ११ | ३ | १९ | १०८ |

आयोगमा पर्ने उजुरीहरूको संख्या, आयोग तथा विभिन्न निकायहरूबाट गरिने भ्रष्टाचारसम्बन्धी सर्वेक्षणहरूका नतिजा, आम संचारमाध्यमहरूमा आइरहने भ्रष्टाचार एवं अनियमितताका समाचारहरू, ट्रान्स्परेन्सी इन्टरनेसनल जस्ता संस्थाले उल्लेख गरेका भ्रष्टाचारसम्बन्धी सूचकांकमा नेपालको स्थान जस्ता कारणहरूले भ्रष्टाचार नियन्त्रणमा आयोगका चुनौतीहरूलाई उजागर गरेका छन्।

भ्रष्टाचारका कारणहरू बहुआयामिक हुने र यसको असरसमेत समाजका धेरै क्षेत्रमा पर्ने हुँदा यसको नियन्त्रण गर्न आयोगलाई राज्यका सबै निकायको साथ र सहयोग आवश्यक पर्दछ। आयोगले गर्ने अनुसन्धान तहकिकात र अभियोजनको काम भ्रष्टाचारजन्य कार्य भइसकेपछि मात्र हुने हुँदा नेपाल सरकारका सम्बन्धित क्षेत्रगत र नियामक निकायहरूबाट भ्रष्टाचार हुनै नदिनेतर्फ आवश्यक नीतिगत, पद्धतिगत, प्रविधिगत र प्रवृत्तिगत सुधारका फलदायी प्रयास हुन सक्दा मात्र भ्रष्टाचारजन्य प्रवृत्तिहरूमा अपेक्षित कमी हुन सक्दछ।

भ्रष्टाचारजन्य कार्यहरूका सम्बन्धमा आर्थिक वर्ष ०७७/७८ मा आयोगबाट भएका अनुसन्धान र तत्पश्चात् विशेष अदालतमा दायर गरिएका मुद्दाहरूको विश्लेषण गर्दा विगतका वर्षहरूमा देखिएका विभिन्न भ्रष्टाचारजन्य प्रवृत्तिहरू यस वर्षसमेत दोहोरिएको देखिन्छ । रिसवत लिने दिने, राजस्व चुहावट गर्ने, सार्वजनिक सम्पत्तिको हानि नोक्सानी गर्ने, गैरकानुनी लाभ वा हानि पुऱ्याउने बदनियतले काम गर्ने, झुठा विवरण दिने, गैरकानुनी रूपमा सम्पत्ति आर्जन गर्नेजस्ता विगत वर्षहरूमा देखिएका भ्रष्टाचारका प्रवृत्तिहरूको पुनरावृत्ति यस वर्षसमेत देखिएको छ। सार्वजनिक पद धारण गरेका व्यक्तिले गर्ने भ्रष्टाचार सबैभन्दा बढी आर्थिक लेनदेनसँग जोडिएको देखिएकाले सरकारी कोषमा राजस्व संकलन गर्ने र खर्च गर्ने, दुवै अवस्थामा भ्रष्टाचार हुने प्रवृत्ति विद्यमान छ । यसका साथै सार्वजनिक सेवा प्रवाहका क्रममा सेवाग्राहीसँग रिसवत लिने प्रवृत्तिसमेत व्यापक रहेको देखिन्छ । सरकारी वा सार्वजनिक जग्गा व्यक्ति विशेषको नाममा दर्ता गर्ने प्रवृत्तिले गर्दा सार्वजनिक सम्पत्तिको अतिक्रमण भएको छ । सार्वजनिक खरिद र निर्माणका क्रममा कानुनद्वारा निर्धारण गरिएको खरिद प्रक्रिया उल्लंघन गर्ने, सम्झौताबमोजिमको गुणस्तरको काम नगर्ने, पूर्वानुमान गर्न सकिने आकस्मिक अवस्थामा समेत पूर्वतयारी नगरी आकस्मिक अवस्था सिर्जना भएपछि मात्र खरिद गर्ने लगायतका प्रवृत्तिहरूमा कमी आएको देखिंदैन । सार्वजनिक लाभको पद हासिल गर्नका लागि शैक्षिक योग्यता वा अन्य कागजातका नक्कली प्रमाणपत्र पेस गर्ने र अन्य झुठा विवरण दिने प्रवृत्तिसमेत विद्यमान रहेको देखिन्छ । स्थानीय तहबाटै अधिकांश सार्वजनिक सेवा प्रवाह र विकास निर्माणका कार्य हुने र जनताको पहुँचसमेत स्थानीय तहमा बढी हुने हुँदा स्थानीय तहसँग सम्बन्धित विभिन्न भ्रष्टाचारजन्य कार्यहरूको उजागर भएको छ । यसरी सरकारी आम्दानी, खर्च, सार्वजनिक सम्पत्ति, सार्वजनिक खरिद, निर्माण र सार्वजनिक सेवाप्रवाहका विविध क्षेत्रमा विभिन्न रूप, रंग र शैली र प्रवृत्तिका भ्रष्टाचारजन्य कार्यहरू हुने गरेको देखिन्छ।

### ५.३.१ रिसवत लिने दिने प्रवृत्ति

राज्य संयन्त्र र सार्वजनिक सेवाप्रतिको जनताको विश्वास सेवा प्रवाह गर्ने कर्मचारीको सेवाग्राहीप्रतिको व्यवहार, कार्यकुशलता र जिम्मेवारीबोधमा निर्भर रहन्छ। मुलुक संघीय प्रणालीमा रूपान्तरण भएपश्चात् सेवा प्रवाह गर्ने कार्यालयहरूको संख्यामा समेत वृद्धि भएको छ । यसबाट राज्य संयन्त्र, निर्णय प्रक्रिया, विकास निर्माण र सेवा प्रवाहमा जनताको सहभागिता वृद्धि गर्न सकिने अवसर प्राप्त भएको छ। साथै सेवा प्रवाहमा कुशलता, पारदर्शिता र व्यावसायिकता जस्ता मूल्यमान्यताहरू स्थापित गरी सुशासनका लक्ष्यहरू हासिल गर्न राज्यका तीनै तहको क्षमता विकास गर्नुपर्ने चुनौतीसमेत थपिएको छ।

कानुनले तोकेको निश्चित प्रक्रिया पूरा गरेपछि कार्यालयबाट नियमानुसार पाउनुपर्ने सेवामा समेत केही कर्मचारीहरूले सेवाग्राहीसँग घुस (रिसवत) लिएको भन्ने उजुरीउपर अनुसन्धान हुँदा उजुरीको व्यहोरा सप्रमाण पुष्टि हुन आएका उजुरीउपर आयोगबाट विशेष अदालतमा मुद्दा दायर गरिएका छन् । आयोगबाट दायर गरिएका घुस रिसवतका ७० वटा मुद्दाहरूमा विभिन्न क्षेत्रमा कार्यरत ८५ जना राष्ट्रसेवक कर्मचारीका साथै ६ जना निर्वाचित/मनोनीत पदाधिकारी र ३३ जना अन्य बिचौलिया, मतियार तथा घुस दिने व्यक्ति गरी जम्मा १२४ जनालाई प्रतिवादी कायम गरिएको छ । घुस रिसवत लिनेमा ५ जना उपसचिव वा सो सरह तथा २४ जना शाखा अधिकृत वा सो सरहका कर्मचारी गरी कुल २९ जना अधिकृत वा सो भन्दा माथिल्लो स्तरका कर्मचारीहरू रहेका छन् ।

घुस रिसवतको बिगो रकम हेर्दा घटीमा रु. १ हजारदेखि बढीमा रु. ३७ लाख ५० हजारसम्म रहेको छ, जसमा १० हजारभन्दा कम बिगो भएका मुद्दा ११ वटा, १० हजारदेखि १ लाखसम्मका ३५ वटा, १ लाखदेखि ५

लाखसम्मका १६ वटा, ५ लाखदेखि १० लाखसम्मका ४ वटा र १० लाखदेखि ५० लाखसम्मका ३ वटा मुद्दा रहेका छन् । यससम्बन्धी विवरण तालिका ५.३ र चित्र नं. ५.२ मा प्रस्तुत गरिएको छ।

**तालिका ५.३**

**आर्थिक वर्ष ०७७/७८ मा घुस रिसवतसम्बन्धी मुद्दाका प्रतिवादीको पदगत/पेसागत विवरण**

| क्र.सं. | पद/श्रेणी | प्रतिवादीको संख्या | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | प्रशासन | प्राविधिक | प्रहरी | शिक्षक | निर्वाचित/ मनोनीत | मतियार/ बिचौलिया/ अन्य | कुल जम्मा |
| १ | उपसचिव वा सो सरह | २ | ३ | | | | | ५ |
| २ | शाखा अधिकृत वा सो सरह | १२ | ९ | २ | १ | | | २४ |
| ३ | नायब सुब्बा वा सो सरह | १० | १४ | ३ | | | | २७ |
| ४ | खरिदार वा सो सरह | ३ | ३ | १ | | | | ७ |
| ५ | सहायक कर्मचारी | ७ | ५ | १० | | | | २२ |
| ६ | मतियार/बिचौलिया/ अन्य | | | | | | ३३ | ३३ |
| ७ | निर्वाचित/मनोनीत | | | | | ६ | | ६ |
| **कुल जम्मा** | | ३४ | ३४ | १६ | १ | ६ | ३३ | १२४ |

**चित्र ५.२**

**आर्थिक वर्ष ०७७।७८ मा घुस रिसवत मुद्दाका प्रतिवादीको क्षेत्रगत संख्या**




उल्लिखित विवरणहरूबाट सानोदेखि ठूलो रकमसम्म घुस रिसवत लिने प्रवृत्ति रहेको देखिन्छ भने उच्चपदस्थ कर्मचारी र निर्वाचित/मनोनीत पदाधिकारीहरू जम्मा ३५ जना घुस रिसवत लिने कार्यमा संलग्न रहेकाले घुस रिसवत लिने प्रवृत्ति कर्मचारीतन्त्रको उच्च तहमा र निर्वाचित/मनोनीतहरूमा समेत रहेको देखिन्छ । साथै, घुस दिन खोज्ने व्यक्तिहरू विरुद्धसमेत मुद्दा दर्ता गरिएको हुँदा समाजमा घुस दिन खोज्ने प्रवृत्तिसमेत विद्यमान रहेको देखिन्छ ।

### ५.३.२ राजस्व चुहावट गर्ने प्रवृत्ति

राज्यको आम्दानीको परिमाणमा अधिकतम वृद्धि हुने गरी राजस्व संकलन तथा असुलीको जिम्मेवारी पाएका कर्मचारी/पदाधिकारीबाट नै राजस्व असुलीका कार्यमा चरम लापरबाही गरी अनुचित कर छुट र राजस्वबापत उठेको रकम हिनामिना, न्यून कर निर्धारण, कर परीक्षणमा गडबडी जस्ता कार्यहरू भए गरेको भनी यस आयोगमा दर्ता हुन आएका विभिन्न उजुरीहरूमध्ये आर्थिक वर्ष ०७७/७८ मा अनुसन्धान पूरा भएका राजस्व चुहावटसम्बन्धी ३ वटा मुद्दा विशेष अदालतमा दर्ता भएका छन्। यी मुद्दाहरूमा तत्कालीन कर फछ्र्यौट आयोगका मनोनीत

पदाधिकारीहरू २ जना र नेपाल सरकारका सहसचिवस्तरका सदस्य-सचिव १ जना गरी तीन जना, भूमिसुधारअन्तर्गतका ३ जना र स्थानीय तहका २ जना गरी जम्मा ८ जनालाई प्रतिवादी बनाइएको छ ।

**चित्र ५.३**

**राजस्व चुहावट मुद्दाका प्रतिवादीहरूको क्षेत्रगत विवरण**




कर फछ्यौंट आयोगका पदाधीकारीहरू विरुद्ध विगतमा पनि मुद्दा दायर गरिएकोमा बाँकी रहेका फायलहरूमाथि अनुसन्धान हुँदा थप कसुर गरेको देखिन आएको हुँदा आर्थिक वर्ष २०७७/७८ मा समेत थप मुद्दा दायर भएको छ । त्यसैगरी, स्थानीय तह र मालपोत कार्यालयहरूमा संकलित राजस्व रकम बैंकमा दाखिला नगरी राजस्व रकम हिनामिना गरेको अनुसन्धानबाट देखिन आएकाले अन्य मुद्दाहरू दायर गरिएका छन् । यससम्बन्धी विवरण तालिका ५.४ र चित्र नं. ५.३ मा प्रस्तुत गरिएको छ।

**तालिका ५.४**

**आर्थिक वर्ष ०७७/७८ मा राजस्व हिनामिनासम्बन्धी मुद्दाका प्रतिवादीहरूको श्रेणी/पदगत संख्या**

| क्र.सं. | पद/श्रेणी | प्रतिवादीको संख्या | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | यातायात | गृह | उर्जा | भूमिसुधार | अर्थ | स्थानीय | मनोनीत | अन्य | कुल जम्मा |
| १ | सहसचिव वा सो सरह | | | | | १ | | | | १ |
| २ | उपसचिव वा सो सरह | | | | | | | | | ० |
| ३ | शाखा अधिकृत वा सो सरह | | | | १ | | | | | १ |
| ४ | नायब सुब्बा वा सो सरह | | | | २ | | १ | | | ३ |
| ५ | खरिदार वा सो सरह | | | | | | १ | | | १ |
| ६ | सहायक कर्मचारी | | | | | | | | | ० |
| ७ | अन्य | | | | | | | | | ० |
| ८ | मनोनीत | | | | | | | २ | | २ |
| कुल जम्मा | | ० | ० | ० | ३ | १ | २ | २ | ० | ८ |

राज्य संचालन गर्न अत्यावश्यक र अर्थतन्त्रको मेरुदण्डको रूपमा रहेको राजस्वको संकलन गर्ने संवेदनशील जिम्मेवारी बहन गर्ने व्यक्तिहरूबाट नै सरकारी कोषमा राजस्व जम्मा नगरी हिनामिना गर्ने र बक्यौता रहेको कर निरूपण गर्न गठित आयोगका पदाधिकारीहरूले समेत अनधिकृतरूपमा राजस्व छुट दिने गरेको देखिन्छ ।

### ५.३.३ सार्वजनिक सम्पत्तिको हानि नोक्सानी गर्ने प्रवृत्ति

नेपाल सरकार वा सार्वजनिक संस्थाको साधनस्रोत तथा सम्पत्ति लापरबाही वा बदनियतपूर्ण ढंगबाट हिनामिना, हानि नोक्सानी वा दुरुपयोग गरेको विषयमा आर्थिक वर्ष ०७७/७८ मा आयोगमा परेका उजुरीमध्ये अनुसन्धान तहकिकातपश्चात् १६१ जनालाई प्रतिवादी बनाई २० वटा मुद्दा विशेष अदालतमा दायर गरिएका छन् । यी मुद्दामा जम्मा १६१ जना प्रतिवादीहरू रहेकोमा अधिकृतस्तरका कर्मचारी १०३, सहायक तथा सहयोगी स्तरका

कर्मचारी ९, निर्वाचित/मनोनीत/नियुक्त पदाधिकारी ५ र अन्य मतियार/बिचौलिया लगायतका व्यक्तिहरू ४४ जना रहेका छन् ।

**तालिका ५.५**

**सार्वजनिक सम्पत्तिको हानि नोक्सानीसम्बन्धी मुद्दाका प्रतिवादीहरूको क्षेत्रगत विवरण**

| क्र.सं. | मुद्दा संख्या | पद/श्रेणी | प्रतिवादीको संख्या | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | यातायात | स्थानीय | शिक्षा | अर्थ | कृषि | निर्वाचित | अन्य | कुल जम्मा |
| १ | | मन्त्री | | | | | | | | ० |
| २ | | विशिष्ट श्रेणी | | | | | | | | ० |
| ३ | | सहसचिव वा सो सरह | | | | | | | | ० |
| ४ | | उपसचिव वा सो सरह | १ | | | ९१ | | | | ९२ |
| ५ | २० | शाखा अधिकृत वा सो सरह | २ | ३ | २ | ४ | | | | ११ |
| ६ | | नायब सुब्बा वा सो सरह | १ | १ | | १ | | | | ३ |
| ७ | | खरिदार वा सो सरह | | ४ | | | | | | ४ |
| ८ | | सहायक कर्मचारी | | १ | | १ | | | | २ |
| ९ | | मतियार/बिचौलिया/अन्य | | | | | | | ४४ | ४४ |
| १० | | निर्वाचित/मनोनीत | | | | | २ | ३ | | ५ |
| कुल जम्मा | | | ४ | ९ | २ | ९७ | २ | ३ | ४४ | १६१ |

आयोगबाट आर्थिक वर्ष ०७७/७८ मा विशेष अदालतमा दायर गरिएका सार्वजनिक सम्पत्तिको हानि नोक्सानीसम्बन्धी मुद्दाहरूमा सबैभन्दा बढी अर्थ मन्त्रालयसँग सम्बन्धित ९७ जना प्रतिवादी रहेका छन् । प्रतिवादी संख्या हेर्दा अर्थ मन्त्रालयअन्तर्गतको नागरिक लगानी कोषको समेत लगानी भएको बैंकका संचालकहरूको मिलेमतोमा कर्जा प्रवाह गरी भ्रष्टाचारजन्य कार्य गरेको विषयमा दायर गरिएका ११ वटा मुद्दाका प्रतिवादीहरूसमेत रहेका छन् । त्यस्तै, ९ जना स्थानीय तहका, ४ जना यातायात कार्यालयका तथा २/२ जना शिक्षा र कृषिका कर्मचारीहरू, ५ जना निर्वाचित तथा मनोनीत पदाधिकारीहरू र ४४ जना अन्य मतियार/विचौलियाहरू रहेका छन् । यससम्बन्धी विवरण तालिका ५.५ मा प्रस्तुत गरिएको छ।

**चित्र ५.४**

**सार्वजनिक सम्पत्तिको हानि नोक्सानीसम्बन्धी मुद्दाका प्रतिवादीहरूको क्षेत्रगत विवरण**




यसरी सरकारी कोषको संरक्षण गर्ने दायित्व भएका अधिकृत र सहायकस्तरका कर्मचारीहरूबाटै लापरबाही वा बदनियत गरी सार्वजनिक सम्पत्तिको हानि नोक्सानी गर्ने प्रवृत्ति देखिनुका साथै अन्य निर्वाचित/मनोनीत वा नियुक्त

पदाधिकारी/कर्मचारी र निजी संस्था वा व्यक्तिहरूको समेत मिलेमतो रहने प्रवृत्ति देखिएबाट भ्रष्टाचार नियन्त्रणका लागि सबै क्षेत्रमा निगरानी, अनुगमन र सचेतना अभिवृद्धि हुनु आवश्यक छ ।

### ५.३.४ गैरकानुनी लाभ वा हानि पुऱ्याउने प्रवृत्ति

सार्वजनिक जग्गा, सार्वजनिक निर्माण/खरिद, सार्वजनिक व्ययलगायतका विषयमा आर्थिक वर्ष ०७७/७८ मा आफूलाई गैरकानुनी लाभ र नेपाल सरकारलाई गैरकानुनी हानि पुऱ्याउने कार्य गरी भएका भ्रष्टाचारका १२ वटा आरोपपत्रमा जम्मा १०२ जनालाई प्रतिवादी कायम गरिएको छ । प्रतिवादीहरूमा अधिकृतस्तरका कर्मचारी २४ जना, सहायकस्तरका कर्मचारी ९ जनाका साथै मतियार, बिचौलियालगायतका व्यक्ति ६० जना एवं निर्वाचित/मनोनीत व्यक्तिहरू ९ जना रहेका छन्। यससम्बन्धी विवरण तालिका ५.६ र चित्र ५.५ मा प्रस्तुत गरिएको छ।

**तालिका ५.६**

**गैरकानुनी लाभ हानिसम्बन्धी मुद्दाको क्षेत्रगत विवरण**

| क.सं. | मुद्दा संख्या | पद/श्रेणी | प्रतिवादीको संख्या | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | यातायात | युवा तथा खेलकुद | ऊर्जा | भूमिसुधार | खानेपानी | कृषि | स्थानीय | निर्वाचित | अन्य | कुल जम्मा |
| १ | १२ | मन्त्री | | | | | | | | | | ० |
| २ | | विशिष्ट श्रेणी | | | | | | | | | | ० |
| ३ | | सहसचिव वा सो सरह | | | | | | | | | | ० |
| ४ | | उपसचिव वा सो सरह | १ | | २ | ३ | | १ | १ | | | ८ |
| ५ | | शाखा अधिकृत वा सो सरह | २ | १ | २ | २ | ३ | | ६ | | | १६ |
| ६ | | नायब सुब्बा वा सो सरह | १ | | | ३ | | | २ | | | ६ |
| ७ | | खरिदार वा सो सरह | | | | १ | | | १ | | | २ |
| ८ | | सहायक कर्मचारी | | | | | १ | | | | | १ |
| ९ | | मतियार/बिचौलिया/अन्य | | | | | | | | | ६० | ६० |
| १० | | निर्वाचित/मनोनीत | | | | | | | | ९ | | ९ |
| कुल जम्मा | | | ४ | १ | ४ | ९ | ४ | १ | १० | ९ | ६० | १०२ |

गैरकानुनी लाभ वा हानिसम्बन्धी उजुरीमा आयोगबाट अनुसन्धान गरी अदालतमा दायर गरिएका मुद्दाहरूमा सबैभन्दा बढी स्थानीय तहमा कार्यरत १० जना रहेका छन् भने भूमिसुधारका ९ जना, ऊर्जा, यातायात र खानेपानीका ४/४ जना, युवा तथा खेलकुद र कृषिका १/१ जना रहेका छन् । त्यस्तै, निर्वाचित/मनोनीत र मतियार/बिचौलिया लगायत अन्य व्यक्ति ६९ जना रहेका छन् । विशेषतः स्थानीय तहमा खरिद गर्दा प्रतिस्पर्धा सीमित गर्ने, खरिद गर्दा अवलम्बन गर्नुपर्ने कानुनी प्रावधान पालना नगर्ने तथा निर्माण कार्यमा निर्माणस्थलमा भए गरेको कामभन्दा बढी परिमाणमा काम भएको मूल्यांकन गरी भुक्तानी गर्ने, गुणस्तरीय काम नगर्ने, नक्कली बिल भरपाई बनाई भुक्तानी गर्नेजस्ता कार्य गरी भ्रष्टाचार गरेका विषयहरू रहेका छन् । त्यस्तै, सार्वजनिक जग्गा गैरकानुनीरूपमा व्यक्तिविशेषको नाममा घुसाउने तथा नापी नक्सा तोडमोड गरी व्यक्तिविशेषलाई लाभ हुने गरी सार्वजनिक जग्गामा समेत प्लटिङ गरेका विषय रहेका छन् ।

**चित्र ५.५**

**गैरकानुनी लाभ हानिसम्बन्धी मुद्दाका प्रतिवादीहरूको क्षेत्रगत विवरण**



### ५.३.५ झुठा विवरण (शैक्षिक योग्यताको नक्कली प्रमाण-पत्र, झुठा अध्यापन अनुमतिपत्र) पेस गर्ने प्रवृत्ति

सार्वजनिक सेवामा प्रवेश गर्ने वा पदोन्नति हुने उद्देश्यले शैक्षिक योग्यताको नक्कली प्रमाण-पत्र, झुठा अध्यापन अनुमतिपत्र/नागरिकता/नियुक्तिपत्रजस्ता कागजातहरु" पेस गर्ने जस्ता कसुरमा आयोगबाट मुद्दा दायर भएको छ । शैक्षिक योग्यताको नक्कली प्रमाणपत्रका आधारमा सेवा प्रवेश हुँदा योग्य व्यक्तिको छनौटमा यसले असर पार्दछ भने शैक्षिक योग्यताको नक्कली प्रमाणपत्रको आधारमा पदोन्नति हुँदा योग्य र सक्षम कर्मचारीको मनोबल र कार्यालयको कार्यसम्पादनमा नकारात्मक असर पर्दछ । आर्थिक वर्ष २०७७/७८ मा कोभिड-१९ को महामारीबाट सिर्जित परिस्थितिका कारण यातायातसमेत प्रभावित भएकाले भारतबाट प्राप्त गरेको भनिएका प्रमाण-पत्रहरूको प्रमाणीकरणका लागि आयोगको टोली भारत गएर जाँचबुझ गर्न सम्भव रहेन । यद्यपि, आर्थिक वर्ष ०७७/७८ मा शैक्षिक योग्यतालगायत झुठा विवरणसम्बन्धी उजुरीहरूउपर अनुसन्धान तहकिकात गरी आयोगबाट ३ वटा मुद्दा विशेष अदालतमा दायर गरिएका छन् ।

आयोगबाट उजुरीको अनुसन्धान गरी अदालतमा दायर गरिएका शैक्षिक योग्यताको झुठा प्रमाण-पत्रसम्बन्धी तीन वटा मुद्दाहरूमा रहेका तीनजना प्रतिवादीहरूमा शिक्षक दुईजना र निजामती कर्मचारी एकजना रहेका छन्। दुवैजना शिक्षक प्राथमिक विद्यालय तह अध्यापन गर्ने र दुवैजनाले नक्कली स्थायी अध्यापन अनुमतिपत्र पेस गरेको देखिएको छ ।

शिक्षक, निजामतीलगायत अन्य सरकारी सेवा र संस्थाका कर्मचारीलगायतले भर्ना र पदोन्नतिका लागि पेस गर्ने उल्लिखित शैक्षिक संस्थाबाट प्राप्त शैक्षिक प्रमाणपत्रहरूको आधिकारिकताबारे समयमै यकिन गरेर मात्र कर्मचारी भर्ना र बढुवा गर्ने पद्धतिको अवलम्बन हुनसकेमा यसबाट योग्यता प्रणाली र कार्यसम्पादनस्तरमा सकारात्मक प्रभाव पर्ने अपेक्षा गर्न सकिन्छ ।

### ५.३.६ गलत लिखत वा प्रतिवेदन दिने, कागजात सच्याउने वा परीक्षाको परिणाम फेरबदल गर्ने प्रवृत्ति

गलत लिखत तयार गर्ने, गलत प्रतिवेदन दिने, सरकारी कागजात सच्याउने, नोक्सान गर्ने वा लुकाउने, परीक्षाको परिणाम फेरबदल गर्ने जस्ता कार्य राष्ट्रसेवकबाट भएमा यस्ता कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ अनुसार भ्रष्टाचारजन्य कसुर मानिन्छ। यद्यपि लापरबाही वा बदनियत राखी कार्यसम्पादनका सिलसिलामा यस किसिमका कार्य गर्ने प्रवृत्ति सार्वजनिक क्षेत्रमा विद्यमान छन् । आर्थिक वर्ष ०७७/७८ मा राष्ट्रिय वाणिज्य बैंकका कर्मचारीसमेतको मिलेमतोमा सरकारी कागजात सच्याएर किर्ते गरी ऋण प्रवाह गरेको, सवारी चालक अनुमतिपत्रको लिखित परीक्षाको उत्तरपुस्तिका परीक्षणमा खटिएका कर्मचारीहरूले अनुत्तीर्ण भएका परीक्षार्थीहरूलाई उत्तीर्ण गराई नतिजा फेरबदल गरेको र लोकसेवा आयोगका कर्मचारीले आफन्तलाई परीक्षामा सफल गराउने नियत राखी परीक्षाका सहभागीको उत्तरपुस्तिका सच्याएको कसुरमा आयोगबाट विशेष अदालतमा मुद्दा दायर भएका छन् । मानिसको सुरक्षा तथा जीउधनसँग जोडिएका संवेदनशील विषय र योग्यता प्रणाली कायम राख्ने विषयमा समेत राष्ट्रसेवक कर्मचारीले नैतिकता र सदाचार कायम गर्न नसकेको देखिएबाट उल्लिखित निकायका आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी बनाउनुपर्ने तथा सदाचार प्रवर्द्धनमा ध्यान दिनुपर्ने आवश्यकता रहेको देखिन्छ।

### ५.३.७ गैरकानुनी रूपमा सम्पत्ति आर्जन गर्ने प्रवृत्ति

सार्वजनिक पदमा बहाल भएपछि राष्ट्रसेवकले साठी दिनभित्र र त्यसपछि हरेक आर्थिक वर्ष समाप्त भएको साठी दिनभित्र आफ्नो सम्पत्ति विवरण पेस गर्नुपर्ने कानुनी व्यवस्था भ्रष्टाचार निवारण ऐन, २०५९ मा रहेको छ। यसरी पेस गरेको सम्पत्ति विवरण अमिल्दो र अस्वाभाविक देखिन आएमा वा सार्वजनिक पद धारण गरेको पदाधिकारीले अस्वाभाविक रूपमा उच्च जीवनयापन गरेमा त्यस्ता व्यक्तिले आफ्नो सम्पत्तिको वैधानिक स्रोत खुलाउनुपर्ने व्यवस्था रहेको छ। सार्वजनिक पद धारण गरेको व्यक्तिले कानुन र आचरणविपरीतका विभिन्न काम गरी गैरकानुनी रूपमा सम्पत्ति आर्जन गरेको भनी आयोगमा उजुरीहरू पर्ने गरेका छन् । कतिपय उजुरीहरूको अनुसन्धानबाट सार्वजनिक पदमा रहँदा विभिन्न किसिमले अनुचित लाभ लिई चलअचल सम्पत्ति आर्जन गरेको कारणले सम्बन्धित कर्मचारी/पदाधिकारीले सम्पत्तिको वैधानिक स्रोत पुष्टि गर्न नसकेको पाइएको हुँदा विशेष अदालतमा मुद्दा दायर गरिएको छ ।यससम्बन्धी विवरण चित्र नं. ५.६ मा प्रस्तुत गरिएको छ।

**चित्र ५.६**
**गैरकानुनी सम्पत्ति आर्जन मुद्दाका प्रतिवादीहरूको क्षेत्रगत विवरण**




आर्थिक वर्ष ०७७/७८ मा गैरकानुनी सम्पत्ति आर्जनतर्फ दायर गरिएका ३ वटा मुद्दाका प्रतिवादीहरूमा विशिष्ट श्रेणीको कर्मचारी एकजना, उपसचिवस्तरका कर्मचारी दुई जना, मतियार एकजना र सम्पत्ति जफत प्रयोजनका लागि प्रतिवादी बनाएर १३ जना गरी कुल १७ जना रहेका छन् ।

### ५.३.८ नीतिगत भ्रष्टाचार गर्ने प्रवृत्ति

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ मा मन्त्रिपरिषद् वा त्यसको कुनै समितिले सामूहिकरूपमा गरेको नीतिगत निर्णय सम्बन्धमा आयोगले कुनै कारबाही नगर्ने प्रावधान रहेको छ। आयोगले विगत वर्षका वार्षिक प्रतिवेदनमार्फत मन्त्रिपरिषद्मा पेस गरिने नीतिगत निर्णयहरूको स्पष्ट परिभाषा र व्याख्या गरी नीतिगत र प्रशासनिक निर्णयको सीमा निर्धारण गर्नुपर्ने सुझाव दिंदै आएको भए पनि कार्यान्वयन भएको देखिंदैन। उच्चपदस्थ पदाधिकारीहरूले मन्त्रालयबाट गर्न सकिने प्रशासनिक र सार्वजनिक खरिदसम्बन्धी विषयलाई समेत निर्णयका लागि मन्त्रिपरिषद्मा पुऱ्याई कानुनको भावनाविपरीत कार्य गर्ने गरेको देखिन आएको छ ।

आयोगबाट विभिन्न समयमा गराइएका "नेपालमा भ्रष्टाचार र सुशासनसम्बन्धी अध्ययन, २०७५" तथा "स्थानीय तहमा हुने भ्रष्टाचारसम्बन्धी अध्ययन/सर्वेक्षण, २०७६" जस्ता अध्ययन/सर्वेक्षणहरूबाट समेत नेपालमा नीतिगत भ्रष्टाचार हुने गरेको धारणा सेवाग्राहीहरूमा व्यापकरूपमा रहेको पाइएको छ । सेवाग्राही सर्वेक्षणअनुसार उच्चपदस्थ पदाधिकारीहरूबाटै बढी नीतिगत भ्रष्टाचार हुने देखिएको छ।

## ५.४ भ्रष्टाचारको पदीय/पेसागत प्रवृत्तिको विश्लेषण

आयोगले आर्थिक वर्ष ०७७/७८ मा विशेष अदालतमा मुद्दा दायर गर्ने निर्णय भएका ११४ आरोपपत्रहरूमा कुल ४४३ प्रतिवादीहरू रहेका छन्। यिनीहरूमध्ये विशिष्ट श्रेणीका १, अधिकृतस्तरका १६५, सहायकस्तरका ९६ जना कर्मचारी, २२ जना निर्वाचित/मनोनीत पदाधिकारी र १५९ जना बिचौलिया/मतियार/घुसदाता जस्ता व्यक्तिहरू रहेका छन्। यसले भ्रष्टाचारजन्य प्रवृत्ति उच्च तहदेखि सहायक तहका कर्मचारीसम्म र सर्वसाधारणदेखि राजनीतिको माथिल्लो तहका व्यक्तिसम्ममा रहेको देखाउँछ । यससम्बन्धी विवरण तालिका ५.७ र चित्र ५.७ मा प्रस्तुत गरिएको छ।

## तालिका ५.७

### आर्थिक वर्ष ०७७/७८ मा दायर भएका विभिन्न किसिमका मुद्दाअन्तर्गत प्रतिवादीको पद/श्रेणीगत संख्या

| क्र.सं. | मुद्दाको किसिम | मुद्दा संख्या | विशिष्ट कर्मचारी | अधिकृतस्तर कर्मचारी | | | | सहायक/सहयोगी कर्मचारी | | | | निर्वाचित/मनोनीत | मतियार/बिचौलिया/अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | स.स. | उ.स. | शा.अ. | जम्मा | ना.सु. | खरिदार | स.क. | जम्मा | | | |
| १ | रिसवत (घुस) | ७० | | | ५ | २४ | २९ | २७ | ७ | २२ | ५६ | ६ | ३३ | १२४ |
| २ | झुठा शैक्षिक प्रमाणपत्र | ३ | | | | | ० | | ३ | | ३ | | | ३ |
| ३ | सार्वजनिक सम्पत्तिको हानि नोक्सानी | २० | | | ९२ | ११ | १०३ | ३ | ४ | २ | ९ | ५ | ४४ | १६१ |
| ४ | गैरकानुनी लाभ वा हानि पुऱ्याएको | १२ | | | ८ | १६ | २४ | ६ | २ | १ | ९ | ९ | ६० | १०२ |
| ५ | गैरकानुनी सम्पत्ति आर्जन | ३ | १ | | २ | | २ | | | | ० | | १४ | १७ |
| ६ | राजस्व चुहावट | ३ | | १ | | १ | २ | ३ | १ | | ४ | २ | | ८ |
| ७ | विविध मुद्दा | ३ | | | १ | ४ | ५ | ११ | २ | २ | १५ | | ८ | २८ |
| | कुल जम्मा | ११४ | १ | १ | १०८ | ५६ | १६५ | ५० | १९ | २७ | ९६ | २२ | १५९ | ४४३ |

## चित्र ५.७

### आर्थिक वर्ष २०७६।७७ मा दायर मुद्दाका किसिमका आधारमा प्रतिवादीहरूको पदगत विवरण




कर्मचारीको पदगत अवस्थाको विश्लेषण गर्दा सहायकस्तरदेखि माथिल्लो स्तरसम्मका कर्मचारीसमेत भ्रष्टाचारमा संलग्न हुनुले आर्थिक अवस्था मात्र भ्रष्टाचार हुनुको मूल कारण नभएको देखिन्छ। भ्रष्टाचारको प्रवृत्ति हेर्दा कर्मचारीका साथै निर्वाचित/मनोनीत पदाधिकारी र बिचौलिया/मतियारसमेतको संलग्नताले भ्रष्टाचार एक आचरणगत र मनोवृत्तिगत समस्याको रूपमा देखिएको हुँदा यसको नियन्त्रणमा सबै सरोकारवाला निकायको उत्तिकै गहन साथ, सहयोग र समर्थन रहनुपर्ने देखिन्छ ।

## ५.५ भ्रष्टाचारको क्षेत्रगत प्रवृत्ति विश्लेषण

आर्थिक वर्ष २०७२/७३ देखि २०७७/७८ सम्म आयोगमा शिक्षा, संघीय मामिला, भूमि व्यवस्था, स्वास्थ्य, गृह प्रशासन र वनजस्ता क्षेत्रसँग सम्बन्धित विषयमा सबैभन्दा बढी उजुरी परेको देखिन्छ। राजस्व प्रशासन, सार्वजनिक निर्माण र खरिद, सामाजिक सुरक्षा वितरणलगायत अन्य क्षेत्रहरूमा समेत भ्रष्टाचार र अनियमितता भएको भनी उजुरी परेका छन् । यसरी विगतदेखि हालसम्म आयोगमा परेका उजुरीहरूको विश्लेषण गर्दा विभिन्न क्षेत्रमा हुने भ्रष्टाचारका क्षेत्रगत प्रवृत्तिका केही दृष्टान्त निम्नबमोजिम रहेका छन्:-

### ५.५.१ स्थानीय तह

- स्थानीय पालिकाको स्वीकृत पुँजीगत खर्चबाट गरिने विकास निर्माणअन्तर्गत खरिद योजनादेखि निर्माण सम्पन्न प्रतिवेदन तयारी र भुक्तानी प्रक्रियासम्म स्वार्थको द्वन्द्व देखिने गरी कार्य गरी भ्रष्टाचार गर्ने तथा सार्वजनिक सम्पत्तिको हानि नोक्सानी तथा गैरकानुनी लाभ र हानी हुने कार्य गर्ने,
- स्थानीय पञ्जीकरणका कार्यहरू, विभिन्न सिफारिस, प्रतिवेदनहरू तथा कर निर्धारणलगायत सेवा प्रवाहमा सहयोग गरिदिएको भनी घुस रिसवत माग गर्ने,
- एउटै प्रकृतिको कामका लागि दोहोरो कार्यक्रम बनाई दोहोरो भुक्तानी गर्ने तथा एउटै कामलाई अर्को निकायबाट समेत गरी गराई भुक्तानी लिने दिने,
- तोकिएको कामै नगरी नक्कली भरपाई र किर्ते कागज बनाई सरकारी रकम भुक्तानी लिने,
- प्रचलित ऐन, नियम, निर्देशिका, कार्यविधि तथा अन्य कानुनले तोकेबमोजिमका प्रक्रिया पूरा नगरी, पालना नगरी नगराई रकम विनियोजन तथा हिनामिना गर्ने,
- उपभोक्ता समितिबाट गराउने कार्यमा मापदण्ड पालना नगरी व्यक्तिगत लाभसमेत लिई सरकारी हानि नोक्सानी गर्ने तथा यान्त्रिक कार्यको भुक्तानी डोर हाजिरी गराई लिने दिने,
- शिक्षातर्फको भौतिक निर्माणको कार्य सम्पन्न नगर्ने, छात्रवृत्ति रकम वितरण नगर्ने, पाठ्यपुस्तक खरिद नगर्ने, शिक्षकहरूलाई दिनुपर्ने तलब भत्ता, संचयकोष तथा नागरिक लगानी कोष बापतको रकमसमेत हिनामिना गर्ने,
- पालिकाको बजेट निजी तथा व्यक्तिगत खातामा स्थानान्तरण गर्ने, रकम बैंकबाट निकाली व्यक्तिगत प्रयोजनका लागि खर्च गरी सरकारी कोषको दुरुपयोग गर्ने,
- सरकारी प्रयोगका भवन आदि समेत उपभोक्ता समिति मार्फत निर्माण गराउने ।

### ५.५.२ शिक्षा

- विद्यालयमा हाजिर नभएको शिक्षकको समेत निजको नाममा तलब भुक्तानी लिने,
- उत्तरपुस्तिका साटफेर गरी तथा मिलेमतोमा परीक्षा केन्द्र बाहिर अर्को उत्तरपुस्तिकामा लेख्न लगाई परीक्षाको नतिजामा फेरबदल गर्ने तथा स्थायी पदपूर्ति लगायतका परीक्षामा परीक्षार्थीको प्राप्तांक अनुचित ढंगले थपी परिणाम फेरबदल गर्ने,
- अनधिकृतरूपमा परीक्षा हुनु अगावै परीक्षाको प्रश्नपत्र निकाली विभिन्न विद्युतीय/सञ्चार माध्यमबाट पठाउने र सार्वजनिक गर्ने,
- नक्कली शैक्षिक योग्यताको प्रमाणपत्र/झुठा अध्यापन अनुमतिपत्र पेस गर्ने,
- शिक्षातर्फका भौतिक निर्माण कार्यमा हुँदै नभएको कार्य भएको देखाई अनियमित भुक्तानी लिने दिने,
- छात्रवृत्ति वितरण/पुस्तक खरिदमा वास्तविक विद्यार्थीभन्दा बढी संख्या देखाई बढी रकम भुक्तानी लिई हिनामिना गर्ने,
- विद्यालयहरूको कागजी रेकर्ड मात्र खडा गरी अनियमितता गर्ने तथा किर्ते दस्तखत वा कागजात तयार गरी रकम हिनामिना गर्ने,
- लिनुपर्ने पूर्वस्वीकृति नलिई अन्य शैक्षिक संस्थामा कामकाज गर्ने गराउने तथा मापदण्ड नै पूरा नगरेका शिक्षण संस्थाहरूलाई सम्बन्धन वा स्वीकृति दिने,

### ५.५.३ भूमि व्यवस्था :

- सरकारी, पर्ती, जंगल, बुट्यान, गुठी, आदिका जग्गाहरू व्यक्ति वा निजी कम्पनीको नाममा दर्ता गरी गराई बेचबिखन गर्ने,

- सरकारले मुआब्जा दिई अधिग्रहण गरी लिएको सरकारी, सार्वजनिक र गुठीका जग्गाहरू गैरकानुनी रूपमा व्यक्तिविशेषको नाममा दर्ता गर्ने,
- फिल्डबुक/कैफियत महलको विवरणविपरीत छुट जग्गा दर्ताका नाममा व्यक्ति विशेषका नाममा दर्ता गर्ने,
- जग्गाको कित्ता हालसाबिक गर्दा साँधमा रहेको सरकारी जग्गा व्यक्तिको जग्गामा घुसाउने तथा सरकारी जग्गा आफन्तका नाममा बाँडफाँड गरी बिक्री वितरणसमेत गर्ने,
- सरकारी/सार्वजनिक जनिएको जग्गाको नक्कली जग्गाधनी प्रमाणपुर्जा बनाई मुद्दा हाली मिलापत्रका नाममा सरकारी जग्गा हडप्ने र अनधिकृत भोगचलन गर्ने,
- दर्ता स्रेस्ताको कागजात हेरफेर गरी सार्वजनिक जग्गा व्यक्तिको नाममा दर्ता गर्ने,
- वास्तविक जग्गाधनीको विवरण सच्याई नक्कली जग्गाधनी कायम गरी एक व्यक्तिको जग्गा अर्को व्यक्तिको नाममा दर्ता गर्ने,
- नापीको काम गर्दा, ब्लुप्रिन्ट लिन जाँदा तथा जग्गाको नक्सा ट्रेस उपलब्ध गराउँदा घुस/रिसवत माग गर्ने,
- जग्गाको कित्ताकाट/दर्ता/एकीकरण/हालसाबिक/नामसारी/अंशबण्डा/लालपुर्जा/धितोबन्धक/फुकुवा/मोहियानी कायम जस्ता कार्य गराउँदा बिचौलियामार्फत वा सम्बन्धित कर्मचारीले सिधै घुस/रिसवत लिने,
- परीक्षण गर्नुपर्ने कागजात नहेरी, स्थानीय निकायको घर/बाटो चारकिल्ला प्रमाणितको सिफारिसलगायतका आवश्यक प्रमाण कागजात संकलन नगरी राजस्व चुहावट गर्ने,
- जग्गाको मूल्यांकन गर्दा हुनुपर्ने वास्तविकभन्दा कम थैली कायम गरी पुँजीगत लाभकर र रजिष्ट्रेसन शुल्क निर्धारण गर्ने,
- राजस्व रकम नक्कली रसिदबाट उठाई प्रचलित कानुनबमोजिम दाखिला नगरी हिनामिना गर्ने,
- मोठ भिडान नगरी अदालतबाट रोक्का रहेको जग्गा पास गर्ने तथा रोक्का जग्गा रोक्का छैन भनी प्रमाणित गर्ने,
- सरकारी कागजात अनधिकृतरूपमा नियतबस लुकाउने, नष्ट गर्ने र अभिलेखांकन नगर्ने,
- पालना गर्नुपर्ने कार्यविधि पालना नगरी अंशियारको हकमा असर पर्ने गरी नामसारी गरिदिने,
- जग्गा प्लटिङको नाउँमा सार्वजनिक पर्तिजग्गा समेत दुरुपयोग गर्ने ।

**५.५.४ गृह प्रशासन**

- व्यापार व्यवसायमा, प्राकृतिक स्रोतको उत्खनन् र ओसारपसार, लगायतका विषयमा सहजीकरण गर्ने नाममा प्रहरी प्रशासनबाट घुस रिसवत लिने,
- सवारी चालक अनुमतिपत्रको प्रयोगात्मक परीक्षा पास गराइदिने भनी घुस रिसवत लिने, सडक दुर्घटनामा घुस रिसवत लिई नक्कली चालक खडा गरी गलत अनुसन्धान प्रतिवेदन तयार पार्ने तथा प्रहरीले सञ्चालन गरेका पेट्रोल पम्पहरूमा अनियमितता गर्ने
- सार्वजनिक खरिद कानुनको पालना नगरी सुरक्षा निकायबाट खरिद कार्यमा अनियमितता गर्ने, सोझै खरिद गर्ने तथा दैवीप्रकोप उद्धारका राहत सामग्री खरिदमा अनियमितता गर्ने,
- नक्कली कागजात तयार पारी रकम हिनामिना गर्ने तथा सुरक्षाको नाउँमा प्रक्रियाको पूर्ण पालना नगर्ने,
- अध्यागमन कार्यालयबाट यात्रा अनुमति दिन नहुने व्यक्तिहरूलाई समेत घुस रिसवत लिई यात्रा अनुमति प्रदान गर्ने,
- नागरिकता प्रदान गर्न नहुने व्यक्तिलाई समेत जिल्ला प्रशासन कार्यालयले अनियमितता गरी नागरिकता प्रदान गर्ने,

**५.५.५ स्वास्थ्य :**

- तीनवटै सरकारले औषधी खरिद गर्दा बार्षिक आवश्यकताका आधारमा टेन्डर गर्नुपर्नेमा नगर्ने,
- गर्नुपर्ने पूर्वतयारी समयमै नगरी आपत्कालीन अवस्था सिर्जना गराई खरिद गर्ने,
- ठूलो परिमाणमा खरिद गरेको देखाई स्टोर दाखिला कागजीरूपमा मात्र गर्ने,
- यथार्थभन्दा बढी संख्या देखाई सुत्केरी भत्ताको रकम हिनामिना गर्ने,
- कागजीरूपमा एउटै कार्यक्रम पटकपटक सञ्चालन गरेको देखाई रकम निकासा लिने,
- नक्कली बिलको आधारमा सञ्चालन नै नभएको प्रवर्द्धनात्मक कार्यक्रमको भुक्तानी दिने/लिने,
- स्वास्थ्य संस्थामा विनियोजन भएको रकम नक्कली सेवाग्राहीहरूको अभिलेख खडा गरी हिनामिना गर्ने,

- नेपाल मेडिकल काउन्सिलले निर्धारण गरेको मापदण्ड पूरा नगरेका मेडिकल र नर्सिङ कलेजहरूलाई सञ्चालन गर्ने अनुमति दिने,
- मेडिकल कलेजहरूले मेरिट लिस्टमा नपरेका विद्यार्थीलाई भर्ना गर्ने र चर्को शुल्क लिने,
- सरकारी संस्थामा दिनुपर्ने समय नदिएर निजी स्वास्थ्य संस्थाहरूमा कार्य गर्ने,
- राज्यले निःशुल्क वितरण गर्ने भनेको औषधीहरू समेत निजी क्लिनिकबाट बिक्री गराउने,
- स्वास्थ्य संस्थाहरूले उपलब्ध गराउने सेवाको अनुगमन गर्ने निकायले नियमित/प्रभावकारी अनुगमन नगर्ने,
- अपराधका घटनाको स्वास्थ्य परीक्षण गर्दा गलत प्रतिवेदन दिने,
- सार्वजनिक खरिद ऐनका व्यवस्थाविपरीत तथा आवश्यकता नै नभएका औषधी/स्वास्थ्य उपकरण खरिद गर्ने,
- आम नागरिकको स्वास्थ्य परीक्षणमा आवश्यक पर्ने बहुमूल्य यन्त्र उपकरणसमेत खरिदपश्चात लामो समयसम्म पनि जडान/प्रयोग नगर्ने ।

### ५.५.६ वन

- विभिन्न किसिमका नियमित कार्य (काठको लगत जाँच, कटान आदेश, छुटपुर्जी, वन उपभोक्ता समूहको विधान र कार्ययोजना दर्ता सिफारिस) गर्नसमेत रिसवत लिने,
- बदनीयतापूर्वक वनका काठ कटान गरी ओसारपसार गर्ने, वन सम्पदाको विनाश/चोरी निकासीमा संलग्नलाई सहयोग पुऱ्याई अनुचित लाभ लिने तथा अनियमित रूपमा कटान गरेका काठको झुठा लगत तयार गरी स्वीकृत गर्ने गराउने,
- त्रुटिपूर्ण कार्ययोजना तयार गरी अत्यधिक परिमाणमा कटान आदेश दिने तथा सामुदायिक वन समूहको रकम हिनामिना गर्ने,
- बिरुवा उत्पादन, वितरण, वृक्षारोपण, तालिम, गोष्ठीलगायतका कार्यक्रमहरूको झुठा बिल/भरपाई बनाई सार्वजनिक सम्पत्तिको हानि नोक्सानी गर्ने।

### ५.५.७ अर्थ, राजस्व

- कर्मचारी, एजेन्ट तथा मालसामान धनीको मिलेमतोमा आयातित सामानको नक्कली प्रज्ञापनपत्र प्रयोग गर्ने, गुणस्तर, परिमाण र मूल्य फरक पारी भन्सार जाँचपास गर्ने, न्यून बिजकीकरण गर्ने जस्ता कार्य गरी राजस्व छली गर्ने,
- कर्जा प्रवाहसम्बन्धी तोकिएका मापदण्डहरू नअपनाई, धितोको गलत मूल्यांकन गरी बदनियतपूर्वक प्रतिवेदन तयार गरी अनियमित तवरले कर्जा प्रवाह गर्ने,
- मूल्य अभिवृद्धि करको नक्कली बिल बनाई भ्रष्टाचार गर्ने,
- किर्ते/गलत बैंक भौचर, बैंक विवरण, मौज्दात जस्ता कागजातहरू तयार पारी वा किर्ते सहीछाप गरी रकम हिनामिना गर्ने,
- संकलन भएको राजस्वसमेत समयभित्र बैंकमा दाखिला नगर्ने,
- सीमित वर्ग वा समूहलाई फाइदा पुग्ने गरी कर सहुलियत/छुट दिने तथा करयोग्य कारोबारलाई करको दायरामा समावेश नगरी राजस्व चुहावट गर्ने,
- सरकारलाई तिर्नुपर्ने कर छल्ने नियतले उद्यमीहरूले व्यावसायिक कारोबारको दुई किसिमको लेखा राखी तिर्नु/बुझाउनुपर्ने राजस्व छली गर्ने गराउने,
- दर्ता नै नगरी व्यवसाय सञ्चालन गरी गराई कर नतिर्ने ।

### ५.५.८ सार्वजनिक खरिद तथा निर्माण :

- बजेट र कार्यक्रमअनुसार दरभाउपत्र वा बोलपत्रबाट खरिद गर्नुपर्नेमा यस्तो खरिद कार्य नगरी तथा सार्वजनिक खरिद कानुनविपरीत हुने गरी सोझै बजारबाट खरिद गर्ने गराउने,
- गलत लगत इस्टिमेट बनाउने, लागत अनुमानभन्दा बढी कबोल गर्ने दरभाउपत्र/बोलपत्र स्वीकृत गर्ने तथा असम्बन्धित कर्मचारीले दरभाउपत्र र बोलपत्र स्वीकृत गर्ने,
- खरिद अनुसार स्टोर दाखिला र जिन्सी मालसामानको अभिलेख दुरुस्त नराखे, झुठा खरिद दाखिला गरी गराई गलत जिन्सी दाखिला प्रतिवेदन तयार पार्ने,

- कानुनद्वारा निर्धारित सर्त र मापदण्डविपरीत निर्माण कार्य गराई वा निर्माण कार्य नै नगराई वा कम निर्माण गरी गराई, नापजाँच फिल्डमा भएअनुसारको नगरी झुठा स्थलगत अनुगमन प्रतिवेदन र कार्यसम्पन्न प्रतिवेदन पेस गरी गराई भुक्तानी लिने दिने,
- समयमै गर्नुपर्ने पूर्वतयारी (सूची अभिलेखीकरण, लगत इस्टिमेट, खरिद प्रक्रिया जस्ता कार्यहरू) नगरी आर्थिक वर्षको अन्त्यतिर सरकारी कोषको हिनामिना र दुरुपयोग गर्ने नियत राखी सोझै मालसामान खरिद गर्ने,
- योजना, कार्यक्रम वा परियोजनाको लागत र समय बढाई, नियतबस अस्वाभाविक भेरियसन कार्य गरी गराई सार्वजनिक स्रोत साधनको दुरुपयोग गर्ने तथा सरकारी हानि नोक्सानी गराउने,

**५.५.९ श्रम तथा वैदेशिक रोजगार :**

- कर्मचारी, प्रहरी र बिचौलियाले मिलेमतो गरी सेवाग्राहीलाई अनावश्यक दुख हैरानी दिई सहजीकरणको नाममा घुस रिसवत लिने दिने,
- कामदारको आवश्यकता, योग्यता तथा तलबभत्तासम्बन्धी नक्कली कागजात तयार पार्ने तथा नक्कली करार पत्रमा सम्झौता गराई रकम असुली गर्ने,
- वैदेशिक रोजगार व्यवसायीहरूले कर्मचारीसँग मिलेमतो गरी वैदेशिक रोजगारीमा जाने व्यक्तिहरूसँग वास्तविक लागतभन्दा बढी रकम उठाउने,
- कर्मचारीको मिलेमतोमा अनुचित लाभ लिई नेपाली नागरिकता र पासपोर्टमा विदेशी नागरिकलाई वैदेशिक रोजगारीमा पठाउने,
- अनियमित तवरले श्रम स्वीकृति दिने, श्रम स्वीकृतिका लागि अनलाइन प्रणालीको समेत दुरुपयोग गर्ने,
- बदनीयतपूर्ण निर्णयका अभिलेख र कागजातहरू लुकाउने वा नष्ट गर्ने,
- सवारी चालक अनुमतिपत्रको नेपालीकरण गर्दा गलत लिखत तयार गर्ने,
- अनुगमनको क्रममा म्यानपावर कम्पनीहरूसँग गैरकानुनी साँठगाँठ गर्ने, छुट दिने ।

**५.५.१० विविध (कृषि, ऊर्जा, समाज कल्याण, यातायात आदि) :**

- कृषि अनुदानमा हिनामिना गर्ने,
- सवारी दर्ता गर्ने नाममा सरकारी कागजात सच्याई राजस्व हिनामिना, मस्यौट तथा चुहावट गर्ने,
- सवारी चालक अनुमतिपत्रको लिखित तथा प्रयोगात्मक परीक्षामा अनुत्तीर्ण र अनुपस्थित भएका परीक्षार्थीहरूलाई पास गराउने,
- लोक सेवा आयोगको परीक्षामा सहभागीको उत्तरपुस्तिका सच्याई उत्तीर्ण गराउन खोज्ने,
- किसानहरूको नक्कली विवरण संकलन गरी क्षतिपूर्ति, राहत तथा अनुदान वितरण गरी सार्वजनिक कोषको हिनामिना गर्ने,
- कृषि बीउ बिजनको समुचित भण्डारण तथा उपयोग, कृषि उत्पादनमा विषादि परीक्षण प्रयोगशाला निर्माण र सञ्चालन तथा कृषि उत्पादनको वितरण व्यवस्था नगरी बिचौलियासँगको मिलेमतोमा सार्वजनिक सम्पत्ति हानि नोक्सानी गर्ने, कृषि मल आदिको खरिदमा गुणस्तर मापन प्रमाण नलिने,
- तोकेको परिणामभन्दा कम कृषि तथा पशु सेवाको ओसारपसार सेवाको स्वीकृत कार्यक्रम सम्पन्न नगरी बजेट हिनामिना गर्ने तथा हुँदै नभएको काम भएको भनी वा बिल बढाई भुक्तानी लिने दिने,
- गैरसरकारी संस्थाहरूलाई स्वीकृति दिंदा अनियमितता गर्ने, अनुगमन नगर्ने, मिलेमतोमा गलत प्रतिवेदन तयार पारी अनुचित लाभ लिई सरकारलाई हानि नोक्सानी गर्ने,
- अपांगताको वर्गीकरणको मापदण्ड पालना नगरी अपांगताको प्रमाणपत्र दिने,
- विद्युत ऐन नियमविपरीत मिलेमतोमा अनियमित र असान्दर्भिक खरिद गर्ने, न्यून गुणस्तरका ट्रान्सफर्मर जडान गरी अनुचित लाभ लिने तथा विद्युतीकरण गर्दा अतिरिक्त रकम लिने,
- नियमानुसार पाउनेभन्दा बढी सेवा सुविधा लिने र नक्कली हस्ताक्षर गरी वा नक्कली बिल भरपाई पेस गरी दैनिक तथा भ्रमण भत्ताको रकम भुक्तानी लिने ।

## ५.६ आयोगको स्थापनाकालदेखि हालसम्म अदालतमा दायर गरिएका मुद्दाहरूको प्रवृत्ति विश्लेषण

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आफ्नो स्थापनाकालदेखि नै प्राप्त उजुरीहरूउपर अनुसन्धान र तहकिकात गरी अदालतसमक्ष मुद्दा दायर गर्ने काम गर्दै आइरहेको छ । स्थापनादेखिको ३१ वर्षमा आयोगमा परेका उजुरीको संख्या, अनुसन्धान तहकिकात गरी फछ्र्यौट गरिएका उजुरीको संख्या र अदालतमा दायर गरिएका आरोपपत्रहरूको संख्या देहायबमोजिम रहेको छ ।

### ५.६.१. आर्थिक वर्ष ०४८।४९ देखि ०५६।५७ सम्म :

विक्रम संवत् २०४७ सालमा आयोगको स्थापना भएदेखि आर्थिक वर्ष २०५६।५७ सम्मको अवधिमा आयोगबाट सीमित संख्यामा आरोपपत्रहरू अदालतमा दायर भएका छन् । यस अवधिमा सबैभन्दा कम आरोपपत्र आर्थिक वर्ष ०४८।४९ र ०५१।५२ मा एक-एक वटा मात्र दर्ता भएका थिए भने आर्थिक वर्ष ०५३।५४ मा सबैभन्दा बढी (११ वटा) आरोपपत्रहरू दायर भएका थिए । यस अवधिमा आयोगमा दायर भएका उजुरीहरूको संख्यामा समेत न्यूनता देखिन्छ । आर्थिक वर्ष २०५४।५५ मा सबैभन्दा बढी १६०६ वटा उजुरीहरू रहेको भए पनि अधिकांश आर्थिक वर्षहरूमा करिब एक हजारको हाराहारीमा उजुरीहरू रहेको देखिन्छ । तालिका ५.८ मा यस अवधिमा आयोगमा परेको उजुरी, उजुरीको फछ्र्यौट तथा मुद्दा दर्ताको संख्या प्रस्तुत गरिएको छ ।

**तालिका ५.८**

**आर्थिक वर्ष २०४७।४८ देखि २०५६।५७ सम्मको उजुरी दर्ता, फछ्र्यौट र मुद्दा दर्ताको संख्या**

| क्र.सं. | वर्ष | उजुरी दर्ता | फछ्र्यौट | मुद्दा दायर | क्र.सं. | वर्ष | उजुरी दर्ता | फछ्र्यौट | मुद्दा दायर |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | २०४७/४८ | ५६४ | - | - | २. | २०४८/४९ | १०६९ | ५८१ | १ |
| ३. | २०४९/५० | १०५० | ६१८ | ५ | ४. | २०५०/५१ | १०२० | ५२६ | ७ |
| ५. | २०५१/५२ | १००३ | ६३६ | १ | ६. | २०५२/५३ | १०८५ | ७११ | २ |
| ७. | २०५३/५४ | १५०१ | ७५० | ११ | ८. | २०५४/५५ | १६०६ | ९२० | ७ |
| ९. | २०५५/५६ | १३१३ | ८६१ | १० | १०. | २०५६/५७ | ८५९ | ४९८ | ५ |

### ५.६.२. आर्थिक वर्ष २०५७।५८ देखि २०६३।६४ सम्म :

आर्थिक वर्ष २०५७।५८ देखि आर्थिक वर्ष २०६३।६४ को अवधिमा मुलुकमा भ्रष्टाचार नियन्त्रणसम्बन्धी महत्वपूर्ण कानुनी र संस्थागत सुधारका कार्य भएका थिए । विक्रम संवत् २०५९ साल असार ५ गते भ्रष्टाचार निवारण ऐन, २०५९ लागू हुनुका साथै अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दोस्रो संशोधन सोही वर्षको साउन ३० गते लागू भई भ्रष्टाचारविरुद्ध प्रभावकारी कानुनी व्यवस्था भएको थियो । साथै, विशेष अदालत ऐन, २०५९ को व्यवस्थाबमोजिम मिति २०५९ साल भाद्र ६ गते विशेष अदालत स्थापना भई भ्रष्टाचारसम्बन्धी मुद्दाहरूको न्याय निरुपणसम्बन्धी कार्य विशेष अदालतबाट हुने व्यवस्थाको सुरुवात भएको पाइन्छ । उल्लिखित सुधारसमेतका कारणले आर्थिक वर्ष २०५९।६० देखि आयोगबाट विशेष अदालतमा दायर गरिएका आरोपपत्रहरूको संख्यामा बढोत्तरी भएको देखिन्छ । आर्थिक वर्ष २०५७।५८ देखि आर्थिक वर्ष २०६३।६४ को अवधिमा आरोपपत्रहरूको दर्ताको संख्यालाई हेर्दा आर्थिक वर्ष २०५९।६० मा सबैभन्दा बढी १४७ वटा आरोपपत्रहरू दर्ता भएका छन् भने यस अवधिमा सबैभन्दा कम २६ वटा आरोपपत्रहरू आर्थिक वर्ष २०५७।५८ मा दर्ता भएको पाइन्छ । तालिका ५.९ मा यस अवधिमा आयोगमा परेको उजुरी, उजुरीको फछ्र्यौट तथा मुद्दा दर्ताको संख्या प्रस्तुत गरिएको छ।

**तालिका ५.९**

**आर्थिक वर्ष २०५७।५८ देखि २०६३।६४ सम्मको उजुरी दर्ता, फछ्र्यौट र मुद्दा दर्ताको संख्या**

| क्र.सं. | वर्ष | उजुरी दर्ता | फछ्र्यौट | मुद्दा दायर | क्र.सं. | वर्ष | उजुरी दर्ता | फछ्र्यौट | मुद्दा दायर |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | २०५७/५८ | १२६१ | ६९८ | २६ | २. | २०५८/५९ | २५२२ | २०१५ | ४१ |
| ३. | २०५९/६० | ३९६६ | २४८१ | १४७ | ४. | २०६०/६१ | ३७३२ | ३१८८ | १०५ |
| ५. | २०६१/६२ | ४७५९ | ३७०९ | ११३ | ६. | २०६२/६३ | ४३२४ | ३३५३ | ११४ |
| ७. | २०६३/६४ | ३५६४ | २९७६ | ११५ | | | | | |

भ्रष्टाचार निवारण ऐन, २०५९ लागू भएपछि आर्थिक वर्ष २०५९।६० देखि शैक्षिक योग्यताको नक्कली प्रमाणपत्रसम्बन्धी आरोपपत्रसमेत दर्ता हुन थालेको पाइन्छ र यस अवधिमा दायर भएका मुद्दाहरूमध्ये हरेक आर्थिक वर्षमा शैक्षिक योग्यताको नक्कली प्रमाणपत्रसम्बन्धी मुद्दा सबैभन्दा बढी संख्यामा रहेका छन्। आर्थिक वर्षहरू २०५९।६० र २०६०।६१ मा भने गैरकानुनी सम्पत्ति आर्जनसम्बन्धी मुद्दाहरू पनि उल्लेख्य संख्यामा रहेको देखिन्छ। यस अवधिमा दर्ता भएका विविध विषयका आरोपपत्रहरूअन्तर्गत राहदानी, सवारीसाधन दर्ता, भूमि प्रशासन, बैंक कर्जा हिनामिनासम्बन्धी मुद्दाहरू समेत रहेका छन् । आयोग स्थापना भएपछि पहिलोपटक आर्थिक वर्ष २०६०।६१ मा घुस/रिसवतसम्बन्धी आरोपपत्र दर्ता भएको देखिन्छ । तालिका ५.१० मा भ्रष्टाचार निवारण ऐन, २०५९ लागू भएपछि आर्थिक वर्ष २०६३।६४ सम्मका विभिन्न विषयका मुद्दाहरूको संख्या प्रस्तुत गरिएको छ ।

**तालिका ५.१०**

**आर्थिक वर्ष २०५९।६० देखि २०६३।६४ सम्मका विभिन्न विषयका मुद्दाको संख्या**

| क्र.सं. | वर्ष | गैरकानुनी सम्पत्ति आर्जन | नक्कली शैक्षिक प्रमाणपत्र | राजस्व हिनामिना/ चुहावट | घुस/ रिसवत | सार्वजनिक सम्पत्तिको हानि नोक्सानी | गैरकानुनी लाभ वा हानी | विविध | जम्मा मुद्दा दायर |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | २०५९/६० | २८ | ८१ | ० | ० | ० | १८ | २० | १४७ |
| २. | २०६०/६१ | १६ | ४७ | ० | ४ | ० | ० | ३८ | १०५ |
| ३. | २०६१/६२ | ८ | ८५ | २ | १ | ० | ७ | १० | ११३ |
| ४. | २०६२/६३ | ९ | ६९ | ५ | ५ | ८ | ९ | ९ | ११४ |
| ५. | २०६३/६४ | | ९३ | ९ | ३ | १ | ० | ९ | ११५ |

### ५.६.३. आर्थिक वर्ष २०६४।६५ देखि २०६९।७० सम्म

यस अवधिमा सबैभन्दा कम २७ मुद्दा आर्थिक वर्ष २०६६।६७ मा दर्ता भएका छन् । त्यस्तै, सबैभन्दा बढी १११ मुद्दा आर्थिक वर्ष २०६८।६९ मा दर्ता भएका छन् । सबैभन्दा बढी उजुरी भने आर्थिक वर्ष २०६९।७० मा परेको देखिन्छ । तालिका ५.११ मा यस अवधिमा आयोगमा परेको उजुरी, उजुरीको फछ्र्यौट तथा मुद्दा दर्ताको संख्या प्रस्तुत गरिएको छ ।

**तालिका ५.११**

आर्थिक वर्ष **२०६४।६५ देखि २०६९।७० सम्मको उजुरी दर्ता, फछ्र्यौट र मुद्दा दर्ताको संख्या**

| क्र.सं. | वर्ष | उजुरी दर्ता | फछ्र्यौट | मुद्दा दायर | क्र.सं. | वर्ष | उजुरी दर्ता | फछ्र्यौट | मुद्दा दायर |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | २०६४/६५ | २७३२ | २१३५ | ६५ | २. | २०६५/६६ | ४१४९ | ३३०३ | ५० |
| ३. | २०६६/६७ | ४२९५ | ३०६७ | २७ | ४. | २०६७/६८ | ६१४५ | ३९०४ | ६७ |
| ५. | २०६८/६९ | ८८३९ | ५४६६ | १११ | ६. | २०६९/७० | ११२९८ | ६६७२ | ९३ |

यस अवधिमा दर्ता भएका आरोपपत्रहरूमा शैक्षिक योग्यताको नक्कली प्रमाणपत्रसम्बन्धी मुद्दा उल्लेख्य संख्यामा रहेका छन् । त्यसैगरी, घुस रिसवतसम्बन्धी तथा गैरकानुनी लाभहानिसम्बन्धी मुद्दाहरूको संख्या पनि क्रमिकरूपमा बढ्दै गएको देखिन्छ । तालिका ५.१२ मा यस अवधिमा आयोगबाट दायर भएका मुद्दाहरूको विषयगत संख्या प्रस्तुत गरिएको छ ।

**तालिका ५.१२**

**आर्थिक वर्ष २०६४।६५ देखि २०६९।७० सम्मका विभिन्न विषयका मुद्दाको संख्या**

| क्र.सं. | वर्ष | गैरकानुनी सम्पत्ति आर्जन | नक्कली शैक्षिक प्रमाणपत्र | राजस्व हिनामिना / चुहावट | घुस/रिसवत | सार्वजनिक सम्पत्तिको हानि नोक्सानी | गैरकानुनी लाभ वा हानी | विविध | जम्मा मुद्दा दायर |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | २०६४/६५ | १ | ५४ | ० | २ | १ | ५ | २ | ६५ |
| २. | २०६५/६६ | २ | ३६ | ० | २ | २ | ८ | ० | ५० |
| ३. | २०६६/६७ | ० | १९ | ० | २ | ० | ५ | १ | २७ |
| ४. | २०६७/६८ | ० | ४६ | ० | ९ | २ | ९ | १ | ६७ |
| ५. | २०६८/६९ | ० | ८६ | ० | १० | ० | ११ | ४ | १११ |
| ६. | २०६९/७० | ० | ७० | १ | ७ | ३ | ७ | ५ | ९३ |

### ५.६.४. आर्थिक वर्ष २०७०।७१ देखि २०७७।७८ सम्म

आर्थिक वर्ष २०७०।७१ देखि आर्थिक वर्ष २०७७।७८ को अवधिमा आयोगमा दर्ता भएको उजुरीको, उजुरी फछ्र्यौट तथा आरोपपत्र दायर संख्या सबैमा उल्लेखनिय वृद्धि भएको छ । यस अवधिको उत्तरार्द्ध तिर कोभिड-१९ को विश्वव्यापी महामारीका कारण सिर्जित परिस्थिति तथा निषेधाज्ञाले गर्दा लामो समयसम्म सार्वजनिक कार्यालयहरू पूर्णरूपमा संचालनमा आउन नसकेको तथा यस अवधिमा यातायातका गतिविधिसमेत प्रभावित रहेकाले स्थलगत छानबिनदेखि बयान र सोधपुछलगायतका अनुसन्धानका अत्यावश्यक कार्यहरू समेत प्रभावित भएको थियो । यस परिस्थितिका बाबजुद पनि आयोगले सरकारले तोकेको स्वास्थ्य मापदण्डको पालना गर्दै अनुसन्धान लगायतका दैनिक कार्यहरू सम्पन्न गर्न प्रयास गरेको छ । तालिका ५.१३ मा आर्थिक वर्ष २०७०।७१ देखि २०७७।७८ को अवधिमा आयोगमा परेका उजुरी, उजुरी फछ्र्यौट तथा मुद्दा दायरको संख्या प्रस्तुत गरिएको छ ।

**तालिका ५.१३**

**आर्थिक वर्ष २०७०।७१ देखि २०७७।७८ सम्मको उजुरी दर्ता, फछ्र्यौट र मुद्दा दर्ताको संख्या**

| क्र.सं. | वर्ष | उजुरी दर्ता | फछ्र्यौट | मुद्दा दायर | क्र.सं. | वर्ष | उजुरी दर्ता | फछ्र्यौट | मुद्दा दायर |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | २०७०/७१ | २२६०२ | १२८९२ | १६८ | २. | २०७१/७२ | ३१२१३ | २१६४८ | ३०३ |
| ३. | २०७२/७३ | २४६९१ | १६६९४ | १४४ | ४. | २०७३/७४ | १९५८० | ११८६१ | १५४ |
| ५. | २०७४/७५ | १९४८८ | १२४०० | १९४ | ६. | २०७५/७६ | २४०८५ | १५५२७ | ३५१ |
| ७. | २०७६/७७ | २५१५२ | १६९५२ | ४४१ | ८. | २०७७/७८ | २२६२५ | १४५३२ | ११४ |

यस अवधिमा घुस रिसवत तथा नक्कली शैक्षिक प्रमाणपत्रसम्बन्धी मुद्दाहरूको संख्या उल्लेखनीय रहेको छ। त्यस्तै, सार्वजनिक सम्पत्तिको हानिनोक्सानी, गैरकानुनी लाभ वा हानि तथा गैरकानुनी सम्पत्ति आर्जनसम्बन्धी मुद्दाहरूको संख्यामा समेत वृद्धि भएको छ । तालिका ५.१४ मा यस अवधिमा आयोगबाट दायर भएका मुद्दाहरूको विषयगत संख्या प्रस्तुत गरिएको छ ।

**तालिका ५.१४**

**आर्थिक वर्ष २०७०।७१ देखि २०७७।७८ सम्मका विभिन्न विषयका मुद्दाको संख्या**

| क्र.सं. | वर्ष | गैरकानुनी सम्पत्ति आर्जन | नक्कली शैक्षिक प्रमाणपत्र | राजस्व हिनामिना / चुहावट | घुस/रिसवत | सार्वजनिक सम्पत्तिको हानि नोक्सानी | गैरकानुनी लाभ वा हानि | विविध | जम्मा मुद्दा दायर |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | २०७०/७१ | २ | ८० | २ | २१ | १० | ३९ | १४ | १६८ |
| २. | २०७१/७२ | २ | ९६ | ४ | ६८ | १०५ | १८ | १० | ३०३ |
| ३. | २०७२/७३ | ७ | ५२ | २ | ४६ | २३ | ११ | ३ | १४४ |
| ४. | २०७३/७४ | ११ | ४० | ४ | ६४ | १८ | ११ | ६ | १५४ |
| ५. | २०७४/७५ | ४ | ६४ | ५ | ९७ | १३ | ८ | ३ | १९४ |
| ६. | २०७५/७६ | १२ | ८८ | १० | १४७ | ३९ | ३३ | २२ | ३५१ |
| ७. | २०७६/७७ | १८ | ८५ | १२ | २०५ | ७५ | ३६ | १० | ४४१ |
| ८. | २०७७/७८ | ३ | ३ | ३ | ७० | २० | १२ | ३ | ११४ |

### ५.६.५ आयोगको स्थापनादेखि हालसम्मको मुद्दा दर्ताको समग्र अवस्था :

स्थापनाकाल देखि हालसम्म **३१** वर्षको अवधिमा आयोगले जम्मा २,९९२ वटा मुद्दाहरू अदालतमा दायर गरेको छ । जसअनुसार औसतमा प्रतिवर्ष **९६** भन्दा बढी आरोपपत्रहरू अदालतमा दर्ता भएका छन् । आयोगबाट हालसम्म अदालतमा दर्ता भएका आरोपपत्रहरूमध्ये विषयगत रूपमा हेर्दा सबैभन्दा बढी १,१९३ वटा शैक्षिक योग्यताको नक्कली प्रमाणपत्रसम्बन्धी आरोपपत्रहरू रहेका छन् भने त्यसपछि घुस रिसवतसम्बन्धी ७६३ वटा आरोपपत्रहरू रहेका छन् । गैरकानुनी सम्पत्ति आर्जनसम्बन्धी मुद्दाको संख्या भने १२३ वटा रहेको छ । यससम्बन्धी विवरण तालिका ५.१३ तथा चित्र नं. ५.८ मा प्रस्तुत गरिएको छ।

**तालिका ५.१५**

**आयोग स्थापनादेखि हालसम्मको उजुरी दर्ता, फछ्र्यौट र मुद्दा दर्ताको संख्या**

| क्र.सं. | आर्थिक वर्ष | उजुरी दर्ता | फछ्र्यौट | मुद्दा दायर | क्र.सं. | वर्ष | उजुरी दर्ता | फछ्र्यौट | मुद्दा दायर |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | २०४७/४८ | ५६४ | - | - | २. | २०४८/४९ | १०६९ | ५८१ | १ |
| ३. | २०४९/५० | १०५० | ६१८ | ५ | ४. | २०५०/५१ | १०२० | ५२६ | ७ |
| ५. | २०५१/५२ | १००३ | ६३६ | १ | ६. | २०५२/५३ | १०८५ | ७११ | २ |
| ७. | २०५३/५४ | १५०१ | ७५० | ११ | ८. | २०५४/५५ | १६०६ | ९२० | ७ |
| ९. | २०५५/५६ | १३१३ | ८६१ | १० | १०. | २०५६/५७ | ८५९ | ४९८ | ५ |
| ११. | २०५७/५८ | १२६१ | ६९८ | २६ | १२. | २०५८/५९ | २५२२ | २०१५ | ४१ |
| १३. | २०५९/६० | ३९६६ | २४८१ | १४७ | १४. | २०६०/६१ | ३७३२ | ३१८८ | १०५ |
| १५. | २०६१/६२ | ४७५९ | ३७०९ | ११३ | १६. | २०६२/६३ | ४३२४ | ३३५३ | ११४ |
| १७. | २०६३/६४ | ३५६४ | २९७६ | ११५ | १८. | २०६४/६५ | २७३२ | २१३५ | ६५ |
| १९. | २०६५/६६ | ४१४९ | ३३०३ | ५० | २०. | २०६६/६७ | ४२९५ | ३०६७ | २७ |
| २१. | २०६७/६८ | ६१४५ | ३९०४ | ६७ | २२. | २०६८/६९ | ८८३९ | ५४६६ | १११ |
| २३. | २०६९/७० | ११२९८ | ६६७२ | ९३ | २४. | २०७०/७१ | २२६०२ | १२८९२ | १६८ |
| २५. | २०७१/७२ | ३१२१३ | २१६४८ | ३०३ | २६. | २०७२/७३ | २४६९१ | १६६९४ | १४४ |
| २७. | २०७३/७४ | १९५८० | ११८६१ | १५४ | २८. | २०७४/७५ | १९४८८ | १२४०० | १९४ |
| २९. | २०७५/७६ | २४०८५ | १५५२७ | ३५१ | ३०. | २०७६/७७ | २५१५२ | १६९५२ | ४४१ |
| ३१. | २०७७/७८ | २२६२५ | १४५३२ | ११४ | | | | | |

चित्र नं. ५.८




### ५.६.६ अदालतबाट फैसला भएका मुद्दाहरूमा कसुर स्थापित भएको दर

आयोगको तर्फबाट दर्ता भएका आरोपपत्रहरूउपर अदालतबाट फैसला हुँदा पूर्ण वा आंशिक रूपमा आयोगको मागदाबीबमोजिमको फैसला प्राप्त भएका आधारमा हरेक आर्थिक वर्षमा कसुर कायम भएको दर (**Conviction Rate**) पचास प्रतिशतभन्दा बढी रहँदै आएको छ । विभिन्न आर्थिक वर्षमध्ये आर्थिक वर्ष २०६६।६७ मा सबैभन्दा कम ५२.९ प्रतिशत कसुर कायम भएको छ भने सबैभन्दा बढी आर्थिक वर्ष २०६१।६२ मा ९१.५ प्रतिशत रहेको छ । आर्थिक वर्ष २०७७।०७८ मा भने ७१.६८ प्रतिशत फैसलामा कसुर कायम भएको छ ।

**तालिका ५.१६**
**विशेष अदालतबाट प्राप्त फैसलामा कसुर कायम भएको दर**

| क्र.सं. | आर्थिक वर्ष | फैसला प्राप्त संख्या | कसुर कायम भएको संख्या | कसुर कायम भएको प्रतिशत | क्र.सं. | आर्थिक वर्ष | फैसला प्राप्त संख्या | कसुर कायम भएको संख्या | कसुर कायम भएको प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | २०५९/६० | ५५ | ४७ | ८५.४५ | २. | २०६०/६१ | १२९ | १०९ | ८४ |
| ३. | २०६१/६२ | १०६ | ९७ | ९१.५ | ४. | २०६२/६३ | १०९ | ८९ | ८१.६५ |
| ५. | २०६३/६४ | १७१ | १४० | ८१.८७ | ६. | २०६४/६५ | १२७ | ९५ | ७४.८ |
| ७. | २०६५/६६ | ९२ | ६२ | ६७.४ | ८. | २०६६/६७ | १०४ | ५५ | ५२.९ |
| ९. | २०६७/६८ | ५९ | ३७ | ६२.७१ | १०. | २०६८/६९ | ५९ | ५२ | ८८.१४ |
| ११. | २०६९/७० | ९५ | ७६ | ८० | १२. | २०७०/७१ | ९८ | ७४ | ८० |
| १३. | २०७१/७२ | १०८ | ८८ | ८१.५ | १४. | २०७२/७३ | २७९ | १६७ | ६० |
| १५. | २०७३/७४ | १६० | ११७ | ७३.१३ | १६. | २०७४/७५ | १७४ | ११८ | ६७.८२ |
| १७. | २०७५/७६ | २०४ | १८० | ८८.२४ | १८. | २०७६/७७ | १९७ | १६७ | ८४.८ |
| १९. | २०७७/७८ | ११३ | ८१ | ७१.६८ | | | | | |

### ५.६.७ पुनरावेदन/पुनरावलोकनको प्रवृत्ति :

आयोगले दायर गरेका आरोपपत्रहरूमा अदालतबाट भएका फैसलामा चित्त नबुझेको अवस्थामा आयोगले पुनरावेदन गर्दै आएको छ। साथै, पुनरावेदनपश्चात भएको फैसलामा पुनरावलोकन गर्नुपर्ने आवश्यकता देखिएमा आयोगले पुनरावलोकनसमेत गर्दै आएको छ। देहायको तथ्यांकले केही आर्थिक वर्षहरूमा बाहेक आयोगबाट उल्लेख्य संख्यामा पुनरावेदनको निवेदन दर्ता भएको देखाउँछ । यससम्बन्धी विवरण तालिका ५.१७ र चित्र ५.९ मा प्रस्तुत गरिएको छ।

**तालिका ५.१७**
**पुनरावेदन र पुनरावलोकनको संख्या**

| क.सं. | आ.व. | पुनरावेदन गरिएको संख्या | पुनरावलोकन गरिएको संख्या | क.सं. | आ.व. | पुनरावेदन गरिएको संख्या | पुनरावलोकन गरिएको संख्या |
|---|---|---|---|---|---|---|---|
| १. | २०५३/५४ | ६ | ० | २. | २०५४/५५ | ५ | ० |
| ३. | २०५५/५६ | ९ | ० | ४. | २०५६/५७ | १२ | ० |
| ५. | २०५७/५८ | १३ | ० | ६. | २०५८/५९ | १९ | ० |
| ७. | २०५९/६० | ४ | २ | ८. | २०६०/६१ | १३ | ० |
| ९. | २०६१/६२ | २९ | १ | १०. | २०६२/६३ | ३० | १ |
| ११. | २०६३/६४ | १७ | ० | १२. | २०६४/६५ | ३० | ० |
| १३. | २०६५/६६ | २३ | १ | १४. | २०६६/६७ | ३५ | १ |
| १५. | २०६७/६८ | ४० | २ | १६. | २०६८/६९ | १८ | ० |
| १७. | २०६९/७० | २५ | ० | १८. | २०७०/७१ | १९ | ० |
| १९. | २०७१/७२ | २० | ० | २०. | २०७२/७३ | १२३ | २ |
| २१. | २०७३/७४ | ५२ | ० | २२. | २०७४/७५ | ६८ | ० |
| २३. | २०७५/७६ | ८३ | ० | २४. | २०७६/७७ | २० | २ |
| २५. | २०७७/७८ | ५८ | ० | | | | |

**चित्र ५.९**



यसरी अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा परेका उजुरी, आयोगबाट भएको अनुसन्धान, अनुसन्धानपश्चात् विशेष अदालतमा दायर गरिएका मुद्दाहरू र आयोगबाट गरिएका अध्ययन, अनुसन्धान तथा विश्लेषणबाट सार्वजनिक क्षेत्रमा भ्रष्टाचारजन्य प्रवृत्ति दोहोरिइरहेको देखिएको छ । अर्कोतर्फ भ्रष्टाचार नियन्त्रण गर्दै सुशासन कायम गर्ने सन्दर्भमा समय समयमा आयोगको तर्फबाट नेपाल सरकार र विभिन्न सार्वजनिक निकायहरूलाई दिइएका सुझावहरूको कार्यान्वयनसमेत प्रभावकारी हुन सकेको देखिंदैन । उल्लिखित भ्रष्टाचारजन्य प्रवृत्तिहरूको विश्लेषणसमेतका आधारमा सम्बन्धित नियामक निकाय, पदाधिकारी, कर्मचारी, सञ्चार जगत, नागरिक समाज, आम नागरिक तथा अन्य सरोकारवाला व्यक्ति र निकायसमेतबाट मुलुकमा सुशासन कायम गर्नका लागि प्रभावकारी समन्वय, सहकार्य, साथ र समर्थन हुन आवश्यक देखिन्छ ।

# परिच्छेद- ६
# सुझावहरू

## ६.१ पृष्ठभूमि

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले वार्षिक प्रतिवेदनमार्फत वर्षभरिमा भ्रष्टाचार नियन्त्रण र सदाचार प्रवर्द्धनसम्बन्धी कार्यसम्पादनको क्रममा पहिचान गरिएका सुधार गर्नुका क्षेत्रहरू र विगतमा नेपाल सरकारलाई प्रदान गरिएका सुझावहरूको कार्यान्वयन अवस्थाको समीक्षाका आधारमा हरेक वर्ष सुझावहरू प्रदान गर्दै आइरहेको छ। भ्रष्टाचार नियन्त्रण एक बहुआयामिक विषय भएको हुँदा यसमा तीनै तहका सरकार र शासकीय प्रणालीमा आबद्ध अन्य क्षेत्रको साथ, समर्थन र सहयोगले महत्वपूर्ण भूमिका खेल्दछ। नेपालको संविधानबमोजिम सार्वजनिक पद धारण गरेका व्यक्तिले निजी स्वार्थका लागि अधिकारको दुरुपयोग गरी भ्रष्टाचार गरेको सम्बन्धमा आयोगले अनुसन्धान तथा तहकिकात गरी दोषी देखिएमा सम्मानित अदालतमा आरोपपत्र दायर गर्ने व्यवस्था रहेको छ। विगत वर्षहरूमा समेत यसै व्यवस्थाबमोजिम नेपाल सरकारलाई सार्वजनिक क्षेत्रको सुधार गरी भ्रष्टाचार निरोध तथा नियन्त्रण गर्न विभिन्न सुझावहरू प्रदान गरिएको थियो। यस परिच्छेदमा विगतमा आयोगले प्रदान गरेका सुझावहरूका सम्बन्धमा नेपाल सरकारका विभिन्न निकायहरूबाट भए/गरेका प्रगतिहरूको संक्षिप्त विवरण एवं अब गर्नुपर्ने सुधारसम्बन्धी सुझावहरू प्रस्तुत गरिएको छ।

## ६.२ विगतका सुझावहरूको कार्यान्वयनको अवस्था

आर्थिक वर्ष २०७६/७७ को तीसौं वार्षिक प्रतिवेदनमार्फत आयोगले विभिन्न आठवटा विषयगत क्षेत्रहरू अन्तर्गत भ्रष्टाचारविरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धिको कार्यान्वयन, सुशासन र सदाचार प्रवर्द्धन, राजस्व चुहावट नियन्त्रण एवं सार्वजनिक वित्तीय क्षेत्रमा सुधार, सार्वजनिक सेवा प्रवाह र सेवाग्राही सरोकारका विषय, सार्वजनिक खरिद तथा आयोजना कार्यक्रम व्यवस्थापन, कृषि, भूमि, वन तथा वातावरण संरक्षण, शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षा, एवं विविध विषयहरूमा संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहहरूलाई ७२ बुँदे सुझाव दिएको थियो । संघीय तथा प्रदेश सरकारका मन्त्रालय र स्थानीय तहहरूले आयोगले दिएका सुझावहरू कार्यान्वयनका सन्दर्भमा आफूले गरेका कामकारबाहीको प्रगति, सुझाव कार्यान्वयन हुन नसक्नुका कारणहरू र आगामी दिनमा सुझाव कार्यान्वयन गर्न चालिने कदमहरूको आंशिक विवरण आयोगलाई प्राप्त भएको छ ।प्रदेश सरकारतर्फ गण्डकी, लुम्बिनी र सुदुरपश्चिम प्रदेशबाट तथा केहि स्थानीय तहहरूबाट मात्र सुझाब कार्यान्वयनको विवरण प्राप्त भएको छ। प्राप्त विवरण अनुसार प्रदेश सरकार तथा स्थानीय तहले तर्जुमा गर्ने कानुनहरू भ्रष्टाचार निवारणमैत्री बनाउँदै लगेका छन् ।सार्वजनिक निकायले कार्यसम्पादनमा अनलाइन तथा बैंकिङ प्रणालीलाई बढावा दिएका छन् । अधिकांश निकायले सूचना अधिकारी तथा कतिपयले सदाचार अधिकारीको व्यवस्था गर्नुले भ्रष्टाचार नियन्त्रणको कदममा प्रगति भइरहेको विश्वास गर्न सकिन्छ । तथापि कतिपय सार्वजनिक निकायले आयोगका सुझाव कार्यान्वयनमा बेवास्ता गर्ने, सुझावलाई गम्भीर रूपमा लिई सम्बोधन नगर्ने, सुझाव कार्यान्वयनको प्रगति विवरण समयमै आयोगलाई उपलब्ध नगराउने जस्ता कमजोरी देखिएका कारण उस्तै प्रकृतिका सुझावहरू पटक-पटक दोहोऱ्याउनुपर्ने अवस्थासमेत रहेको छ । समग्रमा आयोगका सुझाव कार्यान्वयनको अवस्थालाई देहायबमोजिम प्रस्तुत गरिएको छ :-

**संघीय सरकार**

| निकाय | सुझावको संक्षिप्त व्यहोरा | सुझाव कार्यान्वयन अवस्थाको संक्षिप्त विवरण |
|---|---|---|
| अर्थ मन्त्रालय | • कर प्रणालीमा सुधार गर्ने।<br>• रकमान्तर, निकासा र भुक्तानीको सीमा र मापदण्ड पुनरावलोकन गर्ने।<br>• बजेटको प्रभावकारी कार्यान्वयन गर्ने।<br>• अनुदान वितरण प्रभावकारी बनाउने। | • करदाता शिक्षा कार्यक्रम संचालनमा ल्याइएको र करदाताको अभिलेख बायोमेट्रिक प्रणालीमा अद्यावधिक गरिएको।<br>• मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको कार्यक्रमलाई नै स्वीकृत कार्यक्रम र खर्च |

| | | |
|---|---|---|
| | | गर्ने अख्तियारीको रूपमा लिने प्रबन्ध मिलाइएको।<br>• रकमान्तर गर्दा सोही प्रकृतिका आयोजना/कार्यक्रमहरूमा बाहेक अन्यत्र रकमान्तर नगरिने प्रबन्ध गरिएको।<br>• क्रियाकलापमा आधारित बजेट निर्माण प्रणाली अवलम्बन गरिएको।<br>• राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसमा वित्तीय समानीकरण अनुदान र सशर्त अनुदान विनियोजन हुने व्यवस्था गरिएको।<br>• समपूरक अनुदान र विशेष अनुदानका आयोजनाहरू परियोजना बैंकमा सूचीकृत गरी प्राथमिकता, आवश्यकता एवं भौगोलिक सन्तुलनका आधारमा छनौटको प्रबन्ध मिलाइएको। |
| प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय/कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय | • अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ र भ्रष्टाचार निवारण ऐन, २०५९ लाई संशोधन गर्ने।<br>• साक्षी र विशेषज्ञ, पीडित र सूचनादाताको सुरक्षा, स्वार्थको द्वन्द्व नियन्त्रणसम्बन्धी एकीकृत कानुन निर्माण गर्ने तथा समसामयिक सुधार गर्ने । | • अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ र भ्रष्टाचार निवारण ऐन, २०५९ लाई संशोधन गर्न बनेको विधेयक संघीय संसदमा विचाराधीन रहेको।<br>• उजुरीकर्ता, साक्षी वा अनुसन्धानमा संलग्न कर्मचारीको संरक्षणका लागि अनुसन्धान अधिकारीले आवश्यक उपायहरू अवलम्बन गर्नुपर्ने गरी व्यवस्था थप गरिएको ।<br>• नागरिक एप (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०७८ जारी भई कार्यान्वयनमा रहेको। |
| खानेपानी मन्त्रालय | • ठेक्का व्यवस्थापनलाई प्रभावकारी बनाउन कार्यबोझका आधारमा जनशक्ति, बजेट, कानुनी प्रावधानको पालना, म्याद थप, अनुगमन, समन्वय र सहजीकरण आदि गर्ने।<br>• कार्यसम्पादन जमानत, समयबद्ध कार्ययोजना, कार्यप्रगति समीक्षा, ठूलो र जटिल प्रकृतिका ठेक्कामा व्यवस्थापन योजना, गुणस्तर सुनिश्चित योजना, विवाद समाधानका लागि मध्यस्थ/अदालतको व्यवस्था आदिमार्फत ठेक्का सम्झौता गर्ने आवश्यक व्यवस्था मिलाउने। | • खरिद शाखाका कर्मचारीहरूलाई खरिद व्यवस्थापनसम्बन्धी तालिम प्रदान गरिएको,<br>• आयोजनाहरूको कार्यान्वयन गर्दा DPR (Detailed Project Report), वातावरणीय अध्ययन र EMP (Environmental Management Plan? ) तयारीपश्चात मात्र सम्झौताअनुसार नेपाल र दातृ निकायका खरिद कानुनबमोजिम खरिद कार्य सञ्चालन गरिएको तथा यस्ता आयोजनाहरूको नियमित सुपरीवेक्षण र प्रगति समीक्षा गर्ने गरिएको।<br>• निर्माण व्यवसायीले गर्ने कामको डिजाइन परामर्शदाताबाट सुपरीवेक्षण गर्ने तथा त्यसको अनुगमन आयोजना कार्यान्वयन निर्देशनालयबाट गर्ने गरिएको तथा सोको नियमित प्रगति समीक्षा गर्ने गरिएको।<br>• विवाद समाधानको समयमा मध्यस्थ/अदालत समक्ष आवश्यक प्रमाणहरू पेस गर्ने गरी जिम्मेवार अधिकृत तोकिएको। |
| गृह मन्त्रालय | • सुरक्षाकर्मीको सरुवा र बढुवाको वस्तुपरक मापदण्ड बनाई निष्पक्ष रूपमा लागू गर्ने।<br>• तालिममा सदाचारसम्बन्धी विषयवस्तु समेत समावेश गर्ने ।<br>• आन्तरिक अनुगमन तथा नियन्त्रण प्रणाली चुस्त र प्रभावकारी बनाउने । | • सरुवा तथा बढुवासम्बन्धी मापदण्ड तयार भई लागू भएको।<br>• तालिम तथा प्रशिक्षणको पाठ्यक्रममा सदाचारसम्बन्धी विषय समावेश गरिएको।<br>• सीमा नाकामा निगरानीको लागि विभिन्न ८८ |

| | | |
|---|---|---|
| | • आधुनिक उपकरण र प्रविधिको प्रयोग समेतबाट सुरक्षा चेकजाँचलाई प्रभावकारी बनाउने । | स्थानमा २६० थान सिसी क्यामेरा जडान गरिएको ।<br>• सीमा नाकाका विभिन्न १२ स्थानको निगरानी सशस्त्र प्रहरी बल, नेपालको प्रधान कार्यालयबाटै गर्ने व्यवस्था मिलाइएको। |
| परराष्ट्र मन्त्रालय | • भ्रष्टाचारको कसुरमा अनुसन्धान तथा अभियोजनमा पारस्पारिक कानुनी सहायताका लागि सम्बद्ध मुलुकसँग द्विपक्षीय वा बहुपक्षीय सम्झौता गर्ने । | • नेपाल र युएईबीच "Treaty on Mutual Legal Assistance" र "Treaty on Mutual Judicial Assistance in Civil and Commercial Matters" मा हस्ताक्षर गर्न युएई सरकारबाट प्रस्तावित मस्यौदाहरू कानुन, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयमा पठाइएको।<br>• रुसी महासंघ र नेपालको महान्यायाधिवक्ताको कार्यालयबीच पारस्पारिक कानुनी सहायतासम्बन्धी विषय समावेश भएको सहयोग आदानप्रदानसम्बन्धी प्रस्ताव मन्त्रिपरिषदमा पेस भएको । |
| भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | • सरल, सहज र छिटो छरितो रूपमा सेवाग्राहीलाई सेवा उपलब्ध गराउने।<br>• विद्युतीय शासनमा जोड दिने।<br>अभिलेखको सुरक्षा एवं प्रभावकारी व्यवस्थापन गर्ने । | • अधिकांश मातहतका कार्यालयहरूमा क्षतिपूर्तिसहितको नागरिक बडापत्रको प्रबन्ध गरिएको। बाँकी कार्यालयहरूमा सेवाग्राहीले देख्ने स्थानमा नागरिक बडापत्र राखिएको ।<br>• कार्यालयका कागजातमा आधिकारिक कर्मचारीबाहेक अन्यको पहुँचलाई निषेध गरिएको ।<br>• देशैभरको कित्तानापी नक्सालाई डिजिटाइज गरिएको तथा केन्द्रमा डाटाको ब्याकअप राखिएको।<br>• व्यक्ति विशेषको नाममा दर्ता भएको १५०० बिघाभन्दा वढी सार्वजनिक जग्गालाई सरकारी कायम गरिएको। |
| भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | • सफ्टवेयरमार्फत राजस्वको दाखिला गर्ने प्रणाली स्थापित गर्ने ।<br>• ठेक्का व्यवस्थापनलाई प्रभावकारी बनाउने। | • यायायात कार्यालयहरूमा कम्प्युटर प्रणाली मार्फत राजस्व असुल गरी सोही दिन बैंक दाखिला गर्ने गरिएको ।<br>• बागमती प्रदेशबाट अनलाइन प्रणालीमार्फत यातायातसम्बन्धी कर भुक्तानी गर्ने कार्य सुरुवात भएको ।<br>• मन्त्रालय वा अन्तर्गतका निकायहरूमा जनशक्तिको व्यवस्थापन गर्न संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी २०७८ साउनदेखि नयाँ दरबन्दी लागू गरिएको।<br>• बहुवर्षीय खरिद गुरु योजना स्वीकृत र बजेटको सुनिश्चिततापछि मात्र आयोजना सुरु गरिएको ।<br>• बैंकसँग धरौटी आधिकारिता जाँच गरेर मात्र बैंक धरौटी स्वीकार गर्ने गरिएको ।<br>• सार्वजनिक खरिद कानुन र बोलपत्रसम्बन्धी कागजातहरूमा भएको व्यवस्थानुसार मूल्य समायोजन गर्ने गरिएको ।<br>• प्रगति समीक्षा पाक्षिक, मासिक र चौमासिकरूपमा गर्ने गरिएको। |

| | | |
|---|---|---|
| राष्ट्रिय योजना आयोग | • सार्वजनिक खरिद तथा आयोजना/कार्यक्रमको प्रभावकारी व्यवस्थापन गर्ने। | • जग्गा अधिग्रहण तथा मुआब्जा निर्धारणसम्बन्धी एकीकृत राष्ट्रिय नीति मस्यौदा गरी स्वीकृतिको चरणमा रहेको ।<br>• आयोजनाको बहुवर्षीय ठेक्कासम्बन्धी मापदण्ड संशोधन भई लागू भएको। |
| वन तथा वातावरण मन्त्रालय | • राष्ट्रिय वनक्षेत्रको अतिक्रमण रोक्ने गैरकानुनी काठ कटान र तस्करी नियन्त्रण गर्ने तथा वन सिमानाको पर्ती जग्गा संरक्षण गर्ने । | • मन्त्रालय, विभाग तथा सम्बन्धित निकायबाट नियमित अनुगमनको व्यवस्था गरिएको ।<br>• नियमानुसार असुल गर्नुपर्ने राजस्व, कार्यक्रम कार्यान्वयनको समयसीमा-तथा लागत र गुणस्तर सम्बन्धमा सम्बन्धित अधिकारीलाई जिम्मेवार बनाइएको ।<br>• राष्ट्रिय वनक्षेत्रको अतिक्रमण, गैरकानुनी काठ कटान र तस्करी नियन्त्रण गर्न नियमित गस्ती गर्ने व्यवस्था मिलाइएको।<br>• काठ तथा जडीबुटी तस्करीमा संलग्न भएको पाइएमा नियमानुसार कारबाही गर्ने गरिएको। |
| संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | सम्पदाहरूको एकीकृत अभिलेख राख्ने, संरक्षण र सम्भार गर्ने र सम्पदाको संक्षिप्त जानकारी सबैले देख्ने गरी राख्ने व्यवस्था मिलाउने । | • सम्पदाको एकीकृत अभिलेख राख्न पुरातत्व विभागलाई जिम्मेवार बनाइएको।<br>• सम्पदा रहेको स्थलमा संक्षिप्त जानकारी सबैले देख्ने गरी राख्ने व्यवस्था मिलाइएको,<br>• सम्पदाहरूको नियमित संरक्षण र सम्भार गर्ने कार्य भइरहेको। |
| सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | • सार्वजनिक निकायका वेबसाइट, सर्भर, सफ्टवेयरलगायतको व्यवस्थापन, सुरक्षा र क्षमता विकास गर्ने। | • आर्थिक वर्ष २०७६/७७ मा विभिन्न ५१ वटा सरकारी निकायहरूका ८५ वटा Website / Web Portal हरूको Web Security Audit गरी प्रतिवेदन पेस गरेका ।<br>• २५ वटा निकायको GEA(Government Enterprise Architecture) Audit सम्पन्न भएको साथै गरी उक्त निकायका ५० जना कर्मचारीहरूलाई तालिम प्रदान गरिएको।<br>• Artifact Repository र Knowledge Management प्रणालीको निर्माण भएको। |
| सार्वजनिक खरिद अनुगमनको कार्यालय | • ठेक्का व्यवस्थापनलाई प्रभावकारी बनाउन सार्वजनिक खरिदसम्बन्धी अन्य कानुनी प्रावधानहरूलाई कडाइका साथ पालना गर्न लगाउने, मनासिब माफिकको कारणबाट मात्र नियमानुसार म्याद थप गर्ने, सहजीकरण र अनुगमनलाई वस्तुनिष्ठ बनाउने,<br>• कर्मचारीलाई अनुशिक्षण, अभिमुखीकरण र तालिम प्रदान गर्ने, गराउने, कानुनको त्रुटिरहित पालनाका लागि समयानुकूल परिमार्जन गर्दै कार्यान्वयन गर्ने गराउने। | • सार्वजनिक खरिद अनुगमन कार्यालयबाट ऐनबमोजिम नमुना बोलपत्र कागजात परिमार्जन भइरहेको।<br>• सार्वजनिक निकायको खरिद कार्यमा संलग्न हुने कर्मचारीका लागि योग्यता निर्धारण मापदण्ड जारी गरिएको।<br>• ई.पि.सी. माध्यमबाट खरिद गर्ने निर्देशिका नेपाल सरकार मन्त्रिपरिषदबाट स्वीकृत भएको र सो बमोजिम हुने गरी NCB र ICB जारी गरिएको।<br>• सार्वजनिक निकायबाट खरिद प्रक्रियाका विषयमा परामर्श माग हुँदा परामर्श उपलब्ध गराई सहजीकरण गरिएको,<br>• उपलब्ध जनशक्ति र बजेटको परिधिभित्र रही सार्वजनिक खरिदको अनुगमन गर्ने गरिएको<br>• सार्वजनिक खरिद सम्बन्धमा अन्तरक्रिया, |

| | | |
|---|---|---|
| | | अनुशिक्षण र तालिम समेत प्रदान गरिएको। |
| स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | • ठेक्का व्यवस्थापनलाई प्रभावकारी बनाउन राज्यले गर्नुपर्ने ठेक्का सम्झौताहरूको कार्यबोझको आधारमा पर्याप्त रूपमा प्राविधिक जनशक्ति अभिवृद्धि गर्ने । बिना तयारी बोलपत्र आह्वान गर्ने कार्य रोकी पर्याप्त अध्ययनपश्चात मात्र ठेक्का लगाउने र कानुनी प्रावधानहरूलाई कडाइका साथ पालना गर्न लगाउने<br>• महामारी जस्तो असामान्य र असहज परिस्थितिमा पर्याप्त सूचना प्रवाह, निकायगत र तहगत समन्वय तथा जिम्मेवारी र जवाफदेहिता किटान गरी स्वास्थ्य सेवा प्रवाहको व्यवस्था गर्ने । आगामी दिनमा यस्ता महामारीसँग जुँध्न पूर्वाधार र क्षमता विकासमा जोड दिने,<br>• सुलभ र सहज आधारभूत स्वास्थ्य सेवाका लागि सरकारी अस्पताल र स्वास्थ्य संस्थाको गुणस्तर वृद्धि गर्ने,<br>• निजी स्वास्थ्य सेवामा नागरिकको सहज पहुँच बढाउन स्वास्थ्य क्षेत्रलाई नाफामूलक व्यवसयाको रूपमा नभई सेवामूलक क्षेत्रमा रूपान्तरण गर्ने। | • स्वास्थ्य सामग्रीहरूको ठेक्का व्यवस्थापनलाई प्रभावकारी बनाउन औषधीजन्य मालसामानको लागि फर्मासिस्ट र इक्विपमेन्टका लागि बायोमेडिकल इन्जिनियरहरू करारमा भर्ना गरी जनशक्ति थप गरिएको ।<br>• आपूर्ति भएका मालसामानहरूको सम्भव भएसम्म बाह्य निकाय (जनस्वास्थ्य प्रयोगशाला) बाट र सम्भव नभए विभागभित्रकै प्राविधिक कर्मचारीबाट निरीक्षण गराउने गरिएको ।<br>• ठेक्काको म्याद थप, भेरिएसन,जरिवानालगायतका कार्यहरू कानुनी प्रावधानअनुसार नै गर्ने गरिएको।<br>• आपूर्ति गर्ने मालसामानहरूको स्पेसिफिकेसन तयार गरी स्पेसिफिकेसन बैंकमा राखी सार्वजनिक गरिएको।<br>• ठेक्कामा सव-कन्ट्रयाक्टको प्रावधान नभएको जानकारी सुरुमै गराउने गरिएको । निर्माण कार्यको नियमित अनुगमन इन्जिनियरबाट गराउने गरिएको तथा जनशक्ति र मेसिनरी परिचालनको सुनिश्चितता लिने गरिएको।<br>• सातै प्रदेशमा महामारीको अवस्था विश्लेषण गरी सेवा संचालनका लागि तत्काल चाहिने साधन र स्रोतको पहिचान गर्नका लागि उच्चस्तरीय टोली खटाई कार्ययोजना तयार गरी कार्यान्वयन गरिएको।<br>• सातै प्रदेशमा महामारी नियन्त्रणका लागि आवश्यक सहजीकरण गर्न मन्त्रालयमा जिम्मेवार व्यक्ति तोकिएको।<br>• ६,००० थान अक्सिजन सिलिण्डर थप भएको।<br>• ५,५०० थान अक्सिजन कन्सन्ट्रेटरको व्यवस्था गरिएको।<br>• ५ स्थानमा लिक्विड अक्सिजन ट्यांक जडान गरिएको। |
| संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | • भ्रष्टाचार नियन्त्रण तथा सुशासन र सदाचारसम्बन्धी विषयवस्तु स्थानीय तहमा सञ्चालन हुने तालिम कार्यक्रमको पाठ्यक्रममा समावेश गर्न पहलकदमी लिने। | • स्थानीय तहका पदाधिकारीहरू र कर्मचारीहरूको क्षमता विकाससम्बन्धी तालिममा वित्तीय सुशासन, पारदर्शिता, सूचनाको हक, सामाजिक उत्तरदायित्व, सदाचार र नैतिकताजस्ता विषयहरू समेटिएको ।<br>• स्थानीय तहका पदाधिकारीहरू र कर्मचारीहरूको क्षमता विकाससम्बन्धी कार्य तथा सदाचार, सुशासन र भ्रष्टाचार नियन्त्रणलगायतका कार्यसम्पादनसँग सम्बन्धित तालिम सञ्चालन गर्न विभिन्न २२ प्रकारका तालिम मोड्युलहरू तयारी गर्ने काम स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान र प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमको समन्वयमा सम्पन्न गरिएको। |

**प्रदेश सरकार**

| निकाय | सुझावका विषयहरू | सुझाव कार्यान्वयनको अवस्था |
|---|---|---|
| **गण्डकी प्रदेश** | • प्रदेश तहमा तर्जुमा हुने कानुनहरूलाई भ्रष्टाचार नियन्त्रणमैत्री बनाउने ।<br>• कर्मचारीहरूको नियुक्ति तथा सेवासम्बन्धी विषयलाई ऐन एवं कार्यविधिद्वारा व्यवस्थित गरी निष्पक्ष रूपमा योग्य व्यक्ति नियुक्तिको सुनिश्चितता गर्ने । | • प्रदेश सुशासन ऐन र प्रदेश सुशासन नियमावली जारी भएको।<br>• प्रदेश तहका कानुन तर्जुमा गर्दा भ्रष्टाचार नियन्त्रणलाई प्राथमिकता दिइएको।<br>• विभिन्न निकायमा करारमा कर्मचारी भर्ना गर्दा कानुन तथा नियमसम्मत तरिका अवलम्बन गरिएको।<br>• प्रदेश लोकसेवा आयोगबाट विज्ञापनमार्फत पदपूर्तिको प्रक्रिया अगाडि बढेको। |
| | • सार्वजनिक पद धारण गरेका व्यक्तिको सम्पत्तिको यथार्थपरक र वास्तविक विवरणको डिजिटल अभिलेख अद्यावधिक एवं लेखाजोखा हुने व्यवस्था गर्ने।<br>• सफ्टवेयर मार्फत राजस्व दाखिला गर्ने तथा यकिन हुने प्रणाली स्थापित गर्ने। | • राष्ट्रिय सतर्कता केन्द्रबाट विकसित सम्पत्ति विवरण व्यवस्थापन प्रणालीमा पदाधिकारी तथा करारमा रहेका कर्मचारीको सम्पत्ति विवरण अद्यावधिक गर्ने गरिएको।<br>• RMIS प्रणालीमार्फत राजस्व दाखिला गर्न तथा सफ्टवेयर मार्फत राजस्वको यकिन गर्ने प्रयोजनका लागि आवश्यक व्यवस्था गरिएको। |
| | • संघीय सरकारको सहयोग र स्वीकृति लिई वैदेशिक अनुदान र सहयोग लिने।<br>• अनुदान विवरणसम्बन्धी वस्तुपरक मापदण्ड/कार्यविधि बनाई लागू गर्ने<br>• बजेट तर्जुमा दिग्दर्शन/निर्देशिका बनाई लागू गर्ने,<br>• ठेक्का व्यवस्थापनलाई प्रभावकारी बनाउने । | • संघीय सरकारको स्वीकृति लिई वैदेशिक अनुदान तथा सहयोग लिने गरिएको।<br>• बजेट तथा कार्यक्रम कार्यान्वयनसम्बन्धी एकीकृत कार्यविधि जारी गरी अनुदानलाई वस्तुपरक बनाइएको।<br>• प्रदेश तथा स्थानीय तह अनुगमन तथा मूल्यांकन दिग्दर्शन, २०७७ जारी गरी प्रदेश सरकारका निकाय र जिल्ला समन्वय समितिको अनुगमन मूल्यांकनलाई प्रभावकारी बनाइएको।<br>• प्रदेश सार्वजनिक खरिद नियमावली जारी गरी कार्यान्वयनमा ल्याइएको। |

| | सुझावको विषय | सुझाव कार्यान्वयनको अवस्था |
|---|---|---|
| **लुम्बिनी प्रदेश** | • प्रदेश तहमा तर्जुमा हुने कानुनहरू भ्रष्टाचार नियन्त्रणमैत्री बनाउने।<br>• सल्लाहकार तथा सचिवालयका अन्य कर्मचारीहरूको नियुक्ति तथा सेवा शर्तसम्बन्धी विषयलाई ऐन एवं कार्यविधिद्वारा व्यवस्थित गरी निष्पक्ष रूपमा योग्य व्यक्ति नियुक्तिको सुनिश्चितता गर्ने । | • प्रदेश सुशासन ऐन तथा नियमावली निर्माण गरी कार्यान्वयनमा ल्याइएको ।<br>• कानुन निर्माण गर्दा भ्रष्टाचार नियन्त्रणमैत्री बनाउँदै लगिएको।<br>• प्रदेश लोकसेवाबाट कर्मचारी भर्ना प्रक्रियाको सुरुवात गरिएको ।<br>• कर्मचारीहरूको नियुक्ति कार्यविधिबमोजिम हुने गरेको । |
| | • सार्वजनिक पद धारण गरेका व्यक्तिको सम्पत्तिको यथार्थपरक र वास्तविक विवरणको डिजिटल अभिलेख अद्यावधिक एवं लेखाजोखा हुने व्यवस्था गर्ने।<br>• सफ्टवेयरमार्फत राजस्व दाखिला गर्ने तथा यकिन हुने प्रणाली स्थापित गर्ने। | • सम्पत्ति विवरण राष्ट्रिय सतर्कता केन्द्रमा अनलाइन इन्ट्री गरी सम्बन्धित मन्त्रालयहरूमार्फत मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सुरक्षित गर्ने गरिएको ।<br>• RMIS तथा VRS जस्ता सफ्टवेयरहरूको माध्यमद्वारा राजस्व राजस्व दाखिला गर्ने कार्यलाई व्यवस्थित गरिएको। |

| | | |
|---|---|---|
| | • बजेट तर्जुमा दिग्दर्शन/निर्देशिका बनाई लागू गर्ने, ठेक्का व्यवस्थापनलाई प्रभावकारी बनाउने ।<br>• अनुदान वितरणसम्बन्धी बस्तुपरक मापदण्ड र कार्यविधि बनाई लागू गर्ने<br>• पदाधिकारी र कर्मचारीहरूको कार्यप्रणाली र व्यवहार तथा सेवाप्रवाहमा सुधार ल्याउने। | • चालु १५औं योजना, प्रदेशको प्रथम आवधिक योजना तथा मध्यमकालीन खर्च संरचनाको आधारमा बजेट तथा कार्यक्रम तयार गर्ने गरिएको ।<br>• अनुदान वितरणसम्बन्धी वस्तुपरक मापदण्ड र कार्यविधि बनाई लागू गरिएको।<br>• प्रदेश प्रशिक्षण प्रतिष्ठानले जनप्रतिनिधि तथा कर्मचारीलाई तालिम प्रदान गरिरहेको।<br>• सेवाग्राही सन्तुष्टि सर्वेक्षण तथा सञ्चालित कार्यक्रमहरूको प्रभाव मूल्यांकन गरिएको।<br>• गुनासो सुनुवाइको लागि प्रदेश मामिला सूचना केन्द्रको स्थापना गरिएको । |
| | • आयोजना बैंकको अवधारणा लागू गर्ने ।<br>• सामुदायिक वनको व्यवस्थापन तथा सुधारका उपाय अवलम्बन गर्ने।<br>• प्राकृतिक स्रोत साधनको उपयोग एवं संरक्षण गर्न निर्देशिका/कार्यविधि बनाई लागू गर्ने।<br>• कृषिलगायतका क्षेत्रहरूको दोहोरो अनुदानको सुविधा रोक्ने,<br>• कोभिड-१९ पछि कृषि विकासका लागि ठोस योजना बनाई कार्यान्वयनमा ल्याउने। | • प्रदेशको प्रथम पञ्चवर्षीय योजना कार्यान्वयनको क्रममा रहेको।<br>• प्रदेश वातावरण संरक्षण ऐन तथा वातावरण संरक्षण नियमावली कार्यान्वयनमा ल्याइएको।<br>• १ (एक) घण्टामा २० हजार बिरुवा रोप्ने कार्यक्रम सम्पन्न गरिएको।<br>• खानी अन्वेषण र व्यवस्थापनसम्बन्धी ऐन लागू गरिएको।<br>• अनुदानको दोहोरोपन हटाउन अनुदानग्राही विवरणसहित पुस्तिका प्रकाशन गरिएको।<br>• दोहोरो अनुदानलाई निरुत्साहित गर्न कार्यविधि लागू गरिएको।<br>• कोभिड विशेष कृषि कार्यक्रम स्थानीय तहहरूमा वित्त हस्तान्तरणका माध्ययमबाट सम्पन्न भएको। |
| | • महामारीसँग जुँध्न पूर्वाधार र क्षमता विकासमा जोड दिने।<br>• अभिलेखको सुरक्षा र संरक्षण हुने व्यवस्था गर्ने।<br>• योजना, कार्यक्रम छनौट तथा दोहोरो भुक्तानी नहुने गरी कार्यान्वयन गर्ने । | • प्रदेश कोभिड कोषको स्थापना, १७ वटा HDU, १०३ वटा ICU र ५९ थान भेन्टिलेटर तयार गरिएको।<br>• विद्युतीय अभिलेख व्यवस्थापन कार्यलाई अगाडि बढाइएको।<br>• संघ तथा स्थानीय तहहरूसँगको समन्वय र सहकार्यमा आयोजना छनौट तथा कार्यान्वयन गर्ने गरिएको ।<br>• भुक्तानी प्रक्रियालाई विद्युतीय माध्यमबाट हुने प्रबन्ध गरिएको । |

| | सुझावको विषय | सुझाव कार्यान्वयनको अवस्था |
|---|---|---|
| **सुदूरपश्चिम प्रदेश** | • प्रदेश तहमा तर्जुमा हुने कानुनलाई भ्रष्टाचार नियन्त्रणमैत्री बनाउने।<br>• सल्लाहकार तथा सचिवालयका अन्य कर्मचारीहरूको नियुक्ति तथा सेवा शर्तसम्बन्धी विषयलाई ऐन एवं कार्यविधिद्वारा व्यवस्थित गरी निष्पक्ष रूपमा योग्य व्यक्ति नियुक्तिको सुनिश्चितता गर्ने। | • प्रदेश सुशासन ऐन कार्यान्वयन भएको।<br>• यस प्रदेशमा तर्जुमा हुने कानुनहरू भ्रष्टाचार नियन्त्रणमैत्री बनाउँदै लगिएको।<br>• कर्मचारीहरू र अन्य सार्वजनिक पद धारण गरेका व्यक्तिहरूको भर्ना वा नियुक्ति प्रचलित ऐन एवं कार्यविधिद्वारा व्यवस्थित गरी नियुक्ति गर्ने गरेको,<br>• प्रदेश लोकसेवा आयोग गठन भई कर्मचारी भर्ना प्रक्रियामा रहेको । |

| | | |
|---|---|---|
| | • सार्वजनिक पद धारण गरेका व्यक्तिको सम्पत्तिको यथार्थपरक र वास्तविक विवरणको डिजिटल अभिलेख अद्यावधिक एवं लेखाजोखा हुने व्यवस्था गर्ने।<br>• सफ्टवेयरमार्फत राजस्व दाखिला गर्ने प्रणाली स्थापित गर्ने। | • सम्पत्ति विवरण अभिलेख मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा राख्ने गरेको।<br>• बैंकिङ प्रणालीमार्फत राजस्व दाखिला गर्ने गरिएको।<br>• RMIS लागू गरिएको। |
| | • संघीय सरकारको सहयोग र स्वीकृति लिई वैदेशिक अनुदान र सहयोग लिने।<br>• बजेट तर्जुमा दिग्दर्शन/निर्देशिका बनाई लागू गर्ने । | • वैदेशिक अनुदान लिँदा संघीय सरकारको अनुमति लिने गरेको र बजेट प्रणालीमा समावेश गरी खर्च गर्ने गरिएको ।<br>• बजेट तर्जुमा मार्गदर्शन अनुसार गर्ने गरिएको।<br>• MTEF तर्जुमा गरी बजेट तथा कार्यक्रम तय गर्ने गरिएको। |
| | • अनुदान वितरणसम्बन्धी वस्तुपरक मापदण्ड/कार्यविधि बनाई लागू गर्ने,<br>• सेवा प्रवाहमा सुधार ल्याउने ।<br>• ठेक्का व्यवस्थापनलाई प्रभावकारी बनाउने,<br>• कृषकलाई कृषि ऋणमा पहुँच अभिवृद्धि गर्ने।<br>• अभिलेख व्यवस्थापन कार्यलाई चुस्त दुरुस्त राख्ने व्यवस्था मिलाउने । | • अनुदान वितरण मापदण्ड/कार्यविधि बनाई लागू गरिएको,<br>• सेवा प्रवाहको गुणस्तरीयता कायम गर्न प्रादेशिक सुशासन केन्द्रमार्फत कार्यक्रमहरू सञ्चालन भइरहेको।<br>• प्रदेश सार्वजनिक खरिद नियमावली लागू गरिएको।<br>• चौमासिक तथा वार्षिक प्रगति समीक्षा गर्ने गरिएको।<br>• किसानहरूलाई ऋण उपलब्ध गराउन बैंकसँग सम्झौता गरिएको।<br>• अभिलेख व्यवस्थापन गर्न सफ्टवेयरहरू बनाउने बजेट विनियोजन भएको । |

**स्थानीय तह**

| निकाय | सुझावको विषय | सुझाव कार्यान्वयनको अवस्था |
|---|---|---|
| | • स्थानीय तहको अधिकारबमोजिमको कर संकलन सम्बन्धमा आवश्यक कानुनी सुधार गर्ने।<br>• स्थानीय योजना छनोट, कार्यान्वयन, खर्च र आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गर्ने। | • केही स्थानीय तहद्वारा सफ्टवेयरमार्फत राजस्व संकलन गर्ने गरेका।योजनाको छनोट गर्दा सम्पूर्ण चरणहरूमा छलफल र जनसहभागिता बढाइएको।<br>• उपभोक्ता समितिलाई आयोजना संचालन तथा मर्मतसंभारसम्बन्धी अनुशिक्षण दिने गरिएको।<br>• स्थानीय पूर्वाधारका लागि विनियोजित बजेटमा उपभोक्ताको अंश सुनिश्चित गरी उनीहरूकै सहभागितामा कार्यान्वयन गर्ने गरिएको।<br>• स्थानीय तहमा तर्जुमा हुने कानुनहरूलाई भ्रष्टाचार नियन्त्रणमैत्री बनाइएको। |
| | • स्थानीय तहमा कानुनविपरीत कर्मचारी नियुक्ति गर्ने तथा स्वयंसेवक भर्ना बन्द गर्ने। | • स्थानीय तहमा कर्मचारीको दरबन्दीमा पदपूर्तिको लागि लोक सेवा आयोगमा माग गरी लेखी पठाई केही रिक्त पदहरू लोकसेवा आयोगको सिफारिसमा पदपूर्ति गरिएको। |
| | • सार्वजनिक पदधारण गरेका व्यक्तिको सम्पत्तिको यथार्थपरक र वास्तविक अभिलेख राख्ने। | • केही स्थानीय तहहरूमा सार्वजनिक पदधारण गरेका व्यक्तिको सम्पत्तिको यथार्थपरक र वास्तविक अभिलेख राख्ने गरिएको । |
| | • स्थानीय तहबाट वितरण हुने सबै खाले अनुदान पारदर्शी बनाउने। | • अनुदान वितरण प्रभावकारी र नतिजामूलक बनाउन अनुदान वितरणका सबै प्रक्रिया पारदर्शी ढंगले पूरा गर्ने गरिएको। |
| | • जनप्रतिनिधिले पालना गर्नुपर्ने आचरणगत शर्तहरू समेत कानुनमा व्यवस्था गरी कार्यान्वयन गर्ने। | • केही स्थानीय तहद्वारा जनप्रतिनिधिले पालना गर्नुपर्ने आचरण र कार्यहरूको सम्बन्धमा कार्यविधि नै बनाई लागू गरिएको। |
| | • विद्यालयको सम्पत्ति/जग्गाको संरक्षण, आर्थिक | • अधिकांश स्थानीय तहले सार्वजनिक जग्गाको अभिलेख |

| | | |
|---|---|---|
| | पारदर्शीताका लागि लेखा अनुशासन र संस्थागत स्मरणका लागि अभिलेख व्यवस्थित गर्ने। | राखे गरेको।<br>• केही स्थानीय तहद्वारा सफ्टवेयरमार्फत अभिलेख व्यवस्थित गर्ने कार्य सुरुवात गरिएको।<br>• केही स्थानीय तहले विद्यालयको अभिलेख व्यवस्थापन सम्बन्धमा नियमन, अनुगमन र कारबाही पनि गर्ने गरेको। |
| | • सामाजिक सुरक्षा भत्ता बैंकिङ प्रणालीबाट वितरण गर्ने। | • धेरै जसो स्थानीय तहले बैंकिङ प्रणालीबाट सामाजिक सुरक्षा भत्ता वितरण गरिरहेका। |
| | • जटिल आयोजनाहरू उपभोक्ता समितिबाट कार्यान्वयन नगराउने। | • भवन, पुल निर्माणजस्ता जटिल आयोजनाहरू ठेक्कामार्फत गर्ने गराउने अभ्यास गरिएको। |

तीन तहगत सरकार लगायत विभिन्न सार्वजनिक निकायहरूले आयोगले दिएका सुझावहरू कार्यान्वयन गर्न गरेका प्रयत्नहरूले भ्रष्टाचार नियन्त्रण गर्न मद्दत पुगेको छ। कतिपय अवस्थामा स्थानीय तहहरूमा बुझाइमा एकरूपता कायम हुन नसकेका कारण पनि सुधारात्मक उपायहरूले अपेक्षाकृत नतिजा पाउन सकेका छैनन् भने कतिपय निकायहरूले आयोगको सुझाव कार्यान्वयन विवरण उपलब्ध नगराएको र कतिपय निकायले बिलम्ब गरी उपलब्ध गराउनुले सार्वजनिक सेवामा जवाफदेहिताको अवस्थालाई उजागर गरेको छ। निरन्तर संवाद, अन्तरक्रिया र पृष्ठपोषणबाट यी सुधारात्मक उपायहरूले नतिजा देखाउन थाल्नेछन् भन्ने अपेक्षा गरिएको छ । नयाँ संरचना भएकाले स्थानीय तहमा पूर्वाधार, जनशक्ति र अनुभव तथा विशेषज्ञताको व्यवस्थापन गर्नु सुशासनको चुनौतीको रूपमा रहेको देखिएको छ।आयोगले दिएका सुझावहरू पूर्णरूपमा कार्यान्वयन हुन नसक्नुका पछाडि विभिन्न कारणहरू रहेका छन् । मूलतः आयोगले दिएका सुझावहरूलाई प्राथमिकता नदिनु र सुझावहरूको गाम्भीर्यता कार्यान्वयनमा प्रतिबिम्बित नहुनु हो । यसका साथै, भ्रष्टाचार नियन्त्रणमा सरकारी निकायहरूबीच समन्वयको कमी रहेको पाइन्छ । सार्वजनिक निकायले आफ्नै प्रयासमा लागू गर्न सक्ने कतिपय सुझावहरू कार्यान्वयनमा नआउनुको पछाडि आफैं पहल नगर्ने तथा यथास्थितिमा चित्त बुझाउने प्रवृत्ति पनि हावी हुनसक्छ, जुन छुट्टै अध्ययनको विषय बन्न सक्छ । सदाचारको पद्धति संस्थागत हुन नसक्नु, सुझाव कार्यान्वयनमा अर्को टड्कारो समस्याको रूपमा रहेको छ । विशेषगरी स्थानीय तह र प्रदेशहरू नयाँ संरचना भएका हुनाले सुरुवातको अन्योलका कारण सुशासन प्रवर्द्धन गर्न देखिएको चुनौतीले गलत कार्य संस्कार र पद्धति पछिसम्म गढेर बस्न सक्ने जोखिमपूर्ण सम्भावना छ ।स्थानीय तथा प्रदेश संरचनाको पूर्ण व्यवस्थापन, प्रशासनिक संघीयताको परिपक्व कार्यान्वयन तथा आवश्यक कानुन निर्माण र कार्यान्वयन भई सबै तहगत सरकार तथा निकायहरूको निरन्तर प्रयास भइरहेमा भ्रष्टाचार नियन्त्रणमा अपेक्षित नतिजा हासिल हुने विश्वास गर्न सकिन्छ ।

## ६.३ मुलुकमा भ्रष्टाचार नियन्त्रण गरी सुशासन प्रवर्द्धन गर्नका लागि आयोगद्वारा दिइएका सुझावहरू

नागरिकको जीवनस्तर सुधार गरी मुलुकलाई विकासशील राष्ट्रमा स्तरोन्नति गर्नका लागि सदाचारी कार्यसंस्कृति र भ्रष्टाचारको प्रभावकारी नियन्त्रण आवश्यक छ। भ्रष्टाचार नियन्त्रणका लागि एकाधिकार र स्वविवेकीय अधिकारको नियन्त्रण गरी जवाफदेही, पारदर्शी र नतिजामूलक शासकीय एवं प्रशासकीय पद्धतिको विकास र अवलम्बन गर्न जरुरी छ। शासन प्रणालीमा जोडिएका सबै क्षेत्र र नागरिक समाजसमेत सबै क्षेत्रबाट भ्रष्टाचारविरुद्ध ऐक्यबद्धता अभियान र अठोटले मात्र सुशासनतर्फको यात्रामा उल्लेख्य प्रगति हासिल गर्न सकिन्छ।

मुलुकमा भ्रष्टाचारको प्रवृत्ति हेर्दा स्रोतसाधन परिचालन हुने क्षेत्रहरू, विकास आयोजना तथा जनतासँग प्रत्यक्ष सरोकार हुने दैनिक सेवा प्रवाहका क्षेत्रहरू बढी जोखिमयुक्त देखिएका छन्। विशेष गरी राजस्व असुली, सार्वजनिक खरिद, शिक्षा, स्वास्थ्य, वैदेशिक रोजगारी, अध्यागमन, यातायात, मालपोत जस्ता क्षेत्रमा देखिएको भ्रष्टाचारका कारण आर्थिक विकास, पूर्वाधार निर्माण, सार्वजनिक सेवा प्रवाह,आन्तरिक सुरक्षा प्रणाली एवं प्राकृतिक स्रोतसम्पदा संरक्षणमा नकारात्मक प्रभाव परी यसबाट विकास निर्माण र गरिबी न्यूनीकरणका प्रयासहरूमा गम्भीर असर पारेको छ। भ्रष्टाचारबाट आर्जित शंकास्पद सम्पत्तिको सामाजिक रूपमा निरुत्साहन हुन नसक्नु, यस्ता व्यक्तिले आफ्नो गल्ती कमजोरी लुकाउनका लागि देखावटीरूपमा केही लगानी गरी उल्टै समुदायबाट प्रशंसा

पाउने जस्ता अवस्थाले समेत जुनसुकै तरिकाबाट सम्पत्ति आर्जन गरे पनि हुन्छ भन्ने गलत धारणा विकास हुन मद्दत पुगेको छ।

भ्रष्टाचार बहुआयामिक स्वरूपको हुने हुँदा शासनका सबै पक्षहरूको सहकार्य, दृढ इच्छाशक्ति र प्रतिबद्धताले मात्र यसको नियन्त्रण सम्भव हुन्छ। भ्रष्टाचार नियन्त्रण गरी सदाचारी संस्कृतिको विकास गर्न संघ, प्रदेश र स्थानीय तह एवं मातहतका निकायहरूका सबै पदाधिकारी र कर्मचारीहरूले कार्यपद्धतिमा पारदर्शिता र जवाफदेहिता, जीवनशैलीमा सरलता र नैतिकता एवं नेतृत्वमा रोल मोडल भई कार्य गर्ने प्रतिबद्धता हुनु अत्यावश्यक छ । सरकारी, गैरसरकारी र निजी क्षेत्र तथा नागरिक समाजलगायत सबै क्षेत्रबाट आफूमा शुद्धता र जिम्मेवारितासहित सरकारका कार्यमा निरन्तर खबरदारीका साथै ढृढ साथ, समर्थन र सहयोगको आवश्यकता पर्दछ।

यस खण्डमा आयोगबाट मुलुकमा दिगो शान्ति, विकास, समृद्धि र सुशासनमा योगदान पुऱ्याउन भ्रष्टाचारजन्य क्रियाकलापलाई निरुत्साहित गर्दै सदाचार संस्कृतिको प्रवर्द्धन गरी भ्रष्टाचारमुक्त समाज स्थापना गर्ने दृष्टिले संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहका साथै अन्तरनिकाय र अन्तरतहसँग सम्बन्धित देहायबमोजिमका सुझावहरू प्रस्तुत गरिएका छन् । आयोगबाट प्रस्तुत सुझावहरू मूलतः समाजबाट भ्रष्टाचारलाई अस्वीकार गर्ने संस्कृतिको विकास गर्ने, भ्रष्टाचार गर्ने अवसर घटाई भ्रष्टाचार हुन नदिने पद्धति स्थापना गर्ने र सार्वजनिक पदाधिकारी एवं कर्मचारीहरूलाई आफ्नो कामप्रति जवाफदेही बनाउने दिशातर्फ लक्षित रहेका छन् ।

| सुझाव | सम्बद्ध निकाय |
|---|---|
| **क. भ्रष्टाचारविरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धि (UNCAC, 2003) को कार्यान्वयनसम्बन्धी** | |
| १. **UNCAC, 2003 को कार्यान्वयनका लागि हालसम्मको प्रगतिको मूल्यांकन गर्दै आगामी कार्यदिशा तय गर्ने, राष्ट्रिय रणनीति तथा कार्ययोजना, २०६९ लाई संघीय इकाइहरूको भूमिका समेत स्पष्ट हुने गरी परिमार्जन गर्ने तथा भ्रष्टाचारको अनुसन्धान तथा अभियोजनमा पारस्परिक कानुनी सहायता आदानप्रदान गर्ने गरी भएका सम्झौताको मूल्यांकन गरी थप सुधार गर्नेः-**<br>क. महासन्धि कार्यान्वयन कार्ययोजना अनुसारको प्रगति र प्रभावको मूल्यांकनका आधारमा भ्रष्टाचार अनुभूति सूचकांकको लक्ष्य हासिल गर्ने गरी आगामी कार्यदिशा तय गर्ने।<br>ख. मुलुक संघीय प्रणालीमा गइसकेको सन्दर्भमा महासन्धिको कार्यान्वयनसम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना, २०६९ लाई संघीय इकाइहरूको भूमिका समेत स्पष्ट हुने गरी परिमार्जन गर्ने ।<br>ग. भ्रष्टाचारको अनुसन्धान तथा अभियोजनमा पारस्परिक कानुनी सहायता आदानप्रदान गर्ने गरी सम्बद्ध मुलुकसँग भएका द्विपक्षीय वा बहुपक्षीय सम्झौता कार्यान्वयनको मूल्यांकन गरी प्रभावकारी कार्यान्वयनको व्यवस्था मिलाउने।<br>घ. नेपाल राष्ट्र बैंकको वित्तीय जानकारी इकाइ (FIU) को भूमिकालाई प्रभावकारी बनाई सम्बद्ध मन्त्रालय र निकायगत कार्यएकता कायम गरी निकायगत तथा लक्षित प्रगति हासिल गर्ने।<br>ङ अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ र भ्रष्टाचार निवारण ऐन, २०५९ लाई संशोधन गर्दा एवं साक्षी र विशेषज्ञ, पीडित र सूचनादाताको सुरक्षासम्बन्धी कानुन र स्वार्थको द्वन्द्व नियन्त्रणसम्बन्धी एकीकृत कानुन तर्जुमा गर्दा महासन्धिका प्रावधानहरूको कार्यान्वयन, भ्रष्टाचार नियन्त्रणमा संघ प्रदेश र स्थानीय तहको भूमिका ,भ्रष्टाचारका परिवर्तित स्वरूप र प्रवृत्ति ,भ्रष्टाचार निवारणका राष्ट्रिय प्रयासहरू तथा अन्तर्राष्ट्रिय अभ्यासहरू समेत समेट्ने। | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय/ कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय/ अर्थ मन्त्रालय/गृह मन्त्रालय/ महान्यायाधिवक्ताको कार्यालय/ प्रदेश सरकार/स्थानीय तह |
| २. **निजी क्षेत्रको भ्रष्टाचारलाई समेत कानुनको दायरामा ल्याउने, विद्यालयस्तरीय पाठ्यक्रममा सुशासन प्रवर्द्धनसम्बन्धी विषय समावेश गर्ने तथा राष्ट्रसेवक कर्मचारीका लागि पर्याप्त पारिश्रमिक लगायतका सुविधा उपलब्ध गराउनेः-**<br>क. भ्रष्टाचारविरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धिको धारा २१ ले गरेको सिफारिसलाई कार्यान्वयन गर्न निजी ,व्यावसायिक तथा गैरसरकारी क्षेत्रमा हुने भ्रष्टाचारलाई फौजदारी अपराधको रूपमा दण्डनीय वनाउने एवं त्यस्ता कार्यहरूको अनुसन्धान तथा अभियोजन गर्ने जिम्मेवार निकाय तोक्ने कानुनी व्यवस्था गर्ने। सूचना प्रविधि प्रणालीमार्फत यस्ता क्षेत्रका | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय/ अर्थ मन्त्रालय/शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय/प्रदेश सरकार तथा |

| | |
|---|---|
| अभिलेख अद्यावधिक गर्दै पारदर्शिता कायम गर्ने/गराउने।<br>ख. भ्रष्टाचारविरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धिको धारा १३ को सिफारिसबमोजिम भ्रष्टाचार नियन्त्रण ,सुशासन तथा सदाचार प्रवर्द्धनमा समाजको सहभागिता अभिवृद्धि गर्न विद्यालय तथा विश्वविद्यालयका पाठ्यक्रमहरू ,नागरिक शिक्षा एवं प्रचार प्रसारका सामग्रीहरू , सार्वजनिक तालिम प्रदायक संस्थाहरूका तालिम पठ्यक्रमहरू समेतमा भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धनसम्बन्धी विषयवस्तुहरू समावेश गर्ने ।<br>ग. भ्रष्टाचारविरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धिको धारा ७ को उपधारा १ (ग) तथा निजामती सेवा ऐन २०४९ को दफा २७ को उपदफा १(ख) को व्यवस्था कार्यान्वयन गर्दै पर्याप्त पारिश्रमिक व्यवस्था र तलबमानमा वृद्धि गर्ने लगायत आवास, शिक्षा, स्वास्थ्य उपचार जस्ता सुविधाको व्यवस्था गर्ने। | स्थानीय तह |
| **ख. सुशासन र सदाचार प्रवर्द्धनसम्बन्धी** | |
| ३. **उच्च पदस्थ व्यक्तिहरू तथा सार्वजनिक नेतृत्वमा रहनेले कार्य सम्पादन गर्दा आफूलाई सदाचारिता, अनुशासित र नैतिक आचरणयुक्त आदर्श नेतृत्व** (Role Model) **को रूपमा प्रस्तुत गर्नुपर्ने :-**<br>क. स्वार्थको द्वन्द्व निवारण (Conflict of Interest) सम्बन्धी स्पष्ट मापदण्ड एवं सजायको व्यवस्थासहितको कानुन निर्माण गरी लागू गर्ने।<br>ख. राजनीतिक नियुक्ति हुनुअघि र पदाधिकार सकिएपछि अनिवार्य सम्पत्ति विवरण सार्वजनिक गर्नुपर्ने गरी कानूनी व्यवस्था गर्ने।<br>ग. सार्वजनिक नेतृत्व वर्ग तथा उच्चपदस्थ व्यक्तिले पेस गरेको सम्पत्ति विवरणको स्वायत्त एवं सक्षम निकायबाट Audit र कानुनबमोजिम सम्पत्ति विवरण पेस गर्नुपर्ने अन्य व्यक्तिहरूले पेस गरेको सम्पत्ति विवरणको Sampling Basis मा Audit गर्ने कानुनी व्यवस्था मिलाउने ।<br>घ. सम्पत्ति विवरण पेस गर्ने कार्यमा सरलीकरण गर्न निश्चित तह/श्रेणीभन्दा तलका कर्मचारीलाई पाँच-पाँच वर्षमा सम्पत्ति विवरण पेस गर्न सकिने गरी कानुन परिमार्जन गर्ने।<br>ङ. कानुनी, प्रविधिगत तथा संस्थागत प्रबन्ध गरी सुरक्षित सफ्टवेयर (Encryption) विधिसमेत अपनाई सम्पत्ति विवरण भर्ने र सोको डिजिटल अभिलेख अद्यावधिक गर्ने व्यवस्था मिलाउने।<br>च. मन्त्री, संवैधानिक निकायका प्रमुख, सचिव, विभागीय प्रमुख तथा कार्यालय प्रमुखले सार्वजनिक कार्यसम्पादनको क्रममा गरेका निर्णयहरू नियमितरूपमा सार्वजनिक गरी उत्तरदायित्व प्रवर्द्धन गर्नुपर्ने। | **प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय/ संवैधानिक निकाय** |
| ४. **नेपाल सरकार मन्त्रिपरिषद्बाट गरिने नीतिगत निर्णयको स्पष्ट व्याख्या गर्ने प्रचलन गर्नुपर्ने:-**<br>क. व्यक्तिगत वा समूहगत स्वार्थ रहेका सार्वजनिक खरिद जस्ता विषयसमेत मन्त्रिपरिषद्मा पेस गरी निर्णय गर्ने कार्यलाई निरुत्साहित गर्न मन्त्रिपरिषद्मा पेस गरिने नीतिगत निर्णयहरूको स्पष्ट परिभाषा र व्याख्या एवं मन्त्रिपरिषद्ले गर्ने कस्ता निर्णयहरू नीतिगत हुने भन्ने सीमा निर्धारण गर्ने कानुनी व्यवस्था गर्ने। | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| **५. विद्यमान खर्चिलो निर्वाचन पद्धतिमा सुधार गर्ने:-**<br>क. निर्वाचनमा भाग लिने पदाधिकारीले उमेदवारी दिंदा नै अनिवार्य सम्पत्ति घोषणा (Declaration) गर्नुपर्ने गरी कानूनी व्यवस्था मिलाउने ।<br>ख. राजनीतिक दलको कोष तथा निर्वाचनका उम्मेदवारको कोषमा हुने आयव्ययलाई अनिवार्य बैंकिङ प्रणालीसँग आबद्ध गरी पारदर्शिता कायम गर्ने ।<br>ग. वडास्तरदेखि प्रतिनिधिसभाको निर्वाचनसम्म प्रचारप्रसार, कार्यकर्ता परिचालनजस्ता क्षेत्रमा अत्यधिक खर्च गर्ने प्रवृत्ति नियन्त्रण गर्न रचनात्मक व्यवस्थाहरू गर्ने।<br>घ. राजनीतिक दलहरूलाई निश्चित मापदण्ड बनाई राज्यले नै आर्थिक तथा भौतिक सहयोग उपलब्ध गराउने।<br>ङ. चन्दा, दान, उपहार जस्ता कार्यहरूको परिमाणसमेत खुल्ने गरी लिने/दिने व्यक्ति, फर्म, निकाय, | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br><br>निर्वाचन आयोग |

| | |
|---|---|
| दल तथा सोको उपयोगको क्षेत्र लगायतका विवरणहरू सार्वजनिक गरी पारदर्शिता कायम हुने व्यवस्था मिलाउने। | |
| ६. **सार्वजनिक निकायमा हुने भ्रष्टाचार नियन्त्रणमा उक्त निकायका प्रमुखलाई उत्तरदायी बनाउनेः-**<br>क. संघीय तथा प्रादेशिक मन्त्रालय, विभाग, कार्यालय तथा स्थानीय तहमा हुने भ्रष्टाचार नियन्त्रणको मुख्य दायित्व तत्-तत् निकायका प्रमुखको हुने गरी सुशासन ऐन तथा क्षेत्रगत कानुनहरू परिमार्जन गर्ने।<br>ख. मातहतका कर्मचारीहरूबाट हुने अनियमितता, दुरुपयोग, अनुशासन उल्लंघन जस्ता कार्यमा विभागीय/कार्यालय प्रमुखले नियन्त्रण गर्न नसके निज स्वयंसमेत उत्तरदायी हुनुपर्ने कानुनी व्यवस्था मिलाउने।<br>ग. Whistleblowers' Protection Act तर्जुमा गरी लागू गर्ने। | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय/सम्वद्ध मन्त्रालयहरू |
| ७. **अनुचित कार्यलाई छानबिन, अनुसन्धान तथा कारबाहीको दायरामा ल्याई नियन्त्रण गर्नेः-**<br>क. भ्रष्टाचार र अनुचित कार्य एक अर्कामा अन्योन्याश्रितरूपमा सम्बन्धित रहेको, पृथकरूपमा हेर्न नमिल्ने र एउटाको अनुसन्धान गर्दै जाँदा अर्को पहिचान हुनसक्ने विषय भएको हुँदा गम्भीर प्रकृतिका अनुचित कार्यलाई परिभाषित गरी भ्रष्टाचारको दायरामा समेट्न कानुनमा अविलम्ब संशोधन गर्ने।<br>ख. अनुचित कार्यको प्रभावकारी छानबिन र कारबाही गर्ने जिम्मेवार निकाय र पदाधिकारी तोक्ने गरी स्पष्ट कानुन, कार्यविधि र संयन्त्रको व्यवस्था गर्ने। | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| ८. **प्रदेश तथा स्थानीय तहका कानुनहरूको सुदृढीकरण गर्नेः-**<br>क. प्रदेश तथा स्थानीय तहका कानुनहरूको तर्जुमा तथा पुनरावलोकनमा सघाउनका लागि सक्षम संयन्त्र विकास गरी त्यस्ता कानुनहरूमा स्थापित विधि, प्रक्रिया र मापदण्ड कायम गरी स्पष्टता, एकरूपता तथा कार्यान्वयनयोग्यता सुनिश्चित गर्ने।<br>ख. संघीय कानुन निर्माण गरी आधार, मापदण्ड जस्ता विषय नतोकिंदा प्रदेश तथा स्थानीय तहका कतिपय कानुन तथा कार्यविधिहरू निर्माण हुन नसकी काम कारबाही अवरुद्ध भएको हुँदा यस्ता संघीय कानुनहरू प्राथमिकताका साथ निर्माण गर्ने । | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय/सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय |
| ९. सार्वजनिक क्षेत्रमा देखिएको सदाचारिता तथा नैतिक आचरणको विचलनलाई रोक्न संघीय शासन प्रणाली अनुरूप तीनै तह समेटिने गरी राष्ट्रिय सदाचार नीति तर्जुमा गरी लागू गर्ने। | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| ग. राजस्व चुहावट नियन्त्रणलगायत सार्वजनिक वित्तीय क्षेत्रसम्बन्धी | |
| १०. **राजस्व चुहावट नियन्त्रण गर्ने, कर छुट र मिनाहा दिने प्रवृत्ति बन्द गर्नेः-**<br>क. आयात-निर्यात लगायतका सम्पूर्ण आर्थिक क्रियाकलापलाई अनिवार्य रूपमा बैंकिङ प्रणालीमा आबद्ध गर्ने व्यवस्था मिलाउने।<br>ख. कारोबारअनुसारको क्रियाकलापलाई करको दायरामा ल्याउने, नेपाल सरकारलाई हानि नोक्सानी र अन्य निकाय वा व्यक्तिलाई गैरकानुनी लाभ हुने गरी कर छुट वा मिनाहा दिने प्रवृत्तिलाई निरुत्साहन गर्ने, कर छल्नेलाई कारबाहीको दायरामा ल्याउने।<br>ग. राजस्व चुहावट रोक्नका लागि सबै आर्थिक कारोबारलाई सफ्टवेयर प्रणालीमा आबद्ध गरी अनुगमन ढाँचा तयार पारी कार्यान्वयनमा ल्याउने।<br>घ. गैरकर राजस्वअन्तर्गत शुल्क निर्धारणको मापदण्ड पारदर्शी रूपमा तयार गरी लागू गर्ने, राजस्व चुहावट नियन्त्रणका लागि सबै पालिकाहरूले बैंकिङ प्रणाली र सफ्टवेयर प्रणालीलाई अनिवार्य उपयोग गरी प्रतिवेदन गर्ने व्यवस्था मिलाउने।<br>ङ. मूल्य अभिवृद्धि करलाई राष्ट्रिय कराधारको रूपमा विकास गर्न बिलिङ प्रणालीमा सुधार गरी सम्पूर्ण कारोबारलाई क्रमशः CBMS (Central Billing Monitoring System) प्रणालीमा आबद्ध गर्ने । | अर्थ मन्त्रालय/ प्रदेश सरकार र स्थानीय तहसमेत |

| | |
|---|---|
| च. मूल्य अभिवृद्धि करतर्फ बढ्दो क्रेडिट विवरण, घट्दो डेबिट विवरण, शून्य विवरण तथा विवरण नदिने करदाताउपरको निगरानी बढाउने गरी राजस्व प्रशासनको क्षमता अभिवृद्धि गर्ने ।<br>छ. मूल्य अभिवृद्धि कर फिर्ता पद्धतिलाई पारदर्शी बनाउने ।<br>ज. करको दरलाई समतामूलक बनाई दायरा विस्तार गर्ने तथा कर प्रक्रियालाई सरल बनाई कर सहभागिताको लागत घटाउन आवश्यक प्रबन्ध गर्ने।<br>झ. मालवस्तुको घोषणा गर्दा दरबन्दी फरक पर्ने गरी घोषणा गरी भन्सार राजस्व छली गर्ने प्रवृत्ति नियन्त्रण गर्ने, परिमाण फरक पर्ने र पार्ने प्रवृत्ति नियन्त्रण गर्ने ।<br>ञ. राजस्व छली हुने जोखिम क्षेत्र पहिचान गरी नियन्त्रण गर्ने।<br>ट. अन्तशुल्क चुहावटलाई नियन्त्रण गर्न यान्त्रिकीकरण पद्धतिको विकास गर्ने ।<br>ठ. अन्तशुल्क स्टिकर आदिको दुरुपयोग वा अनाधिकृत उत्पादन र प्रयोग नियन्त्रण गर्ने ।<br>ड. आर्थिक ऐन/अध्यादेश जारी गर्दा करका दरमा हुने परिवर्तनको सूचना चुहावट गर्ने अपराध हुन नदिन अर्थ मन्त्रालयका जिम्मेवार पदाधिकारी र कर्मचारीले बजेट तर्जुमा अवधिभर पालना गर्नुपर्ने आचारसंहिता निर्माण गरी कडाइका साथ पालना गर्ने व्यवस्था मिलाउने। | |
| ११. **कार्यक्रम सञ्चालन गर्दा सार्वजनिक कोषको सदुपयोग गर्ने तथा औचित्यपूर्ण अनुगमन र नियन्त्रण गर्ने व्यवस्था मिलाउने :**<br>क. सार्वजनिक कार्य गर्दा प्राथमिकता प्राप्त कार्यक्रमहरू निर्धारण गरी ती कार्यक्रमहरू सञ्चालन गर्दा मापदण्डबमोजिम सार्वजनिक तथा स्थानीय कोषको दुरुपयोग नहुने व्यवस्था सुनिश्चित गर्ने। यसका लागि चौमासिक प्रगति प्रतिवेदन तयार पारी सार्वजनिकसमेत गर्ने व्यवस्था गर्ने।<br>ख. स्थानीय तह र प्रदेश सरकारबाट विभिन्न व्यक्ति तथा संघसंस्थालाई प्रदान गरिने आर्थिक सहायताको पारदर्शी मापदण्ड बनाउने तथा सहायता मागको औचित्य र आवश्यकता निर्धारणका सूचकहरू समेत मापदण्डमा समावेश गरी सोहीअनुसार अनुगमन गर्ने। यसरी गरिएको अनुगमन प्रतिवेदनसमेत सरोकारवाला सबैले थाहा पाउने गरी सार्वजनिक गर्ने।<br>ग. प्रचलित कानुन र मापदण्डविपरीत तथा गलत सिफारिसका आधारमा कुनै पनि निर्माण कार्यको भुक्तानी हुन नदिन एवं राजस्व चुहावट र हिनामिना हुन नदिन स्थानीय तहको अनुगमन मूल्यांकन समितिलाई क्रियाशील बनाउने तथा समितिको प्रतिवेदनलाई सार्वजनिक गर्ने व्यवस्था गर्ने। | अर्थ मन्त्रालय / प्रदेश सरकार र स्थानीय तह |
| १२. **निकासी/पैठारी मापदण्ड तथा कारोबारको अभिलेखांकन व्यवस्थित गरी कारोबारलाई सूचना प्रविधिमैत्री बनाउनेः-**<br>क. आयात निर्यातजन्य कारोबारलाई व्यवस्थित बनाउन फर्म दर्ता, एक्जिम कोड तथा निकासी-पैठारीका लागि अन्तर्राष्ट्रिय मापदण्डअनुरूपका अन्य आवश्यक विवरणहरूको अनिवार्य उपयोगको व्यवस्था मिलाउने,<br>ख. सबै खाले आयात/निर्यातजन्य कारोबारहरूलाई डिजिटाइज्ड र अनलाईन गरी अनुगमनयोग्य बनाउन सफ्टवेयर प्रणालीमा आबद्ध गर्ने। | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय/ गृह मन्त्रालय/ प्रदेश सरकार र स्थानीय तह |
| १३. **बजेट स्वीकृति र खर्च व्यवस्थापन नियमानुसार गर्ने तथा कानुनबमोजिम गठित विभिन्न समितिहरूलाई क्रियाशीलता बढाउनेः-**<br>क. बजेट तर्जुमा दिग्दर्शनको अनिवार्य कार्यान्वयन गर्ने, प्रदेश योजनाहरू छनौटमा पारदर्शिता कायम गर्न मापदण्ड तर्जुमा र कार्यान्वयन गर्ने, जिल्लाभित्रका सबै विकास निर्माण क्रियाकलापहरूको जिल्ला समन्वय समितिले अनुगमन गर्ने, बजेट निकासा, रकमान्तर र शीर्षकान्तर गर्ने विषयमा समेत स्पष्ट आधार, विधि र मापदण्ड तयार गरी लागू गर्ने।<br>ख. प्रदेश सरकार र स्थानीय तहले संविधान र कानुनबमोजिम समयमा नै सभाबाट बजेट स्वीकृत गरी/गराई मात्र खर्च गर्ने।<br>ग. राजस्व परामर्श, विधायन, लेखा, आर्थिक, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण, सुशासन तथा अनुगमन समितिहरू क्रियाशील बनाउने,<br>घ. स्थानीय तहहरूले संविधान र कानुनबमोजिम समयमै वार्षिक बजेट तथा कार्यक्रम स्वीकृत गर्ने, मध्यमकालिक खर्च संरचना अनिवार्य कार्यान्वयनमा ल्याउने, क्षेत्रगत योजना, विकास आयोजना र कार्यक्रमबारे सभाद्वारा स्थानीय नीति पारित गरी लागू गर्ने, पालिकास्तरीय वार्षिक योजना तर्जुमा | प्रदेश सरकार र स्थानीय तह |

| | |
|---|---|
| गरी कार्यान्वयन गर्ने,<br>ङ. संविधान र मौजुदा कानुनको आधारमा स्थानीय करको दर तथा अन्य शुल्क निर्धारण गर्दा स्थानीय तहमा कर/शुल्क तिर्न सक्ने क्षमता, उपयुक्त वस्तुगत मापदण्ड जस्ता आधार लिई कर प्रणालीमा सुधार गर्ने।<br>च. स्थानीय तहहरूले विनियोजन ऐनमा स्पष्ट कानुनी व्यवस्था गरेर मात्र बजेट खर्च गर्ने व्यवस्था मिलाउने । तोक आदेश मात्रका भरमा खर्च गर्ने प्रवृत्ति अन्त्य गर्ने। | |
| **घ. सार्वजनिक सेवाप्रवाह र सेवाग्राही सरोकारका विषयसम्बन्धी** | |
| **१४. स्थानीय तहको संस्थागत सुदृढीकरण तथा स्थानीय सुशासन प्रवर्द्धन गर्ने:-**<br>क. स्थानीय तहमा आवश्यक संख्यामा प्राविधिक कर्मचारी, सार्वजनिक खरिदसम्बन्धी कर्मचारी, लेखासम्बन्धी कर्मचारीसहित दरबन्दी अनुरूपका कर्मचारी पूर्ति हुने व्यवस्था मिलाउने।<br>ख. स्थानीय जनप्रतिनिधि र कर्मचारीलाई स्थानीय तहका जिम्मेवारी सम्पादन, नागरिकमैत्री व्यवहार, नतिजामूलक कार्यसम्पादन सीप, भ्रष्टाचार नियन्त्रणका उपाय जस्ता विषयमा प्रभावकारी तालिम, प्रशिक्षण प्रदान गर्ने प्रबन्ध मिलाउने।<br>ग. स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान र प्रदेश सुशासन केन्द्रजस्ता संस्थाको क्षमता विकास तथा पाठ्यक्रम, तालिम विधिमा परिमार्जन गरी तिनीहरूलाई मूलभूत रूपमा प्रदेश र स्थानीय तालिम प्रदायक निकायको रूपमा विकास गर्ने।<br>घ. जिल्ला समन्वय समितिको क्षमता अभिवृद्धि गरी स्थानीय विकास निर्माण, सेवा प्रवाह र जिल्लाको सन्तुलित विकासको अवस्थाको अनुगमन, मूल्यांकन तथा अध्ययन-अनुसन्धान गर्ने सक्षम निकायको रूपमा विकास गर्ने। | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय/ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय/प्रदेश सरकार/स्थानीय तह |
| **१५. सेवामा प्रभावकारिता, कर्मचारीमा मनोबल र उत्पादकत्व वृद्धि गर्ने:-**<br>क. सेवाग्राहीको बढी चाप हुने मालपोत, नापी, यातायात, वैदेशिक रोजगार, जिल्ला प्रशासन, नगरपालिका, गाउँपालिका कार्यालयलगायतका निकायहरूको सेवालाई क्रमशः अनलाइन सेवामा रूपान्तरण, सेवाग्राही सहायता कक्षको स्थापना र विस्तार, कार्यप्रणालीमा सुधार, प्रक्रिया सरलीकरण, निवेदन/फारमहरूको सरलीकरण, बिचौलियाको प्रवेशमा रोक, पर्याप्त कर्मचारीद्वारा कार्य सहजीकरण, **CCTV** जडान, अडियो सहितको Digital नागरिक बडापत्र, गुनासो सम्बोधन संयन्त्रको विकास र अग्रपंक्तिका (Frontline) कर्मचारीको सेवामैत्री व्यवहारमा सुधार गर्दै निरन्तर निगरानी गर्ने । यसतर्फको प्रगति तालुक निकायले चौमासिक रूपमा लिई उल्लिखित विषयहरूको अनिवार्य पालना हुने व्यवस्था मिलाउने।<br>ख. सबै सार्वजनिक संगठनले पदाधिकारी तथा कर्मचारीको लागि आचारसंहिता तर्जुमा गरी लागू गर्ने ।<br>ग. आचरण उल्लंघन गर्ने कर्मचारीमाथि विभागीय सजाय गरी हरेक आर्थिक वर्षमा सार्वजनिक गर्ने व्यवस्था मिलाउने ।<br>घ. कर्मचारीहरूको पदस्थापन र सरुवालाई अनुमानयोग्य बनाउन मापदण्डसहित कानुनमा परिमार्जन गरी कार्यान्वयन गर्ने गराउने ।<br>ङ. ट्रेड युनियनका पदाधिकारीहरूको पदीय आचारसंहिता तयार गरी लागू गर्ने र उनीहरूले पदको जिम्मेवारी अनुरूपको अनिवार्य सेवा गर्ने व्यवस्था मिलाउने।<br>च. सम्पूर्ण सार्वजनिक निकायहरूमा कार्यजिम्मेवारीका आधारमा दरबन्दी संरचना पुनरावलोकन, समानुपातिक ढंगले स्रोतसाधनको विनियोजन, अवसरमा एकरूपता र कार्यबोझका आधारमा प्रोत्साहन सुविधा (Incentives) समेतको व्यवस्था गरी कार्यालयहरू बीच रहेको आकर्षक र अनाकर्षकको विभेद हटाउने ।<br>छ. स्थानीय तहबाट समयमै बजेट पेस गर्ने, कार्यविधि पालना गरी सहभागितामूलक ढंगले बजेट तर्जुमा गर्ने, सामाजिक उत्तरदायित्वका औजारहरू (सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण र सार्वजनिक परीक्षणलगायत) को प्रयोगमा एकरूपता र प्रभावकारिता र अनिवार्यता हुने गरी कानुनी प्रबन्ध गर्ने । | संघीय मामिला तथा समान्य प्रशासन/ श्रम तथा रोजगार/ भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण/ ऊर्जा/ गृह/ अर्थ/ भौतिक पूर्वाधार तथा यातायात/ खानेपानी/ सहरी विकास मन्त्रालय /प्रदेश सरकार /स्थानीय तह |

| | |
|---|---|
| १६. **विद्युतीय शासनको अधिकतम अभ्यास गरी सुशासन प्रवर्द्धन गर्नेः-**<br>क. विद्युतीय भुक्तानी प्रणालीबाट सबै प्रकारका कर तथा गैरकर राजस्व तिर्नसक्ने व्यवस्था मिलाउने।<br>ख. विद्युतीय सेवा सञ्चालन गरेका कार्यालयको विद्युतीय प्रणालीको सुरक्षा, डाटा सुरक्षा जस्ता पक्षको Audit गरी तालुक निकायले दुरुस्त रहेको निश्चित गर्ने।<br>ग. सबै सार्वजनिक निकायले आफूले प्रवाह गर्ने सेवाहरूको प्रक्रिया, आवश्यक पर्ने कागजात, लाग्ने शुल्क र अवधिको जानकारी अनिवार्यरूपले वेबसाइटमार्फत समेत सार्वजनिक गर्ने। | अर्थ/ भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण/ भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय/ स्थानीय तह |
| १७. **उपभोक्ता हित प्रतिकूल हुने गतिविधिहरू नियन्त्रण गर्नेः-**<br>क. उपभोग्य वस्तु तथा निर्माण सामग्रीको Labeling सम्बन्धी प्रावधानहरूको कार्यान्वयन अवस्थाको नियमित अनुगमन गरी दोषीमाथि भएको कारबाहीको प्रगति चौमासिकरूपमा सार्वजनिक गर्ने।<br>ख. राष्ट्रिय तथा स्थानीय सञ्चार माध्यमबाट प्रभावकारी र सरल ढंगका उपभोक्ता शिक्षासम्बन्धी प्रचारप्रसार सामग्री उत्पादन गरी प्रसारण गर्ने व्यवस्था मिलाउने।<br>ग. अस्वाभाविक मूल्यवृद्धि, कार्टेलिङ, कृत्रिम अभाव लगायत बजारमा हुने विभिन्न किसिमका ठगीका विरुद्ध योजनाबद्ध रूपमा नियमित कार्यतालिकासहित अनुगमन गरी नियन्त्रण गर्ने र प्रगति चौमासिकरूपमा सार्वजनिक गर्ने। | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय/ प्रदेश सरकार/ स्थानीय तह |
| १८. **सामाजिक सुरक्षा भत्ताको दुरुपयोग रोक्न लाभग्राहीको पहिचानसहित अद्यावधिक अभिलेख निर्माण गर्नेः-**<br>क. सामाजिक सुरक्षा भत्ता पाउने वास्तविक लक्षित वर्गको पहिचान गरी खण्डीकृत र अद्यावधिक तथ्यांक तयार गरी नगरपालिका/गाउँपालिकाका **Website** मार्फत अनिवार्य सार्वजनिक गर्ने व्यवस्था मिलाउने । यसको अनुगमन जिल्ला समन्वय समिति र स्थानीय तह समेतले गर्ने। | स्थानीय तह |
| १९. **वैदेशिक रोजगारीलाई मर्यादित, सुरक्षित र उत्पादनमूलक बनाउनेः-**<br>क. वैदेशिक रोजगारीका क्षेत्रमा हुने ठगी र भ्रष्टाचार नियन्त्रण गर्न र सेवाहरू अनुमानयोग्य बनाउन कानुन तथा कार्यविधि परिमार्जन, पारदर्शी कार्यसञ्चालन, विचौलिया नियन्त्रण र विद्युतीय सेवामा रूपान्तरण गरी यसको प्रतिवेदन वार्षिकरूपमा सार्वजनिक गर्ने।<br>ख. कामदारहरूलाई नेपालसँग द्विपक्षीय श्रम सम्झौता भएका मुलुकहरूमा मात्र जान प्रोत्साहन गर्ने र वैदेशिक रोजगारीको अवसर भएका सबै मुलुकहरूसँग यस्तो सम्झौता गर्न अधिकतम प्रयत्न गर्ने।<br>ग. वैदेशिक रोजगारीको अत्यधिक परनिर्भरता अन्त्य गर्नका लागि दीर्घकालीन समाधानकारूपमा मुलुकमा रोजगारी सिर्जनाका लागि कार्यान्वयनयोग्य योजना निर्माण गर्ने।<br>घ. रेमिट्यान्सलाई उत्पादनमूलक क्षेत्रमा परिचालन गर्ने गरी दीर्घकालीन महत्वका रणनीतिक कार्यक्रमहरू निर्माण गरी लागू गर्ने। | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय/अन्य सम्बद्ध मन्त्रालयहरू |
| **ङ. सार्वजनिक खरिद तथा आयोजना/कार्यक्रम व्यवस्थापनसम्बन्धी** | |
| २०. संघ, प्रदेश एवं स्थानीय तहका सार्वजनिक खरिदमा संलग्न जनशक्तिहरूको क्षमता विकासको लागि सम्बन्धित सार्वजनिक निकायमा हुने खरिदको प्रकार, खरिद गरिने वस्तु, निर्माण कार्य वा सेवाको प्रकृति, मात्रा एवं गुणस्तरसमेतको आधारमा आधारभूत तथा विशिष्टीकृत तालिम प्रदान गर्ने ।साथै कर्मचारीलाई सार्वजनिक खरिद तालिम प्रदान गरेरमात्र खरिदसम्बन्धी जिम्मेवारी दिने व्यवस्था मिलाउने ।<br>२१. खरिद कानुनको पूर्ण परिपालना हुने व्यवस्था मिलाउने ।<br>२२. बोलपत्र आह्वान गर्नुअघि आवश्यक पूर्व तयारी जस्तैः स्रोतको सुनिश्चितता, बहुवर्षीय/वार्षिक खरिद योजनाको स्वीकृति, निर्माणस्थलको सुनिश्चितता (Site Clearance), वातावरणीय अध्ययन लगायतका कार्य सम्पन्न गर्नुपर्ने व्यवस्था मिलाउने। | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय/ सम्बद्ध सबै मन्त्रालय/ सार्वजनिक खरिद अनुगमन कार्यालय/ स्थानीय तह |

| | |
|---|---|
| २३. आयोजनाको निर्माण समयावधि वस्तुपरक र वैज्ञानिक ढंगले निर्धारण नगरिंदा अनावश्यकरूपमा म्याद थपघट गर्नुपर्ने तथा यसबाट नेपाल सरकारलाई हानि नोक्सानीसमेत हुने हुँदा पर्याप्त अध्ययन/विश्लेषण गरी वैज्ञानिक आधारमा समयावधि निर्धारण गर्ने व्यवस्था मिलाउने।<br>२४. सम्झौतामा उल्लिखित समयावधिमा कार्यसम्पन्न हुन नसकी म्याद थप गर्नुपर्ने अवस्थामा वैज्ञानिक आधार र मनासिब माफिकको कारणबाट मात्र नियमानुसार ठेक्काको म्याद थप गर्ने।<br>२५. ठेक्का सम्झौता कार्यान्वयनमा हुन सक्ने विवाद समयमै समाधान गर्न पहल नगर्ने, विवादको समयमा मध्यस्थ/अदालतसमक्ष आवश्यक प्रमाणहरू पेस नगर्ने, पेस गर्न ढिलाइ गर्ने जस्ता लापरबाहीपूर्ण कार्यबाट ठेकेदारलाई अनुचित लाभ मिल्ने र सरकारको हानि नोक्सानी हुने गरी कार्य गर्ने प्रवृत्ति अन्त्य गर्न सम्बन्धित निकाय/पदाधिकारीहरू नै पूर्णरूपमा जिम्मेवार एवं जवाफदेही हुने व्यवस्था मिलाउने।<br>२६. एकै प्रकृतिको सार्वजनिक खरिद एवं निर्माण प्रक्रियामा विभिन्न निकायहरूले प्रयोग गरेका नर्म्स तथा मापदण्डहरू फरक-फरक देखिएकाले सोको एकरूपताका लागि एकीकृत नर्म्स तथा मापदण्ड तयार गरी प्रचलनमा ल्याउनुपर्ने। | |
| २७. सार्वजनिक खरिद प्रक्रियामा प्रतिस्पर्धा सीमित गर्ने वा लक्षित बोलपत्रदातालाई मात्र फाइदा पुग्ने गरी स्पेसिफिकेसन, योग्यता, विशेष कामको अनुभव एवं मूल्यांकनका आधारहरू तयार गर्ने, अस्वाभाविकरूपमा स्लाइसिङ एवं प्याकेजिङ गर्ने, गलत खरिद विधि छनौट गर्ने, बोलपत्रको सूचना पारदर्शीरूपमा प्रवाह नगर्ने जस्ता गलत अभ्यासलाई नियन्त्रण गर्ने व्यवस्था मिलाउने ।<br>२८. सार्वजनिक खरिद ऐनमा भएको विशेष परिस्थितिमा खरिद गर्ने व्यवस्थाको अपव्याख्या एवं दुरुपयोग गरी महँगो मूल्यमा खरिद गरी सार्वजनिक हानि नोक्सानी गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्न ऐनको दफा ६६ को प्रयोजनका लागि नेपाल सरकारबाट वस्तुपरक कार्यविधि/निर्देशिका निर्माण गरी प्रचलनमा ल्याउने । | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय/ सम्बद्ध सबै मन्त्रालय/ सार्वजनिक खरिद अनुगमन कार्यालय/ स्थानीय तह |
| २९. दीर्घकालीन विकास योजना, वार्षिक/बहुवर्षीय खरिद योजना, स्थानीय आवश्यकता र प्राथमिकता, सम्भाव्यता अध्ययन, विस्तृत परियोजना प्रतिवेदनलगायतका आवश्यक पूर्वतयारी सम्पन्न गरेर मात्र आयोजना/कार्यक्रम बजेटमा राखे। आयोजना बैंकको अभ्यासलाई सबै क्षेत्रमा विस्तार गर्दै अनिवार्य लागू गर्दै जाने । दायित्व सिर्जना भइसकेका बहुवर्षीय आयोजनाहरूका लागि बजेट सुनिश्चित हुने गरी मात्र नयाँ बहुवर्षीय आयोजना स्वीकृत गर्ने व्यवस्था मिलाउने। | अर्थ मन्त्रालय/राष्ट्रिय योजना आयोग/ मन्त्रालयहरू/ प्रदेश सरकार |

| | |
|---|---|
| ३०. उपभोक्ता समिति गठन अपारदर्शी तरिकाले गर्ने, वास्तविक लाभग्राहीको प्रतिनिधित्व नहुने, श्रममूलक काम देखाई कानुनविपरीत हेभी इक्युपमेन्टको प्रयोग गर्ने, समितिले आफैं काम नगरी ठेकेदारमार्फत काम लगाउने, उपभोक्ता समितिको तर्फबाट व्यहोर्नुपर्ने लागत एवं श्रम सहभागिताको अंश नपुऱ्याउने, निर्माणपश्चात मर्मतसम्भारको जिम्मा नलिने, कामको गुणस्तरमा ध्यान नदिने र वित्तीय अनुशासन तथा पारदर्शिता कायम नगर्ने जस्ता विकृति देखिएको हुँदा यस खरि्द विधिलाई श्रममूलक कार्यमा मात्र सीमित गर्ने गरी उपभोक्ता समितिबाट हुने निर्माण कार्यलाई व्यवस्थित गर्न उपभोक्ता समितिको गठन, परिचालन एवं व्यवस्थापनसम्बन्धी कार्यविधि बनाई लागू गर्ने ।<br>३१. परामर्श सेवामा भएको सोझै खरिद र मौजुदा सूचीमा रहेकोलाई छनौट गर्ने प्रावधानलाई दुरुपयोग गर्न टुक्राटुक्रा गर्ने, मिलेमतोमा परामर्शदाता छनौट गर्ने, प्राविधिक प्रस्तावमा छनौट हुनका लागि सक्षम परामर्शदाता प्रस्ताव गर्ने तर कार्यान्वयनको क्रममा अन्य कम योग्यता भएका परामर्शदाता खटाउने, ठूला पुँजीगत खर्च पनि परामर्श खर्चको लागत अनुमानमा राख्ने, निश्चित परामर्शदातालाई लाभ पुग्ने गरी प्राविधिक प्रस्तावको योग्यता एवं मूल्यांकनका आधारहरूमा चलखेल र मिलेमतो गर्ने प्रवृत्तिको अन्त्य हुने व्यवस्था मिलाउने ।<br>३२. परामर्शदाताको बदनियत, गम्भीर त्रुटि/कमजोरीका कारण सार्वजनिक खरिद कार्यमा हुने हानि नोक्सानीमा उक्त परामर्शदातालाई जिम्मेवार बनाउनका लागि निजको कमीकमजोरीका कारण जेजति क्षति हुन्छ, सोको क्षतिपूर्ति निजबाटै भराउनका लागि आवश्यक व्यवस्था मिलाउने।<br>३३. सार्वजनिक खरिदअन्तर्गत मालसामान एवम् निर्माण कार्यको प्रकृतिअनुसार गुणस्तर सुनिश्चित गरी कार्यस्वीकार गर्नुपर्नेमा कतिपय निकायले सो गरेको नदेखिएकाले खरिद सम्झौताको प्रावधानमा नै गुणस्तर सुनिश्चित योजना (Quality Assurance Plan) स्पष्ट उल्लेख गर्ने र योजनाको फरफारक गर्नुअघि गुणस्तर सुनिश्चितता अनिवार्य रूपमा गर्नुपर्ने व्यवस्था मिलाउने।<br>३४. प्रदेश सरकार, स्थानीय तह तथा अन्य सार्वजनिक निकायहरूले सार्वजनिक निजी साझेदारी अन्तर्गत योजना कार्यान्वयन गर्दा सार्वजनिक निजी साझेदारी तथा लगानी ऐन र नीतिबमोजिम योजनाको सम्भाव्यता अध्ययन तथा सार्वजनिकरूपमा आशयको प्रस्ताव माग गर्ने लगायतका प्रक्रियाहरू अवलम्बन गरेर मात्रै योजना कार्यान्वयन गर्ने । | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय/ सार्वजनिक खरिद अनुगमन कार्यालय/ प्रदेश सरकार/ स्थानीय तह |
| ३५. सार्वजनिक निकायले सार्वजनिक सम्पत्ति भाडामा दिई/लगाई राजस्व उठाउने, स्थानीय स्रोतसाधनको उत्खनन्, संकलन, उपयोग र बिक्रीका लागि राजस्व ठेक्का लगाउने व्यवस्था सार्वजनिक खरिद ऐन/नियममा स्पष्ट नरहेकाले सार्वजनिक निकायहरूको कामकारबाहीमा प्रक्रियागत एकरूपता कायम हुन नसकेको कारणबाट राजस्व संकलनमा कमी हुनका साथै हिनामिना र मस्यौटसमेत हुनसक्ने जोखिम रहेको हुँदा यसप्रकारका कार्यहरू व्यवस्थित गर्न उचित कानुनी व्यवस्था मिलाउने।<br>३६. एउटै निर्माण व्यवसायीले आफ्नो क्षमताभन्दा बढी निर्माण कार्यको जिम्मा लिने तर निर्धारित समय र गुणस्तरबमोजिम कार्यसम्पादन नगर्ने प्रवृत्ति देखिएकाले यस्ता निर्माण व्यवसायीहरूले सञ्चालन गरिरहेका आयोजनाहरू (Running Contract) को अद्यावधिक विवरण देखिने गरी सार्वजनिक खरिद अनुगमन कार्यालयले एकीकृत सूचना प्रणाली निर्माण गरी सञ्चालन गर्ने र सार्वजनिक निकायहरूले सोको आधारमा निर्माण व्यवसायीहरूको क्षमता (Bid Capacity) मूल्यांकन गर्ने कानुनी व्यवस्था मिलाउने।<br>३७. दैनिक कार्यालय सञ्चालनका लागि पटकेरूपमा आवश्यक पर्ने सामग्रीहरूको खरिदका लागि प्रत्येक सार्वजनिक निकायहरूमा जिम्मेवार कर्मचारी तोकी कार्यालयको डेबिड-कार्ड तथा इपेमेन्टको व्यवस्था गरी सोको प्रयोगमार्फत कार्डबाट भुक्तानी लिने व्यवस्था भएका आधिकारिक बिक्रेता/फर्मसँग निश्चित रकमसम्मको मालसामान न्यूनतम बजार मूल्यमा खरिद गर्ने व्यवस्था मिलाउने। | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय/ सार्वजनिक खरिद अनुगमन कार्यालय/ प्रदेश सरकार/ स्थानीय तह |
| **च. कृषि, भूमि, वन तथा वातावरण संरक्षणसम्बन्धी** | |
| **३८. भूमि व्यवस्थापन तथा अभिलेखांकन अन्तर्गत भू-सूचना प्रणालीको प्रयोग बढाउने, सरकारी र** | |

| | |
|---|---|
| **सार्वजनिक जग्गाको अभिलेख व्यवस्थित गर्ने, हदबन्दीभन्दा बढी जग्गा सरकार मातहतमा ल्याउने तथा सरकारी जग्गा भाडामा वा लिजमा दिने आधार/सूचकसहितको पारदर्शी मापदण्ड बनाउनेः-**<br>क. भूमिसम्बन्धी ऐन, २०२१ को व्यवस्था बमोजिम हदबन्दीभन्दा बढी स्वामित्वको कानुनबमोजिम छुट पाउने भएमा बाहेक सम्पूर्ण जग्गा एक वर्षभित्र सरकारको स्वामित्वमा ल्याउने ।<br>ख. गुठी, ऐलानी, वन, बुट्यान, नदी, लगायतका सरकारी/सार्वजनिक जग्गा गैरकानुनी रूपमा व्यक्ति वा संस्थाको नाममा रजिष्ट्रेसन पास गरी दुरुपयोग गर्ने प्रवृत्ति रोक्न यस्ता सरकारी/सार्वजनिक जग्गाको विवरण तीनै तहका सरकारको समन्वयमा एक वर्षभित्र यकिन गरी भू-सूचना प्रणालीमा आबद्ध गरी सम्पूर्ण भूमिको श्रेस्ता अद्यावधिक गर्ने तथा सम्बन्धित निकायहरूले वार्षिक रूपमा यस्तो लगत सार्वजनिक गर्ने।<br>ग. सरकारी जग्गा भाडा वा लिजमा लिनेदिने व्यवस्थालाई सरल, प्रतिस्पर्धी, पारदर्शी र स्पष्ट बनाई संरक्षण र उपयोग गर्न कानुनमा आवश्यक परिमार्जन गर्ने।<br>घ. भू-अभिलेखलाई व्यवस्थित बनाउन सूचना प्रविधिको प्रयोगबाट भूमिसम्बन्धी एकीकृत लगत तयार गरी नापी (नक्सांकन) र मालपोत (रजिष्ट्रेसन) को काम विद्युतीय प्रणालीबाट मात्र गर्ने व्यवस्था मिलाउने र यस्तो सूचना एवम् विवरण जग्गाधनी स्वयंले समेत अनलाइन प्रणालीबाट हेर्न सक्ने व्यवस्था मिलाउने।<br>ङ. जग्गाको अभिलेख राख्दा जग्गा दर्ता वा जग्गा प्राप्तिको स्रोत थाहा हुने गरी जग्गाधनी पुर्जामा जनाइनुपर्ने। | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय/प्रदेश/ स्थानीय सरकार |
| ३९. **वन क्षेत्र व्यवस्थापन गर्ने, अतिक्रमण रोक्ने तथा दोहन, कटान र तस्करी नियन्त्रण गर्ने तथा वनक्षेत्रभित्र अनुमतिपश्चात मात्र निर्माण कार्य गर्नेः-**<br>क. वन ऐन, २०७६ र प्रदेश स्तरका वनसम्बन्धी कानुन अनुसार वर्गीकृत सबै प्रकारका वन, बुट्यान, जंगल, आदिको सर्वेक्षण, वर्गीकरण, नाप नक्सा र सीमांकन गरी प्राप्त लगत अनलाइन प्रणालीमा अद्यावधिक गरी वार्षिक रूपमा सार्वजनिक गर्ने।<br>ख. राष्ट्रिय वनक्षेत्रको अतिक्रमण, दोहन, काठ कटान, तस्करी, फडानी, आदिलाई निरुत्साहित गर्ने गरी सघन र प्रभावकारी अनुगमन प्रणालीको कार्यान्वयन गर्ने गरी जिम्मेवारी तोक्ने तथा चौमासिक प्रगतिको रूपमा यस्तो अनुगमनको लगत अद्यावधिक गर्ने।<br>ग. वन विकास, संरचनागत क्षमता विस्तार, संरक्षण र सदुपयोगका लागि निकायगत समन्वयको स्पष्ट खाका तर्जुमा गरी सम्बन्धित कार्यालयलाई उत्तरदायी बनाउने।<br>घ. वन उपभोक्ता समिति गठनको मापदण्ड परिमार्जन गर्ने एवं समितिको कामकारबाही आवधिक रूपमा सार्वजनिक गर्ने, सामुदायिक वनमा क्षमता विकास, व्यवस्थापनमा सुधार तथा अनुगमनमा निरन्तरताका लागि जिम्मेवारी सहितको कार्ययोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याउने।<br>ङ. वन, वातावरण तथा स्थानीय तहलगायतको सिफारिस, स्वीकृति र अनुमति कानुनबमोजिम मात्र प्रदान गर्ने व्यवस्था सुनिश्चित गर्ने, यस्ता सिफारिस, स्वीकृति र अनुमतिको लगत अनलाइन प्रणालीमा अद्यावधिक गरी सार्वजनिक गर्ने।<br>च. वातावरण संरक्षण ऐनको पालना गर्दै वातावरणीय प्रभाव मूल्यांकनको आधारमा मात्र वन क्षेत्रभित्र निर्माण कार्य गर्ने।<br>छ. वन क्षेत्रभित्र निर्माण कार्य गर्दा हुने वातावरणीय क्षतिको यकिन गरी क्षतिपूर्तिका लागि संरचना निर्माण, संयन्त्र व्यवस्थापन र कामकारबाहीसमेत सँगसँगै गर्ने व्यवस्था सुनिश्चित गर्ने।<br>ज. वन्यजन्तु र वनपैदावारको मिलेमतोमा हुने गैरकानुनी ओसारपसार एवं अपराध नियन्त्रण गर्न कर्मचारी, सुरक्षाकर्मी एवं अन्य सम्बद्ध व्यक्ति वा निकायको क्षमता विकास, सचेतना कार्यक्रम र प्रभावकारी अनुसन्धान पद्धतिलाई एकीकृत ढंगले सञ्चालन गर्ने व्यवस्था मिलाउने।<br>झ. प्राकृतिक नदी नाला, ताल तलैया, पोखरी, चुरे, सीमसार एवं जलाधार क्षेत्रको गैरकानुनी दोहन रोकी संरक्षणका लागि आवश्यक व्यवस्था मिलाउने। | वन तथा वातावरण मन्त्रालय/ प्रदेश सरकार/स्थानीय तह |
| ४०. **कृषि अनुदान सदुपयोगका लागि कृषक पहिचान, अनुदानग्राही वर्गीकरण र भुक्तानी प्रणाली सुधार गर्नेः-**<br>क. कृषि व्यवसायमा दिइने अनुदानको पारदर्शी मापदण्ड बनाउने, अनुदान लिने कृषकहरू र | कृषि तथा पशुपन्छी विकास मन्त्रालय/ प्रदेश सरकार/स्थानीय |

| | |
|---|---|
| अनुदानको परिमाणको विवरण अनलाइन प्रणालीमा अद्यावधिक गरी सार्वजनिक गर्ने व्यवस्था मिलाउने।<br>ख. कृषि अनुदानको अनियमितता रोक्न अनुगमन, मूल्यांकनलाई नतिजासँग अनुबन्धित गर्ने, अनुगमन, मूल्यांकन प्रणालीमा हुने अनियमिततालाई कारवाहीको दायरामा ल्याउन मूल्यांकनकर्ताले गर्नुपर्ने अनुगमन मूल्यांकन ढाँचा र विषयसूची (चेकलिष्ट) तयार पारी कार्यान्वयनमा ल्याउने।<br>ग. कृषक र उपभोक्ताबीच चलखेल गर्ने विचौलियाहरूको तह घटाई अस्वाभाविक फाइदा लिने प्रणालीको अन्त्य गर्न तथा उपभोक्ताले स्वच्छ र गुणस्तरीय कृषि उत्पादनको उपभोग गर्न पाउने कुरा सुनिश्चित गर्न नियमित बजार नियमन तथा विषादी परीक्षण प्रयोगशाला विस्तार गरी सोको प्रगति चौमासिक रूपमा सार्वजनिक गर्ने।<br>घ. कृषकको उत्पादनको परल मूल्य समयमा नै तोक्ने व्यवस्था मिलाउने, कृषि उपजको तोकिएको मूल्य समयमै प्राप्त गर्ने व्यवस्था सुनिश्चित गर्ने।<br>ङ. मल, बीउबिजन, बिरुवा, कच्चा पदार्थ, पुँजी, आदिको उत्पादन, प्रवर्द्धन र वितरणसँग सामञ्जस्यता कायम गर्ने गरी कृषि योजना, शीतभण्डार तथा बजार व्यवस्थापनलगायतमा पूर्वाधार, प्रविधि र पुँजीको उपयोग गर्ने।<br>च. कृषकले आफ्नो कृषि खेती लगाउने वा आवश्यक बेलामा कृषि मल, बीउबिजन र कृषि उपकरणको अभाव हुन नदिने गरी कृषि योजनाबमोजिम कार्य गर्ने/गराउने ।<br>छ. निश्चित व्यक्ति, फर्म वा कम्पनीलाई अनुदान वितरण गर्दा आम नागरिकले प्राप्त गर्ने हितसमेत सुनिश्चित गर्नुपर्ने । | तह |
| **छ. शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षासम्बन्धी** | |
| ४१. **महामारी पूर्वानुमान गरी सो बमोजिम स्वास्थ्य सेवा प्रदान गर्न सक्ने गरी जनशक्ति, पूर्वाधार, औषधी, उपचार र उपकरण तथा सरकारी अनुदान र सहुलियतपूर्ण उपचार कोष लगायतको उचित व्यवस्थापन गर्नेः-**<br>क. महामारीको पूर्वानुमान, प्रतिरोध तथा उपचारका लागि समयानुकूल पूर्वाधार निर्माण, जनशक्ति व्यवस्थापन र क्षमता विकासका लागि कानुनी तथा संरचनागत सुधार गर्ने।<br>ख. औषधी, पूर्वाधार तथा उपकरण निर्माण तथा खरिदमा सरकारी सम्पत्तिको हानि नोक्सानी हुन नदिन तथा सम्भाव्य भ्रष्टाचार रोक्न गुणस्तरमा सम्झौता नहुने गरी पारदर्शिता कायम गर्ने खरिद विधि अवलम्बन गर्ने। महामारी नियन्त्रणका लागि पूर्वानुमान प्रणालीको विकास गरी आवश्यक औषधी र यन्त्रउपकरण खरिद, आपूर्ति, वितरण तथा व्यवस्थापन गर्ने।<br>ग. सबै प्रकारका खरिदमा प्रतिस्पर्धाका साथै गुणस्तर कायम गर्ने गरी खरिद आवश्यकता अनुसार सरोकारवाला निकायबाट खरिद स्वीकृतिसमेत लिई बाँकी कार्य अगाडि बढाउने। साथै सरकारद्वारा गरिने **G2G** खरिद लगायतका विधि, खरिद दर, सामग्रीको परिणाम तथा औचित्य खरिद प्रक्रिया सुरु गर्नुअघि र खरिद गरेपश्चात समेत सबैका लागि सार्वजनिक गर्ने।<br>घ. सुलभ र शीघ्र स्वास्थ्य सेवामा आम नागरिकको सहज पहुँच सुनिश्चित गर्ने व्यवस्थाका लागि अस्पताल, जनशक्ति र पूर्वाधारको वर्गीकरण तथा सूचीकरण गर्ने र सरकारी सहुलियत, उपचार खर्च, अनुदानलगायतका विषयमा कडाइका साथ मापदण्डको पालना गर्ने/गराउने।<br>▪ स्वास्थ्य सेवामा पहुँच स्थापित गर्न स्वास्थ्य बिमा कार्यक्रम सबै जिल्लामा विस्तार गर्ने,<br>▪ विपन्न नागरिकका लागि कडा रोगको उपचारमा सहुलियत दिने प्रयोजनका लागि स्वास्थ्य संस्था सूचीकृत गर्दा र उपचारको रकम शोधभर्ना दिंदा अनियमितता गर्ने प्रवृत्ति देखिएको हुँदा यसको कडाइका साथ नियन्त्रण गर्न वस्तुगत मापनयोग्य सूचकसहितको मापदण्ड तयार गर्ने र अनुगमनको उत्तरदायित्व लिने तह र निकाय निश्चित गर्ने।<br>▪ कर्मचारीको सरुवा पदस्थापनामा अनियमितता गर्ने प्रवृत्ति देखिएको हुँदा स्वास्थ्यकर्मीको रिक्त दरबन्दीमा नियमित परिपूर्ति तथा व्यवस्थित सरुवा प्रणालीको लागि सेवाको आवश्यकताबमोजिम न्यायपूर्ण र अनुमानयोग्य पदपूर्ति र सरुवा मापदण्ड/प्रणाली स्वीकृत गरी तुरुन्त कार्यान्वयनमा ल्याउने,<br>▪ विपन्न वर्गको लागि सहुलियतपूर्ण उपचारमा एकरूपता र कोषको दुरुपयोग हुन नदिन विपन्न पहिचानका लागि गरिब घरपरिवार पहिचान कार्यक्रममार्फत प्राप्त गरिब परिचयपत्रलाई | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय/ प्रदेश सरकार/स्थानीय तह |

| | |
|---|---|
| आधार मान्ने व्यवस्था गर्ने,<br>▪ सामुदायिक अस्पतालहरूलाई नेपाल सरकारबाट प्राप्त अनुदानको महत्तम सदुपयोग गर्ने गरी आधार, कारण र औचित्यसमेतका सूचकहरूमा पुनरावलोकन गरी सरकारी अनुदानको दुरुपयोग हुन नदिन आवश्यक प्रबन्ध मिलाउने। | |
| ४२. **निजी तथा सामुदायिक अस्पतालहरूको सेवा सुलभ र प्रभावकारी बनाउने, सरकारी अनुगमन प्रणालीलाई व्यावहारिक बनाई कमजोरी देखिएमा कारबाहीको दायरामा ल्याउने तथा स्वास्थ्य मापदण्डको पालना गर्ने गराउनेः-**<br>क. निजी स्वास्थ्य संस्था, संस्थान तथा उपचार केन्द्रहरूबाट प्रदान गरिने सेवा, शुल्क र गुणस्तरको नियमित अनुगमन गर्ने व्यवस्था मिलाउने, अनुगमनका लागि मापदण्ड, अनुगमन विधि, क्षेत्र, विषय विज्ञ र समय किटान गरी अनुगमन प्रतिवेदन अनिवार्य पेस गर्ने व्यवस्थासमेत गर्ने।<br>ख. स्वास्थ्य संस्थाहरूको मूल्यांकनका आधार तयार गरी अनियमितता र लापरबाहीमाथि कारबाहीको दायरामा ल्याउने व्यवस्था गर्ने।<br>ग. स्वास्थ्य बिमालगायत स्वास्थ्यसँग सम्बन्धित अन्य बिमामार्फत सुविधाको शोधभर्नाको व्यावहारिक अभिलेखांकनका लागि जिम्मेवारी किटान गर्ने/गराउने,<br>घ. निजी स्वास्थ्य संस्थाहरूमा शिक्षा, शुल्क, सहुलियतपूर्ण उपचार, शैक्षिक छात्रवृत्ति र स्वास्थ्यकर्मीको योग्यता प्रणाली आदिका मौजुदा मापदण्डको पालनाको नियमित अनुगमन गरी निजी स्वास्थ्य संस्थालाई स्चच्छ र पारदर्शी बनाउने।<br>ङ. सरकारी फार्मेसीमा सहज र सरल ढंगले औषधी उपलब्ध हुने व्यवस्था मिलाउने । | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय तथा नेपाल मेडिकल काउन्सिल |
| ४३. **मौजुदा दरबन्दीभित्र प्रतिस्पर्धा र आवश्यकताको आधारमा मात्र शिक्षक भर्ना गर्ने, नक्कली शैक्षिक प्रमाणपत्र र नक्कली अनुमतिपत्रको प्रयोगबाट सरकारी हानि नोक्सानी हुन नदिन आवश्यक व्यवस्था गर्ने साथै दुर्गममा समेत शैक्षिक सत्रको सुरुवाती समयमै पाठ्यपुस्तक उपलब्ध गराउने व्यवस्था गर्नेः-**<br>क. नक्कली शैक्षिक प्रमाणपत्र, नक्कली योग्यता, अनुभव तथा लाइसेन्स चेक जाँच गर्ने संयन्त्र विकास गरी कार्यान्वयनमा ल्याउने, विदेशी शैक्षिक प्रमाणपत्रको समकक्षता तथा सक्कल भएको यकिन गर्न जाँच गर्न सक्ने गरी आवश्यक प्रबन्ध मिलाउने।<br>ख. पेसागत विशिष्टताका लागि आचारसंहिता, आर्थिक अनुशासनका लागि प्रक्रियाको पालना, तालिम र अभिलेख व्यवस्थापन तथा गुणस्तर कायम गर्न समयानुकूल प्रविधिको उपयोग गर्ने।<br>ग. समयानुकूल पाठ्यक्रम परिमार्जन, सीप विकास एवं परीक्षण तथा समयमै मुलुकका सबै विद्यालयहरूमा पाठ्यपुस्तक उपलब्ध गराउने गरी समयसीमा तोक्ने र सोहीअनुसार छपाइ, ढुवानी र वितरणको कार्यढाँचा तयार गरी कार्यान्वयनमा ल्याउने।<br>घ. सार्वजनिक विद्यालय भवन निर्माण सार्वजनिक खरिद कानुनको पालना हुने गरी प्रतिस्पर्धामार्फत गर्ने व्यवस्था मिलाउने। सार्वजनिक खरिद कानुन र विधिको पालना गरेर मात्र पुस्तक तथा अन्य आवश्यक सामग्रीहरू खरिद गर्ने व्यवस्था मिलाउने तथा पारदर्शिताका लागि सो खरिद वा निर्माणको वर्गीकरण, सार्वजनिकीकरण र प्रतिवेदन गर्ने व्यवस्था मिलाउने। | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, प्रदेश सरकार तथा स्थानीय तह |
| **ज. सञ्चार, सूचना प्रविधि र पर्यटनसम्बन्धी** | |
| ४४. **दूरसञ्चार सेवाको विस्तार, प्रविधि खरिद र व्यवस्थापनमा पारदर्शिता, स्वच्छता र प्रतिस्पर्धा कायम गर्नेः-**<br>क. दूरसञ्चार क्षेत्रमा आवश्यक नवीनतम प्रविधिको ठूलो परिमाणका खरिद कार्यहरूमा पारदर्शिता, प्रतिस्पर्धा, र स्वच्छता कायम गर्न कानुन तथा मापदण्डमा सुधार गर्ने तथा यस्ता ठूला खरिद कार्यलाई समयमै सम्पन्न गर्ने तथा गुणस्तरमा समेत सम्झौता नहुने गरी गर्न यसको स्पेसिफिकेसन, लागत अनुमान तथा मूल्यांकन विधिहरूलाई वस्तुगत, वैज्ञानिक र यथार्थपरक बनाउने। साथै यस्ता कार्यमा सुरुदेखि नै नियन्त्रण र सहजीकरण संयन्त्रको परिचालन गर्ने।<br>ख. ग्रामीण दूरसञ्चार सेवा, इन्टरनेट र टेलिफोनको पहुँच विस्तार जस्ता कार्यक्रममा सार्वजनिक सम्पत्तिको हानि नोक्सानी तथा अनियमितता हुन नदिन आवश्यक व्यवस्था मिलाउने। | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय |

| | |
|---|---|
| **४५. सूचना प्रविधिको पहुँच सुनिश्चित गर्ने गरी सार्वजनिक सेवा प्रवाहमा सूचना प्रविधि र सञ्चार सेवाको सदुपयोग बढाउनेः-**<br>क. सार्वजनिक निकायहरूबाट सञ्चालनमा रहेका व्यवस्थापन सूचना प्रणालीहरू (**MIS**) मोबाइल एप्स, सरकारी ईमेल र वेबसाइटहरूमा एकरूपता र गुणस्तर कायम गर्ने तथा डाटा सुरक्षा प्रणाली र गोपनीयताका लागि उपयुक्त व्यवस्था गर्ने।<br>ख. सरकारी निकायले प्रयोग गर्ने ल्यापटप वा डेस्कटप कम्प्युटरमा Genuine Software प्रयोगको व्यवस्था मिलाउने ।<br>४६. हुलाक सेवालाई समयानुकूल परिमार्जन गरी प्रतिस्पर्धात्मक र विश्वसनीय बनाउने ।<br>४७. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निजी कुरियर सेवा प्रदायकहरूको नियमन प्रभावकारी बनाई यस्ता कारोबारहरूलाई करको दायरामा ल्याउने। | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय |
| ४८. क्यासिनो व्यवसाय सञ्चालन अनुमति, नवीकरण र हरेक क्यासिनो खेलसम्बद्ध कारोबारमा सरकारले प्राप्त गर्नुपर्ने राजस्व छली रोक्न निगरानी प्रणाली र प्रविधिको विकास गरी कार्यान्वयनमा ल्याउने।<br>४९. पर्यटकीय होटल, रेस्टुरेन्ट तथा आवास गृहहरूको सेवा र उत्पादनमा निश्चित गुणस्तर कायम गर्न मापदण्ड निर्माण गरी कार्यान्वयन गर्ने तथा सोको कडाइका साथ पालना गर्ने व्यवस्था मिलाउने।<br>५०. रणनीतिक महत्व, जनसंख्या, दुर्गम सेवाजस्ता आधारहरू लिई मुलुकमा आवश्यक आन्तरिक तथा अन्तर्राष्ट्रिय विमानस्थल निर्माणस्थानहरू यकिन गर्न राष्ट्रिय रणनीतिक योजना बनाउने र सोको आधारमा मात्र विमानस्थल निर्माण तथा स्तरोन्नतिका कार्यक्रमहरूको सञ्चालन गर्ने व्यवस्था मिलाउने।<br>५१. विमानस्थल निर्माण तथा मर्मत कार्यका लागि हुने ठेक्काको स्पेसिफिकेसन, लागत अनुमान तथा मूल्यांकनमा कानुनको पालना तथा पारदर्शिता कायम गर्न मन्त्रालयले उत्तरदायित्व बहन गर्ने गरी यस्ता प्रक्रियाहरूलाई स्वच्छ, वस्तुगत र प्रतिस्पर्धी बनाउन आवश्यक निगरानी र सुपरीवेक्षणको व्यवस्था मिलाउने।<br>५२. विमान र विमानका औजार-उपकरण खरिदसम्बन्धी मौजुदा कानुन र खरिद अभ्यासहरूमा परिमार्जन गरी दुरुपयोग र अनियमितता हुन नदिने पर्याप्त नियन्त्रण र सन्तुलनका व्यवस्था मिलाउने।<br>५३. महामारी जस्तो संवेदनशील समयमा समेत मौकाको फाइदा उठाई अन्तर्राष्ट्रिय उडान अनुमति र टिकट बिक्री वितरणमा हुने मिलेमतो तथा अनियमितता गर्ने प्रवृत्तिको अन्त्य गर्न मापदण्ड र आचारसंहिता बनाई कडाइका साथ कार्यान्वयनमा ल्याउने।<br>५४. नेपाल वायुसेवा निगमको सेवालाई गुणस्तरीय, विश्वसनीय, भरपर्दो र अनुमानयोग्य बनाउन नियमित उडान, दक्ष जनशक्तिको विकास, टिकट बिक्री प्रणालीमा सुधारलगायत समग्र व्यवस्थापन कुशलता कायम गर्ने । | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय |
| **झ. विविध विषयसम्बन्धी** | |
| **५५. प्रहरी सेवालाई सक्षम, स्वच्छ, विश्वसनीय र आकर्षक सेवामा रूपान्तरण गर्नेः-**<br>क. राजनीतिक हस्तक्षेपको अन्त्य, सरुवा, बढुवा तथा तालिम, सीप विकास गर्ने अवसर जस्ता कार्यका लागि वस्तुगत मापदण्ड बनाई निष्पक्षरूपमा लागू गर्न कानुनमा सुधार गर्ने।<br>ख. प्रहरी कर्मचारीको आधारभूत तालिममा सदाचारसम्बन्धी विषयवस्तु समावेश गरी सदाचार संस्कृति प्रवर्धन गर्ने।<br>ग. प्रहरी जनशक्तिको क्षमता विकास गर्न आधुनिक उपकरण र प्रविधिको प्रयोग, नवीनतम अनुसन्धान मापदण्ड, मानव अधिकारको सम्मान र संरक्षणप्रति प्रतिबद्ध बनाउन विशेष रणनीतिक कार्यक्रम संचालन गर्ने । | गृह मन्त्रालय |
| ५६. सुरक्षा निकायका कल्याणकारी कोषलाई कर्मचारी परिवारको हित तथा कल्याणका कार्यमा मात्र परिचालन गर्ने र कोषको दुरुपयोग नियन्त्रण गर्ने व्यवस्थाका लागि कानुन तथा कार्यविधिमा आवश्यक सुधार गरी लागू गर्ने । | गृह मन्त्रालय |
| **५७. सहकारी क्षेत्रको सुधार** | भूमि व्यवस्था, |

| | |
|---|---|
| क. सहकारी क्षेत्रलाई रूपान्तरण गरी उत्पादन र रोजगारीमूलक कार्यमार्फत प्रमुखरूपमा समाजको कमजोर वर्गमा वित्तीय पहुँच विस्तार गर्ने गरी परिचालन गर्ने।<br>ख. सहकारी क्षेत्रमा टाठाबाठा प्रभुत्व वर्गको नियन्त्रण, लगानी जोखिम, सम्पत्ति शुद्धीकरण, अनुत्पादक क्षेत्रमा बढ्दो लगानी जस्ता विकृति नियन्त्रण गर्न यसको नियामक निकायलाई सक्षम र स्वायत्त बनाउने एवं नेपाल राष्ट्र बैंक जस्ता नियामक निकायसँग आबद्धताको व्यवस्था मिलाउने।<br>ग. सहकारी प्रणालीमा सूचना प्रविधिको अधिकतम प्रयोग गरी व्यावसायिक पारदर्शिता कायम गराउने ।<br>घ. सहकारी क्षेत्रको जोखिम घटाउन बचत/लगानी अनुपात, सुरक्षण कोष जस्ता प्रभावकारी उपायको अवलम्बन गर्ने । | सहकारी तथा गरिबी निवारण मन्त्रालय / स्थानीय तह |
| ५८. **सरकारी अभिलेख व्यवस्थापन प्रणालीमा सुधार गर्ने:-**<br>क. तीनै तहका सरकारले कानुनबमोजिम महत्वपूर्ण सरकारी अभिलेखको सुरक्षण, भण्डार र संरक्षणलाई सुनिश्चित गर्ने।<br>ख. अभिलेख व्यवस्थापन कार्यलाई चुस्त दुरुस्त राख्ने व्यवस्थाका लागि सबै सार्वजनिक निकायले क्रमशः ई-अभिलेख प्रणाली अवलम्बन गर्ने ।<br>ग. सबै सरकारी तथा सार्वजनिक निकायले निर्णय तथा कारोबारको अभिलेख दुरूस्त राखी आयोगबाट माग गरिएका विवरण एवं कागजात समयमै उपलब्ध गराउने व्यवस्था मिलाउने। | प्रदेश सरकार र मातहतका निकाय/ स्थानीय तह |
| ५९. **पद, जिम्मेवारी र आवश्यकताको आधारमा मापदण्ड निर्माण गरी निजामती कर्मचारीलाई ल्यापटप कम्प्युटर उपलब्ध गराउने व्यवस्था मिलाउने। देहायका विषयसमेत समेटिने गरी मापदण्ड तयार गरी लागू गर्ने:-**<br>क. सुरु नियुक्ति वा बढुवाबाट पदस्थापन हुँदाको बखत नै ल्यापटप कम्प्युटर प्राप्त गर्ने।<br>ख. सरुवा भई नयाँ कार्यालयमा जाँदासमेत आफ्नो जिम्मामा रहेको ल्यापटप कम्प्युटर लैजान पाउने।<br>ग. ल्यापटपलाई प्रयोगमा ल्याउनुपर्ने न्यूनतम आयु र अवस्था निर्धारण हुनुपर्ने।<br>घ. निश्चित अवधिसम्म आफूले प्रयोग गर्ने ल्यापटपको मर्मतसंभारको व्यवस्था कर्मचारी स्वयंले गर्नुपर्ने।<br>ङ. निश्चित अवधिसम्म प्रयोगमा ल्याइएको ल्यापटप, अवकास हुँदाका बखत लैजान पाउने।<br>च. सरुवा वा अवकास भई ल्यापटप लैजाँदा कार्यरत कार्यालयसँग सम्बन्धित सूचना, तथ्यांक लगायतका अभिलेखहरू अनिवार्य रूपमा हस्तान्तरण गरी रुजु गरेर मात्र लैजाने व्यवस्था मिलाउने।<br>छ. आर्थिक बोझ घटाई साधनस्रोतको समुचित उपयोग हुने व्यवस्थाका लागि ल्यापटप प्राप्त गर्ने कर्मचारीलाई डेष्कटप कम्प्युटर प्रदान नगर्ने। | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय/ अर्थ मन्त्रालय |
| ६०. कर्मचारीको पद, जिम्मेवारी र आवश्यकताको आधारमा सवारी साधन सुविधा (उपलब्धता, सञ्चालन, मर्मतसंभार) सम्बन्धी मापदण्ड निर्माण गरी सुविधामा एकरूपता कायम गर्ने र दुरुपयोग नियन्त्रण गर्ने। यसका लागि देहायका विषयसमेत समेटिने गरी मापदण्ड तयार गरी लागू गर्ने:-<br>क. सुविधाका सवारी साधनको अधिकतम मूल्य र किसिम,<br>ख. इन्धन परिमाण, मर्मतसम्भार, बीमा खर्च तथा अन्य खर्चका आधार र कारणसहितको मापदण्ड,<br>ग. सवारीसाधन प्राप्त गर्ने पदहरूलाई त्यस्ता पदमा सुरू नियुक्तिदेखि नै एउटै सवारी साधन उपलब्ध गराउने व्यवस्था,<br>घ. बिदाका दिनहरूमा सवारीसाधन प्रयोग गर्न पाउने अवस्थाहरू,<br>ङ. सवारी चालकसम्बन्धी व्यवस्था,<br>च. सवारी साधन हस्तान्तरणका अवस्था तथा विधिहरू,<br>छ. निश्चित अवधिसम्म प्रयोगमा ल्याएका सवारी साधनलाई अवकाश भई जाँदा साथै लैजान पाउनेसम्बन्धी मापदण्ड। | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय/ अर्थ मन्त्रालय |

# परिच्छेद- ७
# आयोगको रणनीति र आगामी कार्यदिशा

## ७.१ पृष्ठभूमि

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भ्रष्टाचारविरुद्ध राज्यले अंगीकार गरेको नीति, संविधान र कानुनले सुम्पेको जिम्मेवारी, आवधिक योजनाको सोच र रणनीति तथा अन्तर्राष्ट्रिय प्रतिबद्धतासमेतका आधारमा आफ्नो, रणनीति, कार्यदिशा र कार्यक्रम तय गरी कार्यसम्पादन गर्दै आएको छ। संविधानको धारा ५१ (ख) को राजनीतिक तथा शासन व्यवस्थासम्बन्धी नीतिको खण्ड (४) मा सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै राज्यबाट प्राप्त हुने सेवासुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्ने तथा धारा ५१ (ट) को न्याय र दण्ड व्यवस्थासम्बन्धी नीतिको खण्ड (३) मा राजनीतिक, प्रशासनिक, न्यायिक, सामाजिकलगायत सबै क्षेत्रको भ्रष्टाचार र अनियमितता नियन्त्रणका लागि प्रभावकारी उपाय अवलम्बन गर्ने नीति रहेको छ। संविधानको भाग २१, धारा २३९ ले सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा कानुनबमोजिम अनुसन्धान गरी अधिकार प्राप्त अदालतमा मुद्दा दायर गर्ने जिम्मेवारी आयोगलाई सुम्पेको छ । साथै, भ्रष्टाचार निवारण ऐन, २०५९ ले भ्रष्टाचार जनिने कसुर, कसुरको दायरा र उक्त कसुर गरेमा हुने सजाय तथा अनुसन्धान, तहकिकात र मुद्दा दायरसम्बन्धी व्यवस्था र अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ ले आयोगको काम, कर्तव्य, अधिकार र कार्यविधिको सम्बन्धमा स्पष्ट व्यवस्था गरेको छ । चालु पन्ध्रौं योजना (२०७६।७७-२०८०।८१) ले "समृद्ध नेपाल : सुखी नेपाली" को दीर्घकालीन सोच लिई भ्रष्टाचारविरुद्ध शून्य सहनशीलतासहित सदाचारयुक्त समाज निर्माण गर्ने, भ्रष्टाचारविरुद्ध चेतनामूलक, निरोधात्मक एवं दण्डात्मक कामकारबाहीलाई प्रभावकारी बनाउने, सार्वजनिक सेवालाई जवाफदेही एवं पारदर्शी बनाउने र सार्वजनिक, निजी, गैरसरकारी, सहकारी, बैंकिङ क्षेत्रमा हुने आर्थिक अनियमितताको नियन्त्रण गरी निजी क्षेत्रको सेवालाई गुणस्तरीय एवं सेवामूलक बनाउने लगायतका रणनीतिहरू लिएको छ ।

भ्रष्टाचारविरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धि (UNCAC) लाई नेपालले सन् २०११ फेब्रुअरी २३ मा अनुमोदन गरी भ्रष्टाचारविरुद्धको विश्वव्यापी पहलमा ऐक्यबद्धता र हातेमालो गर्दै अघि बढ्ने दृढतासमेत प्रकट गरेको छ। साथै, नेपालले महासन्धिको कार्यान्वयनसम्बन्धी राष्ट्रिय कार्ययोजना, २०६९ तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ, जसमा भ्रष्टाचार हुन नदिन प्रभावकारी अभ्यासहरूको विकास र प्रवर्द्धन गर्ने, भ्रष्टाचार हुनसक्ने सम्भाव्य निकाय र स्थानहरूको पहिचान गरी उच्चतम् निगरानी गर्ने तथा सार्वजनिक पदाधिकारीहरूमा सदाचार, इमान्दारिता र जिम्मेवारीको भावना विकास गर्ने विषयमा जोड दिइएको छ । यस कार्ययोजनामा भ्रष्टाचार नियन्त्रणका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगको भूमिका र जिम्मेवारीलाई समेत उल्लेख गरिएको छ। भ्रष्टाचार नियन्त्रणसम्बन्धी उल्लिखित व्यवस्थाहरूबाट आयोगलाई उपचारात्मक, निरोधात्मक, प्रवर्द्धनात्मक र संस्थागत सुधारको रणनीति र कार्यदिशा अवलम्बनका लागि मार्गदर्शन प्राप्त भएको छ ।

## ७.२ आयोगको संस्थागत रणनीतिक योजना (२०७६/७७-२०८०/८१)

आयोगले आफ्नो जिम्मेवारीलाई प्रभावकारिता र जनअपेक्षा अनुरूप पूरा गर्नका लागि विगतका संस्थागत रणनीतिको समीक्षा, सम्बद्ध निकायसँगको सहकार्य, सार्वजनिक निकाय, सरोकारवाला तथा विज्ञ समूहको पृष्ठपोषणसमेतका आधारमा संस्थागत रणनीतिक योजना (२०७६/७७-२०८०/८१) कार्यान्वयन गरिरहेको छ। संस्थागत रणनीतिक योजनामार्फत आयोगले भ्रष्टाचारका परिवर्तित प्रवृत्तिमाथि नियन्त्रण, भ्रष्टाचार नियन्त्रणप्रतिको अन्तर्राष्ट्रिय प्रतिबद्धता साथै सार्वजनिक निकायहरूको संस्थागत सुधारका आयामहरूलाई समेत सम्बोधन गर्ने अपेक्षा लिएको छ। संस्थागत रणनीतिक योजनामा भ्रष्टाचारमुक्त र सदाचारयुक्त समाज निर्माणको दूरदृष्टि राखी राष्ट्रिय विकास र सार्वजनिक सेवामा जनताको सरल र सहज पहुँच हुने गरी भ्रष्टाचार न्यूनीकरण गर्ने लक्ष्य प्राप्तिका लागि रणनीति, नीति, कार्यनीति एवं

कार्यान्वयन योजना निर्धारण गरिएका छन्। यस रणनीतिक योजनाले मूलतः निरोधात्मक, प्रवर्द्धनात्मक, उपचारात्मक र संस्थागत सुदृढीकरण विधिमार्फत भ्रष्टाचार न्यूनीकरण गर्ने उद्देश्य लिएको छ ।

क. उपचारात्मक रणनीतितर्फ भ्रष्टाचारजन्य कार्यको प्रभावकारी पहिचान, अनुसन्धान र अभियोजनमा जोड दिइएको छ। जसअन्तर्गत आधुनिक प्रविधिको उपयोग, भ्रष्टाचारमा निगरानी, भ्रष्टाचारसँग सम्बन्धित सबै किसिमका सूचना व्यवस्थापन तथा इन्टेलिजेन्स संयन्त्रको सुदृढीकरण र भ्रष्टाचारसम्बन्धी उजुरीहरूको प्राथमिकीकरण गरी अनुसन्धान र अभियोजन कार्यलाई वस्तुनिष्ठ, विश्वसनीय एवं प्रभावकारी बनाउने नीति अंगीकार गरिएको छ । उजुरीहरूको छानबिन र अनुसन्धान कार्यलाई सक्षम बनाउन र भ्रष्टाचारजन्य कार्यको अनुसन्धानसँग सम्बन्धित दस्तावेजको सुरक्षा तथा अभिलेखीकरणका लागि प्रविधिको समुचित प्रयोग गर्ने, अनुसन्धान र अभियोजनमा निष्पक्षता, प्रभावकारिता र एकरूपताका लागि अदालतका नजिरको विश्लेषणका साथै अध्ययन अनुसन्धान गर्ने, भ्रष्टाचारका सम्भाव्य क्षेत्र पहिचान एवं विकास आयोजनाहरूको कार्य सम्पादनको अध्ययन तथा अनुसन्धान गरी भ्रष्टाचारजन्य कार्यको रोकथामका उपायहरू अवलम्बन गर्ने, आयोगका कार्यालयहरूबीच सूचना सञ्जालीकरण, आयोगको वेबसाइटमा सूचनादाता र उजुरीकर्ताको पहुँच अभिवृद्धि तथा आयोग र भ्रष्टाचार नियन्त्रणसम्बद्ध निकायहरूबीच सूचना सञ्जालको विकास गर्ने, आयोगको उजुरी छानबिन र वर्गीकरणका आधार तथा मापदण्ड तयार गरी उजुरीउपर निश्चित अवधिभित्र अनुसन्धान गर्दै उच्च जोखिमयुक्त र ठूला भ्रष्टाचारजन्य कार्यहरूलाई प्राथमिकतामा राखी अनुसन्धान र तहकिकात गर्ने कार्यनीतिहरू अवलम्बन गरिएको छ ।

ख. निरोधात्मक रणनीतितर्फ कानुनी र संगठनात्मक संरचनाको सुदृढीकरण एवं परिचालन गर्दै भ्रष्टाचार नियन्त्रणमा सम्बद्ध सबै पक्षहरूलाई जिम्मेवार बनाउने कार्यमा जोड दिइएको छ । जसअन्तर्गत विभिन्न निकायहरूसँग समन्वय, साझेदारी तथा सहकार्यमा जोड दिई सम्बद्ध निकायहरूलाई भ्रष्टाचार न्यूनीकरणका उपायहरू अवलम्बन गर्न प्रोत्साहित गर्ने, भ्रष्टाचार नियन्त्रणसम्बन्धी कानुनी सुधार, भ्रष्टाचारविरुद्धको राष्ट्रिय रणनीति तथा कार्ययोजना परिमार्जन एवं सार्वजनिक सेवा प्रवाहसम्बन्धी निकायका पदाधिकारीहरूको आचारसंहिताको तर्जुमा र कार्यान्वयनमा जोड दिइएको छ । सार्वजनिक सेवाप्रवाह, सार्वजनिक निर्माणका ठेक्का तथा खर्च प्रक्रियालगायत प्रशासकीय विधि तथा आवधिक/वार्षिक योजना तर्जुमा तथा कार्यान्वयन प्रक्रियामा सुधारका लागि पहलकदमी लिने, भ्रष्टाचारको जोखिमपूर्ण क्षेत्र पहिचान गरी आयोजना तथा कार्यालयहरूमा निगरानी राख्ने, अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार, संजालीकरण र साझेदारी प्रवर्द्धन गर्दै नवीनतम् ज्ञान र सीप तथा असल अभ्यासहरूको अवलम्बन गर्ने कार्यनीति लिइएको छ ।

ग. प्रवर्द्धनात्मक रणनीतिका रूपमा सरोकारवाला पक्षहरूका बीचमा चेतना, समन्वय, सञ्जाल र ऐक्यबद्धता अभिवृद्धि गर्ने कार्यलाई आत्मसात गरिएको छ । जसअन्तर्गत भ्रष्टाचारविरुद्ध विभिन्न पक्षको सहभागिता र प्रतिबद्धता अभिवृद्धि गर्न आवश्यक भएकाले सम्बद्ध पक्षको अभिमुखीकरणका साथै विभिन्न सरोकारवाला निकायबीच संजाल विकास गर्ने, भ्रष्टाचारविरुद्ध जनचेतना अभिवृद्धि गरी भ्रष्टाचारप्रति असहिष्णु प्रवृत्तिलाई सशक्त बनाउने, सदाचारयुक्त व्यवहार र कार्यप्रणाली आत्मसात गर्न प्रोत्साहित गर्ने र यसका लागि सूचना, शिक्षा तथा सञ्चार सामग्रीको तयारी र वितरण गर्ने एवं उपलब्ध प्रचारप्रसारका माध्यमहरूको समुचित उपयोग गर्ने तथा सामाजिक अभियान संचालन गर्ने कार्यमा जोड दिइएको छ ।

घ. आयोगको संस्थागत क्षमता विकास रणनीतिका रूपमा संस्थागत सुशासनको सुदृढीकरण र क्षमता अभिवृद्धिको कार्यलाई अगाडि बढाइएको छ । जसअन्तर्गत सूचना प्रविधिको उपयोगलाई बढावा दिई स्वचालित कार्यालय सञ्चालन प्रणाली कार्यान्वयन, डिजिटल उपकरणको प्रभावकारी प्रयोग, संगठनात्मक संरचनालाई समयानुकूल सुदृढीकरण, सूचना तथा अभिलेख प्रणाली सुदृढीकरण, भौतिक पूर्वाधार विकास, जनशक्तिको क्षमता विकास एवं अनुगमन, मूल्यांकन र प्रतिवेदन प्रणाली सुदृढीकरणमा जोड दिइएको छ । आयोगको कानुनी तथा संस्थागत दायरा फराकिलो बनाई प्रभावकारीरूपमा भ्रष्टाचार न्यूनीकरण गर्न पहलकदमी लिने तथा भ्रष्टाचारविरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धिले व्यवस्था गरेका अवसर र दायित्व निर्वाह गर्न राष्ट्रिय कानुनलाई समसामयिक परिमार्जनसहित कार्यान्वयनमा ल्याउन पहल गर्ने कार्यनीति अवलम्बन गरिएको छ ।

यस रणनीतिको कार्यान्वयन योजनाले कानुन तथा कार्यप्रक्रियामा सुधार, पूर्वाधार तथा क्षमता विकास एवं सञ्चार तथा अनुसन्धानमूलक क्रियाकलापहरू अगाडि सारेको छ । कानुनी सुधारतर्फ अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन र भ्रष्टाचार निवारण ऐन संशोधनका साथै आवश्यक कार्यविधिहरूको तर्जुमा र परिमार्जन तथा कार्यप्रक्रिया सुधारतर्फ एकीकृत अभिलेख प्रणाली र स्वचालित कार्यालय सञ्चालन प्रणालीको स्थापनामा जोड दिइएको छ । पूर्वाधार

विकासतर्फ कार्यालय भवन, इन्जिनियरिङ ल्याब, थुनुवा घर र बयान कक्ष निर्माण एवं क्षमता विकासतर्फ अभिमुखीकरण, विशिष्टीकृत तालिम, वैदेशिक तालिम र अन्तर्राष्ट्रिय सभा सम्मेलनमा सहभागितामा जोड दिइएको छ । प्रभावकारी सञ्चारतर्फ डकुमेन्ट्री/श्रव्यदृश्य सामग्री निर्माण र प्रसारण लगायत टेलिभिजन कार्यक्रम तथा सूचना सम्प्रेषणका कार्यक्रम कार्यान्वयनमा जोड दिइएको छ। अध्ययन/अनुसन्धानतर्फ अदालतबाट भएका भ्रष्टाचारसम्बन्धी फैसलाको विश्लेषण, भ्रष्टाचार नियन्त्रणसम्बन्धी कानुनको विश्लेषण, भ्रष्टाचारको जोखिम विश्लेषण, सुशासन परीक्षण एवं सेवाग्राही सन्तुष्टि सर्वेक्षणलगायतका अध्ययन/अनुसन्धानका कार्यहरू अगाडि सारिएको छ। समग्रमा आयोगको संस्थागत रणनीतिक योजना (२०७६/७७-२०८०/८१) लाई देहायबमोजिमको चित्रमा प्रस्तुत गरिएको छ।

**चित्र ७.१: आयोगको संस्थागत रणनीतिक योजना : दूरदृष्टि, लक्ष्य, उद्देश्य, रणनीति तथा नीतिहरू**




## ७.३ आयोगको संस्थागत रणनीतिक योजना (२०७६।७७-२०८०।८१) को कार्यान्वयनको अवस्था

आ.व. २०७७।७८ रणनीतिक योजनाको दोस्रो वर्ष कोरोना तथा सोको सतर्कताका लागि गरिएको बन्दाबन्दीका बावजुद रणनीति कार्यान्वयनका लागि आवश्यक आधार, पूर्वाधार, कार्यविधि तथा मापदण्ड लगायतका अधिकांश क्रियाकलापहरू कार्यान्वयन भएका थिए । कोभिड महामारीले प्रभावित भएको यस अवधिमा निर्धारित सबै क्रियाकलाप सम्पन्न गर्नमा केही व्यवधान रहे पनि धेरै हदसम्म अपेक्षित उपलब्धि प्राप्त भएको छ। संक्षेपमा, रणनितिक कार्यदिशा र प्रगति देहायबमोजिम प्रस्तुत गरिएको छ :

**तालिका ७.१**

**आयोगको संस्थागत रणनीतिक योजना (२०७६।७७-२०८०।८१) को कार्यान्वयनको अवस्था**

| क्र. सं. | कार्यदिशागत क्षेत्र | रणनीतिक योजनामा समाविष्ट क्रियाकलाप | प्राप्त उपलब्धि |
|---|---|---|---|
| १ | कानुनी सुधार | कानुन र कार्यविधिहरू तर्जुमा तथा परिमार्जन | • अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन र भ्रष्टाचार निवारण ऐन संशोधनका विधेयकहरू संघीय संसदसमक्ष छलफलको क्रममा रहेको,<br>• अख्तियार दुरुपयोग अनुसन्धान आयोग कार्यविधि,२०७८ तर्जुमा भई लागूभएको। |
| २ | पूर्वाधार निर्माण | फरेन्सिक ल्याब, बयान कक्ष, कार्यालय भवन निर्माण | • इन्जिनियरिङ ल्याब र फरेन्सिक ल्याब सुदृढीकरण गरिएको,<br>• बयान कक्ष निर्माण गरिएको,<br>• यस अवधिमा ३ वटा सहित आयोगका ८ वटा कार्यालयहरूको भवन निर्माण सम्पन्न भएको । |
| ३ | क्षमता विकास | आधारभूत तथा विशिष्टीकृत तालिम, बैठक/अन्तर्क्रिया तथा अन्तर्राष्ट्रिय सम्मेलनमा सहभागिता | • अनुसन्धान अधिकृतहरूको क्षमता विकासका लागि अनुसन्धानसम्बन्धी अभिमुखीकरण तालिमका साथै विशिष्टीकृत तालिम सञ्चालन गरिएको,<br>• भ्रष्टाचार नियन्त्रणका लागि संसदीय समिति, आयोगका पूर्व पदाधिकारी र विज्ञहरू, सरोकारवाला पक्षहरू तथा नागरिक समाजका प्रतिनिधीसँग अन्तरक्रिया र छलफल गरिएको,<br>• विभिन्न मन्त्रालय र निकायका सम्पर्क विन्दु अधिकृतसँग बैठक गरिएको। |
| ४ | कार्य प्रक्रिया सुधार | एकीकृत अभिलेख प्रणाली, Office Automation, Intelligence unit स्थापना, अन्तर-तह भ्रष्टाचार न्यूनीकरण कार्यदल, SOP तयार, निगरानी समूह गठन, | • सूचना संकलन तथा विश्लेषण संयन्त्र (Intelligence Mechanism) को सुदृढीकरण गरिएको,<br>• झापा, मोरङ, रुकुम पूर्व र बैतडीमा भ्रष्टाचारविरुद्धको थप नागरिक निगरानी संस्था (Citizen Jury) गठन गरिएको,<br>• आयोग, विशेष सरकारी वकिलको कार्यालयका सम्बद्ध पदाधिकारीसँगको छलफल कार्यक्रम गरिएको । |
| ५ | संचार तथा ज्ञान हस्तान्तरण | प्रवर्द्धनात्मक सामग्री, डकुमेन्ट्री/श्रव्य दृश्य सामग्री, टेलिभिजन कार्यक्रम र सूचना सम्प्रेषण, सूचना संजालीकरण र तीनै तहका जनप्रतिनिधिलाई अभिमुखीकरण | • नेपाल टेलिभिजनको सहकार्यमा साप्ताहिक "सुशासन सवाल" कार्यक्रम सञ्चालन गरिएको,<br>• भ्रष्टाचार नियन्त्रणसम्बन्धी सूचना र जानकारी संचार माध्यमबाट सम्प्रेषण गरिएको,<br>• भ्रष्टाचार नियन्त्रणका लागि प्रवर्द्धनात्मक सामग्री निर्माण, छपाइ र वितरण एवं प्रसारण गरिएको,<br>• स्थानीय तहका पदाधिकारी, कर्मचारी तथा विभिन्न समितिका पदाधिकारी, नागरिक समाज र गैरसरकारी संस्थासँग अन्तर्क्रिया र अभिमुखीकरण सञ्चालन गरिएको,<br>• सामुदायिक शिक्षा कार्यक्रम सञ्चालन गरिएको,<br>• विद्यालयको पाठ्यक्रम तथा स्टाफ कलेज र स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानले संचालन गर्ने तालिममा सदाचार तथा भ्रष्टाचार नियन्त्रणसम्बन्धी विषयवस्तु समावेश गर्न वार्षिक प्रतिवेदनमार्फत सुझाव दिइएको। |
| ६ | प्रतिवेदन व्यवस्था | सतर्कता केन्द्र र अन्य निकायबाट प्रतिवेदन प्राप्ति र आयोगको वार्षिक प्रतिवेदन | • राष्ट्रिय सतर्कता केन्द्रबाट सम्पत्ति विवरण अनुगमन प्रतिवेदन प्राप्त गरी सम्पत्ति विवरण नबुझाउने उपर जरिवाना गरिएको,<br>• आयोगको वार्षिक प्रतिवेदन सम्माननीय राष्ट्रपतिज्यूसमक्ष पेस गरिएको । |
| ७ | अध्ययन/ अनुसन्धान, अनुगमन तथा | अदालतका फैसला, असहज कानुन र जोखिम विश्लेषण, सुशासन परीक्षण, महालेखा परीक्षकको प्रतिवेदन अध्ययन, सूचक निर्माण, | • अदालतबाट भएका भ्रष्टाचारसम्बन्धी फैसलाहरूको नजिर संग्रह प्रकाशन गरिएको,<br>• भ्रष्टाचारविरुद्धको विश्वव्यापी अभियानका लागि अन्तर्राष्ट्रिय सम्मेलन, गोष्ठी, बैठकमा विद्युतीय माध्यमबाट सहभागिता गरिएको, |

| | | | |
|---|---|---|---|
| | मूल्यांकन | सेवाग्राही सन्तुष्टि सर्वेक्षण, Corruption Zone mapping अध्ययन, UN महासन्धिको प्रगति समीक्षा | • अख्तियारको दुरुपयोग, सुशासन प्रवर्द्धन र भ्रष्टाचारको अवस्था सम्बन्धमा परीक्षण अध्ययन सम्पन्न भएको । |

## ७.४ आयोगको आगामी कार्यदिशा

आयोगले आगामी दिनमा अवलम्बन गर्ने नीति, रणनीति, कार्यनीति र मुख्य क्रियाकलाप यकिन गरी आगामी कार्यदिशाको रूपमा संस्थागत रणनीतिक योजनाले २०८०/८१ सम्मका लागि विभिन्न कार्यक्रमहरू तय गरेको छ। पूर्वाधार निर्माण, क्षमता विकास, सूचना प्रविधि तथा व्यवस्थापन, कानुनी तथा कार्यप्रक्रियागत सुधार, सञ्चार तथा ज्ञान हस्तान्तरण, प्रतिवेदन र अध्ययन अनुसन्धान एवं अनुगमन तथा मूल्यांकनसम्बन्धी क्रियाकलापहरूका आधारमा आयोगले रणनीतिक योजनाले तय गरेका उपचारात्मक, निरोधात्मक, प्रवर्द्धनात्मक तथा संस्थागत क्षमता विकाससम्बन्धी रणनीतिका आधारमा आगामी कार्यदिशा तय गरेको छ । अनुसन्धान र अभियोजनसम्बन्धी कार्यलाई प्रभावकारी बनाउँदै अन्य निकायसँगको समन्वय र सहकार्यलाई समेत जोड दिई निम्न विषयहरूको प्रभावकारी कार्यान्वयन गर्नु नै आयोगको भावी कार्यदिशाको रूपमा रहेका छन् ।

१. अनुसन्धान कार्यलाई वैज्ञानिक र सघन बनाउन विषयको गहनता, समाज र मुलुकलाई हुने हानि नोक्सानी र स्थापित हुन सक्ने गलत प्रवृत्तिलाई आधार लिई उजुरीहरूको वर्गीकरण तथा प्राथमिकता निर्धारण गरी अनुसन्धान गर्ने पद्धति विकास गरिनेछ । यस आधारमा तुलनात्मक रूपमा उजुरीहरूलाई उच्च, मध्यम र न्यून जोखिमयुक्त तहमा विभाजन गरी छुट्टा-छुट्टै अनुसन्धान सेलद्वारा वस्तुपरक, निष्पक्ष र सक्षम ढंगले निश्चित समयभित्रै नतिजा हासिल हुने गरी अनुसन्धान गरिनेछ।

२. आयोगका कामकारबाहीलाई प्राप्त हुन आउने उजुरी तथा सूचनामा मात्र सीमित नराखी भ्रष्टाचारका उच्च जोखिम क्षेत्र र कारोबार पहिचान गर्न आफ्नै संयन्त्रसहितको अग्रसरतामा गरिने कार्यहरूलाई थप विस्तार गर्दै लगिनेछ।

३. क्षेत्रगत विशेषज्ञता हासिल हुने गरी कर्मचारीहरूको क्षमता विकास गर्दै छानबिन, अनुसन्धान र अभियोजन कार्यमा परिचालन गरिनेछ ।

४. आयोगका कामकारबाहीलाई कुनै प्रकारको दबाब, अवरोध र आग्रह-पूर्वाग्रहबाट प्रभावित हुन नदिई न्यायपूर्ण, निर्भीक, स्वच्छ र सक्षम ढंगले सम्पादन हुने गरी कार्यवातावरणमा थप सुधार गरिनेछ।

५. समाजमा आयोगप्रतिको साख, भरोसा र विश्वास अविच्छिन्न रूपमा अभिवृद्धि गर्न आयोगका पदाधिकारी तथा कर्मचारीमा असल आचरण, सरल जीवन पद्धति र नागरिकमैत्री व्यवहार अभिवृद्धि हुने गरी निरन्तर सुधारमा जोड दिइनेछ।

६. आयोगमा प्राप्त हुने उजुरीहरूको अभिलेख, कार्यसम्पादन प्रक्रिया, प्रमाण संकलन तथा परीक्षण कार्यमा सुधार गर्न सुरक्षित, भरपर्दो र प्रभावकारी सूचना तथा सञ्चार प्रविधि प्रणालीको महत्तम उपयोगलाई प्राथमिकता दिइनेछ। सूचनाको विश्लेषण र मातहतका कार्यालयहरूबीच सञ्जालीकरणमा यस्तो प्रविधिलाई उच्चतम प्रयोगमा ल्याइनेछ।

७. अनुसन्धान र अभियोजनसम्बन्धी कार्यविधि तथा दिग्दर्शनको निर्माण, परिमार्जन र कार्यान्वयन, अभियोजन नीति तथा अदालतका नजिरको विश्लेषण जस्ता कार्यहरूलाई निरन्तरता दिइनेछ।

८. अनुसन्धान विधि र पद्धतिको प्रभावकारिता अध्ययन तथा अनुसन्धान अधिकृतहरूको क्षमता विकासका साथै मनोबल अभिवृद्धि र तनाव व्यवस्थापनका लागि प्रभावकारी कार्यक्रमहरू सञ्चालन गरिनेछ।

९. समस्याग्रस्त र सफलरूपमा कार्यान्वयन भएका, दुवै प्रकृतिका विकास आयोजनाहरूको तुलनात्मक अध्ययन तथा विकास आयोजनाको कार्यसम्पादनका क्रममा भ्रष्टाचार हुने सम्भावित चरण र तरिकाहरूको पहिचान गरी रोकथाम र नियन्त्रणका उपायहरू अवलम्बन गरिनेछ।

१०. भ्रष्टाचारविरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धि पालनाका लागि मौजुदा कार्ययोजनाको कार्यप्रगतिको समीक्षा गरी समसामयिक सुधार गर्दै कार्यान्वयन गरिनेछ।

११. आयोगका कार्यालयहरूमा कार्य सम्पादन गर्दा अधिकतम रूपमा आधुनिक प्रविधि र डिजिटल यन्त्र उपकरणको प्रयोगमा जोड दिइनेछ।

१२. आयोगको संगठनात्मक संरचनामा समयानुकूल सुदृढीकरण गरी ज्ञान, सीप, अनुभव, प्रविधि र अन्तर्राष्ट्रिय असल अभ्यासको उपयोग गर्दै आयोगको बहुपक्षीय क्षमता विकास गरिनेछ। साथै कर्मचारीलाई कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणालीसँग आबद्ध गरिनेछ।

१३. आयोगबाट अधिकार प्रत्यायोजन भएका जिल्लाका प्रमुख जिल्ला अधिकारीहरूलाई अभिमुखीकरणमार्फत ज्ञान, सीप तथा अन्तर्राष्ट्रिय असल अभ्यासहरूको अनुभवमार्फत क्षमता विकास गरिनेछ।

१४. आयोगको अनुगमन, मूल्यांकन र प्रतिवेदन प्रणालीलाई नतिजा प्रणालीमा आबद्ध गरी समयानुकूल सुदृढीकरण गर्दै लगिनेछ।

१५. आयोगले अवलम्बन गरेका असल अभ्यास, नीति, प्रशिक्षण सामग्री जस्ता स्रोतहरूको विद्युतीय अभिलेखीकरण, सूचना तथा स्रोत केन्द्र सुदृढीकरण र यसका लागि आवश्यक पर्ने पूर्वाधारको विस्तार गरिनेछ।

१६. आयोगका पूर्व पदाधिकारी र विज्ञ, नागरिक समाजका प्रबुद्ध व्यक्तिहरू, यस क्षेत्रमा क्रियाशील सञ्चारकर्मीहरूसँग निरन्तर संवाद मार्फत प्राप्त हुने पृष्ठपोषणलाई आन्तरिकीकरण गरी आवश्यक सुधार गर्दै लगिनेछ।

१७. आयोगबाट अभियोजन गरिएका र सजाय पाएका व्यक्तिहरूको एकीकृत अभिलेख प्रणाली विकास गरिनेछ। साथै आयोगले सुझावसहित लेखी पठाएका विषयहरूको कार्यान्वयनसमेतलाई अनुसन्धानको क्रममा अंग बनाइनेछ ।

१८. भ्रष्टाचार नियन्त्रणमा संलग्न निकायहरू, अनुगमन तथा नियमनकारी निकायहरू र नागरिक समाजबीच समन्वय र साझेदारीलाई अभिवृद्धि गरिनेछ ।

१९. महालेखा परीक्षकको कार्यालय र सम्बन्धित निकायहरूसँगको सहकार्यमा ठूला आयोजना/परियोजना, राष्ट्रिय गौरवका आयोजना/परियोजना तथा सार्वजनिक निर्माणको ठेक्का तथा खर्चबारे अध्ययन/अनुसन्धान, भ्रष्टाचार सम्भाव्य आयोजना तथा कार्यालयहरूमा विशेष निगरानीको कार्यलाई सुदृढ गरी निरन्तरता दिइनेछ।

२०. भन्सार, कर, उद्योग, वाणिज्य, अध्यागमन, मालपोत, श्रम, यातायात क्षेत्र जस्ता बढी जोखिम र सेवाग्राहीसँग प्रत्यक्ष सम्पर्क हुने निकायहरूमा आयोगबाट विशेष निगरानी गरी सेवा प्रवाहलाई नागरिकमैत्री बनाउन पहल गरिनेछ।

२१. आयोग मातहतका आठवटै कार्यालयहरू र अधिकार प्रत्यायोजन गरिएका निकायहरूलाई आफ्नो कार्यक्षेत्रभित्रका सार्वजनिक निकायहरूबाट हुन सक्ने भ्रष्टाचारजन्य गतिविधिहरू नियन्त्रण गर्ने कार्यमा प्राथमिकता तोकी परिचालन गरिनेछ।

२२. प्रशासनिक र सार्वजनिक खरिदसम्बन्धी निर्णयसमेत नीतिगत निर्णयका रूपमा मन्त्रिपरिषद्मा पेस गर्ने परिपाटी निरुत्साहित गर्न कानुनी सुधारका लागि पहल गरिनेछ।

२३. अनुसन्धानलाई तथ्यपरक बनाउन आयोगमा स्थापित इन्जिनियरिङ ल्याबहरूको उच्चतम प्रयोग गरी प्राविधिक परीक्षणको माध्यमबाट गुणस्तरमा जोड दिइनेछ।

२४. आयोगका कामकारबाहीहरूलाई अध्ययन अनुसन्धानमा आधारित तुल्याउन र भ्रष्टाचारजन्य कार्यका कारणहरू पहिचान एवं सोको निवारणका आधारभूत सूचकांक निर्माण गर्न विश्वविद्यालय तथा अध्ययन प्रतिष्ठानसँगको सहकार्यमा कार्यक्रमहरू सञ्चालन गरिनेछ।

२५. अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार गर्न संजालीकरण र साझेदारी, भ्रष्टाचार नियन्त्रणमा अन्य मुलुकको अनुभवलाई स्थानीयकरण एवं राष्ट्रिय/अन्तर्राष्ट्रिय नवीनतम ज्ञान, सीप र अभ्यास अवलम्बन गर्न विशेष पहल गरिनेछ।

२६. भ्रष्टाचार गरी गैरकानुनी सम्पत्ति आर्जन गर्ने प्रवृत्ति नियन्त्रण र यसमा समाजले हेर्ने दृष्टिकोणमा परिवर्तन ल्याउन, भ्रष्टाचारप्रति असहिष्णु प्रवृत्तिलाई सशक्त बनाउन तथा सदाचारयुक्त व्यवहार र कार्यप्रणाली स्थापित गर्न सचेतना तथा जागरण अभियान सञ्चालन गरिनेछ।

२७. भ्रष्टाचार निवारणसम्बन्धी सूचना, शिक्षा तथा सञ्चार सामग्रीको निर्माण, प्रकाशन, प्रचार र प्रसारण जस्ता कार्यलाई महत्वका साथ सञ्चालन गरिनेछ। साथै भ्रष्टाचार नियन्त्रण र सदाचार प्रवर्द्धन सम्बन्धमा पालिकास्तरमा अन्तरक्रिया र अभिमुखीकरण, विद्यालयस्तरमा सामुदायिक शिक्षा र पाठ्य सामग्रीमा सुधार र सरोकारवालासँग गोष्ठी, छलफल र तालिमजस्ता कार्यक्रमहरू सञ्चालन गरिनेछ।

२८. नागरिक समाज/गैरसरकारी संस्था एवं सामुदायिक संस्था, सञ्चार क्षेत्रबाट भएका सत्प्रयास र राष्ट्रसेवकबाट भएका सदाचारयुक्त कार्यसम्पादनको प्रशंसा, सम्मान र पुरस्कृत गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।

२९. भ्रष्टाचारविरुद्धको नागरिक निगरानी संस्थाको विस्तार र परिचालन एवं सरोकारवाला र सम्बद्ध पक्षबीच संजाल निर्माण र विस्तारलाई जोड दिइनेछ।

३०. आयोग र अन्तर्गत कार्यालयमा परेका उजुरीहरूलाई तीव्रताका साथ फछ्र्यौट गरिनेछ र अनुसन्धान तहकिकातलाई प्रभावकारी बनाउँदै विस्तृत अनुसन्धानमा रहेका उजुरीहरूलाई छोटो समयमा नै टुंगाउने गरी अनुसन्धान अधिकृतहरूलाई परिचालन गरिनेछ।

# परिच्छेद- ८
# उपसंहार

नेपालको संविधानले निर्दिष्ट गरेको भ्रष्टाचार नियन्त्रण गर्ने जिम्मेवारीलाई आयोगले निर्भीकता, निष्पक्षता र सक्षमताका साथ सम्पादन गर्नका लागि प्रचलित कानुनका व्यवस्था, सुशासन प्रवर्द्धनसम्बन्धी नीतिहरू तथा आयोग आफैंले तर्जुमा गरेका कार्यविधि, निर्देशिका, मापदण्ड एवं आचारसंहितालाई आधारको रूपमा लिने गरिएको छ। भ्रष्टाचार नियन्त्रण एक बहुआयामिक र जटिल विषय भएको हुँदा यसका लागि तीनै तहका सरकार, सञ्चार जगत, प्रबुद्ध नागरिक समाज र सुशासनको क्षेत्रका विज्ञहरूसँगको सहकार्य र समन्वय आवश्यक पर्दछ। नेपालले भ्रष्टाचारविरुद्ध जनाएका अन्तर्राष्ट्रिय प्रतिबद्धता र तिनको पक्ष राष्ट्रका हैसियतले यस्ता सन्धि सम्झौताहरूको समानान्तर महत्वका साथ पालना गर्नु त्यत्तिकै अपरिहार्य रहेको छ। यस्ता गहन कार्यजिम्मेवारीहरू सम्पादन गर्न आयोगले उजुरीहरूको प्राप्ति प्रक्रियाको सरलीकरण, नागरिक सचेतना अभिवृद्धि एवं सम्भावित जोखिम क्षेत्र र कारोबारको पहिचान गरी संस्थागत क्षमता विकास, आचरण र अनुशासन, कानुनपालनामा प्रतिबद्धता एवं अनुसन्धानको गुणस्तर वृद्धि, वस्तुपरकता र प्रामाणिकतामा जोड दिँदै आएको छ।

यस प्रतिवेदन अवधिमा आयोगमा प्राप्त उजुरीहरूउपर वस्तुनिष्ठ छानबिन र अनुसन्धान गर्ने, दोषी देखिएमा आरोपपत्र दायर गर्ने, सम्बन्धित निकायमा लेखी पठाउने, उजुरीलाई कानुनबमोजिम तामेली र मुल्तबीमा राख्ने तथा पुनरावेदन गर्ने एवं कार्यक्षेत्रसँग सम्बन्धित अन्य विविध विषयसम्बन्धी निर्णयहरू भएका छन्। यसका साथै आयोगले भ्रष्टाचारविरुद्ध गोष्ठी, अन्तरक्रिया, सामुदायिक शिक्षा र सचेतनाजस्ता कार्यक्रमहरू सञ्चालन, पर्चा-पम्प्लेट, प्रचार सामग्रीहरूको प्रकाशन र प्रसारण तथा समयानुकूल ऐन, नियम, कार्यविधि, कार्यप्रणालीहरूको सुधारका लागि सुझाव प्रदान गरी निरोधात्मक एवं प्रवर्द्धनात्मक कार्यक्रमहरू समेत सञ्चालन गर्दै आइरहेको छ। यस्ता कार्यहरूले भ्रष्टाचार नियन्त्रण र सदाचार प्रवर्द्धनमा सकारात्मक प्रभाव पार्दै समाजलाई भ्रष्टाचारविरुद्ध सजग, सतर्क र संवेदनशील भई क्रियाशील हुनलाई समेत प्रेरित गर्ने अपेक्षा गरिएको छ। आयोगद्वारा आफ्नो पाँचवर्षे संस्थागत रणनीतिले अंगीकार गरेबमोजिम प्रवर्द्धनात्मक, निरोधात्मक, उपचारात्मक र संस्थागत क्षमता विकाससम्बन्धी कार्यहरूलाई एकीकृत र समानान्तर ढंगले अघि बढाइएको हुँदा भ्रष्टाचार निर्मूल गरी सुशासनको लक्ष्य हासिल गर्न सहयोग पुग्ने विश्वास लिइएको छ । संवैधानिक जिम्मेवारी र गरिमालाई केन्द्रमा राखेर स्वतन्त्र र निष्पक्ष ढंगबाट कार्यसम्पादन गरी सुशासन प्रवर्द्धनमा योगदान पुऱ्याउनु आयोगको मुख्य प्राथमिकता रहेको छ । कसैप्रति पनि कुनै प्रकारको आग्रह र पूर्वाग्रह नराखी तटस्थ, निष्पक्ष र वस्तुगत ढंगले कार्यसम्पादन गर्न आयोग दृढ संकल्पित छ। तथ्यपरक अनुसन्धान, आधुनिक प्रविधिको प्रयोग, समान व्यवहार, समूहकार्य, सहभागितामूलक कार्यशैली जस्ता मूल्यहरूको व्यावहारिक अवलम्बनबाट आयोगका कार्यशैलीमा निष्पक्षता, तटस्थता र एकरूपता कायम हुने अपेक्षा गरिएको छ। संगठनको आन्तरिक संरचना, कर्मचारी, कार्यविधि, कार्यशैली, कार्यवातावरण, सुविधा र मनोबलमा सुधारका साथै सम्बद्ध निकायहरूसँगको असल सम्बन्ध विस्तारलाई आयोगले सधैं उच्च महत्व दिंदै आइरहेको छ। आधुनिकतासँगै भ्रष्टाचारका भिन्न प्रवृत्ति, स्वरूप र आयामहरूको विकास भइरहेको सन्दर्भमा त्यस्ता प्रवृत्तिहरूको वस्तुगत अनुसन्धान गरी दोषीलाई कानुनको दायरामा ल्याउने नवीन चुनौतीहरू थपिएका छन् । कोभिड-१९ को महामारीका कारण सिर्जित विषम परिस्थितिमा छानबिन तथा अनुसन्धानसम्बन्धी कार्य शीघ्रता र कुशलताका साथ सम्पादन गर्न समेत चुनौतीपूर्ण रहेको छ । यस्ता चुनौतीहरूको सक्षमताका साथ सामना गर्न आयोग प्रतिबद्ध रहेको र स्वअनुशासन, सदाचार, क्षमता विकास र समन्यायको सिद्धान्त अवलम्बन गरी मुलुकमा सुशासन कायम गर्ने बृहत लक्ष्यमा अग्रपंक्तिमा रहेर योगदान गर्न आयोग सधैं अग्रसर रहनेछ। यसका लागि उपलब्ध साधनस्रोतको महत्तम परिचालन गर्दै आन्तरिक एवं अन्तर्राष्ट्रिय असल अभ्यास र नवप्रवर्तनकारी उपायहरूको आन्तरिकीकरणमा समेत आयोगको जोड रहनेछ ।

अन्त्यमा, मुलुकको आर्थिक-सामाजिक विकासको प्रमुख अवरोधको रूपमा रहेको भ्रष्टाचारलाई निरोध, निरुत्साहन र नियन्त्रण गरी राज्यको सुशासन र समृद्धि हासिल गर्ने उद्देश्य प्राप्तिका लागि आयोगको एकल प्रयास मात्र पर्याप्त नहुने हुँदा सार्वजनिक निकाय, त्यसको नेतृत्ववर्ग, निजी तथा सहकारी क्षेत्र, गैरसरकारी संस्था, सञ्चार जगत, नागरिक समाज, अन्तर्राष्ट्रिय समुदाय लगायत सबैको हातेमालो साथ र सद्भावको अपेक्षा गरिएको छ । यस प्रतिवेदनमार्फत आयोगमा परेका उजुरी र तिनको

अनुसन्धानसम्बन्धी तथ्यांक र प्रवृत्तिहरूको विश्लेषण गरी सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय तहहरूलाई सुधारका लागि दिइएका सुझावहरूको सम्बद्ध सबै पक्षबाट गम्भीरताका साथ सम्बोधन हुनेछ भन्ने अपेक्षा गरिएको छ। नेपालको संविधान र प्रचलित कानुनको पूर्ण परिपालना तथा सुशासन प्रवर्द्धनसम्बन्धी राज्यका नीति र प्राथमिकताप्रति प्रतिबद्धता जनाउँदै सार्वजनिक क्षेत्रका पदाधिकारी, सरोकार समूह, प्रबुद्ध वर्ग, सञ्चारकर्मी र आम सर्वसाधारण जनताको सोच, जीवनशैली र कार्यव्यवहार सदाचार र सुशासनमूलक ढंगले रूपान्तरण हुँदै जानेछ भन्ने आयोगले विश्वास लिएको छ। हालसम्म आयोगको काममा सहयोग पुऱ्याउने सम्बद्ध सबैमा हार्दिक आभार प्रकट गर्दै आगामी दिनमा समेत आयोगलाई प्रदान भएको संवैधानिक र कानुनी दायित्व पूरा गर्ने कार्यमा समाजका सबै तह र तप्काका आदरणीय महानुभावहरूको सहयोग र सदभावको अपेक्षा गर्दै भ्रष्टाचारमुक्त र सदाचारयुक्त समाज निर्माणमा आयोगसँग हातेमालोको लागि सबैसँग आग्रहसमेत गर्दछौं ।

# अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सांगठानिक ढाँचा



# अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालयहरूको सांगठानिक ढाँचा

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय इटहरी/बर्दिवास/हेटौंडा/पोखरा/बुटवल/सुर्खेत/कञ्चनपुर

- प्रमुख (सहसचिव/नेपाल प्रशासन/रा.प.प्रथम)
  - प्रशासन एवं अनुसन्धान शाखा नं.१
  - अनुसन्धान शाखा नं.२
  - अनुसन्धान शाखा नं.३
  - प्रहरी शाखा

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बुटवल सम्पर्क कार्यालय **नेपालगञ्ज**

- प्रमुख (उपसचिव/नेपाल प्रशासन/सा.प्र/रा.प.द्वितीय)
  - प्रशासन एवं अनुसन्धान शाखा नं.१
  - अनुसन्धान शाखा नं.२
  - अनुसन्धान शाखा नं.३
  - अनुसन्धान शाखा नं.४
  - प्रहरी शाखा

नोटः- आयोगका सातवटै कार्यालयहरूको सांगठनिक ढाँचा एकै किसिमको भएकाले अलग-अलग उल्लेख नगरिएको।

# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## केन्द्रीय कार्यालय टंगालको संगठन संरचना

अनुसूची १.१

**प्रमुख आयुक्त**

**प्रमुख आयुक्तको सचिवालय**
शा.अ./प्र/सा.प्र/रा.प.तृ-३, ना.सु./प्र/सा.प्र/रा.प.अनं.प्र-१, क.अ./वि/रा.प.अनं.प्र-२, ख./प्र/सा.प्र/रा.प.अनं.द्वि-१

**आयुक्त**
**आयुक्तको सचिवालय**
शा.अ./प्र/सा.प्र/रा.प.तृ-१, ना.सु./प्र/सा.प्र/रा.प.अनं.प्र-१, क.अ./वि/रा.प.अनं.प्र.-१

**आयुक्त**
**आयुक्तको सचिवालय**
शा.अ./प्र/सा.प्र/रा.प.तृ-१, ना.सु./प्र/सा.प्र/रा.प.अनं.प्र-१, क.अ./वि/रा.प.अनं.प्र.-१

**आयुक्त**
**आयुक्तको सचिवालय**
शा.अ./प्र/सा.प्र/रा.प.तृ-१, ना.सु./प्र/सा.प्र/रा.प.अनं.प्र-१, क.अ./वि/रा.प.अनं.प्र.-१

**आयुक्त**
**आयुक्तको सचिवालय**
शा.अ./प्र/सा.प्र/रा.प.तृ-१, ना.सु./प्र/सा.प्र/रा.प.अनं.प्र-१, क.अ./वि/रा.प.अनं.प्र.-१

**सचिव**

**सचिवको सचिवालय**
शा.अ/प्र/सा.प्र/रा.प.तृ-२, ना.सु/प्र/सा.प्र/रा.प.अ.प्र-२, क.अ/वि./रा.प.अ.प्र.-१, ख/प्र/सा.प्र/रा.प.अनं.द्वि-१

**सूचना संकलन तथा विश्लेषण इकाई**
उपसचिव(प्र/सा.प्र/रा.प.द्वि) १
प्र.ना.उ.(नेपाल प्रहरी) १
प्र.अ.अ.(रा.अ.वि./विशेष) १
प्रहरी निरीक्षक(नेपाल प्रहरी) २
अ.अ. (रा.अ.वि./विशेष) २
व.अ.स. (रा.अ.वि./विशेष) २
प्र.ना.नि.(नेपाल प्रहरी) ४
प्रहरी जवान(नेपाल प्रहरी) २
जम्मा १५

**अनुसन्धान महाशाखा नं.१**
सहसचिव (प्रशासन/रा.प.प्रथम) १
उपसचिव/प्र/सा.प्र/रा.प.द्वि २
उपसचिव/प्र/लेखा/रा.प.द्वि १
उपसचिव/प्र/राजश्व/रा.प.द्वि १
उपसचिव/न्याय/कानुन/रा.प.द्वि १
वरिष्ठ व.अ./वन/ज.फ/रा.प.द्वि १
शा.अ./प्र/सा.प्र./रा.प.तृ २
शा.अ/प्र/राजश्व./रा.प.तृ १
ले.अ./प्र./लेखा/रा.प.तृ १
शा.अ./न्याय/कानुन./रा.प.तृ १
ना.सु/प्र/सा.प्र/रा.प.अनं.प्र २
क.अ/विविध/रा.प.अनं.प्र २
जम्मा १६

**अनुसन्धान महाशाखा नं.२**
स.न्या.व.(न्या/स.व/रा.प.प्रथम) १
उपसचिव/प्र/सा.प्र/रा.प.द्वि २
उ.न्या.व./न्याय/स.व./रा.प.द्वि १
प्र.ना.अ./ईन्जि/सर्भे/रा.प.द्वि १
व.कृषि.प्र.अ./कृषि/कृ.प्र/रा.प.द्वि १
शा.अ./प्र/सा.प्र./रा.प.तृ २
शा.अ./न्याय/कानुन/रा.प.तृ १
पशु वि.अ./कृ/ला.पो.एण्ड डे./रा.प.तृ १
ना.अ./ईन्जि/सर्भे/रा.प.तृ १
ले.अ./प्र./लेखा/रा.प.तृ १
ना.सु./प्र/सा.प्र/रा.प.अनं.प्र ३
क.अ/विविध/रा.प.अनं.प्र. २
जम्मा १७

**अनुसन्धान महाशाखा नं.३**
सहसचिव(प्रशासन/रा.प.प्रथम) १
उपसचिव/प्र/सा.प्र./रा.प.द्वि १
उपसचिव/प्र/लेखा/रा.प.द्वि १
उ.न्या.व./न्याय/स.व./रा.प.द्वि १
शाखा अधिकृत/प्र/सा.प्र/रा.प.तृ २
शा.अ./न्याय/कानुन/रा.प.तृ १
स.वन अधिकृत/व/ज.फ/ रा.प.तृ १
ना.सु./प्र./सा.प्र/रा.प.अनं.प्र ३
क.अ/विविध/रा.प.अनं.प्र २
जम्मा १३

**अनुसन्धान महाशाखा नं.४**
स.न्या.व.(न्या/स.व/रा.प.प्रथम) १
उपसचिव/प्र/सा.प्र/रा.प.द्वि २
उपसचिव/प्र/लेखा/रा.प.द्वि १
बायोमेडिकल इ./स्वा./वि/सातौं १
शा.अ./प्र/सा.प्र/रा.प.तृ ३
शा.अ./न्याय/स.व./रा.प.तृ १
जनस्वा.निरीक्षक/स्वा/इ/छैठौं १
ना.सु./प्र/सा.प्र/रा.प.अनं.प्र ३
क.अ./विविध/रा.प.अनं.प्र २
जम्मा १५

**अनुसन्धान महाशाखा नं.५**
स.न्या.व.(न्या/स.व/रा.प.प्रथम) १
उपसचिव/प्र/सा.प्र/रा.प.द्वि २
उ.न्या.व/न्याय/स.व./रा.प.द्वि १
उपसचिव/शिक्षा/शि.प्र/रा.प.द्वि २
शाखा अधिकृत/प्र/सा.प्र/रा.प.तृ ३
शा.अ./शिक्षा/शि.प्र./नि/रा.प.तृ १
ले.अ./प्र./ लेखा/रा.प.तृ १
शा.अ./न्याय/कानुन/रा.प.तृ १
ना.सु/प्र/सा.प्र/रा.प.अनं.प्र ३
क.अ/विविध/रा.प.अनं.प्र २
जम्मा १७

**सम्पत्ति अनुसन्धान तथा मूल्यांकन महाशाखा**
सहसचिव(प्रशासन/रा.प.प्रथम) १
उपसचिव/प्र/सा.प्र./रा.प.द्वि २
उपसचिव/प्र/लेखा/रा.प.द्वि १
उ.न्या.व/न्याय/स.व./रा.प.द्वि १
व.कृ.अर्थ विज्ञ/कृ/एगृइको/रा.प.द्वि १
शा.अ./प्र/सा.प्र./रा.प.तृ २
ले.अ./प्र./ लेखा/रा.प.तृ १
शा.अ./प्र/राजस्व/रा.प.तृ १
शा.अ./न्याय/स.व./रा.प.तृ १
शा.अ./न्याय/कानुन/रा.प.तृ १
ना.अ./इन्जि/सर्भे/रा.प.तृ १
ना.सु./प्र/सा.प्र/रा.प.अनं.प्र ४
क.अ/वि/रा.प.अनं.प्र ३
जम्मा २०

**प्राविधिक परीक्षण तथा मूल्यांकन महाशाखा**
सहसचिव प्रा(इन्जि/सिभिल/रा.प.प्र) १
सि.डि.ई/इन्जि/सि/ज/रा.प.द्वि २
सि.डि.ई/इन्जि/सि/हा/रा.प.द्वि २
सि.डि.ई/इन्जि/सि/स्या/रा.प.द्वि १
सि.डि.ई/इन्जि/सि/इ/रा.प.द्वि १
सि.डि.ई/इन्जि/सि/वि./रा.प.द्वि २
सि.डि.जि./इन्जि/जि/रा.प.द्वि १
शा.अ./प्र/सा.प्र/रा.प.तृ. १
ईन्जिनियर/इन्जि/सि/ज/रा.प.तृ ४
ईन्जिनियर/इन्जि/सि/हा/रा.प.तृ २
ईन्जिनियर/इन्जि/सि/स्या/रा.प.तृ १
ई/इन्जि/सि/वि./रा.प.तृ २
ईन्जिनियर/इन्जि/सि/हा.ड्रो/रा.प.तृ १
केमि.इ/इन्जि/केमि/रा.प.तृ १
ईलेक्ट्रो.ई/इन्जि/इले.टेलि/रा.प.तृ १
ई/इन्जि/इलेक्ट्रिकल/रा.प.तृ १
ना.सु./प्र/सा.प्र/रा.प.अनं.प्र २
ल्याव टे/इ/सि.हाइवे/रा.प.अ.प्र २
क.अ./विविध/रा.प.अनं.प्र २
स.ल्याव टे/इ/सि/हाइवे/रा.प.अ.द्वि १
जम्मा ३१

**मुद्दा, पुनरावेदन तथा बहस पैरवी महाशाखा**
स.न्या.व.(न्या/स.व/रा.प.प्रथम) १
उ.न्या.व./न्याय/स.व./रा.प.द्वि २
शा.अ./प्र/सा.प्र/रा.प.तृ १
शा.अ./न्याय/स.व./रा.प.तृ ३
ना.सु/प्र/सा.प्र/रा.प.अनं.प्र २
ना.सु/न्याय/कानुन/रा.प.अनं.प्र १
क.अ./विविध/रा.प.अनं.प्र २
जम्मा १२

**कानून तथा निर्णय कार्यान्वयन महाशाखा**
सहसचिव(न्या/का/रा.प.प्रथम) १
उपसचिव/न्या/का/रा.प.द्वि २
शा.अ./न्याय/कानुन/रा.प.तृ २
शा.अ/प्र/सा.प्र/रा.प.तृ १
ना.सु/प्र/सा.प्र./रा.प.अनं.प्र २
ना.सु./न्याय/कानुन/रा.प.अनं.प्र१
क.अ/विविध/रा.प.अनं.प्र २
जम्मा ११

**डिजिटल फरेन्सिक शाखा**
प्र.उ./नेपाल प्रहरी/(प्रा)क १
प्र.नि./नेपाल प्रहरी/(प्रा)क १
प्र.ना.नि./नेपाल प्रहरी/क २
प्र.स.नि./नेपाल प्रहरी २
प्र.ह./नेपाल प्रहरी १
प्र.ज./नेपाल प्रहरी १
जम्मा ८

**नीति योजना तथा अन्तरार्ष्ट्रिय सम्बन्ध महाशाखा**
सहसचिव (प्रशासन/रा.प.प्रथम) १
नायव सुब्बा/प्र/सा.प्र/रा.प.अनं.प्रथम १

**सूचना समन्वय शाखा**
उपसचिव/प्र/सा.प्र/रा.प.द्वि १
शा.अ./प्र/सा.प्र/रा.प.तृ २
पु.अ./शि/पु.वि./रा.प.तृतीय १
ना.सु/प्र/सा.प्र./रा.प.अनं.प्र १
क.अ./विविध/रा.प.अनं.प्र १
जम्मा ६

**नीति योजना शाखा**
उपसचिव/प्र/सा.प्र/रा.प.द्वि १
शा.अ./प्र/सा.प्र/रा.प.तृ २
त.अ./आ.यो/तथ्यांक/रा.प.तृ १
क.अधिकृत/विविध/रा.प.तृ १
सि.प्रुफरिडर/शि/मु.व्य/रा.प.अनं.प्र १
ना.सु/प्र/सा.प्र/रा.प.अनं.प्र २
क.अ./विविध/रा.प.अनं.प्र २
जम्मा १०

**सूचना प्रविधि शाखा**
सूचना प्रविधि निर्देशक/विविध/रा.प.द्वि १
कम्प्युटर अधिकृत/वि/रा.प.तृ १
क.इन्जिनियर/विविध/रा.प.तृ २
क.अ/विविध/रा.प.अनं.प्र २
जम्मा ६

**मानव संशाधन तथा व्यवस्थापन महाशाखा**
सहसचिव (प्रशासन/रा.प.प्रथम) १
नायव सुब्बा/प्र/सा.प्र/रा.प.अनं.प्रथम १

**मानव संशाधन शाखा**
उपसचिव/प्र/सा.प्र/रा.प.द्वि १
शाखा अधिकृत/प्र/सा.प्र/रा.प.तृ १
ना.सु/प्र/सा.प्र/रा.प.अनं.प्र ५
क.अ/विविध/रा.प.अनं.प्र २
टे.अ/विविध/रा.प.अनं.प्र २
टा.ना.सु/प्र/सा.प्र/रा.प.अनं.प्र १
खरिदार/प्र/सा.प्र/रा.प.अनं.द्वि ४
का.स./प्र/सा.प्र/श्रेणीविहीन ४८
जम्मा ६४

**आन्तरिक व्यवस्थापन शाखा**
उपसचिव/प्र/सा.प्र/रा.प.द्वि १
शाखा अधिकृत/प्र/सा.प्र/रा.प.तृ १
मेका.इन्जि/इन्जि/मेका/रा.प.तृ १
कम्प्युटर अधिकृत/वि/रा.प.तृ १
छविकार/शि/क/छ/रा.प.तृ १
नायव सुब्बा/प्र/सा.प्र/रा.प.अनं.प्र २
कम्प्युटर अपरेटर/वि/रा.प.अनं.प्र १
मे.सु/इन्जि/मेका/मे.ज/रा.प.अनं.प्र १
सवइन्जि/इ/सि/स्या/रा.प.अनं.प्र १
स.इ/इन्जि/इले./ज.ई/रा.प.अ.प्र १
फोटोग्राफर/शि/क/छवि/रा.प.अ.प्र १
भा.स.चा./इन्जि/मे/श्रेणीविहीन ५
ह.स.चा./इन्जि/मे/श्रेणीविहीन ४०
जम्मा ५७

**आर्थिक प्रशासन शाखा**
लेखा अधिकृत/प्र/लेखा/रा.प.तृ १
लेखापाल/प्र/लेखा/रा.प.अनं.प्र ३
क.अ/विविध/रा.प.अनं.प्र १
जम्मा ५

**प्रहरी महाशाखा**
प्रहरी नायव महानिरीक्षक/ने.प्र. १
प्रहरी वरिष्ठ उपरीक्षक १
प्रहरी उपरीक्षक १
प्रहरी नायव निरीक्षक १
प्रहरी सहायक निरीक्षक १
प्रहरी हवल्दार १
प्रहरी जवान १
जम्मा ७

(क)सूचना संकलन तथा विश्लेषण शाखा
प्र.ना.उ. १
प्र.नि. २
प्र.ना.नि. ३
प्र.स.नि. ३
प्र.ह. ३
प्र.ज. ३
जम्मा १५

(ख) स्टिङ अपरेशन शाखा
प्र.ना.उ. १
प्र.नि. २
प्र.ना.नि. २
प्र.स.नि. २
प्र.ह. २
प्र.ज. २
जम्मा ११

(ग) अनुसन्धान समूह
प्र.उ. २
प्र.ना.उ. ८
प्र.नि. १८
प्र.ना.नि. ४
प्र.स.नि. २
प्र.ह. २
प्र.ज २
जम्मा ३८

(घ) पोलिग्राफ इकाई
प्र.नि. १
प्र.ना.नि. १
जम्मा २

(ङ) व्यवस्थापन शाखा
प्र.ना.उ./नेपाल प्रहरी १
(१)एक्सरे/सिसीटिभी
प्र.ना.नि. ३
प्र.स.नि. ३
प्र.ह. (ट्राफिक व्य.१ समेत) २
प्र.ज. १
जम्मा ९
(२)हिरासत व्यवस्थापन
प्र.ना.नि. १
प्र.स.नि. १
प्र.ह. २
प्र.ज. ८
जम्मा १२
(३)कार्यालयको पेरिमिटर
प्र.ना.नि. १
प्र.स.नि. २
प्र.ह ६
प्र.ज. ३४
प्र.का.स. २
जम्मा ४५
(४)आवास र व्यक्तिगत सुरक्षा
प्र.ना.नि. १
प्र.स.नि. १
प्र.ह. ७
प्र.ज. १०
जम्मा १९
कुल जम्मा १५९

अनुसूची-१.२

# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय इटहरी
### संगठन संरचना

प्रमुख (सहसचिव/नेपाल प्रशासन/रा.प.प्रथम) - १

**सचिवालय**
ना.सु.(ने.प्र./सा.प्र./रा.प.अनं.प्रथम)- १

**प्रशासन एवं अनुसन्धान शाखा नं.१**

| | |
|---|---|
| उपसचिव/ने.प्र./सा.प्र./रा.प.द्वितीय | १ |
| शाखा अधिकृत/ने.प्र./सा.प्र./रा.प.तृतीय | २ |
| कम्प्युटर ई./ने.विविध/रा.प.तृतीय | १ |
| नायव सुब्बा/ने.प्र./सा.प्र/रा.प.अनं.प्रथम | १ |
| लेखापाल/ने.प्र./लेखा/रा.प.अनं.प्रथम | १ |
| सब इ/ने.इन्जि/सि/स्यानि/रा.प.अनं.प्रथम | १ |
| क.अ./ने.विविध/रा.प.अनं.प्रथम | १ |
| श्रेणीविहीनः ह.स.चा/ने.इन्जि/मे/जन.मे | ४ |
| का.स./ने.प्रशासन/सा.प्र | ५ |
| **जम्मा** | १७ |

**अनुसन्धान शाखा नं.२**

| | |
|---|---|
| उपसचिव/ने.न्याय/कानून/रा.प.द्वितीय | १ |
| शाखा अधिकृत/ने.प्र./सा.प्र./रा.प.तृतीय | २ |
| शाखा अधिकृत/ने.न्या/स.व/रा.प.तृतीय | १ |
| लेखा अधिकृत/ने.प्र./लेखा/रा.प.तृतीय | १ |
| नापी अधिकृत/ने.इन्जि/सर्भे/रा.प.तृतीय | १ |
| इन्जिनियर/ने.इन्जि/सि/ज/रा.प.तृतीय | १ |
| नायव सुब्बा/ने.प्र/सा.प्र./रा.प.अनं.प्रथम | १ |
| नायव सुब्बा/ने.न्याय/कानून/रा.प.अनं.प्र. | १ |
| क.अ./ने.विविध/रा.प.अनं.प्रथम | १ |
| **जम्मा** | १० |

**अनुसन्धान शाखा नं.३**

| | |
|---|---|
| सि.डि.ई./ने.इन्जि/सि/जनरल/रा.प.द्वितीय | १ |
| शाखा अधिकृत/ने.प्र./सा.प्र./रा.प.तृतीय | २ |
| इन्जिनियर/ने.इन्जि/सि/ज/रा.प.तृतीय | १ |
| इन्जिनियर/ने.इन्जि/सि/वि.आर्क/रा.प.तृ. | १ |
| नायव सुब्बा/ने.प्र/सा.प्र./रा.प.अनं.प्रथम | १ |
| सब इ/ने.इन्जि/सि/जन/रा.प.अनं.प्रथम | १ |
| क.अ./ने.विविध/रा.प.अनं.प्रथम | १ |
| **इन्जिनियरिङ्ग ल्याब** | |
| इन्जिनियर/इन्जि/सि/हाइवे/रा.प.तृतीय | १ |
| सब इ/इन्जि/सि/हा/रा.प.अनं.प्रथम | २ |
| ल्याब असिष्टेण्ट/इन्जि/सि/हाइवे/रा.प.अनं.द्वि | २ |
| कार्यालय सहयोगी/ने.प्र/सा.प्र/श्रेणीविहीन | १ |
| **जम्मा** | १४ |

**प्रहरी शाखा**

| | |
|---|---|
| प्र.ना.उ./नेपाल प्रहरी | १ |
| प्र.ना.नि./नेपाल प्रहरी | १ |
| इन्टेलिजेन्स/अपरेशन | |
| प्रहरी निरीक्षक/नेपाल प्रहरी | १ |
| प्र.ना.नि./नेपाल प्रहरी | १ |
| ब.अ.स.(रा.अ.वि./विशेष) | १ |
| प्र.स.नि./नेपाल प्रहरी | १ |
| प्र.ह./नेपाल प्रहरी | २ |
| प्र.ज./नेपाल प्रहरी | २ |
| अनुसन्धान तर्फ | |
| प्र.नि./नेपाल प्रहरी | २ |
| प्र.ना.नि./नेपाल प्रहरी | १ |
| प्र.स.नि./नेपाल प्रहरी | १ |
| प्र.ज./नेपाल प्रहरी | १ |
| सुरक्षा पेरिमिटर | |
| प्र.ह./नेपाल प्रहरी( PSO-१ समेत) | २ |
| प्र.ज./नेपाल प्रहरी | ४ |
| प्र.का.स./नेपाल प्रहरी/श्रेणीविहीन | १ |
| **जम्मा** | २२ |

अनुसूची-१.३

# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बर्दिवास
### संगठन संरचना

प्रमुख (सहसचिव/नेपाल प्रशासन/रा.प.प्रथम) - १

**सचिवालय**
ना.सु.(ने.प्र./सा.प्र./रा.प.अनं.प्रथम)- १

**प्रशासन एवं अनुसन्धान शाखा नं.१**

| | |
|---|---|
| उपसचिव/ने.प्र./सा.प्र./रा.प.द्वितीय | १ |
| शाखा अधिकृत/ने.प्र./सा.प्र./रा.प.तृतीय | २ |
| कम्प्युटर ई./ने.विविध/रा.प.तृतीय | १ |
| नायव सुब्बा/ने.प्र./सा.प्र/रा.प.अनं.प्रथम | १ |
| लेखापाल/ने.प्र./लेखा/रा.प.अनं.प्रथम | १ |
| क.अ./ने.विविध/रा.प.अनं.प्रथम | १ |
| सब इ/ने.इन्जि/सि/स्यानि/रा.प.अनं.प्रथम | १ |
| श्रेणीविहीनः ह.स.चा/ने.इन्जि/मे/जन.मे | ४ |
| का.स./ने.प्रशासन/सा.प्र | ५ |
| **जम्मा** | १७ |

**अनुसन्धान शाखा नं.२**

| | |
|---|---|
| उपसचिव/ने.न्याय/कानून/रा.प.द्वितीय | १ |
| शाखा अधिकृत/ने.प्र./सा.प्र./रा.प.तृतीय | २ |
| शाखा अधिकृत/ने.न्या/स.व/रा.प.तृतीय | १ |
| लेखा अधिकृत/ने.प्र./लेखा/रा.प.तृतीय | १ |
| शाखा अधिकृत/ने.शि./शि.प्र./नि./रा.प.तृ. | १ |
| इन्जिनियर/ने.इन्जि/सि/ज/रा.प.तृतीय | १ |
| नापी अधिकृत/ने.इन्जि/सर्भे/रा.प.तृतीय | १ |
| नायव सुब्बा/ने.प्र/सा.प्र./रा.प.अनं.प्रथम | १ |
| नायव सुब्बा/ने.न्याय/कानून/रा.प.अनं.प्र. | १ |
| सब इ/ने.इन्जि/सि/जन/रा.प.अनं.प्रथम | १ |
